# ऐन सङ्ग्रह

## भाग-१

# फेदीखोला गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### फेदीखोला, स्याङ्जा

गण्डकी प्रदेश, नेपाल

संस्करण : प्रथम
प्रकाशन मिति : २०८३ जेठ
प्रति : १०० प्रति

मुद्रक :
फेदीखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फेदीखोला, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल

मुद्रण : आदर्श अफ्सेट प्रिन्टर्स
पोखरा, नदीपुर

# विषयसूची


| | |
|---|---|
| फेदीखोला गाउँपालिकाको सहकारी ऐन, २०७४ (प्रथम संशोधन, २०७८ सहित) | ५ |
| फेदीखोला गाउँपालिकाको शिक्षा ऐन, २०७४ (पहिलो संसोधन, २०७७ सहित) | ५० |
| फेदीखोला गाउँपालिकाको आर्थिक कार्यविधि ऐन, २०७४ | ८१ |
| फेदीखोला गाउँपालिकाको संस्था दर्ता ऐन, २०७४ (प्रथम संशोधन २०७८ सहित) | ९९ |
| फेदीखोला गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ | १०७ |
| स्थानीय स्वास्थ्य तथा सरसफाई सेवा ऐन, २०७४ | १०९ |
| गाउँपालिकाको पूर्वाधार व्यवस्थापन सम्बन्धी ऐन, २०७४ | १२२ |
| फेदीखोला गाउँपालिकाको न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७५ | १३९ |
| स्थानीय वन ऐन, २०७७ | १८८ |
| फेदीखोला गाउँपालिकाको सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७७ | २११ |
| वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ | २३१ |
| गाउँ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७८ | २५३ |
| फेदीखोला गाउँपालिकाको खानेपानी तथा सरसफाई र स्वच्छता ऐन, २०७८ | २७३ |
| फेदीखोला गाउँपालिकाको स्थानीय भूमि ऐन, २०७८ | ३०२ |
| फेदीखोला गाउँपालिकाको नगर प्रहरी सेवा गठन, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी ऐन, २०७९ | ३२१ |

# फेदीखोला गाउँपालिकाको सहकारी ऐन, २०७४

गाउँसभाबाट पारित मिति : २०७४।१२।१०

प्रकाशित मिति : २०७५।१।१२

फेदीखोला गाउँपालिकाको सहकारी (पहिलो संशोधन) ऐन २०७८ :  २०७८।१२।१७

**प्रस्तावना :**

सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरूप स्थानीयस्तरमा छरिएर रहेको पूँजी, प्रविधि तथा प्रतिभालाई स्वाबलम्बन र पारस्परिकताका आधारमा एकीकृत गर्दै सदस्यहरूको आर्थिक, सामाजिक तथा साँस्कृतिक उन्नयन गर्न, समुदायमा आधारित, सदस्य केन्द्रित, लोकतान्त्रिक, स्वायत्त र सुशासित संगठनको रूपमा सहकारी संस्थाहरूको प्रवर्द्धन गर्न, सहकारी खेती, उद्योग, वस्तु तथा सेवा व्यवसायका माध्यमबाट सामाजिक न्यायका आधारमा आत्मनिर्भर, तीब्र एवं दिगो रुपमा स्थानीय अर्थतन्त्रलाई सुदृढ तुल्याउन सहकारी संघ संस्थाहरुको दर्ता, सञ्चालन एवम् नियमन सम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकोले, फेदीखोला गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ।

## परिच्छेद –१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** :

(१) यस ऐनको नाम "फेदीखोला गाउँपालिकाको सहकारी ऐन, २०७४" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "आन्तरिक कार्यविधि" भन्नाले सहकारी संस्थाले दफा १८ बमोजिम बनाएको आन्तरिक कार्यविधि सम्झनुपर्छ।

(ख) "कसूर" भन्नाले दफा ७९ बमोजिमको कसूर सम्झनुपर्छ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

(घ) "परिवार" भन्नाले सदस्यको पति वा पत्नी, छोरा, बुहारी, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालन पोषण गर्नु पर्ने दाजु, भाउजु, भाई, बुहारी

र दिदी, बहिनी सम्झनुपर्छ। तर सो शब्दले अंशबण्डा गरी वा मानो छुट्टिई आ-आफ्नो पेशा व्यवसाय गरी बसेको परिवारको सदस्यलाई जनाउने छैन।

(ङ) "बचत" भन्नाले सदस्यले सहकारी संस्थामा जम्मा गरेको रकम सम्झनुपर्छ।

(च) "मन्त्रालय" भन्नाले सहकारी सम्बन्धी विषय हेर्ने संघीय मन्त्रालय सम्झनुपर्छ।

(छ) "मुख्य कारोवार" भन्नाले संस्थाले सञ्चालन गरेको व्यवसायिक क्रियाकलापहरुमा पछिल्लो आर्थिक वर्षसम्ममा परिचालित बचतको दायित्व र पछिल्लो आर्थिक वर्षको सदस्य तर्फको खरिद वा बिक्री कारोवारमा कम्तिमा तीस प्रतिशतभन्दा बढी हिस्सा भएको कारोवार सम्झनुपर्छ।

(ज) "रजिष्ट्रार" भन्नाले संघको रजिष्ट्रार सम्झनुपर्छ।

(झ) "लेखा सुपरीवेक्षण समिति" भन्नाले दफा ३७ बमोजिमको लेखा सुपरीवेक्षण समिति सम्झनुपर्छ।

(ञ) "विनियम" भन्नाले सम्बन्धित सहकारी संस्थाको दफा १७ बमोजिम बनाएको विनियम सम्झनुपर्छ।

(ट) "विभाग" भन्नाले संघको सहकारी विभाग सम्झनु पर्छ र सो शब्दले मन्त्रालयले सहकारी नियमन गर्न तोकेको महाशाखा समेतलाई जनाउँछ।

(ठ) "शेयर" भन्नाले सहकारी संस्थाको शेयर पूँजीको अंश सम्झनुपर्छ।

(ड) "सञ्चालक" भन्नाले समितिको सदस्य सम्झनुपर्छ र सो शब्दले समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष समेतलाई जनाउँछ।

(ढ) "सदस्य" भन्नाले सहकारी संस्थाको सदस्यता प्राप्त गरेका व्यक्ति सम्झनुपर्छ।

(ण) "समिति" भन्नाले दफा ३० को उपदफा (१) बमोजिमको सञ्चालक समिति सम्झनुपर्छ।

(त) "सहकारी मूल्य" भन्नाले स्वावलम्वन, स्व–उत्तरदायित्व, लोकतन्त्र, समानता, समता, ऐक्यवद्धता, इमान्दारी, खुलापन, सामाजिक उत्तरदायित्व तथा अरुको हेरचाह लगायत अन्तर्राष्ट्रिय मान्यता प्राप्त सहकारी सम्बन्धी मूल्य सम्झनुपर्छ।

(थ) "संस्थाको व्यवसाय" भन्नाले विनियममा व्यवस्था भए बमोजिम सञ्चालित व्यवसायिक क्रियाकलाप सम्झनुपर्छ।

(द) "सहकारी सिद्धान्त" भन्नाले स्वच्छिक तथाखुला सदस्यता, सदस्यद्वारा लोकतान्त्रिक नियन्त्रण, सदस्यको आर्थिक सहभागीता, स्वायत्तता र स्वतन्त्रता, शिक्षा, तालिम र सूचना, सहकारी-सहकारी बीच पारस्परिक सहयोग र समुदाय प्रतिको चासो लगायत अन्तर्राष्ट्रिय मान्यता प्राप्त सहकारी सम्बन्धी सिद्धान्त सम्झनुपर्छ।

(ध) "संस्था" भन्नाले दफा ३ बमोजिम गठन भई दफा ६ बमोजिम दर्ता भएको विषयगत वा बहुउद्देश्यीय सहकारी संस्था सम्झनुपर्छ।

(न) "साधारणसभा" भन्नाले सहकारी संस्थाको साधारणसभा सम्झनुपर्छ।

(ऩ) "प्राथमिक पूँजी कोष" भन्नाले शेयर पूँजी र जगेडा कोष सम्झनुपर्छ।

(प) "दर्ता गर्ने अधिकारी" भन्नाले दफा ६९ बमोजिमको दर्ता गर्ने अधिकारी सम्झनुपर्दछ।

## परिच्छेद–२

## सहकारी संस्थाको गठन तथा दर्ता

**३. संस्थाको गठन :**

(१) कम्तीमा तीस जना नेपाली नागरिकहरु आपसमा मिली विषयगत वा बहुउद्देश्यीय सहकारी संस्था गठन गर्न सक्नेछन्।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्रमिक, युवा लगायतले आफ्नो श्रम वा सीपमा आधारित भई व्यवसाय गर्ने सहकारी संस्थाको हकमा पन्ध्रजना नेपाली नागरिकहरु भए पनि संस्था गठन गर्न सक्नेछन्।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा त्यस्ता सरकार वा तहको अनुदान वा स्वामित्वमा सञ्चालित विद्यालय, विश्वविद्यालय वा संगठित संस्थाबाट पारिश्रमिक पाउने पदमा वहाल रहेका कम्तीमा एक सय जना कर्मचारी, शिक्षक वा प्राध्यापकहरुले आपसमा मिली प्रचलित कानून बमोजिम दर्ता भएको आफ्नो पेशागत संगठनका आधारमा सदस्यता, प्रतिनिधित्व र सेवा सञ्चालनमा तोकिए बमोजिमका शर्त बन्देजहरु पालना गर्ने गरी संस्था गठन गर्न सक्नेछन्।

तर एकसय जनाभन्दा कम संख्या रहेको एउटै कार्यालयका कम्तीमा तीस जना कर्मचारी, शिक्षक वा प्राध्यापकहरुले आपसमा मिली सदस्यता, प्रतिनिधित्व र सेवा

सञ्चालनमा तोकिए बमोजिमका शर्त बन्देजहरु पालना गर्ने गरी संस्था गठन गर्न सक्नेछन् ।

(४) यस दफा बमोजिम संस्था गठन गर्दा एक परिवार एक सदस्यका दरले उपदफा (१) वा (२) मा उल्लिखित संख्या पुगेको हुनुपर्नेछ ।

तर संस्था दर्ता भइसकेपछि एकै परिवारका एकभन्दा बढी व्यक्तिले सो संस्थाको सदस्यता लिन बाधा पर्नेछैन ।

(५) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बचत तथा ऋणको कारोवार गर्ने संस्था गठन गर्दा कम्तीमा एकसय जना नेपाली नागरिकहरुको सहभागिता हुनु पर्नेछ ।

**४. दर्ता नगरी  सहकारी सस्था सञ्चालन गर्न नहुने:**

कसैले पनि यस ऐन बमोजिम दर्ता नगरी सहकारी स्थापना तथा सञ्चालन गर्न हुँदैन ।

**५. दर्ताको लागि दरखास्त दिनु पर्ने :**

(१) यस ऐन बमोजिम गठन भएका सरकारी संस्थाले दर्ताका लागि दर्ता गर्ने अधिकारी समक्ष अनुसूची-१ को ढाँचामा दरखास्त दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमका दरखास्त साथ देहाय बमोजिमका कागजातहरू संलग्न गर्नु पर्नेछ :–

(क) सहकारी संस्थाको प्रस्तावित विनियम,

(ख) सहकारी संस्थासञ्चालनको सम्भाब्यता अध्ययन प्रतिवेदन,

(ग) सदस्यले लिन स्वीकार गरेको शेयर संख्या र शेयर रकमको विवरण ।

(घ) [1]तोकिए बमोजिमका अन्य विवरणहरु ।

**६. दर्ता गर्नु पर्ने :**

(१) दफा ५ को उपदफा (१) बमोजिम प्राप्त दरखास्त सहितको कागजातहरु छानविन गर्दा देहाय बमोजिम भएको पाइएमा दर्ता गर्ने अधिकारीले दरखास्त परेको मितिले तीस दिनभित्र त्यस्तो सहकारी संस्था दर्ता गरी अनुसूची-२ को ढाँचामा दर्ता प्रमाणपत्र दिनु पर्नेछ :–

---

[1]प्रथम संशोधनद्वारा थप

(क) दरखास्त साथ पेश भएको विनियम यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम रहेको,

(ख) प्रस्तावित सहकारी संस्था सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरुप सञ्चालन हुन सक्ने आधार रहेको,

(ग) सहकारी संस्था समुदायमा आधारित एवम् सदस्य केन्द्रित भई सञ्चालन र नियन्त्रण हुन सक्ने स्पष्ट आधार रहेको।

(२) उपदफा (१) बमोजिम छानविन गर्दा प्रस्तावित सहकारी संस्थाको विनियमको कुनै कुरामा संशोधन गर्नुपर्ने देखिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संशोधन गर्नुपर्ने व्यहोरा खुलाई दरखास्त प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निवेदकलाई सूचना गर्नु पर्नेछ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत दर्ता भई सञ्चालनमा रहेका फेदीखोला गाउँपालिका भित्र कार्यक्षेत्र कायम गरिएका सहकारी संस्था यसै ऐन बमोजिम दर्ता भएको मानिने छ।

(४) यस दफा बमोजिम सहकारी संस्था दर्ता गर्दा दर्ता गर्ने अधिकारीले त्यस्तो सहकारी संस्थाले पालना गर्नु पर्ने गरी कुनै शर्त तोक्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम शर्त तोकिएकोमा सोको पालना गर्नु सम्बन्धित सहकारी संस्थाको कर्तव्य हुनेछ।

**७. दर्ता गर्न अस्वीकार गर्न सक्ने :**

(१) दफा ६ को उपदफा (१) मा उल्लिखित अवस्था नभएमा, सोही दफा बमोजिम विनियम संशोधनको लागि सूचना दिएको अवधि भित्र निवेदकले संशोधन गर्न अस्वीकार गरेमा त्यस्तो सूचना पाएको मितिले तीस दिनभित्र विनियम संशोधन नगरेमा वा सूचनामा उल्लेख भए बमोजिम हुनेगरी विनियम संशोधन नगरेमा दर्ता गर्ने अधिकारीले त्यस्तो सहकारी संस्था दर्ता गर्न अस्वीकार गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सहकारी संस्था दर्ता गर्न अस्वीकार गरेकोमा दर्ता गर्ने अधिकारीले कारण खुलाई तीन दिन भित्र सोको जानकारी सम्बन्धित निवेदकहरूलाई दिनु पर्नेछ।

**८. सहकारी संस्था संगठित संस्था हुने:**

(१) सहकारी संस्था अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ ।

(२) सहकारी संस्थाको काम कारबाहीको लागि एउटा छुट्टै छाप हुनेछ ।

(३) सहकारी संस्थाले यस ऐनको अधिनमा रही व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त, उपभोग, विक्री वा अन्य व्यवस्था गर्न सक्नेछ ।

(४) सहकारी संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

(५) सहकारी संस्थाले व्यक्ति सरह करार गर्न सक्नेछ ।

**९. सहकारी संस्थाको कार्य क्षेत्र :**

(१) दर्ता हुँदाका बखत सहकारी संस्थाको कार्य क्षेत्र देहाय बमोजिम हुनेछः

(क) बचत तथा ऋणको मुख्य कारोवार गर्ने संस्थाको हकमा एक वडा,

(ख) अन्य संस्थाको हकमा एक वडा वा देहायका आधारमा तीन वडासम्म :

(१) सदस्यहरु बीच स्वाबलम्बनको पारस्पारिक अभ्यासको लागि आपसी साझा वन्धन (कमन बण्ड),

(२) व्यवसायिक स्तरमा सेवा सञ्चालन गर्न आवश्यक सदस्य संख्या,

(३) संस्था सञ्चालनमा सदस्यको सहभागिता मूलक लोकतान्त्रिक नियन्त्रण कायम हुने गरी पायक पर्ने स्थान ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले दर्ता भई व्यवसायिक सेवा प्रारम्भ गरेको दुई वर्ष पछि देहायको आधारमा जोडिएको भौगोलिक क्षेत्र कायम रहने गरी आफ्नो कार्यक्षेत्र थप वडाहरूमा विस्तार गर्न सक्नेछ ।

(क) संस्थाको व्यवसायिक क्रियाकलापको विकास क्रममा सदस्यता बढाउन थप कार्य क्षेत्र आवश्यक परेको,

(ख) संस्थाको कार्य सञ्चालनमा सदस्यको प्रत्यक्ष नियन्त्रण कायम राख्न रचनात्मक उपायहरु अवलम्बन गरिएको,

(ग) बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाको हकमा मापदण्ड अनुसार भएको ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाको कार्यक्षेत्रका वडाहरूमा व्यावसायिक सेवा सञ्चालन नभएको वा जम्मा कारोवारको तोकिएको रकम वा अनुपातभन्दा कम रकम वा अनुपातको व्यावसायिक सेवा सञ्चालन भएको देखिएको खण्डमा दर्ता गर्ने अधिकारीले व्यावसायिक सेवा सञ्चालन भएका वडा मात्र कार्यक्षेत्र कायम गर्ने गरी विनियम संशोधन गर्न निर्देशन दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम दर्ता गर्ने अधिकारीले निर्देशन दिएकोमा सहकारी संस्थाले एक वर्षभित्र विनियम संशोधन गरी आफ्नो कार्यक्षेत्र पुनःनिर्धारण गर्नुपर्नेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्थाले स्वेच्छिक रूपमा जुनसुकै समय कार्यक्षेत्र घटाउने गरी पुनःनिर्धारण गर्न विनियम संशोधन गर्न सक्नेछ।

(६) कार्यक्षेत्र पुनः निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**१०. जानकारी दिनुपर्ने:** फेदीखोला गाउँपालिका भन्दा बढी कार्यक्षेत्र कायम राखी दर्ता भई सञ्चालनमा रहेका संस्थाहरूले फेदीखोला गाउँपालिकामा सेवा सञ्चालन गर्दा सञ्चालित सेवाको विवरण सहित दर्ता गर्ने अधिकारीलाई जानकारी दिनुपर्नेछ।

**११. विषयगत आधारमा वर्गीकरण:**

(१) सहकारी संस्थाको वर्गीकरण देहाय बमोजिम हुनेछः

(क) **उत्पादक संस्थाः** कृषि, दुग्ध, चिया, कफि, उखु , फलफुल र माछापालन विशेषका विषयगत र अगुवावाली एवम् उत्पादनको योजना समेतका आधारमा अन्य उत्पादन मूलक संस्था;

(ख) **उपभोक्ता संस्थाः** उपभोक्ता भण्डार, वचत तथा ऋण, उर्जा र स्वास्थ्य विशेषका विषयगत र प्राथमिक आवश्यकता एवम् सेवाको योजना समेतका आधारमा अन्य उपभोगजन्य संस्था;

(ग) **श्रमिक संस्थाः** हस्तकला, खाद्य परिकार, औद्योगिक उत्पादन, भोजनालय र श्रम करार विशेषका विषयगत र सीप वा श्रमको विशेषता एवम् स्वरोजगारीको योजना समेतका आधारमा अन्य श्रममा आधारित संस्था;

(घ) **बहुउद्देश्यीय संस्था:** उत्पादन, उपभोग र श्रम वा सीपमा आधारित स्वरोजगारीका सेवा समेत सञ्चालन गर्ने अन्य बहुमुखी संस्था।

(२) उपदफा (१) को खण्ड (क), (ख) र (ग) मा उल्लेखित विषयमा विशिष्टीकरण, आम प्रचलन र अभ्यासको विकासक्रम समेतको आधारमा तोकिए बमोजिमका विषयहरु थप गर्न सकिनेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम अन्य संस्थाहरु गठन गर्न बाधा पर्ने छैन।

**१२. कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्ने :**

(१) दफा ६ बमोजिम दर्ता प्रमाणपत्र प्राप्त गरे पछि संस्थाले आफ्नो उद्देश्य प्राप्तिका लागि यस ऐन र विनियमको अधीनमा रही आवश्यक कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेछ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले उपदफा (१) बमोजिम कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न छुट्टै संस्था दर्ता गर्नुपर्ने छैन।

तर त्यस्तो कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न प्रचलित कानून बमोजिम अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र लिनुपर्ने रहेछ भने सो बमोजिम अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र लिएर मात्र कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्नुपर्नेछ।

(४) उपदफा (१) बमोजिम संस्थाले प्रचलित कानून बमोजिम अधिकार पाएको निकाय वा अधिकारीबाट अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र प्राप्त गरेमा पन्ध्र दिनभित्र सोको जानकारी दर्ता गर्ने अधिकारीलाई दिनु पर्नेछ।

(५) दुई वा दुईभन्दा बढी संस्थाले संयुक्त वा साझेदारीमा आफ्नो उत्पादन वा सेवाको बजारीकरणको लागि यस ऐनको अधीनमा रही आवश्यक कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेछन्।

(६) उपदफा (४) बमोजिमको कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**१३. दायित्व सीमित हुने :**

(१) सहकारी संस्थाको कारोवारको सम्बन्धमा सदस्यको दायित्व निजले खरिद गरेको वा खरिद गर्न स्वीकार गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ।

(२) सहकारी संस्थाको नाममा "सहकारी" र नामको अन्त्यमा "लिमिटेड" भन्ने शब्द राख्नुपर्नेछ।

**१४. सहकारीका मूल्य, मान्यता र सिद्धान्त पालना गर्नु पर्ने:**

सहकारी संस्थाको गठन तथा सञ्चालन गर्दा सहकारीका मूल्य, मान्यता र सिद्धान्तको पालना गर्नु पर्नेछ।

## परिच्छेद–३

## संस्थाका उद्देश्य तथा कार्य

**१५. संस्थाको उद्देश्य :** कार्यक्षेत्रमा आधारित र सदस्य केन्द्रित भई आफ्ना सदस्यहरूको आर्थिक, सामाजिक तथा साँस्कृतिक उन्नयन गर्नु संस्थाको मुख्य उद्देश्य हुनेछ ।

**१६. संस्थाको कार्य :** संस्थाका कार्यहरू देहाय बमोजिम हुनेछन्:-

(क) सहकारीका मूल्य, मान्यता र सिद्धान्तहरूको पालना गर्नेगराउने,

(ख) सदस्यको हित प्रवर्द्धन गर्ने गरी व्यावसायिक सेवाहरू प्रदान गर्ने,

(ग) सदस्यलाई शिक्षा, सूचना र तालीम प्रदान गर्ने,

(घ) संस्थाले गर्ने उत्पादन तथा सेवाको मापदण्ड निर्धारण गरी गुणस्तर सुधार, आर्थिक स्थायित्व र जोखिम व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

(ङ) आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने,

(च) संस्थाको व्यवसायिक प्रवर्द्धन तथा विकास सम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्ने,

(छ) मन्त्रालय, रजिष्ट्रार, प्रादेशिक रजिष्ट्रार, स्थानीय तह वा दर्ता गर्ने अधिकारीको निर्देशन पालना गर्ने गराउने,

(ज) विनियममा उल्लिखित कार्यहरू गर्ने ।

## परिच्छेद–४

## विनियम तथा आन्तरिक कार्यविधि

**१७. विनियम बनाउनु पर्ने:**

(१) संस्थाले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड र कार्यविधिको अधीनमा रही आफ्नो कार्य सञ्चालनको लागि विनियम बनाउनु पर्नेछ । उपदफा (१) बमोजिमको विनियम दर्ता गर्ने अधिकारीबाट स्वीकृत भए पछि लागू हुनेछ ।

**१८. आन्तरिक कार्यविधि बनाउन सक्ने :**

(१) संस्थाले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड, कार्यविधि र विनियमको अधीनमा रही आवश्यकता अनुसार आफ्नो आन्तरिक कार्यविधि बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको आन्तरिक कार्यविधि सम्बन्धित संस्थाको साधारणसभाले स्वीकृत गरेपछि लागू हुनेछ ।

**१९. विनियम र आन्तरिक कार्यविधिमा संशोधन :**

(१) संस्थाको साधारणसभाको कुल सदस्य संख्याको बहुमतबाट विनियम र आन्तरिक कार्यविधि संशोधन हुन सक्नेछ।

(२) [२]उपदफा (१) बमोजिम संशोधन भएको विनियम दर्ता गर्ने अधिकारीबाट स्वीकृत भएपछि लागू हुनेछ।

## परिच्छेद–५

## सदस्यता

**२०. संस्थाको सदस्यता:**

(१) [३]सोह्र वर्ष उमेर पूरा गरेका देहाय बमोजिमका नेपाली नागरिकहरु संस्थाको सदस्य हुन सक्नेछन्ः

(क) संस्थाको कम्तीमा एक शेयर खरिद गरेको,

(ख) संस्थाको विनियममा उल्लिखित शर्तहरु पालना गर्न मन्जुर गरेको,

(ग) संस्थाको जिम्मेवारी पालना गर्न मन्जुर भएको,

(घ) संस्थाले गरेको कारोवारसँग प्रतिस्पर्धा हुने गरी कारोवार नगरेको,

(ङ) संस्थाको सदस्यता लिन योग्य रहेको स्वघोषणा गरेको।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकारका निकायहरु, स्थानीय तहका साथै संस्थाको कार्यक्षेत्र भित्रका सामुदायिक वा सहकारी विद्यालय, गुठी, स्थानीय क्लब, स्थानीय तहमा गठन भएका उपभोक्ता समूहहरु संस्थाको सदस्य हुन बाधा पर्ने छैन।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्वास्थ्य सहकारी संस्थामा सहकारी संस्थाले सदस्यता लिन बाधा पर्ने छैन।

**२१. सदस्यता प्राप्त गर्न निवेदन दिनु पर्ने:**

---

[२]प्रथम संशोधनद्वारा संशोधित

[३]प्रथम संशोधनद्वारा संशोधित

(१) संस्थाको सदस्यता लिन चाहने सम्बन्धित व्यक्तिले संस्थाको समिति समक्ष निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेको मितिले ३५ दिनभित्र समितिले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम तथा विनियमको अधिनमा रही सदस्यता प्रदान गर्ने वा नगर्ने निर्णय गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम निर्णय गर्दा समितिले सदस्यता प्रदान नगर्ने निर्णय गरेमा सो को कारण खोली सात दिनभित्र निवेदकलाई जानकारी गराउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम जानकारी पाएको मितिले तीस दिनभित्र सम्बन्धित व्यक्तिले त्यस्तो संस्था दर्ता गर्ने अधिकारीसमक्ष उजूर गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम प्राप्त उजूरी छानविन गर्दा निवेदकलाई सदस्यता प्रदान गर्नुपर्ने देखिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो निवेदकलाई सदस्यता प्रदान गर्नको लागि सम्बन्धित संस्थालाई आदेश दिन सक्नेछ।

(६) उपदफा (५) बमोजिम आदेश भएमा सो आदेश प्राप्त गरेको सात दिन भित्र सम्बन्धित संस्थाले निवेदकलाई सदस्यता प्रदान गरी सोको जानकारी दर्ता गर्ने अधिकारीलाई गराउनुपर्नेछ।

**२२. सदस्य हुन नपाउने :**

(१) कुनै व्यक्ति एकै प्रकृतिको एकभन्दा वढी संस्थाको सदस्य हुन पाउने छैन।

तर यो ऐन प्रारम्भ हुनु अघि कुनै व्यक्ति एकै प्रकृतिको एकभन्दा बढी संस्थाको सदस्य रहेको भए यो ऐन प्रारम्भ भएको मितिले तीन वर्षभित्र कुनै एक संस्थाको मात्र सदस्यता कायम राख्नु पर्नेछ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत कुनै संस्थामा नेपाल सरकारको निकाय वा दफा २० को उपदफा (२) मा उल्लेख भए देखि बाहेकको अन्य कुनै कृत्रिम व्यक्ति सदस्य भएको भए पाँच वर्षभित्र सदस्यता अन्त्य गर्नुपर्नेछ।

**२३. सदस्यताको समाप्ति:**

(१) कुनै सदस्यको सदस्यता देहायको अवस्थामा समाप्त हुनेछः—

(क) सदस्यले आफ्नो सदस्यता त्याग गरेमा,

(ख) लगातार वार्षिक साधारणसभामा बिना सूचना तीन पटकसम्म अनुपस्थित भएमा,

(ग) यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम वा विनियम बमोजिम सदस्यले पालना गर्नुपर्ने प्रावधानको बारम्बार उल्लङ्घन गरेमा,

(घ) संस्थाको सदस्यको हकमा दफा २० बमोजिमको योग्यता नभएमा।

**(२)** उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्यले संस्थाबाट प्राप्त वा भुक्तान गर्नुपर्ने कुनै रकम भएमा सो फरफारक नभए सम्म वा निजले लिएको ऋण, तिर्नु पर्ने कुनै दायित्व वा अन्यकुनै सदस्यको तर्फबाट धितो वा जमानत बसेकोमा सोको दायित्व फरफारक नभएसम्म निजको सदस्यता समाप्त हुने छैन।

**(३)** यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि साधारणसभा बोलाउने निर्णय भइसके पछि साधारणसभा सम्पन्न नभए सम्म कसैलाई पनि सदस्यताबाट हटाउन सकिनेछैन।

**२४. सुविधा प्राप्त गर्न नसक्ने :** कुनै सदस्यले सहकारी संस्थालाई तिर्नु पर्ने कुनै दायित्व निर्धारित समय भित्र भुक्तान नगरेमा वा यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम तथा विनियम बमोजिम सदस्यले पालन गर्नुपर्ने व्यवस्थाको बारम्बार उल्लंघन गरेमा त्यस्तो सदस्यले अन्य सदस्य सरहको सुविधा प्राप्त गर्न सक्ने छैन।

## परिच्छेद –६

## साधारणसभा, समिति तथा लेखा सुपरिवेक्षण समिति

**२५. साधारणसभा:**

(१) सहकारी संस्थाको सर्वोच्च अङ्गको रुपमा साधारणसभा हुनेछ।

**(२)** सहकारी संस्थाका सबै सदस्यहरू साधारणसभाका सदस्य हुनेछन्।

**(३)** सहकारी संस्थाको साधारणसभा देहाय बमोजिम हुनेछः–

(क) प्रारम्भिक साधारणसभा,

(ख) वार्षिक साधारणसभा,

(ग) विशेष साधारणसभा।

**२६. प्रारम्भिक साधारणसभाको काम, कर्तव्य र अधिकार:** प्रारम्भिक साधारणसभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) प्रारम्भिक साधारणसभा हुने अघिल्लो दिनसम्मको काम कारबाही र आर्थिक कारोवारको जानकारी लिने,

(ख) चालू आर्थिक वर्षको लागि वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ग) प्रतिवेदन तथा वित्तीय विवरण अनुमोदन गर्ने,

(घ) विनियममा उल्लेख भए बमोजिम समिति वा लेखा सुपरीवेक्षण समितिको निर्वाचन गर्ने,

(ङ) आन्तरिक कार्यविधि पारित गर्ने,

(च) लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने,

(छ) विनियममा तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

**२७. वार्षिक साधारणसभाको काम, कर्तव्य र अधिकार :** वार्षिक साधारणसभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) वार्षिक कार्यक्रम तथा बजेट स्वीकृति गर्ने,

(ख) वार्षिक लेखा परीक्षण प्रतिवेदन अनुमोदन गर्ने,

(ग) समिति वा लेखा सुपरीवेक्षण समितिको निर्वाचन तथा विघटन गर्ने,

(घ) सञ्चालक वा लेखा सुपरीवेक्षण समितिको संयोजक वा सदस्यलाई पदबाट हटाउने,

(ङ) समिति वा लेखा सुपरीवेक्षण समितिको वार्षिक प्रतिवेदन पारित गर्ने,

(च) विनियम संशोधन तथा आन्तरिक कार्यविधि पारित गर्ने,

(छ) लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने,

(ज) संस्था एकीकरण वा विघटन सम्बन्धी निर्णय गर्ने,

(झ) पारिश्रमिक लगायतका सुविधा तोक्ने,

(ञ) ऋण तथा अनुदान प्राप्त गर्ने सम्बन्धमा निर्णय गर्ने,

(ट) सदस्यको दायित्व मिनाहा दिने,

(ठ) समितिलाई आवश्यक निर्देशन दिने,

(ड) विनियममा तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

**२८. साधारणसभाको बैठक :**

(१) समितिले सहकारी संस्था दर्ता भएको मितिले तीन महिना भित्र प्रारम्भिक साधारणसभा बोलाउनु पर्नेछ ।

(२) समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिना भित्र वार्षिक साधारणसभा बोलाउनु पर्नेछ।

(३) समितिले देहायको अवस्थामा विशेष साधारणसभा बोलाउनु पर्नेछ :–

(क) संस्थाको काम विशेषले विशेष साधारणसभा बोलाउनु पर्ने समितिबाट निर्णय भएमा,

(ख) दफा ३८ को उपदफा (१) को खण्ड (छ) बमोजिम लेखा सुपरीवेक्षण समितिको सिफारिसमा,

(ग) कुनै सञ्चालकले विशेष साधारणसभा बोलाउन पेश गरेको प्रस्ताव समितिद्वारा पारित भएमा,

(घ) विशेष साधारणसभा बोलाउनुपर्ने कारण खुलाई पच्चिस प्रतिशत सदस्यले समिति समक्ष निवेदन दिएमा,

(ङ) दफा २९ को उपदफा (१) बमोजिम दर्ता गर्ने अधिकारीले निर्देशन दिएमा,

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाको सञ्चालक वा व्यवस्थापकबाट आफ्नो जिम्मेवारी पूरा नगरी संस्था सञ्चालनमा समस्या उत्पन्न भएको अवस्थामा दर्ता गर्ने अधिकारीलाई जानकारी दिई साधारण सदस्यहरू मध्येबाट बहुमत सदस्य उपस्थित भई विशेष साधारणसभा गर्न सकिनेछ।

**२९. विशेष साधारणसभा बोलाउन निर्देशन दिन सक्ने:**

(१) संस्थाको निरीक्षण वा सुपरीवेक्षण गर्दा वा कसैको उजूरी परी छानविन गर्दा देहायको अवस्था देखिन आएमा दर्ता गर्ने अधिकारीले त्यस्तो सहकारी संस्थाको समितिलाई साधारणसभा बोलाउन निर्देशन दिन सक्नेछ :–

(क) सहकारीको मूल्य, मान्यता तथा सिद्धान्त विपरित कार्य गरेमा,

(ख) यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, विनियम तथा आन्तरिक कार्यविधि विपरीत कार्य गरेमा,

(ग) दर्ता गर्ने अधिकारीले दिएको निर्देशनको बारम्बार उल्लङ्घन गरेमा,

(घ) दफा ३१ को उपदफा (२) बमोजिम दर्ता गर्ने अधिकारीले आदेश दिएमा।

(२) उपदफा (१) बमोजिम साधारणसभा बोलाउन निर्देशन प्राप्त भएमा समितिले सो निर्देशन प्राप्त भएको मितिले पैंतीस दिनभित्र साधारणसभाको बैठक बोलाउनु पर्नेछ र

साधारणसभाको बैठकमा उजूरी वा निरीक्षणका क्रममा देखिएका विषयमा छलफल गरी सोको प्रतिवेदन दर्ता गर्ने अधिकारीसमक्ष पेश गर्नु पर्नेछ।

(३) उपदफा (१) वा (२) मा उल्लिखित अवधिभित्र समितिले साधारणसभा नबोलाएमा दर्ता गर्ने अधिकारीले त्यस्तो साधारणसभा बोलाउन सक्नेछ।

(४) सहकारी संस्थाको साधारणसभाको लागि गणपूरक संख्या तत्काल कायम रहेको सदस्य संख्याको एकाउन्न प्रतिशत हुनेछ।

तर पहिलो पटक डाकिएको साधारणसभामा गणपुरक संख्या नपुगेमा त्यसको सात दिन भित्र दोस्रो पटक साधारणसभा बोलाउनु पर्ने र यसरी दोस्रो पटक बोलाइएको साधारणसभामा सञ्चालक समितिको बहुमत सहित एक तिहाई साधारण सदस्यहरुको उपस्थिति भएमा साधारणसभाको गणपुरक संख्या पुगेको मानिनेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा २८ को (४) मा भएको व्यवस्था सोही अनुसार हुनेछ।

(६) दुई हजार वा सोभन्दा बढी सदस्य भएको संस्थाले साधारणसभा गर्दा समान कार्यसूचीमा तोकिए बमोजिम सदस्य संख्याको आधारमा वडा-वडा वा अन्य पायकको स्थानमा सञ्चालक सदस्यहरुलाई पठाई साधारणसभा गर्न र त्यस्तो सभाको निर्णय प्रमाणित गर्न प्रतिनिधिहरु छनौट गरी त्यस्ता प्रतिनिधिहरुको उपस्थितिको सभाले अन्तिम निर्णय प्रमाणित गर्ने व्यवस्था मिलाउन सक्नेछ।

**३०. सञ्चालक समिति:**

(१) [४]सहकारी संस्थामा साधारणसभाबाट निर्वाचित एक सञ्चालक समिति रहनेछ, तर एउटै व्यक्ति लगातार एउटै पदमा दुईपटक भन्दा बढी सञ्चालक हुन पाउने छैन। अध्यक्ष पदमा निर्वाचित हुन कम्तिमा एक कार्यकाल सञ्चालक भएको हुनुपर्नेछ र सो अवस्था नरहेको खण्डमा मात्र साधारण सदस्यबाट निर्वाचित गर्न सकिनेछ। साथै सञ्चालकको कुनै पनि पदमा उम्मेदवार दिन वा निर्वाचित हुनको लागि संस्थाको सदस्यता प्राप्त गरेको कम्तिमा एक वर्ष पुरा भएको हुनुपर्नेछ।

---

[४] प्रथम संशोधनद्वारा संशोधित

(२) उपदफा (१) बमोजिमको समितिमा उपलब्ध भएसम्म कम्तीमा तेत्तीस प्रतिशत महिला सदस्यको प्रतिनिधित्व सुनिश्चित गर्नुपर्नेछ ।

(३) एउटै परिवारको एकभन्दा बढी सदस्य एकै अवधिमा सञ्चालक तथा लेखा समितिको पदमा उम्मेदवार बन्न र निर्वाचित हुन सक्ने छैन ।

(४) कुनै संस्थाको सञ्चालक सोही संस्थाको कर्मचारी वा आफ्नो संस्थाले सदस्यता लिएको सहकारी संघ वा बैंकबाहेक अर्को कुनै संस्थाको सञ्चालक बन्न पाउने छैन ।

तर वार्षिक दुई करोड रुपैयाँभन्दा कमको कारोवार गर्ने सहकारी संस्थाको सञ्चालकले त्यस्तो सहकारी संस्थामा कर्मचारीको रुपमा काम गर्न बाधा पर्ने छैन । वार्षिक दुई करोड भन्दा बढी कारोवार गर्ने संस्थामा कुनै सञ्चालक कर्मचारी रहेको भए यो ऐन प्रारम्भ भएको मितिले दुई वर्षभित्र त्यस्तो सञ्चालकले कर्मचारीको पद त्याग गरी अर्को कर्मचारीको व्यवस्था गर्नुपर्नेछ ।

(५) यो ऐन प्रारम्भ हुनुअघि कुनै व्यक्ति एकभन्दा बढी संस्थाको सञ्चालक वा सोही वा अर्को संस्थाको कर्मचारी भएकोमा यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र कुनै एक संस्थाको मात्र सञ्चालक वा कर्मचारी रहनु पर्नेछ ।

(६) समितिको कार्यावधि चार वर्षको हुनेछ ।

**३१. सञ्चालक समितिको निर्वाचन :**

(१) समितिले आफ्नो कार्यावधि समाप्त हुन कम्तिमा एक महिना अघि अर्को समितिको निर्वाचन गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिको निर्वाचन नगराएको जानकारी प्राप्त भएमा त्यस्तो जानकारी प्राप्त भएको मितिले छ महिना भित्र समितिको निर्वाचन गराउन दर्ता गर्ने अधिकारीले सम्बन्धित समितिलाई आदेश दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम दर्ता गर्ने अधिकारीले आदेश दिएकोमा सम्बन्धित समितिले सो आदेश बमोजिमको समयावधि भित्र समितिको निर्वाचन गराई दर्ता गर्ने अधिकारलाई जानकारी गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम समितिको निर्वाचन नगराएमा दर्ता गर्ने अधिकारले त्यस्तो संस्थासदस्य रहेको माथिल्लो संघ भए सो संघको प्रतिनिधि समेतलाई सहभागी गराई समितिको निर्वाचन सम्बन्धी सम्पूर्ण कार्य गर्ने गराउनेछ।

(५) उपदफा (४)बमोजिमको निर्वाचन कार्यमा सहयोग पुऱ्याउनु सम्बन्धित समितिका पदाधिकारीहरूको कर्तव्य हुनेछ।

(६) उपदफा (५) बमोजिम निर्वाचन गराउँदा लागेको सम्पूर्ण खर्च सम्बन्धित संस्थाले व्यहोर्नु पर्नेछ।

(७) यस दफा बमोजिम समितिको अर्को निर्वाचन नभएसम्मको लागि समितिले विनियममा व्यवस्था भए बमोजिम आफ्नो कार्य सञ्चालन गर्नेछ।

**३२. समितिको काम, कर्तव्य र अधिकार :** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) सहकारीका मूल्य, मान्यता र सिद्धान्त बमोजिम सहकारी संस्थाको सञ्चालन गर्ने,

(ख) आर्थिक तथा प्रशासकीय कार्य गर्ने, गराउने,

(ग) प्रारम्भिक साधारणसभा, वार्षिक साधारणसभा तथा विशेष साधारणसभा बोलाउने,

(घ) साधारणसभाका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने,

(ङ) संस्थाको नीति, योजना, बजेट तथा वार्षिक कार्यक्रमको तर्जुमा गरी साधारणसभा समक्ष पेश गर्ने,

(च) संस्थाको सदस्यता प्रदान गर्ने तथा सदस्यताबाट हटाउने,

(छ) शेयर नामसारी तथा फिर्ता सम्बन्धी कार्य गर्ने,

(ज) सम्बन्धित संघको सदस्यता लिने,

(झ) विनियम तथा आन्तरिक कार्यविधि तयार गरी साधारणसभामा पेश गर्ने,

(ञ) संस्थाको कार्यक्षेत्र भित्र संस्थाको कारोवार र व्यवसायको हित प्रवर्द्धनको लागि आवश्यक कार्य गर्ने, गराउने।

**३३. सञ्चालक पदमा बहाल नरहने:** देहायको कुनै अवस्थामा सञ्चालक आफ्नो पदमा बहाल रहन सक्ने छैन:-

(क) निजले दिएको राजीनामा समितिबाट स्वीकृत भएमा,

(ख) निजलाई दफा ३४ उपदफा (१) बमोजिम सञ्चालकबाट हटाउने निर्णय भएमा,

(ग) निज अर्को संस्थाको सञ्चालक रहेमा,

(घ) निज सोही वा अर्को संस्थाको कर्मचारी रहेमा,

तर दफा ३० को उपदफा (४) को प्रतिबन्धात्मक वाक्यांशमा लेखिएको कुरामा सोही बमोजिम हुनेछ।

(ङ) निज सोही वा अर्को संस्थाको लेखा सुपरीवेक्षण समितिको पदमा रहेमा,

(च) निजको मृत्यु भएमा।

**३४. सञ्चालकलाई पदबाट हटाउन सक्ने**:

(१) साधारणसभाले वहुमतको निर्णयबाट देहायको कुनै अवस्थामा सञ्चालकलाई समितिको सञ्चालक पदबाट हटाउन सक्नेछ :–

(क) आर्थिक हिनामिना गरी सम्बन्धित संस्थालाई हानी नोक्सानी पुऱ्याएमा,

(ख) अनाधिकृत तवरले सम्बन्धित संस्थाको कारोवार सम्बन्धी विषयको गोपनियता भङ्ग गरेमा,

(ग) सम्बन्धित संस्थाको कारोवार र व्यवसायसँग प्रतिस्पर्धा हुने गरी समान प्रकृतिको कारोवार वा व्यवसाय गरेमा,

(घ) सम्बन्धित संस्थाको अहित हुने कुनै कार्य गरेमा,

(ङ) निज शारीरिक वा मानसिक रुपमा काम गर्न नसक्ने भएमा,

(च) कुनै सञ्चालकमा यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम वा विनियममा उल्लिखितयोग्यता नरहेमा।

(२) कुनै सञ्चालकलाई समितिको पदबाट हटाउने निर्णय गर्नु अघि त्यस्तो सञ्चालकलाई साधारणसभा समक्ष सफाई पेश गर्ने मनासिब देखिएमा माफिको मौका दिइनेछ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र कुनै सञ्चालकले सफाई पेश नगरेमा वा निजले पेश गरेको सफाई सन्तोषजनक नभएमा साधारणसभाले त्यस्तो सञ्चालकलाई पदबाट हटाउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम सञ्चालकको पदबाट हटाइएको सदस्य समितिको दुई कार्यकाल सम्मको निर्वाचनमा उम्मेदवार बन्न पाउने छैन।

(५) उपदफा (३) बमोजिम कुनै सञ्चालक पदबाट हटेमा त्यस्तो पदमा साधारणसभाले बाँकी अवधिको लागि अर्को सञ्चालकको निर्वाचन गर्नेछ।

**३५. निजी स्वार्थ समावेश भएको निर्णय प्रकृयामा संलग्न हुन नहुने :**

(१) सञ्चालकले आफ्नो निजी स्वार्थ समावेश भएको निर्णय प्रक्रियामा संलग्न हुनुहुँदैन।

(२) सञ्चालकले आफूलाई मात्र व्यक्तिगत फाइदा हुने गरी संस्थामा कुनै कार्य गर्न गराउन हुँदैन।

(३) कुनै सञ्चालकले उपदफा (१) को विपरीत हुने गरी वा आफ्नो अधिकार क्षेत्र भन्दा बाहिर गई कुनै काम कारबाही गरे गराएमा त्यस्तो काम कारबाही प्रति त्यस्तो सञ्चालक व्यक्तिगत रूपमा उत्तरदायी हुनेछ र त्यस्तो कामकारबाहीबाट संस्थाको, सदस्य वा अन्य कुनै व्यक्तिलाई हानी नोक्सानी हुन गएको रहेछ भने त्यस्तो हानी नोक्सानी निजको जायजेथाबाट असूल उपर गरिनेछ।

**३६. समितिको विघटन :**

(१) साधारणसभाले देहायको अवस्थामा समितिको विघटन गर्न सक्नेछः–

(क) समितिको बदनियतपूर्ण कार्यबाट संस्थाको कारोवार जोखिममा परेमा,

(ख) संस्थाले तिर्नुपर्ने दायित्व तोकिएको समय भित्र भुक्तान गर्न नसकेमा,

(ग) विनियममा उल्लिखित उद्देश्य र कार्य विपरितको काम गरेमा,

(घ) समितिले आफ्नो जिम्मेवारी पूरा नगरेमा,

(ङ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावलीमा उल्लिखित शर्त वा दर्ता गर्ने अधिकारीले दिएको निर्देशनको बारम्बार उल्लङ्घन गरेमा।

(२) उपदफा (१) बमोजिम समिति विघटन भएमा साधारणसभाले नयाँ समिति निर्वाचन गर्नेछ।

(३) समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम दर्ता गर्ने अधिकारीले दिएको निर्देशन पालना नगरेमा वा दफा २९ को उपदफा (२) बमोजिम पेश भएको प्रतिवेदन समेतको आधारमा दर्ता गर्ने अधिकारीले समितिलाई उजूरी वा निरीक्षणको क्रममा देखिएका विषयवस्तुको गाम्भिर्यताको आधारमा बढीमा छ महिनाको समय दिई सुधार गर्ने मौका दिन सक्नेछ र त्यस्तो समयावधि भित्र पनि सुधार नगरेमा त्यस्तो समिति विघटन गर्नेछ।

(४) उपदफा (३) बमोजिम समिति विघटन भएमा त्यसरी विघटन गरिएको मितिले तीन महिना भित्रमा अर्को समितिको निर्वाचन सम्पन्न गराउन र त्यस्तो निर्वाचन नभएसम्म

संस्थाको दैनिक कार्य सञ्चालन गर्न दर्ता गर्ने अधिकारीले तोकिए बमोजिमको एक तदर्थ समिति गठन गर्नुपर्नेछ ।

(५) यस दफा बमोजिम अर्को समितिको निर्वाचन गराउँदा लागेको सम्पूर्ण खर्च सम्बन्धित संस्थाले व्यहोर्नेछ ।

**३७. लेखा सुपरीवेक्षण समितिको गठन :**

(१) संस्थामा आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्न तोकिए बमोजिमको योग्यता पुगेका एकजना संयोजक र दुईजना सदस्यहरू रहने गरी साधारणसभाले निर्वाचनबाट लेखा सुपरीवेक्षण समिति गठन गर्नेछ ।

(२) एउटै परिवारको एकभन्दा बढी व्यक्ति एकै अवधिमा एउटै संस्थाको सञ्चालक वा लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्य पदमा उम्मेदवार बन्न र निर्वाचित हुन सक्ने छैन ।

**३८. लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार :**

(१) लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) प्रत्येक चौमासिकमा सहकारी संस्थाको आन्तरिक लेखापरीक्षण गर्ने, गराउने,

(ख) आन्तरिक लेखापरीक्षण गर्दा लेखापरीक्षणका आधारभूत सिद्धान्तको पालना गर्ने, गराउने,

(ग) वित्तीय तथा आर्थिक कारोवारको निरीक्षण तथा मूल्याङ्कन गर्ने, गराउने,

(घ) समितिको काम कारवाहीको नियमित सुपरिवेक्षण गर्ने र समितिलाई आवश्यक सुझाव दिने,

(ङ) साधारणसभाको निर्देशन, निर्णय तथा समितिका निर्णय कार्यान्वयन भए नभएको अनुगमन गर्ने,

(च) लेखा सम्बन्धी प्रतिवेदन र समितिको काम कारबाहीको सुपरिवेक्षण सम्बन्धी वार्षिक प्रतिवेदन साधारणसभा समक्ष पेश गर्ने,

(छ) आफूले पटक पटक दिएका सुझाव कार्यान्वयन नभएको कारणबाट कुनै संस्थाको हितमा प्रतिकूल असर परेमावा त्यस्तो संस्थाको नगद वा जिन्सी सम्पत्तिको व्यापक रूपमा हिनामिना वा अनियमितता भएको वा संस्था गम्भीर आर्थिक संकटमा पर्न

लागेकोमा सोको कारण खुलाई विशेष साधारणसभा बोलाउन समिति समक्ष सिफारिस गर्ने।

(च) आवश्यक परेमा आन्तरिक लेखा परीक्षक नियुक्तिका लागि तीन जनाको नाम सञ्चालक समितिमा सिफारिस गर्ने।

(२) लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्य संस्थाको दैनिक आर्थिक प्रशासनिक कार्यमा सहभागी हुन पाउने छैन।

## परिच्छेद–७

## बचत तथा ऋण परिचालन

### ३९. सदस्य केन्द्रित भई बचत तथा ऋणको कारोवार गर्नु पर्ने :

(१) संस्थाले आफ्ना सदस्यहरूको मात्र बचत स्वीकार गर्ने, सोको परिचालन गर्ने र सदस्यलाई मात्र ऋण प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बचत तथा ऋणको मुख्य कारोवार गर्ने गरी दर्ता भएको संस्था बाहेक अन्य विषयगत वा वहुउद्देश्यीय संस्थाले बचत तथा ऋणको मुख्य कारोवार गर्न पाउने छैन।

तर यो ऐन प्रारम्भ हुनु अघि बहुउद्देश्यीय वा विषयगत संस्थाको रुपमा दर्ता भई मुख्य कारोवारको रुपमा वचत तथा ऋणको कारोवार गर्दै आएको भए त्यस्तो संस्थाले तीन वर्ष भित्रमा वचत तथा ऋणको मुख्य कारोवार नहुने गरी दर्ता हुँदाका बखतमा उल्लेख गरिएको मुख्य कारोवार गर्ने गरी संस्था सञ्चालन गर्नुपर्नेछ।

(३) [५]संस्थाले सदस्यलाई प्रदान गर्ने ऋणमा सेवा शुल्क र नवीकरण शुल्क तोकिए बमोजिम हुनेछ।

(४) बचत र ऋणको ब्याजदर बीचको अन्तर छ प्रतिशत भन्दा बढी हुने छैन।

(५) संस्थाले प्रदान गरेको ऋणमा लाग्ने ब्याजलाई मूल ऋणमा पूँजीकृत गरी सोको आधारमा ब्याज लगाउन पाइनेछैन।

(६) संस्थाले कुनैपनि कम्पनीको शेयर खरिद गर्न सक्ने छैन। तर,

---

[५] प्रथम संशोधनद्वारा संशोधित

(१) संस्थाको दायित्व प्रति प्रतिकूल नहुने गरी संस्थाले स्वप्रयोजनको लागि अचल सम्पत्ति खरीद तथा पूर्वाधार निर्माण एवं संस्था र सदस्यहरुको हितमा उत्पादन र सेवाको क्षेत्रमा प्राथमिक पूँजी कोष परिचालन गर्न बाधा पर्ने छैन।

(२) यो ऐन प्रारम्भ हुनु अघि कुनै संस्थाले कुनै कम्पनीको शेयर खरिद गरेको भएमा त्यस्तो शेयर यो ऐन प्रारम्भ भएको मितिले एक वर्ष अवधिभित्र हस्तान्तरण गरिसक्नु पर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले यो ऐन प्रारम्भ हुनु अघि दर्ता भएका साना किसानद्वारा प्रवर्द्धित वित्तीय संस्थाको शेयर खरिद गर्न बाधा पर्नेछैन।

(७) संस्थाले शेयर पूँजी कोषको दश गुणासम्म बचत संकलन गर्न सक्नेछ।

(८) संस्थाले दर्ता गर्दाका बखतका सदस्य बाहेक अन्य सदस्यलाई सदस्यता प्राप्त गरेको तीन महिना अवधि व्यतित नभई ऋण लगानी गर्न सक्ने छैन।

**४०. सन्दर्भ व्याजदर सम्बन्धी व्यवस्था:**

(१) संघीय कानून बमोजिम रजिष्ट्रारले बचत तथा ऋणको सन्दर्भ व्याजदर तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको सन्दर्भ ब्याजदर संस्थाका लागि निर्देशक ब्याजदर हुनेछ।

**४१. व्यक्तिगत बचतको सीमा:**संस्थामा सदस्यको व्यक्तिगत बचतको सीमा तीस लाखसम्म हुनेछ।

## परिच्छेद –९

## आर्थिक स्रोत परिचालन

**४२. शेयर बिक्री तथा फिर्ता सम्बन्धी व्यवस्था :**

(१) संस्थाले आफ्नो सदस्यलाई शेयर विक्री गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले एकै सदस्यलाई आफ्नो कुल शेयर पूँजीको बीस प्रतिशत भन्दा बढी हुने गरी शेयर बिक्री गर्न सक्ने छैन। तर नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको संस्था वा निकायको हकमा यो बन्देज लागू हुने छैन।

(३) संस्थाको शेयरको अंकित मूल्य प्रति शेयर एक सय रुपैयाँ हुनेछ।

(४) संस्थाको शेयरपूँजी विनियममा उल्लेख भए बमोजिम हुनेछ ।

(५) संस्थाले खुला बजारमा शेयर बिक्री गर्न पाउने छैन ।

(६) संस्थाको मूलधनको रुपमा रहेको कुनै सदस्यको शेयर सोही संस्थाको ऋण वा दायित्व बाहेक अन्य कुनै ऋण वा दायित्व वापत लिलाम बिक्री गरिने छैन ।

**४३. रकम फिर्ता तथा खाता सञ्चालन सम्बन्धी व्यवस्था :**

(१) कुनै सदस्यले संस्थाको सदस्यता त्याग गरी रकम फिर्ता लिन चाहेमा निजको कुनै दायित्व भए त्यस्तो दायित्व भुक्तान गरेको मितिले एक महिना भित्र निजको बाँकी रकम तोकिए बमोजिम निजलाई फिर्ता गर्नु पर्नेछ ।

(२) कुनै सदस्यले संस्थामा जम्मा गरेको बचत फिर्ता माग गरेमा निजको कुनै दायित्व भए त्यस्तो दायित्व कट्टा गरी बाँकी रकम तोकिए बमोजिम निजलाई फिर्ता गर्नु पर्नेछ ।

(३) संस्थाले बचत खाताहरु मात्र सञ्चालन गर्न सक्नेछ ।

**४४. ऋण वा अनुदान लिन सक्ने:**

(१) संस्थाले विदेशी बैंक वा वित्तीय संस्था वा अन्य निकायबाट ऋण वा अनुदान लिन वा त्यस्तो निकायसँग साझेदारीमा काम गर्न संघीय कानून बमोजिम स्वीकृती लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विदेशी बैंक वा निकायबाट ऋण वा अनुदान लिन स्वीकृतीको लागि तोकिए बमोजिमको विवरणहरु सहित दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा दर्ता गर्ने अधिकारीले गाउँ/नगर कार्यपालिकामा प्रस्ताव पेश गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिमको प्रस्ताव गाउँ/नगर कार्यपालिकाले उपयुक्त देखेमा स्वीकृतीको लागि मन्त्रालयमा सिफारिस गरी पठाउनेछ ।

**४५. नेपाल सरकारको सुरक्षण प्राप्त गर्न सक्ने:**

(१) संस्थाले विदेशी बैंक वा निकायसँग लिने ऋणमा सुरक्षण प्राप्त गर्नुपर्ने भएमा संघीय कानून बमोजिम स्वीकृतिको लागि दर्ता गर्ने अधिकारी समक्ष प्रस्ताव सहित निवेदन दिनुपर्नेछ ।

(२) दफा (१) बमोजिम प्राप्त प्रस्ताव उपयुक्त देखिएमा गाउँ/नगर कार्यपालिकाले संघीय कानून बमोजिम स्वीकृतिको लागि मन्त्रालयमा सिफारिस गरी पठाउनु पर्नेछ ।

## परिच्छेद –१०

## संस्थाको कोष

**४६. संस्थाको कोष :**

(१) संस्थाको कोषमा देहाय बमोजिमको रकम रहनेछ :–

(क) शेयर बिक्रीबाट प्राप्त रकम,

(ख) बचतको रुपमा प्राप्त रकम,

(ग) ऋणको रुपमा प्राप्त रकम,

(घ) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ङ) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघसंस्थाबाट प्राप्त अनुदान वा सहायताको रकम,

(च) व्यवसायिक कार्यबाट आर्जित रकम,

(छ) सदस्यता प्रवेश शुल्क,

(ज) संस्थाको नाममा प्राप्त हुने अन्य जुनसुकै रकम।

**४७. जगेडा कोष :**

(१) संस्थामा एक जगेडा कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहने छन् :–

(क) आर्थिक वर्षको खूद बचत रकमको कम्तीमा पच्चीस प्रतिशत रकम,

(ख) कुनै संस्था, संघ वा निकायले प्रदान गरेको पूँजीगत अनुदान रकम,

(ग) स्थिर सम्पत्ति विक्रीबाट प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (१) बमोजिमको जगेडा कोष अविभाज्य हुनेछ।

**४८. संरक्षित पूँजी फिर्ता कोषः**

(१) संस्थामा एक संरक्षित पूँजी फिर्ता कोष रहनेछ।

(२) दफा ४७ बमोजिमको जगेडा कोषमा सो दफाको उपदफा (२) को खण्ड (क) बमोजिमको रकम छुट्टयाई बाँकी रहेको रकमको कम्तीमा पच्चीस प्रतिशत रकम उपदफा (१) बमोजिमको कोषमा वार्षिक रुपमा जम्मा गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको रकम सदस्यले गरेको संघीय कानूनमा तोकिए बमोजिमको वार्षिक कारोवारको आधारमा सम्बन्धित सदस्यलाई उपलब्ध गराउनु पर्नेछ।

**४९. सहकारी प्रवर्द्धन कोष सम्बन्धी व्यवस्थाः**

(१) संस्थाले सहकारी व्यवसायको प्रवर्द्धन गर्नको लागि दफा ४७ बमोजिम जगेडा कोषमा सो दफाको उपदफा (२) को खण्ड (क) बमोजिमको रकम छुट्टयाई बाँकी रहेको रकमको शून्य दशमलव पाँच प्रतिशतले हुन आउने रकम संघीय कानूनमा व्यवस्था भए बमोजिमको सहकारी प्रवर्द्धन कोषमा वार्षिक रुपमा जम्मा गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको कोषको उपयोग संघीय कानून व्यवस्था भए बमोजिम हुनेछ।

**५०. अन्य कोष सम्बन्धी व्यवस्थाः**

(१) दफा ४६, ४७, ४८ र ४९ मा उल्लिखित कोषका अतिरिक्त संस्थामा सहकारी शिक्षा कोष, शेयर लाभांश कोष लगायत तोकिए बमोजिमका अन्य कोषहरु रहन सक्ने छन्।

(२) उपदफा (१) बमोजिमको कोषको रकम सो कोषको उद्देश्य पूर्तिका लागि विनियममा तोकिए बमोजिम उपयोग गर्न सकिनेछ। तर एक वर्षको शेयर लाभांशको रकम शेयर पूँजीको पन्ध्र प्रतिशतभन्दा बढी हुने छैन।

## परिच्छेद –११

## अभिलेख र सूचना

**५१. अभिलेख राख्नु पर्ने :**

(१) संस्थाले साधारणसभा, समिति तथा लेखा सुपरिवेक्षण समिति बैठकका निर्णय तथा काम कारबाहीको अद्यावधिक अभिलेख सुरक्षित साथ राख्नु पर्नेछ।

(२) संस्थाले कारोवारसँग सम्बन्धित तथा अन्य आवश्यक अभिलेखहरू तोकिए बमोजिम सुरक्षित साथ राख्नु पर्नेछ।

**५२. विवरण उपलब्ध गराउनु पर्ने :**

(१) संस्थाले देहायका विवरणहरू सहितको प्रतिवेदन [६]तोकिएको समय भित्र दर्ता गर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ :–

(क) कारोवारको चौमासिक र वार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन,

---

[६]प्रथम संशोधनद्वारा संशोधित

(ख) वार्षिक कार्यक्रम नीति तथा योजना,

(ग) खुद बचत सम्बन्धी नीति तथा योजना,

(घ) सञ्चालकको नाम तथा बाँकी कार्यावधिको सूची,

(ङ) साधारणसभाको बैठक सम्बन्धी जानकारी,

(च) शेयर सदस्य संख्या र शेयरपूँजी,

(छ) सञ्चालक वा सदस्यले लिएको ऋण तिर्न बाँकी रहेको रकम,

(ज) दर्ता गर्ने अधिकारीले समय समयमा तोकिदिएको अन्य विवरण।

## परिच्छेद – १२

## लेखा र लेखापरीक्षण

**५३. कारोवारको लेखा:** संस्थाको कारोवारको लेखा दोहोरो लेखा प्रणालीमा आधारित र कारोवारको यथार्थ स्थिति स्पष्टरुपमा देखिने गरी संघीय कानून बमोजिम रजिष्ट्रारले लागू गरेको लेखामान (एकाउन्टिङ स्ट्याण्डर्ड) र यस ऐन बमोजिम पालना गर्नुपर्ने अन्य शर्त तथा व्यवस्था बमोजिम राख्नु पर्नेछ।

**५४. लेखापरीक्षण:**

(१) संस्थाले प्रत्येक आर्थिक वर्षको लेखापरीक्षण सो आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त लेखापरीक्षकद्वारा गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र कुनै संस्थाले लेखापरीक्षण नगराएको पाइएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थाको लेखा परीक्षण इजाजतपत्र प्राप्त लेखापरीक्षकबाट गराउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम लेखापरीक्षण गराउँदा लेखापरीक्षकलाई दिनु पर्ने पारिश्रमिक लगायतको रकम सम्बन्धित संस्थाले व्यहोर्नेछ।

(४) उपदफा (१) वा (२) बमोजिम लेखापरीक्षकले गरेको लेखापरीक्षण प्रतिवेदन अनुमोदनको लागि साधारणसभा समक्ष पेश गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम पेश भएको लेखापरीक्षण प्रतिवेदन साधारणसभाबाट अनुमोदन हुन नसकेमा पुनः लेखापरीक्षणको लागि साधारणसभाले दफा ५५ को अधीनमा रही अर्को लेखापरीक्षक नियुक्त गर्नेछ।

**५५. लेखापरीक्षकको नियुक्ति** :

(१) संस्थाको लेखापरीक्षण सम्बन्धी कार्य गर्न प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त लेखापरीक्षकहरू मध्येबाट साधारणसभाले एकजना लेखापरीक्षक नियुक्ति गरी पारिश्रमिक समेत तोक्नेछ।

(२) उपदफा (१) बमोजिम लेखापरीक्षक नियुक्त गर्दा एउटै व्यक्ति, फर्म वा कम्पनीलाई लगातार तीन आर्थिक वर्षभन्दा बढी हुने गरी नियुक्त गर्न सकिने छैन।

(३) [७]उपदफा (१) बमोजिम लेखापरीक्षक नियुक्त गरे पश्चात दर्ता गर्ने अधिकारी समक्ष सोको जानकारी तोकिए बमोजिम गर्नुपर्नेछ।

**५६. लेखापरीक्षकमा नियुक्त हुन नसक्ने :**

(१) देहायका व्यक्ति लेखापरीक्षकमा नियुक्त हुन तथा नियुक्त भई सकेको भए सो पदमा बहाल रहन सक्ने छैन :-

(क) सहकारी संस्थाको सञ्चालक,

(ख) सम्बन्धित संस्थाको सदस्य,

(ग) सहकारी संस्थाको नियमित पारिश्रमिक पाउने गरी नियुक्त सल्लाहकार वा कर्मचारी,

(घ) लेखापरीक्षण सम्बन्धी कसूरमा सजाय पाएको तीन वर्षको अवधि भुक्तान नभएको,

(ङ) दामासाहीमा परेको,

(च) भ्रष्टाचार, ठगी वा नैतिक पतन हुने अन्य फौजदारी कसूरमा सजाय पाएको पाँच वर्ष भुक्तान नभएको,

(छ) सम्बन्धित संस्थासँग स्वार्थ बाझिएको व्यक्ति।

(२) लेखापरीक्षकले आफूनियुक्त हुनुअघि उपदफा (१) बमोजिम अयोग्य नभएको कुराको संस्था समक्ष स्वघोषणा गर्नुपर्नेछ।

(३) कुनै लेखापरीक्षक आफ्नो कार्यकाल समाप्त नहुँदै कुनै संस्थाको लेखापरीक्षण गर्न अयोग्य भएमा वा संस्थाको लेखापरीक्षकको पदमा कायम रहन नसक्ने स्थिति

---

[७]प्रथम संशोधनद्वारा थप

उत्पन्न भएमा निजले लेखापरीक्षण गर्नु पर्ने वा गरिरहेको काम तत्काल रोकी सो कुराको जानकारी लिखित रुपमा संस्थालाई दिनु पर्नेछ ।

(४) यस दफाको प्रतिकूल हुनेगरी नियुक्त भएको लेखापरीक्षकले गरेको लेखापरीक्षण मान्य हुने छैन ।

## परिच्छेद – १३

## छुट, सुविधा र सहुलियत

**५७. छुट, सुविधा र सहुलियत:**

(१) संस्थालाई प्राप्त हुने छुट, सुविधा र सहुलियत संघीय कानून बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा उल्लेखित छुट, सुविधा र सहुलियत बाहेक संस्थालाई प्राप्त हुने अन्य छुट, सुविधा र सहुलियत तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद—१४

## ऋण असुली तथा बाँकी बक्यौता

**५८. ऋण असूल गर्ने:**

(१) कुनै सदस्यले संस्थासँग गरेको ऋण सम्झौता वा शर्त कबुलियतको पालना नगरेमा, लिखतको भाखाभित्र ऋणको सावाँ, ब्याज र हर्जाना चुक्ता नगरेमा वा ऋण लिएको रकम सम्बन्धित काममा नलगाई हिनामिना गरेको देखिएमा त्यस्तो सदस्यले ऋण लिँदा राखेको धितोलाई सम्बन्धित संस्थाले लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी आफ्नो साँवा, ब्याज र हर्जाना असूल उपर गर्न सक्नेछ । धितो सम्बन्धित संस्थाले सकारे पश्चात् पनि ऋणीले साँवा ब्याज दुवै भुक्तानी गरी धितो बापतको सम्पत्ति फिर्ता लिन चाहेमा फिर्ता गर्नुपर्नेछ ।

(२) कुनै सदस्यले संस्थामा राखेको धितो कुनै किसिमले कसैलाई हक छोडिदिएमा वा अन्य कुनै कारणबाट त्यस्तो धितोको मूल्य घट्न गएमा त्यस्तो ऋणीलाई निश्चित म्याद दिई थप धितो सुरक्षण राख्न लगाउन सकिनेछ ।

(३) उपदफा (२) बमोजिम ऋणीले थप धितो नराखेमा वा उपदफा (१) वा (२) बमोजिमको धितोबाट पनि साँवा, ब्याज र हर्जानाको रकम असूल उपर हुन नसकेमा त्यस्तो ऋणीको हक लाग्ने अन्य जायजेथाबाट पनि साँवा, ब्याज र हर्जानाअसूल उपर गर्न सकिनेछ ।

(४) यस दफा बमोजिम साँवा, ब्याज र हर्जना असूल उपर गर्दा लागेको खर्चको रकम तथा असूलउपर भएको साँवा, ब्याज र हर्जानाको रकम कट्टा गरी बाँकी रहन आएको रकम सम्बन्धित ऋणीलाई फिर्ता दिनु पर्नेछ।

(५) यस दफा बमोजिम कुनै संस्थाले ऋणीको धितो वा अन्य जायजेथा लिलाम बिक्री गर्दा लिलाम सकार्ने व्यक्तिको नाममा सो धितो वा जायजेथा प्रचलित कानून बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गर्नको लागि सम्बन्धित कार्यालयमा लेखी पठाउनेछ र सम्बन्धित कार्यालयले पनि सोही बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गरी सोको जानकारी सम्बन्धित संस्थालाई दिनु पर्नेछ।

(६) यस दफा बमोजिम धितो राखेको सम्पत्ति लिलाम बिक्री गर्दा कसैले सकार नगरेमा त्यस्तो सम्पत्ति सम्बन्धित संस्था आफैंले सकार गर्न सक्नेछ।

(७) उपदफा (६) बमोजिम आफैंले सकार गरेमा त्यस्तो सम्पत्ति सम्बन्धित संस्थाको नाममा रजिष्ट्रेशन वा दाखिल खारेज गर्न सम्बन्धित कार्यालयमा लेखी पठाउनेछ र त्यसरी लेखी आएमा सम्बन्धित कार्यालयले सोही बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गरी दिनु पर्नेछ।

**५९. कालो सूची सम्बन्धी व्यवस्था**ः संस्थाबाट ऋण लिई रकमको अपचलन गर्ने वा तोकिएको समयावधि भित्र ऋणको साँवा ब्याज फिर्ता नगर्ने व्यक्तिको नाम नामेशी सहित कालो सूची प्रकाशन सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ।

**६०. कर्जा सूचना केन्द्र सम्बन्धी व्यवस्था:** कर्जा सूचना केन्द्र सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ।

**६१. बाँकी बक्यौता असूल उपर गर्ने :** कसैले संस्थालाई तिर्नु बुझाउनु पर्ने रकम नतिरी बाँकी राखेमा त्यस्तो रकम र सोको ब्याज समेत दर्ता गर्ने अधिकारीले त्यस्तो व्यक्तिको जायजेथाबाट असूल उपर गरिदिन सक्नेछ।

**६२. रोक्का राख्न लेखी पठाउने:**

(१) संस्था वा दर्ता गर्ने अधिकारीले दफा ५८ र ६१ को प्रयोजनको लागि कुनै व्यक्तिको खाता,जायजेथाको स्वामित्व हस्तान्तरण, नामसारी वा बिक्री गर्न नपाउने गरी रोक्का राख्नसम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम रोक्काको लागि लेखी आएमा सम्बन्धित निकायले प्रचलित कानून बमोजिम त्यस्तो व्यक्तिको खाता, जायजेथाको स्वामित्व हस्तान्तरण, नामसारी वा बिक्री गर्न नपाउने गरी रोक्का राख्नराखी दिनु पर्नेछ।

**६३. अग्राधिकार रहने:**कुनै व्यक्तिले संस्थालाई तिर्नु पर्ने ऋण वा अन्य कुनै दायित्व नतिरेमा त्यस्तो व्यक्तिको जायजेथामा नेपाल सरकारको कुनै हक दाबी भए त्यसको लागि रकम छुट्टाई बाँकी रहन आएको रकममा संस्थाको अग्राधिकार रहनेछ।

**६४. कार्यवाही गर्न बाधा नपर्ने:**संस्थाले ऋण असुली गर्ने सम्बन्धमा कुनै व्यक्ति वा सहकारी संस्था उपर चलाएको कुनै कारवाहीका कारणबाट त्यस्तो व्यक्ति वा संस्था उपर यस ऐन तथा प्रचलित कानून बमोजिमको कुनै कसूरमा कारवाही चलाउन रोक लगाएको मानिने छैन।

## परिच्छेद– १५

## एकीकरण, विघटन तथा दर्ता खारेज

**६५. एकीकरण तथा विभाजन सम्बन्धी व्यबस्था:**

(१) यस ऐनको अधिनमा रहीदुई वा दुईभन्दा बढी संस्थाहरु एक आपसमा गाभी एकीकरण गर्न वा एक संस्थालाई भौगोलिक कार्य क्षेत्रको आधारमा दुई वा दुईभन्दा बढी संस्थामा विभाजन गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम एकीकरण वा विभाजन गर्दा सम्बन्धित संस्थाको कुल कायम रहेका सदस्य संख्याको दुई तिहाइ बहुमतबाट निर्णय हुनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम एकीकरण वा विभाजन गर्ने निर्णय गर्दा एकीकरण वा विभाजनका शर्त र कार्यविधि समेत खुलाउनु पर्नेछ।

**६६. विघटन र दर्ता खारेज:**

(१) कुनै संस्थामा देहायको अवस्था विद्यमान भएमा साधारणसभाको तत्काल कायम रहेका दुई तिहाइ बहुमत सदस्यको निर्णयबाट त्यस्तो संस्थाको विघटन गर्ने निर्णय गरी दर्ता खारेजीको स्वीकृतिका लागि समितिले दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिनसक्नेछ :–

(क) विनियममा उल्लिखित उद्देश्य तथा कार्य हासिल गर्न सम्भव नभएमा,

(ख) सदस्यको हित गर्न नसक्ने भएमा।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदनमा छानविन गर्दा त्यस्तो संस्थाको विघटन गर्न उपयुक्त देखिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थाको दर्ता खारेज गर्न सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि दर्ता गर्ने अधिकारीले देहायको अवस्थामा मात्र संस्थाको दर्ता खारेज गर्न सक्नेछ :–

(क) लगातार दुई वर्षसम्म कुनै कारोवार नगरी निष्कृय रहेको पाइएमा,

(ख) कुनै संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली विपरीतको कार्य बारम्बार गरेमा,

(ग) विनियममा उल्लिखित उद्देश्य विपरीत कार्य गरेमा,

(घ) सहकारी मूल्य, मान्यता र सिद्धान्त विपरीत कार्य गरेमा।

(४) उपदफा (२) वा (३) बमोजिम दर्ता खारेज गर्नु अघि दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थालाई सुनुवाईको लागि पन्ध्र दिनकोसमय दिनु पर्नेछ।

(५) उपदफा (२) वा (३) बमोजिम संस्थाको दर्ता खारेज भएमा त्यस्तोसंस्था विघटन भएको मानिनेछ।

(६) उपदफा (२) वा (३) बमोजिम संस्थाको दर्ता खारेजी भएमा त्यस्तो संस्थाको दर्ता प्रमाणपत्र स्वतः रद्द भएको मानिनेछ।

**६७. लिक्वीडेटरको नियुक्ति:**

(१) दफा ६६ बमोजिम कुनै संस्थाको दर्ता खारेज भएमा दर्ता गर्ने अधिकारीले लिक्वीडेटर नियुक्त गर्नेछ।

(२) उपदफामा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संघीय कानूनमा तोकिएको सिमा सम्मको सम्पत्ति भएको संस्थाको हकमा दर्ता गर्ने अधिकारीले कुनै अधिकृतस्तरका कर्मचारीलाई लिक्वीडेटर नियुक्ति गर्न सक्नेछ।

**६८. लिक्वीडेशन पछिको सम्पतिको उपयोग:** कुनै संस्थाको लिक्वीडेशन पश्चात् सबै दायित्व भुक्तान गरी बाँकी रहन गएको सम्पत्तिको उपयोग संघीय कानूनमा तोकिए बमोजिम हुनेछ।

## परिच्छेद –१६

## दर्ता गर्ने अधिकारी

**६९. दर्ता गर्ने अधिकारी:**

(१) यस ऐन अन्तर्गत दर्ता गर्ने अधिकारीले गर्नुपर्ने कार्यहरू फेदीखोला गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ।

(२) उपदफा (१) बमोजिमको दर्ता गर्ने अधिकारीले यस ऐन बमोजिम आफूमा रहेको कुनै वा सम्पूर्ण अधिकार आफु मातहतको अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**७०. काम, कर्तव्य र अधिकार :** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य तथा अधिकारको अतिरिक्त दर्ता गर्ने अधिकारीको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद –१७

## निरीक्षण तथा अनुगमन

**७१. निरीक्षण तथा अभिलेख जाँच गर्ने:**

(१) दर्ता गर्ने अधिकारीले संस्थाको जुनसुकै वखत निरीक्षण तथा अभिलेख परीक्षण गर्न, गराउन सक्नेछ ।

(२) नेपाल राष्ट्र बैंङ्कले जुनसुकै वखत तोकिएको भन्दा बढी आर्थिक कारोवार गर्ने संस्थाको हिसाव किताव वा वित्तीय कारोवारको निरीक्षण वा जाँच गर्न, गराउन सक्नेछ ।

(३) उपदफा (२) को प्रयोजनको लागि नेपाल राष्ट्र बैंकले आफ्ना कुनै अधिकारी वा विशेषज्ञ खटाई आवश्यक विवरण वा सूचनाहरू संस्थाबाट झिकाई निरीक्षण तथा सुपरीवेक्षण गर्न सक्नेछ ।

(४) उपदफा (१) वा (२)बमोजिम निरीक्षण वा हिसाब जाँच गर्दा दर्ता गर्ने अधिकारी वा नेपाल राष्ट्र बैंकको अधिकार प्राप्त अधिकृतले माग गरेको जानकारी सम्बन्धित संस्थाले उपलब्ध गराउनु पर्नेछ ।

(५) उपदफा (१) वा (२) बमोजिम निरीक्षण वा हिसाब जाँच गर्दा कुनै संस्थाको कामकारबाही यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड वा कार्यविधि बमोजिम भएको नपाइएमा दर्ता गर्ने अधिकारी वा नेपाल राष्ट्र बैंकले सम्बन्धित संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु त्यस्तो संस्थाको कर्तव्य हुनेछ ।

(६) नेपाल राष्ट्र बैंकले यस दफा बमोजिम संस्थाको निरीक्षण तथा सुपरीवेक्षण गर्दा नेपाल राष्ट्र बैंकले प्रचलित कानून बमोजिमको अधिकार प्रयोग गर्न सक्नेछ।

(७) यस दफा बमोजिम संस्थाको निरीक्षण तथा सुपरीवेक्षण गर्दा प्राप्त हुन आएको जानकारी नेपाल राष्ट्र बैंकले गाउँ कार्यपालिकालाई उपलब्ध गराउनु पर्नेछ ।

**७२. छानविन गर्न सक्ने :**

(१) कुनै संस्थाको व्यवसायिक कारोवार सन्तोषजनक नभएको, सदस्यको हित विपरीत काम भएको वा सो संस्थाको उद्देश्य विपरीत कार्य गरेको भनी त्यस्तो संस्थाको कम्तीमा बीस प्रतिशत सदस्यले छानविनको लागि निवेदन दिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थाको छानविन गर्न, गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम छानिवन गर्दा माग गरेको विवरण वा कागजात उपलब्ध गराई सहयोग गर्नु सम्बन्धित समितिको कर्तव्य हुनेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम गरिएको छानविनको जानकारी सम्बन्धित संस्थालाई लिखित रुपमा दिनु पर्नेछ ।

**७३. बचत तथा ऋणको कारोवार गर्ने संस्था को निरीक्षण तथा अनुगमन सम्बन्धी विशेष व्यवस्था :**

(१) बचत तथा ऋणको मुख्य कारोवार गर्ने संस्थाले तोकिए बमोजिम अनुगमन प्रणाली अवलम्बन गर्नु पर्नेछ ।

(२) दर्ता गर्ने अधिकारीले बचत तथा ऋणको कारोवार गर्ने संस्थाको तोकिए बमोजिमको अनुगमन प्रणालीमा आधारित भई निरीक्षण तथा अनुगमन गर्नेछ ।

(३) उपदफा (२) बमोजिम संस्थाको निरीक्षण तथा अनुगमन दर्ता गर्ने अधिकारीले आवश्यकता अनुसार नेपाल राष्ट्र बैंक लगायतका अन्य निकायको सहयोग लिन सक्नेछ ।

**७४. वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने :**

(१) दर्ता गर्ने अधिकारीले आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र संस्थाको निरीक्षण सम्बन्धी वार्षिक प्रतिवेदन गाउँ/नगर कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा देहायका विवरणहरू खुलाउनु पर्नेछः–

(क) सञ्चालनमा रहेका संस्थाको विवरण,

(ख) अनुगमन गरिएका संस्थाको संख्या तथा आर्थिक कारोवारको विवरण,

(ग) संस्थामा सहकारी सिद्धान्त र यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, विनियम तथा आन्तरिक कार्यविधिको पालनाको अवस्था,

(घ) संस्थाका सदस्यले प्राप्त गरेको सेवा सुविधाको अवस्था,

(ङ) संस्थाको क्रियाकलापमा सदस्यको सहभागिताको स्तर अनुपात,

(च) संस्थालाई फेदीखोला गाउँपालिकाबाट प्रदान गरिएको वित्तीय अनुदान तथा छुट सुविधाको सदुपयोगिताको अवस्था,

(छ) संस्थाको आर्थिक क्रियाकलाप तथा वित्तीय अवस्था सम्बन्धी तोकिए बमोजिमका विवरण,

(ज) संस्थामा आन्तरिक नियन्त्रण प्रणालीको अवस्था,

(झ) संस्थामा सुशासन तथा जिम्मेवारीको अवस्था,

(ञ) संस्थामा रहेका कोषको विवरण,

(ट) संरक्षित पूँजी फिर्ता कोष वितरणको अवस्था,

(ठ) सहकारीको नीति निर्माणमा सहयोग पुग्ने आवश्यक कुराहरू,

(ड) सहकारी संस्थाको दर्ता, खारेजी तथा विघटन सम्बन्धी विवरण,

(ढ) संस्थाले सञ्चालन गरेको दफा १२ बमोजिमको कारोवार, व्यवसाय, उद्योग वा परियोजनाको विवरण,

(ण) तोकिए बमोजिमका अन्य विवरण।

**७५. आपसी सुरक्षण सेवा सञ्चालन सम्बन्धी व्यवस्थाः** (१) संस्थाले संघीय कानूनमा व्यवस्था भए बमोजिम आफ्ना सदस्यहरुको बालीनाली वा वस्तुभाउमा भएको क्षतिको अंशपूर्ति गर्ने गरी आपसी सुरक्षण सेवा सञ्चालन गर्न सक्नेछ।

**७६. स्थिरीकरण कोष सम्बन्धी व्यवस्थाः** (१) बचत तथा ऋण विषयगत संस्थाहरू सम्भावित जोखिमबाट संरक्षणका लागि संघीय कानूनमा व्यवस्था भए बमोजिम खडा हुने स्थिरीकरण कोषमा सहभागी हुन सक्नेछन्।

## परिच्छेद–१८

## समस्या ग्रस्त संस्थाको व्यवस्थापन

**७७. संस्था समस्या ग्रस्त भएको घोषणा गर्न सकिने:**

(१) यस ऐन बमोजिम गरिएको निरीक्षण वा हिसाब जाँचबाट कुनै संस्थामा देहायको अवस्था विद्यमान रहेको देखिएमा कार्यपालिकाले त्यस्तो संस्थालाई समस्याग्रस्त संस्थाको रुपमा घोषणा गर्न सक्नेछः-

(क) सदस्यको हित विपरीत हुने गरी कुनै कार्य गरेको,

(ख) संस्थाले पूरा गर्नुपर्ने वित्तीय दायित्व पूरा नगरेको वा भुक्तानी गर्नुपर्ने दायित्व भुक्तानी गर्न नसकेको वा भुक्तानी गर्न नसक्ने अवस्था भएको,

(ग) सदस्यहरूको बचत निर्धारित शर्त बमोजिम फिर्ता गर्न नसकेको,

(घ) यस ऐन, यस ऐन अन्तर्गत बनेको नियम तथा विनियम विपरीत हुने गरी संस्था सञ्चालन भएको,

(ङ) संस्था दामासाहीमा पर्न सक्ने अवस्थामा भएको वा उल्लेखनीय रुपमा गम्भीर आर्थिक कठिनाई भोगिरहेको,

(च) कुनै संस्थाले सदस्यको बचत रकम फिर्ता गर्नु पर्ने अवधिमा फिर्ता नगरेको भनी त्यस्तो संस्थाका कम्तीमा बीस प्रतिशत वा बीस जना मध्ये जुन कम हुन्छ सो बराबरका सदस्यहरूले दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिएकोमा छानविन गर्दा खण्ड (क) देखि (ङ) सम्मको कुनै अवस्था विद्यमान भएको देखिएको ।

**(२)** उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम गठन गरेको आयोगले कुनै संस्थालाई समस्या ग्रस्त संस्था घोषणा गर्न सिफारिस गरेमा वा समस्या ग्रस्त भनी पहिचान गरेकोमा वा त्यस्तो आयोगमा परेको उजुरी संख्या, औचित्य समेतको आधारमा कार्यपालिकाले त्यस्तो संस्थालाई समस्या ग्रस्त संस्था घोषणा गर्न सक्नेछ ।

**७८. व्यवस्थापन समितिको गठन:**

**(१)** दफा ७७ बमोजिम समस्या ग्रस्त संस्था घोषणा भएकोमा त्यस्तो संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्यका लागि व्यवस्थापन समितिको गठन गर्न दर्ता गर्ने अधिकारीले कार्यपालिका समक्ष सिफारिस गर्नेछ ।

**(२)** उपदफा (१) बमोजिम सिफारिस भई आएमा कार्यपालिकाले तोकिए बमोजिम व्यवस्थापन समितिको गठन गर्न सक्ने छ ।

**(३)** उपदफा (२) बमोजिम गठित व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद–१९

## कसूर, दण्ड जरिवाना तथा पुनरावेदन

**७९. कसूर गरेको मानिने :** कसैले देहायको कुनै कार्य गरेमा यस ऐन अन्तर्गतको कसूर गरेको मानिनेछ।

(क) दर्ता नगरी वा खारेज भएको संस्था सञ्चालन गरेमा वा कुनै व्यक्ति, फर्म वा कम्पनीले आफ्नो नाममा सहकारी शब्द वा सो शब्दको अंग्रेजी रुपान्तरण राखी कुनै कारोवार, व्यवसाय, सेवा प्रवाह  वा अन्य कुनै कार्य गरेमा,

(ख) सदस्यको बचत यस ऐन र यस ऐन अन्तर्गत बनेको नियम, विनियम बमोजिम बाहेक अन्य कुनै पनि प्रयोजनको लागि प्रयोग गरेमा,

(ग) तोकिएको भन्दा बढी रकम ऋण प्रदान गर्दा जमानत वा सुरक्षण नराखी ऋण प्रदान गरेमा,

(घ) समितिको सदस्य, व्यवस्थापक वा कर्मचारीले संस्थाको सम्पत्ति, बचत वा शेयर रकम हिनामिना गरेमा,

(ङ) ऋण असूल हुन नसक्ने गरी समितिका कुनै सदस्य, निजको नातेदार वा अन्य व्यक्ति वा कर्मचारीलाई ऋण दिई रकम हिनामिना गरेमा,

(च) समितिका कुनै सदस्यले एक्लै वा अन्य सदस्यको मिलोमतोमा संस्थाको शेयर वा बचत रकम आफू खुसी परिचालन गरी संस्थालाई हानी नोक्सानी पुर्‍याएमा,

(छ) झुट्टा वा गलत विवरण पेश गरीकर्जा लिएमा, राखेको धितो कच्चा भएमा वा ऋण हिनामिना गरेमा,

(ज) संस्थाले यस ऐन र यस ऐन अन्तर्गत बनेका नियम, विनियम  विपरित लगानी गरेमा वा लगानी गर्ने उद्देश्यले रकम उठाएमा,

(झ) कृत्रिम व्यवसाय खडा गरी वा गराई ऋण लिएमा वा दिएमा,

(ञ) धितोको अस्वाभाविक रुपमा बढी मूल्याङ्कन गरी ऋण लिएमा वा दिएमा,

(ट) झुट्टा विवरणको आधारमा परियोजनाको लागत अस्वाभाविक रुपमा बढाई बढी ऋण लिएमा वा  दिएमा,

(ठ) कुनै व्यक्ति वा संस्थालाई एक पटक दिइसकेको सुरक्षण रितपूर्वक फुकुवा नभई वा सो सुरक्षणले खामेको मूल्य भन्दा बढी हुने गरी सोही सुरक्षण अन्य संस्थामा राखी पुनः ऋण लिए वा दिएमा,

(ड) संस्थाबाट जुन प्रयोजनको लागि ऋण सुविधा लिएको हो सोही प्रयोजनमा नलगाई अन्यत्र प्रयोग गरे वा गराएमा,

(ढ) संस्थाको कुनै कागजात वा खातामा लेखिएको कुनै कुरा कुनै तरिकाले हटाई वा उडाई अर्कै अर्थ निस्कने व्यहोरा पारी मिलाई लेख्ने वा अर्को भिन्नै श्रेस्ता राख्ने जस्ता काम गरेबाट आफूलाई वा अरु कसैलाई फाइदा वा हानि नोक्सानी गर्ने उद्देश्यले कीर्ते गर्न वा अर्काको हानी नोक्सानी गर्ने उद्देश्यले नगरे वा नभएको झुट्टा कुरा गरे वा भएको हो भनी वा मिति, अङ्क वा व्यहोरा फरक पारी सही छाप गरी गराई कागजात बनाई वा बनाउन लगाई जालसाजी गरे वा गराएमा,

(ण) ऋणको धितो स्वरुप राखिने चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य प्रयोजनको लागि मूल्याङ्कन गर्दा मूल्याङ्कनकर्ताले बढी, कम वा गलत मूल्याङ्कन गरी संस्थालाई हानी नोक्सानी पुऱ्याउने कार्य गरे वा गराएमा,

(त) संस्थालाई हानी नोक्सानी पुऱ्याउने उद्देश्यले कसैले कुनै काम गराउन वा नगराउन, मोलाहिजा गर्न वा गराउन, कुनै किसिमको रकम लिन वा दिन, बिना मूल्य वा कम मूल्यमा कुनै माल, वस्तु वा सेवा लिन वा दिन, दान, दातव्य, उपहार वा चन्दा लिन वा दिन, गलत लिखत तयार गर्न वा गराउन, अनुवाद गर्न वा गराउन वा गैर कानूनी लाभ वा हानीपुऱ्याउने बदनियतले कुनै कार्य गरे वा गराएमा,

(थ) कुनै संस्था वा सोको सदस्य वा बचतकर्ता वा तीमध्ये कसैलाई हानी नोक्सानी पुग्ने गरी लेखा परीक्षण गरे गराएमा वा लेखा परीक्षण गरेको झुट्टो प्रतिवेदन तयार पारेमा वा पार्न लगाएमा ।

**८०. सजायः**

(१) कसैले दफा ७९ को कसूर गरेमा देहाय बमोजिमको सजाय हुनेछ :-

(क) खण्ड (क),(ग),(ड) र (थ)को कसूरमा एक बर्षसम्म कैद र एक लाख रुपैँयासम्म जरिवाना,

(ख) खण्ड (ठ) को कसूरमा दुई वर्षसम्म कैद र दुई लाख रुपैँयासम्म जरिवाना,

(ग) खण्ड (ख) को कसूरमा विगो बराबरको रकम जरिवाना गरी तीन बर्ष सम्म कैद

(घ) खण्ड (घ), (ङ), (च), (छ), (ज), (झ), (ञ), (ट), (ण) र(त) को कसूरमा विगो भराई विगो बमोजिम जरिवाना गरी देहाय बमोजिमको कैद हुनेछ :-

(१) दश लाख रुपैयाँसम्म बिगो भए एक वर्ष सम्म कैद,

(२) दश लाख रुपैयाँभन्दा बढी पचास लाख रुपैयाँसम्म बिगो भए दुई वर्ष देखि तीन वर्ष सम्म कैद,

(३) पचास लाख रुपैयाँभन्दा बढी एककरोड रुपैयाँसम्म बिगो भए तीन वर्ष देखि चार वर्ष सम्म कैद,

(४) एक करोड रुपैयाँभन्दा बढी दश करोड रुपैयासम्म बिगो भए चार वर्ष देखि छ वर्ष सम्म कैद,

(५) दश करोड रुपैंयाँभन्दा बढी एक अर्ब रुपैयाँसम्म बिगो भए छ वर्ष देखि आठ वर्ष सम्म कैद,

(६) एक अर्ब रुपैयाँभन्दा बढी जतिसुकै रुपैयाँ बिगो भए पनि आठ वर्ष देखि दश वर्ष सम्म कैद,

(ङ) खण्ड (ढ) को कसूरमा दश वर्ष सम्म कैद।

(२) दफा ७९ को कसूर गर्न उद्योग गर्ने वा त्यस्तो कसूर गर्न मद्दत पुऱ्याउने व्यक्तिलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ।

(३) दफा ७९ को कसूर गर्ने वा त्यस्तो कसूर गर्न मद्दत पुऱ्याउनु कुनै निकाय संस्था भए त्यस्तो निकाय संस्थाको प्रमुख कार्यकारी वा पदाधिकारी वा कार्यकारी हैसियतमा कार्य सम्पादन गर्ने व्यक्तिलाई यस ऐन बमोजिम हुने सजाय हुनेछ।

**८१. जरिवाना हुने :**

(१) दफा ८७ बमोजिम कसैको उजूरी परी वा संस्थाको निरीक्षण अनुगमन वा हिसाब किताबको जाँच गर्दा वा अन्य कुनै व्यहोराबाट कसैले देहायको कुनै कार्य गरेको पाइएमा दर्ता गर्ने अधिकारीले त्यस्तो कार्यको प्रकृति र गाम्भीर्यको आधारमा त्यस्तो कार्य गर्ने व्यक्तिलाई पाँच लाख रुपैँयासम्म जरिवाना गर्नेछ :-

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम विपरीत सदस्यसँग ब्याज लिएमा,

(ख) संस्थाले प्रदान गर्ने बचत र ऋणको ब्याजदरबीचको अन्तर छ प्रतिशतभन्दा बढी कायम गरेमा,

(ग) संस्थाले प्रदान गरेको ऋणमा लाग्ने ब्याजलाई मूल कर्जामा पूँजीकृत गरी सोको आधारमा ब्याज लगाएमा,

(घ) कुनै सदस्यलाई आफ्नो पूँजीकोषको तोकिए बमोजिमको प्रतिशतभन्दा बढी हुने गरी ऋण प्रदान गरेमा,

(ङ) संस्था दर्ता गर्दाका बखतका सदस्य बाहेक अन्य सदस्यलाई सदस्यता प्राप्त गरेको तीन महिना अवधि व्यतित नभई ऋण लगानी गरेमा,

(च) प्राथमिक पूँजी कोषको दश गुणा भन्दा बढी हुने गरी बचत संकलन गरेमा,

(छ) शेयर पूँजीको पन्ध्र प्रतिशत भन्दा बढी शेयर लाभांश वितरण गरेमा,

(ज) संस्थाले आफ्नो कार्यक्षेत्र बाहिर गई कारोवार गरेमा वा गैर सदस्यसंग कारोवार गरेमा,

(झ) संस्थाले यो ऐन विपरीत कृत्रिम व्यक्तिलाई आफ्नो सदस्यता दिएमा।

(२) उपदफा (१)मा लेखिएको व्यहोराबाट कसैले देहायको कुनै कार्य गरेको दर्ता गर्ने अधिकारीले त्यस्तो कार्यको प्रकृति र गाम्भीर्यको आधारमा त्यस्तो कार्य गर्ने व्यक्तिलाई तीन लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछः-

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम दिएको कुनै निर्देशन वा तोकिएको मापदण्डको पालना नगरेमा,

(ख) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम दिनुपर्ने कुनै विवरण, कागजात, प्रतिवेदन, सूचना वा जानकारी नदिएमा,

(ग) यस ऐन बमोजिम निर्वाचन नगरी समिति तथा लेखा सुपरीवेक्षण समितिका पदाधिकारीहरु आफू खुशी परिवर्तन गरेमा

(घ) कुनै संस्थाले दफा ६ को उपदफा (४) बमोजिमको तोकिएको शर्त पालन नगरेमा,

यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरित अन्य कार्य गरेमा।

(३) उपदफा (१) वा (२) बमोजिमको जरिवाना गर्नु अघि दर्ता गर्ने अधिकारीले सम्बन्धित व्यक्ति वा संस्थालाई सफाई पेश गर्न कम्तीमा पन्ध्र दिनको समयावधि दिनु पर्नेछ।

**८२. रोक्का राख्ने :**

(१) दर्ता गर्ने अधिकारीले सम्बन्धित संस्थालाई दफा ८१ बमोजिम जरिवाना गर्नुका अतिरिक्त तीन महिना सम्म त्यस्तो संस्थाको कारोवार, सम्पति तथा बैंक खाता रोक्का राख्ने तथा सम्पत्ति रोक्का राख्न सम्बन्धित निकायलाई सिफारिस गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सिफारिस प्राप्त भएमा त्यस्तो संस्थाको कारोवार, सम्पति वा बैंक खाता रोक्का राखी सोको जानकारी दर्ता गर्ने अधिकारीलाई दिनु पर्नेछ।

**८३. दोब्बर जरिवाना हुने:**

(१) दफा ८१ बमोजिम जरिवाना भएको व्यक्ति वा संस्थाले पुन: सोही कसूर गरेमा त्यस्तो व्यक्ति वा संस्थालाई दर्ता गर्ने अधिकारीले दोस्रो पटक देखि प्रत्येक पटकको लागि दोब्बर जरिवाना गर्नेछ।

**८४. अनुसन्धानको लागि लेखी पठाउन सक्ने :** दर्ता गर्ने अधिकारी वा नेपाल राष्ट्र बैंकले यस ऐन बमोजिम आफ्नो काम, कर्तव्य र अधिकारको पालना गर्दा कसैले दफा ७९ बमोजिमको कसूर गरेको थाहा पाएमा त्यस्तो कसूरका सम्बन्धमा यस ऐन बमोजिम अनुसन्धान गर्नको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

**८५. मुद्दा सम्बन्धी व्यवस्था:** दफा ८० बमोजिम सजाय हुने कसूरको मुद्दा सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ।

**८६. मुद्दा हेर्ने अधिकारी:** दफा ८० बमोजिमको सजाय हुने कसूर सम्बन्धी मुद्दाको कारवाही र किनारा जिल्ला अदालतबाट हुनेछ।

**८७. उजूरी दिने हदम्याद :**

(१) कसैले दफा ८० बमोजिमको सजाय हुने कसूर गरेको वा गर्न लागेको थाहा पाउने व्यक्तिले त्यसरी थाहा पाएको मितिले नब्बे दिनभित्र दर्ता गर्ने अधिकारी समक्ष उजूरी दिनु पर्नेछ।

(२) [८]कसैले दफा ८१ बमोजिम जरिवाना हुने कार्य गरेको थाहा पाउने व्यक्तिले त्यसरी थाहा पाएको मितिले नब्बे दिन भित्र दर्ता गर्ने अधिकारी समक्ष उजूरी दिनुपर्नेछ।

**[९]८८. पुनरावेदन गर्न सक्ने :**

(१) दफा ६ वा ७ बमोजिम संस्था दर्ता गर्न अस्विकार गरेको वा दफा ६६ को उपदफा (३) बमोजिम संस्था दर्ता खारेज गरेकोमा चित्त नबुझ्नेले सो निर्णयको जानकारी पाएको मितिले पैंतिस दिन भित्र दर्ता गर्ने अधिकारीको निर्णय उपर कार्यपालिका समक्ष पुनरावेदन गर्न सक्नेछ।

---

[८]प्रथम संशोधनद्वारा संशोधित

[९]प्रथम संशोधनद्वारा संशोधित

(२) दफा ८१ बमोजिमको जरिवानामा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र देहाय बमोजिम पुनरावेदन गर्न सक्नेछ:

(क) दर्ता गर्ने अधिकारी र कार्यपालिकाले गरेको निर्णय उपर सम्बन्धित जिल्ला अदालतमा,

(ख) नेपाल राष्ट्र बैंकले गरेको निर्णय उपर सम्बन्धित उच्च अदालतमा।

**९३. असूल उपर गरिने :** यस परिच्छेद बमोजिम कुनै व्यक्तिले तिर्नु पर्ने जरिवाना वा कुनै रकम नतिरी बाँकी रहेकोमा त्यस्तो जरिवाना वा रकम निजबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ।

## परिच्छेद–२०

## विविध

**९४. मताधिकारको प्रयोग :** कुनै सदस्यले संस्थाको जतिसुकै शेयर खरिद गरेको भए तापनि सम्बन्धित संस्थाको कार्य सञ्चालनमा एक सदस्य एक मतको आधारमा आफ्नो मताधिकारको प्रयोग गर्न सक्नेछ।

**९५. सामाजिक परीक्षण गराउन सक्ने :**

(१) संस्थाले विनियममा उल्लिखित उद्देश्य प्राप्त गर्नका लागि समितिबाट भएका निर्णय र कार्य, सदस्यहरूले प्राप्त गरेका सेवा र सन्तुष्टीको स्तर, सेवा प्राप्तिबाट सदस्यहरूको जीवनस्तरमा आएको आर्थिक, सामाजिक, सांस्कृतिक तथा वातावरणीय पक्षमा सकारात्मक परिवर्तन लगायतका विषयमा सामाजिक परीक्षण गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम भएको सामाजिक परीक्षणको प्रतिवेदन छलफलको लागि समितिले साधारणसभा समक्ष पेश गर्नेछ।

(३) उपदफा (२) बमोजिम पेश भएको सामाजिक परीक्षण प्रतिवेदन छलफल गरी साधारणसभाले आवश्यकता अनुसार समितिलाई निर्देशन दिन सक्नेछ।

(४) यस दफा बमोजिमको सामाजिक परीक्षण प्रतिवेदनको एक प्रति सम्बन्धित संस्थाले दर्ता गर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ।

**९६. सहकारी शिक्षा:** सहकारी क्षेत्रको प्रवर्धनको लागि विद्यालय तहको पाठयक्रममा आधारभूत सहकारी सम्बन्धी विषयवस्तुलाई समावेश गर्न सकिनेछ।

**९७. आर्थिक सहयोग गर्न नहुने:** संस्थाको रकमबाट समितिको निर्णय बमोजिम सदस्यहरुले आर्थिक सहयोग लिन सक्नेछन् तर सामाजिक कार्यको लागि गैर सदस्य व्यक्ति वा संस्थाहरुलाई समेत आर्थिक सहयोग गर्न बाधा पर्ने छैन।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि 'सामाजिक कार्य' भन्नाले शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण, मानवीय सहायता, सहकारिता प्रबर्द्धन सम्बन्धि कार्यलाई जनाउँछ ।

**९८. अन्तर सहकारी कारोवार गर्न सक्ने**: संस्थाहरुले तोकिए बमोजिम एक आपसमा अन्तर सहकारी कारोवार गर्न सक्नेछन् ।

**९९. ठेक्कापट्टा दिन नहुने:** संस्थाले आफ्नो समितिको कुनै सञ्चालक वा लेखा सुपरीवेक्षण समितिको संयोजक वा सदस्य वा आफ्नो कर्मचारीलाई ठेक्कापट्टा दिन हुँदैन ।

**१००. सरकारी बाँकी सरह असूल उपर हुने:** कुनै संस्थाले प्राप्त गरेको सरकारी अनुदान वा कुनै सेवा सुविधा दुरुपयोग गरेको पाइएमा प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

**१०१. कम्पनी सम्बन्धी प्रचलित ऐन लागू नहुने :** यस ऐन अन्तर्गत दर्ता भएको संस्थाको हकमा कम्पनी सम्बन्धी प्रचलित ऐन लागू हुने छैन ।

**१०२. प्रचलित कानून बमोजिम कारवाही गर्न बाधा नपर्ने :** यस ऐनमा लेखिएको कुनै कुराले कुनै व्यक्ति उपर प्रचलित कानून बमोजिम अदालतमा मुद्दा चलाउन बाधा पुऱ्याएको मानिने छैन ।

**१०३. सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी कानुनी व्यवस्थाको पालना गर्नुपर्ने**:संस्थाले सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी संघीय प्रदेश कानूनमा भएका व्यवस्थाका साथै तत् सम्बन्धमा मन्त्रालयले जारी गरेको मापदण्ड र नेपाल राष्ट्र बैंकको वित्तीय जानकारी एकाईबाट जारी भएका निर्देशिकाहरूको पालना गर्नुपर्नेछ ।

**१०४. नियम बनाउनेअधिकार:** यस ऐनको कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

**१०५. मापदण्ड, निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्ने:**

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेकोनियमको अधीनमा रही संस्थाको दर्ता, सञ्चालन, निरीक्षण तथा अनुगमन लगायतका काम कारवाहीलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न कार्यपालिकाले आवश्यकता अनुसार मापदण्ड, निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको मापदण्ड बनाउँदा आवश्यकता अनुसार रजिष्ट्रार, नेपाल राष्ट्र बैंक,मन्त्रालय र सम्बन्धित अन्य निकायको परामर्श लिन सकिनेछ ।

# अनुसूची १
## दर्ता दरखास्तको नमुना

मिति : २०.................

श्री दर्ता गर्ने अधिकारी ज्यू,

....................... गाउँ कार्यपालिकाको कार्यालय ................

विषय : सहकारी संस्थाको दर्ता ।

महोदय,

हामी देहायका व्यक्तिहरू देहायका कुरा खोली देहायको संस्था दर्ता गरी पाउन निवेदन गर्दछौँ उद्देश्यअनुरूप संस्थाले तत्काल गर्ने कार्यहरूको योजना प्रस्तावित संस्थाको विनियम दुई प्रति यसै साथ संलग्न राखी पेस गरेका छौँ।

**संस्था सम्बन्धी विवरण**

(क) प्रस्तावित संस्थाको नाम :-

(ख) ठेगाना :-

(ग) उद्देश्य :-

(घ) मुख्य कार्य :-

(ङ) कार्यक्षेत्र :-

(च) दायित्व :-

(छ) सदस्य सङ्ख्या :-

(१) महिला ........ जना

(२) पुरुष ......... जना

(ज) प्राप्त सेयरपुँजीको रकमः- रु. ....

(झ) प्राप्त प्रवेश शुल्कको रकम :- रु. .....

# अनुसूची २

## संस्था दर्ता प्रमाण-पत्रको नमुना

....... गाउँ कार्यपालिकाको कार्यालय ........

**सहकारी दर्ता प्रमाण-पत्र**

दर्ता नं. :

...................................गाउँपालिका सहकारी ऐन, ................. को दफा ........... बमोजिम श्री .....................................................लाई सीमित दायित्व भएको संस्थामा दर्ता गरी स्वीकृत विनियम सहित यो प्रमाण-पत्र प्रदान गएकिो छ

वर्गीकरण : ...................................

दर्ता गरेको मिति :

दस्तखत :

दर्ता गर्ने अधिकारीको नाम :

कार्यालयको छाप :

# फेदीखोला गाउँपालिकाको शिक्षा ऐन, २०७४

प्रमाणिकरण मिति : २०७४।१२।२१
प्रकाशित मिति : २०७५।१।१२
फेदीखोला गाउँपालिकाको शिक्षा (पहिलो संशोधन) ऐन २०७७ : २०७७।३।१७

**प्रस्तावना**:

प्रत्येक नागरिकमा सहिष्णुता, सदाचार, नैतिकता र मानवीय मूल्यको प्रवर्धन गरी सङ्घीय लोकतन्त्रको संस्थागत विकास, मुलुकको समृद्धि र जनहितका लागि स्थानीय, राष्ट्रिय र विश्वव्यापी आवश्यकतामा आधारित प्रतिस्पर्धी जनशक्ति तयार गर्न यस स्थानीय तहको क्षेत्रभित्र स्थापना हुने तथा स्थापना भई सञ्चालन रहेका विद्यालय तथा शैक्षिक निकायहरुको व्यवस्थापन गर्न बाञ्छनीय भएकोले, "नेपालको संविधान २०७२ को धारा २२१, अनुसुची ८ को सूची नं. ८" तथा "स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम फेदीखोला गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-एक
## प्रारम्भिक

**१. सङ्क्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम **"स्थानीय शिक्षा ऐन, २०७४"** रहेको छ ।

(२) यो ऐन फेदीखोला गाउँपालिका भर लागु हुनेछ ।

(३) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस- ऐनमा,**

(क) **"ऐन"** भन्नाले फेदीखोला गाउँपालिकाको शिक्षा ऐनलाई सम्झनु पर्छ ।

(ख) **"कार्यपालिका"** भन्नाले फेदीखोला गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) **"कोष"** भन्नाले दफा ४० वमोजिम विद्यालय सञ्चालनका लागि खडा गरिएको संचित कोषलाई सम्झनु पर्छ ।

(घ) **"गाउँपालिका"** भन्नाले फेदीखोला गाउँ कार्यपालिकालाई सम्झनुपर्छ।

(ङ) **"गाउँ सभा"** भन्नाले फेदीखोला गाउँपालिकाको गाउँ सभालाई सम्झनुपर्छ ।

(च) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(छ) **"बाल शिक्षा केन्द्र"** भन्नाले चार वर्ष उमेर पुरा भई पाँच बर्ष उमेर पुरा नगरेका बालबालिकाको लागि खोलिएको प्रारम्भिक बाल शिक्षा

केन्द्र, नर्सरी, के.जी., मन्टेश्वरी आदि सम्झनु पर्छ ।

(ज) **"आधारभूत शिक्षा"** भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठ सम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(झ) **"माध्यमिक शिक्षा"** भन्नाले कक्षा नौदेखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(ञ) **"विद्यालय शिक्षा"** भन्नाले आधारभूत, माध्यमिक र दुवै शिक्षा सम्झनु पर्छ ।

(ट) **"प्राविधिक तथा व्यावसायिक शिक्षा"** भन्नाले प्राविधिक ज्ञान, सीप तथा विषयवस्तुमा आधारित प्रविधि र व्यवसाय उन्मुख शिक्षा प्रदान गर्न कक्षा नौदेखि कक्षा बाह्रसम्म अध्यापन गराइने प्राविधिक र व्यापसायिक शिक्षालाई सम्झनु पर्छ ।

(ठ) **"सामुदायिक विद्यालय"** भन्नाले नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी समुदायको पहलमा स्थापना भई अनुमति वा स्वीकृति प्राप्त मुनाफारहित विद्यालय सम्झनु पर्छ ।

(ड) **"व्यवस्थापन समिति"** भन्नाले दफा १९* बमोजिम गठन हुने विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ढ) **"शिक्षा अधिकृत"** भन्नाले गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको प्रमुख वा शाखाका प्रमुखको हैसियतमा कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।*

(ण) **"शिक्षा, युवा तथा खेलकुद शाखा"** भन्नाले गाउँपालिकामा शिक्षा, युवा तथा खेलकुद शाखा हेर्ने विभाग र शाखा वा ईकाईलाई सम्झनु पर्छ ।*

(त) **"शैक्षिक गुठी"** भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

(थ) **"गाउँ शिक्षा समिति"** भन्नाले यस ऐन बमोजिम गठित दफा १६ बमोजिमको गाउँ शिक्षा समितिलाई जनाउनेछ ।

## परिच्छेद- दुई
## शिक्षाको प्रकार, विद्यालयको वर्गीकरण, अनुमति, स्वीकृति, समायोजन तथा नियमन

---
* पहिलो संशोधन, २०७७

**३. विद्यालयको तह २ प्रकारका हुने छन्  :**

(क) माध्यमिक तह : कक्षा १२ अध्यापन हुने तह

(ख) आधारभूत तह : कक्षा ८ सम्म अध्ययन अध्यापन हुने तह हुनेछ, आधारभूत तहभित्र कक्षा ५ सम्म अध्यापन हुने विद्यालयलाई प्राथमिक तह र बाल विकास केन्द्र अन्तर्गत वाल हेरचाह केन्द्र, मन्टेश्वरी, किन्डर गार्डेनहरु रहनेछन् ।

**४. माध्यामिक शिक्षाको प्रकारः माध्यमिक तहको शिक्षामा देहायका प्रकारका हुनेछन ।**

(क) साधारण माध्यमिक शिक्षा

(ख) संस्कृत माध्यमिक शिक्षा

(ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा ।

**५. शिक्षाको माध्यमः**

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अङ्ग्रेजी भाषा वा दुबै भाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछ :

(क) गाउँपालिकाले तोकेको निश्चित सङ्ख्याका विद्यार्थी सङ्ख्या पुगेमा आधारभूत (कक्षा ५) सम्म मातृभाषामा शिक्षा दिन सकिनेछ,

(ख) गैर नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ ।

(ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ ।

**६. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था :**

गाउँपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

**७. विद्यालयको वर्गीकरणः विद्यालयको सम्पत्ति र स्रोत साधन लगानीका आधारमा निम्नानुसार वर्गीकरण गरिनेछ**

क) सामुदायिक विद्यालय

ख) संस्थागत विद्यालय

ग) गुठी विद्यालय

## ८. विद्यालय सञ्चालन गर्न अनुमति लिनुपर्नेः

(१) कुनै नेपाली नागरिकहरुको समुदायले सामुदायिक विद्यालय वा नेपाली नागरिकले शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई वडा समितिको सिफारिस सहित गाउँपालिका प्रमुख समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर शिक्षा शाखाबाट आवश्यक जाँचबुझ गर्दा निर्धारित मापदण्ड पुरा भई विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा शिक्षा समितिको सिफारिसमा गाउँपालिका प्रमुखले अनुमति दिन सक्नेछन् ।

(३) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न गाउँपालिका प्रमुख समक्ष निवेदन दिन दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम निवेदन परेमा शिक्षा शाखाले सो निवेदन उपर १५ दिन भित्र आवश्यक जाँचबुझ शिक्षा समितिमा राय सहित आवेदन पेस गर्ने छ र माग बमोजिम सञ्चलन विद्यालय गर्न शिक्षा समितिको सिफारिसमा गाउँपालिका प्रमुखले पुनः अनुमति तथा स्वीकृति दिनेछ ।

५) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदद्धारा तर्जुमा गरिएको प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षा (टि-एस.इ.ई) सञ्चालनका लागि कुनै सामुदायिक माध्यमिक विद्यालयले आवेदन गरेमा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँपालिका प्रमुखले अनुमति प्रदान गर्न सक्नेछ । तर अनुमति दिनु अघि परिषदद्धारा तोकिएको मापदण्ड जाँचबुझ र एकिन गर्ने कार्य गाउँ शिक्षा समितिले गर्नुपर्ने छ ।

(६) उपदफा (२), (३) वा (५) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहाय अनुसार विद्यालयलाई विद्यालय शैक्षिक गुठीको रूपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइने छैनः-

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

(ख) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दानदातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय ।

(७) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नुपर्नेछ- :

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) सङ्गठित संस्थाको रूपमा हुनुपर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा पाँचजना र निजी गुठी भए कम्तीमा तीन जना सदस्य हुनुपर्ने,

(ग) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखा परीक्षकबाट लेखापरीक्षण गराएको हुनुपर्ने,

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रूपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्ने छ । तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा गाउँपालिकाको स्वीकृति लिनु पर्नेछ ।

(८) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा गाउँपालिका प्रमुख समक्ष आवेदन दिनु पर्ने छ । गाउँ कार्यपालिकाबाट सो को स्वीकृति लिई शैक्षिक गुठी अन्तर्गत विद्यालय स्थापना र सञ्चालन गर्न सक्नेछ ।

(९) उपदफा (८) बमोजिम सञ्चालित विद्यालयले पालना गर्नु पर्ने सर्त तथा अन्य व्यवस्था गाउँ शिक्षा समितिले तोके बमोजिम हुनेछन् ।

(१०) माथिल्ला उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन ।

^

(११)यस अघि दर्ता भएका विद्यालय सम्वन्धी व्यवस्था : (१) माथि जेसुकै उल्लेख भएतापनि यस अघि नियमानुसार दर्ता र सञ्चालनमा रहेका विद्यालयहरु यसै ऐन बमोजिम सञ्चालन भएका मानिनेछन । तर यस अघि सञ्चालनमा भएका विद्यालयले शिक्षा शाखाले तोकेको ढाँचामा विवरण र कागजपत्र पेश गर्नु पर्नेछ ।

**९. धरौटी राख्नु पर्नेः संस्थागत विद्यालय खोल्ने अनुमति लिँदा विद्यालय सञ्चालनको संरक्षण बापत देहाय बमोजिमको रकम धरौटीको रूपमा राख्नु पर्नेछ :**

(क) माध्यमिक विद्यालयको लागि पाँच लाख रूपैयाँ,

(ख) आधारभूत विद्यालयको लागि दुई लाख पचास हजार रूपैयाँ,

(ग) प्राथमिक विद्यालयको लागि एक लाख पचास हजार रूपैयाँ,

(घ) पुर्व बाल शिक्षाको लागि एक लाख रुपैयाँ ।

तर, विशेष आवश्यकता भएका विद्यार्थीका लागि वा सिमान्तकृत वा विपन्नहरुका लागि विद्यालय खोल्दा कार्यापालिकाले धरौटी छुट दिन सक्नेछ । सो छुटको अधिकार गाउँपालिका बोर्डमा केन्द्रित रहनेछ ।

**१०. धरौटी रकम जम्मा गरिने (१:) विद्यालयले दफा ९ बमोजिमको धरौटी बापतको रकम विद्यालयको नाममा विद्यालय प्रधानाध्यापक र गाउँपालिकाको लेखा प्रमुखको संयुक्त दस्तखत धरौटी खाता खोली जम्मा गर्नुपर्ने छ ।**

**११. सार्वजनिक शैक्षिक गुठी तथा नेपाल सरकारले अनुदान दिने निजामति, सैनिक, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र शहीद प्रतिष्ठानद्वारा सञ्चालित विद्यालयहरुले समेत पाठ्यक्रम परीक्षा, अनुगमन संयन्त्र र शैक्षिक क्यालेन्डर यसै ऐन वमोजिम पालना गर्नुपर्ने छ ।**

**१२. गाउँपालिकाले कुनै विद्यालयसँगको सहकार्यमा वा शिक्षा केन्द्रको स्थापना र सञ्चालन गर्न साथै थप व्यवस्था गर्न सक्नेछ ।**

**१३. वाल गृहको सञ्चालनः गाउँपालिका आफैले वा कुनै व्यक्ति वा संस्थाले वाल गृह सञ्चालन गर्न पाउनेछ । गृह सञ्चालनको लागि आवश्यक प्रक्रिया गाउँ शिक्षा समितिले तोके बमोजिम हुनेछ। व्यक्तिले सञ्चालन गर्ने बालगृहको कार्यविधि नियमावलीले तोके बमोजिम हुनेछ।**

**१४. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेः गाउँपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाई समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ। यस्तो केन्द्र सामुदायिक पुस्तकालय र वाचनालय सञ्चालन गर्न सक्नेछ।**

**१५. गाउँपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने :**

(१) गाउँपालिकाले तोकिएको मापदण्ड बमोजिम हाल सञ्चालन भइरहेका ३० मिनेटको पैदल दुरीमा रहेका कुनै आधारभूत तहसम्मको विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न दुई वा दुई भन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालय बन्द गर्न सक्नेछ।

(२) विद्यालयको नाम परिवर्तन गर्नुपरेमा नाम परिवर्तन गर्नुपर्ने उपयुक्त कारण सहित तोकिएको विवरण र ढाँचामा गाउँ शिक्षा समिति मार्फत गाउँपालिकामा स्वीकृतिका लागि पेस गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम पेस हुन आएको निवेदन उपर गाउँ शिक्षा समितिको सिफारिसमा गाउँपालिकाले नाम परिवर्तनको स्वीकृति दिन सक्नेछ।

४) विद्यालयको नाम राख्दा वा परिवर्तन गर्दा कुनै व्यक्ति विशेषको नाम, धार्मिक तथा जातिगत विशेष झल्किने प्रकारको नाम राख्न पाइने छैन । तर शैक्षिक क्षेत्रमा योगदान पुऱ्याउने व्यक्तिहरुको नाममा विद्यालयको नामाकरण गर्न सकिनेछ। यसरी नामाकरण गर्दा माध्यमिक तहको हकमा कम्तिमा ५०,००,००० (पचास लाख रुपैया मात्र), आधारभूत तहको हकमा कम्तिमा ३०,००,००० (तीस लाख रुपैया मात्र) रुपैया प्रदान गरेमा व्यक्तिको नाममा विद्यालयको नाम परिवर्तन गर्न बाधा पुगेको मानिने छैन ।

(५) गाउँ कार्यपालिकाले कार्यविधि बनाई निजी विद्यालयलाई सामुदायिक विद्यालयमा गाभ्न सकिनेछ ।*

* पहिलो संशोधन, २०७७ थप

## परिच्छेद : ३
# शिक्षा सम्बन्धी संरचनागत गाउँ व्यवस्था

**१६. गाउँ शिक्षा समिति सम्बन्धी व्यवस्थाः**

(१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालय तथा शैक्षिक निकायहरुको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय बमोजिमको गाउँ शिक्षा समिति रहनेछ :

(क) गाउँपालिका अध्यक्ष - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) गाउँ कार्यपालिकाका महिला वा दलित समेत २ जना सदस्यहरु - सदस्य

(घ) सामुदायिक विद्यालयको प्रधानध्यापकहरुमध्येबाट प्रत्येक वर्ष परिवर्तन हुने गरी समितिले तोकेको एक जना प्रधानध्यापक - सदस्य

(ङ) संस्थागत विद्यालयहरुको प्रतिनिधिमुलक संस्था मध्येवाट प्रत्येक वर्ष परिवर्तन हुने गरी प्रमुख/अध्यक्षले तोकेको प्रतिनिधि एक जना - सदस्य

(च) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुमध्येबाट समितिबाट मनोनित एक जना - सदस्य

छ) ✂ ....

(ज) शिक्षा अधिकृत - सदस्य-सचिव

(झ) ✂ ....

(ञ) ✂ ....

(ट) ✂ ....

---

✂ पहिलो संशोधन, २०७७ हटाइएको

(२) समितिको बैंठक सञ्चालन प्रकृया, बैंठक भत्ता तथा सेवा सुविधा गाउँ कार्यपालिकाबाट तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) अनुसार नियुक्त सदस्यले पदीय आचरण पुरा नगरेमा गाउँ कार्यपालिकाले जुनसुकै समयमा पनि हटाउन सक्नेछ । तर त्यसरी हटाउन वा बर्खास्त गर्नु अघि मनासिब माफिकको स्पष्टीकरणको मौकावाट वञ्चित गरिने छैन ।

(४) गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) आफ्नो कार्य क्षेत्रभित्रको शैक्षिक योजना तयार गर्ने ।

(ख) गाउँपालिका क्षेत्रभित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति, विद्यालय सार्ने, गाभ्न सम्बन्धी गाउँपालिकालाई आवश्यक राय प्रदान गर्ने ।

(ग) विद्यालयहरुलाई आर्थिक अनुदान सम्वन्धी आवश्यक स्रोतको खोजी गर्ने ।

(घ) आफ्नो क्षेत्र भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने ।

(ङ) विद्यालयहरुको लेखा परीक्षकको नियुक्ति र पारिश्रमिक तोक्न ।

(च) गाउँपालिका क्षेत्र भित्र स्थापना भएका आफ्नो स्रोतमा सञ्चालित सामुदायिक विद्यालयहरुको शिक्षकका सेवा, सुविधा र सर्तहरु स्वीकृत गर्ने ।

(छ) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजग बनाउने ।

(ज) शिक्षाको गुणस्तर कायम राख्ने सूचकहरु विकास गर्ने र तिनको मूल्याङ्कन गर्ने ।

(झ) शैक्षिक गुठीसँग गर्ने सम्झौताका सर्तहरु निर्धारण गर्ने ।

(ञ) शैक्षिक संस्था र शिक्षासंग आबद्ध शिक्षक कर्मचारीहरुलाई कामको आधारमा आवश्यक प्रोत्साहन, नसियत, दण्ड, कारवाही गर्ने गराउने ।

(ट) विशेषज्ञहरुको छनौट गरेर सूची प्रकाशन गर्ने ।

^

(ठ) संस्थागत विद्यालय सञ्चालनको मापदण्ड बनाउने, सञ्चालनको स्वीकृति र अनुमतिको लागि गाउँपालिकालाई आवश्यक राय सुझाव प्रदान गर्ने । साथै संस्थागत विद्यालयलाई नियमन गर्ने ।

(ड) विद्यालय गाभ्ने, सार्ने नाम परिवर्तन गर्ने, तह थप गर्ने, नीति तर्जुमा गरी गाउँ पालिकामा पेस गने ।

(ढ) सामुदायिक सिकाई केन्द्र स्थापना र सञ्चालन सम्बन्धी नीति तर्जुमा गर्ने ।

(ण) आवश्यकता अनुसार दिवा खाजा व्यवस्थापन गर्ने ।

(त) विद्यालय बाहिर रहेका बालबालिका पहिचान गरी सबैका लागि शिक्षा सुनिश्चित हुने प्रबन्ध गर्ने ।

(थ) विद्यालयमा पठनपाठनको अधिकतम प्रवन्ध हुने गरी शैक्षिक तालिका (क्यालेन्डर) बनाई लागु गर्ने गराउने ।

(द) शिक्षक तालिम नीति तर्जुमा गरी लागु गर्ने ।

(ध) गाउँ कार्यपालिकालाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने ।

(न) शैक्षिक सूचना प्रणाली स्थापना गरी सबै विद्यार्थी, शिक्षक र शिक्षासँग सम्बन्धित तथ्याङ्कहरु राख्ने ।

(प) शिक्षामा सबै बालबालिकाको पहुँच, गुणस्तरमा सुधार र संरक्षणका पक्षहरुलाई ग्यारेण्टी गर्न आवश्यक नीति, नियम तथा कार्यक्रमहरु सञ्चालन गर्ने ।

(फ) शिक्षकहरुको सरुवाको लागि सिफारिस गर्ने ।

(ब) बालगृहहरुको अनुगमन गर्ने ।

(भ) गा.पा. क्षेत्रभित्र सञ्चालनमा रहेका विभिन्न प्रकृतिका शैक्षिक संस्थाहरु जस्तै (भाषा, शिक्षण, कम्प्युटर शिक्षण, होस्टेल, टियुसन, कोचिङ्ग सेन्टर, ब्युटी पार्लर आदिको अनुगमन गर्ने ।

(म) गाउँ शिक्षा समितिले विद्यालयमा तहगत, कक्षागत तथा विषयगत र शिक्षक विद्यार्थी अनुपातका आधारमा बढी दरवन्दी भएको विद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा दरवन्दी मिलानका लागि गाउँ कार्यपालिका समक्ष सिफारिस गर्न सक्ने छ ।

^

**१७. गाउँपालिका अन्तर्गतका शिक्षा सम्बन्धी कार्यक्रम व्यवस्थापन गर्ने र शैक्षिक प्रशासन सञ्चालन गर्ने एक जना शिक्षा अधिकृत रहनेछन् । निजको काम कर्तव्य र अधिकार निम्नानुसार हुनेछ :**

(१) गाउँ स्तरीय शिक्षा योजना तर्जुमा गरी गाउँ कार्यपालिकामा पेश गर्ने ।

(२) गाउँपालिका तथा गाउँ शिक्षा समितिबाट शिक्षा तथा शैक्षिक विकासका लागि पारित नीति तथा कार्यक्रमको कार्यान्वयन गर्ने तथा प्राप्त निर्देशन पालना गर्ने ।

(३) विद्यालय तथा शैक्षिक निकायहरुको अनुगमन तथा सुपरिबेक्षण गर्ने, गराउने

(४) गाउँ कार्यपालिका, गाउँ शिक्षा समिति र प्रमुख प्रशासकीय अधिकृतलाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने ।

(५) शिक्षकहरुको कार्य सम्पादन मूल्याङ्कन गर्ने ।

(६) गाउँपालिका शिक्षा समितिको सदस्य सचिवको भूमिकामा निर्वाह गर्ने ।

(७) शिक्षा अधिकृतको अन्य काम कर्तव्य र अधिकार गाउँ सभाले तोकिए बमोजिम हुनेछ ।

(८) गाउँपालिका कार्य क्षेत्र भित्रका विद्यालयहरुमा रित्त दरबन्दीका सम्बन्धमा गाउँपालिका प्रमुख तथा गाउँसफालाई जानकारी गराउने ।

**१८. वडा शिक्षा समिति सम्बन्धी व्यवस्थाः**

(१) वडा स्तरमा देहाय बमोजिमको वडा शिक्षा समिति गठन गर्न सकिने छः

(क) सम्बन्धित वडाको वडाध्यक्ष वा वडा समितिले तोकेको समितिको सदस्य* - संयोजक

(ख) वडा समितिका सदस्यहरुमध्ये वडा समितिले तोकेको एक जना सदस्य

(ग) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुमध्ये वडा समितिले तोकेको एक जना सदस्य सदस्य

(घ) विद्यालयका प्रधानाध्यापकमध्येबाट प्रत्येक वर्ष परिवर्तन हुने गरी वडा शिक्षा समितिले तोकेको एक जना सदस्य*

(ङ) वडा भित्रका शिक्षाप्रेमीहरु मध्येबाट वडा समितिले तेकेको २ जना सदस्य

* पहिलो संशोधन, २०७७

(च) सम्बन्धित वडाका वडा सचिव सदस्य सचिव

(छ) वडाभित्र स्थापना हुन लागेका शिक्षण संस्थाहरुका सम्बन्धमा वडा तहबाट सिफारिस गर्ने ।

(२) वडा शिक्षा समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) आफ्नो वडाको शैक्षिक अभिबृद्धिका लागि योजना तर्जुमा र समन्वय गर्ने ।

(ख) आफ्नो क्षेत्र भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने ।

(ग) अभिभावक र शिक्षक वीच विवाद भएमा त्यसको समाधान गर्ने ।

(घ) आफ्ना वडाभित्र सञ्चालनमा रहेका शिक्षण संस्थाहरुको अनुगम रेखदेख गर्ने ।

(ङ) वडा शिक्षा समितिले आफ्नो बैठक सञ्चालन तथा कार्यविधि आफैले निर्धारण गर्नेछ ।

(च) गाउँ शिक्षा समितिले तोके बमोजिम हुने ।

(छ)* विद्यालय व्यवस्थापन समिति गठन गर्न वडा शिक्षा समितिले सहजीकरण गर्नेछ ।

(ज)* गाउँपालिका भित्र शिक्षक सरुवा गर्न, पुरस्कृत गर्न र आचरण कार्य नगरेमा दण्ड गर्न गाउँ शिक्षा समितिलाई सिफारिस गर्ने ।

## १९. विद्यालय व्यवस्थापन समिति :

(१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः-

(क) समितिका सदस्यहरूले (ख) (✂) (घ) र (ङ) मध्येबाट छानेको व्यक्ति वा वडा समितिका सदस्यहरु मध्येबाट छनोट भएको सदस्य* -अध्यक्ष

(ख) अभिभावकहरु मध्येबाट छानिएका कम्तीमा दुई महिला सहित चारजना -सदस्य

(ग) विद्यालय रहेको वडा अध्यक्ष वा वडा समितिले तोकेका जनप्रतिनिधिहरुमध्येबाट एकजना -सदस्य

(घ) विद्यालयका संस्थापक, बुद्धिजिवी, जग्गादाताहरु, चन्दादाताहरू

* पहिलो संशोधन, २०७७ थप

मध्येबाट वडा समितिले मनोनित गरेको एकजना महिला सहित दुईजना -सदस्य

(ङ) स्थानीय शिक्षाप्रेमीमध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एकजना महिला सहित २ जना -सदस्य

(च) विद्यालयको प्रधानाध्यापक - सदस्य-सचिव

(छ) शिक्षक प्रतिनिधि - सदस्य

(पुनश्चः बाल क्लवहरुको तर्फबाट १ जना बालक वा बालिकालाई आमन्त्रित सदस्यको रुपमा अनिवार्य सहभागिता गराउनु पर्नेछ ।

*छनोट भएका सदस्यहरु अध्यक्ष चयन गर्न नसकेमा प्रधानाध्यापकले उम्मेद्वारी दिइएका ३ जना सम्मको नामावली गाउँ शिक्षा समितिमा पठाउने र गाउँ शिक्षा समितिले अध्यक्ष छनोट गरी पठाउन सक्नेछ ।)

(२) उपदफा (१) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा गाउँ शिक्षा समितिले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि वा समिति बिघटन गर्नुअघि आफ्नो सफाई पेस गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(३) विद्यालयलाई शान्ति क्षेत्र र बालमैत्री विद्यालयको रुपमा विकास गर्न तोकिएको सूचकहरु पुरा गर्न आवश्यक कार्य गर्नु व्यवस्थापन समितिको दायित्व हुनेछ ।

(४) सामुदायिक विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने । विद्यालयको शैक्षिक गुणस्तर विकासका लागि आफ्ना यो जना, कार्यक्रम तय गरी लागू गर्ने ।

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने ।

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने ।

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी गाउँपालिकालाई दिने ।

* पहिलो संशोधन, २०७७ थप

(ङ) विद्यालयमा शिक्षक, कर्मचारी र विद्यार्थीको पोसाकको कार्यान्वयन गर्ने ।

(च) स्वीकृत दरबन्दी अनुसारका शिक्षकहरुको खोजी गरी काममा लगाउने तथा गाउँपालिकावाट स्वीकृत दरबन्दीमा कर्मचारीको व्यवस्थापन गर्ने ।

(छ) गाउँ शिक्षा समितिबाट तोकिएको रजिष्टर्ड लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने ।

(झ) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन गाउँ शिक्षा समितिमा पेस गर्ने ।

(ञ) तोकिए बमोजिमका क्षेत्रसँग सम्बन्धित गाउँपालिका र गाउँ शिक्षा समितिले दिएको निर्देशनहरूको पालना गर्ने ।

ट) प्रचलित कानुन र नियम पालना नगर्ने शिक्षक कर्मचारीलाई विभागीय कारवाहीका लागि सिफारिस गर्ने।

(ठ) विद्यालय शिक्षा एकै समयमा सञ्चालन गर्ने प्रबन्ध मिलाउने ।

(ड) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

(५) विद्यालय व्यवस्थापन समितिले आफ्नो कार्यविधि आफैँ बनाउन सक्ने छ ।

**२०) शिक्षक अभिभावक सङ्घः सबै विद्यालयमा शिक्षक र अभिभावकहरु रहेका एक शिक्षक अभिभावक सङ्घ रहनेछ । यस सम्बन्धी कार्यविधि गाउँ शिक्षा समितिले तय गरे बमोजिम हुनेछ ।**

## परिच्छेद ४
## विद्यालय तहको शिक्षक तथा कर्मचारीको दरवन्दी, सेवा सर्त र योग्यता

**२१. गाउँपालिकाले शिक्षकको दरवन्दी निर्धारण गर्नेः**

(१) गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुमा आवश्यक पर्ने शिक्षकहरुको दरवन्दी निर्धारण गाउँपालिकाले गर्नेछ ।

(२) गाउँपालिकाले शिक्षकको दरवन्दी निर्धारणगर्दा विद्यालयमा अध्ययन गर्ने विद्यार्थी सङ्ख्या र विषयका आधारमा राष्ट्रिय वा प्रादेशिक

(३) उपदफा (१) बमोजिमका दरवन्दीमा नियुक्ति भएका शिक्षकको व्यक्तिगत फाइल खडा गरी गाउँपालिकाले राख्नु पर्नेछ ।

**२२. शिक्षकको सेवा सर्त, योग्यता र सक्षमताः शिक्षकको सेवा सर्त, योग्यता संघीय तथा प्रदेश शिक्षा ऐन बमोजिम हुनेछ । तर गाउँपालिकाको आन्तरिक स्रोतबाट सेवा सुविधा प्राप्त गर्ने गरी नियुक्त शिक्षकको हकमा गाउँपालिका निर्णय गरे बमोजिम हुनेछ ।**

**२३. शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्थाः**

(१) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालयको व्यवस्थापन समितिले कारबाहीका लागि गाउँपालिकामा सिफारिस गर्नेछः-

(क) बिना सूचना लगातार सात दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ख) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(घ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा,

(ङ) शिक्षक वा कर्मचारी राजनीतिक दलको कुनै पनि तहको कार्यसमितिमा रहेको पाइएमा,

(च) निजले अध्यापन गरेको विषयमा ३ बर्षको औषत शैक्षिक उपलब्धि ४०% अर्थात (G.P.A. १.६) भन्दा कम भएमा ।

(२) उपदफा (१) बमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने एथेष्ट प्रमाण प्राप्त भएमा गाउँपालिकाले निजलाई पदबाट हटाउन सक्नेछ । तर कार्यरत पदबाट हटाउनु अघि मनासिव माफिकको स्पष्टीकरणको मौका भने प्रदान गर्नेछ ।

## परिच्छेद ५
## शिक्षक तथा विद्यालय कर्मचारीको नियुक्ति, सरुवा, बढुवा, तालिम

**२४. शिक्षकको नियुक्तिः**

(१) विद्यालयमा कायम भएको रिक्त दरबन्दीमा शिक्षक नियुक्तिको व्यवस्था गर्न देहाय बमोजिमको एक छनौट समिति हनेछ :

(क) गाउँपालिकाको शिक्षा अधिकृत – संयोजक
(ख) सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सदस्य – सदस्य
(ग) विषयगत रोष्टर मध्येबाट गाउँ शिक्षा समितिको संयोजकले तोकेको विषय विज्ञ एक जना – सदस्य
(घ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक –सचिव
(ङ) सम्बन्धित वडाका वडा अध्यक्ष –सदस्य

२) समितिको आफ्नो कार्यविधि गाउँ शिक्षा समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**२५. प्रधानाध्यापक सम्बन्धी व्यवस्थाः**

(१) सामुदायिक विद्यालयमा एक प्रधानाध्यापक रहनेछ ।

(२) प्रधानाध्यापकको नियुक्ति व्यवस्था देहाय बमोजिम हुनेछ :

(क) माध्यमिक तहमा प्रधानाध्यापक हुन स्नातकोत्तर उपाधि प्राप्त स्थायी शिक्षक हुनु पर्नेछ । सो नभएमा स्नातकोत्तर तहको योग्यता प्राप्त शिक्षकमध्येबाट जेष्ठ शिक्षक वा विषयगत विज्ञ शिक्षकलाई विद्यालय व्यवस्थापन समितिको सिफारिसमा गाउँ शिक्षा समितिबाट प्रधानाध्यापक नियुक्ति गरिनेछ ।

(ख) आधारभूत तहमा प्रधानाध्यापक हुन स्नातक उपाधि प्राप्त स्थायी शिक्षक हुनु पर्नेछ । सो नभएमा स्नातक योग्यता प्राप्त शिक्षकमध्येबाट विद्यालय व्यवस्थापन समितिको सिफारिसमा गाउँ शिक्षा समितिबाट प्रधानाध्यापक नियुक्ति गरिनेछ ।

(ग) प्रधानाध्यकपले नियुक्ति हुनु पूर्व ३ बर्षे विद्यालय सुधारको कार्ययोजना विद्यालय व्यवस्थापन समिति समक्ष पेस गर्नु पर्नेछ । कार्ययोजना पेस गर्न नसकेमा निकटतम ज्येष्ठ उम्मेदवार वा बिषयगत विज्ञ अन्य शिक्षकलाई सिफारिस गरिनेछ । यसरी सिफारिस हुने सदस्यले पनि विद्यालय सुधारको कार्ययोजना पेश गर्नुपर्नेछ ।

(घ) प्रधानाध्यापकको अवधि ३ बर्षको हुनेछ । निज बढीमा २ कार्यकाल मात्र सो पदमा वहाल रहन पाउनेछ ।

^

(ङ) विद्यालयको व्यवस्थापकीय नेतृत्व तथा शैक्षिक प्राविधिक नेतृत्व गरी विद्यालयको बृहत्तर हित गर्नु प्रधानाध्यापकको कर्तव्य हुनेछ ।

(च) निजले पेस गरेको कार्ययोजना बमोजिम कार्य गरेको नपाईएमा गाउँ शिक्षा समितिले हटाउन सक्नेछ तर एक पटक स्पष्टीकरणको मौका दिइनेछ ।

## २६. शिक्षकको सरुवाः

(१) कुनै एक विद्यालयमा अधिकतम ५ वर्ष सेवा गरेका स्थायी शिक्षकलाई गाउँ शिक्षा समितिको सिफारिसमा अर्को विद्यालयमा सरुवा गर्न सक्नेछ । यसरी सरुवा गर्दा अर्को विद्यालयको छनोट सम्वन्धित शिक्षकको रोजाई र प्राथमिकतामा हुने छ तर सो विद्यालयमा विषयको दरवन्दी खाली हुनुपर्ने छ ।

(२) दफा १ बमोजिम सेवा गरेका शिक्षक नभएमा न्यूनतम २ वर्ष एकै विद्यालयमा अध्यापन गरेका शिक्षकले अर्को विद्यालयमा सरुवा हुन चाहेमा गाउँ शिक्षा समितिमा सरुवाका लागि निवेदन दिन सक्नेछन् । यसरी प्राप्त निवेदनका आधारमा गाउँ शिक्षा समितिले आफ्नो क्षेत्रभित्रका दरवन्दी उपलब्ध भएका र सम्वन्धित विद्यालय व्यवस्थापन समितिले सहमति प्रदान गरेको विद्यालयमा सरुवा गर्न सक्नेछ ।

(३) विशेष अवस्थामा बाहेक शिक्षकको सरुवा शैक्षिक सत्रको सुरु वा अन्त्यमा मात्र गरिनेछ। विशेष अवस्था भन्नाले निज सो विद्यालयमा रहन नसक्ने, विषयगत दरवन्दी आवश्यक नरहेको, स्वास्थ्य समस्या, पतिपत्नी सगैँ रही सेवा गर्न पाउने अवस्था वा अन्य चित्त बुझ्दो कारण समेतलाई बुझ्नुपर्ने छ ।

(४) अस्थायी/करार तथा राहत शिक्षकलाई आवश्यकता र औचित्यताको आधारमा सम्बन्धित वडा शिक्षा समितिको सिफारिसमा गाँउ शिक्षा समितिले सरुवा गर्न सक्नेछ ।

(५) गाउँ शिक्षा समितिको सिफारिसमा कुनैपनि शिक्षकलाई काज सरुवा गर्न सकिनेछ ।

^

**२७. दरवन्दी मिलानः यसका लागि शिक्षक कम भएका विद्यालय, विद्यालय नै नभएको क्षेत्र तथा पिछडिएका र ग्रामीण क्षेत्रलाई प्राथमिकता दिइनेछ ।**

**२८. शिक्षकको बढुवा सम्बन्धी व्यवस्थाः हाल स्थायी रुपमा सेवारत शिक्षकको बढुवा सम्बन्धी व्यवस्था नेपाल सरकारबाट लागू भएको सङ्घीय कानुन बमोजिम हुनेछ । स्थानीय तहबाट नियुक्ति पाएका करार शिक्षककहरुको बढुवा हुनेछैन् ।**

**२९. शिक्षकलाई अन्य काममा लगाउन नहुने :**

(१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठनपाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, दैवी प्रकोप उद्धार वा स्थानीय सरकार र गाउँपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

(३) नेपाल सरकार तथा सङ्घीय शिक्षा ऐनले गरेको व्यवस्थाको हकमा सोही बमोजिम हुनेछ ।

**३०. कार्यसम्पादन करार सम्झौता गर्नुपर्नेः शिक्षालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्यसम्पादन करार सम्झौंताको प्रक्रिया अवलम्बन गर्नुपर्नेछ ।**

(१) गाउँपालिका अध्यक्षको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले शिक्षा शाखा हेर्ने अधिकृतसँग, शिक्षा अधिकृतले सबै विद्यालयका प्रधानाध्यापकसँग, प्रधानाध्यापकले आफ्ना मातहतका सबै शिक्षकहरुसँग प्रत्येक वर्ष सम्पादन करार सम्झौता गर्नुपर्ने छ ।

(२) कार्य सम्पादन करार सम्झौता १ वर्षको हुने छ । सम्झौता अनुसार काम भए नभएको मूल्याङ्कन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा कार्यपालिका समक्ष पेस गर्नुपर्ने छ ।

(३) वार्षिक कार्यसम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य गाउँ शिक्षा समितिले तयार पारी गाउँ कार्यपालिकामा पेस गर्नु पर्नेछ ।

### ३१. कार्य सम्पादन मूल्याङ्कन र सजाय तथा पुरस्कार

(१) कार्यसम्पादन करार भएका शिक्षक तथा कर्मचारीहरुको कार्यसम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरी कार्यसम्पादनमा राम्रो नतिजा हासिल गर्ने शिक्षक तथा कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने शिक्षक कर्मचारीलाई दण्डित गर्नु पर्दछ ।

(२) कार्यसम्पादन सम्झौताको मूल्याङ्कन, पुरस्कार र सजाय कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद ६
## सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन

### ३२. विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड निर्धारण

(१) विद्यालयमा विद्यार्थी सङ्ख्याअनुसार कक्षाकोठा, खेल मैदान कम्पाउन्ड, घेराबार, बालमैत्री बसाइ व्यवस्था, वातावरण मैत्री हाता, करेसाबारी, फूलबारी, स्वच्छ पिउने पानी, छात्र छात्राका लागि अलग अलग शौचालय तथा सिकाइ मैत्री वातावरण हुनु पर्नेछ ।

२) विद्यालयको स्तरअनुसार भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड तोकिए बमोजिम हुनेछ ।

३) प्राविधिक तथा व्यवसायिक शिक्षा प्रदान गर्ने विद्यालय तथा विज्ञान मूल विषय पठनपाठन हुने विद्यालयमा प्रयोगशाला तथा प्रयोगात्मक अभ्यासको थप सुविधा हुनु पर्ने छ ।

### ३३. विद्यालयको सम्पत्तिः

(१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको

वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाउँपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा बहाल, लिज वा ठेक्कामा लगाई गरी प्राप्त भएको रकम सम्बन्धित गाउँपालिका शिक्षा कोषमा जम्मा गर्नेछ । त्यस्ता विद्यालय क्षेत्रको चल अचल सम्पत्ति गाउँपालिका आफैले प्रयोग गर्न सक्नेछ ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहने छ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(३) कम्पनी ऐन अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ । कम्पनी खारेज भएमा सो सम्पत्ति स्वत गाउँपालिकाको हुनेछ ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा सङ्घ संस्थासँग दान दातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँ पालिकाको अनुमति लिनु पर्नेछ ।

## ३४. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन

(१) विद्यालय खारेज वा अन्यत्र गाभिई विद्यालयको काममा प्रयोग नहुने सम्पत्ति गाउँपालिकाले भोग चलन गर्न सक्ने छ ।

(२) विद्यालयको सम्पत्तिको अभिलेख दुरुस्त राख्ने, संरक्षण तथा व्यवस्थापन गर्ने दायित्व सो विद्यालयको व्यवस्थापन समितिको रहने छ ।

(३) सामुदायिक विद्यालयको जग्गाको संरक्षण र व्यवस्थापन गर्ने कर्तव्य गाउँपालिकाको हुनेछ ।

## ३५. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तकः

(१) विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड अनुरुप सिकाइ उपलब्धि हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ ।

विद्यालयले नेपाल सरकारले तोकेको मापदण्डभित्र रही प्रादेशिक तथा स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्न सक्नेछ ।

(२) विद्यालयलाई आवश्यक पर्ने पाठयपुस्तकहरुको सङ्ख्या सम्बन्धित विद्यालयले तोकिएको समय सीमाभित्र गाउँ शिक्षा समितिमा माग गर्नुपर्नेछ ।

(३) गाउँ शिक्षा समितिले शैक्षिक सत्र शुरु हुनु अगावै सम्बन्धित निकायहरुमा समन्वय गरी पाठ्यपुस्तकको प्रबन्ध गर्नेछ ।

(४) आधारभूत तहसम्मको शिक्षाका लागि स्थानीय आवश्यकतामा आधारित बढीमा १०० पूर्णाङ्क वा ४ क्रेडिट आवर बराबरको स्थानीय थप विषयको स्थानीय पाठ्यक्रम प्रयोगमा ल्याउन सक्नेछ । यसको लागि पाठ्य पुस्तक स्थापन समितिले निर्णय गरी लागु गर्न सक्नेछ ।

५) हरेक विद्यालयमा शैक्षिक स्तरको न्यूनतम मापदण्ड तोकी शिक्षक विद्यार्थी सहकार्यमा आधारित पाठ्ध्यसामग्री, थप स्वाध्ययन सामग्री, पुस्तकालय, मनोविमर्श, अभिभावक शिक्षाको प्रवन्ध हुनु पर्नेछ ।

**३६. अतिरिक्त शैक्षिक क्रियाकलाप : विद्यालयले पाठ्यक्रममा आधारित सिकाइमा सहजता ल्याउन अतिरिक्त शैक्षिक क्रियाकलापहरु बालक्लव, तथा वातावरण मैत्री क्लवहरु गठन, परियोजना कार्य, अध्ययन भ्रमण, पोषण शिक्षा, खेलकुद प्रतियोगिता, साहित्यिक तथा बहुप्रतिभामूखी क्रियाकलापहरु सञ्चालन गर्न सक्नेछ ।**

## परिच्छेदः ७
## संस्थागत विद्यालयको अनुमति, मापदण्ड निर्धारण, अनुगमन र नियमन

**३७. संस्थागत विद्यालय सञ्चालन गर्न तोकिए बमोजिम अनुमति वा स्वीकृति लिनु पर्नेछ ।**

**३८. संस्थागत विद्यालयको व्यवस्थापन समिति**

(१) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः-

(क) विद्यालयको संस्थापक वा लगानीकर्तामध्येबाट गाउँ कार्यपालिकाबाट मनोनित - अध्यक्ष

(ख) अभिभावकमध्येबाट कम्तीमा एक महिला सहित दुई जना -सदस्य

(ग) स्थानीय शिक्षाप्रेमी वा समाजसेवीमध्येबाट गाउँ शिक्षा समितिबाट मनोनित एक -सदस्य

(घ) सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक वा स्रोत व्यक्ति - सदस्य

(ङ) सम्बन्धित विद्यालयका शिक्षकहरूले आफूहरूमध्येबाट छानी पठाएको एक जना -सदस्य

(च) वार्ड शिक्षा समितिको संयोजक वा निजले तोकेको वार्ड शिक्षा समितिको सदस्य -सदस्य

(छ) विद्यालयको प्रधानाध्यापक - सदस्य-सचिव

(२) उपदफा (१) को (क) (ख) र (ग) बमोजिम छानिएका अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

## ३९. संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार

१) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(ग) नेपाल सरकार र गाउँपालिकाले तोके बमोजिमको पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गर्ने गराउने,

(घ) प्रचलित कानुन बमोजिम योग्यता पुरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने,

(ङ) शिक्षक तथा कर्मचारीको न्यूनतम तलब, सेवा सुविधा तोक्ने, विद्यालयको शैक्षिक गुणस्तर विकासका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्ने,

(च) अनुशासनहीन शिक्षक उपर कारबाही गर्ने,

(छ) कानुनमा उल्लेखित व्यवस्थाका अतिरिक्त गाउँपालिकाबाट जारी शिक्षाक्षेत्रसँग सम्बन्धित सवै नीति, नियम तथा निर्देशनहरूको पालना गर्ने;

(२) शैक्षिक गुठीअन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४०. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने :**

(१) संस्थागत विद्यालयले गाउँ शिक्षा समितिले सिफारिस गरी पठाएका विद्यालयमा भर्ना भएका कूल विद्यार्थी सङ्ख्याको दश प्रतिशतमा नघटने गरी तोकिए बमोजिम आर्थिक रुपमा विपन्न, अपाङ्गता भएकाहरु, जेहेन्दार, महिला, दलित विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ । छात्रवृत्ति वितरणको लिखित प्रतिवेदन वडा समिति र गाउँपालिक शिक्षा शाखा समक्ष बुझाउनु पर्नेछ ।

(२) संस्थागत विद्यालयले निःशुल्क छात्रवृत्तिका लागि विद्यालयको सूचना पार्टीमा सूचना प्रकाशन गरी आवेदन माग गर्नुपर्नेछ ।

(३) छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको छनौटको लागि आधार, सर्त र प्रक्रिया विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई सार्वजनिक समेत गर्नु पर्नेछ र समितिले छात्रवृत्तिको लागि छनौट नतिजा आधार सहित सार्वजनिक गर्नु पर्नेछ ।

(४) उपदफा ३ बमोजिम छात्रवृत्ति प्राप्त गरेका विद्यालयहरुको नाम सहितको विवरण गाउँशिक्षा समिति, शिक्षा शाखामा पठाउनु पर्नेछ ।

**४१ शिक्षकको न्यूनतम पारिश्रमिक र पूर्वाधारको मापदण्ड तोक्नेः गाउँ शिक्षा समितिले संस्थागत विद्यालयका शिक्षकहरुको न्यूनतम पारिश्रमिक र न्यूनतम पूर्वाधारको मापदण्ड तोक्न सक्नेछ र शिक्षकहरुको पारिश्रमिक भुक्तानी सम्बन्धित शिक्षकको बैङक खातामार्फत गरी सोको मासिक प्रतिवेदन गाउँ शिक्षा समितिमा पेस गर्नुपर्नेछ ।**

**४२. अनुगमन तथा मूल्याङ्कन**

संस्थागत विद्यालयको गुणस्तर कायम राख्न गाउँपालिका वा गाउँ शिक्षा समितिले समय-समयमा जुनसुकै अनुगमन गर्न, निर्देशन दिन सक्नेछ । यस्तो निर्देशन कार्यान्वयन गर्नु संस्थागत विद्यालयको दायित्व हुनेछ ।

**४३. अनुमति वा स्वीकृति रद्द गर्ने : कुनै संस्थागत विद्यालयले कानुन र नियम विपरीत कुनै काम गरे गाउँपालिकाले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति रद्द गर्न सक्नेछ । तर अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेस गर्ने मौकाबाट बञ्चित गरिने छैन ।**

## परिच्छेदः ८
## परीक्षा सञ्चालन तथा गुणस्तर मापन

**४४. गाउँपालिका क्षेत्रभित्र पर्ने विद्यालयहरुमा परीक्षा सञ्चालन तथा समन्वयको लागि देहायको एक परीक्षा सञ्चालन तथा समन्वय समिति रहनेछ ।**

(क) गाउँ शिक्षा समितिको अध्यक्ष - अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) प्रमुख, सम्वन्धित स्थानीय तहमा रहेको प्रहरी कार्यालय - सदस्य

(घ) शिक्षा अधिकृत - सदस्य-सचिव

(१) परीक्षा सञ्चालन तथा समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) स्थानीय तहको क्षेत्रधिकार बाहिरको शैक्षिक तहको परीक्षा सञ्चालन गर्न सम्वन्धित निकायवाट भएको व्यवस्था वमोजिम समितिले सहजीकरण र समन्वय गर्नेछ ।

(३) कक्षा ५ र कक्षा ८ को परीक्षा सञ्चालन कार्यपालिकाबाट स्वीकृत मापदण्ड वमोजिम समितिले गर्नेछ । यसका लागि सम्वन्धित कक्षाका विद्यार्थीहरुबाट परीक्षामा लाग्ने खर्च प्राप्त गर्न परीक्षा शुल्क लिन सक्नेछ ।

(४) उपदफा २ र ३ वाहेकको कक्षाहरुको परीक्षा प्रधानाध्यापकले गर्नुहुनेछ ।

## परिच्छेदः ९
## विद्यालयलाई दिइने अनुदान, लेखा व्यवस्थापन र शुल्क नियमन

**४५. विद्यालय कोषः (१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहाय बमोजिमका स्रोतवाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछ:-**

(क) नेपाल सरकार, प्रादेशिक सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,

(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम र

(घ) अन्य स्रोतबाट प्राप्त अन्य रकम ।

**४६. अनुदानको व्यवस्था :**

(१) यो ऐन प्रारम्भ हुँदाका बखत दिँदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको शुल्कको आधारमा गाउँपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ। तर कुनै विद्यालयले तोकिएको शैक्षिक स्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिँइदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न सकिनेछ ।

(२) सामुदायिक विद्यालयहरुलाई तोकिए बमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ ।

(३) गाउँपालिकाले बाल विकास केन्द्रलाई तोकिए बमोजिमको अनुदान दिन सक्नेछ ।

**४७. बजेट तयार गर्ने : प्रधानाध्यापकले प्रत्येक वर्षको चैत्र मसान्त भित्र आगामी वर्षको बजेट तयार गरी व्यवस्थापन समितिबाट स्वीकृत गराई त्यसको एक प्रति शिक्षा शाखामा समयमा पठाउनु पर्नेछ ।**

**४८. लेखा व्यवस्थापन :**

(१) सबै विद्यालयहरुले प्रचलित कानून अनुसारको ढाँचामा आय व्ययको लेखा व्यवस्थापन गर्नुपर्ने छ ।

२) नियमित कारोबारको लेखा राख्न बेग्लै व्यवस्था गरी कुनै कर्मचारी वा शिक्षकलाई जिम्मेवारी दिनु पर्नेछ ।

**४९. सामुदायिक विद्यालयको खाता सञ्चालन**

(१) विद्यालयले आर्थिक कारोबार राष्ट्र बैङ्कको वर्गिकरणमा 'क' वर्गको बैङ्क मार्फत गर्नुपर्नेछ ।

(२) विद्यालयको खाता सञ्चालन प्रधानाध्यापक र लेखा हेर्ने कर्मचारीको संयुक्त दस्तखतबाट सञ्चालन गर्नुपर्नेछ ।

**५०. लेखा परीक्षण तथा सामाजिक परीक्षण**

(१) सबै विद्यालयहरुले नियमित रुपमा आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिकभित्र गाउँ शिक्षा समितिले तोकेको रजिस्ट्रार्ड लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्नेछ ।

(२) लेखा परीक्षण प्रतिवेदन लेखा परीक्षण समाप्त भएको १५ दिन भित्र गाउँ शिक्षा समितिमार्फत गाउँपालिकामा पेस गर्नुपर्नेछ ।

(३) प्रत्येक बर्ष विद्यालयले सामाजिक परीक्षण गरी विद्यालयको शैक्षिक उपलब्धी, पारदर्शिता तथा जवाफदेहिताको अवस्था र आगामी कार्ययोजना सार्वजनिक तथा अनुमोदन गर्नु पर्नेछ ।

४) विद्यालयले हरेक त्रैमासिक परीक्षाको नतिजा सहित विद्यार्थीको शैक्षिक प्रगति प्रतिवेदन अभिभावक समक्ष पेस गरी पृष्ठपोषण लिनु पर्नेछ ।

**५१. छात्रवृत्तिको व्यवस्था गर्न सक्नेः गाउँपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीलाई शिक्षा विकास कोषबाट तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।**

**५२. शुल्क सम्बन्धी व्यवस्थाः**

(१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको

शुल्क लिन पाउने छैन । (विद्यालयले थप सुविधा प्रदान गरेको क्रममा आन्तरीक व्यवस्थापनको लागि समुदाय समितिले निर्धारण गरेको शुल्क लिनु पर्नेछ ।)

(२) निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ ।

(३) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एक पटक शुल्क भर्ना लिइसके पछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(४) विद्यालयले भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन

(५) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क तोकिएको प्रक्रियाबाट अगाडि स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ । त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिँदा विद्यालयले उपलब्ध गराएको सुविधाहरुलाई आधार लिइने छ ।

(६) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ । यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले एक लाख रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

## ५३. विद्यालयलाई छुट र सुविधा

(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपम सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिए देखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेदः १०
## विविध

**५४. गाउँपालिकाले निर्देशन दिन सक्नेः**

(१) गाउँपालिकाले तोकिएको क्षेत्रसँग सम्बन्धित निर्देशनहरु विद्यालय व्यवस्थापन समितिलाई दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ

**५५. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स सञ्चालनः**

(१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, होस्टेल, कोचिङ सेन्टर, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा, पूर्व तयारी कक्षा जस्ता शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षाको अनुमति लिने सम्बन्धी व्यवस्था गाउँ शिक्षा समितिले तोके बमोजिम हुनेछ ।

**५५. प्रगति विवरण बुझाउनु पर्ने : संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण गाउँपालिका, गाउँशिक्षा समिति, शिक्षा शाखा कार्यालयमा बुझाउनु पर्नेछ ।**

**५६. शिक्षक वा कर्मचारीले निजी विद्यालयमा लगानी गर्न नपाउनेः विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीले कुनै निजी विद्यालय सञ्चालन गर्न लागि वा व्यवस्थापन सम्बन्धि कुनै कार्य गर्न पाउने छैन ।**

## ५७. स्थानीय शिक्षा विकास कोष

१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका विपन्न, प्राकृतिक प्रकोप पीडित र असहाय बालबालिकाको शैक्षिक अवसर बृद्धि गर्न तथा उत्कृष्ट विद्यार्थी र शिक्षकलाई पुरस्कृत गर्न शिक्षा विकास कोष स्थापना हुनेछ ।

२) सामुदायिक विद्यालयमा अध्ययपनरत शिक्षकहरु, जनप्रतिनिधि, विद्यालय व्यवस्थापन समितिका सदस्यका सन्तानहरु संस्थागत विद्यालयमा अध्ययन गराएमा सो वापत शिक्षक जनप्रतिनिधि/वि.व्य. समितिको पदाधिकारीले संस्थागत विद्यालयको लगानी हुने मासिक तलबको ५% रकम स्थानीय शिक्षा विकास कोषमा जम्मा गरिनेछ ।

३) कोषमा देहाय बमोजिमका रकम रहन सक्नेछ :

(क) नेपाल सरकार, प्रादेशिक सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,

(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम र संस्थागत विद्यालयबाट प्राप्त हुन आएको रकम ।

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

४) कोषको सञ्चालन गाउँपालिकाको प्रमुख, शिक्षा हेर्ने कार्यपालिका सदस्य र शिक्षा अधिकृत रहेको सदस्यीय समितिबाट हुनेछ ।

## ५८. कसुर र सजायः

(१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी वा न्यायिक समितिले बिगो असूल गरी बिगो बमोजिम जरिवाना गर्न सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसूर मात्रा हेरी कानूनले तोके बमोजिम सजाय हुनेछः

(क) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवार पूर्ण कार्य गरेमा दफा ५८ २ 'क' बमोजिमको कसुरमा सामुदायिक वा संस्थागत विद्यालयको शिक्षक भए निजलाई रु. ५०,००० जरिवाना गरी विभागीय कार्वाहीका लागि लेखी पठाउने,

(ख) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा रु. ३०,००० जरीवाना

(ग) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा रु. २०,००० जरीवाना

(घ) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा रु. १५,००० जरीवाना

(ङ) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा पहिलो पटकका लागि रु. २०,००० जरीवाना । सो बाहेक प्रत्येक पटकका लागि रु. ५,००० का दरले थप हुदैं जाने ।

(च) कानून विपरीतको अन्य कार्य गरेमा ।

(छ) सामुदायिक विद्यालयमा शिक्षक नियुक्त गर्दा विद्यालय निरिक्षक, स्रोत व्यक्तिले कुनै आर्थिक लाभ, अनियमितता वा अन्य कुनै प्रकारको लापरवाही गरी नतिजा प्रकाशन गर्न सहयोग पुऱ्याएको वा वाधा पुऱ्याएकामा रु. ५००००।- अक्षरुपी पचास हजार रुपैया जरीवाना हुनेछ ।

(३) विद्यालयको शिक्षक वा कर्मचारी उपर अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि निलम्बन हुनेछ । सो शिक्षक वा कर्मचारी अदालतबाट कसूरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम सजाय गरिनेछ ।

**५९. पुनरावेदनः तोकिएको अधिकारीले गरेको सजायको आदेशउपर कानून वमोजिम पुनरावेदन लाग्नेछ ।**

**६०. नियम बनाउने अधिकारः**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँ पालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयनको लागि गाउँ शिक्षा समितिले आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(३) विद्यार्थी भर्ना सम्बन्धी आवश्यक नियम बनाउन सक्नेछ ।

**६१. नियम बनाउन व्यवस्था :**

(१) यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदा सम्म गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

(२) यो ऐन जारी भए पछि विद्यालयमा रिक्त रहेको दरबन्दीमा विज्ञापनको अनुमति गाउँ कार्यपालिकाले दिनु पर्नेछ । ऐनको कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले नियमावली जारी गर्न सक्नेछ ।

**६२. बाधा अडकाउ फुकाउने अधिकारः यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा गाउँपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी सक्नेछ । तर यस्तो आदेश गाउँ कार्यपालिकाले ६ महिना भित्रमा अनुमोदन नगरेमा स्वत निष्क्रिय हुनेछ ।**

**६३. बचाउ र लागू नहुनेः**

(१) यो ऐन वा यस ऐनअन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति-हिनामिना गरेको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०१७ अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन ।

(३) संविधानसँग बाझिएको यस ऐनका दफा तथा उपदफाहरु वाझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछन् ।

# फेदीखोला गाउँपालिकाको आर्थिक कार्यविधि ऐन, २०७४

गाउँसभाबाट पारित मिति : २०७४।१२।०८

प्रकाशित मिति : २०७४।१२।२१

प्रस्तावनाः

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम फेदीखोला गाउँपालिको सञ्चित कोषको संचालनगर्न, बजेट तथा कार्यक्रम तर्जुमा गर्न, निकासा तथा खर्चगर्न, लेखा राख्न, आर्थिक तथा वित्तीय प्रतिवेदन गर्न,आर्थिक कारोवारको आन्तरिक नियन्त्रणको व्यवस्था मिलाउन, आन्तरिक तथा अन्तिम लेखापरीक्षण गर्न, बेरुजु फछ्र्यौट तथाअसुल उपर गर्न गराउन, आर्थिक कार्यविधिलाई नियमित,व्यवस्थित र जवाफदेही बनाउन वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२२ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम फेदीखोला गाउँसभाले यो कानून बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कानूनको नाम फेदीखोला गाउँपालिकाको आर्थिक कार्यविधि कानून, २०७४"रहेकोछ।

(२) यो कानून सभाबाट पारित भएको मिति देखिलागू हुनेछ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कानूनमा,-

(क) "असुल उपर गर्नु पर्ने रकम" भन्नाले प्रचलित ऐन बमोजिम भुक्तानी दिन नहुने रकम भुक्तानी दिएको वा बढी हुने गरी भुक्तानी दिएको वा घटी रकम असुल गरेको

कारणबाट असुल उपर गर्नु पर्ने भनी लेखापरीक्षण हुँदा ठहऱ्याइएको बेरुजु रकम सम्झनु पर्छ र सो शब्दले हिनामिना वा मस्यौट गरेको रकम तथा गाउँ/नगरलाई तिर्नु बुझाउनु पर्ने अन्य कुनै रकम कलम समेतलाई जनाउँछ ।

(ख) "अन्तिम लेखापरीक्षण" भन्नाले महालेखा परीक्षकको कार्यालयबाट हुने लेखापरीक्षण सम्झनुपर्छ ।

(ग) "आन्तरिक लेखापरीक्षण" भन्नाले फेदीखोला गाउँपालिकाको तोकिएको शाखा वा अधिकृतबाट हुने आन्तरिक लेखापरीक्षण सम्झनुपर्छ ।

(घ) "आर्थिक वर्ष" भन्नाले हरेक वर्षको साउन महिनाको एक गतेदेखि अर्को वर्षको आषाढ महिनाको मसान्तसम्मको बाह्र महिनाको अवधिलाई सम्झनुपर्छ ।

(ङ.) "एक तह माथिको अधिकारी" भन्नाले वडा सचिव र बिषयगत शाखा प्रमुखको हकमा फेदीखोला गाउँपालिकाको प्रम'ख प्रशासकीय अधिकृत, गाउँपालिकाको प्रम'ख प्रशासकीय अधिकृतको हकमा फेदीखोला गाउँपालिकाको अध्यक्ष र अध्यक्षको हकमा गाउँ कार्यपालिका सम्झनुपर्छ ।

(च) "कारोबार" भन्नाले सरकारी चल, अचल, नगदी तथा जिन्सी धनमाल जिम्मा लिई प्रचलित ऐन बमोजिम निर्धारित काममा खर्च वा दाखिला गर्ने सम्बन्धी सम्पूर्ण काम सम्झनु पर्छ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले फेदीखोला गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ज) "कार्यालय" भन्नाले फेदीखोला गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ । सो शब्दल फेदीखोला गाउँपालिका मातहत रहेको बिषयगत शाखा वा विभाग वा महाशाखा वा कार्यालय वा एकाइहरुलाई समेत जनाउनेछ ।

(झ) “कार्यालय प्रमुख” भन्नाले खण्ड (छ) र (ज) बमोजिमको कार्यालयको प्रशासकीय प्रमुख भई कामकाज गर्न तोकिएको पदाधिकारी सम्झनु पर्छ ।

(ञ) “गाउँपालिका” भन्नाले फेदीखोला गाउँपालिका सम्झनु पर्छ ।

(ट) “जिम्मेवार व्यक्ति” भन्नाले लेखा उत्तरदायी अधिकृतबाट अधिकार सुम्पिए बमोजिमको कार्य संचालन गर्ने, जिम्मा लिने, खर्च गर्ने, लेखा राख्ने, आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराई बेरुजु फछ्र्यौट गर्ने गराउने, सरकारी नगदी जिन्सी असुल उपर गर्ने गराउने तथा दाखिला गर्ने कर्तव्य भएको व्यक्ति सम्झनुपर्छ र सो शब्दले फेदीखोला गाँउपालिकाको कामको लागि सरकारी नगदी वा जिन्सी लिई वा नलिई सो काम फछ्र्याउने जिम्मा लिने जुनसुकै व्यक्ति समेतलाईजनाउँछ ।

(ठ) “तालुक कार्यालय” भन्नाले वडा कार्यालय तथा बिषयगत कार्यालयको हकमा फेदीखोला गाउँ कार्यपालिकाको कार्यालय सम्झनुपर्छ ।

(ड) “तोकिएको” वा “तोकिएबमोजिम” भन्नाले यस कानून अन्तर्गत बनेका नियमावली,निर्देशिका वा कार्यविधिमा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

(ढ) “प्रदेश सञ्चित कोष” भन्नाले संविधानको धारा २०४ बमोजिमको सञ्चित कोष सम्झनुपर्छ ।

(ण) “बजेट संकेत” भन्नाले नेपाल सरकारले स्वीकृत गरेको आर्थिक संकेत तथा वर्गीकरणको अधीनमा रही गाउँपालिकाको कार्यालय, बिषयगत शाखा, वडा कार्यालय वा सो सरहको क्षेत्राधिकार भएका आयोजना कार्यकक्रम आदिकोकार्य प्रकृति र संगठन समेत छुट्टिने गरी फेदीखोला गाउँपालिकाले दिएको संकेतलाई जनाउँछ ।

(त) “बेरुजु” भन्नाले प्रचलित कानून बमोजिम पुऱ्याउनु पर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नु पर्ने लेखा नराखेको तथा

अनियमित वा बेमनासिव तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याइएको कारोबार सम्झनुपर्छ ।

(थ) "बैंक" भन्नाले सञ्चित कोषको सञ्चालन गर्न नेपाल राष्ट्र बैंकबाट स्विकृती प्राप्त फेदीखोला गाउँपालिकाले तोकेको कुनै बैंक सम्झनु पर्छ र सो शव्दले त्यस्तो बैंकको अधिकार प्रयोग गरी कारोवार गर्नेगरी तोकिएको बैंकको शाखा समेतलाई जनाउँछ ।

(द) "मातहत कार्यालय" भन्नाले फेदीखोला गाउँपालिका मातहत रहेको वडा कार्यालय वा बिषयगत शाखा, महाशाखा, विभाग वा कार्यालय र एकाई सम्झनुपर्छ ।

(ध) "लेखा" भन्नाले कारोबार भएको व्यहोरा देखिने गरी प्रचलित कानून बमोजिम राखिने अभिलेख, खाता, किताब आदि र सो कारोबारलाई प्रमाणित गर्ने अन्य कागजात र प्रतिवेदनका साथै विद्युतीय प्रविधिबाट राखिएको अभिलेख र आर्थिक विवरण समेतलाई सम्झनुपर्छ ।

(न) "लेखा उत्तरदायी अधिकृत" भन्नाले आफ्नो र मातहत कार्यालयको आर्थिक प्रशासन संचालन गर्ने, वार्षिक बजेट तयार गर्ने र सो बजेट निकासा प्राप्त गरी खर्च गर्ने अधिकार सुम्पने, बजेट तथा कार्यक्रम अनुसार हुने आर्थिक कारोवारको लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने, विनियोजन, राजस्व, धरौटी, जिन्सी र अन्य जुनसुकै कारोवारको आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउने, बेरुजु नियमित गर्ने गराउने, असुल उपर गर्ने गराउने वा मिन्हा गर्ने गराउने कर्तव्य भएको फेदीखोला गाउँपालिकाको प् र्यकारी अधिकृतलाई सम्झनुपर्छ ।

(प) "वडा कार्यालय" भन्नाले फेदीखोला गाउँपालिकाको वडा कार्यालय सम्झनुपर्छ ।

(ब) “वडा सचिव” भन्नाले फेदीखोला गाउँपालिको वडा सचिवलाई सम्झनुपर्छ ।

(भ) “विनियोजन” भन्नाले फेदीखोला गाउँपालिकाको सभाद्वारा विभिन्न कार्यहरुकालागि विभिन्न शीर्षकमा खर्च गर्न विनियोजन भएको रकम सम्झनुपर्छ ।

(म) “वित्तीय विवरण” भन्नाले नेपाल सरकारले स्वीकृत गरेको मापदण्ड बमोजिम कुनै निश्चित अवधिमा भएको आर्थिक कारोवारको समष्टिगत स्थिति दर्शाउने उद्देश्यले शीर्षक समेत खुल्ने गरी तयार गरिएको विवरण सम्झनुपर्छ र सो शव्दले कारोवारको स्थिति दर्शाउने गरी शीर्षकका आधारमा वनाइएको बजेट अनुमान,निकाशा, खर्च,आम्दानी, दाखिला र बाँकी रकम समेत खुलाइएको प्राप्ति र भुक्तानी विवरण र सोसँग सम्वन्धित लेखा, टिप्पणी र खुलासा समेतलाई जनाउँछ ।

(य) “संविधान” भन्नाले नेपालको संविधान सम्झनुपर्छ ।

(र) “सञ्चित कोष” भन्नाले फेदीखोला गाउँपालिकाको सञ्चित कोष सम्झनुपर्छ ।

(ल) “सभा” भन्नाले फेदीखोला गाउँपालिका गाँउ सभा सम्झनुपर्छ ।

(व) “संपरीक्षण” भन्नाले आन्तरिक वा अन्तिम लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको बेरुजुको सम्बन्धमा पेश हुन आएका स्पष्टीकरण वा प्रतिक्रिया साथ संलग्न प्रमाण तथा कागजातको आधारमा गरिने फर्छोट सम्वन्धी कार्यलाई सम्झनुपर्छ र सो शब्दले सभाबाट गठित लेखा समितिबाट प्राप्त सुझाव वा निर्देशनका आधारमा गरिने परीक्षण वा अनुगमन कार्य समेतलाई जनाउँछ ।

(श) “कार्यपालिका” भन्नाले फेदीखोला गाउँ कार्यपालिका सम्झनुपर्छ ।

(ष) “सार्वजनिक जवाफदेहीको पद” भन्नाले पारिश्रमिक ठेकिएको वा नठेकिएको जे भए तापनि कुनै रूपमा नियुक्त

हुने वा निर्वाचित हुने वा मनोनयन हुने कानूनी मान्यता प्राप्त सार्वजनिक काम, कर्तव्य र अधिकार भएको पद सम्झनुपर्छ ।

(स) “बिषयगत शाखा” भन्नाले फेदीखोला गाउँपालिका अन्तर्गत रहेको बिषयगत विभाग, महाशाखा, शाखा, कार्यालय वा एकाइलाई सम्झनुपर्छ ।

## परिच्छेद-२

## सञ्चित कोषसञ्चालन सम्वन्धी व्यवस्था

३. सञ्चित कोषको सञ्चालनः (१)सञ्चित कोषमा देहायका रकमहरु रहनेछन्ः–

(क)गाउँ सभाबाट स्वीकृतकानून बमोजिम लगाईएको कर तथा गैर कर वापत असुल भएको राजस्व रकम ।

(ख)नेपाल सरकार तथा प्रदेश सरकारबाट राजस्व बाँडफाँडवापत प्राप्त रकम ।

(ग)नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त भएको समानीकरण अनुदान,सशर्त अनुदान,समपूरक अनुदान र विशेष अनुदान वापत प्राप्त रकम ।

(घ) गाउँपालिकाकले लिएको आन्तरिक ऋणवापतको रकम ।

(ड) अन्य प्रचलित कानून बमोजिम गाउँपालिका नाममा प्राप्त भएको अन्य आय वापतको रकम ।

(२)उपदफा (१) बमोजिमको रकम नेपाल राष्ट्र बैंकबाट स्वीकृतिप्राप्त गाउँपालिकाले तोकेको कुनै बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(३) नेपालको संविधान, यो कानूनर अन्य प्रचलित कानूनको अधीनमा रहीसञ्चित कोषको संचालनगाउँपालिकाको कार्यालयले तोके बमोजिम गर्नेछ ।

४. सञ्चित कोषको लेखा राख्ने उत्तरदायित्वः (१) सञ्चित कोषको लेखा अद्यावधिक रुपमा राख्ने तथा त्यसको वार्षिक वित्तीय विवरण तयार गर्ने तथा लेखा दाखिला गर्ने गराउने कर्तव्य र उत्तरदायित्व गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको हुनेछ । (२) उपदफा (१) बमोजिमको लेखा तथा सोको वित्तीय विवरण सभामा र प्रदेश लेखा नियन्त्रक कार्यालय,महालेखा नियन्त्रक कार्यालय एवं महालेखा परीक्षक समक्ष पेश गर्ने सम्वन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - ३

## बजेट निर्माण तथा वार्षिक कार्यक्रम तर्जुमा, निकासा, खर्च, रकमान्तर तथा नियन्त्रण

५. बजेट तथा कार्यक्रम तर्जुमा गर्नेः(१) आगामी आर्थिक वर्षमा गाउँपालिकाले सम्पादन गर्नुपर्ने कार्य तथा कार्यक्रमको लागि संविधानको धारा २३० वमोजिम बजेट तयार गर्ने गराउने र सभामा पेश गरी पारित गराउने उत्तरदायित्व कार्यपालिकाको हुनेछ ।

(२) उपदफा (१) बमोजिम बजेट तथा कार्यक्रम तर्जुमागर्ने प्रयोजनकालागि उपलव्ध हुने श्रोत तथा खर्चको सीमाको पूर्वानुमान चालु आर्थिक वर्षको चैत्र मसान्तभित्र गरिसक्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम श्रोत र खर्चको सीमा निर्धारण भएपछि निर्धारित स्रोत तथा खर्चको सीमाभित्र रही आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्नु पर्नेछ ।

(४) आगामी आर्थिक वर्षको बजेट चालु आर्थिक वर्षको असार १५ गतेभित्र सभामा प्रस्तुत गर्नुपर्नेछ ।

(५) आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा गाउँपालिकाले स्वीकृत आवधिक योजना र मध्यकालीन खर्च संरचनालाई मूल आधार बनाउनु पर्नेछ ।

(६) गाउँपालिकाले घाटा बजेट निर्माण गर्नुपर्ने भएमा घाटा पूर्ति गर्ने स्रोत समेतको खाका तयार गर्नुपर्नेछ ।

(७) बजेट तथा कार्यक्रम तर्जुमा, छलफल एवम् बजेटको मस्यौदालाई अन्तिम रुप दिई पारित गर्दा अपनाउनुपर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

६. <u>बजेट निकासा</u>: (१) सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्वीकृत बजेट विवरण अनुसार खर्च गर्ने अख्तियारी प्रमुख प्रशासकीय अधिकृतले मातहतकार्यालय प्रमुखलाई दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अख्तियारीप्राप्त भएपछि तोकिएबमोजिम बैकमार्फत प्राप्ति, निकाशा र भुक्तानी गर्नुपर्नेछ ।

तर आर्थिक वर्षको अन्तिम दिनमा ऋण दायित्वको भुक्तानी र हिसावमिलान बाहेकको अन्य भुक्तानी सम्वन्धीकाम हुनेछैन ।

(३) उपदफा (२) बमोजिम प्राप्ति, निकासा तथा भुक्तानी गर्दा संघीय महालेखा नियन्त्रक कार्यालयले तोकिदिएको मापदण्ड बमोजिम हुनेगरी एकल खाता कोष प्रणाली अवलम्वन गरिनेछ ।

(४) रकम निकासा भएपछि तोकिएका पदाधिकारीको संयुक्त दस्तखतबाट बैंक खाता संचालन गर्नुपर्नेछ ।

(५) स्वीकृत बजेट तथा कार्यक्रम बमोजिम स्वीकृत बजेटको परिधिभित्र रहेर प्रचलित कानूनबमोजिम खर्च गर्ने, लेखा राखी वा राख्न लगाई लेखा पेश गर्ने, लेखापरीक्षण गराउने, बेरुजु फछ्र्यौट गर्नेर कार्यपालिकामा पेश गर्ने उत्तरदायित्व लेखा उत्तरदायी अधिकृतको हुनेछ ।

(६) यस कानूनर प्रचलित अन्य कानून बमोजिम रकम निकासा दिने तथा कोष सञ्चालन गर्ने गराउने सम्वन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

७. <u>बजेट रोक्का वा नियन्त्रण गर्न सक्ने</u>: दफा ६ मा जुनसुकै कुरा लेखिएको भएतापनि गाउँपालिकाको आर्थिक स्थिति र सञ्चित कोषमा जम्मा रहेको रकमलाई मध्यनजर गरी विनियोजित रकममा आवश्यकता अनुसार गाउँपालिकाकले पूर्ण वा आंशिकरुपमा रोक्का वा नियन्त्रण गर्न सक्नेछ ।

८.	खर्च गर्ने कार्यविधि : गाउँपालिकाको कार्य तथा आयोजना सञ्चालन गर्ने,धरौटी, दस्तुर,सेवा शुल्क लिने, पेश्की दिने तथा फछ्र्यौट गर्ने, नगदी तथा जिन्सी सम्पत्तिकोसंरक्षण गर्ने, लिलाम बिक्री गर्ने, मिन्हा दिने सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

९.	रकमान्तर तथा श्रोतान्तर: (१) .गाउँपालिकाको स्वीकृत बजेटको कुनै एक बजेट उप शीर्षक अन्तर्गतको खर्च शीर्षकमा रकम पुग भएमा सोनपुग भएको रकम कुनै एक वा एक भन्दा बढी शीर्षकमाबचत हुने रकमबाट २५ प्रतिशतमा नबढ्ने गरी  गाँउ कार्यपालिकाले रकमान्तर गर्न सक्नेछ ।

तर पूँजीगत शीर्षकबाट चालू शीर्षकमा रकमान्तर गर्न सक्ने छैन ।

(२)उपदफा (१) बमोजिमको अधिकार आवश्यकता अनुसार गाँउ कार्यपालिकाले प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(३) गाउँपालिकाको विनियोजन अन्तर्गत कुनै एक प्रकारको खर्च व्यहोर्ने श्रोतमा रहेको रकम अर्को श्रोतमा सार्ने र भुक्तानी विधि परिवर्तन गर्ने अधिकार सभाको हुनेछ ।

(४) रकमान्तर तथा स्रोतान्तरसम्वन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

१०.	बजेट फिर्ता हुने: स्वीकृत बार्षिक बजेटमा विनियोजन भै निकासा भएको रकम कुनै कारणवश खर्च हुन नसकी खर्च खातामा बाँकी रहेमा आर्थिक वर्षको अन्तमा संचित कोषमा फिर्ता दाखिला गर्नुपर्नेछ ।

## परिच्छेद-४
## कारोबारको लेखा

११.	कारोबारको लेखा :(१) विनियोजन,धरौटी एवं राजश्व तथा अन्य कारोवारको लेखा दोहोरो लेखा प्रणालीको सिद्धान्त बमोजिम नगदमा आधारित लेखा प्रणाली अनुसार राखिनेछ ।

तर महालेखा नियन्त्रक कार्यालयले नगदमा आधारित लेखा प्रणालीलाई परिमार्जन गरी परिमार्जित नगद आधार वा प्रोदभावी आधारमा लेखा राख्ने गरी तोकि दिन सक्नेछ ।

(२)उप नियम (१) बमोजिमको लेखा राख्नकालागि आवश्यक लेखा ढाँचा  महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिम हुनेछ ।

(३) गाउँपालिकाले अनुदान, सहायता,लगानी,विनियोजन,राजश्व तथा धरौटीका अतिरिक्त अन्य सवै प्रकारकाकारोवार र खर्चको लेखा गाउँपालिकाकले तयार गरी राख्नुपर्नेछ ।

(४) लेखा उत्तरदायी अधिकृतले तोकिएको समयभित्र विनियोजन,राजस्व,धरौटी लगायतको एकीकृत वित्तीय विवरण तयार गरी गाउँ कार्यपालिका, गाउँसभा तथा महालेखा नियन्त्रक कार्यालयमा उपलव्ध गराउनु पर्नेछ ।

(५) आफ्नो निकाय र मातहत कार्यालयको सम्पति र दायित्वको लेखांकन एवं प्रतिवेदन गर्ने दायित्व लेखा उत्तरदायी अधिकृतको हुनेछ ।

१२. जिम्मेवार व्यक्ति जवाफदेही हुने : (१) जिम्मेवार व्यक्तिले प्रत्येक कारोबार स्पष्टदेखिने गरी प्रचलित कानूनले तोके बमोजिमको रित पुऱ्याई लेखा तयार गरीगराई राख्नु पर्नेछ ।

(२) आर्थिक प्रशासन संचालन गर्दा मातहत कार्यालयले प्रचलित कानूनकोपालना गरे नगरेको सम्बन्धमा आवश्यकता अनुसार रेखदेख, जाँचबुझ तथा निरीक्षण गर्नेर मातहत कार्यालयको हिसाब केन्द्रीय हिसाबमा समावेश गराउनेउत्तरदायित्व लेखा उत्तरदायी अधिकृतको हुनेछ ।

(३) उपदफा (१) वमोजिम लेखा तयार गरेनगरेको वा उपदफा (२) बमोजिम लेखा उत्तरदायी अधिकृतले रेखदेख, जाँचबुझ तथानिरीक्षण गर्दा वा लेखापरीक्षण हुँदा प्रचलित कानूनद्वारा निर्धारित प्रक्रिया पूरा नगरीकारोबार गरेको वा अन्य कुनै कैफियत देखिन आएमा जिम्मेवार व्यक्तिले त्यसकोजवाफदेही वहन गर्नु पर्नेछ ।

(४) कुनै मनासिब कारणले लेखा सम्बन्धी काममा अनियमित हुन गएमाजिम्मेवार व्यक्तिले तोकिएको अवधिभित्र अधिकार प्राप्त अधिकारीसमक्ष कारण खुलाईनियमित गराउनको लागि पेश गरेमा लेखा

उत्तरदायी अधिकृतले तोकिएको म्यादभित्रत्यस सम्बन्धमा आवश्यक निर्णय गर्नुपर्नेछ ।

तर मनासिवकारण नभई लेखा सम्बन्धी काममा अनियमित हुन आएको देखिनआएमा लेखाउत्तरदायी अधिकृतले जिम्मेवार व्यक्तिलाई पहिलो पटक पाँच सय रूपैयाँ रत्यसपछि पनि दोहोरिन आएमा पटकैपिच्छे एक हजार रूपैयाँ जरिवाना गरी प्रचलितकानून बमोजिम विभागीय कारबाही समेत गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम निर्णय दिनु पर्ने अधिकारीले तोकिएको म्यादभित्रनिर्णय नदिएमा निजलाई एक तह माथिको अधिकारीले पहिलो पटक पाँच सय रूपैयाँ रसोही अधिकारीबाट पुनः अर्को पटक त्यस्तो कार्य दोहोरिन गएमा पन्ध्र सय रूपैयाँजरिवाना गर्नु पर्नेछ ।

(६) उपदफा (२) बमोजिम रेखदेख, जाँचबुझ तथा निरीक्षण हुँदा यो कानून तथायस कानून अन्तरगत बनेको नियम बमोजिम निर्धारित प्रक्रिया पूरा नगरी कारोबार गरेकोदेखिन आएमा वा अन्य कुनै कैफियत देखिन आएमा जाँच गर्न पठाउने तालुक कार्यालयले कलमै पिच्छे दुई सय रूपैयाँ जरिवाना गर्न सक्नेछ ।एउटै जिम्मेवार व्यक्तिलाई तीन पटकभन्दा बढी जरिवाना भइसकेपछि पुनः त्यस्तो कार्यदोहोरिन आएमा कलमैपिच्छे पाँच सय रूपैयाँ जरिवाना गरी प्रचलित कानून बमोजिमविभागीय कारबाही समेत गर्नु पर्नेछ ।

(७) यो कानून वा यस कानूनअन्तर्गत बनेको नियम बमोजिम लेखा राखे नराखेको,लेखा दाखिला गरे नगरेको र लेखापरीक्षण गराए नगराएको सम्बन्धमा समय समयमाजाँच, निरीक्षण गरी आन्तरिक नियन्त्रण र रेखदेख गर्ने जिम्मेवारी प्रम’ख प्रशासकीय अधिकृतको हुनेछ ।

१३. <u>राजस्व दाखिला र राजस्व लेखाः</u>(१) प्रचलित कानून बमोजिम गाउँपालिकालाई प्राप्त हुने राजस्व तथा अन्य आय रकमहरु कार्यालयमा प्राप्त भएपछि तोकिए बमोजिमसंचित कोषमा आम्दानी देखिने गरी बैंक दाखिला गर्नु पर्नेछ ।

(२) राजस्वको लगत तथा लेखा राख्ने तथा फाँटवारी पेश गर्ने, लेखापरीक्षणगराउने र त्यसको अभिलेख राख्ने उत्तरदायित्व प्रमुख प्रशासकीय अधिकृतको हुनेछ ।

१४. नगदी जिन्सी दाखिला गर्ने र लेखा राख्ने : (१) जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट तोकिएको बैंक खातामा र जिन्सीमालसामान भए सात दिनभित्र तोकिएको स्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको म्यादभित्र जिम्मेवार व्यक्तिले नगदी तथा जिन्सीदाखिला गरेको श्रेस्ता खडा गर्न नसकेमा त्यसको मनासिवकारण खुलाई एक तहमाथिको अधिकारी समक्ष म्याद थपको लागि अनुरोध गर्न सक्नेछ । यसरी अनुरोध भै आएमा एक तह माथिको अधिकारीले मनासिवकारण देखेमा एकै पटक वा दुई पटक गरीबढीमा पैंतालीस दिनसम्मको म्याद थपिदिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम थपिएको म्यादभित्र पनि श्रेस्ता खडा नगर्ने जिम्मेवारव्यक्तिलाई एक तह माथिको अधिकारीले कलमै पिच्छे पाँच सय रूपैयाँ वा बिगोको दशप्रतिशतसम्म जरिवाना गर्न सक्नेछ ।

(४) आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्टतोकिएको बैंक खातामादाखिला नगरेको देखिन आएमा सम्बन्धित प्रम'ख प्रशासकीय अधिकृतले दश दिनसम्म ढीलो गरेको भए दश प्रतिशत जरिवाना गरी सो दाखिला गर्नलगाउने र पन्ध्र दिनसम्म ढिलो गरेको भए पन्ध्र प्रतिशत जरिवाना गरी सो समेतदाखिला गर्न लगाउने र पन्ध्र दिनभन्दा बढी ढिलो गरेको भए पच्चीस प्रतिशत जरिवानागरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीयकारबाही समेत गर्न गराउन सक्नेछ ।

१५. आर्थिक प्रतिवेदन पेश गर्ने :(१) लेखा उत्तरदायी अधिकृतले तोकिएका अवधिभित्र  प्रत्येक आर्थिक वर्षको सञ्चित कोषको अतिरिक्त विनियोजन, राजस्व, धरौटी,वैदेशिक अनुदान र ऋण सहायता तथा लगानीको एकीकृत आर्थिक विवरण तयार गरी गाउँ कार्यपालिका,  गाउँ सभा, महालेखा नियन्त्रक कार्यालय र महालेखा परीक्षकको कार्यालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(२) जिम्मेवार व्यक्तिले कारोबारको लेखा र सम्बन्धित कागजात तोकिएकोकार्यालयमा वा लेखापरीक्षक समक्ष तोकिए बमोजिम दाखिला गर्नु पर्नेछ ।

(३) गाउँपालिकाको वित्तीय विवरण नेपाल सरकारले अवलम्वन गरेको आर्थिक संकेत तथा वर्गीकरण अनुरुपको हुनेछ ।

(४) राजस्व, नगदी, जिन्सी तथा धरौटी दाखिला गर्ने तथा त्यसको लेखा अभिलेखअद्यावधिक रूपमा राख्ने अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

१६. हानी नोक्सानी असुल उपर गरिने : यस परिच्छेद बमोजिम राख्नुपर्ने कारोबारको लेखा ठीकसँग नराखेको कारणबाट गाउँपालिकालाई कुनै किसिमको हानी नोक्सानीतथा क्षति हुन गएमा त्यसरी पर्न गएको हानी नोक्सानी तथा क्षतिपूर्ति जिम्मेवारव्यक्तिबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

## परिच्छेद-५

## आन्तरिक नियन्त्रण, लेखापरीक्षणतथा बेरुजु असुल फछ्र्यौट

१७. आन्तरिक नियन्त्रण प्रणाली:(१) गाउँपालिकाले आफ्नो र मातहतका कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्न कार्ययोजना बनाई लागु गर्नुपर्नेछ ।

(२) आन्तरिक नियन्त्रण कार्ययोजना लागु गर्दा महालेखा नियन्त्रक कार्यालयले जारी गरेको आन्तरिक नियन्त्रण प्रणालीको सिद्धान्त,नीति, ढाँचा र कार्यविधिलाई मार्गदर्शनको रुपमा लिनुपर्नेछ ।

१८. आन्तरिक लेखापरीक्षणः (१) गाउँ कार्यपालिका र मातहत कार्यालयहरुको आर्थिक कारोवारको आन्तरिक लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका आधारमा तोकिएको मापदण्डभित्र रही गाउँपालिकाको आन्तरिक लेखापरिक्षण शाखावा तोकिएको अधिकृतबाट हुनेछ ।

(२) गाउँपालिकाको आन्तरिक लेखापरीक्षण सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) गाउँपालिकाको आन्तरिक वा अन्तिम लेखापरीक्षण हुँदा सरकारी नगदी वाजिन्सी मालसामानको लगत छुट गरेको वा सरकारलाई हानी नोक्सानी पुर्‍याएको देखिएमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो जिम्मेवार व्यक्तिबाट हानि नोक्सानी भएको रकमअसुल गरी कसूरको मात्रा अनुसार विभागीय कारबाही समेत गर्नुपर्नेछ ।

१९. स्पष्टीकरण नदिने उपर कारबाही : (१) कार्यालयको सरकारी नगदी जिन्सी आय-व्ययको लेखा आकस्मिक निरीक्षण गर्दा वा आन्तरिक वा अन्तिम लेखापरीक्षणको सिलसिलामा सोधिएको प्रश्नको जवाफ वा माग गरिए बमोजिमको लेखा तथा विवरणतोकिएको म्यादभित्र दाखिला गर्नु सम्बन्धित लेखा उत्तरदायी अधिकृत र जिम्मेवार व्यक्तिको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको म्यादभित्र काम सम्पन्न गर्न नसकिने भई मनासिव माफिकको कारण सहित म्याद थपको लागि अनुरोध गरेमा र त्यस्तो कारणमनासिव देखिएमा सो प्रश्न सोधनी गर्ने वा विवरण माग गर्ने अधिकारी वा निकायले मनासिव माफिकको म्याद थप गरिदिन सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम दिइएको म्यादभित्र सोधिएको प्रश्नको जवाफवा माग गरिएको लेखा पेश गर्न नसक्नेले बेरुजु वा कैफियत देखिएको रकम व्यहोर्नुपर्नेछ ।

२०. बेरुजु असूल फछ्र्योटनियमित र लगत कायम गर्ने : (१) महालेखा परीक्षकको प्रतिवेदनमा औंल्याएको वेरुजु असूल उपर गर्नु पर्ने तथा तिर्नु वुझाउनु पर्ने भनी ठहर्‍याईएको रकमको लगत कार्यालयले अध्यावधिक गरी गराई राख्नुपर्नेछ ।

(२) लेखापरीक्षणबाट देखिएको मस्यौट र हिनामिना भएको रकम वा तोकिए बमोजिम नियमित हुन नसकेको वेरुजु रकम जिम्मेवार व्यक्तिबाट असूल उपर गर्नुपर्नेछ ।

(३) महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा औल्याएको बेरुजुसम्बन्धमा कार्यपालिकाको अनुमतिलेसभामा उपस्थित भई आफ्नो

प्रतिकृया व्यक्त गर्ने र बेरुजु फर्छ्यौट सम्वन्धीकाम कारवाही गर्ने गराउने उत्तरदायित्व लेखा उत्तरदायी अधिकृतको हुनेछ ।

(४) वेरुजु असूल फर्छ्यौट,नियमित र लगत कायम गर्ने सम्वन्धमा सभामा छलफल भई प्रतिवेदन स्वीकृत भएपछि सो प्रतिवेदनमा उल्लेखित सुझावहरु कार्यान्वयन गर्ने गराउने दायित्व कार्यपालिकाको निर्देशन बमोजिमसम्वन्धित लेखा उत्तरदायी अधिकृतको हुनेछ ।

(५) बेरुजु फछ्र्यौट सम्वन्धी अन्य कार्यविधि तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद-६

## बरबुझारथ, लिलाम बिक्रि तथा मिन्हा सम्बन्धी व्यवस्था

२१. बरबुझारथ : (१) गाउँपालिकाको निर्वाचित प्रतिनिधिले आफू जिम्मा भएको कागजात तथा जिन्सी सामान आफ्नो पदावधी समाप्त हुनुभन्दा १५ दिन अगावै फिर्ता बुझाई सोको प्रमाण लिनु पर्नेछ ।

(२) कर्मचारी सरुवा वा बढुवा हुंदा वा अवकाश प्राप्त गर्दा वा लामोअवधिमा काजमा वा बिदामा रहँदा आफ्नो जिम्मामा रहेको नगदी जिन्सी वा सरकारीकागजात तोकिएको म्यादभित्र बरबुझारथ गरी तोकिएको ढाँचामा बरबुझारथको प्रमाणपत्रलिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम बरबुझारथ नगर्ने व्यक्ति वहालवाला कर्मचारी भए प्रचलित कानून बमोजिम निजको तलब भत्ता रोक्का राखी रबहाल टुटेको व्यक्ति भए निजको निवृत्तभरण वा उपदान रोक्का राखी एवं निवृत्तभरण,उपदान नपाउने वा उपदान लिइसकेको व्यक्ति भए स्थानीय प्रशासनद्वारा पक्राउ गरीबरबुझारथ गर्न लगाइनेछ ।

(४) समयमा बरबुझारथ नगरेको कारणबाट सरकारी नगदी, जिन्सी वा कुनैधनमालनोक्सान भएमा नोक्सान भए बराबरको रकम र सोही बराबरको बिगो रकम प्रचलितकानून बमोजिम सम्बन्धित व्यक्तिबाट असुल उपर गरिनेछ ।

(५) बरबुझारथ गर्ने अन्य प्रकृया तोकिए बमोजिम हुनेछ ।

२२. नगदी जिन्सी दुरुपयोग एवं मस्यौट भएमा कारबाही गरिने :(१)कार्यालयको सरकारी तहसील तथा जिन्सी भण्डार आन्तरिक लेखापरीक्षण गर्दा वाअन्तिम लेखापरीक्षण गर्दा वा कुनै तवरले जाँच हुँदा सरकारी रकम मस्यौट भएकोदेखिन आएमा प्रम'ख प्रशासकीय अधिकृतले प्रचलित कानून बमोजिम सो मस्यौट गर्ने उपर आवश्यक कारबाही गर्नुगराउनु पर्नेछ ।

(२) सार्वजनिक सम्पत्तिको जिम्मा, त्यसको लगत,संरक्षण,वरवुझारथ र जवाफदेही सम्वन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

२३. लिलाम बिक्री तथा मिन्हा दिने :(१) यस कानून तथा यसअन्तर्गत बनेको नियम बमोजिम जिन्सीनिरीक्षण गर्दा टुटफुट तथा बेकम्मा भई काम नलाग्ने भनी प्रतिवेदनमा उल्लेखभएको मालसामानहरू प्रम'ख प्रशासकीय अधिकृतले आवश्यक जाँचबुझ गर्दा लिलाम बिक्री गर्नुपर्ने भनी ठहऱ्याइएको मालसामान तोकिए बमोजिमको कार्यविधि अपनाई लिलामबिक्री गर्न सकिनेछ ।

(२)यस कानूनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि योकानूनअन्तर्गतउठ्न नसकेको बाँकी रकम, प्राकृतिक प्रकोप, दुर्घटना वा आफ्नो काबूबाहिरको परिस्थितिले गर्दा तथा सुखाजर्ती भई वा खिएर, सडेर गई वा अन्यकारणबाट सरकारी हानी नोक्सानी हुन गएको वा ऐनबमोजिम लिलाम बढाबढहुँदा पनि नउठेको वा उठ्ने स्थिति नदेखिएकोमा कार्यपालिकाबाट तोकिए बमोजिमको कार्यविधि अपनाई मिन्हा दिन सकिनेछ ।

## परिच्छेद-७

## विविध

२४. काम, कर्तव्य, अधिकार तथा जिम्मेवारी : लेखा उत्तरदायी अधिकृत, कार्यालय प्रमुख, जिम्मेवारव्यक्ति लगायत नगदी वा जिन्सी सम्वन्धीकामगर्ने अन्य अधिकारीको काम, कर्तव्य, अधिकार तथा जिम्मेवारी तोकिए बमोजिम हुनेछ ।

(२)उपदफा (१)वमोजिम तोकिएको काम,कर्तव्य, अधिकार तथा जिम्मेवारी  अनुसार सम्वन्धित व्यक्तिले जवाफदेहीता वहन गर्नुपर्नेछ ।

२५. वित्तीय प्रतिवेदन सार्वजनिक गर्नुपर्ने : यस कानून र अन्य प्रचलित कानूनबमोजिम तयार गर्नुपर्ने वित्तीय प्रतिवेदनहरु सम्वन्धित निकायमा पेश भएको मितिले सात दिन भित्र विद्युतीय वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्नुपर्नेछ ।

२६. आर्थिक प्रशासनको सञ्चालनः (१) गाउँपालिकाको आर्थिक प्रशासन सञ्चालन सम्वन्धी व्यवस्था तोकिए वमोजिमहुनेछ ।

(२) उपदफा (१) वमोजिमको व्यवस्था नभएसम्मका लागि यो कानून र यस अन्तर्गत तोकिए बमोजिमको आर्थिक प्रशासन सञ्चालन गर्न आवश्यक पर्ने जनशक्तिको परिचालन र व्यवस्थापन महालेखा नियन्त्रक कार्यालयले गर्नेछ ।

२७. संघीय र प्रदेश आर्थिक कार्यविधि कानूनलाई आधार मान्नुपर्ने : गाउँपालिकाको सभाले आर्थिक कार्यविधि सम्बन्धी कानून बनाउँदा संघीय र प्रदेश आर्थिक कार्यविधि कानूनमा भएका व्यवस्थालाई मार्गदर्शनका रुपमा लिई सो बमोजिम गर्नु गराउनुपर्नेछ ।

२८. विद्युतीय प्रविधिको प्रयोग गर्न सक्नेः (१) यस कानूनबमोजिम आर्थिक कारोवारको लेखा व्यवस्थित गर्न उपयुक्त विद्युतीय प्रणलीको प्रयोग गर्न सकिनेछ ।

(२)उपदफा (१) बमोजिमको आवश्यक प्रणालीगाउँपालिका आंफैले विकास गरी वा महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त गरी लागू गर्न सकिनेछ ।

(३) उपदफा (२) वमोजिम विकास गरिएको प्रणालीमा समावेश नभएको वा पर्याप्त नभएको कुनै प्रणाली विकास गर्नुपर्ने भएमा लेखाको सिद्धान्त एवं वित्तीय ढाँचाको एकरुपताकालागि तोकिए बमोजिम महालेखा नियन्त्रक कार्यालयको समेत परामर्श लिनुपर्नेछ ।

२९. लेखापरीक्षण सहजीकरण समितिः (१) गाउँपालिकाबाट सम्पादन गरिने कार्यहरुमाआन्तरिक नियन्त्रण प्रणाली अवलम्वन गरी प्रभावकारी, दक्षतापूर्ण एवं मितव्ययी रुपमा सम्पादन गर्न, वित्तीय प्रतिवेदनहरुलाईसमयमै तयार गर्न तथा विश्वसनीय बनाउन,बेरुजु फछ्र्यौट

गर्न गराउन गाउँ/नगरकार्यपालिकाले आफूमध्येबाट तोकेको सदस्यको अध्यक्षतामा गाउँपालिकाको आन्तरिक लेखापरीक्षण गर्न तोकिएको अधिकृत, प्रमुख प्रशासकीय अधिकृतले तोकेको गाउँपालिकाको अधिकृत र प्राविधिक अधिकृतसमेत रहेको एक लेखापरीक्षण सहजीकरण समिति रहनेछ ।

(२) लेखापरीक्षण सहजीकरण समिति सम्वन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

३०. अधिकार प्रत्यायोजन:योकानूनवा यसअन्तर्गत बनेको नियम बमोजिम कुनै कार्यालय वा अधिकारीलाई प्राप्त अधिकारमध्ये तोकिए बमोजिमका अधिकार वाहेकका अन्य अधिकार कुनै अधिकारीले प्रयोग गर्नेगरी प्रत्यायोजन गर्न सकिनेछ ।

३१. नियम निर्देशिका वा कार्यविधि बनाउने अधिकार: यस कानूनको उद्देश्य कार्यान्वयन गर्न गाउँ/नगरकार्यपालिकाले आवश्यक नियमहरु,निर्देशिका,कार्यविधि वा मार्गदर्शन बनाउन सक्नेछ ।

# फेदीखोला गाउँपालिकाको संस्था दर्ता ऐन, २०७४

गाउँसभाबाट पारित मिति ः २०७४।१२।१०

प्रकाशित मिति ः २०७५।१।१२

फेदीखोला गाउँपालिकाको संस्था दर्ता (पहिलो संशोधन) ऐन २०७८ ः २०७८।१२।२१

**प्रस्तावना ः**

[१]यस गाउँपालिका क्षेत्र भित्र सामाजिक, धार्मिक साहित्यिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक, आर्थिक, पर्यटन, खानेपानी तथा सरसफाई, स्वास्थ्य तथा वातावरण, व्यवसायिक तथा परोपकारी संस्थाहरूको स्थापना तथा दर्ता गर्ने सम्बन्धमा "फेदीखोला गाउँपालिकाको संघ संस्था ऐन, २०७४" लाई संशोधन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी फेदीखोला गाउँपालिकाको मिति २०७९/१२/१० गते बसेको गाउँसभाबाट देहाय बमोजिम थप गरी प्रथम संशोधन गरेको छ।

**१. संक्षिप्त नामः**

[२]१) यस ऐनको नाम "फेदीखोला गाउँपालिकाको संस्था दर्ता ऐन, २०७४" रहेको छ।

२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

[३]३) यो ऐन फेदीखोला गाउँपालिका क्षेत्र भित्र लागू हुनेछ।

**२. परिभाषा ः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

क) "संस्था" भन्नाले सामाजिक, आर्थिक, साहित्यिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक, आर्थिक व्यवसायिक, पर्यटन, स्वास्थ्य, खानेपानी तथा सरसफाई उर्जा तथा परोपकारी कार्यहरूको विकास एवं विस्तार गर्ने उद्देश्यको स्थापना भएको संघ संस्था, आमा समूह, युवा क्लब, मण्डल परिषद् अध्ययन केन्द्र आदि सम्झनुपर्छ र सो शब्दले मैत्री संघ समेतलाई जनाउँछ।

ख) "गाउँपालिका" भन्नाले फेदीखोला गाउँपालिकालाई सम्झनु पर्दछ।

---

[१] प्रथम संशोधनद्वारा संशोधित

[२] प्रथम संशोधनद्वारा संशोधित

[३] प्रथम संशोधनद्वारा संशोधित

[४]ग) "प्रमुख" भन्नाले फेदीखोलाको प्रमुखलाई सम्झनुपर्छ ।

घ) "गाउँ समिति" भन्नाले संस्थाको विधान अनुसार गठन भएको सञ्चालक समिति सम्झनुपर्छ ।

[५]घ१)"स्थानीय अधिकारी" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ ।

[६]घ२) "प्रबन्ध समिति" भन्नाले संस्थाको विधान अनुसार गठन भएको प्रबन्ध समिति सम्झनुपर्दछ ।

ङ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिए बमोजिम सम्झनुपर्छ ।

**३. दर्ता नगरी संस्था खोल्न नहुने** : यस ऐन बमोजिम दर्ता नगरी कसैले पनि संस्था स्थापना गर्न हुँदैन ।

**४. संस्थाको दर्ता** :

१) संस्था स्थापना गर्न चाहने कुनै सात जना वा सो भन्दा बढी व्यक्तिहरूले संस्था सम्बन्धी देहायको विवरण खुलाई संस्थाको विधानको एक प्रति र तोकिएको दस्तुर सहि गाउँ कार्यपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

क) संस्थाको नामः

ख) उद्देश्यहरूः

ग) प्रबन्ध समितिका सदस्यहरूको नाम, ठेगाना र पेशाः

घ) आर्थिक श्रोत :

ङ) कार्यालयको ठेगाना :

[७]च) कार्यक्षेत्र :

---

[४]प्रथम संशोधनद्वारा संशोधित

[५]प्रथम संशोधनद्वारा थप

[६]प्रथम संशोधनद्वारा थप

[७]प्रथम संशोधनद्वारा संशोधित

[८]२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि स्थानीय अधिकारीले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा संस्था दर्ता गरी प्रमाण-पत्र दिनेछ ।

[९]३) स्थानीय अधिकारीले कुनै संस्था दर्ता नगर्ने निर्णय गरेमा सोको सूचना निवेदकलाई दिनुपर्नेछ र निवेदकले सूचना प्राप्त गरेको मितिले पैंतिस दिनभित्र त्यस्तो निर्णय उपर गाउँपालिका प्रमुख समक्ष उजुर गर्न सक्नेछ ।

[१०]४) उपदफा (३) बमोजिमको उजुर प्राप्त भएपछि प्रमुखले आवश्यक जाँचबुझ गरी त्यस्तो संस्था दर्ता गर्न मनासिव ठहराएमा सो संस्था दर्ता गर्न स्थानीय अधिकारीलाई आदेश दिन सक्नेछ र त्यस्तो आदेश भएपछि स्थानीय अधिकारीले संस्था दर्ता गरिदिनु पर्नेछ ।

५) यस दफा अन्तर्गत दिइने प्रमाणपत्रको ढाँचा, अवधि, नविकरण र नविकरण दस्तुर तोकिए बमोजिम हुनेछ ।

**५. संगठित संस्था मानिने** :

१) यस ऐन अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न उत्तारधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ । [११]सो संस्थाको आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

२) संस्थाले व्यक्ति सरह चल/अचल सम्पत्ति प्राप्त गर्न र उपभोग गर्न र बेचबिखन गर्न दान उपहार  दिन सक्नेछ ।

३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्नेछ ।

**६. संस्थाको सम्पत्ति** :

[१२]१) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विधान विरूद्ध संस्थाको कुनै सम्पत्ति दुरूपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा स्थानीय

---

[८]प्रथम संशोधनद्वारा संशोधित

[९]प्रथम संशोधनद्वारा संशोधित

[१०]प्रथम संशोधनद्वारा संशोधित

[११]प्रथम संशोधनद्वारा संशोधित

[१२]प्रथम संशोधनद्वारा संशोधित

अधिकारीले यस्तो सम्पत्ति दुरूपयोग गर्ने, कब्जा गर्ने वा रोक्का राख्नेबाट फिर्ता लिई संस्थालाई बुझाई दिन सक्नेछ ।

[१३]२) उपदफा (१) बमोजिमको संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी स्थानीय अधिकारीले गरेको कारवाहीमा चित्त नबुझ्ने व्यक्तिले जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

[१४]३) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको कुनै सम्पत्ति वा लिखत वा प्रतिष्ठा विरूद्ध कुनै अपराध वा विराम गरेमा संस्था, संस्थाको कुनै सदस्य वा स्थानीय अधिकारीले प्रचलित कानून बमोजिम मुद्दाको कारवाही चलाउन सक्नेछ ।

**७. अघि दर्ता नभई स्थापना भएको संस्थाले दर्ता गर्ने** : यो ऐन प्रारम्भ हुन भन्दा अघि तत्काल प्रचलित कानून बमोजिम दर्ता नभई स्थापना भई रहेका संस्थाले पनि यो ऐन प्रारम्भ भएको मितिले तीन महिना भित्र यो ऐन बमोजिम दर्ता गराउनु पर्नेछ ।

**८. संस्थाको उद्देश्यहरूमा हेरफेर** :

१) संस्थाको उद्देश्यहरूमा हेरफेर गर्न आवश्यक देखेमा वा सो संस्थालाई [१५]कुनै अर्को संस्था गाभ्न उचित देखेमा सो संस्थाको [१६]कार्य समितिले तत्सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम साधारण सभा बोलाउनु पर्नेछ ।

[१७]२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यहरूले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिनेछ । तर, सो प्रस्ताव लागू गर्न स्थानीय अधिकारीको पूर्व स्वीकृती लिनु पर्नेछ ।

---

[१३]प्रथम संशोधनद्वारा संशोधित

[१४]प्रथम संशोधनद्वारा संशोधित

[१५]प्रथम संशोधनद्वारा संशोधित

[१६]प्रथम संशोधनद्वारा संशोधित

[१७]प्रथम संशोधनद्वारा संशोधित

**९. नविकरण सम्बन्धी व्यवस्था** :

१) ऐनको दफा ४ अनुसार दर्ता भएका संघ संस्थाहरूको प्रत्येक वर्षको असोज महिना भित्र लेखा परिक्षण गराई नियम अनुसार शुल्क तिरी संस्था नविकरण गराउनु पर्नेछ ।

२) संघ संस्थाले तोकिएको समयमा नविकरण नगरेमा ✂............ तोकिएको दस्तुरको डब्बल दस्तुर लाग्नेछ ।

[१८]३) उपदफा (२) मा जुनसुकै कुरा उल्लेख गरिएको भएता पनि तीन आर्थिक वर्ष सम्म पनि नविकरण नगर्ने संस्था स्वतः खारेज हुनेछ ।

[१९]४) उपदफा (३) बमोजिम खारेज भएको संस्था पुनः नविकरण गर्न खारेज भएको मितिले तीस दिन भित्र उचित कारण सहित निवेदन दिएमा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

[२०]**९(क). हिसाबको विवरण पठाउनु पर्ने** : प्रबन्ध समितिले आफ्नो संस्थाको हिसाबको विवरण लेखा परीक्षकको प्रतिवेदन सहित प्रत्येक वर्ष स्थानीय अधिकारीकहाँ पठाउनु पर्नेछ ।

**१०. लेखा परिक्षण सम्बन्धी व्यवस्था** :

१) एक लाख भित्र कारोबार गर्ने संघ संस्थाको लेखा समितिले परिक्षण गरी साधारण सभाबाट अनुमोदन गर्न सक्ने, १ लाख भन्दा माथिको कारोबार गर्ने संस्थाले प्रचलित नियम अनुसार लेखा परिक्षण नियुक्त गरी [२१]लेखा परिक्षण गर्नुपर्ने ।

✂**११.** .......................

**१२. हिसाब जाँच गर्ने** :

---

✂ प्रथम संशोधनद्वारा झिकिएको

[१८]प्रथम संशोधनद्वारा संशोधित

[१९]प्रथम संशोधनद्वारा संशोधित

[२०]प्रथम संशोधनद्वारा थप

[२१]प्रथम संशोधनद्वारा संशोधित

✂ प्रथम संशोधनद्वारा झिकिएको

१) गाउँपालिकाले आवश्यक देखेमा संस्थाको हिसाब आफुले नियुक्ति गरेको कुनै [२२]अधिकृतद्वारा जाँच गराउन सक्नेछ ।

[२३]२) उपदफा (१) बमोजिम हिसाब जाँच गराए बापत स्थानीय अधिकारीले हिसाब जाँचबाट देखिन आएको संस्थाको मौज्दात रकमको सयकडा पाँच प्रतिशतमा नबढाई आफूले निर्धारण गरेको दस्तुर असुल गरी लिन सक्नेछ ।

३) हिसाब जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजपत्रहरू वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

[२४]४) हिसाब जाँच गर्ने अधिकारीले स्थानीय अधिकारीले तोकिदिएको म्याद भित्र हिसाब जाँचको प्रतिवेदन स्थानीय अधिकारी समक्ष पेश गर्नुपर्नेछ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाका कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरूपयोग गरेको छ भन्ने स्थानीय अधिकारीलाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी असुल गर्न प्रचलित कानून बमोजिम कारवाही चलाउन सक्नेछ । तर प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानून बमोजिम मुद्दा चलाउनेछ ।

[२५]**१३. निर्देशन दिने** : गाउँ कार्यपालिकाको कार्यालयले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

**१४. दण्ड सजाय** :

१) दफा ३ बमोजिम दर्ता नगराई संस्था स्थापना गरेमा वा दफा ७ बमोजिम दर्ता नगरी संस्था संचालन गरेमा त्यस्ता [२६]संस्थाका प्रबन्ध संचालक समितिका सदस्यहरूलाई प्रमुखले जनहि दश हजार रूपैयाँ सम्म जरिवाना गर्न सक्नेछ ।

---

[२२]प्रथम संशोधनद्वारा संशोधित

[२३]प्रथम संशोधनद्वारा संशोधित

[२४]प्रथम संशोधनद्वारा संशोधित

[२५]प्रथम संशोधनद्वारा संशोधित

[२६]प्रथम संशोधनद्वारा संशोधित

२) [२७]दफा ९(क) बमोजिम हिसाबको विवरण नपठाएमा समितिका सदस्यहरूलाई नियम अनुसार कारवाही हुनेछ। तर कुनै सदस्यले [२८]दफा ९(क) उल्लंघन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोष हुने प्रमाण पेश गर्न सकेमा निजलाई सजाय गरिनेछैन।

[२९]३) दफा १० बमोजिम हिसाबको विवरण नपठाएमा प्रबन्ध समितिका सदस्यहरूलाई स्थानीय अधिकारीले जनही एक हजार रूपैयाँसम्म जरीवाना गर्न सक्नेछ। तर कुनै सदस्यले दफा १० उल्लंघन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोषजनक प्रमाण पेश गर्न सकेमा निजलाई सजाय गरिने छैन।

[३०]४) दफा ८ बमोजिम स्थानीय अधिकारीको स्वीकृती नलिई संस्थाको उद्देश्य हेरफेर गरेमा वा अर्को संस्थासित गाभेमा वा संस्थाले आफ्नो उद्देश्य प्रतिकुल हुने गरी काम कारवाही गरेमा वा गाउँपालिकाले दिएको निर्देशन पालन नगरेमा स्थानीय अधिकारीले त्यस्तो संस्थाको दर्ता निलम्वन गर्न वा खारेज गर्न सक्नेछ।

[३१]**१५. पुनरावेदन :** दफा १४ बमोजिम स्थानीय अधिकारीले गरेको निर्णय उपर पैंतीस दिनभित्र कार्यपालिकामा पुनरावेदन लाग्नेछ।

**१६. संस्थाको विघटन र त्यस्को परिणाम** :

(१) संस्थाको विधान बमोजिम कार्य संचालन गर्न नसकी वा अन्य कुनै कारणवश संस्था विघटन भएमा त्यस्तो संस्थाको चल अचल सम्पत्ति गाउँपालिकाको हुनेछ।

२) उपदफा (१) बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा सो संस्थाको जायजेथाले थामेसम्म त्यस्तो दायित्व गाउँपालिकाले व्यहोर्नेछ। नपुगेको अवस्थामा दामासाहीमा दिइनेछ।

**१७. नियम बनाउने अधिकार**ः यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले नियम बनाउन सक्नेछ।

---

[२७]प्रथम संशोधनद्वारा संशोधित

[२८]प्रथम संशोधनद्वारा संशोधित

[२९]प्रथम संशोधनद्वारा संशोधित

[३०]प्रथम संशोधनद्वारा संशोधित

[३१]प्रथम संशोधनद्वारा संशोधित

[32]**१८. ....................**

**१९. अन्य नेपाल ऐन बमोजिम दर्ता वा स्थापना गर्नुपर्ने** : कुनै संस्थाको दर्ता वा स्थापना गर्ने सम्बन्धमा अर्को नेपाल ऐनमा छुट्टै व्यवस्था भएकोमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो संस्था सोही ऐन बमोजिम दर्ता वा स्थापना गर्नुपर्नेछ ।

**२०. खारेजी र बचाउ** :

[33](१) संस्था रजिष्ट्रेशन ऐन, २०१६ लगायत नेपाल सरकारद्वारा संस्था दर्ता ऐन, २०३४ अनुसार दर्ता गरी यस गाउँपालिकाको भौगोलिक क्षेत्र भित्र रही सञ्चालनमा रहेका संस्था यस ऐन अन्तर्गत दर्ता भए सरह मानिनेछ ।

[34](२) यस ऐनमा माथि उल्लेख गरिएका व्यवस्था संघीय कानून र प्रादेशिक कानूनसँग बाझिएको खण्डमा बाझिएको हद सम्म स्वतः निष्कृय हुनेछ ।

(३) संघ संस्था दर्ता ऐन २०७४ अनुसार दर्ता भई फेदीखोला गाउँपालिकाको क्षेत्रभित्र कार्यक्षेत्र रहने गरी गठन संचालन भई रहेका संघ संस्था यसै ऐन अनुसार दर्ता भएको मानिनेछ ।

---

[32]प्रथम संशोधन २०७८द्वारा झिकिएका

[33]प्रथम संशोधनद्वारा संशोधित

[34]प्रथम संशोधनद्वारा संशोधित

# फेदीखोला गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४

गाउँसभाबाट पारित मिति : २०७४।१२।०८

प्रकाशित मिति : २०७५।१।१२

**प्रस्तावना :**

नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम फेदीखोला गाउँपालिकाको सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ** : (१) यो ऐनको नाम फेदीखोला गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ रहेको छ।

(२) यो ऐन फेदीखोला गाउँपालिका क्षेत्रभित्र तुरून्त लागू हुनेछ।

२. **परिभाषा** : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस- ऐनमा,

(क) "ऐन" भन्नाले फेदीखोला गाउँपालिको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले फेदीखोला गाउँ कार्यपालिका सम्झनु पर्छ।

(ग) "गाउँपालिका" भन्नाले फेदीखोला गाउँपालिका सम्फनु पर्छ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभासम्झनु पर्छ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्फनु पर्छ।

३. **नियम बनाउने अधिकार** : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त फेदीखोला गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ।

४. **निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने** : (१) संविधान, ऐन तथा यस ऐन अन्तरगत बनेको नियमावलीको अधिनमा रही फेदीखोला गाउँ कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागू गर्न सक्नेछ।

# स्थानीय स्वास्थ्य तथा सरसफाई सेवा ऐन, २०७४

गाउँसभाबाट पारित मिति : २०७४।१२।०८

प्रकाशित मिति : २०७५।१।१२

**प्रस्तावना :**

स्थानीय वासिन्दाहरूको आधारभूत स्वास्थ्य र सरसफाई सेवा प्रदान गर्ने कार्यमा गाउँपालिकाको जिम्मेवारी प्रमुख रही आएको र सो को व्यवस्थापनमा स्पष्ट कानुनी व्यवस्था गरि कार्यसम्पादन गर्न वाञ्छनीय भएकोले, ‘‘नेपालको संविधान २०७२ को धारा २२१ अनुसार सोही संविधानको अनुसूची ८ को सूची नं. ९ र १० का अधिकारहरूलाई कार्यान्वयन गर्न” तथा “स्थानीय सरकार सञ्चालन ऐन २०७४” को दफा १०२ बमोजिम फेदीखोला गाउँ सभाले यो ऐन तर्जुमा गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(क) यस ऐनलाई स्थानीय स्वास्थ्य तथा सरसफाई सेवा ऐन, २०७४ भनिने छ ।

(ख) गाउँ सभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ ।

(ग) यो ऐन फेदीखोला गाउँपालिका भरी लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) **‘‘ऐन”** भन्नाले फेदीखोला गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई सेवा ऐन २०७४ लाई सम्झनु पर्नेछ ।

(ख) **‘‘संघीय ऐन”** भन्नाले स्वास्थ्य सम्बन्धी संघीय संसदले बनाएको ऐनलाई बुझ्नु पर्दछ ।

(ग) **“कार्यपालिका”** भन्नाले फेदीखोला गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्नेछ ।

(घ) **“सरकारी वा सामुदायिक”** भन्नाले सरकारी तथा सामुदायिक स्वामित्वमा संचालन भएका सवास्थ्य संस्थालाई सम्झनु पर्दछ ।

(ङ) **“निजी”** भन्नाले सेवाको सँगसँगै नाफाको समेत उद्देश्य राखी संचालन हुने स्वास्थ्य संस्था भनेर सम्झनु पर्नेछ ।

(च) **“ट्रष्ट वा लोक कल्याणकारी”** भन्नाले ट्रष्ट वा लोक कल्याणकारी संस्थाहरू मार्फत संचालन हुने स्वास्थ्य सस्थालाई सम्झनु पर्दछ ।

(छ) **“व्यवस्थापन समिति”** भन्नाले दफा ६ अन्र्तगत बनेका स्वास्थ्य संस्थाहरूको व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

(ज) **“अनुगमन समिति”** भन्नाले दफा ५ अनुसार गाउँपालिकामा गठित स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समितिलाई सम्झनु पर्दछ ।

(झ) **“स्वास्थ्य सस्था”** भन्नाले सरकारी स्तरबाट संचालित अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीलाई सम्झनु पर्दछ ।

## परिच्छेद २

## आधारभुत स्वास्थ्य सेवा प्रदायक र व्यवस्थापन सम्बन्धी व्यवस्था

**३. आधारभूत स्वास्थ्य सेवा प्रदायकहरू** : स्थानीय स्तरमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवा पदायकहरू ३ प्रकारका हुनेछन् ।

**(क) सरकारी वा सामुदायिक** : सरकारी तथा सामुदायिक स्वामित्वमा संचालन भएका अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य केन्द्र, आयुर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्र, गाउँघर क्लिनिक, आर्युवेद केन्द्रहरू सरकारी वा सामुदायिक स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

**(ख) निजी** : निजी क्षेत्रद्वारा संचालित अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक वा क्लिनिक, प्रयोगशाला, फार्मेसीहरू निजी स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

**(ग) ट्रष्ट वा लोककल्याणकारी सस्थोहरको अधिनस्थ** : ट्रष्ट वा लोककल्याणकारी संस्थाहरूको मार्फत संचालन हुने अस्पताल, स्वास्थ्य केन्द्र, घुम्ति क्लिनिक यस अर्न्तगत पर्दछन् ।

**४. स्वास्थ्य सेवा प्रदायक सस्थोहरूको परिभाषा र आधारभूत मापदण्ड** : स्वास्थ्य सेवा प्रदायक सस्थोहरूको परिभाषा र आधारभूत मापदण्ड संघीय सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

**५. स्वास्थ्य सेवा व्यवसथापन तथा अनुगमन समिति गठन, काम, कर्तव्य र अधिकार**

(१) स्थानीय गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरूको रेखदेख र अनुगमन गर्न स्थानीय स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समितिको गठन गरिने छ। यस समितिको गठन यस प्रकार हुनेछ :

(क) स्वास्थ्य क्षेत्र हेर्ने कार्यपालिका सदस्य - अध्यक्ष

(ख) स्वास्थ्य तथा सरसफाई क्षेत्रमा कार्य गरिरहेका विज्ञहरू मध्येबाट प्रत्येक दुई वर्षमा परिवर्तन हुने गरी कार्यपालिकाले तोकेको १ जना - सदस्य

(ग) आमा समूह र स्वास्थ्य स्वयंसेविका सञ्जाल मध्येबाट कार्यपालिकाले तोकेको १ जना - सदस्य

(घ) स्वास्थ्य सस्थो व्यवस्थापन समितिका अध्यक्ष मध्ये प्रत्येक वर्ष परिवर्तन हुने गरी कार्यपालिकाले तोकेका १ जना - सदस्य

(ङ) स्वास्थ्य तथा सरसफाई शाखा प्रमुख - सदस्य सचिव

(२) स्वाथ्य सेवा व्यवस्थापन तथा अनुगमन समितिको काम, कार्तव्य र अधिकार देहाय अनुसार हुनेछ ।

(क) आफ्नो कार्यक्षेत्र भित्रको स्वास्थ्य तथा सरसफाई योजना तयार गर्ने ।

(ख) गाउँपालिका क्षेत्र भित्र स्वास्थ्य संस्था सञ्चालनका लागि अनुमति, स्वीकृति सम्बन्धी गाउँपालिकालाई आवश्यक राय प्रदान गर्ने ।

(ग) स्वास्थ्य संस्था व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरूक र सजग बनाउने ।

(घ) स्वास्थ्य सस्थाहरूको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालान गर्ने गराउने ।

(ङ) स्वास्थ्य संस्थाहरूको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने ।

(च) स्वास्थ्य विशेषज्ञहरू र स्वास्थ्य सेवा प्रदायकहरूको सूची अद्यावधिक तथा प्रकाशन गर्ने ।

(छ) स्वास्थ्य सेवाको पहुँच भन्दा बाहिर रहेका समुदायको पहिचान गरी सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित हुने प्रबन्ध गर्ने ।

(ज) गाउँ कार्यपालिकालाई स्वास्थ्य तथा सरसफाइ क्षेत्रमा आवश्यक सुझाव र सल्लाह दिने ।

(झ) तोकिए बमोनजिमका अन्य कार्यहरू गर्ने ।

**६. स्वास्थ्य संस्था व्यवस्थापन समिति गठन, काम, कर्तव्य र अधिकार**

(१) सामुदायिक अस्पताल तथा प्राथमिक स्वास्थ्य केन्द्र वा स्वास्थ्य चौकी (स्वास्थ्य संस्था व्यवस्थापन समिति) व्यवस्थापनका लागि देहाय बमोजिम सदस्य रहने गरी हरेक सस्थाको छुट्टाछुट्टै व्यवस्थापन समिति गठन गरिनेछ ।

| | |
|---|---|
| (क) गाउँपालिकाको अध्यक्ष | संरक्षक |
| | उपाध्यक्षको व्यवस्था |
| (ख) सम्बन्धित वडाध्यक्ष वा वडाध्यक्षले तोकेको वडा सदस्य | अध्यक्ष |
| (ग) अध्यक्षले मनोनित गरेको एक जना | उपाध्यक्ष |
| (घ) स्वास्थ्य क्षेत्रमा क्रियाशिल मध्ये संरक्षकबाट मनोनित महिला १ जना | सदस्य |
| (ङ) स्वास्थ्य संस्था रहेको विद्यालयको प्रध्यानाध्यापक मध्येबाट समितिले तोकेको १ जना | सदस्य |
| (च) सम्बन्धित वडाको वडा सचिव | सदस्य |
| (छ) स्थानीय औषधी व्यापारी मध्येबाट समितिले मनोनित गरेको एक जना | सदस्य |
| (ज) सम्बन्धित स्वास्थ्य संस्थाको प्रमुख (समितिबाट मनोनित) | सदस्य सचिव |
| (झ) महिला स्वयम् सेविकाहरू मध्यबाट | १ जना |

(२) स्वास्थ्य संस्था व्यवस्थापन समितिको काम, कर्तव्य निम्नानुसार हुनेछ :

(क) आफ्नो स्वास्थ्य सस्थाको वार्षिक योजना बनाई सम्बन्धित वडा समिति मार्फत गाउँपालिकामा पेश गर्ने ।

(ख) व्यवस्थापन समितिको नियमित बैठक गर्ने, स्वास्थ्य सस्थामा परेको समस्याहरूको समाधानमा आवश्यक कार्य गर्ने ।

(ग) वार्षिक समिक्षा, सामाजिक परीक्षण जस्ता मूल्यांकनका कार्यक्रम संचालन गर्ने ।

(घ) सम्बन्धित स्वास्थ्य संस्थाका कर्मचारीको प्रभावकारी परिचालनको लागि सहजीकरण गर्ने ।

(ङ) स्वास्थ्य घुम्ति शिविरहरू राख्न सम्बन्धित निकायहरूमा समन्वय गर्ने तथा व्यवस्थापन गर्ने ।

(च) केन्द्र, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धि कार्यक्रम तथा अभियानलाई सफल पार्न आवश्यक कार्य गर्ने ।

**७. बैंक खाता संचालन** : हरेक स्वास्थय सस्थाले बैंक खाता खोल्न सक्नेछ ।

(१) स्वास्थ्य संस्थाको बैंक खाता व्यवस्थापन समितिका अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको लेखा व्यवस्थापन र लेखा परीक्षण गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद ३

## स्वास्थ्य सस्था स्थापना र सञ्चालन सम्बन्धी मापदण्ड

**८. अस्पताल तथा स्वास्थ्य संस्था सञ्चालन मापदण्ड**

(१) अस्पताल : गाउँपालिका आफैले तोकिएको मापदण्डमा १५ शैया सम्म क्षमताको अस्पताल संचालन गर्न सक्नेछ । यस्तो अस्पताल सञ्चालन गर्न गाउँपालिकाले अस्पताल संचालन नियमावली तर्जुमा गरी संचालन गर्नेछ ।

(२) स्वास्थय चौकी : गाउँपालिकाले प्रत्येक वडा अर्थात जनसंख्याको अनुपातमा कम्तिमा देहायका पूर्वाधार पुरा गरी स्वास्थ्य चौकी संचालन गर्नु पर्नेछ ।

(क) जनशक्ति : स्वास्थ्य सहायक (हेल्थ असिस्टेट) १ जना, अहेब २ जना, अनमी २ जना, आवश्यकता अनुसार सहायक कर्मचारीहरू

(ख) भवन कोठा : प्रशासन कक्ष, औषधी भण्डारण तथा वितरण कक्ष, प्राथमिक उपचार कक्ष जस्ता सुविधा सहितको भवन ।

(ग) उपकरण : प्राथमिक उपचारका आधारभुत उपकरण

(३) गाउँपालिका क्षेत्र भित्र जडिबुटी, प्राकृतिक चिकित्सा, योगा, ध्यान लगायतका रोकथामुलक र वैकल्पिक चिकित्सा सेवाको प्रर्वद्धनका लागि समुदाय वा ट्रष्टहरूसँगको साझेदारीमा वा गाउँपालिका आफैले कम्तीमा एउटा आयुर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्रको स्थापना र सञ्चालन गर्नुपर्नेछ ।

**९. निजी क्षेत्रले अस्पताल संचालन गर्न सक्ने ।**

(१) गाउँपालिका क्षेत्रभित्र निजी क्षेत्र तथा ट्रष्ट वा लोक कल्याणकारी सस्थाद्वारा अस्पताल संचालन गर्न चाहेमा १५ शैया सम्मको संचालन अनुमति गाउँपालिकाले दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अस्पताल संचालन गर्न चाहने निकायले अनुमतिको लागि तोकिएको ढाँचामा गाउँपालिकामा निवेदन दिनु पर्नेछ ।

(३) स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समितिले प्राप्त निवेदन उपर छलफल तथा आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल संचालनको स्वीकृती प्रदान गर्न सक्ने गरी आशय पत्र प्रदान गर्न गाउँ कार्यपालिकालाई सिफारिस गर्नेछ ।

(४) उपदफा (३) को आधारमा गाउँ कार्यपालिकाले समय भित्र तोकिएको मापदण्ड पुरा गरेमा यस्तो अस्पताल संचालनको स्वीकृती प्रदान गर्न सकिने प्रकारको प्रदान आशय पत्र प्रदान गर्नेछ ।

(५) तोकिएको समयसीमा भित्र यसै ऐन बमोजिम तोकिएको पूर्वाधार तयार गरी स्वीकृतीका लागि गाउँ कार्यपालिकामा निवेदन दिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको निवेदन उपर आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेको ठहर भएमा अस्पताल सञ्चालनको अनुमति प्रदान गर्न सक्नेछ ।

**१०. अस्पताल संचालन गर्न आवश्यक मापदण्ड :** गाउँपालिकाको स्वीकृतीमा संचालन हुने १५ वेड सम्मको अस्पतालहरूले देहाय अनुसारको मापदण्ड पुरा गर्नुपर्नेछ ।

(१) जनशक्ति : कम्तिमा २ जना एम.वि.वि.एस. डाक्टर, कम्तिमा ४ जना स्टाफ नर्स, कम्तिमा एक जना ल्याव टेक्निसियन, रेडियोलोजिष्ट, एनथेसियन र आवश्यक मात्रामा सहायक र सहायोगी सवास्थयकर्मी

(२) भवन तथा कोठा : दर्ता चलानी, वहिरंग सेवा, इर्मजेन्सी कक्ष, प्रयोगशाला, भर्ना भएका विरामी राख्ने क्याविन, नर्सिङ कक्ष, प्रशासन कक्ष, पार्किङ

(३) उपकरण र पुर्वाधार : सडक नेटवर्कले जोडिएको, एम्बुलेन्स सेवाको उपलब्धता, विरामी राख्ने वेड र लाइफ सर्पोट सिष्टम, २४ घण्टा विद्युत र खोनपानी सेवा भएको, अक्सिजनको व्यवस्था, चिकित्सा जन्य फोहोर व्यवस्थापनको प्रणाली भएको हुनुपर्ने ।

**११. पोलिक्लिनिक सञ्चालनको अनुमति :**

(१) गाउँपालिकाले आफ्नो कार्यक्षेत्रमा कुनै व्यक्ति वा सस्थाले पोलिक्लिनिक संचालन गर्न चाहेमा तोकिएको मापदण्ड पुरा गरी स्वीकृती लिनु पर्नेछ ।

(२) पोलिक्लिनिकमा विरामी जाच्ने डाक्टरको विवरण, सञ्चालकको विवरण, संचालन हुने स्थान र उपलब्ध हुने सेवाको विवरण खोली गाउँपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

**१२. प्रयोगशाला वा ल्याबोरेटोरी संचालन** : व्यक्ति वा कुनै सस्थाले प्रयोगशाला वा ल्याबोरेटरी संचालन गर्न चाहेमा देहाय बमोजिमको विवरण सहित गाउँपालिकाबाट स्वीकृती लिनु पर्नेछ ।

(१) संचालकको विवरण र नागरिताको प्रमाणपत्र

(२) प्रयोगशाला वा ल्याबोरेटोरी संचालन गर्ने स्थान प्रमाणित भएको कागजात

(३) रेडियोलोजी वा प्याथोलाजी विषयमा न्युनतम ३ वर्ष अध्ययन गरेको व्यक्तिको प्रमाणपत्र र काम गर्न इच्छुक भएको पत्र

(४) ल्याबमा उपलब्ध हुने परीक्षणको प्रकार

(५) ल्याबमा प्रयोग हुने न्युनतम उपकरणहरूको विवरण

**१३. फार्मेसी संचालनको अनुमति**

(१) गाउँपालिका क्षेत्रभित्र फार्मेसी संचालन गर्न चाहेमा गाउँपालिकाबाट अनुमति लिनु पर्नेछ ।

(२) आधारभुत फार्मेसी शिक्षा प्राप्त व्यक्ति सञ्चालक रहने गरी फार्मेसी सञ्चालन गर्ने स्थान, विक्रि वितरण गर्ने औषधीको प्रकारहरू र प्राथमिक उपचार सेवाको विवरण आवेदनमा खुलाउनु पर्ने ।

(३) फार्मेसी सञ्चालनमा रहने मुख्य सञ्चालक र सहायक कर्मचारीहरूको विवरणहरू शैक्षिक प्रमाण पत्र, नागरिकता र हालको वसोवास ठेगाना प्रमाण भएको कागजात र वडा कार्यालयको सिफारीस साथ आवेदन पेश गर्नुपर्ने ।

(४) प्राप्त विवरण सहितको आवेदन बमोजिम फार्मेसी संचालनको अनुमति दिन सक्नेछ ।

**१४. मापदण्ड पुरा नगरेमा सजाय हुने :**

(१) स्वास्थ्य संस्था, प्रयोगशाला, फार्मेसी जस्ता स्वास्थ्य सेवा संचालनको स्वीकृती लिँदा तोकिएको मापदण्ड पुरा नभएको तर झुक्याएर विवरण दिएको वा अस्थायी रूपमा मापदण्ड पुरा गरेको पाइएमा अनुगमन समितिले सचेत गराउने, जरिवाना गराउने तथा स्वीकृती खारेजीको लागि गाउँपालिकामा सिफारिस गर्न सक्नेछ ।

(२) प्रयोगशालामा तालिम प्राप्त ल्याब टेक्निसियन बाहेकका व्यक्तिले रगत, दिशापिसाब, खकार लगायतको परीक्षणमा संलग्न भएको पाइएमा त्यस्तो प्रयोगशाला बन्द गराउन सक्ने, सञ्चालकलाई कालो सूचीमा राखी सो को आम जनतालाई जानकारी दिइने ।

(३) फार्मेसीको हकमा दर्तावाला सञ्चालक र सहयोगी बाहेक अरूले औषधी बेचेको पाइएमा सचेत गराउने, जरिवाना तिराउने देखि अनुमति खारेज गर्न सकिने ।

**१५. सहुलियत र छुटको व्यवस्था गर्नुपर्ने** : निजी लगानी र ट्रष्ट मार्फत संचालनमा आएका स्वास्थ्य संस्थाहरूले स्वास्थ्य परिक्षणका क्रममा लाग्ने शुल्क गाउँपालिकाको सिफारीसमा निश्चित प्रतिशत सेवाग्राहीहरूका लागि छुट वा मिनाह दिनु पर्नेछ।

## परिच्छेद ४
## स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वयंसेवा सम्बधी व्यवस्था

**१६. स्वास्थ्यकर्मीको व्यवस्थापन** : गाउँपालिका भित्रका सामुदायिक स्वास्थ्य संस्थाहरू मार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि ४ प्रकारका स्वास्थ्यकर्मीहरू रहने छन् :

(१) स्थायी : नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका स्वास्थ्यकर्मीहरू

(२) करार : स्थानीय माग र विशिष्टिताका आधारमा गाउँपालिका मार्फत करार सेवामा भर्ना गरिएका स्वास्थ्यकर्मीहरू

(३) अभ्यासकर्ता : स्थानीय स्तरमा खुलेका स्वास्थ्य अध्ययन संस्थानमा अध्ययनरत विद्यार्थीहरू एवं गाउँपालिकाको आंशिक वा पूर्ण छात्रवृतिमा अन्यत्र गई स्वास्थ्य शिक्षा अध्ययन गरेका विद्यार्थीहरूलाई अभ्यासकर्ता स्वास्थ्यकर्मीहरूको रूपमा गाउँपालिकाले भर्ना गर्न सक्ने छ। यस्ता अभ्यास्कर्तालाई बढीमा १ वर्षको लागि भर्ना गर्न सकिने छ।

(४) स्वास्थ्य अभियानकर्ता र स्वयंसेविका

**१७. अभियानकर्ता/स्वास्थ्य स्वयंसेविकाको व्यवस्था** : स्वास्थ्य सेवालाई घरघरको पहुँचमा पुऱ्याउन र जनचेतना फैलाउन गाउँपालिकाले पुरूष स्वास्थ्य अभियानकर्ता र महिला स्वास्थ्य स्वयंसेविकाहरू नियुक्त गर्न सक्नेछ।

(१) महिला स्वयंसेविका/पुरूष अभियानकर्ताहरू नियुक्तिका लागि २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको, शैक्षिक योग्यता न्युनतम १० कक्षा अध्ययन गरेको सम्बन्धित वडाको विवाहित महिला स्थायी रूपमा नियमित वसोवास गर्ने व्यक्ति हुनुपर्नेछ।

(२) एउटा वडामा अधिकतम संख्या १० हुने गरी औसत प्रति ५०० जनसंख्याको लागि १ जना महिला स्वयंसेविकाको सिफारिस वडा समितिले गाउँपालिका समक्ष गर्न सक्नेछ।

(३) प्रत्येक स्वयंमसेविका र अभियानकर्ताहरूले आधारभूत स्वास्थ्य सम्बन्धी ७ दिनको तालिम प्राप्त गरेको हुनुपर्नेछ। गाउँपालिका र स्वास्थ्य संस्थाहरूले आवश्यकता अनुसार तालिम अभिमुखीकरण प्रदान गर्नेछ।

(४) यसभन्दा पहिले देखि नै कार्यरत महिला स्वयंसेविकाहरू मध्ये निरक्षर र ५८ वर्ष उमेर पुगेकालाई प्रोत्साहन भत्ताको व्यवस्था गरी विदाइ गरिने छ र नयाँ नियुक्त गर्दा कम्तिमा १० कक्षा उतीर्णलाई मात्र नियुक्ति दिइने छ।

**१८. स्वास्थ्यकर्मीको सेवा सुविधा ः**

(१) स्थायी स्वास्थ्यकर्मी ः नेपाल सरकाराले तोकेको बमोजिमको तलब स्केल स्केल र स्थानीय गाउँ कार्यपालिकाले तोके बमोजिमको अन्य सेवा सुविधा हुनेछ ।

(२) करार स्वास्थ्यकर्मी ः प्रचलित तलब स्केल र दुई पक्षबीचको समभ्रदारीमा भएको करार सम्भौता बमोजिमको सेवा सुविधा उपलब्ध गराउन सकिनेछ ।

(३) स्वयंसेविका ः पोशाक, वार्षिक रूपमा सञ्चार खर्च, स्वास्थ्य संस्थालाई आवश्यकता परेको बखत काममा खटाइएमा सो दिनको पारिश्रमिक, स्वास्थ्य सेवा सम्बन्धी अभियानमा खटाइएको समयमा दिइने पारिश्रमिक जस्ता सुविधाहरू उपलब्ध गराउन सकिनेछ ।

**१९. स्वास्थ्यकर्मीको दरबन्दी निर्धारण र नियुक्ति ः** सामुदायिक वा सरकारी स्वामित्वमा स्वास्थ्य संस्थाहरूमा आवश्यक स्वास्थ्यकर्मीको दरवन्दि गाउँपालिकाले ि नर्धारण गर्ने छ ।

(१) दरवन्दी अनुसारका पदहरूमा नेपाल सरकारबाट समायोजन भई आएका स्थायी स्वास्थ्यकर्मीहरू रहने छन् । समायोजनमा नआएका कर्मचारीहरूको हकमा गाउँपालिकाले करारमा स्वास्थ्यकर्मी नियुक्ति गर्न सक्नेछ ।

(२) स्वास्थ्य सस्ंथामा कायम भएको रिक्त दरवन्दि पदमा करार नियुक्ति गर्नुपर्ने भएमा करार नियुक्ति सम्बन्धि व्यवस्था देहाय बमोजिको छनौट समितिबाट हुनेछ ः

(क) गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत -संयोजक

(ख) गाउँ कार्यपालिकाले तोकेको कम्तिमा स्नातक उतिर्ण गरको १ जना विज्ञ -सदस्य

(ग) गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख -सदस्य सचिव

(३) छनोट समितिले आफ्नो कार्यविधि आँफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**२०. कर्मचारी सरूवा ः**

(१) स्थायी स्वास्थ्यकर्मीको हकमा निजले कुनै एक स्वास्थ्य सस्ंथामा अधिकतम ५ वर्ष सेवा गरे पश्चात अर्को स्वास्थ्य संस्थामा सरूवा हुनु पर्नेछ । विशेष परिस्थिति बाहेक न्युनतम ३ वर्ष एउटै स्वास्थ्य सस्ंथामा कार्य गरेपछि मात्र सरूवा हुनेछ ।

(२) विशेष अवस्थामा बाहेक न्युनतम ३ वर्ष एकै स्वास्थ्य सस्ंथमा कार्यरत स्थायी कर्मचारीले अर्को स्वास्थ्य सस्ंथामा सरूवा हुन चाहेमा गाउँपालिकामा सरूवाका लागि निवेदन दिन सक्नेछन् । यसरी प्राप्त निवेदनको आधारमा गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई शाखाले आफ्नो क्षेत्रभित्रका कुनै पनि स्वास्थ्य सस्ंथामा सरूवा गर्न सक्नेछ ।

(३) विशेष अवस्था भन्नाले निज सो सस्ंथामा रहन नसक्ने, विषयगत दरवन्दि आवश्यक नरहेको, स्वास्थ्य समस्या, पतिपत्नी सगैं रही सेवा गर्न पाउने अवस्था वा अन्य चित्त बुझ्दो कारण समेत बुभिनेछ ।

**२१. कार्य सम्पादन करार सम्झौता गनुपर्ने :** स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्य सम्पादन करार सम्झौताको प्रकृया अवलम्वन गर्नु पर्नेछ।

(१) गाउँपालिका अध्यक्षको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले स्वास्थ्य तथा सरसफाई शाखा हेर्ने अधिकृतसँग, उक्त अधिकृतले स्वास्थ्य सस्थाका प्रमुखहरूसँग र प्रमुखले अन्य कर्मचारीहरूसँग कार्य सम्पादन करार सम्झौता गर्नु पर्नेछ।

(२) कार्य सम्पादन करार सम्झौता १ वर्षको हुनेछ। सम्झौता अनुसार काम भए नभएको मूल्यांकन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ।

(३) वार्षिक कार्य सम्पादन करारका सुचकहरू निर्धारण गर्ने कार्य स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समितिले तयार पारी गाउँ कार्यपालिकामा पेश गर्नुपर्नेछ।

**२२. कार्य सम्पादन मुल्यांकन र सजाय तथा पुरस्कार**

(१) कार्य सम्पादन करार भएका कर्मचारीहरूको कार्यसम्पादन क्षमताको आधारमा मूल्यांकन गरी कार्यसम्पादनमा राम्रो नतिजा हसिल गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने कर्मचारीलाई दण्डित गर्नु पर्दछ।

(२) कार्यसम्पादन सम्झौताको मूल्यांकन, पुरस्कार र सजाय गाउँ कार्यपालिकाले तोके बमोाजिम हुनेछ।

## परिच्छेद ५

## औषधी तथा स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण सम्बन्धी व्यवस्था

**२३. वार्षिक खरिद योजना बनाउनु पर्ने :**

(१) आफ्नो क्षेत्रभित्र वार्षिक रूपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुमान र खरीद गर्न वार्षिक खरीद योजना बनाई स्वीकृत गराउनु पर्नेछ।

(२) वार्षिक खरीद योजना स्वास्थ्य तथा सरसफाई शाखाको सहयोगमा खरीद एकाईले तयार गर्नेछ।

**२४. औषधी तथा स्वास्थ्य उपकरण खरीद :**

(१) औषधी तथा स्वास्थ्य उपकरणको खरिदका लागि गाउँपालिका स्वास्थ्य तथा सरसफाई शाखाले प्रक्रिया अगाढी बढाउने छ।

(२) औषधी तथा स्वास्थ्य उपकरणको खरीद कार्यमा सार्वजनिक खरिद ऐन र विषयगत स्थानीय कानुनहरूको प्रावधान अनुसार गर्नुपर्ने छ।

**२५. औषधी तथा स्वास्थ्य उपकरणको भण्डारण :**

(१) खरीद गरिएको औषधी तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारणको व्यवस्था गाउँपालिका स्वास्थ्य तथा सरसफाई शाखाले मिलाउने छ।

(२) स्वास्थ्य उपकरण र औषधीको खरीद चौमासिक रूपमा गर्नुपर्ने छ। खरीदको परिमाण निर्धारण सम्बन्धित वडा समितिले माग गरे बमोजिम २० प्रतिशत मा नबढाइकन गर्नुपर्ने छ।

(३) गाउँपालिकाले खरीद गरेको उपकरण र औषधीको कुल परिमाण र मुल्य खरीद मितिको १ हप्ताभित्र सार्वजनिक गर्नुपर्ने छ।

(४) सम्बन्धित सामुदायिक स्वास्थ्य सस्थाले गाउँपालिकाबाट प्राप्त गरको उपकरण र औषधी तथा औषधी विवरण सम्बन्धि विस्तृत विवरण चौमासिक रूपमा सार्वजनिक गर्ने र सम्बन्धित वडा समिति मार्फत गाउँपालिकामा बुझाउनु पर्नेछ।

## परिच्छेद ६

## स्वास्थ्य सेवाको न्युनतम मुल्य र गुणस्तर , सामाजिक सुरक्षा अनुगमन सम्बन्धी व्यवस्था

**२६. स्वास्थ्य सेवाको न्युनतम मुल्य र गुणस्तर तोक्न सक्ने :**

(१) गाउँपालिकाले स्थानीय स्तरमा सञ्चालित चिकित्साकीय उत्पादन र स्वास्थ्य सेवाहरूको न्युनतम मुल्य र गुणस्तर निर्धारण गर्न सक्नेछ। स्थानीय स्वास्थ्य सेवा अनुगमन समिति मार्फत निर्धारित गुणस्तर र मूल्य भए नभएको अनुगमन गरि सो अनूरूप कार्य गराउन निर्देशन दिनेछ।

**२७. सामाजिक सुरक्षा कार्यक्रम संचालन तथा व्यवस्थापन :**

(१) गाउँपालिकाले राष्ट्रिय र प्रादेशिक नीती अनुसार स्वास्थ्य वीमा कार्यक्रमलाई प्रभावकारी रूपमा संचालन गर्न आवश्यक सहजीकरण, जनचेतनाका कार्यक्रम तथा अभियानहरू संचालन तथा व्यवस्थापन गर्नेछ।

(२) आवश्यतानुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरू निर्माण गरि संचालन तथा व्यवस्थापन गर्नुपर्नेछ।

**२८. सरसफाई र स्वच्छताका लागि अनुगमन तथा नियमन :**

(१) स्वस्थ्य खानेपानी र खाद्य पदार्थको गुणस्तर एंव वायु तथा ध्वनी प्रदुषण नियन्त्रण गर्न स्वास्थ्य तथा सरफाई अनुगमन समितिले आवश्यक व्यवस्था मिलाउने छ।

(२) प्रदुषण बढाउने उद्योग, संस्थान वा व्यक्तिलाई सो सम्वन्धी सचेत गराउन सो बाट पर्न जाने हानी नोक्सानीको क्षतिपुर्ति गराउन सिफारीस गर्न सक्ने छ।

(३) सिफारिस बमोजिम स्थानीय कार्यपालिकाले दण्ड, जरिवाना तथा अन्य कारवाही सम्वन्धी व्यवस्था मिलाउन सक्नेछ ।

## परिच्छेद ७
## माहामारी रोकथाम, फोहरमैला व्यावस्थापन सम्वन्धी व्यवस्था

**२९. रोग तथा रोगीहरूको अभिलेख राख्नु पर्ने :**

(१) स्थानीय स्तरमा कुनै नागरिकलाई सरूवा रोग लागेमा सो को जानकारी २४ घण्टा भित्र नजिकको सामुदायिक स्वास्थ्य सस्था वा स्वयंसेविकालाई टिपोट गराउनु पर्नेछ ।

(२) कसैलाई नसर्ने रोग लागेमा सो को जानकारी ५ दिन भित्र नजिकको सामुदायिक स्वास्थ्य संस्था वा स्वस्थ्य स्वयंसेविकालाई टिपोट गराउनु पर्नेछ ।

(३) टिपोट गराइएका रोगीहरूको विवरण सम्वन्धित स्वास्थ्य संस्थाहरूले मासिक रूपमा वडा समिति र गाउँपालिकाको स्वास्थ्य सूचना प्रणालीमा दाखिला गराउनु पर्नेछ ।

**३०. माहामारी रोकथाम तथा नियन्त्रण गर्न अभियान सञ्चालन गर्नुपर्ने :**

(१) स्थानीय स्तरमा रोगको माहामारी फैलिएमा गाउँपालिकाले सोको प्रभाव क्षेत्र निर्क्यौल गरी विद्यालयहरू बन्द गर्न, अस्थायी रूपमा वस्ती खाली गर्न वा अन्यत्रका सर्वसाधरणलाई भ्रमणमा प्रतिवन्ध समेत लगाउन सक्नेछ ।

(२) यस्तो परिस्थितीमा माहामारीबाट थप क्षति हुन नदिन आवश्यक शतर्कता अपनाउने, आवश्यक जनशक्ति परिचालन गर्ने र थप जनशक्तिको लागि छिमेकी स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारमा अनुरोध गरी प्रभावकारी परिचालन गर्नुपर्नेछ ।

**३१. सुर्ती, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमन :**

(१) सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरणको लागि गाउँपालिकाबाट छुट्टै अनुमति लिनु पर्नेछ ।

(२) खाद्य पदार्थ विक्रि गर्ने पसलमा सूर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरण गर्न बन्देज लगाइने छ ।

(३) सुर्ती, मदिरा र लागू पदार्थजन्य वस्तुको विक्रि वितरण र प्रयोगमा नियन्त्रण गर्न निशेधित र खुल्ला क्षेत्रहरू तोक्न सक्नेछ । विद्यालय, सरकारी कार्यालय, हाट बजार जस्ता क्षेत्रहरूको निश्चित दुरी तोकी धुम्रपान र मदिरापान निषेध गर्नेछ ।

(४) खाद्य पदार्थसँगै सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरण गरेमा, निषेधित क्षेत्रमा धुम्रपान र मदिरा सेवन गरेमा स्थानीय प्रशासनको सहयोगमा गाउँपालिकाले कारवाही गर्न सक्नेछ ।

**३२. सरसफाइ सम्बन्धी कार्यक्रम तथा फोहोर मैला व्यवस्थापन :**

(१) गाउँपालिका स्वास्थ्य तथा सरसफाई शाखाले व्यक्तिगत, घरेलु तथा सामुदायिक सरसफाईका मापदण्ड तयार गरी प्रत्येक आर्थिक वर्षको पहिलो महिना भित्र कार्यपालिका बैठकबाट अनुमोदन गराउनु पर्नेछ ।

(२) यसरी अनुमोदन भएको मापदण्डलाई वडा कार्यालय र स्वास्थ्य सस्थाले पुरूष अभियानकर्ता र महिला स्वयंसेविकाहरू परिचालन गरी सबै घर परिवार सम्म वितरण गर्नेछन् ।

(३) घर निर्माण गर्दा शौचालयको फोहोर व्यवस्थापन गर्ने विधि र घरेलु फोहोर विसर्जन स्थानको अनिवार्य व्यवस्था भएको हुनुपर्नेछ ।

(४) एक परिवारको शौचालय, ढल र फोहोरमैला व्यवस्थित नभएको कारण अर्को परिवारमा हानी नोक्सानी पर्न गएमा सो को क्षतिपूर्ति हानी पुऱ्याउने परिवारले तिर्नुपर्ने छ ।

(५) शहरी तथा अर्ध शहरी क्षेत्रमा निष्कासित फोहोरमैला पुन प्रयोग गरी कम्पोष्ट मल बनाइएको अवस्थामा गाउँ कार्यपालिकाले प्रोत्साहन रकम प्रदान गर्न सक्ने छ ।

## परिच्छेद ८
## विविध

**३३. प्राइभेट मेडिकल कलेज, अध्ययन संस्थान र ठूला अस्पताल सञ्चालनका लागि सिफारिस :**

(१) राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरूप निजीस्तरमा मेडिकल कलेज तथा स्वास्थ्य अध्ययन सस्थान, अस्पताल वा निदान केन्द्र स्थापनाका लागि सम्बन्धित वडा र गाउँपालिकाबाट सिफारिस लिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सिफारिस लिँदा वातावरणीय प्रभाव अध्ययन गरी स्थानीय स्तरमा पर्ने नकारात्मक प्रभावहरूको न्युनीकरणका लागि कार्यक्रम र बजेट प्रस्ताव गरिएको हुनुपर्नेछ ।

(३) सिफारिसका लागि गाउँपालिका आर्थिक ऐनले तोके बमोजिमको राजश्व दस्तुर बुझाउनु पर्नेछ ।

**३४. राष्ट्रिय तथा प्रादेशिक अभियानलाई सघाउ पुऱ्याउनु पर्ने :**

स्वास्थ्य सेवा सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय मापदण्ड पुरा गर्न संघीय तथा प्रदेश सरकारले संचालन गरेको अभियानलाई गाउँपालिका स्वास्थ्य तथा सरसफाई शाखाले समन्वय गर्नेछ ।

**३५. आमा समूह, धामी झाँक्रि र आम्ची सेवाको अभिलेख अद्यावधिक गरी तिनीहरूको क्रियाकलापलाई स्वास्थ्य तथा सरसफाई शाखाले अनुगमन र नियमन गर्नेछ ।**

**३६. गाउँपालिका क्षेत्र भित्र कार्यरत स्वास्थ्य र सरसफाई सम्बन्धी सस्थाहरूले आफ्नो प्रगति विवरण त्रैमासिक रूपमा गाउँपालिका समक्ष बुझाउनु पर्नेछ।**

**३७. गाउँपालिकाले आधारभूत स्वास्थ्य तथा सरसफाई सेवा प्रदान गर्नका लागि अन्य सरकारी निकाय, निजी व्यवसायी, सामाजिक संघ/सस्था, ट्रष्ट र व्यक्तिहरूसँग विभिन्न कार्यहरूका लागि साझेदारी गर्न सक्ने छ र तिनीहरूबाट औषधी, उपकरण, विशेषज्ञ सीपहरूको सहयता प्राप्त गर्न सक्नेछ।**

३८. **पुनरावेदन** : ताकिएको अधिकारीले गरेको सजायको आदेशउपर कानून बमोजिम पुनरावेदन लाग्नेछ।

३९. **नियम बनाउने अधिकार** :

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

(२) यस ऐनको कार्यान्वयको लागि गाउँ कार्यपालिकाले आवश्यक निर्देशिका बनाई लागु गर्न सक्नेछ।

४०. **संक्रमणकालीन व्यवस्था** : यस एनले तोकिए बमोजिम हुने भनी वयवस्था गरेको काम नियमावली नआउँदा सम्म गाउँ कार्यपालिकाले गर्न सक्नेछ।

४१. **बाधा अडकाउ फुकाउने अधिकार** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा गाउँपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ। तर यस्तो आदेश गाउँ कार्यपालिकाले ६ महिना भित्रमा अनुमोदन नगरेमा स्वत निष्कृय हुनेछ।

४२. **बचाउ र लागु नहुने** :

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ।

(२) संविधानसँग बाझिएको यस ऐनका दफा तथा उपदफाहरू बाझिएको हद सम्म स्वतः निस्कृय हुनेछ।

# गाउँपालिकाको पूर्वाधार व्यवस्थापन सम्बन्धी ऐन, २०७४

गाउँसभाबाट पारित मिति : २०७४।१२।०८

प्रकाशित मिति : २०७५।१।१२

**प्रस्तावनाः**

गाउँपालिकाका क्षेत्र भित्र पूर्वाधार संरचनाको निर्माण, सञ्चालन तथा व्यवस्थापन गरी स्थानीय जनतालाई पूर्वाधार सेवा उपलब्ध गराउनको लागि आवश्यक कानूनी व्यवस्था गर्न बाञ्छनीय भएकोले नेपालको संविधानको धारा ५७ र २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम फेदीखोला गाउँ सभाले यो ऐन बनाएको छ।

**परिच्छेद १**

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "गाउँपालिकाको पूर्वाधार व्यवस्थापन सम्बन्धी ऐन, २०७४" रहेको छ।

(२) या ऐन गाउँ सभाबाट पारित हुना साथ तुरून्त प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) **"अध्यक्ष"** भन्नाले गाउँपालिकाका अध्यक्ष सम्झनुपर्छ।

(ख) **"उपाध्यक्ष"** भन्नाले गाउँपालिकाका उपाध्यक्ष सम्झनु पर्छ।

(ग) **"गाउँपालिका"** भन्नाले संविधान बमोजिम स्थापना भएका गाउँपालिका सम्झनु पर्छ।

(घ) **"कार्यपालिका"** भन्नाले गाउँपालिकाका कार्यपालिका सम्झनुपर्छ।

(ङ) **"गाउँ सभा"** भन्नाले संविधानका धारा २२२ का उपधारा (१) बमोजिमका गाउँसभा सम्झनु पर्छ।

(च) **"पूर्वाधार"** भन्नाले यस ऐनमा अनुसूची १ मा उल्लेख भए बमोजिमका विषयसँग सम्बन्धित भौतिक पूर्वाधारलाई सम्झनु पर्दछ।

(छ) **"जलश्रोत"** भन्नाले गाउँपालिका क्षेत्र भित्रका भु-सतहमा वा भूमिगत वा अन्य जुनसुकै अवस्थामा रहेका पानी सम्झनुपर्छ।

(ज) **"तोकिएका वा तोकिए बमोजिम"** भन्नाले यस ऐन बमोजिम बनेका नियमावलीमा तोकिएका वा तोकिए बमोजिम सम्झनु पर्छ।

(झ) **"उपभोक्ता संस्था"** भन्नाले पूर्वाधार सेवाबाट लाभ प्राप्त गर्ने समूह वा सामुदायिक संस्थालाई सम्झनु पर्दछ।

(ञ) **"अमानत"** भन्नाल ठेक्कामा नलगाई स्थानीय सरकार आफैंले सिधै सम्पन्न गर्ने निर्माण कार्य वा सेवा सम्बन्धी कार्य सम्झनु पर्छ।

## परिच्छेद २

## स्थानीय सडक तथा यातायात व्यवस्थापन

**३. स्थानीय सडकहरूका वर्गिकरण :**

(१) गाउँपालिकाले आफ्नो क्षेत्र भित्र सडक बिस्तार गरी यातायात सुविधा उपलब्ध गराउनका लागि आवश्यकता अनुसार सडकहरूका बर्गिकरण र बृहत्तर सडक सञ्जाल गूरूयोजना तयार गर्नेछ ।

(२) गाउँपालिका स्तरमा मूख्यतः निम्नानुसारका सडकहरू रहनेछन :

(क) **पालिका सडक :** गाउँपालिकाको सडक मध्ये र महत्वपूर्ण स्थानमा रहेको सडक पालिका सडकको रूपमा बर्गिकरण गरिनेछ । यस्ता सडकको चौडाइ न्यूनतम छ मिटर हुन पर्नेछ ।

(ख) **बस्ती सडक :** गाउँपालिकाका बस्तिहरूमा यातायातका पहुँचका लागि बनाइएका सडकहरूलाई ग्रामीण सडकको रूपमा बर्गिकरण गरिनेछ । यस्ता सडकहरू चार देखि पाँच मिटरसम्म चौडा हुनेछन ।

(ग) **कृषि सडक :** गाउँपालिका भित्रका मुख्य मुख्य कृषि उत्पादन क्षेत्र र वजारलाई जोडने सडकहरू यस अन्तर्गत पर्दछन । यसका न्यूनतम चौंडाइ ४ मिटर हुनुपर्दछ ।

(घ) **घोडेटा मुल बाटो :** मानिस र पश चौपाया मात्र हिडन १ भन्दा वढी गाउ वस्ती जोडने बाटोलाई घोडेटो मुल बाटोका रूपमा वर्गिकरण गरिने छ । यसका न्युनतम चौडाइ २ मिटरको हुनेछ ।

(ङ) **गोरेटो बाटो :** मानिस र चौपाया हिडन वस्तीबाट घोडेटो मुल बाटो वा वस्ती सडक सम्म जोडिन अधिकतम १ किमी लम्बाईका सडकलाइ गोरेटो बाटो भनिन्छ । यसका चौडाइ न्यूनतम १ मिटरको हुनेछ ।

(३) प्रत्येक स्थानीय सडकहरूका घुम्ति तथा मोडहरूमा ठूला सवारीहरूका आवागमन समेत मध्येनजर गरी निर्धारित चौडाइ भन्दा ४० प्रतिशत वढी हुनेगरी निर्माण गर्नुपर्दछ ।

**४. मापदण्ड निर्धारण गर्ने :**

(१) गाउँपालिकाले आफनो क्षेत्र भित्र निर्माण हुने सडकहरूमा यातायात सुविधा सञ्चालनको मापदण्ड तोक्न सक्नेछ ।

(२) गाउँपालिकाले आफनो क्षेत्र भित्र भएका सडकले वहन गर्न सक्ने वजन र आकारका हद तोकी त्यस्ता सडकमा त्यसरी तोकिएको हद भन्दा बढीका सवारी चलाउन नपाउने गरी निषेध गर्न सक्नेछ ।

**५. स्वीकृति नलिइ संरचना निर्माण गर्न नपाइने :**

(१) यस ऐनका दफा (३) बमोजिमका सडक र सडकका अधिकार क्षेत्र भित्र कसैल सम्बन्धित अधिकारीका स्वीकृति बिना कुन प्रकारका संरचना निर्माण गर्न वा व्यवसाय सञ्चालन गरेमा यस ऐन बमोजिम त्यस्ता संरचना भत्काउने अधिकार गाउँपालिकालाई हुनेछ ।

(२) कसैलाई कुनै कामको निमित्त सार्वजनिक सडक वा सडक सीमा खन्नु वा भत्काउनु परेमा गाउँपालिकाका कार्यालयमा भत्काउन पर्ने कारण सहित निवेदन दिनु पर्दछ । यसरी प्राप्त निवेदन बमोजिम खन्नु भत्काउनु पर्ने नपर्ने जाँच बुझ गरी खन्दा भत्काउँदा लाग्ने अनुमानित रकम सम्बन्धित सरोकारवालाबाट धरौटि लिएर मात्र गाउँपालिकाले स्वीकृति प्रदान गर्न सक्नेछ ।

३) पहिले देखि चली आएको कुनै सडकको विस्तार गर्नु परेमा उक्त सडकको दायाँ बायाँ थप जग्गा लिनु परेमा तोकिए बमोजिमको क्षतिपुर्ति सम्वन्धीत जग्गा धनीलाई दिएर मात्र सडक वा पुर्वाधार वनाउनु पर्नेछ ।

**६. सडकका आवागमनमा बाधा पुऱ्याउने नहुने :**

(१) कसैले सार्वजनिक सडकमा कुनै माल वस्तु छोडेको, राखेको वा फालेको कारणबाट त्यस्ता सडकको आवागमनलाई कुनै किसिमले बाधा पुऱ्याएको भए त्यस्तो माल वस्तु हटाउनको निमित्त सरोकारवाला व्यक्तिको नाउँमा गाउँपालिकाले आदेश जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जारी भएका आदेशको अवधिभित्र नहटाएको वा धनी पत्ता नलागेको माल वस्तुलाई सडकको छेउ लगाई राख्न वा आफना कब्जामा राख्ने गरी अन्यत्र लैजान समेत सक्नेछ ।

## परिच्छेद ३
## जलस्रोतहरूको संरक्षण र उपयोग

**७. जलश्रोतको उपयोग :**

(१) गाउँपालिका भित्र रहेका भूमिगत वा सतही जलश्रोतका अनधिकृत प्रयोगलाइ निषेध गरी सो को संरक्षण गर्ने दायित्व गाउँपालिकाको हुनेछ ।

(२) जलश्रोतका उपयोग गर्दा देहाय बमोजिमका उपयोगका लागि प्राथमिकता दिइने छ :-

क) पिउने पानी

ख) सिँचाई

ग) पानी घट्ट, औद्योगिक वा निर्माण प्रयोजन

घ) जलविद्युत

ङ) जल पर्यटन (जलक्रिडा लगायत)

(३) गाउँपालिका क्षेत्रभित्र रहेका पानीका मुहान वा श्रोतका समूचित उपयोग गर्न अधिकार गाउँपालिकालाई हुनेछ। मुहान सम्बन्धी विवादको निर्णय गर्ने अधिकार गाउँपालिकामा निहित रहनेछ।

**८. अनुमति लिन पर्ने :**

(१) यस ऐन बमोजिम अनुमति नलिई कसैल पनि व्यक्तिगत प्रयोजनका लागि बाहेक निम्नानुसार जलश्रोतका उपयोग गर्ने छैन :

(क) सार्वजनिक वा समूहगत रूपमा खानेपानी वा अन्य घरेलु प्रयोजनको लागि उपयोग गर्न,

(ख) सामुहिक रूपमा जग्गाका सिंचाइ गर्न,

(ग) व्यवसायिक वा व्यापारिक प्रयोजनको लागि प्रयोग गर्न,

(घ) जलक्रिडा जस्ता मनोरञ्जनात्मक क्रियाकलाप सञ्चालन गर्न,

(ङ) व्यवसायिक रूपमा माईक्रो हाईड्रो, पानी घट्ट सञ्चालन गर्ने,

(च) तोकिए बमोजिमका अन्य आवश्यक कार्य गर्न।

(२) जलश्रोतका सामुहिक लाभ, व्यवसायिक प्रयोग वा उपदफा (१) मा उल्लेख गरिए बमोजिमका क्रियाकलाप गर्न गाउँपालिकाको अनुमति लिनु पर्दछ।

(३) सो सम्बन्धी प्रयोजनका लागि आवश्यक परेमा सामुदायिक उपयोगका लागि उपभोक्ता संस्था मार्फत र व्यवसायिक उपयोगका लागि दर्तावाला कम्पनीले गाउँपालिका समक्ष सम्पूर्ण विवरण खुलाई निवेदन दिन पर्नेछ।

(४) उपदफा (१) मा जेसुकै लेखिएको भएतापनि नेपाल सरकारको जलश्रोतको उपयोगको राष्ट्रिय प्राथमिकता आयोजना सञ्चालन गर्न यस ऐनले बाधा पुऱ्याउने छैन।

**९. खानेपानी, सिंचाइ जस्ता जलस्रोतका सामुदायिक लाभ व्यवस्थापन :**

(१) गाउँपालिका क्षेत्र भित्र खानेपानी, सिँचाई, पानी घट्ट, लघु जलविद्युत र ताल पोखरीको लागि जलस्रोत उपयोग गर्न परेमा सम्बन्धित क्षेत्रका उपभोक्ताहरू मिली जल उपभोक्ता संस्था को गठन गरेर सो मार्फत अनुमति लिएर मात्र निर्माण र सञ्चालन गर्नुपर्नेछ। यसरी लाभ व्यवस्थापन गर्दा स्रोतका उत्पतिक आधारमा पहिलो प्राथमिकता दिने योजना व्यवस्थापन गरिने छ।

(२) यस ऐन तर्जुमा हुनुअघि संस्थागत रूपमा समूह वा संस्थाले उपयोग गरी आएका जलश्रोतलाइ यो ऐन तर्जुमा भएको ६ महिना भित्र गाउँपालिकामा दर्ता गराउनु पर्दछ।

**१०. जल उपभोक्ता संस्थाका गठन :**

(१) दफा ११ बमोजिमको लागि गठन हुने उपभोक्ता संस्थामा ९ देखि १५ जना सदस्यहरू रहन सक्नेछन। उपभोक्ता संस्थामा ३३ प्रतिशत महिला प्रतिनिधित्व हुनु पर्दछ। जसमा अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये १ जना महिला अनिवार्य हुनुपर्नेछ।

(२) यसरी गठन गर्न चाहने समूहले देहायको विवरणहरू सहित गाउँपालिकाको जलस्रोत र वातावरण हेर्न शाखा समक्ष निवेदन दिनुपर्दछ :

(क) उपभोक्ता संस्थाको विधान

(ख) मुहान दर्ता भईसकेको भए, दर्ताको प्रमाण र नभएको भए श्रोतको विवरण

(ग) सेवा क्षेत्र र लाभान्वित जनसंख्या

(घ) परियोजना विकासका लागि आवश्यक बजेट र प्राप्त हुने श्रोत

(ङ) परियोजनाबाट पर्न सक्ने सामाजिक, वातावरणीय प्रभाव

(३) उपदफा (२) बमोजिम पेश भएका निवेदन उपर छलफल र जाँचबुझ गरी गाउँपालिकाले उपभोक्ता संस्था दर्ता गर्नेछ।

(४) उपभोक्ता संस्था अभिछिन्न उत्तराधिकारवाला संस्था हुनेछ । एक पटक छानिएको संस्थाको कार्य समितिको अवधि ३ वर्षको हुनेछ। अर्को पटकको लागि ३ वर्षे म्याद सकिनु १५ दिन अगावै उपभोक्ताहरूबाट नयाँ कार्य समितिको चयन गर्नुपर्नेछ।

(५) संस्थाको कार्य सञ्चालन प्रक्रिया र विधि विधानमा तोकिए बमोजिम हुनेछ । यस संस्थाले वार्षिक लेखा परीक्षण र तिर्नुपर्ने कर फस्यौंट गर्नुपर्नेछ । गाउँपालिकाको आर्थिक ऐन र प्रदेश कानुनले तोके बमोजिमको जलस्रोत उपयोग कर तिर्नुपर्नेछ।

(६) यसरी तोकिए वमोजिम विधि प्रक्रिया अवलम्वन नगरेमा गाउँपालिकाले उपभोक्ता संस्थाको दर्ता रद्द समेत गर्न सक्नेछ।

**११. जलस्रोतका व्यवसायीक उपयोगका लागि अनुमति लिनुपर्ने :**

(१) औद्योगिक प्रयोजन, जल मनोरञ्जन, १ मेगावाट सम्मका जलविद्युत आयोजना लगायतका जलस्रोतका व्यवसायीक उपयोगका लागि सो को उपयोग गर्न प्रोप्राइटर, कम्पनी वा संस्थाले गाउँपालिकाबाट अनुमति लिनु पर्नेछ।

(२) उपदफा १ वमोजिम एक मेगावाट सम्मका जलविद्युत उत्पादन गर्नुपरेमा देहायका विवरणहरू खुलाई गाउँपालिकामा निवेदन दिनु पर्दछ।

(क) परियोजनाका विवरण,

(ख) परियोजना रहने स्थानका नक्शा (मुख्य मुख्य संचरना समेत देखिने),

(ग) पानीका स्रोत र उपयोग हुन पानीको परिमाण,

(घ) परियोजनाबाट लाभान्वित हुने उपभोक्ताहरुका संख्या र किसिम,

(ङ) परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित कुल अवधि र लागत

(च) परियोजना सञ्चालनमा पर्ने वातावरणीय जोखिमहरू (वातावरणीय प्रभाव अध्ययन प्रतिवेदन)

(३) उपदफा (२) बमोजिम परेका आवेदनमा गाउँपालिकाको वातावरण र जलस्रोत हेर्ने शाखाले आवश्यक जाँचबुझ गरी गराई दरखास्त परेका मितिल तीस दिनभित्र जलस्रोतका परिमाण, उपयोग अनुमतिका अवधि र वातावरणीय जोखिम न्यूनीकरणका शर्तहरु तोकी आवेदनकर्तालाइ अनुमति प्रदान गर्न सक्ने छ।

(४) यो ऐन प्रारम्भ हुनुभन्दा अगावै जलस्रोतको उपयोग गरिरहेको प्रोपाइटर वा संस्थाले पनि तोकिएको विवरण सहित या ऐन प्रारम्भ भएका मितिले ३ महिनाभित्र अनुमति पत्रको लागि आवेदन दिनुपर्नेछ।

(५) अनुमति पत्र प्राप्त व्यक्तिले जलस्रोतको उपयोग वापत स्थानीय र प्रदेश सरकारलाई कानुन बमोजिमको दस्तुर वा वार्षिक शुल्क बुझाउनु पर्नेछ।

(६) अनुमतिपत्र प्राप्त व्यक्तिले आफ्नो अनुमतिपत्र विक्री गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा गाउँपालिकामा उपयोग अनुमति हस्तान्तरणका लागि आवेदन दिनु पर्नेछ।

## परिच्छेद ४
## स्थानीय खानेपानी तथा सिंचाइ व्यवस्थापन सम्बन्धी व्यवस्था

**१२. स्थानीय खानेपानी बोड गठन गन सक्ने :**

(१) गाउँपालिका क्षेत्रमा खानेपानी सेवालाई नियमित, व्यवस्थित र सुलभ बनाइ भरपर्दो सेवा प्रदान गन गराउन स्थानीय खानेपानी बोर्डका स्थापना गन सक्नेछ।

(२) नेपाल सरकार, सार्वजनिक संस्थान र स्थानीय उपभोक्ता संस्थाका लागत सहभागितामा निर्माण भई सञ्चालनमा रहेका एक भन्दा बढी खानेपानी आयोजनाहरू मार्फत ५०० भन्दा बढी धाराहरूबाट खानेपानी सेवा प्रवाह गरिरहेका अवस्थामा स्थानीय खानेपानी बोर्ड बनाई सेवा प्रवाह गर्न सक्नेछन।

(३) यस प्रयोजनको लागि एक भन्दा बढी उपभोक्ता संस्थाहरूले यस्तो बोर्ड गठनका लागि गाउँपालिका समक्ष आवेदन पेश गर्नुपर्नेछ। यसरी बोर्ड गठनको लागि देहायका विवरणहरू सहित पेश गर्नु पर्दछ :-

(क) खानेपानी सेवा सञ्चालन तथा व्यवस्थापन गरिने भौगोलिक क्षेत्र,

(ख) सेवा सञ्चालन तथा व्यवस्थापन गरिने क्षेत्रभित्र रहेका खानेपानी परिमाण

(ग) उपभोक्ताको अनुमानित संख्या तथा सेवा मागका विवरण,

(घ) सेवा सञ्चालन गर्नको लागि लाग्ने अनुमानित लागत,

(ङ) सेवा सञ्चालन, व्यवस्थापन, सोका मर्मत सम्भार तथा सुधार वा सेवा विस्तारको लागि तयार गरिएको दीर्घकालीन योजना,

(च) बोर्ड आफैले वा अन्य व्यक्ति र संस्थामार्फत सेवा सञ्चालन गराउने, सो सम्बन्धी व्यहोरा,

(ज) कुनै सरकारी निकायले सञ्चालन गरिरहेका सेवा प्रणालीलाइ बोर्डमा हस्तान्तरण गरी सेवा सञ्चालन गर्न भए त्यस्ता सेवा प्रणालीसँग आबद्ध सम्पत्ति तथा दायित्व

(झ) सञ्चालन तथा व्यवस्थापनका प्रस्तावित मोडेल

(४) उपदफा (३) बमोजिम परेका निवेदन उपर जाँचबुझ गर्दा त्यस्तो बोर्ड गठन गर्नु आवश्यक देखिएमा गाउँपालिकाले माग बमोजिम बोर्ड गठन गर्न सक्नेछ ।

(५) बोर्ड अविच्छिन्न उत्तराधिकारवाला स्वशासित सँगठित संस्था हुनेछ । बोर्डले खानेपानी आयोजनाको निर्माण, विस्तार, मर्मत सम्भार, महशुल असुली, कार्यालय व्यवस्थापन लगायतका कार्य आफै गर्न सक्नेछ ।

**१३. खानेपानी तथा सिंचाईका शुल्क निर्धारणः**

(१) खानेपानीका महसूल निर्धारण गर्नका लागि देहायका सदस्यहरू भएको महसूल निर्धारण समिति गठन गर्नेछ :-

| | |
|---|---|
| (क) गाउँपालिकाको प्रमुख | अध्यक्ष |
| (ख) स्थानीय जल उपभोक्ता संस्थाहरूको प्रतिनिधि | सदस्य |
| (ग) गाउँपालिकाको लेखा प्रमुख | सदस्य सचिव |

(२) गाउँपालिकाको आर्थिक लगानीमा सम्पन्न भएका खानेपानी तथा सिंचाई आयोजनाहरू संचालन पश्चात उपभोक्ताहरूले अनिवार्य शुल्कको दायित्व बहन गर्नुपर्ने छ ।

## परिच्छेद ५

## भवन निर्माण तथा शहरी विकास सम्बन्धी कार्यहरू

**१४. स्वीकृति नलिई निर्माण तथा विकास गर्न नहुनेः**

(१) गाउँपालिका क्षेत्र भित्र व्यवस्थित, सुरक्षित र योजनाबद्ध विकासका लागि कसैले पनि गाउँपालिकाबाट स्वीकृति नलिई कुनै नयाँ भवन बनाउने, पुराना भवन भत्काइ पुनः निर्माण गर्ने, तला थप गर्ने, मोहोडा फेर्ने वा साविकको भवनमा झ्याल, ढोका, बार्दली, कौशी, दलान आदि थपघट गरी बनाउन वा सोसँग सम्बन्धित गर्नु गराउनु हुँदैन ।

(२) उपदफा (१) का प्रयोजनका लागि गाउँपालिकाले भवन निर्माण सम्बन्धी निर्देशिका र नक्सा तयार गर्नेछ ।

(३) यसरी पास गरिने नक्सा शुल्क गा.पा.ले निर्धारण गर्न सक्ने छ।

**१५. भवनको दर्ता :**

(१) गाउँपालिका भित्र निर्माण भएका सम्पूर्ण भवन तथा संरचनाहरूहरूको तोकिए बमोजिम दर्ता गराई अभिलेख तयार गरिनेछ।

**१६. भवनका डिजाइन तथा नक्सा स्वीकृति सम्बन्धी व्यवस्था :**

(१) गाउँपालिका क्षेत्रभित्र पक्कि भवन-आरसिसी स्ट्रक्चर निर्माण गर्न चाहने व्यक्ति, संस्था वा सरकारी निकायले भवन निर्माण गर्ने प्रचलित कानुन र भवन निर्माण मापदण्ड बमोजिम स्वीकृतिका लागि गाउँपालिका समक्ष दरखास्त दिँदा नक्सा साथ डिजाइन समेत पेश गर्नु पर्नेछ।

(२) आवासिय भवनका हकमा २५० बर्ग मिटर सम्मका भवन बनाउँदा ३० प्रतिशत खाली जग्गा छोडन पर्दछ। सरकारी, अर्ध सरकारी तथा व्यापारिक भवन निर्माण गर्दा ५० प्रतिशत खाली स्थान छोडन पर्दछ। सरकारी भवन, संरचना निर्माण गर्दा अपांगमैत्री हुनुपर्ने छ।

(३) सडक छेउ भवन निर्माण गर्दा सडक किनाराबाट न्यूनतम ५ फिट सेटब्याक छोडन पर्दछ।

**१७. बस्ती विकासका लागि अनुमति दिने :**

(१) गाउँपालिका भित्र कुनै व्यक्ति समूदायले जग्गालाई घडेरी प्रयोजनका लागि विकास गर्न वा यसरी विकास गरी बिक्रि गर्ने प्रयोजनबाट बस्ती विकास परियोजना सञ्चालन गर्न चाहेमा गाउँपालिका कार्यालयमा बस्ती विकासका कार्ययोजना सहित अनुमतिका लागि निवेदन दिन पर्दछ।

## परिच्छेद ६
## पूर्वाधार आयोजना निर्माण, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था

**१८. पूर्वाधार आयोजना तर्जुमा :**

(१) स्थानीय स्तरमा पूर्वाधार निर्माण, सञ्चालन र मर्मत सम्बन्धी योजना, आयोजना, परियोजना तथा कार्यक्रमहरूका विकासका लागि योजना तर्जुमा गरी गाउँसभाबाट पारित गर्नु पर्नेछ।

(२) पूर्वाधार योजना तर्जुमा क्रममा देहाय बमोजिम उल्लेख गरी आयोजनाका विवरण तयार गर्न पर्नेछ :-

(क) आयोजनाको लक्ष्य

(ख) आयोजनाबाट फाइदा पाउने जनताको संख्या र फाइदाका किसिम,
(ग) आयोजना सम्पन्न गर्दा लाग्न सक्ने खर्च र श्रोत
(घ) उपभोक्ताहरू बाट प्राप्त हुन सक्ने नगद, वस्तुगत श्रम र त्यस्तै अन्य योगदान,
(ङ) उठन सक्न सेवा शुल्क वा मर्मत सम्भार खर्च
(च) निर्माण, सञ्चालन तथा व्यवस्थापनको स्वरूप

**१९. लागत अनुमान तयार गर्नुपर्ने :**

(१) गाउँपालिकाले जुनसुकै सार्वजनिक निर्माण, मर्मत वा सुधार कार्यका लागि बजेट विनियोजन गर्नु पूर्व प्राविधिक अध्ययन सर्वेक्षण गराइ लागत अनुमान तयार गर्नु पर्नेछ।

(२) कुनै पनि निर्माण तथा मर्मत सम्भार कार्यका लागत अनुमान गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतबाट स्विकृत गराएर मात्र निर्माण कार्य अघि बढाउन पर्नेछ।

**२०. पूर्वाधार आयोजना निर्माण, सञ्चालन तथा व्यवस्थापन :**

(१) गाउँपालिका भित्र निर्माण तथा व्यवस्थापन गर्न अनुसूची १ मा उल्लेखित पूर्वाधारहरूका निर्माण, सञ्चालन तथा व्यवस्थापनका लागि देहाय बमोजिमका प्रक्रियाहरू अवलम्बन गरिनेछ :-

(क) रू. एक लाख सम्मका आयोजना वा कार्यक्रम सोझ वार्ताबाट
(ख) रू. तीस लाख सम्मका आयोजना वा कार्यक्रम उपभोक्ता समितिहरू मार्फत
(ग) रू. साठी लाख सम्मका आयोजना वा कार्यक्रम स्थानीय निर्माण व्यवसायी मार्फत
(घ) रू. साठी लाख भन्दा माथिका आयोजना वा कार्यक्रम संघीय ऐनले तोके बमोजिमका निर्माण व्यवसायी मार्फत
(ङ) निजी लगानी परिचालन भई निर्माण तथा व्यवस्थापन हुने कार्य साझेदारी मार्फत

**२१. उपभोक्ता समिति मार्फत गन सकिने :**

(१) रू. तीस लाख सम्मका निर्माण तथा मर्मत सम्भार कार्य गराउँदा सम्बन्धित लाभान्वित परिवारका सदस्यहरूका संलग्नतामा उपभोक्ता समिति गठन गरी सो समिति मार्फत गर्न सकिने छ।

(२) उपभोक्ता समितिका गठन स्थानीय लाभान्वित समुदायहरू मध्येबाट ७ देखि ११ जना सम्मका समिति गठन गरिने छ। यस्ता समितिमा न्यूनतम ३३ प्रतिशत महिला हुनुपर्ने छ।

(३) उपभोक्ता समितिको कार्यकाल सो पूर्वाधार निर्माण वा मर्मत कार्य गर्न लाग्न समयको दोब्बर हुने छ। निर्माण सकिएपछि पनि निर्माण अवधि बराबरको बाँकी समय रेखदेख र सम्भारका जिम्मेवारी समेत सोही समितिले लिनेछ।

(४) यस्तो समिति मार्फत गरिने निर्माण कार्यमा उपभोक्ताहरूले न्यूनतम ५ प्रतिशत नगद लागत सहभागिता र २० प्रतिशत श्रमदान गर्नु पर्नेछ।

(५) नगद सहभागिताको रकम सम्बन्धित उपभोक्ताहरूबाट उठाइ समितिका खातामा जम्मा भएपछि मात्र गाउँपालिकाले पहिलो किस्ता निकासा गर्नेछ।

## २२. स्थानीय निर्माण व्यवसायी दर्ता गर्ने :

(१) गाउँपालिकाले ६० लाख रुपैया सम्मका पूर्वाधार निर्माण वा मर्मत सम्बन्धी कार्य गर्ने प्रयोजनको लागि गाउँपालिका भित्र रहेका योग्यता पुगेका समूह वा व्यक्तिलाई स्थानीय निर्माण व्यवसायीका रूपमा दर्ता गर्न सक्नेछ।

(२) उपरोक्त स्थानीय निर्माण व्यवसायी हुन ईच्छुक समूह वा व्यक्तिले व्यवसाय दर्ता गर्ने प्रयोजनका लागि यस ऐन बमोजिम गाउँपालिका कार्यालयमा आवेदन दिन पर्नेछ।

(३) उपदफा (२) बमोजिम उपयुक्त देखिएका समूह वा व्यक्तिलाइ सम्बन्धित गाउँपालिकामा निर्माण कार्य गर्न ईजाजत सहितको व्यवसाय दर्ताका प्रमाणपत्र प्रदान गर्नेछ।

(४) उपदफा (२) बमोजिम दिइएका निर्माण ब्यवसाय दर्ताका अभिलेख अद्यावधिक गराई राख्न पर्नेछ। उपदफा (२) बमोजिम का स्थानीय निर्माण व्यवसायीहरूले आफनो दर्ता प्रमाणपत्रको हरेक आर्थिक वर्षको पहिलो ३ महिना भित्र नवीकरण गराउनु पर्दछ।

(५) स्थानीय निर्माण व्यवसायी हुन देहायका योग्यता हुनुपर्ने छ :

(क) न्यूनतम रू. २ लाख सम्मका चालु पूँजी देखाइ गाउँपालिकामा व्यवसाय दर्ता भएको

(ख) व्यक्ति वा व्यवसायको नाममा गत आर्थिक वर्षमा न्यूनतम रू. ५ लाख सम्म वैंकीङ कारोबार गरेको

(ग) आफ्नो वा एकाघरको स्वामित्वमा रू. ३ लाख सम्मको निर्माण उपकरण चालु हालतमा रहेको।

## २३. स्थानीय निर्माण व्यवसायी बाट पूर्वाधार निर्माण गराइने :

(१) गाउँपालिकाले दफा २२ बमोजिमको स्थानीय निर्माण व्यवसायीहरू मार्फत रू. साठी लाख सम्मका काम गराउन सक्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि आपसी प्रतिस्पर्धाका आधारमा छनोट गर्न सक्नेछ।

(३) गाउँपालिकामा दर्ता भएका व्यवसायीहरू मध्येबाट निर्माण कार्यका लागि देहायका व्यवस्था हुनेछ :

क) रित पूर्वक गाउँपालिकाको संक्षिप्त सूचीमा सूचिकृत व्यवसायीहरू मध्येबाट १५ दिनका सूचना दिई प्रस्ताव माग गर्न सकिने ।

ख) प्रस्ताव माग गर्दा सम्बन्धित काम वा सेवाका प्रकृति, परिमाण, लाग्ने रकम र अन्य आवश्यक कुराहरू खुलाउन पर्ने ।

ग) न्यूनतम कबोल गर्ने व्यवसायीलाई आवेदनको म्याद समाप्त भएका ७ दिनभित्र सम्झौताका लागि आव्हान गर्ने ।

घ) छानिएका व्यवसायीले कबोल रकमका १५% बैंक ग्यारेन्टी सहित सम्झौताका लागि आउनु पर्ने ।

(४) स्थानीय निर्माण व्यवसायीले पाएको काम आफैले सम्पन्न गर्न पर्नेछ र कुनै अन्य निर्माण व्यवसायीसँग उपकरार गर्न सकिने छैन । कुनै कारण बस आफैँले समयमा सो काम सम्पन्न गर्न नसक्ने भएमा सो कुराको सूचना गाउँपालिकालाई दिन पर्नेछ । त्यसरी सूचना प्राप्त भएमा गाउँपालिकाले सो सम्बन्धमा जाँच गरी सो सम्झौता तोडी बाँकी काम नियमानुसार गराउनु पर्दछ ।

(५) स्थानीय निर्माण व्यवसायीले सम्पन्न गरेको प्रत्येक सार्वजनिक निर्माण कार्यको विवरण त्यस्ता कार्य सम्पन्न गरेको प्रमाणपत्र प्राप्त गरेको मितिले पैंतीस दिनभित्र गाउँपालिका कार्यालयमा पेश गर्न पर्दछ ।

**२४. पूर्वाधार मर्मत संभार कोष :**

(१) गाउँपालिका भित्र रहेको गाउँ स्तरिय वा केन्द्र/प्रदेश स्तरीय पूर्वाधारहरूको नियमित तथा आवश्यकता अनुसारको मर्मत गरी सेवा सुचारू गर्न पूर्वाधार मर्मत कोषको स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको कोषमा पूर्वाधार संरचना सडक, खानेपानी ईत्यादिबाट प्राप्त रोयल्टि रकमको प्रति १० प्रतिशत रकम दाखिला गरिनेछ ।

## परिच्छेद ७

## पूर्वाधार अनुगमन तथा मष्ठ्ल्याङ्कन सम्बन्धी व्यवस्था

**२५. पूर्वाधार अनुगमन समितिको गठन :**

(१) गाउँपालिका क्षेत्र भित्र नेपाल सरकार र प्रदेश सरकारको कार्यक्रम अन्तर्गत निर्माण हुन ठूला आयोजना तथा गाउँपालिकाका आफनै बजेटबाट निर्माण हुन ३० लाख भन्दा माथि लागत हुने पूर्वाधार निर्माण एव मर्मतसम्भार कार्यहरूको गुणस्तर र समयवद्ध प्रगति

अनुगमन गर्नका लागि सम्बन्धित क्षेत्रका लाभान्वित परिवारका सदस्यहरू सम्मिलित एक पूर्वाधार अनुगमन समिति गठन गरिनेछ ।

(२) पूर्वाधार अनुगमन समितिका गठन देहाय बमोजिम हुनेछ :

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ग) पूर्वाधारका मख्य काम हुन वडाका वडाध्यक्ष | सदस्य |
| (घ) स्थानीय विज्ञहरू मध्य कार्यपालिकाले तोकोको एक महिला सहित २ जना | सदस्य |
| (ङ) पूर्वाधार विकास समितिको संयोजक | सदस्य |
| (च) गाउँपालिकाका भौतिक पूर्वाधार शाखा प्रमुख | सदस्य सचिव |

**२६. समितिको बैठक र निर्णय :**

(१) समितिका बैठक आवश्यकतानुसार बस्नेछ ।

(२) समितिका बैठक समितिका अध्यक्षल तोकेका मिति, समय र स्थानमा बस्नेछ ।

**२७. अनुगमन पश्चात निर्देशन दिन सक्ने :**

(१) पूर्वाधार अनुगमन समितिल निर्माण वा मर्मत कार्य गर्ने निकाय बाट सा कार्यको प्रस्तावित गुणस्तर र समयवद्ध प्रगति तालिका प्राप्त गरी सो बमोजिम अनुगमन गरेर निर्माण व्यवसायीलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) केन्द्र र प्रदेश स्तरीय पूर्वाधार आयोजनाहरूका निर्माण र सञ्चालनको अवस्थाबारे सुझाव र सिफारिश गर्ने दायित्व समितिको हुनेछ ।

**२८. सहमति दिनुपर्ने :**

गाउँपालिका आफैंल सञ्चालन गर्ने ३० लाख माथि लागत भएका पूर्वाधारहरूको निर्माण सम्पन्नता पश्चात निर्माण व्यवसायीलाई अन्तिम किस्ता भुक्तानी गर्न अनुगमन समितिको सहमति दिनु पर्नेछ ।

**२९. कारबाहीको सिफारिस गर्न सक्ने :**

गाउँपालिका क्षेत्रभित्र निर्माण काय भइरहेको प्रदेश सरकार वा नेपाल सरकार अन्तर्गतको पूर्वाधार आयोजना अनुगमन गर्दा गुणस्तरमा कमजोरी भएको खण्डमा वा निर्माण व्यवसायीक लापरबाहीको कारण निर्धारित समयभित्रको प्रगति नदेखिएमा अनुगमन समितिले सम्बन्धित निर्माण ब्यवसायीलाइ कारबाहीको लागि प्रदेश वा नेपाल सरकार समक्ष सिफारिस गर्न सक्ने

र आफनो गाउँपालिका भित्र उक्त व्यवसायीलाई आगामी दिनमा काम नदिने व्यवस्थाका लागि सिफारिस गर्न सक्नेछ ।

**३०. कालो सूचीमा राख्ने :**

(१) देहायका अवस्थामा गाउँपालिका कार्यालयले सवै प्रकारको निर्माण व्यवसायीलाई भविष्यमा निर्माण काय नदिन गरी काला सूचीमा राख्न सक्नेछ :

(क) कुनै फौजदारी कसूरमा अदालतबाट दोषी ठहर भएमा,

(ख) पूर्वाधार निर्माणको लागि छनौट भइ सम्झौता गरेर ४५ दिन सम्म काम शुरू नगरेमा,

(ग) सम्झौता अनुरूपका दायित्व पालना नगरेका वा सम्झौता बमोजिमका गुणस्तर नभएका कुरा पछि प्रमाणित भएमा,

(घ) योग्यताको कागजात पेश गर्दा ढाँटी वा झुक्याई खरिद सम्झौता गरेका प्रमाणित हुन आएमा,

(ङ) डर त्रास वा धम्की दिइ खरिद प्रक्रियालाइ प्रभावित पर्ने कार्य गरेमा

(च) अन्य यस्तो कुनै कसूर गरेमा

(२) उपरोक्त बमोजिम कालो सूचीमा राख्दा कसूरको गाम्भिर्यताको आधारमा कालो सूचीको अवधी तोक्न सकिनेछ ।

**३१. प्राविधिक मूल्याङ्कन गर्नु पर्ने :**

(१) गाउँपालिका भित्र निर्माण भएको भौतिक पूर्वाधारहरूको प्राविधिक मष्ठ्ल्याङ्कन गरी पूर्वाधारको गुणस्तर सुनिश्चित गरिनेछ ।

(२) उपदफा (१) बमोजिम प्राविधिक जाँचको लागि आवश्यक प्रयोगशालाको व्यवस्थापन गर्न सकिनेछ ।

## परिच्छेद ८

## सार्वजनिक निजी साझेदारीमा पूर्वाचार संरचनाका निर्माण तथा सञ्चालन

**३२ निजी साझेदारीमा पूर्वाधारका विकास गर्न सक्ने :**

(१) यस ऐन बमोजिम कुन व्यक्ति, स्थानीय निर्माण व्यवसायी, संस्था वा कम्पनीसँग गाउँपालिकाले खानेपानी, विद्युत, सडक, सरसफाइसँग सम्बन्धित संरचना वा पूर्वाधारहरूका निर्माण, सञ्चालन तथा व्यवस्थापनमा निजी लगानी कर्तासँग साझोदारी गर्न सक्नेछ ।

(२) उपदफा (१) का प्रयोजनको लागि गाउँपालिकाले पूर्वाधारका अवस्था, आवश्यकता र उपयोगिताका आधारमा देहाय बमोजिमको विभिन्न मोडेलहरू अवलम्बन गरी नीजि

साझेदारसँग लगानी प्राप्त गर्न र प्रतिफल बाँडफाँड गर्नेगरी निश्चित अवधिको लागि सम्झौता गर्न सक्नेछ :-

(क) सञ्चालन तथा व्यवस्थापन : अधिकतम ५ वर्षका लागि

(ख) निर्माण, सञ्चालन तथा हस्तान्तरण : ७ देखि १५ वर्षका लागि

(ग) निर्माण, स्वामित्वकरण, सञ्चालन तथा हस्तान्तरण : १५ देखि २० वर्षका लागि

(घ) लिज वा कन्सेसन : सम्झौतामा तोकिए बमोजिम वा अधिकतम २२ वर्ष ।

**३३. प्रस्ताव आव्हान गर्न सक्ने :**

(१) गाउँपालिकाले पूर्वाधार संरचनाहरूको निर्माण वा मौजुदा संरचनाहरूको सञ्चालन तथा व्यवस्थापनका लागि मनसायपत्र वा प्रस्ताव आव्हान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्न चाहने व्यक्ति, संस्था वा नीजि व्यवसायीले साझेदारीको स्वरूपका आधारमा देहायका विवरणहरू खोली प्रस्ताव पेश गन पर्दछ :-

(क) निर्माण गर्न पर्ने वा सञ्चालन गर्न पर्ने पूर्वाधारको विवरण

(ख) अनुमानित लागत

(ग) बित्तिय श्रोत

(ग) वातावरणीय प्रतिवेदन (आवश्यक भएको अवस्थामा)

(घ) कार्यान्वयनको विवरण

(ङ) परियोजना कार्यान्वयन गर्दा सम्भावित जोखिम र जोखिम न्यून गर्न प्रस्तावित उपायहरू,

(च) परियोजनाको नक्सा तथा ड्रइङ, डिजाईन

(छ) प्रस्तावित शुल्क र करार अवधी

**३४. प्रस्ताव छनौट र सम्झौता :**

(१) प्राप्त भएका प्रस्ताव उपर गाउँपालिकाले विज्ञ टोलीद्धारा तपसीलका आधारहरूमा मूल्याङ्कन गराइ प्रस्ताव छनोट गर्न सक्ने छ :

(क) पूर्वाधारबाट उपलब्ध हुने सुविधाको स्तर र गुणस्तर

(ख) प्रस्तावित निजी लगानी

(ग) सेवा शुल्क र रोयल्टि रकम

(घ) लिज अवधी

(ङ) प्रविधीको नौलोपन, स्थानीय रोजगारीको अवसर वृद्धि

(२) उपदफा (१) मा उल्लेखित आधारहरूबाट उपयुक्त देखिएको प्रस्तावक सँग गाउँपालिकाले अवधि किटान गरी साझेदारी सम्झौता गर्न सक्नेछ ।

**३५. संचालन तथा व्यवस्थापन :**

(१) सम्झौता अवधिभरी पूर्वाधार संरचनाको संचालन तथा व्यवस्थापनको दायित्व सम्बन्धित साझेदारको हुनेछ । सम्झौतमा हेरफेर गर्नुपरेमा निजी साझेदार वा गाउपालिकाको तर्फबाट एक अर्कालाई प्रस्ताव गर्नुपर्ने र आपसी समझदारीबाट बुँदाहरूमा हेरफेर हुन सक्नेछ ।

## परिच्छेद ९
## वातावरण, भूसंरक्षण तथा वैकल्पिक उर्जा

**३६. वातावणीय प्रभाव मष्ठ्ल्याङ्कन सम्बन्धी व्यवस्था :**

(१) गाउँपालिकाले ६० लाख देखि १० करोड सम्म लागत भएका पूर्वाधार आयोजनाहरूको वातावरणीय परिक्षण र १० करोड भन्दा माथिको लागत भएको पूर्वाधारहरूमा वातावरण प्रभाव मूल्यांकन गराउनु पर्नेछ ।

(२) आयोजनाको वातावरणीय परीक्षण र स्वीकृति गाउँपालिका स्वयंल गर्न सक्नेछ ।

(३) वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृतिका लागि सो को प्रतिलिपि गाउँ पालिकाको सार्वजनिक सूचना पाटीमा टाँस गरी १५ दिनका म्याद सहित सुझाब माग गर्न पर्नेछ ।

**३७. बैकल्पिक ऊर्जालाई प्रोत्साहन :** पूर्वाधार सेवा सुविधाका निर्माण तथा विस्तारमा बैकल्पिक उर्जालाई प्रोत्साहन गर्नुपर्नेछ ।

(१) कुनै घरमा सोलार, वायोग्याँस, सुधारिएको चुल्हो लगायतका वैकल्पिक उर्जा जडान गर्नुअघि वडा कार्यालय मार्फत गाउँपालिकामा जानकारी गराउनु पर्नेछ । यसरी जानकारी नगराएमा सरकारबाट पाउने अनुदान वा सहयोग दिइने छैन ।

(२) घरेलु शौचालयलाई बायोग्याँस उत्पादनमा प्रयोग गर्न वा सेप्टिक टैंकी वनाउन घरधुरीलाई गाउँपालिकाले सम्पत्ति कर वा मालपोतमा १० प्रतिशत सम्म छुट दिन सक्नेछ ।

**३८. भूक्षय नियन्त्रण सम्बन्धी कार्य गर्न सक्ने :**

(१) गाउँपालिका भित्रका भूक्षय ग्रस्त सार्वजनिक जग्गा, पाखो, खोला किनार वा सडक किनारामा वाँस तथा फलफूलजन्य वनस्पतिका रोपण गर्न स्थानीय समूदायलाई अनुमति दिन सक्नेछ ।

(२) यस्ता कार्यका लागि सम्वन्धित क्षेत्रका व्यक्ति वा समूहले स्थान तोकी वृक्षारोपणको लागि गाउँपालिका समक्ष निवेदन दिन सक्नेछ ।

(३) वृक्षारोपणको लागि प्रस्तावित क्षेत्र ब्यक्तिले चर्चेको जमिन वा अन्य सार्वजनिक आवागमनमा बाधा पुर्‍याउने खालको हुनु हुँदैन ।

(४) प्रस्तावित स्थल उपयुक्त देखेमा गाउँपालिकाले अधिकतम १५ वर्षको लागि वृक्षारोपण गर्न र सो को उत्पादन उपयोग गर्न अनुमति प्रदान गर्नेछ ।

(५) उपरोक्त बमोजिम अनुमति दिँदा सडक छेउको हकमा सम्बन्धित संधियारलाई प्राथमिकता दिन पर्नेछ ।

**३९. फोहरमैला तथा फोहर पानी व्यवस्थापन :**

(१) गाउँपालिका भित्र उत्सर्जन हुने ठोस तथा तरल फोहरहरूलाई यथोचित व्यवस्थापनको लागि व्यवस्थित कार्य योजना तर्जुमा बनाउनु पर्नेछ ।

(२) गाउँपालिका भित्र फोहरमैला व्यवस्थापनका लागि ल्याण्ड फिल्ड साईट निर्माण गर्न अन्य गाउँपालिका सँग समन्वय गर्न सक्नेछ ।

## परिच्छेद १०
## विविध

**४० अन्तर स्थानीय समन्वय :**

(१) एक भन्दा बढी गाउँपालिका जोडिन वा सरोकार राख्न पूर्वाधार निर्माण तथा मर्मत कार्यका लागि गाउँ कार्यपालिकाबाट अनुमोदन गराई गर्नु पर्नेछ ।

**४१. प्रचलित कानून बमोजिम हुने :** यस ऐनमा लेखिएका विषयमा यस ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

**४२. नियम बनाउन सक्ने :** यस ऐनका उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम, निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ ।

**४३. बचाऊ :** यस ऐनको उद्देश्य तथा विषय क्षेत्रमा प्रचलित नेपाल कानून बमोजिम यस अघि भएका कार्यहरू यस ऐन बमोजिम भएको मानिनेछ ।

## अनुसूची (१)

दफा .... सँग सम्बन्धित

(क) स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिंचाइ सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन

(ख) स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, झोलुङ्ग पुल, पुल पुलेसा, सिंचाइ र तटबन्द सम्बन्धी स्थानीय तहका गुरूयोजना तर्जुमा, निर्माण/स्तरोन्नतीका आयोजना पहिचान, अध्ययन, कार्यान्वयवन, मर्मत सम्भार र नियमन

(ग) स्थानीय स्तरमा ट्रली बस, ट्राम जस्ता मध्यम स्तरका मास ट्रान्जिट प्रणालीका नीति, मापदण्ड, योजना, कार्यान्वयन र नियमन

(घ) राष्ट्रिय रेल पूर्वाधारका उपयोग गरी महानगरीय (मेट्रोसिटी) क्षेत्रभित्र शहरी रेल सेवा संचालन, व्यवस्थापन, मर्मत सम्भार, समन्वय, सहकार्य

(ङ) स्थानीय स्तरमा यातायात सुरक्षा व्यवस्थापन र नियमन

(च) स्थानीय खानेपानी सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयवन र नियमन

(छ) खानेपानी महशुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन सम्बन्धी

(ज) साना जलविद्युत आयोजना सम्बन्धी स्थानीय स्तरका नीति, कानन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयवन र नियमन

(ट) स्थानीय खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक उजा सम्बन्धी नीति, कानून, मापदण्ड र योजना, कार्यान्वयवन र नियमन

(ठ) स्थानीय विद्युत वितरण प्रणाली र सेवाका व्यवस्थापन, संचालन र नियमन

(ड) स्थानीय साना सतह तथा भूमिगत सिंचाइ प्रणालीका संचालनर र मर्मत सम्भार, सेवा शुल्क निर्धारण र संकलन व्यवस्थापन

(ढ) स्थानीय तटबन्द नदी पहिरा नियन्त्रण तथा नदी व्यवस्थापन र नियमन

(ण) स्थानीय स्तरमा वैकल्पिक उजा सम्बन्धी नीति, कानन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयवन र नियमन

(त) स्थानीय स्तरमा वैकल्पिक उजा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिवृद्धी तथा प्रवर्द्धन

# फेदीखोला गाउँपालिकाको न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७५

गाउँसभाबाट पारित मिति : २०७५।०३।१०
प्रकाशित मिति : २०७५।०३।१८

**प्रस्तावनाः** न्यायिक समितिले प्रचलित कानून बमोजिम उजुरीको कारवाही र किनारा गर्दा अपनाउनुपर्ने कार्यविधि तय गरी स्पष्टता, एकरूपता एवं पारदर्शिता कायम गरी कानूनको शासन तथा न्याय प्रतिको जनविश्वास कायम राखीरहनको लागि प्रचलनमा रहेको संघीय कानूनमा भए देखि बाहेक थप कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२१ को उपधारा (१) बमोजिम फेदीखोला गाउँपालिकाको मिति २०७५/०३/१० गतेको गाउँसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम " फेदीखोला गाउँपालिका न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(**क**) "उजुरी" भन्नाले समिति समक्ष परेको उजुरीबाट शुरु भएको प्रचलित कानून बमोजिम समितिले कारबाही र किनारा गर्ने उजुरी सम्झनुपर्छ ।

**(ख)** "खाम्ने" भन्नाले तोकीएको सम्पत्तिको मूल्याङ्कन गरिदा भ्याउने हदलाई सम्झनु पर्दछ ।

**(ग)** "चलन चलाईदिने" भन्नाले निर्णय पश्चात हक अधिकार प्राप्त भएको व्यक्तिलाई कुनै वस्तु वा सम्पत्ति भोग गर्न दिने कार्यलाई सम्झनुपर्दछ ।

**(घ)** "जमानत" भन्नाले कुनै व्यक्ति वा सम्पत्तिलाई न्यायिक समितिले चाहेको वखतमा उपस्थित वा हाजिर गराउन लिएको जिम्मा वा उत्तरदायित्वलाई सम्झनुपर्दछ ।

**(ङ)** "तामेली" भन्नाले न्यायिक समितिको क्षेत्राधिकार भित्रका विवादहरुमा सम्वन्धित पक्षलाई वुझाईने म्याद, सूचना, आदेश, पूर्जी वा जानकारी पत्र रितपूर्वक वुझाउने कार्यलाई सम्झनुपर्छ ।

**(च)** "तायदात" भन्नाले सम्पत्तिको विवरण वा गन्ती गरेको संख्या जनिने व्यहोरा वा सम्पत्तिको फाँटवारी वा लगतलाई सम्झनुपर्दछ ।

**(छ)** "तोकीएको" वा "तोकीए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकीए बमोजिम सम्झनुपर्छ ।

**(ज)** "दरपीठ" भन्नाले न्यायिक समिति समक्ष पेश हुन आएका कुनै कागजपत्रको सम्बन्धमा रित नपुगे वा कानूनले दर्ता नहुने वा नलाग्ने भएमा त्यसको पछाडि पट्टि सोको कारण र अवस्था जनाई अधिकारप्राप्त अधिकारीले लेखीदिने निर्देशन वा व्यहोरालाई सम्झनुपर्दछ ।

(झ) “नामेसी” भन्नाले कुनै व्यक्तिको नाम, थर र वतन समेतको विस्तृत विवरण खुलाइएको व्यहोरालाई सम्झनुपर्दछ ।

(ञ) “नालिश” भन्नाले कुनै विवादको विषयमा दफा ८ बमोजिम दिएको उजुरी, निवेदन वा फिराद सम्झनुपर्छ ।

(ट) “निर्णय किताब” भन्नाले समितिले उजुरीमा गरेको निर्णयको अभिलेख राख्नको लागि खडा गरेको उजुरीमा निर्णय गरेको व्यहोरा र त्यसको आधार तथा कारणको संक्षिप्त उल्लेख भएको किताब सम्झनुपर्छ ।

(ठ) “पञ्चकृति मोल” भन्नाले पञ्च भलाद्मीले सम्पत्तिको स्थलगत तथा स्थानीय अवलोकन मूल्याङ्कन गरी विक्री वितरण हुनसक्ने उचित ठहराएर निश्चित गरेको मुल्यलाई सम्झनुपर्दछ ।

(ड) “पेशी” भन्नाले न्यायिक समिति समक्ष निर्णयार्थ पेश हुने विवादहरुमा पक्षहरुलाई उपस्थित गराइ सुनुवाइ गर्ने कामलाई सम्झनुपर्दछ ।

(ढ) “प्रतिवादी” भन्नाले वादीले जसका उपर उजुरी दर्ता गर्दछ सो व्यक्ति वा संस्था सम्झनुपर्छ ।

(ण) “वकपत्र” भन्नाले विवाद सम्बन्धमा जानकार भई साक्षीको रुपमा व्यक्त गरेका कुरा लेखीने वा लेखीएको कागजलाई सम्झनुपर्छ ।

(त) “बन्द ईजलास” भन्नाले न्यायिक समिति अन्तर्गत निरुपण हुने विवादहरु मध्ये गोप्य प्रकृतिको विवाद भएको र सम्वद्ध पक्षहरु बिच गोपनियता कायम गर्न आवश्यक देखिएमा सम्बद्ध पक्षहरु मात्र सहभागी हुनेगरी प्रबन्ध गरिएको सुनुवाई कक्षलाई सम्झनुपर्छ ।

(थ) “वादी” भन्नाले कसै उपर समिति समक्ष उजुरी दर्ता गर्ने व्यक्ति वा संस्था सम्झनुपर्छ ।

(द) “मूल्तवी” भन्नाले न्यायिक समिति अन्तर्गत विचाराधीन मुद्धा अन्य अड्डा अदालतमा समेत विचाराधिन भईरहेको अवस्थामा न्यायिक समितिले निर्णय गर्दा अन्य विचाराधिन मुद्धामा प्रभावित हुने देखिएमा प्रभाव पार्ने मुद्धाको फैसला नभएसम्म प्रभावित हुने मुद्दा स्थगित गर्ने कार्यलाई सम्झनुपर्छ ।

(ध) “लगापात” भन्नाले घरजग्गा र त्यससँग अन्तरनिहित टहरा, बोट बिरुवा, खुल्ला जमिन र त्यसमा रहेका सबैखाले संरचना वा चर्चेको जग्गा, छेउछाउ, सेरोफेरो र सम्पूर्ण अवयवलाई सम्झनुपर्दछ ।

(न) “सदरस्याहा” भन्नाले धरौटीमा रहेको रकमको लगत कट्टा गरी आम्दानीमा बाँध्ने कार्यलाई सम्झनुपर्छ ।

(प) “सभा” भन्नाले गाउँसभा सम्झनुपर्छ ।

(फ) “समिति” भन्नाले न्यायिक समिति सम्झनुपर्छ र सो शव्दले स्थानीय ऐनको दफा ४८ को उपदफा (६) बमोजिमको समितिलाई समेत जनाउनेछ ।

**(ब)** “साल बसाली” भन्नाले हरेक वर्षको लागि छुट्टा छुट्टै हुने गरी प्रतिवर्षको निमित्त स्थायी रुपमा तय गरिएको शर्त सम्झनुपर्छ ।

**(भ)** **“स्थानीय ऐन”** भन्नाले “स्थानीय सरकार सञ्चालन ऐन, २०७४” सम्झनुपर्छ ।

**(म)** "संविधान" भन्नाले नेपालको संविधान सम्झनुपर्छ ।

## परिच्छेद-२
## समितिको अधिकार

३. **उजुरीमा निर्णय सम्बन्धी कामः** समितिमा दर्ता भएका उजुरी वा उजुरीको निर्णय गर्ने वा दर्ता भएको नालिश वा उजुरीको कुनै व्यहोराले लगत कट्टा गर्ने अधिकार समितिलाई मात्र हुनेछ ।

४. **निर्णय सम्बन्धी बाहेक अन्य कामः** (१) दफा ३ मा उल्लेख भएको वा प्रचलित कानूनले समिति वा समितिको सदस्यले नै गर्ने भन्ने व्यवस्था गरेको वा कार्यको प्रकृतिले समिति वा समितिको सदस्यले नै गर्नुपर्ने स्पष्ट भैरहेको देखि बाहेकको अन्य कार्यहरू यस ऐनमा तोकीएको कर्मचारी र त्यसरी नतोकीएकोमा समितिले निर्णय गरी तोकेको वा अधिकार प्रदान गरेको कर्मचारीले गर्नुपर्नेछ ।

(२) तोकीएको शाखा प्रमुख वा तोकीएका अन्य कर्मचारीले यस ऐन र प्रचलित कानून बमोजिम तोकीएको काम गर्दा समितिको संयोजक वा समितिले तोकेको सदस्यको प्रत्यक्ष निर्देशन, देखदेख र नियन्त्रणमा रही गर्नुपर्नेछ ।

५. **यस ऐन बमोजिम कार्यविधि अवलम्बन गर्नुपर्नेः** समितिले उजुरी वा उजुरीको कारबाही र किनारा गर्दा प्रचलित र सम्बन्धित संघीय कानूनमा स्पष्ट उल्लेख भए देखि बाहेक यस ऐन बमोजिमको कार्यविधि अवलम्बन गर्नुपर्नेछ ।

६. **समितिले हेर्नेः** समितिलाई देहाय बमोजिमको उजुरीहरूमा कारवाही र किनारा गर्ने अधिकार रहनेछः

(क) स्थानीय ऐनको दफा ४७ अन्तर्गतको उजुरी,

(ख) मेलमिलाप ऐन, २०६८ अनुसार मेलमिलापको लागि गाउँपालिकामा प्रेषित उजुरी,

(ग) संविधानको अनुसूची-८ अन्तर्गतको एकल अधिकारअन्तर्गत सभाले बनाएको कानून बमोजिम निरूपण हुने गरी सिर्जित उजुरी, तथा

(घ) प्रचलित कानूनले गाउँपालिकाले हेर्ने भनी तोकेका उजुरीहरू ।

७. **समितिको क्षेत्राधिकारः** समितिले दफा ६ अन्तर्गतका मध्ये देहाय बमोजिमका उजुरीहरूमा मात्र क्षेत्राधिकार ग्रहण गर्ने तथा कारबाही किनारा गर्नेछः

(क) व्यक्तिको हकमा उजुरीका सबै पक्ष गाउँपालिकाको भौगोलिक क्षेत्राधिकार भित्र बसोबास गरिरहेको,

(ख) प्रचलित कानून र संविधानको भाग ११ अन्तर्गतको कुनै अदालत वा न्यायाधीकरण वा निकायको क्षेत्राधिकार भित्र नरहेको,

(ग) गाउँपालिकाको क्षेत्राधिकार भित्र परेका कुनै अदालत वा निकायबाट मेलमिलाप वा मिलापत्रको लागि प्रेषित गरिएको,

(घ) अचल सम्पत्ति समावेश रहेको विषयमा सो अचल सम्पत्ति गाउँपालिकाको भौगोलिक क्षेत्राधिकार भित्र रहिरहेको, तथा

(ङ) कुनै घटनासँग सम्बन्धित विषयवस्तु रहेकोमा सो घटना गाउँपालिकाको भौगोलिक क्षेत्र भित्र घटेको ।

## परिच्छेद-३
## उजुरी तथा प्रतिवाद दर्ता

८. **विवाद दर्ता गर्नेः** (१) कसै उपर विवाद दर्ता गर्दा वा उजुरी चलाउँदा प्रचलित कानून बमोजिम हकदैया पुगेको व्यक्तिले समितिको तोकीएको शाखा समक्ष उजुरी दर्ता गर्नसक्नेछ ।

(२) उपदफा (१) बमोजिम उजुरी दिंदा यस ऐन तथा प्रचलित कानून बमोजिम खुलाउनुपर्ने कुरा सबै खुलाई तथा पुर्‍याउनुपर्ने प्रक्रिया सबै पूरागरी अनुसूची-१ बमोजिमको ढाँचामा दिनुपर्नेछ ।

(३) उपदफा (२) मा लेखीए देखि बाहेक उजुरीमा देहाय बमोजिमको व्यहोरा समेत खुलाउनुपर्नेछः

(क) वादीको नाम, थर, वतन र निजको बाबू र आमा, तथा थाहा भएसम्म बाजे र बज्यै को नाम,

(ख) प्रतिवादीको नाम, थर र थाहा भएसम्म निजको बाबु र आमाको नाम, थर र स्थान पत्ता लाग्ने गरी स्पष्ट खुलेको वतन,

(ग) गाउँपालिकाको नाम सहित समितिको नाम,

(घ) उजुरी गर्नुपरेको व्यहोरा र सम्पूर्ण विवरण,

(ङ) गाउँपालिकाले तोके अनुसारको दस्तुर बुझाएको रसिद वा निस्सा,

(च) समितिको क्षेत्राधिकार भित्रको उजुरी रहेको व्यहोरा र सम्बन्धित कानून,

(छ) वादीले दावी गरेको विषय र सोसँग सम्बन्धित प्रमाणहरू,

(ज) हदम्याद लाग्ने भएमा हदम्याद रहेको तथा हकदैया पुगेको सम्बन्धी व्यहोरा,

(झ) कुनै सम्पत्तिसँग सम्बन्धित विषय भएकोमा सो सम्पत्ति चल भए रहेको स्थान, अवस्था तथा अचल भए चारकिल्ला सहितको सबै विवरण ।

(४) प्रचलित कानूनमा कुनै विशेष प्रक्रिया वा ढाँचा वा अन्य केही उल्लेख भएको रहेछ भने सो सन्दर्भमा आवश्यक विवरण समेत खुलेको हुनुपर्नेछ ।

(५) कुनै किसिमको क्षतिपूर्ति भराउनुपर्ने अथवा बण्डा लगाउनुपर्ने अवस्थाको उजुरीको हकमा त्यस्तो क्षतिपूर्ति वा बण्डा वा चलनको लागि सम्बन्धित अचल सम्पत्तिको विवरण खुलेको हुनुपर्नेछ ।

९. **विवाद दर्ता गरी निस्सा दिनेः** (१) उजुरी प्रशासकले दफा ८ बमोजिम प्राप्त उजुरी दर्ता गरी वादीलाई तारेख तोकी अनुसूची-२ बमोजिमको ढाँचामा विवाद दर्ताको निस्सा दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम तारेख दिनु पर्ने अवस्थामा तारेख तोक्दा अनुसूची-३ बमोजिमको ढाँचामा तारेख भरपाई खडा गरी सम्बन्धित पक्षको दस्तखत गराई मिसिल सामेल राख्नुपर्छ ।

(३) उपदफा (२) बमोजिम तारेख भरपाईमा तोकीएको तारेख तथा उक्त मितिमा हुने कार्य समेत उल्लेख गरी सम्बन्धित पक्षलाई अनुसूची-४ बमोजिमको ढाँचामा तारेख पर्चा दिनुपर्नेछ ।

१०. **उजुरी दरपीठ गर्नेः** (१) उजुरी प्रशासकले दफा ८ बमोजिम पेश भएको उजुरीमा प्रक्रिया नपुगेको देखिए पूरा गर्नुपर्ने देहायको प्रक्रिया पूरा गरी अथवा खुलाउनुपर्ने देहायको व्यहोरा खुलाइ ल्याउनु भन्ने व्यहोरा लेखी पाच दिनको समय तोकी तथा विवाद दर्ता गर्न नमिल्ने भए सो को कारण सहितको व्यहोरा जनाई दरपीठ गरेमा वादीलाई उजुरी फिर्ता दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रक्रिया नपुगेको भनी दरपीठ गरी फिर्ता गरेको उजुरीमा दरपीठमा उल्लेख भए बमोजिमको प्रक्रिया पूरा गरी पाँच दिनभित्र ल्याएमा दर्ता गरिदिनुपर्छ ।

(३) उपदफा (१) बमोजिमको दरपीठ आदेश उपर चित्त नबुझ्ने पक्षले सो आदेश भएको मितिले तीन दिन भित्र उक्त आदेशको विरूद्धमा समिति समक्ष निवेदन दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम दिएको निवेदन व्यहोरा मनासिब देखिए समितिले उपदफा (१) बमोजिमको दरपीठ बदर गरी विवाद दर्ता गर्न आदेश दिनसक्नेछ ।

(५) उपदफा (४) बमोजिम आदेश भएमा उजुरी प्रशासकले त्यस्तो विवाद दर्ता गरी अरू प्रक्रिया पूरा गर्नुपर्नेछ ।

११. **दर्ता गर्न नहुनेः** उजुरी प्रशासकले दफा ८ बमोजिम पेश भएको उजुरीमा देहाय बमोजिमको व्यहोरा ठिक भए/नभएको जाँच गरी दर्ता गर्न नमिल्ने देखिएमा दफा १० बमोजिमको प्रक्रिया पूरा गरी दरपीठ गर्नुपर्नेछः

(क) प्रचलित कानूनमा हदम्याद तोकीएकोमा हदम्याद वा म्याद भित्र उजुरी परे नपरेको,

(ख) प्रचलित कानून बमोजिम समितिको क्षेत्राधिकार भित्रको उजुरी रहे नरहेको,

(ग) कानुन बमोजिम लाग्ने दस्तुर दाखिल भए नभएको,

(घ) कुनै सम्पत्ति वा अधिकारसँग सम्बन्धित विषयमा विवाद निरूपण गर्नुपर्ने विषय उजुरीमा समावेश रहेकोमा त्यस्तो सम्पत्ति वा अधिकार विषयमा उजुरी गर्न वादीको हक स्थापित भएको प्रमाण आवश्यक पर्नेमा सो प्रमाण रहे नरहेको,

(ङ) उक्त विषयमा उजुरी गर्ने हकदैया वादीलाई रहे नरहेको,

(च) लिखतमा पूरा गर्नुपर्ने अन्य रित पुगे नपुगेको,

१२. **दोहोरो दर्ता गर्न नहुनेः** (१) यस ऐनमा जुनसुकै कुरा लेखीएको भए तापनि प्रचलित कानून बमोजिम समिति वा अन्य कुनै अदालत वा निकायमा कुनै पक्षले उजुरी गरी समिति वा उक्त अदालत वा निकायबाट उजुरीमा उल्लेख भएको विषयमा प्रमाण बुझी वा नबुझी विवाद निरुपण भैसकेको विषय रहेको छ भने सो उजुरीमा रहेका पक्ष विपक्षको बीचमा सोही विषयमा समितिले उजुरी दर्ता गर्न र कारवाही गर्न हुँदैन ।

(२) उपदफा (१) बमोजिम दर्ता गर्न नमिल्ने उजुरी भुलवश दर्ता भएकोमा सो व्यहोरा जानकारी भएपछि उजुरी जुनसुकै अवस्थामा रहेको भए पनि समितिले उजुरी खारेज गर्नुपर्नेछ ।

१३. **उजुरीसाथ लिखत प्रमाणको सक्कल पेश गर्नुपर्नेः** उजुरीसाथ पेश गर्नु पर्ने प्रत्येक लिखत प्रमाणको सक्कल र कम्तिमा एक प्रति नक्कल उजुरीसाथै पेश गर्नुपर्नेछ र उजुरी प्रशासकले त्यस्तो लिखतमा कुनै कैफियत जनाउनुपर्ने भए सो जनाइ सो प्रमाण सम्बन्धित मिसिलमा राख्नेछ ।

१४. **उजुरी तथा प्रतिवाद दर्ता दस्तुरः** (१) प्रचलित कानूनमा विवाद दर्ता दस्तुर तोकीएकोमा सोही बमोजिम तथा दस्तुर नतोकीएकोमा एक सय रूपैयाँ बुझाउनुपर्नेछ ।

(२) प्रचलित कानूनमा प्रतिवाद दर्ता दस्तुर नलाग्ने भनेकोमा बाहेक एक सय रूपैयाँ प्रतिवाद दर्ता दस्तुर लाग्नेछ ।

१५. **प्रतिवाद पेश गर्नुपर्नेः** (१) प्रतिवादीले दफा २० बमोजिम म्याद वा सूचना प्राप्त भएपछि म्याद वा सूचनामा तोकीएको समयावधि भित्र उजुरी प्रशासक समक्ष आफै वा वारेस मार्फत लिखित प्रतिवाद दर्ता गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रतिवाद पेश गर्दा प्रतिवादीले भएको प्रमाण तथा कागजातका प्रतिलिपि साथै संलग्न गरी पेश गर्नुपर्नेछ ।

(३) प्रतिवादीले लिखित व्यहोरा दिँदा अनुसूची-५ बमोजिमको ढाँचामा दिनुपर्नेछ ।

१६. **प्रतिवाद जाँच गर्नेः** (१) उजुरी प्रशासकले दफा १५ बमोजिम पेश भएको प्रतिवाद जाँच गरी कानून बमोजिमको रित पुगेको तथा म्याद भित्र पेश भएको देखिए दर्ता गरी समिति समक्ष पेश हुने गरी मिसिल सामेल गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रतिवाद दर्ता हुने भएमा उजुरी प्रशासकले प्रतिवादीलाई वादी मिलानको तारेख तोक्नुपर्नेछ ।

१७. **लिखतमा पूरा गर्नुपर्ने सामान्य रितः** (१) प्रचलित कानून तथा यस ऐनमा अन्यत्र लेखीए देखि बाहेक समिति समक्ष दर्ता गर्न ल्याएका उजुरी तथा प्रतिवादमा देहाय बमोजिमको रित समेत पूरा गर्नुपर्नेछः

(क) एफोर साइजको नेपाली कागजमा बायाँ तर्फ पाँच सेन्टिमिटर, पहिलो पृष्ठमा शीरतर्फ दश सेन्टिमिटर र त्यसपछिको पृष्ठमा पाँच सेन्टिमिटर छोडेको तथा प्रत्येक पृष्ठमा बत्तीस हरफमा नबढाई कागजको एकातर्फ मात्र लेखीएको,

(ख) लिखत दर्ता गर्न ल्याउने प्रत्येक व्यक्तिले लिखतको प्रत्येक पृष्ठको शिर पुछारमा छोटकरी दस्तखत गरी अन्तिम पृष्ठको अन्त्यमा लेखात्मक तथा ल्याप्चे सहीछाप गरेको,

(ग) कुनै कानून व्यवसायीले लिखत तयार गरेको भए निजले पहिलो पृष्ठको बायाँ तर्फ निजको कानून व्यवसायी दर्ता प्रमाणपत्र नम्बर, नाम र कानून व्यवसायीको किसिम खुलाई दस्तखत गरेको, तथा

(घ) लिखतको अन्तिम प्रकरणमा यस लिखतमा लेखीएको व्यहोरा ठिक साँचो छ, झुट्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला भन्ने उल्लेख गरी सो मुनि लिखत दर्ता गर्न ल्याएको वर्ष, महिना र गते तथा वार खुलाई लिखत दर्ता गर्न ल्याउने व्यक्तिले दस्तखत गरेको ।

तर व्यहोरा पुऱ्याई पेश भएको लिखत लिनलाई यो उपदफाले बाधा पारेको मानिने छैन ।

(२) लिखतमा विषयहरू क्रमबद्ध रूपमा प्रकरण प्रकरण छुट्याई संयमित र मर्यादित भाषामा लेखीएको हुनुपर्नेछ ।

(३) लिखतमा पेटबोलीमा परेको स्थानको पहिचान हुने स्पष्ट विवरण र व्यक्तिको नाम, थर , ठेगाना तथा अन्य विवरण स्पष्ट खुलेको हुनुपर्नेछ ।

(४) लिखत दर्ता गर्न ल्याउने वा समितिमा कुनै कागज गर्न आउनेले निजको नाम, थर र वतन खुलेको नागरिकता वा अन्य कुनै प्रमाण पेश गर्नुपर्छ ।

१८. **नक्कल पेश गर्नुपर्नेः** उजुरी वा प्रतिवाद दर्ता गर्न ल्याउनेले विपक्षीको लागि उजुरी तथा प्रतिवादको नक्कल तथा संलग्न लिखत प्रमाणहरूको नक्कल साथै पेश गर्नुपर्छ ।

१९. **उजुरी वा प्रतिवाद संशोधनः** (१) लिखत दर्ता गर्न ल्याउने पक्षले समितिमा दर्ता भइसकेको लिखतमा लेखाइ वा टाइप वा मुद्रणको सामान्य त्रुटी सच्याउन निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदनमा माग बमोजिम सच्याउँदा दावी तथा प्रतिवादमा गरिएको माग वा दावीमा मुलभूत पक्षमा फरक नपर्ने र निकै सामान्य प्रकारको संशोधन माग गरेको देखेमा उजुरी प्रशासकले सो बमोजिम सच्याउन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम संशोधन भएमा सो को जानकारी उजुरीको अर्को पक्षलाई दिनुपर्नेछ ।

## परिच्छेद-४
## म्याद तामेली तथा तारेख

२०. **म्याद सूचना तामेल गर्नेः** (१) उजुरी प्रशासकले दफा ९ बमोजिम विवाद दर्ता भएपछि बढीमा दुई दिन भित्र प्रतिवादीका नाममा प्रचलित कानूनमा म्याद तोकीएको भए सोही बमोजिम र नतोकीएको भए पन्ध्र दिनको म्याद दिई सम्बन्धित वडा कार्यालय मार्फत उक्त म्याद वा सूचना तामेल गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम म्याद वा सूचना तामेल गर्दा दफा ९ बमोजिमको उजुरी तथा उक्त उजुरी साथ पेश भएको प्रमाण कागजको प्रतिलिपी समेत संलग्न गरी पठाउनुपर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखीएको भए तापनि एक भन्दा बढी प्रतिवादीलाई म्याद दिनुपर्दा प्रमाण कागजको नक्कल कुनै एकजना मुल प्रतिवादीलाई पठाई बाँकीको म्यादमा प्रमाण कागजको नक्कल फलानाको म्याद साथ पठाइएको छ भन्ने व्यहोरा लेखी पठाउनुपर्नेछ ।

(४) उपदफा (१) बमोजिम प्राप्त भएको म्याद वडा कार्यालयले बढीमा तिन दिन भित्र तामेल गरी तामेलीको व्यहोरा खुलाई समितिमा पठाउनु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम म्याद तामेल हुन नसकेमा देहाय बमोजिमको विद्युतीय माध्यम वा पत्रिकामा सूचना प्रकाशन गरेर म्याद तामेल गर्नुपर्नेछः

(क) म्याद तामेल गरिनुपर्ने व्यक्तिको कुनै फ्याक्स वा ईमेल वा अन्य कुनै अभिलेख हुन सक्ने विद्युतिय माध्यमको ठेगाना भए सो माध्यमबाट,

(ख) प्रतिवादीले म्याद तामेली भएको जानकारी पाउन सक्ने मनासिब आधार छ भन्ने देखिएमा समितिको निर्णयबाट कुनै स्थानीय दैनिक पत्रिकामा सूचना प्रकाशन गरेर वा स्थानीय एफ.एम. रेडियो वा स्थानीय टेलिभिजनबाट सूचना प्रसारण गरेर वा,

(ग) अन्य कुनै सरकारी निकायबाट म्याद तामेल गराउँदा म्याद तामेल हुन सक्ने मनासिव कारण देखिएमा समितिको आदेशबाट त्यस्तो सरकारी निकाय मार्फत ।

(६) यस ऐन बमोजिम म्याद जारी गर्नुपर्दा अनुसूची-६ बमोजिमको ढाँचामा जारी गर्नुपर्नेछ ।

२१. **रोहवरमा राख्नुपर्नेः** यस ऐन बमोजिम वडा कार्यालयमार्फत तामेल गरिएको म्यादमा सम्बन्धित वडाको अध्यक्ष वा सदस्य तथा कम्तिमा दुईजना स्थानीय भलाद्मी रोहवरमा राख्नुपर्नेछ ।

२२. **रित बेरित जाँच गर्नेः** (१) उजुरी प्रशासकले म्याद तामेलीको प्रतिवेदन प्राप्त भएपछि रितपूर्वकको तामेल भएको छ वा छैन जाँच गरी आवश्यक भए सम्बन्धित वडा सचिवको प्रतिवेदन समेत लिई रितपूर्वकको देखिए मिसिल सामेल राखी तथा बेरितको देखिए बदर गरी पुनः म्याद तामेल गर्न लगाई तामेली प्रति मिसिल सामेल राख्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँच गर्दा सम्बन्धित कर्मचारीले बदनियत राखी कार्य गरेको देखिए उजुरी प्रशासकले सो व्यहोरा खुलाई समिति समक्ष प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदनको व्यहोरा उपयुक्त देखिए समितिले सम्बन्धित कर्मचारी उपर कारवाहीको लागि कार्यपालिका समक्ष लेखी पठाउन सक्नेछ ।

२३. **तारेखमा राख्नूपर्नेः** (१) उजुरी प्रशासकले दफा ९ बमोजिम विवाद दर्ता गरे पछि उजुरीकर्तालाई र दफा १६ बमोजिम प्रतिवाद दर्ता गरेपछि प्रतिवादीलाई तारेख तोकी तारेखमा राख्नुपर्छ ।

(२) उजुरीका पक्षहरूलाई तारेख तोक्दा तारेख तोकीएको दिन गरिने कामको व्यहोरा तारेख भरपाई तथा तारेख पर्चामा खुलाई उजुरीका सबै पक्षलाई एकै मिलानको मिति तथा समय उल्लेख गरी एकै मिलानको तारेख तोक्नुपर्छ ।

(३) उपदफा (२) बमोजिम तारेख तोकीएको समयमा कुनै पक्ष हाजिर नभए पनि तोकीएको कार्य सम्पन्न गरी अर्को तारेख तोक्नुपर्ने भएमा हाजिर भएको पक्षलाई तारेख तोकी समयमा हाजिर नभई पछि हाजिर हुने पक्षलाई अघि हाजिर भई तारेख लाने पक्षसँग एकै मिलान हुनेगरी तारेख तोक्नुपर्छ ।

(४) यस दफा बमोजिम तोकीएको तारेखमा उपस्थित भएका पक्षहरूलाई साथै राखी समितिले उजुरीको कारवाही गर्नुपर्छ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखीएको भए तापनि तोकीएको तारेखमा कुनै पक्ष उपस्थित नभए पनि समितिले विवादको विषयमा कारवाही गर्न बाधा पर्नेछैन ।

२४. **समितिको निर्णय बमोजिम हुनेः** समितिले म्याद तामेली सम्बन्धमा प्रचलित कानून तथा यस ऐनमा लेखीए देखि बाहेकको विषयमा आवश्यक प्रक्रिया निर्धारण गर्न सक्नेछ ।

## परिच्छेद-५
## सुनवाई तथा प्रमाण बुझ्ने सम्बन्धमा

२५. **प्रारम्भिक सुनवाईः** (१) मेलमिलापबाट विवाद निरुपण हुन नसकी समितिमा आएका विवाद प्रतिवाद दर्ता वा बयान वा सो सरहको कुनै कार्य भएपछि सुनवाईको लागि पेश भएको विवादमा उपलब्ध प्रमाणका आधारमा तत्काल निर्णय गर्न सकिने भएमा समितिले विवाद पेश भएको पहिलो सुनवाईमा नै निर्णय गर्न सक्नेछ ।

(२) समिति समक्ष पेश भएको विवादमा उपदफा (१) बमोजिम तत्काल निर्णय गर्न सकिने नदेखिएमा समितिले देहाय बमोजिमको आदेश गर्न सक्नेछः-

(क) विवादमा मुख नमिलेको कुरामा यकीन गर्न प्रमाण बुझ्ने वा अन्य कुनै कार्य गर्ने,

(ख) विवादमा बुझ्नुपर्ने प्रमाण यकिन गरी पक्षबाट पेश गर्न लगाउने वा सम्बन्धित निकायबाट माग गर्ने आदेश गर्ने,

(ग) मेलमिलापका सम्बन्धमा विवादका पक्षहरूसँग छलफल गर्ने, तथा

(घ) विवादका पक्ष उपस्थित भएमा सुनुवाइको लागि तारेख तथा पेशिको समय तालिका निर्धारण गर्ने ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखीएको भए तापनि समितिले स्थानीय ऐनको दफा ४७ को उपदफा (२) बमोजिमको उजुरीमा मेलमिलापको लागि पठाउने आदेश गर्नुपर्नेछ ।

२६. **प्रमाण दाखिल गर्नेः** वादी वा प्रतिवादीले कुनै नयाँ प्रमाण पेश गर्न अनुमति माग गरी निवेदन पेश गरेमा उजुरी प्रशासकले सोही दिन लिन सक्नेछ ।

२७. **लिखत जाँच गर्नेः** (१) समितिले उजुरीमा पेश भएको कुनै लिखतको सत्यता परीक्षण गर्न रेखा वा हस्ताक्षर विशेषज्ञलाई जाँच गराउन जरूरी देखेमा सो लिखतलाई असत्य भन्ने पक्षबाट परीक्षण दस्तुर दाखिल गर्न लगाई रेखा वा हस्ताक्षर विशेषज्ञबाट लिखत जाँच गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँच गर्दा मनासिब माफिकको समय तोकी आदेश गर्नुपर्नेछ र समय भित्र जाँच सम्पन्न हुनको लागि यथासम्भव व्यवस्था गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम जाँच गर्दा लिखत असत्य ठहरिएमा लिखत सत्य रहेको भन्ने पक्षबाट लागेको दस्तुर असुल गरी उपदफा (१) बमोजिम दस्तुर दाखिल गर्ने पक्षलाई भराई दिनुपर्छ ।

२८. **साक्षी बुझ्ने:** (१) समितिबाट साक्षी बुझ्ने आदेश गर्दा साक्षी बुझ्ने दिन तोकी आदेश गर्नुपर्नेछ । साक्षी राख्दा बढीमा ५ जना राख्नु पर्ने ।

(२) उपदफा (१) बमोजिम आदेश भएपछि उजुरी प्रशासकले उजुरीको पक्षलाई आदेशमा उल्लेख भएको मितिमा साक्षी बुझ्ने तारेख तोक्नुपर्नेछ ।

(३) साक्षी बुझ्ने तारेख तोकीएको दिनमा आफ्नो साक्षी समिति समक्ष उपस्थित गराउनु सम्बन्धित पक्षको दायित्व हुनेछ ।

२९. **समितिको तर्फबाट बकपत्र गराउनेः** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखीएको भए तापनि नाबालक वा अशक्त वा वृद्धवृद्धा पक्ष रहेको उजुरीमा साक्षी बकपत्रको लागि तोकीएको तारेखको दिन उपस्थित नभएको वा उपस्थित नगराइएको साक्षीलाई समितिले म्याद तोकी समितिको तर्फबाट झिकाई बकपत्र गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम साक्षी झिकाउँदा बकपत्र हुने तारेख तोकी म्याद जारी गर्नुपर्नेछ र उजुरीका पक्षहरूलाई समेत सोही मिलानको तारेख तोक्नुपर्नेछ ।

३०. **साक्षी बकपत्र गराउने**ः (१) उजुरी प्रशासकले साक्षी बकपत्रको लागि तोकीएको दिन पक्षहरूसँग निजहरूले उपस्थित गराउन ल्याएका साक्षीको नामावली लिई समिति समक्ष पेश गर्नुपर्नेछ ।

(२) साक्षी बकपत्रको लागि तोकीएको तारेखको दिन उजुरीका सबै पक्षले साक्षी उपस्थित गराउन ल्याएको भए कार्यालय खुल्नासाथ तथा कुनै पक्षले साक्षी उपस्थित गराउन नल्याएको भए दिनको बाह्र बजेपछि समितिले उपलब्ध भए सम्मका साक्षीको बकपत्र गराउनुपर्नेछ ।

३१. **बन्देज गर्न सक्ने**ः (१) साक्षीको बकपत्र गराउँदा उजुरीको विषयवस्तु भन्दा फरक प्रकारको तथा साक्षी वा उजुरीको पक्षलाई अपमानित गर्ने वा झिझ्याउने वा अनुचित प्रकारको प्रश्न सोधिएमा समितिले त्यस्तो प्रश्न सोध्नबाट पक्षलाई बन्देज गर्न सक्नेछ ।

(२) नाबालक वा वृद्ध वा अशक्त वा बिरामीले साक्षी बक्नुपर्ने भई त्यस्तो उजुरीमा कुनै पक्षको उपस्थिति वा अन्य कुनै मनासिब कारणले साक्षीलाई बकपत्र गर्न अनुचित दबाव परेको वा पर्ने प्रबल सम्भावना रहेको छ भन्ने समितिलाई लागेमा समितिले त्यस्तो पक्षको प्रत्यक्ष उपस्थितिलाई बन्देज गरी निजले साक्षीले नदेख्ने गरी मात्र उपस्थित हुन आदेश गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम आदेश गरेमा साक्षीले नदेख्ने गरी पक्ष उपस्थित हुने व्यवस्था मिलाउने दायित्व समितिको हुनेछ ।

(४) उपदफा (१) वा (२) बमोजिम गर्दा समितिले उजुरीसँग सम्बन्धित आवश्यक प्रश्न तयार गरी समितिको तर्फबाट बकपत्र गराउन सक्नेछ ।

३२. **पेशी सूची प्रकाशन गर्नुपर्ने**ः (१) उजुरी प्रशासकले प्रत्येक हप्ता शुक्रबार अगामी हप्ताको लागि पेशी तोकीएको विवादहरूको साप्ताहिक पेशी सूची तथा तोकीएको दिन उक्त दिनको लागि पेशी तोकीएका विवादहरूको पेशी सूची प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूची संयोजकले र निजको अनुपस्थितिमा निजले जिम्मेवारी तोकेको समितिको सदस्यले प्रमाणित गर्नुपर्नेछ ।

३३. **दैनिक पेशी सूची**ः (१) उजुरी प्रशासकले दफा ३२ बमोजिमको साप्ताहिक पेशी सूचीमा चढेका विवादहरूको तोकीएको दिनको पेशी सूची तयार गरी एक प्रति सूचना पाटीमा टाँस्न लगाउनुपर्नेछ तथा एक प्रति समितिका सदस्यहरूलाई उपलब्ध गराउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचीमा विवादहरू उल्लेख गर्दा विवाद दर्ताको आधारमा देहायको क्रममा तयार गरी प्रकाशन गराउनुपर्नेछः-

(क) नाबालक पक्ष भएको विवाद,

(ख) शारिरीक असक्तता वा अपाङ्गता भएको व्यक्ति पक्ष भएको विवाद,

(ग) सत्तरी वर्ष उमेर पूरा भएको वृद्ध वा वृद्धा पक्ष भएको विवाद तथा,

(घ) विवाद दर्ताको क्रमानुसार पहिले दर्ता भएको विवाद ।

(३) उपदफा (२) बमोजिम पेशी सूची तयार गर्दा मुल्तवीबाट जागेका तथा सर्वोच्च अदालत, उच्च अदालत तथा जिल्ला अदालतबाट पुनः इन्साफको लागि प्राप्त भई दर्ता भएको विवादको हकमा शुरूमा समितिमा दर्ता भएको मितिलाई नै दर्ता मिति मानी क्रम निर्धारण गर्नुपर्नेछ ।

(४) उपदफा (१) वा (२) मा रहेको क्रमानुसार नै समितिले विवादको सुनवाई र कारवाही तथा किनारा गर्नुपर्नेछ ।

३४. **उजुरी प्रशासकको जिम्मेवारी हुनेः** पेशी सूचीमा चढेका विवादहरू कार्यालय खुलेको एक घण्टा भित्र समिति समक्ष सुनवाईको लागि पेश गर्ने तथा उक्त दिनको तोकीएको कार्य सकिए पछि समितिबाट फिर्ता बुझिलिई सुरक्षित राख्ने जिम्मेवारी उजुरी प्रशासकको हुनेछ ।

३५. **प्रमाण सुनाउन सक्नेः** समितिले दफा २५ बमोजिम तोकीएको तारेखको दिन उपस्थित सबै पक्षलाई अर्को पक्षले पेश गरेको प्रमाण एवम् कागजात देखाई पढी बाँची सुनाई सो बारेमा अर्को पक्षको कुनै कथन रहेको भए लिखित बयान गराई मिसिल सामेल गराउन सक्नेछ ।

३६. **विवादको सुनवाई गर्नेः** (१) समितिले दुवै पक्षको कुरा सुनी निजहरूको विवादको सुनवाई तथा निर्णय गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सुनुवाई तथा निर्णय गर्दा पक्षहरूको रोहवरमा गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम विवादको सुनवाई गर्दा इजलास कायम गरी सुनवाई गर्न मनासिव देखिएमा सोही अनुसार गर्न सक्नेछ ।

तर दुबै पक्षको भनाइ तथा जिकिर सुन्नलाइ उपदफा ३ अनुसारको इजलास कायम गर्न बाधा हुने छैन ।

३७. **बन्द इजलासको गठन गर्नसक्ने** (१) समितिले महिला तथा बालबालिका समावेश रहेको तथा आवश्यक देखेको अन्य विवादको सुनवाईको लागि बन्द इजलास कायम गरी सुनवाई गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको बन्द इजलासमा विवादका पक्ष तथा अन्य सरोकारवाला बाहेक अन्य व्यक्तिलाई इजलासमा प्रवेश गर्न नपाउने गरी बन्द इजलासको गठन गर्नुपर्नेछ ।

(३) बन्द इजलासबाट हेरिने विवादको काम कारवाही, पिडीतको नाम थर ठेगाना लगायतका विषय गोप्य राख्नुपर्नेछ ।

३८. **बन्द इजलास सम्बन्धी अन्य व्यवस्थाः** (१) बन्द इजलासबाट हेरिएका विवादहरूको कागजातको प्रतिलिपि वादी, प्रतिवादि र निजको हितमा असर परेको कुनै सरोकारवाला बाहेक अरू कसैलाई उपलब्ध गराउनु हुँदैन ।

(२) उपदफा (१) बमोजिमको विवादको तथ्य खुलाई कुनै समाचार कुनै पत्रपत्रिकामा सम्प्रेषण हुन दिनु हुँदैन ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखीएको भए तापनि समितिले पक्षको गोपनियता तथा हितमा प्रतिकूल प्रभाव नपर्ने गरी समाचार सम्प्रेषण गर्न भने कुनै बाधा पर्ने छैन ।

३९. **थप प्रमाण बुझ्ने**ः विवादको सुनवाईको क्रममा विवादको कुनै पक्षको अनुरोधमा वा विवाद सुनवाईको क्रममा समिति आफैले थप प्रमाण बुझ्नुपर्ने देखेमा उजुरीका पक्षहरूलाई थप प्रमाण पेश गर्न पेश गर्ने तारेख तोकी आदेश गर्न सक्नेछ ।

४०. **स्वार्थ बाझिएको** विवाद **हेर्न नहुने**ः समितिको सदस्यले देहायका विवादको कारवाही र किनारामा संलग्न हुनुहुँदैनः-

(क) आफ्नो वा नजिकको नातेदारको हक हित वा सरोकार रहेको विवाद,
स्पष्टीकरणः यस उपदफाको प्रयोजनको लागि "नजिकको नातेदार" भन्नाले अपुताली पर्दा कानून बमोजिम अपुताली प्राप्त गर्न सक्ने प्राथमिकता क्रममा रहेको व्यक्ति, मामा, माइजू, सानीआमा, ठूलीआमा, सानोबाबु, ठूलोबाबु, पति वा पत्नी तर्फका सासू, ससुरा, फूपु, फूपाजु, साला, जेठान, साली, दिदी, बहिनी, भिनाजु, बहिनी ज्वाईँ, भाञ्जा, भाञ्जी, भाञ्जी ज्वाईँ, भाञ्जी बुहारी तथा त्यस्तो नाताका व्यक्तिको एकासगोलमा रहेको परिवारको सदस्य सम्झनुपर्छ ।

(ख) निजले अन्य कुनै हैसियतमा गरेको कुनै कार्य वा निज संलग्न रहेको कुनै विषय समावेश रहेको कुनै विवाद,

(ग) कुनै विषयमा निजले विवाद चल्ने वा नचल्ने विषयको छलफलमा सहभागी भई कुनैराय दिएको भए सो विषय समावेश रहेको विवाद वा,

(घ) अन्य कुनै कारणले आधारभूत रूपमा निज र निजको एकाघर संगोलका परिवारका सदस्यको कुनै स्वार्थ बाझिएको विवाद ।

(२) उपदफा (१) बमोजिमको कुनै अवस्था देखिएमा जुन सदस्यको त्यस्तो अवस्था पर्छ उक्त सदस्यले विवाद हेर्न नहुने कारण खुलाई आदेश गर्नुपर्नेछ ।

(३) उपदफा (१) को प्रतिकूल हुने गरी कुनै सदस्यले कुनै विवादको कारवाही र किनारामा सहभागी हुन लागेमा विवादको कुनै पक्षले आवश्यक प्रमाण सहित विवादको कारवाही किनारा नगर्न निवेदन दिन सक्नेछ र सो सम्बन्धमा काम कारबाही स्थानीय ऐनको दफा ४८(५) अनुसार हुनेछ ।

(४) उपदफा (३) अनुसार विवाद निरुपण हुन नसक्ने अवस्थामा स्थानीय ऐनको दफा ४८(६) र (७) को ब्यबस्था अनुसारको सभाले तोकेको समितिले काम कारवाही र किनारामा गर्नेछ ।

(५) उपदफा (४) बमोजिम गर्दा सभाले विवादका पक्षहरूलाई सोही उपदफा बमोजिम गठित समितिबाट विवादको कारवाही किनारा हुने कुराको जानकारी गराई उक्त समिति समक्ष उपस्थित हुन पठाउनुपर्नेछ ।

## परिच्छेद-६
## निर्णय र अन्य आदेश

४१. **निर्णय गर्नुपर्नेः** (१) समितिले सुनवाईको लागि पेश भएको विवाद हेर्दा कुनै प्रमाण बुझ्नुपर्ने बाँकी नरही विवाद किनारा गर्ने अवस्था रहेको देखिएमा सोही पेशीमा विवादमा निर्णय गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्णय गरेपछि निर्णयको व्यहोरा निर्णय किताबमा लेखी समितिमा उपस्थित सदस्यहरू सबैले दस्तखत गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम गरिएको निर्णयको दफा ४२ र अन्य प्रचलित कानून बमोजिम खुलाउनुपर्ने विवरण खुलेको पूर्ण पाठ निर्णय भएको मितिले बढीमा सात दिन भित्र तयार गरी मिसिल सामेल राख्नुपर्छ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखीएको भए तापनि समयाभाव अथवा अन्य कुनै मनासिब कारणले गर्दा सोही दिन विवाद निर्णय गर्न नसक्ने भएमा आगामि हप्ताको कुनै दिनको लागि अर्को पेशी तारेख तोक्नुपर्नेछ ।

४२. **निर्णयमा खुलाउनुपर्नेः** (१) समितिले दफा ४१ बमोजिम गरेको निर्णयको पूर्णपाठमा यस दफा बमोजिमका कुराहरू खुलाई अनुसूची-७ बमोजिमको ढाँचामा तयार गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम पूर्णपाठ तयार गर्दा वादी तथा प्रतिवादीको जिकिर, निर्णय गर्नुपर्ने देखिएको विषय, दुवै पक्षबाट पेश भएको प्रमाणका कुराहरू समेतको विषय खुलाउनुपर्नेछ ।

(३) उपदफा (२) मा उल्लेख भए देखि बाहेक पूर्णपाठमा देहायका कुराहरू समेत खुलाउनुपर्नेछः-

(क) तथ्यको व्यहोरा,

(ख) विवादको कुनै पक्षले कानून व्यवसायी राखेको भएमा निजले पेश गरेको बहस नोट तथा बहसमा उठाइएका मुल विषयहरु,

(ग) निर्णय गर्नको लागि आधार लिइएको प्रमाणका साथै दुवै पक्षबाट पेश भएको प्रमाण तथा त्यसको विश्लेषण,

(घ) निर्णय कार्यान्वयन गर्नको लागि गर्नुपर्ने विषयहरूको सिलसिलेवार उल्लेखन सहितको तपसिल खण्ड तथा,

(ङ) निर्णय उपर पुनरावेदन लाग्ने भएमा पुनरावेदन लाग्ने जिल्ला अदालतको नाम र के कति दिनभित्र पुनरावेदन गर्नुपर्ने हो सो समेत ।

(४) उपदफा २ तथा ३ मा उल्लेख भएदेखि बाहेक देहायका कुराहरु समेत निर्णयमा खुलाउन सक्नेछः-

(क) साक्षी वा सर्जमिनको बकपत्रको सारांश,

(ख) कुनै नजीरको व्याख्या वा अवलम्बन गरेको भए सो नजीरको विवरण र विवादमा उक्त नजीरको सिद्धान्त के कुन आधारमा लागू भएको हो अथवा लागू नभएको हो भन्ने कारण सहितको विश्लेषण,

(ग) निर्णयबाट कसैलाई कुनै कुरा दिनु भराउनु पर्ने भएको भए कसलाई के कति भराई दिनुपर्ने हो सोको विवरण, तथा

(घ) विवादको क्रममा कुनै मालसामान वा प्रमाणको रुपमा केही वस्तु समिति समक्ष पेश भएको भए सो मालसामान वा वस्तुको हकमा के गर्ने हो भन्ने विषय ।

४३. **प्रारम्भिक सुनवाईमा निर्णय हुनसक्नेः** (१) समितिले पहिलो सुनवाईको लागि पेश भएको अवस्थामा नै विवादमा थप प्रमाण बुझिरहनुपर्ने अवस्था नरहेको देखेमा अथवा हदम्याद वा हकदैया वा समितिको क्षेत्राधिकार नरहेको कारणले विवाद निर्णय गर्न नमिल्ने देखेमा पहिलो सुनवाईमा नै निर्णय गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्णय क्षेत्राधिकारको अभाव रहेको कारणले भएको अवस्थामा क्षेत्राधिकार ग्रहण गर्ने अदालत वा स्थानीय तह वा अन्य निकायमा उजुरी गर्न जानु भनी सम्बन्धित पक्षलाई जानकारी दिनु पर्नेछ ।

४४. **निर्णय संशोधनः** (१) समिति समक्ष विवादको पक्ष वा कुनै सरोकारवालाले विवादको निर्णयमा भएको कुनै लेखाईको त्रुटी संशोधन गरी पाउन जिकिर लिई निर्णयको जानकारी भएको पैंतिस दिन भित्र निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन परी समितिले हेर्दा सामान्य त्रुटी भएको र संशोधनबाट निर्णयको मूल आशयमा कुनै हेरफेर नहुने देखेमा छुट्टै पर्चा खडा गरी निवेदन बमोजिम निर्णय संशोधन गर्ने आदेश दिनसक्नेछ ।

(३) उपदफा (२) बमोजिमको आदेश मूल निर्णयको अभिन्न अङ्गको रुपमा लिइनेछ ।

४५. **निर्णयमा हेरफेर गर्न नहुनेः** (१) समितिका सदस्य अथवा अरु कसैले पनि समितिका सदस्यहरुको दस्तखत भैसकेपछि निर्णयमा कुनै प्रकारको थपघट वा केरमेट गर्न हुँदैन ।

(२) कसैले उपदफा (१) बमोजिम को कसुर गर्ने कर्मचारीलाई आवश्यक कारवाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउनुपर्नेछ ।

४६. **निर्णय भएपछि गर्नुपर्ने कारवाहीः** (१) उजुरी प्रशासकले समितिबाट निर्णय भएपश्चात निर्णय किताबमा समितिका सदस्यहरु सबैको दस्तखत भएको यकिन गरी निर्णय किताब र मिसिल जिम्मा लिनुपर्छ ।

(२) यस ऐन बमोजिम निर्णयको पूर्णपाठ तयार भएपछि सबै सदस्यको दस्तखत भैसकेपछि उजुरी प्रशासकले निर्णयको कार्यान्यवय गर्नका लागि तत्काल गर्नुपर्ने केही कार्य भए सो सम्पन्न गरी मिसिल अभिलेखको लागी पठाउनुपर्छ ।

४७. **निर्णय गर्नपर्ने अवधिः** (१) समितिले प्रतिवाद दाखिल भएको वा बयान गर्नुपर्नेमा प्रतिवादीको बयान भएको मितिले तथा प्रतिवाद दाखिल नभएको वा बयान नभएकोमा सो हुनुपर्ने म्याद भुक्तान भएको मितिले नब्बे दिनभित्र विवादको अन्तिम निर्णय गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समयावधि गणना गर्दा मेलमिलापको लागि पठाईएको विवादको हकमा मेलमिलापको प्रक्रियामा लागेको समय कटाई अवधि गणना गर्नुपर्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखीएको भए तापनि विवादमा बुझ्नुपर्ने प्रमाण तथा पूरा गर्नुपर्ने प्रक्रिया बाँकी नरही विवाद निर्णय गर्न अङ्ग पुगिसकेको भए सो पुगेको पन्ध्र दिनभित्र अन्तिम निर्णय गर्नुपर्नेछ ।

४८. **अन्तरिम संरक्षणात्मक आदेश जारी गर्न सकिनेः**

स्थानीय ऐनको दफा ४९ को उपदफा ८ को खण्ड सम्म उल्लेखित विषयमा (ङ) देखि (क) तत्काल अन्तरिम संरक्षणात्मक आदेश जारी गर्न सकिनेछ । यस्तो आदेश जारी गर्दा निवेदकले पेश गरेको कागजात , निजको अवस्था र वस्तुगत परिस्थितिको प्रारम्भिक छानविन गरी तत्काल आदेश नगरे निवेदकलाई पर्न सक्ने नकारात्मक प्रभावको मुल्यांकन गर्नु पर्दछ । न्यायिक समितिले जारी गर्ने अन्तरिम संरक्षणात्मक आदेश अनुसूची ८ मा उल्लेख गरे बमोजिम हुनेछ ।

## परिच्छेद-७
## समितिको सचिवालय

४९. **समितिको सचिवालयः** (१) समितिको कार्यसम्पादनलाई सहजीकरणा गर्न एक सचिवालय रहने छ ।

(२) उपदफा (१) वमोजिमको सचिवालयमा कार्यपालिकाले आवश्यता अनुसार उजुरी प्रशासक, अभिलेख प्रशासक तथा अन्य कर्मचारीहरुको व्यवस्था गर्न सक्नेछ । सचिवालयको कार्यसम्पादनलाई व्यवस्थित गर्न सचिवालय अन्तर्गत उजुरी शाखा/ फाँट तथा अभिलेख शाखा /फाँट रहन सक्नेछ ।

५०. **उजुरी प्रशासकको काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र उल्लेख भए देखि बाहेक उजुरी प्रशासकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) पेश भएका उजुरी, प्रतिवाद र अन्य लिखतहरु जाँच गरी रित पुगेको भए कानून बमोजिम लाग्ने दस्तुर लिई दर्ता गर्ने र दर्ता गर्न नमिल्ने भए कारण जनाई दरपीठ गर्ने,

(ख) विवादमा प्रमाणको लागि पेश भएका नक्कल कागजलाई सक्कलसँग भिडाई ठिक देखिएमा प्रमाणित गर्ने र मिसिल सामेल राख्ने तथा सक्कलमा केही कैफियत देखिएमा सो जनाई सम्बन्धित पक्षको सहीछाप गराई राख्ने,

(ग) पेश भएका लिखत साथ संलग्न हुनुपर्ने प्रमाण तथा अन्य कागजात छ वा छैन भए ठीक छ वा छैन जाँच्ने,

(घ) समितिको आदेशले झिकाउनुपर्ने प्रतिवादी, साक्षी वा अन्य व्यक्तिको नाममा म्याद जारी गर्ने,

(ङ) विवादका पक्षलाई तारेख वा पेशी तारेख तोक्ने,

(च) समिति समक्ष पेश हुनुपर्ने निवेदन दर्ता गरी आदेशको लागि समिति समक्ष पेश गर्ने,

(छ) कानून बमोजिम वारेस लिने तथा गुज्रेको तारेख थाम्ने निवेदन लिई आवश्यक कारवाही गर्ने,

(ज) समितिबाट भएको आदेश कार्यान्वयन गर्ने गराउने,

(झ) समितिमा पेश वा प्राप्त भएका कागजपत्र बुझ्ने, भरपाई गर्ने लगायतका कार्यहरु गर्ने,

(ञ) आवश्यकतानुसार समितिको तर्फबाट पत्राचार गर्ने,

(ट) समितिको आदेशले तामेल गर्नुपर्ने म्याद तामेल गर्ने गराउने, तामेल भएको म्यादको तामेली जाँची रितपूर्वकको नभए पुनः जारी गर्ने तथा अन्य अदालत वा निकायबाट प्राप्त भएको गाउँपालिकाले तामेल गरिदिनुपर्ने म्याद तामेल गर्ने गराउने,

(ठ) निर्णय किताब र उजुरीको मिसिल जिम्मा लिने,

(ड) समितिमा दर्ता भएका विवाद तथा निवेदन लगायतका कागजातको अभिलेख तयार गर्ने र मासिक वा वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने निकाय समक्ष प्रतिवेदन तयार गरी संयोजकबाट प्रमाणित गराई सम्बन्धित निकायमा पठाउने,

(ढ) आफ्नो जिम्मा रहेका उजुरीका मिसिलमा रहेका कागजातको रितपूर्वक नक्कल दिने,

(ण) जिल्ला अदालतमा पुनरावेदन लाग्ने गरी निर्णय भएका विवादमा पुनरावेदन म्याद जारी गरी तामेल गर्नेगराउने,

(त) अदालत वा अन्य कुनै निकायमा विवादको मिसिल वा कुनै कागजात पठाउनुपर्ने भएमा समितिलाई जानकारी गराई मिसिल वा कागजात पठाउने तथा फिर्ता प्राप्त भएपछि कानून बमोजिम सुरक्षित राख्ने व्यवस्था मिलाउने,

(त) निर्णय किताब जिम्मा लिने, तथा

(थ) पेश भएका निवेदन लगायतका कागजातमा समितिबाट आदेश हुनुपर्ने वा निकासा लिनुपर्नेमा समिति समक्ष पेश गर्ने ।

५१. **अभिलेख प्रशासकको काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र उल्लेख भए बाहेक अभिलेख प्रशासकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) निर्णय कार्यान्वयन सम्बन्धीः

(१) निर्णय बमोजिम चलन चलाउनुपर्ने, कुनै कुरा दिलाई भराई दिनुपर्ने लगायतका निर्णय कार्यान्वयनका लागि गर्नुपर्ने कार्यहरु गर्ने तथा निर्णय कार्यान्वयनको अभिलेख राखी कानून बमोजिम विवरण पठाउनुपर्ने निकायहरुमा विवरण पठाउने,

(२) निर्णय कार्यान्वयनको क्रममा निवेदन दिएका पक्षहरुको वारेस लिने, सकार गराउने, गुज्रेको तारेख थमाउने लगायतका कार्यहरु गर्ने,

(३) समितिको आदेशले रोक्का भएको वा अरु कुनै अदालत वा निकायबाट रोक्का भै आएको जायजेथा अन्य अड्डा अदालतमा दाखिल चलान गर्नुपर्ने भए सो गर्ने,

(४) निर्णय बमोजिम लिलाम गर्ने लगायतका अन्य कुनै काम गर्नुपर्ने भए सो समेत गर्ने, तथा

(५) लेखीए देखि बाहेकको कुनै कार्य निर्णय कार्यान्वयनको क्रममा गर्नुपर्ने भएमा समिति समक्ष पेश गरी आदेश बमोजिम गर्ने ।

(ख) अभिलेख संरक्षण सम्बन्धीः

(१) अभिलेख शाखाको रेखदेख गरी निर्णय भएका मिसिल सुरक्षित राख्ने र कानून बमोजिम सडाउनु पर्ने कागजहरु सडाउने,

(२) निर्णय भएका मिसिलहरुमा कागजात जाँच गरी दुरुस्त रहे/नरहेको हेर्ने र मिसिल कानून बमोजिम गरी दुरुस्त अवस्थामा राख्ने,

(३) कानून बमोजिम सडाउने कागजको विवरण तयार गरी सो विवरण सुरक्षित रहने व्यवस्था गर्ने,

(४) अभिलेख शाखामा प्राप्त भएको मिसिलहरुको साल बसाली अभिलेख राख्ने र आवश्यकतानुसार विवरण तयार गर्ने, तथा

(५) कुनै अदालत वा निकायबाट अभिलेखमा रहेको मिसिल वा कुनै कागजात माग भै आएमा रितपूर्वक पठाउने र फिर्ता प्राप्त भएपछि रितपूर्वक गरी सुरक्षित राख्ने ।

५२. **उजुरी प्रशासक वा अभिलेख प्रशासकको आदेश उपरको निवेदनः** (१) यस ऐन बमोजिम उजुरी प्रशासक वा अभिलेख प्रशासकले गरेको आदेश वा कारवाही उपर चित्त नबुझ्ने पक्षले सो आदेश वा कारवाही भएको पाँच दिनभित्र समिति समक्ष निवेदन दिन सक्नेछ ।

(२) समितिले उपदफा (१) बमोजिम पेश भएको निवेदन उपर सुनुवाई गरी निवेदन पेश भएको बढीमा सात दिन भित्र निवेदन उपरको कारवाही टुङ्ग्याउनुपर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखीएको भए तापनि उपदफा (१) बमोजिमको निवेदन उपर आदेश वा निर्णय गर्नुपूर्व केही बुझ्नुपर्ने भए सो बुझेर मात्र निर्णय वा आदेश गर्नुपर्नेछ ।

## परिच्छेद-८
## मेलमिलाप सम्बन्धी व्यवस्था

५३. **मिलापत्र गराउनेः** (१) समितिले प्रचलित कानून बमोजिम मिलापत्र हुन सक्ने जुनसुकै उजुरीमा मिलापत्र गराउन सक्नेछ ।

(२) विवादका पक्षहरूले मिलापत्रको लागि अनुसूची-९ बमोजिमको ढाँचामा निवेदन दिएमा समितिले उजुरीमा मिलापत्र गराउन उपयुक्त देखेमा मिलापत्र गराइदिनेछ ।

(३) उपदफा (२) बमोजिम पक्षहरूले दिएको निवेदनको व्यहोरा समितिले दुवै पक्षलाई सुनाई त्यसको परिणाम सम्झाई पक्षहरूको मिलापत्र गर्ने सम्बन्धमा सहमति रहे/नरहेको सोध्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम सुनाउँदा पक्षहरूले मिलापत्र गर्न मञ्जुर गरेमा समितिले पक्षहरूको निवेदनमा उल्लेख भएको व्यहोरा बमोजिमको मिलापत्र तीन प्रति तयार गराउनुपर्नेछ ।

(५) उपदफा (४) बमोजिमको मिलापत्रको व्यहोरा पक्षहरूलाई पढीबाँची सुनाई मिलापत्र गर्न मञ्जुर भएमा पक्षहरूको सहीछाप गराई समितिका सदस्यहरूले मिलापत्र कागज अनुसूची-१० बमोजिमको ढाँचामा प्रमाणित गरी एक प्रति समितिले अभिलेखको लागि मिसिलमा राख्नुपर्नेछ तथा एक-एक प्रति वादी तथा प्रतिवादीलाई दिनुपर्नेछ ।

५४. **मेलमिलाप गराउन सक्नेः** (१) समितिले प्रचलित कानून बमोजिम मिलापत्र गर्न मिल्ने उजुरीमा पक्षहरूबीच मेलमिलाप गराउन सक्नेछ ।

(२) पक्षहरूले जुनसुकै तहमा विचाराधीन रहेको प्रचलित कानूनले मेलमिलापको माध्यमबाट समाधान गर्न सकिने विवादमा विवादका पक्षले संयुक्त रूपमा समिति समक्ष निवेदन दिन सक्नेछन् ।

(३) उपदफा (२) बमोजिम निवेदन दिएकोमा मेलमिलापबाट उजुरीको निरुपण हुन उपयुक्त देखिएमा समितिले त्यस्तो उजुरी मेलमिलापको माध्यमबाट निरुपण गर्न लेखी पठाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको आदेशपछि मेलमिलाप सम्बन्धी कारवाही प्रारम्भ गरी पक्षहरूबीच मेलमिलाप गराईदिनुपर्नेछ ।

(५) मेलमिलाप सम्बन्धी अन्य व्यवस्था तोकीए बमोजिम हुनेछ ।

५५. **उजुरी निर्णय गर्नेः** (१) समितिले यस ऐन बमोजिम मेलमिलापको माध्यमबाट उजुरीको निरुपण गर्न प्रक्रिया बढाएकोमा मेलमिलापको माध्यमबाट उजुरीको निरुपण हुन नसकेमा पक्षहरूलाई उजुरीको पेशी तारेख तोकी कानून बमोजिम कारवाही गरी सुनवाई तथा निर्णय गर्ने प्रक्रिया बढाउनुपर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखीएको भए तापनि स्थानीय ऐनको दफा ४७ को उपदफा (२) बमोजिमको उजुरीमा मेलमिलाप वा मिलापत्र हुन नसकेमा समितिले अधिकार क्षेत्र रहेको अदालतमा जाने भनी सुनाई दिनुपर्नेछ ।

५६. **मेलमिलाप वा मिलापत्र हुन नसक्नेः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखीएको भए तापनि कुनै उजुरीमा मिलापत्र गराउँदा उजुरीको प्रकृति वा मिलापत्रको व्यहोराबाट नेपाल सरकार वादी भई चलेको कुनै विवाद वा सार्वजनिक तथा सरकारी सम्पत्ति वा हितमा असर पर्ने देखिएमा समितिले त्यस्तो विवादमा मिलापत्र गराउनेछैन ।

तर त्यस्तो असर पर्ने व्यहोरा हटाई अन्य व्यहोराबाट मात्र मिलापत्र गर्न चाहेमा भने मिलापत्र गराई दिनुपर्नेछ ।

५७. **मेलमिलापको लागि प्रोत्साहन गर्नेः** (१) समितिले समिति समक्ष सुनवाईको लागि पेश भएको उजुरीमा मेलमिलाप हुनसक्ने सम्भावना रहेको देखेमा पक्षहरूलाई मेलमिलापको लागि तारेख तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको तारेखको दिन समितिले विवादका पक्ष तथा विपक्ष, उपस्थित भएसम्म पक्षले पत्याई साथै लिइआएका अन्य व्यक्ति समेत उपस्थित गराई मेलमिलापको लागि छलफल गराई पक्षहरूको बीचमा सहमति भएमा सहमति भए बमोजिम मिलापत्र कागज तयार गर्न लगाई मिलापत्र गराई दिनुपर्नेछ ।

(३) उजुरीमा तोकीएको म्यादमा समिति समक्ष उपस्थित नभएको वा उपस्थित भएर पनि तारेख गुजारी विवादमा तारेखमा नरहेको पक्ष अथवा विवादमा पक्ष कायम नभएको भए तापनि विवादको पेटबोलीबाट उजुरीको पक्ष कायम हुने देखिएको व्यक्ति समेत मेलमिलापको लागि उपस्थित भएमा समितिले मेलमिलाप गराई मिलापत्रको कागज गराई दिनुपर्नेछ ।

५८. **प्रारम्भिक सुनवाई पूर्व मेलमिलापः** (१) उजुरी प्रशासकले प्रारम्भिक सुनवाईको लागि समिति समक्ष उजुरी पेश हुनुपूर्व उजुरीमा मेलमिलाप हुनसक्ने अवस्था देखिएमा वा पक्षहरूले सो व्यहोराको निवेदन लिई आएमा मिलापत्रको व्यहोरा खुलेको कागज तयार गरी समिति समक्ष पेश गर्नसक्नेछ ।

(२) उपदफा (१) बमोजिम गर्दा मिलापत्रमा अन्तिम सहमति नजुटेको भए तापनि पक्षहरू मेलमिलापको लागि प्रक्रियामा जान सहमत भएमा उजुरी प्रशासकले

पक्षहरूको निवेदन लिई उजुरीमा मेलमिलापको लागि मेलमिलापकर्ता समक्ष पठाउने आदेशको लागि समिति समक्ष पेश गर्नसक्नेछ ।

५९. **मेलमिलापकर्ताको सूची तयार गर्नेः** (१) समितिले मेलमिलापको कार्य गराउनको लागि देहाय बमोजिमको योग्यता पुगेको व्यक्तिहरूको विवरण खुलाई सम्भावित मेलमिलापकर्ताको सूची तयार गर्नेछः

(क) कम्तिमा स्नातक उत्तिर्ण गरेको,

(ख) कुनै राजनीतिक दल प्रति आस्था राखी राजनीतिमा सक्रिय नरहेको, तथा

(ग) स्थानीय स्तरमा समाजसेवीको रुपमा पहिचान बनाएको ।

(घ) मेलमिलापकर्ताको ४८ घण्टा तालिम लिइ मेलमिलापकर्ताको कार्य गर्दै आएको

(ङ) २५ बर्ष उमेर पूरा भएको ।

(च) माथि योग्यतामा जुन सुकै कुरा लेखीएको भएता पनि तालिम लिई हाल काम गरिरहेकाको हकमा निजलाई निरन्तरता दिन सकिने ।

(२) मेलमिलापकर्ताको सूची तयार गरेपछि समितिले सूची सभा समक्ष पेश गरी अनुमोदन गराउनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम सूची अनुमोदन भएपछि समितिले सार्वजनिक जानकारीको लागि सूचना प्रकाशन गर्नुपर्नेछ तथा मेलमिलापको लागि पठाउँदा प्रत्येक पक्षलाई सो सूची उपलब्ध गराउनुपर्नेछ ।

६०. **मेलमिलापकर्ताको सूची अद्यावधिक गर्नेः** (१) समितिले दफा ५९ बमोजिम तयार भएको सूची प्रत्येक वर्ष अद्यावधिक गर्नुपर्नेछ ।

(२) प्रत्येक वर्ष अद्यावधिक गरेको मेलमिलापकर्ताको सूची समितिले सभाबाट अनुमोदन गराउनुपर्नेछ ।

(३) यस ऐन तथा प्रचलित कानून बमोजिम मेलमिलापकर्ताको सूचीमा सूचीकृत हुन योग्यता पुगेको व्यक्तिले समिति समक्ष सूचीकृत गरिपाउनको लागि अनुसूची-११ बमोजिमको ढाँचामा निवेदन दिनसक्नेछ ।

६१. **मेलमिलापकर्ताको सूचीबाट हटाउनेः** (१) समितिले दफा ६० बमोजिम मेलमिलापकर्ताको सूची अद्यावधिक गर्दा देहायको अवस्थाका मेलमिलापकर्ताको नाम सूचीबाट हटाउनेछः-

(क) निजको मृत्यु भएमा,

(ख) निजले आफ्नो नाम सूचीबाट हटाई पाउँ भन्ने निवेदन दिएमा,

(ग) निजले नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएमा,

(घ) निज कुनै संस्थासँग सम्बद्ध रहेकोमा सो संस्था खारेज वा विघटन भएमा, र

(ङ) समितिले दफा ६७ को उपदफा (२) बमोजिम निजलाई सूचीबाट हटाउने निर्णय गरेमा ।

(च) बसाईसराई गरेमा ।

(२) उपदफा (१) बमोजिम सूचीबाट नाम हटाइएका मेलमिलापकर्ताहरूको नामावली समितिले सार्वजनिक सूचनाको लागि प्रकाशन गर्नुपर्नेछ ।

६२. **मेलमिलापको लागि समयावधि तोक्नेः** (१) समितिले यस ऐन बमोजिम मेलमिलाको लागि मेलमिलापकर्ता पठाउँदा बढीमा तीन महिना सम्मको समय तोकी पठाउनेछ ।

(२) मेलमिलापको लागि पठाउँदा सामान्यतयाः बढीमा तीनजना बाट मेलमिलाप गराउने गरी तोक्नुपर्नेछ ।

६३. **मेलमिलापकर्ताको छनौटः** (१) समितिले मेलमिलाप गराउने कार्यको लागि विवादका पक्षहरूलाई एक जना मेलमिलापकर्ताको छनौट गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गर्दा पक्षहरूबीचमा एकजना मेलमिलापकर्ताको लागि सहमति नभएमा समितिले पक्षहरूको सहमतिमा तीन जना मेलमिलापकर्ताको छनौट गर्नुपर्नेछ ।

(३) पक्षहरूको बीचमा मेलमिलापकर्ताको नाममा सहमति हुन नसकेमा समितिले मेलमिलापकर्ताको सूचीमा रहेका मेलमिलापकर्ताहरू मध्येबाट दुवै पक्षबाट एक-एक जना मेलमिलापकर्ता छनौट गर्न लगाई तेस्रो मेलमिलापकर्ता छनौट गरिदिनुपर्नेछ ।

(४) उजुरीका सबै पक्षको सहमतिमा मेलमिलापकर्ताको सूचीमा नरहेको यस ऐन बमोजिम मेलमिलापकर्ता हुन अयोग्य नभएको कुनै व्यक्ति वा संस्थाबाट मेलमिलाप प्रक्रिया अगाडि बढाउन सहमत भै लिखित निवेदन दिएमा समितिले त्यस्तो व्यक्ति वा संस्थालाई मेलमिलापकर्ता तोकीदिनुपर्नेछ ।

६४. **मेलमिलापकर्ताको परिवर्तनः** (१) समितिले देहायको अवस्था परी पक्षहरूले निवेदन दिएको अवस्थामा मेलमिलापकर्ता परिवर्तन गरिदिनुपर्नेछः-

(क) दफा ६१ बमोजिम मेलमिलापकर्ताको सूचीबाट हटाउने अवस्था भएमा,

(ख) पक्षहरूले पारस्परिक सहमतिमा मेलमिलापकर्ता हेरफेर गर्न मञ्जुर भएमा,

(ग) विवादको कुनै पक्षले मेलमिलापकर्ता प्रति अविश्वास रहेको लिखित जानकारी गराएमा,

(घ) कुनै कारणले मेलमिलापकर्ताले मेलमिलापमा सहभागी भैरहन नसक्ने जनाएमा,

(ङ) विवादको विषयवस्तुमा मेलमिलापकर्ताको कुनै स्वार्थ रहेको मेलमिलापकर्ताले जानकारी गराएमा वा कुनै स्रोतबाट समिति समक्ष जानकारी भएमा, तथा

(च) मेलमिलापकर्ताले मेलमिलापकर्ताको हैसियतले कार्यगर्दा दफा ६६ तथा अन्य प्रचलित कानून बमोजिम पालन गर्नुपर्ने आचरण पालन नगरेमा ।

(२) मेलमिलापकर्ता परिवर्तनको कारणले तोकीएको समयमा मेलमिलापको कार्य सम्पन्न हुन नसक्ने भएमा समितिले बढीमा एक महिना सम्मको समय थप गर्न सक्नेछ ।

६५. **मेलमिलापको लागि पठाउँदा गर्ने प्रक्रियाः** (१) समितिले कुनै उजुरी मेलमिलापको लागि मेलमिलापकर्ता समक्ष पठाउँदा पक्षहरूलाई मेलमिलापकर्ताको सम्पर्क उपलब्ध गराई मेलमिलापकर्ता समक्ष उपस्थित हुने तारेख तोकी देहाय बमोजिमको कागज साथै राखी लेखीपठाउनुपर्नेछः

(क) उजुरीको सारसंक्षेप वा मुख्य मुख्य कागजातको प्रतिलिपि,

(ख) उजुरीको पक्ष वा वारेस भए वारेसको नाम, थर, वतन र उपलब्ध भएसम्म टेलिफोन नम्बर, ईमेल, फ्याक्स तथा अन्य सम्पर्क विवरण, तथा

(ग) मेलमिलाप सम्बन्धी प्रक्रिया सम्पन्न गर्नुपर्ने स्थान र समय ।

(२) मेलमिलापकर्ताले समिति समक्ष माग गरेमा उजुरीका कागजातहरूको नक्कल उपलब्ध गराउनुपर्नेछ ।

(३) मेलमिलापको लागि तोकीएको समय सम्पन्न भएको सात दिन भित्र उजुरीको पक्षहरू समिति समक्ष उपस्थित हुने गरी तारेख तोक्नुपर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखीएको भए तापनि मेलमिलापकर्ताले तोकीएको समय अगावै उजुरी समिति समक्ष फिर्ता पठाउने निर्णय गरेमा सो निर्णयको जानकारी भएको सात दिन भित्र पक्षहरूलाई समिति समक्ष उपस्थित हुनेगरी पठाउनुपर्नेछ ।

६६. **मेलमिलापमा अवलम्बन गर्नुपर्ने प्रक्रियाः** (१) समितिले पक्षहरूको सहमतिमा मेलमिलापको लागि छलफल गर्ने तथा अन्य कार्य गर्ने स्थानको छनौट गरी पक्ष तथा मेलमिलापकर्तालाई सोको जानकारी उपलब्ध गराउनुपर्नेछ ।

तर पक्षहरूको सहमतिमा मेलमिलापकर्ताले अन्य कुनै स्थानको छनौट गर्न बाधा पर्नेछैन ।

(२) पक्षहरूलाई उपदफा (१) बमोजिम मेलमिलापकर्ताले तोकेको स्थानमा तोकीएको समयमा उपस्थित हुने दायित्व रहनेछ ।

(३) उपदफा (२) बमोजिमको दायित्व पक्षहरूले पूरा नगरेमा मेलमिलापकर्ताले मेलमिलापको प्रक्रिया बन्द गरी समितिलाई सोको लिखित जानकारी गराई उजुरीको कागजात फिर्ता पठाउनसक्नेछ ।

(४) मेलमिलापको क्रममा मेलमिलापकर्ताले पक्षहरूबीचमा सहजकर्ताको भूमिका गर्नेछ र उक्त भूमिका निर्वाह गर्ने क्रममा निजले पक्षहरू बाहेक देहायका व्यक्तिहरूसँग समेत एकल वा सामूहिक वार्ता गर्नसक्नेछः

(क) विवादको विषयमा जानकारी रहेको उजुरीका पक्षले रोजेको व्यक्ति, तथा

(ख) विवादको विषयवस्तुको बारेमा जानकारी रहेको स्थानीय भद्रभलादमी ।

(५) मेलमिलापकर्ताले पक्षहरूको सहमतिमा पक्षहरूसँग देहाय बमोजिम वार्ता गर्नसक्नेछः

(क) पक्षहरूसँग एकल एकान्तवार्ता, तथा

(ख) टेलिफोन वार्ता, भिडीयो कन्फ्रेन्स वा सञ्चारको अन्य माध्यमबाट वार्तालाप ।

(६) प्रचलित कानून तथा यस ऐनको मान्यता विपरित नहुनेगरी पक्षहरूको सहमतिमा मेलमिलापकर्ताले मेलमिलापको कार्यविधि निर्धारण गर्नसक्नेछ ।

६७. **मेलमिलापकर्ताको आचरणः** (१) मेलमिलापकर्ताले देहाय बमोजिमको आचरण पालन गर्नुपर्नेछः-

(क) मेलमिलाप सम्बन्धी कारवाही निष्पक्ष ढङ्गले सम्पादन गर्नुपर्ने,

(ख) कुनै पक्षप्रति झुकाव, आग्रह, पूर्वाग्रह नराख्ने वा राखेको देखिने कुनै आचरण वा व्यवहार नगर्ने,

(ग) कुनै पक्षलाई डर, त्रास, झुक्याई वा प्रलोभनमा पारी मेलमिलाप गराउन नहुने,

(घ) विवाद कायम रहेको अवस्थामा विवादको कुनै पक्षसँग आर्थिक कारोबारमा सँलग्न नहुने,

(ङ) मेलमिलाप सम्बन्धमा बनेको प्रचलित कानून तथा अन्य स्थापित मान्यता विपरित आचरण गर्न नहुने,

(च) मेलमिलापको क्रममा पक्षहरुसँग सम्मानजनक, सदभावपूर्ण र सबै पक्षप्रति समान व्यवहार कायम गर्ने,

(छ) मेलमिलापको क्रममा पक्षहरुले व्यक्त गरेको विषयवस्तुको गोपनीयता कायम राख्ने, तथा

(ज) मेलमिलापको क्रममा पक्षबाट प्राप्त भएको कुनै कागजात वा वस्तु प्रक्रिया सम्पन्न भएपछि वा निज प्रक्रियाबाट अलग भएपछि सम्बन्धित पक्षलाई सुरक्षित फिर्ता गर्ने ।

(२) समितिले कुनै मेलमिलापकर्ताले उपदफा (१) बमोजिमको आचरण पालना नगरेको उजुरी परी वा सो विषयमा स्वयं जानकारी प्राप्त गरी छानविन गर्दा व्यहोरा ठिक देखिए त्यस्तो मेलमिलापकर्तालाई मेलमिलापकर्ताको सूचीबाट हटाउनेछ ।

६८. **लिखत तयारी र मिलापत्रः** (१) मेलमिलापकर्ताले पक्षहरुसँगको छलफल पश्चात मेलमिलापको लागि दुवै पक्ष सहमत भएकोमा मिलापत्र गराई सहमति भएको विषयवस्तु बमोजिमको मिलापत्रको लिखत तयार गरि समिति समक्ष पठाउनुपर्नेछ ।

६९. **मेलमिलाप नभएको उजुरीमा गर्नुपर्ने कारवाहीः** (१) मेलमिलापकर्ताले पक्षहरु बीचमा मेलमिलाप हुन नसकेमा सो व्यहोरा खुलाई प्रतिवेदन तयार गरी विवादका सबै कागजात सहित समितिमा फिर्ता पठाउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम गर्दा मेलमिलापकर्ताले पक्षहरुलाई समिति समक्ष हाजिर हुन जाने बढीमा सात दिनको म्याद तोकी पठाउनु पर्नेछ ।

७०. **मेलमिलाप नभएको उजुरीमा निर्णय गर्नुपर्नेः** (१) स्थानीय ऐनको दफा ४७ (१) को विबादमा समितिले मेलमिलापको लागि पठाएको उजुरीमा पक्षहरुबीच मेलमिलाप हुन नसकि मेलमिलापकर्ताको प्रतिवेदन सहित प्राप्त हुन आएमा कानून बमोजिम कारवाही गरी निर्णय गर्नुपर्छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखीएको भए तापनि देहाय बमोजिमको उजुरीमा अधिकारक्षेत्र ग्रहण गर्ने सम्बन्धित अदालत वा निकायमा उजुरी गर्न जानु भनी सुनाई पठाईदिनुपर्छः-

(क) स्थानीय ऐनको दफा ४७ को उपदफा (२) बमोजिमको विवादमा, तथा

(ख) कुनै अदालत वा निकायबाट मेलमिलापको लागि प्रेषित भएको विवादमा ।

(३) उपदफा (२) को देहाय (ख) बमोजिमको विवादमा सम्बन्धित अदालत वा निकायमा पठाउँदा हाजिर हुन जाने तारेख तोकी पठाउने तथा मिसिल समेत नक्कल खडा गरी अभिलेख राखी सक्कल मिसिल सम्बन्धित अदालत वा निकायमा पठाउनुपर्नेछ ।

**७१. मेलमिलाप दस्तुरः** मेलमिलापमा जाने विवादको हकमा मेलमिलापकर्ताले पक्षहरुले सहमतिमा दिन मञ्जुर भएदेखि बाहेक कुनै प्रकारको दस्तुर लाग्ने छैन । तर पक्षहरूको सहमतिमा मेलमिलापकर्ताले पक्षहरुबाट बढीमा रु ५००।-/५००।- लिन पाउनेछन ।

**७२. समुदाय स्तरमा हुने सामुदायिक मेलमिलाप प्रवर्धन गर्न कर्मचारी तोक्न सक्नेः** **(१)**समितिले स्थानीय स्तरमा मेलमिलाप प्रवर्द्धन गर्नको लागि कार्यपालिकामा अनुरोध गरेमा कर्मचारी खटाई समुदाय स्तरमा मेलमिलापको प्रवर्द्धनात्मक कार्यक्रम गर्न सकिनेछ ।

(२) समुदाय स्तरमा हुने सामुदायिक मेलमिलापको हकमा दफा ५९ (१) अनुसारको योग्यता तथा अनुभव नभएका मेलमिलापकर्तावाट मेलमिलाप गराउन वाधा पर्ने छैन ।

(२) समितिले समुदायस्तरमा हुने सामुदायिक मेलमिलापको कार्यविधि तोके वमोजिम हुनेछ ।

## परिच्छेद-९
## निर्णय कार्यान्वयन सम्बन्धी व्यवस्था

७३. **सचिवालयको जिम्मेवारीः** कार्यपालिकाको प्रत्यक्ष नियन्त्रण र निर्देशनमा रहि समितिको निर्णय कार्यान्वयन गर्ने गराउने सम्बन्धी सम्पूर्ण कार्यको रेखदेख गर्ने जिम्मेवारी वहन गर्नुपर्नेछ ।

७४. **सहयोग गर्नुपर्नेः** (१)गाउँपालिका कार्यालय तथा सो अन्तर्गतका सबै वडा कार्यालय तथा अन्य कार्यालयले यस ऐन तथा प्रचलित कानून बमोजिम समितिले गरेको निर्णय बमोजिम व्यक्ति वा संस्था वा अन्य कसैसँग असुल गर्नुपर्ने जरीवाना वा अन्य रकम असुलउपर गर्न सहयोग गर्नुपर्नेछ ।

(२) यस ऐन तथा प्रचलित कानून बमोजिम समितिले असूल गर्नपर्ने जरीवाना, बिगो वा अन्य कुनै प्रकारको रकम असुलउपर नभई उपदफा (१) मा उल्लेख भए बमोजिमका कार्यालयहरुले कुनै सिफारिस वा कुनै कार्य गरिदिने छैनन ।

७५. **असुल उपर गर्नेः** (१) अभिलेख प्रशासकले समितिको निर्णय बमोजिम कुनै पक्षसँग जरीवाना वा बिगो वा अन्य कुनै प्रकारको असुल उपर गर्नुपर्ने भएमा सो पक्षले जरीवाना तिर्न बुझाउन ल्याएमा बुझि सदरस्याहा गरी जरीवानाको लगत कट्टा गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम असुलउपर नभएमा लगत राखी सम्बन्धित पक्षको नाम नामेसी तथा जरीवाना रकम समेतको विवरण गाउँपालिकाको कार्यालयका साथै सबै वडा कार्यालयमा समेत अभिलेखको लागि पठाउनुपर्नेछ ।

(३) सम्बन्धित कार्यालयहरुले उपदफा (२) बमोजिम लेखी आएमा त्यस्तो पक्षसँग जरीवाना रकम असुलउपर गरी अभिलेख शाखामा सदरस्याहा गर्न पठाउनुपर्नेछ ।

७६. **भरीभराउ गर्नेः** (१) समितिले यस ऐन बमोजिम गरेको कुनै निर्णय बमोजिम कुनै पक्षले राखेको दस्तुर, वा अन्य कुनै प्रकारको रकम कुनै पक्षबाट भराई पाउने भएमा भराई पाउने पक्षले भरी दिनुपर्ने पक्षको त्यस्तो रकम भराई दिनुपर्ने स्रोत खुलाई अनुसूची-१२ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन दिँदा यथासम्भव नगद रहेको बैँक खाता वा कुनै सहकारी वा बचत संस्थामा रहेको रकम र सो नभएमा लिलाम बिक्री गरी असुल उपर गर्नुपर्ने अवस्था भएमा कुनै अचल सम्पत्तिको व्यहोरा खुलाई निवेदन दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको निवेदनमा दफा ७८ बमोजिमको विवरण खुलाई निवेदन दिनुपर्नेछ

७७. **चलन चलाईदिनेः** (१) समितिले यस ऐन बमोजिम गरेको कुनै निर्णय बमोजिम कुनै सम्पत्ति वा अधिकार वा कुनै विषयवस्तु वा सेवा वा अन्य कुनै विषयको चलन पाउने

ठहरेको पक्षले त्यस्तो चलन पाउने विषयको विवरण खुलाई अभिलेख प्रशासक समक्ष अनुसूची-१३ को ढाँचामा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा अभिलेख प्रशासकले निर्णय बमोजिमको विषयको चलन चलाई दिनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको निवेदन दिँदा चलन चलाउनु पर्ने सम्पत्तिको दफा ७८ बमोजिमको विवरण खुलाउनुपर्नेछ ।

७८. **सम्पत्तिको विवरण खुलाउनुपर्नेः** भरिभराउ गर्न वा चलन चलाइ पाउनको लागि निवेदन दिने विवादको पक्षले निवेदनमा सम्पत्तिको विवरण उल्लेख गर्दा देहाय बमोजिमको विवरण खुलाउनु पर्नेछः-

(क) अचल सम्पत्तिको विवरण

(१) घरजग्गा भए रहेको स्थानको ठेगाना तथा चार किल्ला,

(२) घर जग्गाको कित्ता नम्बर तथा क्षेत्रफल,,

(३) घर रहेको भए घरको तला तथा कवल र सम्भव भएसम्म वर्गफिट,

(४) घर जग्गाको अवस्थिती आवास वा औद्योगिक वा व्यापारिक क्षेत्रमा रहेको व्यहोरा,

(५) कच्ची वा पक्की सडकसँग जोडिएको व्यहोरा,

(६) घरजग्गाको स्वामित्व रहेको व्यक्तिको नाम थर साथै स्वामित्व भन्दा फरक व्यक्तिको भोगचलन रहेको भए भोगचलन गर्नेको नाम थरका साथै अन्य विवरण, तथा

(७) घरमा भएको लगापात तथा खरिदबिक्री हुन सक्ने न्यूनतम मूल्य ।

(ख) चल सम्पत्तिको विवरणः

(१) चल सम्पत्ति रहेको ठाउँ तथा भोग वा नियन्त्रण राख्नेको नाम थर,

(२) बैँक खातामा रहेको नगद भए खातावालाको साथै बैँक तथा शाखाको नाम,

(३) चल सम्पत्तिको प्रकार तथा नगद बाहेकको भए सम्भावित बिक्री मूल्य, तथा

(४) नगद बाहेकको चल सम्पत्ति भए अवस्था, प्रकृति तथा बनोटका साथै प्रत्येकको साइज र संख्या ।

७९. **सम्पत्ति रोक्का राख्नेः** (१) अभिलेख प्रशासकले दफा ७५ वा ७६ बमोजिम निर्णय कार्यान्वयनको लागि निवेदन परेपछि देखाइएको सम्पत्तिको हकमा आवश्यक पर्ने जति जेथा रोक्का राख्ने सम्बन्धमा निर्णयको लागि कार्यापालिका समक्ष पेश गर्ने र कार्यपालिकाबाट रोक्का राख्ने निर्णय गरेपछी निर्णय बमोजिम जेथा रोक्का राख्नको

लागि सो जेथा दर्ता रहेको कार्यालय वा रजिष्ट्रेशन गर्ने कार्यालयमा लेखी पठाउनुपर्नेछ ।

(२) बाली, ब्याज, बहाल लगायतको सम्पत्तिको हकमा निवेदन परेको बढीमा दुई दिन भित्र सम्पत्ति तायदात गर्न लगाई तायदात गर्दाको समयमा नै आवश्यक पर्ने जति सम्पत्ति वा सोबाट प्राप्त हुने बाली, बहाल, ब्याज, मुनाफा आदि आय नियन्त्रण गर्नु वा रोक्का राख्नुपर्छ र त्यसको भरपाई सम्बन्धित पक्षलाई दिनुपर्छ ।

(३) दफा ७८ को देहाय (ख) बमोजिमको सम्पत्तिको हकमा भरिभराउको लागि आवश्यक पर्ने जति सम्पत्ति रोक्का राखी रोक्काको सूचना आवश्यकताअनुसार लेखा शाखा वा सम्बन्धित बैँक वा सम्बन्धित निकायमा तुरुन्त लेखी पठाउनुपर्नेछ ।

(४) सम्पति रोक्का सम्बन्धी आदेश अनुसूची १४ बमोजिम हुनेछ ।

८०. **सम्पत्ति लिलाम गर्दा अपनाउनुपर्ने कार्यविधिः** (१) कार्यपालिकाले यस ऐन बमोजिम भरिभराउ गर्नुपर्ने बिगो वा कोर्ट फी वा त्यस्तै कुनै रकम असुलउपर गर्न दफा ७८ को देहाय (क) बमोजिम सम्पत्तिको विवरण खुलाई दरखास्त परेमा त्यस्तो रकम भरी दिनुपर्ने व्यक्तिलाई बुझाउनुपर्ने रकम बुझाउन सात दिनको म्याद दिई सूचना जारी गर्नुपर्छ ।

(२) उपदफा (२) बमोजिमको म्यादमा रकम बुझाउन नल्याएमा त्यस्तो भरिदिनुपर्ने व्यक्तिको भरीपाउने व्यक्तिले देखाएको दफा ७८ को देहाय (क) बमोजिमको सम्पत्ति तायदात गरी ल्याउनुपर्छ ।

(३) दण्ड, जरीवाना, सरकारी बिगो वा कुनै अदालत वा निकाय वा गाउँपालिका/नगरपालिका वा समितिको निर्णयले असुल उपर गर्नुपर्ने कुनै रकमको हकमा त्यस्तो असुलउपर हुनुपर्ने व्यक्तिले बुझाउन नल्याएमा निजको जुनसुकै अचल सम्पत्ति फेला परेमा तायदात गरी रोक्का राख्नुपर्छ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखीएको भए तापनि जेथा जमानत वा कुनै प्रकारको नगद धरौट दाखिल गरेको हकमा सो सम्पत्तिबाट खाम्ने जति रकमको लागि उपदफा (३) बमोजिम गरिरहनुपर्दैन ।

(५) उपदफा (४) बमोजिम मोल कायम भएपछि उक्त अचल सम्पत्तिको लिलामको सूचना सम्बन्धित पक्षलाई दिई सर्वसाधारणको जानकारीको लागि लिलाम हुने मिति र सम्पत्तिको विवरण सहितको सार्वजनिक सूचना गाउँपालिका/ नगरपालिका, जिल्ला प्रशासन कार्यालय, जिल्ला अदालत, जिल्ला समन्वय समितिको कार्यालय तथा कोष तथा लेखा नियन्त्रकको कार्यालयमा टाँस्न लगाउनुपर्नेछ ।

(६) उपदफा (५) बमोजिमको सूचनामा तोकीएको दिनमा उक्त सूचनामा तोकीएको सम्पत्ति पञ्चकिर्ते मोलबाट माथि बढाबढ प्रक्रिया बमोजिम लिलाम गर्नुपर्नेछ ।

(७) लिलाम प्रक्रियामा सम्भव भएसम्म जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय वा स्थानीय प्रशासन कार्यालय, स्थानीय प्रहरी कार्यालय तथा गाउँपालिका क्षेत्र भित्र रहेका अन्य सरकारी कार्यालयका प्रतिनिधिलाई रोहवरमा राख्नुपर्नेछ ।

(८) उपदफा (६) बमोजिम गर्दा उक्त सम्पत्ति कसैले पनि लिलाम सकार नगरेमा सोही प्रक्रियाबाट पुनः दोस्रोपटक लिलाम गर्नुपर्नेछ तथा दोस्रोपटक गर्दा पनि कसैले लिलाम सकार नगरेमा भराईपाउने पक्ष निवेदकलाई नै उक्त सम्पत्ति पञ्चकिर्ते मोलमा सकार गर्न लगाउनुपर्नेछ ।

(९) उपदफा (८) बमोजिम गर्दा निवेदकले सम्पत्ति सकार गर्न नचाहेमा पछि अर्को जेथा खुल्न आएका बखत कानून बमोजिम गर्नेगरी निजको निवेदन तामेलीमा राखी लिलाममा चढाईएको सम्पत्ति फुकुवा गरिदिनुपर्छ ।

(१०) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखीएको भए तापनि गाउँपालिकाको कुनै रकम असुल उपर गर्ने क्रममा लिलाम गर्दा कसैले सकार नगरेमा जतिमा सकार हुन्छ त्यतिमा नै सो सम्पत्ति लिलाम गरी प्राप्त रकम सदरस्याहा गरी नपुग रकमको हकमा कानून बमोजिम अन्य सम्पत्ति वा प्रक्रियाबाट असुलउपर गर्नुपर्नेछ ।

८१. **तायदात गर्ने प्रक्रियाः** (१) अभिलेख प्रशासकले दफा ७९ बमोजिम सम्पत्ति तायदात गर्नुपर्दा कम्तिमा वडा सचिव स्तरको कर्मचारी खटाई त्यस्तो अचल सम्पत्तिको चलनचल्तीको मूल्य स्पष्ट खुल्ने गरी तायदात गर्न लगाउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम तायदात गर्ने कर्मचारीले तायदात गर्नुपर्ने सम्पत्तिको चलनचल्तीको मूल्य कायम गर्ने प्रयोजनले पञ्चकिर्ते मोल कायम गरी मुचुल्का खडा गरी अभिलेख प्रशासक समक्ष प्रतिवेदन सहित पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम पञ्चकिर्ते मोल कायम गर्दा देहाय बमोजिमक कुरालाई आधार लिई कायम गर्नुपर्नेछः

(क) निवेदकले निवेदनमा खुलाएको मूल्य,

(ख) निर्णयमा उल्लेख भएको भए सो मूल्य,

(ग) पक्षले जमानत वा कुनै अन्य प्रयोजनको लागि कार्यपालिका समक्ष निवेदन दिँदा खुलाएको मूल्य,

(घ) तायदात गर्दा भै आएको स्थानीय मूल्याङ्कन अनुसारको मूल्य,

(ङ) मालपोत कार्यालयले कायम गरेको न्यूनतम मूल्य,

(च) अन्य कुनै प्रयोजनले कुनै सरकारी निकायले कुनै मूल्य कायम गरेको भए सो मूल्य,

(छ) पञ्चकिर्ते मोल कायम गर्नुभन्दा तत्काल अगावै कुनै खरिदबिक्री भएको भए सो मूल्य ।

**स्पष्टिकरणः** "पञ्चकिर्ते मोल" भन्नाले अचल सम्पत्ति बिक्री गर्नुपर्दा बिक्री हुने न्यूनतम मूल्यलाई सम्झनुपर्छ ।

(४) उपदफा (३) बमोजिम गर्दा देहाय बमोजिमको कुरालाई समेत ध्यानमा राख्नुपर्नेछः

(क) औद्योगिक वा व्यापारिक वा आवास क्षेत्र लगायत सडक सञ्जालसँग जोडिएको छ वा छैन, तथा

(ख) नगरक्षेत्रभित्र पर्ने घरको हकमा घरको वर्तमान अवस्था सम्बन्धमा प्राविधिक मुल्याँकन प्रतिवेदन ।

८२. **खाम्नेजति मात्र लिलाम गर्नुपर्नेः** (१) कार्यपालिकाले दफा ८० बमोजिम लिलाम गर्दा असुल गर्नुपर्ने बाँकि खाम्ने जति सम्पत्ति मात्र लिलाम गर्नुपर्नेछ ।

(२) सम्पत्ति लिलाम गर्दा सकार भएको रकम असुलउपर गर्नुपर्ने भन्दा बढी भएमा सो बढी भएको जति रकम सम्पत्तिवाल पक्षलाई फिर्ता गरिदिनुपर्छ ।

(३) उपदफा (२) बमोजिम रकम फिर्ता पाउने पक्ष लिलाम गर्दाको बखत उपस्थित नभएको भए रकम फिर्ता लिन आउनुभनी निजको नाममा सात दिनको सूचना जारी गरिझिकाई रकम फिर्ता गर्नुपर्छ ।

(४) उपदफा (३) बमोजिम गर्दा सम्बन्धित पक्ष रकम फिर्तालिन नआएमा उक्त रकम सञ्चितकोषमा दाखिल गरी आम्दानीबाँधी सदरस्याहा गर्नुपर्छ ।

(५) अभिलेख प्रशासकले दफा ८० बमोजिम लिलाम गरेको सम्पत्ति सकार गर्ने पक्षको नाममा सम्पत्ति दर्ता नामसारीको लागि सम्बन्धित कार्यालय वा निकायमा पत्राचार गरी निजलाई सम्पत्तिको चलनपूर्जी उपलब्ध गराई आवश्यक परे सो सम्पत्तिको चलन चलाईदिनुपर्छ ।

(६) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखीएको भए तापनि दफा ८० बमोजिमको लिलाम प्रक्रिया अगाडि बढीसकेपछि भराउनुपर्ने रकम बुझाउन ल्याए पनि सो रकम नबुझी सम्पत्ति लिलाम गर्नुपर्नेछ ।

८३. **लिलाम उपरको उजुरीः** यस ऐन बमोजिम भएको लिलामको प्रक्रियामा चित्त नबुझ्ने पक्षले जुन प्रक्रिया उपर चित्त नबुझेको हो सो भएको पन्ध्र दिन भित्र समिति समक्ष उजुरी पेश गरी भएको आदेश बमोजिम गर्नुपर्नेछ ।

८४. **बिगो भराउँदा वा चलनचलाउँदा लागेको खर्चः** यस ऐन बमोजिम बिगो भराउँदा वा चलन चलाउँदा लागेको खर्च बिगो भरीदिनुपर्ने वा चलनदिनुपर्ने सम्बन्धित पक्षले व्यहोर्नु पर्नेछ ।

८५. **यथास्थितिमा राख्नेः** कार्यपालिकाले यस ऐन बमोजिम चलनचलाई माग्न वा बिगो भराई पाउन कुनै सम्पत्ति देखाई निवेदन परेपछि बिगो भराउने वा चलनचलाउने कार्य सम्पन्न नभएसम्मको लागि उक्त सम्पत्ति हकहस्तान्तरण गर्न, भत्काउन, बिगार्न तथा कुनै

प्रकारको निर्माण कार्य गरी उक्त सम्पत्तिको स्वरुप परिवर्तन गर्न नपाउने गरी रोक्का राख्न सम्बन्धित पक्षको नाममा आदेश जारी गरी उक्त सम्पत्ति यथास्थितिमा राख्नुपर्नेछ ।

८६. **निवेदनबाट कारवाही गर्नेः** (१) अभिलेख प्रशासकले कुनै पक्षले दफा ८५ बमोजिम भएको आदेश विपरित कुनै सम्पत्तिको हक हस्तान्तरण वा स्वरुप परिवर्तन आदि गरेको निवेदन परेमा उक्त निवेदन दर्ता गरी त्यस्तो गर्ने पक्षको नाममा तिन दिनको म्याद जारी गरी निजलाई हाजिर गराई सो निवेदन समिति समक्ष पेश गर्नुपर्नेछ ।

(२) समितिले उपदफा (१) बमोजिमको निवेदन पेश हुन आएमा पक्षलाई नयाँ उजुरी दर्ता गर्न नलगाई उक्त निवेदनबाट नै आवश्यक कारवाही गरी निर्णय गर्नुपर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखीएको भए तापनि उपदफा (१) बमोजिमको निवेदनको व्यहोराबाट निवेदन समितिको क्षेत्राधिकार भित्र नपर्ने विषयमा परेको देखिएमा समितिले उक्त विषयमा क्षेत्राधिकार ग्रहण गर्ने अदालत वा निकाय समक्ष जान सुनाई दिनुपर्नेछ ।

८७. **चलनचलाउने सूचनाः** (१) अभिलेख प्रशासकले समितिको निर्णय बमोजिम चलन चलाई पाउन निवेदन परेमा चलन चलाउने मिति खुलाई फलानो मितिमा फलानो घर जग्गाको चलन चलाउन कर्मचारी खटिई आउने हुँदा सो मिति अगावै घर जग्गा खाली गरिदिनु भनी चलन दिनुपर्ने पक्षको नाममा सूचना जारी गर्नुपर्नेछ ।

(२) चलनदिनुपर्ने सम्पत्ति उजुरीको पक्षबाहेक अन्य कसैको भोगचलनमा रहेको भएमा अभिलेख प्रशासकले सोही पक्षको नाममा उपदफा (१) बमोजिमको सूचना जारीगर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम तोकीएको मितिमा खटिईजाँदा घरजग्गा खाली गरेको भए सम्बन्धित कर्मचारीले चलन चलाई दिएको मुचुल्का खडागरी तथा घरजग्गा खाली नगरेको भए खाली गराई चलन चलाई चलन चलाएको मुचुल्का खडा गरी प्रतिवेदन साथ अभिलेख शाखामा पेश गर्नुपर्नेछ ।

## परिच्छेद-१०
## विविध

८८. **नक्कल निवेदनः** (१) समिति समक्ष दर्ता रहेको उजुरीको कुनै सरोकारवाला पक्षले विवादको मिसिलमा रहेको कुनै कागजपत्रको नक्कल लिनको लागि निवेदन दिएमा समितिले उक्त पक्षलाई सो कागजको नक्कल उपलब्ध गराउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन दिँदा सम्बन्धित पक्षले उजुरी शाखामा रहेको मिसिलको नक्कल लिनुपर्दा उजुरी प्रशासक तथा अभिलेख शाखामा रहेको

मिसिलको नक्कल लिनुपर्ने भएमा अभिलेख प्रशासक समक्ष निवेदन पेश गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको निवेदन दिनको एघार बजे अगावै पेश भएमा सम्बन्धित कर्मचारीले सोही दिन र सो भन्दा पछी पेश भएमा सम्भव भएसम्म सोही दिन नभए सोको भोलिपल्ट नक्कल उपलब्ध गराउनेछ ।

(४) उपदफा (१) बमोजिम निवेदन दिँदा फरक फरक उजुरीको लागि फरक फरक निवेदन दिनुपर्नेछ ।

(५) विवादको कुनै पक्षले उपदफा (१) बमोजिमको निवेदन दिँदा नक्कलको सट्टामा कागजपत्रको फोटो खिच्ने अनुमति मागेमा सो दिनुपर्नेछ ।

(६) नक्कल निवेदन दिँदा अनुसूची-१५ बमोजिमको ढाँचामा दिनुपर्नेछ ।

८९. **नक्कल दस्तुरः** (१) सम्बन्धित प्रशासकले दफा ८८ बमोजिम नक्कल वा फोटो खिच्नको लागि निवेदन दिनेपक्षसँग देहाय बमोजिमको दस्तुर लिई नक्कल उपलब्ध गराउनुपर्नेछः

(क) नक्कलको हकमा सक्कल पानाको प्रति पृष्ठको रू ५।– रुपैयाँको दरले,

(ख) समितिको निर्णय कागजको हकमा प्रति सक्कल पानाको प्रति पृष्ठको रू ५।– रुपैयाँको दरले, तथा

(ग) लिखत कागजपत्रको नक्कल नलिई फोटो खिच्न चाहेमा प्रति पानाको रू ५।– रुपैयाँको दरले ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखीएको भए तापनि प्रचलित कानून बमोजिम नक्कल दस्तुर नलाग्ने पक्षलाई यस दफा बमोजिमको दस्तुर लाग्नेछैन ।

(३) यस दफा बमोजिम नक्कल उतार गरी लैजाने पक्षले नक्कल उतार गर्दा लागेको खर्चको व्यवस्था आफै गर्नुपर्नेछ ।

९०. **दस्तुर उल्लेख गर्नेः** (१) नक्कल प्रमाणित गर्ने सम्बन्धित प्रशासकले नक्कल प्रमाणित गर्दा नक्कल लैजाने पक्षको नाम थर तथा उजुरीमा हैसियतका साथै नक्कल उतार गरेवापत दाखिल गरेको दस्तुर र नक्कल पाना समेत उल्लेख गरी नक्कल दिएको व्यहोरा जनाई नक्कल प्रमाणित गर्नुपर्नेछ ।

९१. **दस्तुर चुक्ता नभई नक्कल नदिइनेः** सम्बन्धित प्रशासकले यस ऐन बमोजिम नक्कल माग्ने पक्षले नक्कल उतार गर्दा दफा ८९ बमोजिम लाग्ने दस्तुर दाखिल नगर्दासम्म नक्कल दिनेछैन र सो नक्कलको आधिकारिकता प्रमाणित गर्न पाउनेछैन ।

९२. **प्रचलित कानून बमोजिम हुनेः** यस ऐनमा जुनसुकै कुरा लेखीएको भए तापनि उजुरीसँग सम्बन्धित प्रचलित कानूनमा कुनै कुरा लेखीएको भए सोमा लेखीए जतिको हकमा सोही बमोजिम हुनेछ ।

९३. **नियम बनाउने अधिकारः** समितिले यस ऐनको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक नियम बनाउन सक्नेछ ।

**अनुसूची-१**
**(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)**
**उजुरीको ढाँचा**
न्यायिक समिति समक्ष पेश गरेको
निवेदन-पत्र

स्याङ्गजा जिल्ला फेदीखोला गाउँपालिका, वडा नं. .................. बस्ने ................................................ को ........................................... छोरा / छोरी / श्रीमती वर्ष ............ को ......................................... (प्रथम पक्ष) निवेदक............................विरुद्ध
स्याङ्गजा जिल्ला फेदीखोला गाउँपालिका , वडा नं. ................ बस्ने वर्ष............ (दोस्रो पक्ष) विपक्षी ...........................

विषयः सम्वन्ध विच्छेद

म निम्न वुँदाहरुमा लेखीए वमोजिम निवेदन गर्दछु :

१. म निवेदक र यस विवादको दोस्रो पक्षविच संवत २०६९ सालमा सामाजिक परम्परा अनुसार विवाह गरिएको हो । विवाह भएपश्चात २ वर्षसम्म अर्थात २०७१ सालसम्म हामीविच सुमधुर दाम्पत्य जीवन रहेको थियो । हामीबाट २०७१ साल जेठमा १ छोराको समेत जायजन्म भएको छ । एक आपसमा लोग्ने स्वास्नीविचको सहमति र सहकार्यमा छोरा जन्मेपछी क्रमशः समस्या देखिँदै जान थाल्यो । २०७१ सालको तिहारमा माइत गएपछी उनी घर आइनन् । पटक पटक घर आउन फोनबाट अनुरोध गरेँ । २ पटकसम्म लिन गएँ । तर निजले तिमीसँग मेरो जीवन चल्न सक्दैन, म घर जान सक्तिन, तिमी जे गर्नुपर्छ गर भनी ठाडो जवाफ दिन थालिन । के कारणले यस्तो हुन गयो भनी सोद्धा अव तिम्रो र मेरो सम्वन्ध छैन आफुखुसी गर र मलाई सम्पर्क नगर, गरेमा राम्रो हुँदैन भनी धाक धम्की र त्रास मसेत दिइन । लामो समयसम्म मन फर्केला र घर आउलिन भनी पर्खी वसेँ तर आईनन । करिव ३ वर्षपछी अर्थात २०७४ साल भाद्र महिनामा पुनः लिन गएँ तर विपक्षी मसँग वोल्दै नवोली घरभित्र छिरिन र साला जेठान पठाई शारीरिक आक्रमण गर्ने सम्मको कार्य गरी मलाई तथा नाम गाली गलौच गरे । मुश्किलले ज्यान जोगाई निराश भएर घर फर्किएँ र अव दोस्रो पक्ष श्रीमती मसँग पुनः फर्की आउने र दाम्पत्य जीवन सुमधुर हुने सम्भावना नभएकोले पारिवारिक विवाद निरुपणका लागि यो निवेदन दिन आएको छु ।

२. यस समितिबाट दोस्रो पक्ष झिकाई जे जो वुझ्नुपर्छ वुझी विवाद निरुपण गराईपाउँ ।

३. यस गाउँपालिकाबाट जारी भएको स्थानीय न्यायिक कार्यविधिको दफा ४७ उपदफा ....... बमोजिम निवेदन दस्तुर रु.१००, दोस्रो पक्ष यसै निवेदनसाथ दाखिल गरेको छु ।

४.  यो निवेदन स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४७(२) पर्दछ । अनुसार यसै समितिको अधिकार क्षेत्र भित्र

५.  यो निवेदन हदम्याद भित्रै छ र म निवेदकलाई यस विषयमा निवेदन दिने हकदैया प्राप्त छ ।

६.  यस विषयमा अन्यत्र कहीँ कतै कुनै निकायमा कुनै प्रकारको निवेदन दिएको छैन ।

७.  यसमा दोस्रो पक्षको माइती तर्फका र मेरो घर तर्फका परिवारका सदस्यहरु झिकाई थप व्यहोरा बुझ्न सकिनेछ ।

८.  यसमा लेखीएका व्यहोरा ठिक साँचो सत्य हुन्, झुठा ठहरे कानून वमोजिम संजाय भोग्न तयार छु ।

निवेदक

नामः ............................

इति संवत् ............ साल..................महिना.....................गते....................रोज शुभम् ।

## अनुसूची-२
**(दफा ९ को उपदफा (१) सँग सम्बन्धित)**

उजुरी दर्ता गरेको निस्साको ढाँचा

श्री ....................
........................ ।

विषय: उजुरी दर्ताको निस्सापत्र सम्बन्धमा ।

फेदीखोला गाउँपालिका वडा नं. ............ बस्ने तपाइ विरुद्धमा .............................. बस्ने ............................ ले ........................................ भनी उजुरी दर्ता गर्न ल्याएकोमा आजको मितिमा दर्ता गरी दर्ता नं. .............................................. कायम भएकोले यो निस्सा जारी गरिदिएको छ ।

अधिकृत कर्मचारी
दस्तखत: ........
मिति: ...........

## अनुसूची-३
**(दफा ९ को उपदफा (२) सँग सम्बन्धित)**

**तारिख भरपाई**

न्यायिक समिति

फेदीखोला गाउँपालिकामा खडा गरिएको तारेख भरपाई

वादी ................. प्रतिवादी ..................

मुद्दा ....................

मिति ........... मा ........................................ काम भएकोले सोही दिन ........... बजे यस न्यायिक समिति/कार्यालयमा उपस्थित हुनेछु भनी सही गर्ने ......

वादी ................ प्रतिवादी ................

इति संवत् ............ साल..................महिना.....................गते....................रोज शुभम् ।

## **अनुसूची-४**
**(दफा ९ को उपदफा (३) सँग सम्बन्धित)**
**तारिख पर्चा**

न्यायिक समिति
फेदीखोला गाउँपालिका
बाट जारी भएको तारेखको पर्चा

वादी ............... प्रतिवादी .................

मुद्दाः ......................

मिति ............... मा .................... काम गर्न ........ बजे हाजिर हुन आउनुहोला ।

फाँटवालाको दस्तखत
मिति .................

## अनुसूची-५
## (दफा १५ को उपदफा (३) सँग सम्बन्धित)
## प्रतिवादको ढाँचा

लिखित जवाफको नमूना
न्यायिक समिति समक्ष पेश गरेको
लिखित जवाफ

प्रथम पक्ष

स्याङ्गजा जिल्ला फेदीखोला गाउँपालिका वडा नं. .................. को ......................... बस्ने ...............................................(नाता सम्बन्ध उल्लेख गर्ने ) वर्ष ................ लिखित जवाफ प्रस्तुत कर्ता ............................................ को

दोस्रो पक्ष

स्याङ्गजा जिल्ला फेदीखोला गाउँपालिका वडा नं. ............ बस्ने ................................ को .................... को छोरा वर्ष ................................................. (निवेदक) विपक्षी ..............................................................

**विषयः सम्वन्ध विच्छेद ।**

म निम्न वुँदाहरुमा लेखीए वमोजिम निवेदन गर्दछु :

१. म लिखित जवाफ प्रस्तुतकर्ता र विपक्षी निवेदकविच संवत २०६९ सालमा सामाजिक परम्परा अनुसार विवाह भएको व्यहोरा ठीक हो । हामीबाट २०७१ साल जेठमा १ छोराको समेत जायजन्म भएको ठिक हो । २०७१ सालको तिहारमा माइत गएपछि म घर नफर्केको, पटक पटक घर आउन फोनबाट अनुरोध गरेको, २ पटकसम्म लिन आएको तर म घर नगएको, मैले विपक्षी निवेदकलाई दाम्पत्य जीवन चल्न नसक्ने भनेको र मेरा दाईभाईले शारीरिक आक्रमण गर्ने सम्मको कार्य गरेको भनी कपोलकल्पित झुठा र हुँदै नभएका निराधार व्यहोरा उल्लेख गरी विवाद गरेको कुरा उल्लेख गर्न चाहान्छु ।

२. मलाई विपक्षी निवेदक समेत मिलि गाली गलौच , डर, धाक, धम्की देखाई हातपात गरी घरबाट निकाला गरेपछी म माइतीमा आई वसेकी हुँ । विवाह भएको केही वर्षपछी विना कारण ममाथी विभिन्न किसिमका आरोप लगाई अपमान गर्ने, गाली गलौच गर्ने लगायतका कामहरु हुँदैगए । परिवारका अन्य सदस्यहरुले म माथि घृणा गर्ने, वोलचाल नगर्ने जस्ता कार्य गरेपनि विपक्षीबाट केही समय मलाई नै समर्थन र सहयोग गर्दै आएका थिए तर पछी विपक्षी निवेदक समेत उनीहरुसँगै मिले र मलाई जवरजस्त घरबाट निकाल्ने कार्यमा सहभागी भए । के कुन कारणले वा मेरो के गल्तीले यसो गरेका हुन भनी वुझ्दा वेलावेला दाइजो नल्याएको भनी माइती पक्षसमेतको आलोचना गर्ने गरेका थिए । सायद उनीहरुलाई दाइजोकै लोभका कारण मलाई घरबाट निकालीदिएका हुनुपर्दछ । मैले कुनै गल्ती नगरेको र विपक्षी लोग्नेसँग पूर्ववत माया, सद्भाव र सम्मान यथावत रहेकोले लोग्ने स्वास्नीको सम्बन्ध यथावत कायम गरी पाउँ ।

३.        घरबाट जवरजस्त निकालेपछी ४ महिनाको नावालक छोरा काखी च्यापेर माइती आएको झण्डै ३ वर्षसम्म बेखबर, सम्पर्कबिहिन बसी अहिले एक्कासी सम्वन्ध विच्छेदको माग गरी निवेदन दिनु आफैँमा आश्चर्यजनक लागेको छ, सत्य तथ्य बुझी कानून वमोजिम गरी पाउँ ।

४.        बमोजिम लिखित ...................................... बाट जारी भएको स्थानीय न्यायिक कार्यविधिको दफा ................................................ यसै निवेदनसाथ दाखिल गरेको छु । ................................ जवाफ वापत दस्तुर रु

५.        यो लिखित जवाफ म्यादभित्रै लिई म आफैं उपस्थित भएको छु ।

६.        यस विषयमा अन्यत्र कहीँ कतै कुनै निकायमा कुनै प्रकारको निवेदन दिएको छैन ।

७.        यसमा लेखीएका व्यहोरा ठिक साँचो सत्य हुन्, झुठा ठहरे कानून वमोजिम संजाय भोग्न तयार छु ।

<u>निवेदक</u>

नामः ..................................

इति संवत ................ महिना .................... साल ........................ गते रोज शुभम् । ..............

## अनुसूची-६

### (दफा २० को उपदफा (६) सँग सम्बन्धित)

न्यायिक समितिबाट जारी भएको

### म्याद सूचना

...........................................................वस्ने को नाउँमा. .............................................गाउँपालिका ...................................... गाउँपालिका कार्यालयबाट जारी भएको १५ दिने सूचना (पन्ध्र) ....................................बस्ने ले तपाईको विरुद्ध ...................................................... विवाद परेको भनी निवेदन दर्ता गरेको हुदाँ सो को प्रतिलिपि यसै साथ पठाईएको छ । अतः तपाईले यो म्याद बुझेको वा रित पूर्वक तामेल भएको मितिले पन्ध्र दिन भित्रमा आफ्नो भनाइ सहित आँफै वा कानून बमोजिमको वारेस मार्फत यस कार्यालयमा हाजिर हुन आउनुहोला । अन्यथा कानून बमोजिम हुने व्यहोरा जानकारी गराईनेछ ।

इति सम्बत। ....................शुभम् ..................... गत् रोज ....................... महिना ..................... साल...................

## अनुसूची-७
## (दफा ४२ को उपदफा (१) सँग सम्बन्धित)
## निर्णयको ढाँचा

फेदीखोला गाउँपालिका न्यायिक समिति

संयोजक श्री...........................................................................................

सदस्य श्री...........................................................................................

सदस्य श्री...........................................................................................

निर्णय

संवत ............... सालको निवेदन नं........

विषयः ...................................... ।

स्याङ्गजा जिल्ला फेदीखोला गाउँपालिका वडा नं............ ..............वस्ने
...........................................................................................प्रथम पक्ष

विरुद्ध

स्याङ्गजा जिल्ला फेदीखोला गाउँपालिका वडा नं............ .........वस्ने
...........................................................................................दोस्रो पक्ष

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४७ वमोजिम निवेदन दर्ता भई सोही ऐनको दफा ४६ वमोजिम गठन भएको न्यायिक समिति समक्ष प्रस्तुत हुन आएको मुद्दाको संक्षिप्त तथ्य र निर्णय यस प्रकार छः

(१) फेदीखोला गाउँपालिका वडा नं. ...................... नक्सा सिट नं.... कि.नं........क्षे.फ...........को घरजग्गामा पश्चिम तर्फका कि.नं..........का संधियार विपक्षी ...................ले घर वनाउँदा आफ्नो घरजग्गामा सिमानासम्म आई जोडी बनाएको तर छत तथा बलेसीको पानी आफ्नो घर कम्पाउण्डभित्र झार्नेगरी वनाएको हुँदा सो वलेसी वन्द गराई पाउँ भन्ने निवेदकको निवेदन व्यहोरा ।

(२) फेदीखोला गाउँपालिकाबाट प्रचलित भवन निर्माण सम्वन्धी मापदण्ड वमोजिम इजाजत प्राप्त गरी भवनको नक्सा समेत स्वीकृत गराई सो नक्सा वमोजिम भवन निर्माण गरेको हुँ । विपक्षी निवेदकले भने बमोजिम आफ्नो घरको छत तथा वलेसीको पानी निजको घर कम्पाउण्डभित्र झार्ने नगरेको आफ्नै घरजग्गामा झार्ने गरेको हुँदा झुठा निवेदन खारेज गरिपाउँ भन्ने प्रत्यर्थीको लिखित जवाफ ।

(३) फेदीखोला गाउँपालिकाबाट स्थलगत निरीक्षण तथा सर्वेक्षण गर्न गएका प्राविधिक टोलिले स्थलगत निरीक्षण गरी मिति.........मा पेश गरेको स्केच सहितको प्रतिवेदनबाट प्रत्यर्थीको घरतर्फबाट छत तथा वलेसीको पानी खस्दा निवेदकको घर कम्पाउण्ड भित्र पर्ने गरेको देखिन्छ भन्ने व्यहोरा उल्लेखित भएको ।

(४) विवादका दुवै पक्षलाई मेलमिलाप गराउने प्रयोजनका लागि......................... गाउँपालिका वडा नं........,................. मा रहेको मेलमिलाप केन्द्रमा पठाउँदा मेलमिलाप हुन नसकी फर्की आएको ।

निर्णय

दुवै पक्षलाई सुनुवाईको लागि आज पेशी तोकीएकोमा विवादका सम्वन्धित पक्षहरु स्वयमं तथा निजहरुबाट नियुक्त गरेका कानून व्यवसायीहरु समेतको भनाई सुनी पुनः मिलापत्र गर्नुहोस भनी सम्झाउँदा वुझाउँदा पनि मिलापत्र गर्न मञ्जुर नगर्नु भएकोले फाइलमा संलग्न प्रमाण कागजहरुको समेत मूल्याङ्कन गरी स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४९(२) वमोजिमनिर्णय दिनुपर्ने हुन आई निर्णयतर्फ विचार गर्दा निवेदकको कि. नं....को पश्चिमतर्फ प्रत्यर्थीको कि.नं....को घरजग्गा जोडिएर रहेकोमा विवाद देखिएन । निवेदकको भनाई अनुसार आफ्नो घर कम्पाउण्ड भित्र प्रत्यर्थीको छत तथा वलेसीको पानी झारेको हो होइन भनी स्थलगत रुपमै जाँचवुझ गरी प्राविधिक प्रतिवेदन पेश गर्न कार्यालयबाट खटि गएका प्राविधिक कर्मचारीले मिति.............मा पेश गरेको स्केच सहितको प्राविधिक प्रतिवेदन समेतबाट निवेदकको माग दावी वमोजिम आफ्नो घर कम्पाउण्डभित्र प्रत्यर्थीको छत तथा वलेसीबाट पानी झर्ने गरेको भन्ने पुष्टि हुने देखिन्छ । प्रत्यर्थीले यस कार्यालयबाट पारित गरेको नक्सामा समेत छत तथा वलेसीको पानी आफ्नै घरजग्गामा झार्ने भनी देखाईएको र निवेदकको घर कम्पाउण्डभित्र पानी झार्न पाउनुपर्छ भनी प्रत्यर्थीले दावी विरोध गर्न समेत नसकेको र प्रचलित कानून र प्रचलनबाट समेत अर्काको घर कम्पाउण्डभित्र आफ्नो छत तथा वलेसीको पानी झार्न पाउने नदेखिएको हुँदा निवेदकको माग वमोजिम प्रत्यर्थीले आफ्नो छत तथा वलेसीबाट आफ्नै घर जग्गामा पानी झार्ने प्रबन्ध गर्नुपर्ने देखिन्छ । निवेदकको घर कम्पाउण्डमा पानी झार्न नपाउने ठहर्छ । सो ठहर्नाले तपशिल बमोजिम गर्नु ।

**तपशिल**

१. सरोकारवालाले नक्कल माग गर्न आएमा नियमानुसार दस्तुर लिई नक्कल दिनु ।
२. यो निर्णयमा चित्त नवुझे ३५ दिनभित्र .............जिल्ला अदालतमा पुनरावेदन गर्न जानु भनी प्रत्यर्थीलाई सुनाईदिनु ।
३. म्यादभित्र पुनरावेदन नपरेमा कानून वमोजिम निर्णय कार्यान्वयन गर्नु/गराउनु ।
इति संवत् ............ साल..................महिना.....................गते....................रोज शुभम् ।

## अनुसूची-८
## (दफा ४८ को सँग सम्बन्धित)
## अन्तरिम संरक्षणात्मक आदेशको नमूना

फेदीखोला गाउँपालिका न्यायिक समिति
संयोजक श्री..............................................................................
सदस्य श्री..............................................................................
सदस्य श्री..............................................................................

**आदेश**

संवत ........................... सालको निवेदन नं........

**विषयः पीडितलाई उपचार गराउने सम्वन्धमा ।**

स्याङ्गजा जिल्ला फेदीखोला गाउँपालिका वडा नं........... ..............................वस्ने
.........................................................................प्रथम पक्ष

**विरुद्ध**

स्याङ्गजा जिल्ला फेदीखोला  गाउँपालिका वडा नं........... ..............................वस्ने
.........................................................................दोस्रो पक्ष

यसमा निवेदकको माग वमोजिम .........................जिल्ला वडा नं............................... वस्ने ..............को नाति .........................को छोरा/छोरी वर्ष ............... को ...............ले आफुलाई असाध्य रोग लागि नियमित रुपमा हप्ताको २ पटक मृगौला डायलोसिस गर्न चिकित्सकले शिफारिस गरेकोमा एकाघरका छोरा वर्ष ................. को ..........................ले नियमित रुपमा डायलोसिस गर्न अटेर गरेको, घरि घरि रुपैँया नभएको वहाना गर्ने गरेको, कहिले कहिले कार्यालयको कामको व्यस्तताले फुर्सद नमिलेको आदि कारण जनाई आफुले नियमित प्राप्त गर्नुपर्ने स्वाथ्य सेवा प्राप्त गर्न नसकेको हुँदा आफ्नो जीवन झनझन खतरायुक्त वन्दै गएको भनी अस्पतालको चिकित्सकको पुर्जा र शिफारिस सहित पेश हुन आएको निवेदन उपर प्रारम्भिक रुपमा जाँचवुझ गर्दा व्यहोरा मनासिव देखिएको हुँदा हाललाई निवेदकको लागि चिकित्सकले शिफारिस गरे वमोजिम हरेक हप्ता २ पटक डायलोसिस गर्नु गराउनु तथा निजको स्वाथ्य लाभका लागि आवश्यक अन्य प्रबन्ध समेत मिलाउनु भनी स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४९(८) वमोजिम विपक्षी .......................को नाममा यो अन्तरिम संरक्षणात्मक आदेश जारी गरिदिएका छौं । यो आदेश मिसिल सामेल राखी विपक्षीलाई लेखी पठाईदिनु । यो आदेश अनुसार उपचार भएको जानकारी प्राप्त गरी मिसिल सामेल राख्नु र नियमानुसार पेश गर्नु ।

ईति संवत .................. साल .........महिना....गते रोज..शुभम् ।

## अनुसूची-९
## (दफा ५३ को उपदफा (२) सँग सम्बन्धित)
## मिलापत्रको लागि निवेदनको ढाँचा

फेदीखोला गाउँपालिका न्यायिक समितिसमक्ष पेश गरेको मिलापत्रको संयुक्त निवेदनपत्र स्याङ्गजा जिल्ला फेदीखोला गाउँपालिका , वडा नं. बस्ने ............................................ को छोरा ........................................./ छोरी /श्रीमति वर्ष (प्रथम पक्ष) निवेदक ..................................... को ....................................

विरुद्ध

स्याङ्गजा जिल्ला फेदीखोला गाउँपालिका वडा नं. ...................... बस्ने वर्ष .......................... (दोस्रो पक्ष) लिखित जवाफकर्ता .................................. को

विषयः सम्वन्ध विच्छेद ।

हामी निवेदक निम्न लिखित निवेदन गर्दछौः

१. हामीविच संवत २०६९ सालमा सामाजिक परम्परा अनुसार विवाह गरिएकोमा करिव २ वर्षसम्म सुमधुर दाम्पत्य जीवन रहेको थियो । हामीबाट २०७१ साल जेठमा १ छोराको समेत जायजन्म भएको, सोही वर्ष २०७१ सालको तिहारमा माइत गएपछि घर नआएको, पटक पटक घर आउन फोनबाट अनुरोध गरेको, लिन गएको तर उल्टै कुटपिट गरी पठाएको भनी निवेदकको निवेदन परेको ।

२. आफुलाई दाइजो नल्याएको निउँबाट घरमा हेला गरेको, अपमान गरी जवरजस्त घरबाट निकाला गरेको हो । आफु खुशीले माइत गई वसेको होइन अझपनि लोग्नेप्रति आफ्नो यथावत माया, सद्भाव र सम्मान रहेकोले लोग्ने स्वास्नीको सम्वन्ध यथावत कायम गराईपाउँ भन्ने प्रत्यर्थीको लिखित जवाफ रहेको ।

३. हामी झगडा गरि आयौं, केहीवर्ष लोग्ने स्वास्नी छुटिएर वस्यौं, हामीबाट एक सन्तानको जायजन्म समेत भैसकेको छ । घरमा सामान्य घरायसी विषयले मनमुटाव भई लोग्ने स्वास्नी अलग अलग वसेकोमा फेदीखोला गाउँपालिकाको न्यायिक समिति मार्फत वडा नं ............... को मेलमिलाप केन्द्रमा मेलमिलपकर्ता ...................... अन्तर्गतको ................... पहलमा एक आपसमा छलफल गरी मिलि आएको व्यहोरा यो छ की विगतमा जे जस्ता विषयमा असमझदारी तथा वेमेल भएको भएतापनि हामीविच एक अर्काप्रति विश्वास, सदभाव र प्रेम कायमै रहेकोले लोग्ने स्वास्नीको सम्वन्ध विच्छेद गरी पाउँ भन्ने निवेदन दावी छोडि पुनः सुमधुर सम्वन्धका साथ दाम्पत्य जीवनलाई व्यवस्थित ढंगले अगाडि वढाउने छौं । निवेदकको घरमा तत्काल लोग्ने स्वास्नी मिलि वस्ने वातावरण नहुने भएकोले छुट्टै ठाउमा डेरा लिई वस्न हामी दुवै पक्ष सहमत भएकाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४७ (२) बमोजिम यो मिलापत्रको संयुक्त निवेदन पेश गरेका छौ, लेखीए बमोजिम मिलापत्र गरी पाँउ ।

४.	फेदीखोला गाउँपालिका स्थानीय न्यायिक कार्यविधि वमोजिम यो मिलापत्रको संयुक्त निवेदन दस्तुर बापत रु  यसैसाथ...........संलग्न छ ।

५.	यसमा लेखीएका व्यहोरा ठिक साँचो हुन्, झुठा ठहरे कानून वमोजिम सहुँला वुझाउँला ।

निवेदकहरु

...................................... प्रथम पक्ष

.................................... दोस्रो पक्ष

इति संवत् ............. साल...................महिना......................गते.....................रोज शुभम् ।

**अनुसूची-१०**
**(दफा ५३ को उपदफा (५) सँग सम्बन्धित)**
**मिलापत्रको ढाँचा**

फेदीखोला गाउँपालिका न्यायिक समितिसमक्ष पेश गरेको मिलापत्रको संयुक्त निवेदनपत्र
स्याङ्गजा जिल्ला फेदीखोला गाउँपालिका ...................., वडा नं. बस्ने .................. को .............................. छोरा/छोरी /श्रीमति वर्ष ...............को .................(प्रथम पक्ष) निवेदक

विरुद्ध

स्याङ्गजा जिल्ला फेदीखोला गाउँपालिका ................., वडा नं. लिखित जवाफकर्ता .......................... को ..................... बस्ने वर्ष ............................ (दोस्रो पक्ष)

विषयः सम्वन्ध विच्छेद ।

हामी निवेदक निम्न लिखित निवेदन गर्दछौं :

१. हामीविच संवत २०६९ सालमा सामाजिक परम्परा अनुसार विवाह गरिएकोमा करिव २ वर्षसम्म सुमधुर दाम्पत्य जीवन रहेको थियो । हामीबाट २०७१ साल जेठमा १ छोराको समेत जायजन्म भएको, सोही वर्ष २०७१ सालको तिहारमा माइत गएपछी घर नआएको, पटक पटक घर आउन फोनबाट अनुरोध गरेको, लिन गएको तर उल्टै कुटपिट गरी पठाएको भनी निवेदकको निवेदन परेको ।

२. आफुलाई दाइजो नल्याएको निउँबाट घरमा हेला गरेको, अपमान गरी जवरजस्त घरबाट निकाला गरेको हो । आफू खुशीले माइत गई वसेको होइन अझपनि लोग्नेप्रति आफ्नो यथावत माया, सद्भाव र सम्मान रहेकोले लोग्ने स्वास्नीको सम्वन्ध यथावत कायम गराई पाउँ भन्ने प्रत्यर्थीको लिखित जवाफ रहेको ।

३. हामी झगडा गरी आयौं, केहीवर्ष लोग्ने स्वास्नी छुटिएर वस्यौं, हामीबाट एक सन्तानको जायजन्म समेतभैसकेको छ । घरमा सामान्य घरायसी विषयले मनमुटाव भई लोग्ने स्वास्नी अलग अलग वसेकोमा फेदीखोला गाउँपालिकाको न्यायिक समिति मार्फत वडा नं.................. अन्तर्गतको .................. को पहलमा एक आपसमा ................. मेलमिलाप केन्द्रमा मेलमिलापकर्ता छलफल गरी मिलि आएको व्यहोरा यो छ की विगतमा जे जस्ता विषयमा असमझदारी तथा वेमेल भएको भएतापनी हामीविच एक अर्काप्रति विश्वास, सदभाव र प्रेम कायमै रहेकोले लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद गरी पाउँ भन्ने निवेदन दावी छोडि पुनः सुमधुर सम्वन्धका साथ दाम्पत्य जीवनलाई व्यवस्थित ढंगले अगाडि वढाउने छौं । निवेदकको घरमा तत्काल लोग्ने स्वास्नी मिलि वस्ने वातावरण नहुने भएकोले छुट्टै ठाउमा डेरा लिई वस्न हामी दुवै पक्ष सहमत भएकाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४७ बमोजिम मिलापत्र गरी पाउँ ।

४. फेदीखोला गाउँपालिकाको स्थानीय न्यायिक कार्यविधि बमोजिम यो मिलापत्रको संयुक्त निवेदन दस्तुर बापत रु. १०० यसै साथ संलग्न छ ।

५.	यसमा लेखीएका व्यहोरा ठिक साँचो हुन्, झुठा ठहरे कानून वमोजिम सहुँला बुझाउँला ।
निवेदकहरु
...................................... प्रथम पक्ष
.................................... दोस्रो पक्ष

इति संवत् ............ साल..................महिना.....................गते....................रोज शुभम् ।

**अनुसूची-११**
**(दफा ६० को उपदफा (३) सँग सम्बन्धित)**
**मेलमिलापकर्तामा सूचीकृत हुने निवेदन ढाँचा**
न्यायिक समिति
फेदीखोला गाउँपालिका समक्ष पेश गरेको निवेदन

विषयः मेलमिलापकर्तामा सूचीकृत हुन पाउँ ।

प्रस्तुत विषयमा तपसिलमा उल्लेखित कागजातहरुको प्रतिलिपी साथै राखी फेदीखोला गाउँपालिकाको न्यायिक समिति अन्तर्गतका मेलमिलाप केन्द्रमा सूचीकृत भई मेलमिलाप गराउन अनुमती पाउँ भनी निवेदन गर्दछु ।

तपसिल
१)	नागरिकता प्रमाणपत्रको छाँयाकपी,
२)	स्नातक तहसम्म उतिर्ण गरेको शैक्षिक प्रमाणपत्रको छाँयाकपी,
३)	मेलमिलापकर्ताको तालिम प्राप्त गरेको प्रमाणपत्रको छायाँकपी,
४)	मेलमिलाप सम्बन्धी अनुभव र
५)	व्यत्तिगत विवरण (Bio- data)

निवेदक
नाम थरः ..........
दस्तखतः ...........
मितिः .............

## अनुसूची-१२
**(दफा ७६ को उपदफा (१) सँग सम्बन्धित)**

फेदीखोला गाउँपालिकाको न्यायिक समिति समक्ष पेश गरेको
भरिभराउको निवेदन पत्र
विषयः भरिभराई पाउँ भन्ने बारे ।

निवेदक .................................... बस्ने ................... / वादी / प्रतिवादी

विरुद्ध

विपक्षी ............................. बस्ने ............. / वादी / प्रतिवादी

मुद्धा

म निवदेक निवेदन वापत रु. १००।– दस्तुर साथै निम्न व्यहोरा निवेदन गर्दछु ।

१ उपर्युक्त विपक्षी सगँको उल्लेखित मुद्धा यस गाउँपालिका न्यायिक समितिको मितिको ............................... निर्णय बमोजिम मैले यस कार्यालयमा राखेको दस्तुर / रकम मितिको ......................... जिल्ला अदालतको फैसला बमोजिम मैले भरि भराई पाउने ठहर भएको हुँदा ............................... श्री म उक्त रकम भरि भराई पाउन यो निवेदन पेश गरेको छु ।

२ मैले यस कार्यालयमा जम्मा गरेको दस्तुर /रकमको भरपाई /रसिद /भौचरको सक्कलै प्रति र सम्मानीत श्री जिल्ला अदालतको अन्तिम फेसलाको छायाकपी यसै साथ संलग्न छ । ............

३ यसमा लेखीएको व्यहोरा ठिक हो , झुठा ठहरे सहुँला बुझाउँला ।

निवेदक
निज...........................

ईति संवतरोज शुभम् । ................. गते ........... महिना................ साल..................

## अनुसूची-१३
**(दफा ७७ को उपदफा (१) सँग सम्बन्धित)**

चलन चलाउने निवेदन

फेदीखोला गाउँपालिका न्यायिक समितिमा पेश गरेको

निवेदन पत्र

विषयः चलन चलाई पाउँ भन्ने वारे ।

निवेदक.................. बस्ने ........... / वादी / प्रतिवादी

विरुद्ध

विपक्षी ...................... बस्ने ............ / वादी / प्रतिवादी

मुद्धा

म निवदेक निवेदन वापत रु. १००।– दस्तुर साथै राखी निम्न व्यहोरा निवेदन गर्दछु ।

१ उल्लेख उपर्युक्त विपक्षीसगंको सित मुद्धा यस गाउँपालिकाको न्यायिक समितिबाट मिति वा जुन सम्पत्ति भोग गर्न पाउने गरी निर्णय भएको छ ) मा निर्णय भई उक्त घर जग्गा .................. मेरो हक भोग र स्वामित्वको हुने ठहर भएकोमा श्री (सो सम्पत्ति वा वस्तु उल्लेख गर्ने ले पजिल्ला अदालतमा विपक्षी पुनरावलोकन गरेकोमा सम्मानीत अदालतबाट समेत मिति .......................... मा निर्णय हुदाँ न्यायिक समितिकै निर्णयलाई सदर गरी मैरै हक भोग कायम गरेको हुदाँ सो मेरो हक भोगको कायम भएको सम्पत्ति रहेको हुँदा शिघ्रातिशिघ्र मलाई उक्त सम्पत्ति चलन चलाई गरेको छुपाउन यो निवेदन पेश गरेको छु ।

२ यसै निवेदन साथ देहायका कागजातहरु संलग्न गरेको छु ।

कमा गरेको निर्णयको छाँयाँकपी ......................... न्यायिक समितिले मिति

खको सदर फेसलाको छाँयाँकपी ........................ जिल्ला अदालतले गरेको मिति

.................... श्री गरहेको छ । यस विवाद सम्वद्ध मिसिल यसै कार्यालयमा

घलेखीएको व्यहोरा ठिक साँचो छ , झुठा ठहरे कानून बमोजिम सहुँला बुझाँउला ।

निवेदक

निज.................................

ईति संवत रोज शुभम् । ................ गते ................ महिना............... साल ...........

**अनुसूची-१४**
**(दफा ७९ को उपदफा (४) सँग सम्बन्धित)**
**सम्पति रोक्काको आदेश**

फेदीखोला गाउँपालिकाको न्यायिक समिति

संयोजक श्री.......................................................................................
सदस्य श्री.........................................................................................
सदस्य श्री.........................................................................................

आदेश

संवत .................सालको निवेदन नं.........

विषयः सम्पति हस्तान्तरण रोक्का

स्याङ्गजा जिल्ला फेदीखोला गाउँपालिका वडा नं. ............ बस्ने ............................... को छोरा ......................... /छोरी/श्रीमती वर्ष ............... को ( प्रथम पक्ष ) निवेदक ............................

विरुद्ध

स्याङ्गजा जिल्ला फेदीखोला गाउँपालिका वडा नं ......... विपक्षी (दोश्रो पक्ष)..........वस्ने....वर्ष.....को यसमा निवेदकको माग बमोजिम स्याङ्गजा जिल्ला फेदीखोला गाउँपालिका वडा नं ............ क्षे.फ.........कि.नं........ जग्गामा बनेको.........को नाममा रहेको अवण्डाको.................वर्गफिटको चार तल्ले घर र लिग लगापात समेत विपक्षी....सम्पत्ति निज विपक्षीबाट अन्य अंशियारहरुको मन्जुरी विना हक हस्तान्तरण हुन सक्ने आशंका गरी निवेदकले दिएको निवेदन उपर प्रारम्भिक रुपमा जाँचवुझ गर्दा व्यहोरा मनासिव देखिएको हुँदा हाललाई प्रत्यर्क्षी को नाममा रहेको उल्लिखित घरजग्गाको हक हस्तान्तरण गर्न सिफारिस नदिन वडालाई र अर्को आदेश नभएसम्मका लागि उक्त घरजग्गाको हक हस्तान्तरण नगर्नु/गर्न नदिनु भनी मालपोत कार्यालयको नाममा समेत स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४९ (६) बमोजिम यो रोक्काको आदेश जारी गरिदिएका छौं । यो आदेश मिसिल सामेल राखी सम्वन्धित कार्यालयहरुमा पठाईदिनु । यो आदेश अनुसार रोक्का भएको जानकारी प्राप्त गरी मिसिल सामेल राख्नु र नियमानुसार पेश गर्नु ।

ईति संवत................साल.............माहिना...........गते'..........रोज शुभम् ।

**अनुसूची-१५**
**(दफा ८८ को उपदफा (६) सँग सम्बन्धित)**
**नक्कलको लागि निवेदन**

न्यायिक समिति
फेदीखोला गाउँपालिकामा पेश गरेको
निवेदन पत्र
विषयः नक्कल पाउँ भन्ने बारे ।

.................. बस्ने ........................................................................ निवेदक/वादी/प्रतिवादी
विरुद्ध
.............. बस्ने ............................................................................. विपक्षी/वादी/प्रतिवादी

मुद्दाः .................................
..................................... ।

म निवेदक निवेदन दस्तुर वापत रु. १००।– साथै राखी निम्न व्यहोरा निवेदन गर्दछुः

(१) उपरोक्त विपक्षीसँगको उल्लेखित मुद्दामा अध्ययनको लागि देहायका कागजातहरु आवश्यक परेको हुँदा प्रमाणित प्रतिलिपि पाउँ भनी यो निवेदन साथ उपस्थित भएको छु । अतः नक्कलको प्रमाणित प्रतिलिपि पाउँ ।

<u>देहाय</u>

क).............................................................................
ख).............................................................................
ग)..............................................................................
घ) ............................................................................
ङ) ............................................................................

२) लेखीएको व्यहोरा ठिक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदक
निज ..........................

इति सम्वत् ......... साल .... महिना .... गते रोज् ... शुभम् ................

# स्थानीय वन ऐन, २०७७

गाउँ सभाबाट पारित मिति : २०७७।०३।१५
प्रकाशित मिति : २०७७।०३।२१

**१. प्रस्तावना :**

वन र वन क्षेत्रमा रहेको प्राकृतिक स्रो साधनको संरक्षण, विकास र दिगो व्यवस्थापन गर्दै वनको संरक्षण, स्थानीय नागरीकहरुले साविकदेखिनै प्रयोग, उपयोग गरी आएको वन समेतको व्यवस्थापन र लाभको बाँडफाडमा पहिचान, प्रतिनिधित्व र पहुँच सहितको अधिकारलाई संरक्षण गर्दै, नेपालको संविधानमा उल्लेखित वन माथिको स्थानीय समुदायको अग्राधिकारलाई व्यावहारिक रूपमा प्रत्याभूत गराउदै वनको दिगो व्यवस्थापन, दिगो संरक्षणमा जिम्मेवारी तुल्याउदै वन श्रोतबाट अधिकतम लाभ उठाई लाभको न्यायोचित वितरणको माध्यमबाट स्थानीय समुदायको आर्थिक, सामाजिक, पर्यावरणीय र भौतिक लगायतका स्थानीय विकासको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आर्थिक समृद्धि एवं दिगो विकासको लक्ष्य प्राप्त गर्न थप योगदान पुर्‍याउन वनको व्यवस्थापन, उपयोग सम्बन्धी स्थानीय वन व्यवस्थापन गर्न आवश्यक कानूनी व्यवस्थापन गर्न वाञ्छनीय भएकाले, नेपालको संविधानको धारा ५७ को उपधारा ६ बमोजिम स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २ बमोजिम फेदीखोला गाउँपालिकाको मिति २०७७/०३/१५ को गाउँसभाले यो स्थानीय वन ऐन २०७७ बनाएको छ ।

**परिच्छेद १**

**संक्षिप्त नाम र प्रारम्भः**

## २. प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस ऐनको नाम “स्थानीय वन ऐन, २०७७” रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) “वन” भन्नाले पूर्ण वा आंशिक रूपमा रुखहरूले ढाकिएको विद्यमान अवस्थामा रहेको सामुदायिक वन, धार्मिक वन, शहरी वन, ग्रामिण वन, कृषि वन, वृक्षारोपण, सीमसार क्षेत्र, प्रथाजनित रूपमा व्यवस्थापन गरिएको वन र पारिवारिक–निजी वन समेतलाई सम्झनु पर्छ ।

(ख) स्थानीय वन ऐन २०७७ भन्नाले यस फेदीखोला गाउँपालिकाको सभाले पारित गरेको स्थानीय वन ऐन २०७७ सम्झनुपर्दछ ।

(ग) “प्राकृतिक स्रोत साधन” भन्नाले जल, जमिन, जंगल, वन्यजन्तु, खनिज, जैविक विविधता आदि जस्ता प्राकृतिक रूपमा प्राप्त श्रोत साधनलाई सम्झनु पर्छ ।

(घ) “परम्परागत रूपमा संरक्षण, भोगचलन” भन्नाले पुस्तौ–पुस्तादेखि परम्परागत ज्ञान, सीप र विधिबाट वनको व्यवस्थापन, संरक्षण, विकास तथा त्यस्तो वनबाट प्राप्त हुने वन पैदावारहरूको सदुपयोग वा भोगचलनको निरन्तरतालाई सम्झनु पर्छ ।

(ङ) "वन माथिको पहुँच" भन्नाले वनको संरक्षण र व्यवस्थापनमा सहभागि हुने र निर्णय लिने, वनबाट प्राप्त हुने वनपैदावारलाई प्राप्त गर्ने, सदुपयोग वा भोगचलन गर्ने, वन क्षेत्रमा निर्वाध रूपमा प्रवेश र आवतजावत गर्ने अधिकारलाई सम्झनु पर्छ ।

(च) "वन माथिको स्वामित्व" भन्नाले परम्परागतरूपमा संरक्षण, भोगचलन, उपयोग गर्दै आईरहेको वन क्षेत्रमाथि त्यस्तो वन क्षेत्रको आसपासमा बसोबास गर्ने स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित, लगायतका उक्त वन क्षेत्रमा आश्रित समुदायलाई त्यस्तो वन क्षेत्रको निरन्तर रूपमा संरक्षण, भोगचलन, उपयोग गर्न पाउने गरी प्राप्त हुने त्यस्तो वन क्षेत्र माथिको समुदायको सामुहिक स्वामित्वलाई सम्झनुपर्छ ।

(छ) "वन अधिकार" भन्नाले परिच्छेद २ मा उल्लेखित वन सम्बन्धी अधिकारलाई सम्झनु पर्छ ।

(ज) "स्थानीय वन परिषद्" भन्नाले दफा २० बमोजिम गठन हुने वन अधिकार संरक्षण स्थानीय वन परिषद्लाई सम्झनु पर्छ ।

(झ) "स्थानीय समुदाय" भन्नाले वन क्षेत्रसंग सीमाना जोडिएको वन क्षेत्रमा आश्रित आदिवासी जनजाति, महिला, दलित लगायतका स्थानीय समुदायमा बसोबास गर्ने सम्पूर्ण समुदायलाई सम्झनु पर्छ ।

(ञ) "आखेटोपहार" भन्नाले वन्यजन्तुको जीवित वा मृत शरीर वा पहिचान गर्न सकिने अवस्थामा रहेको तिनीहरुको शरीरको कुनै अङ्ग वा भागलाई सम्झनुपर्छ र सो शब्दले वन्यजन्तुको शरीरको कुनै पदार्थ वा भागको सम्मिश्रणबाट तयार भएको कुनै वस्तुसमेतलाई जनाउँछ ।

(ट) "अधिकारवाला" भन्नाले यस ऐन बमोजिम वन अधिकार प्राप्त हुने व्यक्ति, परिवार वा समुदाय समेतलाई सम्झनु पर्छ ।

(ठ) "वन क्षेत्र" भन्नाले निजी स्वामित्वको हक भोगको र प्रचलित कानूनले अन्यथा व्यवस्था गरेको वाहेकको वन सिमाना लगाइएको वा नलगाइएको वनले घेरिएको वा वनभित्र रहेको घाँसे मैदान, नांङ्गो पहाड, बाटो, पोखरी, तालतलैया, सिमसार, नदी, खोलानाला, बगरले ओगटेको क्षेत्र सम्झनु पर्छ ।

(ड) "वन पैदावार" भन्नाले वनमा रहेको वा पाइएको वा वनबाट ल्याइएको काष्ठ पैदावर, गैरकाष्ठ वन पैदावर, चट्टान, माटो, पानी, नदिजन्य वा खनिज जन्य पदार्थ वा पशुपन्छी, वन्यजन्तु र पशुपन्छी वा वन्यजन्तुको आखेटोपहार सम्झनु पर्छ ।

(ढ) "सामुदायिक वन" भन्नाले संघिय वन ऐन २०७६ को दफा १८ बमोजिम समुदायद्धारा व्यवस्थापन गरेको वनलगायत कबुलियती वन, धार्मिक वन, परम्परागत विधिबाट संरक्षण र व्यवस्थापन गर्दै आएको वन र अन्य समुदायमा आधारित वनसमेतलाई सम्झनु पर्छ ।

(ण) "पारिवारिक निजी वन" भन्नाले आफ्नो स्वामित्वमा रहेको जग्गामा पारिवारिक तथा निजी स्वामित्वको जग्गामा पारिवारिक तथा निजी तवरले संरक्षण र व्यवस्थापन गर्दै आएको वनलाई सम्झनु पर्छ ।

(त) "परम्परागत उपभोक्ता" भन्नाले जीवनयापनको लागि परापूर्वकालदेखि स्थानीय रीतिरिवाज, संस्कृति, मौलिक परम्परा अनुसार आफ्नै मौलिक विधि र प्रकृयाबाट निश्चित वन क्षेत्र उपभोग गर्दैआएका समुदायलाई सम्झनुपर्दछ ।

(थ) "परम्परागत जीवन पद्धति" भन्नाले परापूर्व कालदेखि मौलिकपरम्परा, पेशा र अभ्यासको आधारमा जीवनयापन गर्ने मौलिक जीवनशैली वा अभ्यासलाई सम्झनु पर्दछ ।

(द) "सामुदायिक वनको स्वामित्व" भन्नाले वनको हैसियत नखस्किने गरी संरक्षण, व्यवस्थापन र लाभ प्राप्त गर्ने गरी समुदायले प्राप्त गर्ने वन माथिको समुदायको सामूहिक स्वामित्वलाई जनाउने छ ।

(ध) "सामुदायिक वन उपभोक्ता समूह" भन्नाले सामुदायिक वनको संरक्षण, व्यवस्थापन, भोगचलन र प्रयोगको लागि सम्बन्धित वन क्षेत्रमा आश्रित आदिवासी जनजाति, महिला, दलित, लगायतका स्थानीय समुदायमा बसोबास गर्ने सम्पूर्ण वर्ग, लिङ्ग, जाति र घरधुरीको अनिवार्य प्रतिनिधित्व हुने गरी गठन हुने उपभोक्ता समूहलाई सम्झनु पर्छ ।

(न) "सामुदायिक वन उपभोक्ता समिति" भन्नाले समुदायिक वन उपभोक्ता समूहको साधारण सभाले चयन गरेको कार्य समितिलाई जनाउने छ ।

(प) "वनश्रोत" भन्नाले कुनैपनि व्यावहारिक, व्यावसायीक, सामाजिक, धार्मिक, मनोरञ्जन, शैक्षिक, निर्वाहमुखी, वा सामुदायिक वनमा रहेको वनस्पति, जीव, र अन्य सुक्ष्म जीवहरू लगायत माथि तोकिएको वन क्षेत्रमा रहेको अन्य सम्भावित मानविय प्रयोगमा आउने वनश्रोत समेतलाई जनाउने छ ।

(फ) "उद्योग" भन्नाले प्रचलित कानुन बमोजिम सरकारको अनुमतिमा सञ्चालित लघु, घरेलु, साना, मझौला र ठूला उद्योग सम्झनु पर्छ ।

(ब) "सम्बन्धित अधिकारी" भन्नाले यस ऐन र प्रचलित कानून बमोजिम कर्तव्य निर्वाह गर्ने अख्तियारप्राप्त अधिकारी सम्झनु पर्दछ ।

(भ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियमहरूमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(म) "वातावरणीय सेवा" भन्नाले वन क्षेत्रको पारिस्थितिकिय प्रणालीबाट प्राप्त हुने तपसिल बमोजिमको सेवा तथा लाभ सम्झनु पर्छ ।

क) कार्बन सञ्चिती

ख) जैविक विविधताको संरक्षण

ग) जलचक्र प्रणाली

घ) पर्यापर्यटन

ङ) तोकिए बमोजिमको वस्तु, सेवा तथा अन्य लाभ

## परिच्छेद २

## सामुदायिक वनको स्वामित्व, वन अधिकार र दायित्व सम्बन्धी व्यवस्था

**३. सामुदायिक वनको रूपमा स्वामित्व प्राप्त गर्नेः–**

(१) परम्परागत रूपमा संरक्षण, भोगचलन, उपयोग गर्दै आईरहेको राष्ट्रिय वनको कुनै भाग तोकिए बमोजिम सामुदायिक वनको रूपमा स्वामित्व प्राप्त गर्ने र त्यस्तो वनको दिगो वन व्यवस्थापन गर्ने अधिकार स्थानीय समुदायलाई हुनेछ ।

(२) उपदफा (१) बमोजिमको वन क्षेत्र स्थानीय समुदायको पूर्व सूसुचित मञ्जुरी विना सामुदायिक वन वा अन्य कुनै प्रयोजनको लागि स्थानीय सरकारले अन्य व्यक्ति, कम्पनी वा समुदायलाई दिन पाईने छैन ।

(३) उपदफा (१) बमोजिमको वन क्षेत्रमा सार्वजनिक हितको लागि स्थानीय समुदायको हितमा असर नपर्ने गरी स्थानीय समुदायको पूर्व स्विकृति र आमसहमतिमा स्थानीय सरकारले प्रयोगमा ल्याउन उपदफा (२) को व्यवस्थाले कुनै वाधा पुगेको मानिने छैन ।

(४) उपदफा (३) बमोजिम सामुदायिक वनलाई अन्य प्रयोजनको लागि प्रयोगमा ल्याउँदा सम्बन्धित समुदायलाई पर्न गएको सामाजिक, आर्थिक, भौतिक, जैविक विविधताको क्षति समेतको विचार गरी उचित क्षतिपूर्ति दिनु पर्नेछ ।

**४. सामुदायिक वनमा स्थानीय समुदायको अधिकारः–**

(१) सामुदायिक वनमा समुदायिक रूपमा स्थानीय समुदायले प्राप्त गर्ने वा सम्बन्धी अधिकार अनुसूची-४ बमोजिम हुनेछ ।

(२) सामुदायिक वन उपभोक्ता समूह सदस्यका अधिकार सामुदायिक वन उपभोक्ता समूहको सदस्य प्रत्येक घरधुरी मार्फत व्यक्तिगत रूपमा प्राप्त गर्ने वन सम्बन्धी अधिकारहरू देहाय बमोजिम हुनेछन् ।

(अ) सामुदायिक वन क्षेत्रमा रहेको प्राकृतिक श्रोत साधनको विकास, संरक्षण, उपयोग र व्यवस्थापन गर्ने कार्यमा सहभागी हुने,

(आ) वन क्षेत्रमा रहेको प्राकृतिक श्रोत साधन र वनपैदावारहरू तोकिए बमोजिम प्राप्त गर्ने,

(इ) सामुदायिक वन उपभोक्ता समूहमा सहभागी हुने र नेतृत्व लिने एवं निर्णय प्रकृयामा भाग लिने,

(ई) सामुदायिक वनबाट प्राप्त लाभको हिस्सा प्राप्त गर्ने,

(उ) वन क्षेत्रभित्र रहेको ऐतिहासिक, सांस्कृतिक र धार्मिक सम्पदाहरूको संरक्षण, उपभोग र व्यवस्थापनमा भाग लिने,

(३) वनमा आधारित उद्यम विकासः–

(क) सामुदायिक वनश्रोतको प्रयोग गरी वनपैदावारमा आधारित उद्योगहरू सामुदायिक वन उपभोक्ता समूह आफैले वा स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकार वा निजी

क्षेत्रसंग सम्झौता गरी वा तेस्रो पक्षसंग सम्झौता गरी व्यावसायिक रूपमा संचालन गर्न सक्नेछ ।

(ख) उपदफा (३) (क) बमोजिमको वनमा आधारित उद्योगले सामुदायिक वा निजी वन क्षेत्रको काठजन्य, पानीजन्य वा गैरकाठजन्य, जडिबुटीजन्य, चिडियाखाना, वन्यजन्तुको पालन, लगायत अन्य वनपैदावार वा वन्यजन्तुमा आधारित उत्पादनहरू व्यावसायिक रूपमा गर्ने र त्यस्तो उत्पादन बिक्रि वितरण गर्न सक्नेछन् ।

(ग) उपदफा (३) (क) र (ख) बमोजिम तेस्रोपक्षलाई सामुदायिक उद्योग संचालन गर्नका लागि अनुमति दिँदा प्रतिस्पर्धात्मक आधारमा समुदायले प्रत्यक्ष रूपमा लाभ प्राप्त गर्ने गरी दिनु पर्नेछ । यसरी उद्यम संचालन गर्नको लागि तेस्रोपक्ष छनोट गर्दा समुदाय भित्रकै व्यक्ति, कम्पनी वा संस्थालाई उच्च प्राथमिकता दिनु पर्नेछ ।

(४) नमुना सामुदायिक वन घोषणा गर्न सक्नेः गाउँपालिकाले यस ऐनको दफा २१ को उपदफा (१) (छ) बमोजिम वन परिषदको मुल्याङ्कनबाट प्राप्त सिफारिसका आधारमा उत्कृष्ट एवं गुणस्तरियमा रुपमा व्यवस्थित र संरक्षित कुनै १ सामुदायिक वनलाई नमुना सामुदायिक वन घोषणा गर्न सक्नेछ ।

(५) सामुदायिक वन संरक्षण समिति गठन सम्बन्धी व्यवस्थाः (क) गाउँ कार्यपालिकाले सामुदायिक वनको संरक्षण तथा प्रवद्धनका निम्ति सामुदायिक वन संरक्षण समिति गठन गर्नेछ ।

(ख) उपदफा (५) (क) बमोजिमको समितिमा देहाय बमोजिमका अध्यक्ष तथा पदाधिकारीहरु रहने छन् ।

(अ) गाउपालिकाका अध्यक्ष – अध्यक्ष

(आ) गाउँपालिकाका वडा अध्यक्षहरु मध्येबाट - १ जना

(इ) गाउँपालिकाका प्रमुख प्रशासकीउय अधिकृत – १ जना

(ई) सामुदायिक वन उपभोक्ता समूहको प्रतिनिधि – २ जना

(ग) उपदफा (५) (ख) बमोजिम गठन हुने समितिमा महिलाको सहभागिता न्युनतम ३३ प्रतिशत अनिवार्य गराउनु पर्नेछ ।

(घ) उपदफा (५) (ख) बमोजिम गठन हुने समितिमा समितिको सदस्य सचिवको रुपमा प्रमुख प्रशासकीय अधिकृतले काम गर्ने छन् ।

**५. सामुदायिक वनमा उपभोक्ता** समूह**को उत्तरदायित्वः–**

(१) उपभोक्ता समूहको सामुदायिक वन श्रोतको वातावरणीय रुपमा दिगो व्यवस्थापन गर्ने उत्तरदायित्व तोकिए बमोजिम हुनेछ ।

(२) उपभोक्ता समूहले सामुदायिक वन व्यवस्थापन कार्ययोजना बनाउने, निर्माण गर्ने कार्य तोकिए बमोजिम हुनेछ ।

(३) सामुदायिक वन व्यवस्थापनमा स्थानीय समुदायको पूर्णरूपमा सहभागिता गराउने उत्तरदायित्व उपभोक्ता समूहको हुनेछ ।

(४) सामुदायिक वनश्रोतको पारदर्शी, उत्तरदायी ढंगले व्यवस्थापन गर्न सुनिश्चित गर्ने उत्तरदायित्व उपभोक्ता समूहको हुनेछ ।

(५) सामुदायिक वन व्यवस्थापन कार्ययोजना अनुरुप सामुदायिक वनश्रोतको प्रभावकारी रूपमा व्यवस्थापन भए नभएको सन्दर्भमा स्थानीय सरकारमा तोकिए बमोजिम आवधिक प्रतिवेदन पेश गर्ने उत्तरदायित्व उपभोक्ता समूहको हुनेछ ।

(६) समुदायबाट व्यवस्थापन गरिएको सामुदायिक वनश्रोतको आय र अन्य लाभबाट सामुदायिक वन उपभोक्ता समूहको साधारण सभा र साधारणसभाले कार्यसमितिलाई तोके बमोजिम समुदायको विकासमा योगदान गरेको छ भन्ने सुनिश्चितता दिने उत्तरदायित्व उपभोक्ता समूहको हुनेछ ।

(७) दिगो वन व्यवस्थापन गरी वनपैदावारको उत्पादनमा वृद्धि ल्याउन चरिचरन, आगलागी, चोरी कटानी, अतिक्रमण आदिबाट सामुदायिक वनलाई जोगाई सामुदायिक वन संरक्षण गर्ने उत्तरदायित्व उपभोक्ता समूहको हुनेछ ।

(८) सामुदायिक वन क्षेत्रको झाडी सफाई र खाली ठाउँमा वृक्षारोपण गर्ने, प्राकृतिक पुनरुत्पादनको व्यवस्थापन गर्ने, वन एक्ल्याउने, बाक्लो वन पल्याउने, रोग लागेका तथा सुकेका रुखहरू हटाउने जस्ता कार्यगरी वनको हैसियतमा सुधार्दै लैजाने जस्ता उपयुक्त वन सम्बर्द्धन गर्ने उत्तरदायित्व उपभोक्ता समूहको हुनेछ ।

**६. सामुदायिक वनबाट प्राप्त लाभको बाँडफाड सम्बन्धी व्यवस्थाः–**

(१) सामुदायिक वनबाट प्राप्त वन पैदावार उपयोग तथा विक्री वितरणबाट प्राप्त लाभको बाँडफाड देहाय बमोजिम गरिनेछ ।

(क) सामुदायिक वनको वन पैदावार बिक्री वितरण तथा वनश्रोतबाट प्राप्त रकम सामुदायिक वन उपभोक्ता समूहको साधारण सभाले तोके बमोजिम बाँडफाँड गर्नेछ,

(ख) लाभको बाँडफाड गर्दा २५ प्रतिशत वन संरक्षणमा खर्च गरी बाँकी रहेको रकम मध्येबाट ५० प्रतिशत विपन्न वर्ग, उद्यम विकास र महिला सशक्तिकरण र ५० प्रतिशत र सामाजिक सस्थागत विकासमा खर्च गरिने छ ।

**७. सामुदायिक वनको स्वामित्व खोस्न नसक्ने:**

(१) समुदायले प्राप्त गरेको सामुदायिक वन र त्यस्तो सामुदायिक वन क्षेत्रको स्वामित्व फिर्ता लिने र वन उपभोक्ता समूहको दर्ता खारेज गर्न सक्नेछैन । तर, देहायको कार्य गरेमा सामुदायिक वन उपभोक्ता समूहलाई सचेत बनाई त्यस्तो कार्य नगर्न नगराउन स्थानीय सरकारले आवश्यक निर्देशन दिने र आवश्यक कारबाही गर्न सक्नेछ ।

(क) सामुदायिक वन उपभोक्ता समूहले प्रचलित कानूनले निषेध गरेको कार्य गरेमा,

(ख) सामुदायिक वन उपभोक्ता समूहले वन व्यस्थापन कार्य योजना बमोजिम कार्य सञ्चालन गर्न नसकेमा,

(ग) सामुदायिक वनको वास्तविक हैसियत खस्कने वा वन संरक्षणमा उल्लेखनीय प्रतिकूल असर पर्ने कुनै कार्य गरेमा,

(घ) स्थानीय वन ऐन २०७७ अनुसार कार्य नगरेमा,

(२) उपदफा (१) बमोजिम वन उपभोक्ता समूहलाई सचेत गराउने लगायतका आवश्यक कारबाही गर्दा सफाई पेश गर्ने उचित मौका दिइनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारी, सदस्य वा कुनै व्यक्तिले समुदायको हितको नाममा सामुदायिक वन उपभोक्ता समूहको विधान, कार्ययोजना र समुदायको हित विपरित कुनै काम कारबाही गरेमा वा यस ऐन वा प्रचलित कानुन विपरित कुनै कार्य गरेमा त्यस्तो पदाधिकारी, सदस्य वा व्यक्तिलाई उपभोक्ता समूहको विधान, कार्ययोजना र नीति नियम वा यस ऐन वा प्रचलित कानुन बमोजिम कारबाही गर्नेछ ।

**८. स्थानीय समुदायसंग स्वतन्त्र, पूर्व सू–सुचित मञ्जुरी लिनु पर्नेः–**

(१) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले देहाय बमोजिमका निर्णय लिनुपूर्व सामुदायिक वन उपभोक्ता समूहको अनिवार्यरूपमा स्वतन्त्र, पूर्व सू–सुचित मञ्जुरी लिनु पर्नेछ ।

(क) सामुदायिक वनलाई वनको रूपमै संरक्षण र व्यवस्थापनमा निरन्तरता नदिई अन्य कुनै सार्वजनिक हितको लागि प्रयोग गर्न,

(ख) सामुदायिक वन उपभोक्ता समूहलाई प्रभावित पार्ने कुनै योजना तर्जुमा तथा कार्यान्वयन गर्दा वा नीति नियमहरू निर्माण गर्दा,

(२) राष्ट्रिय रूपमा वन अधिकार र प्राकृतिक श्रोत साधनसंग सम्बन्धित नीति, ऐन, कानून तथा कार्यक्रमहरू निर्माण गर्दा त्यस्तो नीति, ऐन, कानून, तथा कार्यक्रमहरूले कुनै जाति, वर्ग वा समुदायलाई प्रभावित पार्ने देखिएमा सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि-महासन्धि, घोषणा–पत्र, सम्झौता र नेपाल सरकारले व्यक्त गरेका प्रतिबद्धताहरूमा उल्लेखित व्यवस्थाहरूको अधिनमा रहि नेपाल सरकार लगायत सम्बन्धित तहले त्यस्तो समुदायको अख्तियार प्राप्त प्रतिनिधिहरूसंग अनिवार्य रूपमा स्वतन्त्र, पूर्व सू–सुचित मञ्जुरी (Free Prior Informed Consent) लिईनेछ ।

(३) उपदफा (१) बमोजिम स्थानीय समुदायसंग र उपदफा (२) बमोजिम विभिन्न जाति, बर्ग वा समुदायसंग नेपाल सरकार लगायत सम्बन्धित तहले स्वतन्त्र, पूर्व सू–सुचित मञ्जुरी (Free Prior Informed Consent) नलिई कुनै काम कारबाही गरेको कारण त्यस्तो समुदायलाई

भौतिक, अभौतिक, मनोवैज्ञानिक लगायतका कुनै पनि प्रकारको क्षति पुग्न गएमा उचित क्षतिपूर्ति प्राप्त गर्ने अधिकार सम्बन्धित समुदायलाई हुनेछ ।

**९. सहभागिता र प्रतिनिधित्व सम्बन्धी व्यवस्थाः**

(१) जल, जंगल र जमिन लगायतका प्राकृतिक श्रोत र साधनसँग सम्‌बन्धित स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित यस ऐन बमोजिमको अधिकार वा वन सम्बन्धी उनीहरूको परम्परागत ज्ञान, सीप र जीवनशैलीमा प्रभावित पार्ने स्थानीय रूपमा स्थानीय नीति नियम, कार्यक्रमहरू तर्जुमा गर्दा त्यस्तो समुदायलाई अनिवार्य रूपमा सहभागि गराईने छ ।

(२) समुदायमा आधारित वनको स्थानीय तहको उपभोक्ता समितिहरूमा महिला, आदिवासी जनजाति, दलित, अल्पसंख्यक, समुदायको समावेशी सिद्धान्तका आधारमा प्रतिनिधित्व गर्न पाउने अधिकार हुनेछ । यसरी प्रतिनिधित्व गराउँदा निर्णायक तह (पदाधिकारी) लगायतमा कम्तिमा ३३ प्रतिशत महिलाको प्रतिनिधित्वको सुनिश्चित गराईनेछ ।

(३) उपदफा २ बमोजिमको समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागिता तुल्याउँदा समेत समुदायको गरिब, विपन्न, दलित वा अल्पसङ्ख्यक समुदायको उचित प्रतिनिधित्व हुन नसकेमा स्थानीय समुदायको आवश्यकताका आधारमा त्यस्तो समुदायलाई बिशेष संरक्षण सहितको प्रतिनिधित्वको व्यवस्था गर्न सक्ने छ ।

**१०. सामुदायिक वनलाई प्राथमिकता दिनुपर्नेः**

(१) सामुदायिक वनको रूपमा उपभोक्ता समूहलाई स्वामित्व दिई सुम्पन उपयुक्त हुने राष्ट्रिय वनको कुनै पनि भागलाई कबुलियती वन लगायत अन्य प्रयोजनको लागि प्रयोग गर्न दिइने छैन ।

(२) सामुदायिक वन, प्रथाजनित व्यवस्थित वन क्षेत्रलाई राज्यले प्राथमिकता प्राप्त क्षेत्रको रूपमा राख्नुपर्नेछ ।

**११. राष्ट्रिय वनमा प्राप्त हुने सामुदायिक अधिकारः**

(१) राष्ट्रिय वन र सिमसार क्षेत्र लगायत नेपाल सरकार र प्रदेश सरकारको संरक्षण र व्यवस्थापनमा रहेका राष्ट्रिय वनमा त्यस्तो वन क्षेत्रसंग सिमाना जोडिएको वा त्यस्तो वन क्षेत्रको आसपासमा बसोबास गर्ने समुदायले देहायको अधिकारहरू निर्वाध रूपमा उपभोग गर्न पाउँने छन् ।

(क) परम्परागत रूपमा सार्वजनिक बाटोको रूपमा उपभोग गर्दै आईरहेको राष्ट्रिय वन क्षेत्रभित्र पर्ने बाटोमा आवत जावत गर्ने,

(ख) पानीका मुहानहरूको निर्वाध रूपमा निरन्तर उपभोग गर्ने,

(ग) परम्परागत रूपमा वनपैदावारको श्रोतको रूपमा उपभोग गर्दै आईरहेको वन क्षेत्र भित्रबाट वनको हैसियत नबिग्रने गरी संरक्षण र व्यवस्थापन समेत गरी त्यस्तो वन क्षेत्रबाट

वन पैदावार निर्वाधरूपमा प्रयोग गर्ने र त्यस्तो वन पैदावारको बिक्रि बितरणबाट लाभ प्राप्त गर्ने,

(घ) परम्परागत रूपमा चरिचरण, गर्दै आईरहेको क्षेत्रमा वनको हैसियत नबिग्रने गरी चरिचरण रूपमा उपभोग गर्ने,

(ङ) राष्ट्रिय वन क्षेत्रभित्र रहेका ऐतिहासिक, सांस्कृतिक र धार्मिकस्थल र सम्पदाहरूमा निर्वाध रूपमा आवतजावत गर्ने, त्यस्तो स्थलको संरक्षण, व्यवस्थापन, सदुपयोग र नियन्त्रणमा राख्ने,

(च) राष्ट्रिय वन क्षेत्रभित्रका वन्यजन्तुले मानवीय, घरपालुवा जनावार र स्थानीय समुदायको वालिनालीमा क्षति पुऱ्याएमा त्यस्तो क्षतिको मनासिब माफिकको क्षतिपूर्ति स्थानीय सरकारबाट प्राप्त गर्ने, साथै वनमा लागेको आगलागि नियन्त्रण गर्दा वा वन व्यवस्थापन गर्दा दुर्घटना भएमा सम्बन्धित उपभोक्ता समूह र स्थानीय सरकारले उचित राहतको व्यवस्था गरिने छ ।

(छ) राष्ट्रिय वनमा कार्बनको संचितिकरण र भण्डारण गरे बापतको लाभ प्राप्त गर्ने र त्यस्तो लाभ सामुदायिक हितमा प्रयोग गर्ने,

(ज) सिमसार क्षेत्र र राष्ट्रिय वनको व्यवस्थापनमा प्रत्यक्ष रूपमा सहभागी हुने,

(२) उपदफा (१) को खण्ड (क), (ख), (ग) र (घ) मा उल्लेखित स्थानीय समुदायको परम्परागत भोगमा रहेको बाटो, पानीको मुहान, वनपैदावार, चरिचरणका लागि उपभोग गर्दै आईरहेको वन क्षेत्र वा श्रोतको सार्वजनिक हितको लागि प्रयोग गर्नुपर्ने देखिएमा स्थानीय सरकारले स्थानीय समुदायको पूर्व सुसुचित मञ्जुरी लिई त्यस्तो वन क्षेत्र सार्बजनिक हितको लागि प्रयोग गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको समुदायको परम्परागत भोग चलनमा रहेको बाटो, प्राकृतिक श्रोत साधन, ऐतिहासिक, सांस्कृतिक र धार्मिकस्थल र सम्पदाहरूलाई उपदफा (२) बमोजिम प्रयोग गर्दा स्थानीय समुदायलाई आवश्यक पर्ने त्यस्तो सार्बजनिक बाटो वा प्राकृतिक श्रोत साधनको वैकल्पिक व्यवस्था स्थानीय सरकारले तत्काल मिलाउनु पर्नेछ । यसरी सार्वजनिक बाटो मर्मत संभार र स्तर उन्नति गर्दा प्राप्त हुने वन पैदावर सम्बन्धित उपभोक्ता समूहको निर्णय अनुसार उपयोग गरिनेछ ।

(४) उपदफा (१) बमोजिमको समुदायको परम्परागत भोग चलनमा रहेको बाटो, प्राकृतिक श्रोत साधन, ऐतिहासिक, सांस्कृतिक र धार्मिकस्थल र सम्पदाहरूको उपदफा (२) बमोजिम अन्य कार्यमा प्रयोग गर्दा सम्बन्धित समुदायलाई पुग्न गएको आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक, भावनात्मक क्षति समेतलाई मध्यनजर राखी सम्बन्धित समुदायलाई स्थानीय सरकारले उचित क्षतिपूर्ति दिनु पर्नेछ ।

## परिच्छेद– ३
## सामुदायिक वन र अन्य वन दर्ता तथा हस्तान्तरण

**१२.** साविकमा दर्ता तथा हस्तान्तरण भएका सामुदायिक वन उपभोक्ता समूहहरु यसै ऐनद्वारा संचालन व्यवस्थापन हुनेछन ।

**१३.** दर्ता तथा हस्तान्तरण नभएका वन क्षेत्रलाई सामुदायिक वन उपभोक्ता समूहहरु, पारिवारीक निजी वनहरु दर्ता तथा हस्तान्तरण गरी यसै ऐनद्धारा सन्चालन तथा व्यवस्थापन हुनेछन ।

## परिच्छेद–४
## सामुदायिक वन सम्बन्धी व्यवस्था

**१४. सामुदायिक वन हस्तान्तरणः**

(१) उपभोक्ता समूहले कार्ययोजना वमोजिमको संरक्षण सम्बर्द्धन उपयोग व्यवस्थापन गर्न तथा स्वतन्त्र रुपले वन पैदावारको मुल्य निर्धारण गर्ने गरी विक्री वितरण गर्न पाउने गरी स्थानीय सरकारले राष्ट्रिय वनको कुनै सामुदायिक वन उपभोक्ता समूहलाई हस्तान्तरणको प्रमाण पत्र दिनेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि स्थानीय सरकारले उपभोक्ता समूह परिचालन गरी तोकिए बमोजिमको उपभोक्ता समूह गठन र कार्ययोजना तयार गर्न आवश्यक प्राविधिक एवं अन्य सहयोग उपलब्ध गराउने छ ।

**१५. कार्ययोजना संशोधनः**

(१) उपभोक्ता समूहले वन व्यवस्थापन सम्बन्धी कार्ययोजना आवश्यकता अनुसार समायनुकुल परिमार्जन गर्न सक्ने छ ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता समूहले कार्ययोजनामा गरेको परिमार्जन वातावरणमा उल्येख्यनीय प्रतिकुल असर पर्ने देखिएमा स्थानीय सरकारले यस्तो परिमार्जनको जानकारी प्राप्त भएको ३० दिन भित्र सो परिमार्जन लागु नगर्न निर्देशन दिनेछ । सामुदायिक वन उपभोक्ता समूहले आफ्नो कार्ययोजना स्थानीय सरकारलाई जानकारी गराएको ३० दिन भित्र कुनै जानकारी नभएमा समूहले स्वत कार्यन्वयन गर्न सक्ने छ ।

**१६. उपभोक्ता समूहको दर्ताः**

(१) स्थानीय वन ऐन,२०७७ बमोजिम गठन गरिएको उपभोक्ता समूहलाई दर्ता गराउन उपभोक्ताको विधान सहित स्थानीय सरकार समक्ष पेश गर्ने ।

(२) उपदफा (१) बमोजिमको दर्खास्त पर्न आएमा स्थानीय सरकारले आवश्यक जाँचबुझ गरी त्यस्तो उपभोक्ता समूहलाई तोकिए बमोजिम दर्ता गरी दर्ता प्रमाणपत्र दिनु पर्नेछ ।

(३) हाल वन ऐन २०४९ अनुसार दर्ता भएका सामुदायिक वन उपभोक्ता समूहहरु १ वर्ष भित्र स्थानीय सरकारमा दर्ता गर्नु पर्नेछ । त्यस्ता समूहलाई स्थानीय सरकारले प्राविधिक तथा आर्थिक सहयोग गर्नुपर्नेछ ।

**१७. उपभोक्ता समूह संगठित संस्था रहनेः**

(१) सामुदायिक वन उपभोक्ता समूहहरु अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछन् ।

(२) समूहको छुट्टै छाप हुनेछ ।

(३) समूहको आफ्नौ टाँचा हुनेछ ।

(४) उपभोक्ता समूहले व्यक्ति सरह चल अचल सम्पत्ती प्राप्त गर्न, उपभोग गर्न, बेचविखन गर्न वा अन्य किसिमको बन्दोवस्त गर्न पाउनेछ ।

(५) उपभोक्ता समूहले व्यक्ति सरह नालिस उजुर गर्न र सो उपर पनि सोही नाम बाट नालिस उजुर गर्न सक्नेछ ।

**१८. प्रतिवेदन दिनुपर्ने**

(१) सामुदायिक वन उपभोक्ता समूहहरु प्रत्येक वर्ष आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र तोकिए बमोजिम आर्थिक विवरण तथा सामुदायिक वनको स्थिति समेत खुलाई आफ्नो क्रियाकलापको बार्षिक तथा प्रगति प्रतिवेदन स्थानीय सरकार तथा सामुदायिक वन उपभोक्ता महासंघ नेपालमा पेश गर्नुपर्नेछ ।

**१९. उपभोक्ता समूहको कोषः** (१) उपभोक्ता समूहको आफ्नो एउटा छुट्टै कोष हुनेछ । कोषमा देहायका रकम जम्मा हुनेछ ।

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट प्राप्त हुने अनुदान रकम

(ख) कुनै स्वदेशी व्यक्ति वन संस्थाबाट प्राप्त अनुदान, साहायता वा दान दातव्य रकम

(ग) वन पैदावार (जैविकविविधता) को विक्रिवितरण वाट प्राप्त रकम

(घ) उद्योग तथा पर्यापर्यटन सन्चालनवाट प्राप्त रकम

(ङ) उपभोक्ता समूहको सदस्यता शुल्क, जरिवानाबाट प्राप्त

(च) अन्य कुनै श्रोतबाट प्राप्त रकम

(२) उपभोक्ता समूहको तर्फबाट गरिने खर्च उपदफा (१) बमोजिमको कोषबाट गरिनेछ । कोष संचालन तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद–५

## वन अधिकार संरक्षण सम्बन्धी व्यवस्था

**२०. वन परिषद्को गठनः**

(१) वन अधिकार प्राप्त गर्ने स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित तथा उक्त वन क्षेत्रमा आश्रित समुदायको हक हित संरक्षण सम्बन्धी विषयमा नीति निर्माण गर्न तथा

अधिकारवाला समुदायको हक हितका सम्बन्धमा स्थानीय सरकारलाई सुझाब दिनका लागि स्थानीय स्तरमा एक वन परिषद गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको परिषदमा देहाय बमोजिमका अध्यक्ष तथा पदाधिकारीहरू रहने छन:

(क) गाउँपालिकाको अध्यक्ष – अध्यक्ष

(ख) सामुदायिक वन उपभोक्ता महासंघको प्रतिनिधि – सदस्य १ जना

(ग) पारिवारिक निजी वनको प्रतिनिधि – सदस्य १ जना

(घ) वन अधिकार, वातावरण संरक्षण र वन उपभोक्ताको हकहितमा काम गरेको – सदस्य १ जना

(ङ) उपदफा (५) बमोजिम नियुक्ति हुने सचिव – सदस्य सचिव १ जना

तर, स्थानीय सरकारले मनोनित गर्दा उपदफा (२) को विभिन्न खण्डहरूबाट प्रतिनिधित्व हुन नसकेका जाति वा समुदायको प्रतिनिधित्व हुने गरी मनोनीत गर्नुपर्नेछ ।

दफा (३) उपदफा (२) बमोजिम गठन हुने वन परिषदमा महिलाको सहभागिता न्यूनतम ३३ प्रतिशत अनिवार्य गराउनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम मनोनीत सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ र निजहरू थप एक अवधिको लागि पुनः मनोनीत हुन सक्नेछन् ।

(५) परिषद्ले परिषद्को काम कार्बाहिलाई व्यवस्थित गर्ने प्रयोजनको लागि स्नातक उपाधि हासिल गरी वन, वातावरण वा कानूनको क्षेत्रमा कम्तीमा ५ वर्षको अनुभव प्राप्त व्यक्तिलाई सदस्य सचिवको रूपमा नियुक्त गर्नेछ । सदस्य सचिवको कार्यअवधि ४ वर्षको हुनेछ । सदस्य सचिवको काम कर्तव्य र अधिकार नियमावली र निर्देशिकामा तोकिए बमोजिम हुनेछ ।

(६) परिषद्का पदाधिकारीहरु र कर्मचारीले स्थानीय सरकारले तोकिदिए बमोजिमको सुविधा र तलव भत्ता पाउनेछन् ।

**२१. परिषद्को काम, कर्तव्य र अधिकारः**

(१) परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) वन र वन क्षेत्रमा रहेको प्राकृतिक स्रोत साधन (जल, जमिन, जंगल, वन्यजन्तु, खनिज, जैविक विविधता आदि) को परम्परागत रूपमा संरक्षण, भोगचलन, उपयोग गर्दै आईरहेका उक्त क्षेत्रमा बसोबास गर्ने स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित तथा उक्त वन क्षेत्रमा आश्रित समुदायको वन माथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाड समेतमा अग्राधिकार सहितको वन सम्बन्धी अधिकार सम्बन्धी विषयमा नेपाल सरकारलाई सुझाव दिने तथा वन सम्बन्धी अधिकार सम्बन्धमा जानकारी गराउन कार्यक्रम र सूचनाहरु प्रचार प्रसार गर्ने, गराउने ।

(ख) वन माथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाड समेतमा अग्राधिकार सहितको वन सम्बन्धी अधिकारको सम्बन्धमा सूचित गर्ने, गराउने तथा वन सम्बन्धी अधिकार सम्बन्धमा अनुसन्धान गर्ने, गराउने ।

(ग) वन माथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाड समेतमा अग्राधिकार सहितको वन सम्बन्धी अधिकार सम्बन्धमा भइरहेका नीति परिवर्तन गर्ने वा नयाँ नीति बनाउने सम्बन्धमा स्थानीय सरकारलाई सुझाव दिने ।

(घ) वन माथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाड समेतमा अग्राधिकार सहितको वन सम्बन्धी हकहित र अधिकार संरक्षण सम्बन्धी स्थानीय, प्रादेशिक, संघीय तथा अन्तर्राष्ट्रिय सूचनाहरू अद्यावधिक राख्ने तथा राख्न लगाउने ।

(ङ) स्थानीय समुदाय, आदिवासी, जनजाति, महिला, दलित, तथा उक्त वन क्षेत्रमा आश्रित समुदायको वन माथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाड समेतमा अग्राधिकार सहितको वन सम्बन्धी अधिकारहरूको अनुगमन गर्ने गराउने र अनुगमन गर्दा देखिएका त्रुटीहरूको सुधार गर्न स्थानीय सरकारलाई सुझाब दिने ।

(च) स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित, तथा उक्त वन क्षेत्रमा आश्रित समुदायको वन माथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाड समेतमा अग्राधिकार सहितको वन सम्बन्धी अधिकार संरक्षण गर्ने सम्बन्धमा उपयुक्त सम्झेको अन्य काम गर्ने, गराउने ।

(छ) गाउँपालिका भित्र रहेका संरक्षित तथा व्यवस्थित सामुदायिक वनहरुको अनुगमन, सुपरिवेक्षण तथा मुल्याङ्कन गरी उत्कृष्ट एवं गुणस्तरीय रुपमा व्यवस्थित र संरक्षित वनहरुको सूचीक्रम (ROSTER) तयार गरी नमूना सामुदायिक वन घोषणाका लागि आवश्यक सुझाव सहित गाउँपालिकालाई सिफारिस गर्ने

(ज) परम्परागतरुपमा संरक्षण, सम्बर्द्धन र सदुपयोग गर्दै आएका स्थानीय समुदायको वन प्रयोगको अधिकारलाई राजनीतिक सिमाले वन्देज गर्ने छैन, यदि कुनै अवरोध सृजना भएमा आवश्यक समन्वय गरेर समाधान गर्ने ।

(झ) सामुदायिक वनहरु बीच समन्वय गरेर स्थानीय आपूर्ति, प्राकृतिक प्रकोपलाई सर्वसुलभ वनाउनका लागि डिपो स्थापना गर्ने ।

(ञ) अन्तर स्थानीय सरकारका बीच वन पैदावार आपूर्ति व्यवस्था मिलाउनका लागि समन्वय गर्ने ।

(ट) समुदायद्धारा संचालित कार्यक्रमहरु अनुगमन निरिक्षण तथा पृष्ठपोषण गर्ने

(ड) समुदायको आन्तरिक सुसासनका लागि आवयक सरसल्लाह, सुझाव र सहयोग गर्ने

(ढ) जैविक विविधताको अभिलेखिकरण गर्ने, अध्ययन अनुसन्धान गर्ने, संरक्षण तथा व्यवस्थापन गर्ने

(ण) गाउँपालिका भित्र रहेका सबै प्रकारका वनहरुको वन पैदावारहरुको उत्पादकत्वका आधारमा वर्गीकृत गरी वन उत्पादन क्षेत्रहरुको सूचीकरणका लागि गाउँ कार्यपालिकालाई सिफारिस गर्ने ।

**२२. परिषद्को बैठक सम्बन्धी कार्यविधिः**

(१) परिषद्को बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) परिषद्को सम्पूर्ण सदस्य संख्याको कम्तीमा पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा परिषद्को बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरू मध्येबाट जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) परिषद्को निर्णय परिषद्को अध्यक्षद्धारा प्रमाणित गरिनेछ ।

(५) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

**२३. जाँचबुझ र निरीक्षण गर्न सक्नेः**

(१) कुनै व्यक्ति, वन उपभोक्ता समूह, संगठित संस्था, सरकार, सरकारी तह, निजी वा साझेदारी कम्पनी लगायत कसैले पनि यस ऐन बिपरित हुने गरी समुदायको वन अधिकारमा प्रतिकूल प्रभाव पार्ने कार्य गरी रहेको वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कामकारवाही भइरहेको छ भन्ने विश्वास हुने मनासिव कारण भएमा वनअधिकार संरक्षण परिषद आफै वा परिषदले तोकेको प्रतिनिधिले आवश्यक जाँचबुझ र निरीक्षण गर्न, गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ र निरीक्षणबाट वन अधिकारको हनन् सम्बन्धी दोषी देखिएका व्यक्ति, वन उपभोक्ता समूह, संगठित संस्था, सरकार, सरकारी तह, निजी वा साझेदारी कम्पनी लगायतका व्यक्ति वा संस्थालाई प्रचलित कानून बमोजिम आवश्यक कारबाही गर्नको लागि परिषदले स्थानीय सरकारलाई सिफारिस गर्न सक्नेछ ।

## परिच्छेद–६

## पारिवारीक निजी वन सम्बन्धी व्यवस्था

**२४. पारिवारिक निजी वनको दर्ताः**

(१) पारिवारिक निजी वनको दर्ता स्थानीय तहको सबै भन्दा तल्लो निकाय अर्थात वडामा दर्ता गरिनेछ ।

(२) दर्ता भएका पारिवारिक निजी वनहरु धितो राखेर वैंकवाट ऋण लिन सक्ने व्यवस्था गरिनेछ ।

(३) पारिवारिक निजी वन भित्रको काठ कटानी र ओसार पसार स्थानीय सरकारबाट अनुमती लिएर नेपाल भित्रका कुनै पनि भागमा लगेर विक्रि वितरण गर्न सक्नेछ ।

(४) पारिवारिक निजी वन किसानहरुलाइ कृषि वन लगाउन थप प्रोत्साहन गरिनेछ ।

(५) पाविारिक निजी वनका किसानहरुले वनमा आधारित उद्योगहरु स्थापना गर्न चाहेमा स्थानीय सरकारले अनुमती दिनेछ ।

(६) पारिवारिक निजी वन दैविक प्रकोप भएर नष्ट भएमा क्षतीपूर्तिका लागि सहुलियत विमामा समन्वयको व्यवस्था गरिनेछ ।

(७) परिक्षण गरिएका विरुवाहरु र छिटो छरितो हुर्कने विरुवाहरु वृक्षा रोपण गर्न प्रोत्साहन गरिनेछ ।

**२५. पारिवारिक निजी वन सम्बन्धी अन्य व्यवस्था:**

(१) पारिवारिक निजी वनको संरक्षण सम्बर्द्धन उपयोग व्यवस्थापन गर्न तथा स्वतन्त्ररुपले वन पैदावारको मुल्य निर्धारण गर्ने गरी विक्री वितरण गर्न पाउने गरी स्थानीय सरकारले दर्ता प्रमाण पत्र दिनेछ ।

(२) पारिवारिक निजी वनलाइ स्थानीय सरकारले आवश्यक प्राविधिक एवं अन्य सहयोग उपलब्ध गराउने छ ।

(३) पारिवारिक निजी वन दर्ता भएको जानकारी प्राप्त भएको १५ दिनभित्र सोको जानकारी दिनेछ ।

(४) पारिवारिक निजी वन किसानहरुले स्थानीय सरकारले तोकेको निवेदन सहित स्थानीय सरकार समक्ष पेश गर्ने ।

## परिच्छेद – ७

## वन संरक्षण तथा व्यवस्थापन सम्बन्धी व्यवस्था

**२६. वन संरक्षण सम्बन्धी व्यवस्थाः**

(१) गाउँपालिका भित्र रहेका सबै प्रकारका वन क्षेत्रको संरक्षण तथा व्यवस्थापन दिगो वन व्यवस्थापन सम्बन्धी सिन्द्धान्तका आधारमा गर्नु पर्नेछ ।

(२) कुनै निश्चित वन क्षेत्रमा गाउँ कार्यपालिकाले आवश्यकता तथा औचित्यताका आधारमा वन्यजन्तुहरुका लागि जैविक मार्ग घोषणा गर्न प्रदेश सरकारलाई सिफारिस गर्न सक्नेछ ।

**२७. वृक्षारोपण सम्बन्धी व्यवस्थाः**

(१) गाउँपालिका भित्र रहेका ग्रामीण सडकहरुका छेउछाउ तथा सार्वजनिक खुल्ला क्षेत्रहरुको पहिचान गरी वृक्षारोपण गर्न उपयुक्त ठहरिएका स्थानहरुमा वृक्षारोपण गर्नका लागि सम्बन्धित वडाले व्यवस्था मिलाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम वृक्षारोपण गर्नका लागि छुट्याइएका स्थानहरुमा वनस्पतिका प्रजातिहरुको हुर्कन सक्ने क्षमता तथा माटोको उर्वरताको पहिचान गरी वृक्षारोपण गर्नु पर्नेछ । यसरी वृक्षरोपण गर्दा गाउँ कार्यपालिकाले वनस्पतिको प्रजातिको वन पैदावारजन्य उपयोगिताका आधारमा आवश्यक रकम विनियोजन गर्नु पर्नेछ ।

(३) सामुदायिक वनहरुमा बहुमुल्य प्रजातिका, लोपोन्मुख प्रजातिका, जडिबुटिजन्य तथा आर्थिक उपार्जनका लागि उपयुक्त हुने विरुवाहरुको वृक्षारोपण गरी वन संरक्षण तथा व्यवस्थापन गर्न चाहेमा गाउँ कार्यपालिकाले तोकिए बमोजिम अनुदानको व्यवस्था गर्न सक्नेछ ।

**२८. जैविक विविधताको संरक्षण सम्बन्धी व्यवस्थाः** वन क्षेत्रमा रहेका वनस्पतिहरु, जनावरहरु लगायत सम्पुर्ण वन पैदावारको संरक्षण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२९. जलाधार व्यवस्थापन सम्बन्धी व्यवस्थाः**

(१) गाउँ कार्यपालिकाले गण्डकी प्रदेश वन ऐन, २०७६ को परिच्छेद १२ को दफा ७५ (१) बमोजिम जलाधार क्षेत्रको वर्गीकरण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम वर्गीकृत जलाधार क्षेत्रको संरक्षण तथा व्यवस्थापन गर्न तोकिए बमोजिमका कार्यहरु सञ्चालन गर्न सकिनेछ ।

**३०. वन उत्पादन क्षेत्र घोषणा गर्न सक्नेः** यस ऐनको दफा २१ को उपदफा (१) (ण) बमोजिम वन परिषदबाट प्राप्त सिफारिसका आधारमा गाउँपालिका भित्रका वन क्षेत्रलाई गाउँ कार्यपालिकाले विशेष वन उत्पादन क्षेत्र घोषणा गर्न सक्नेछ ।

## परिच्छेद-८

## कसूर र सजाय सम्बन्धी व्यवस्था

**३१. वन अधिकारमा प्रतिकूल प्रभाव पार्न नहुनेः**

(१) कुनै व्यक्ति, वन उपभोक्ता समूह, संगठित संस्था, सरकार, सरकारी तह, निजी वा साझेदारी कम्पनी लगायत कसैले पनि यस ऐन विपरित हुनेगरी वन उपभोक्ता वा वन उपभोक्ता समूहको वन सम्बन्धी अधिकारमा प्रतिकूल प्रभाव पार्न हुदैन । तर, आम सार्वजनिक हितका लागि यस ऐनको दफा ११ बमोजिम वन उपभोक्ता समूह वा सम्बन्धित समुदायको स्वतन्त्र, पूर्व सू–सुचित मञ्जुरी (Free Prior Informed Consent) लिई नेपाल सरकार वा सम्बन्धित तहको निर्णयले असल मनसायले गरेको कार्यलाई वन अधिकारको प्रतिकूल मानिने छैन ।

**३२. दण्ड सजायः** देहायको काम कारबाही गर्ने गराउनेलाई कसुरको मात्रा हेरी देहाय बमोजिम सजाय हुनेछः (१) दफा ४ को उपदफा (१) (२) बमोजिमको अधिकार प्रयोग गर्न बञ्चित गराउने वा त्यस्तो अधिकार प्रयोग गर्नबाट रोक लगाउने कार्य गर्ने गराउनेलाई विगो खुलेकोमा बिगो बमोजिम र नखुलेकोमा अवस्था हेरेर तोकिए वमोजिम जरिवाना हुनेछ ।

(२) दफा ८ बमोजिम वन उपभोक्ता समूहको अनिवार्यरूपमा स्वतन्त्र, पूर्व सू–सुचित मञ्जुरी लिनु पर्नेमा नलिई कुनै कार्य गरे गराएमा त्यस्तो वन उपभोक्ता समूहलाई पर्न गएको क्षतिको बिचार गरी उचित क्षतिपूर्ति दिनु पर्नेछ र त्यस्तो कार्य गर्ने गराउनेलाई विभागिय सजायको लागि सिफारिस गर्नु पर्नेछ ।

**३३. मुद्दा हेर्ने अधिकारः**

(१) यस ऐन अन्तर्गत सजाय हुने कसुर सम्बन्धी मुद्दा गर्नुपर्ने कारण परेको मितिले ६ महिनाभित्रमा मर्का पर्ने पक्षले स्थानीय तहको न्यायीक समिति समक्ष मुद्दा दायर गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थानीय सरकारको न्यायीक समितिले यस ऐन अन्तर्गत कारवाही गर्दा संक्षिप्त कार्यबिधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउने र अधिकार प्रयोग गर्नेछ ।

(३) उपदफा (१) बमोजिम स्थानीय सरकारको न्यायिक समितिले गरेको निर्णय चित्त नबुझ्ने पक्षले सो निर्णय थाहा पाएको मितिले पैंतीस दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

**३४. क्षतिपूर्ति भराउन सक्नेः**

(१) यस ऐनको विपरीत हुने गरी वन अधिकारवाला समुदाय वा व्यक्तिको वन सम्बन्धी अधिकारमा प्रतिकूल प्रभाव पार्ने कार्य गरेको कारणबाट कुनै वन अधिकारवाला समुदाय वा व्यक्तिको वन सम्बन्धी अधिकारको हनन भएकै कारण कुनै पनि किसिमको हानी नोक्सानी हुन गएमा त्यस्तो समुदाय वा व्यक्तिले क्षतिपूर्ति भराई पाउँभनी उजुरी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम क्षतिपूर्तिको निमित्त परेको उजुरी उपर छानबिन गरी वन अधिकार हनन भएको समुदाय वा व्यक्तिलाई हानी नोक्सानी पुग्न गएको देखिएमा हानी नोक्सानीको आधारमा हानी नोक्सानी गर्ने पक्षबाट क्षतिपूर्ति बापतको रकम त्यस्तो समुदाय वा व्यक्तिलाई दिलाउन सक्नेछ ।

## परिच्छेद – ९
## विविध

**३५.स्थानीय सरकारबाट अनुमति लिनु पर्नेः**

(१) स्थानीय तहको अनुमति लिई उपभोक्ता समूहले स्थानीय सामुदायिक वन क्षेत्रमा सामुदायिक चिडियाखाना, वन्यजन्तुको व्यावसायीक पालन, समुदायको पहुँच भन्दा टाढा रहेको वन सामुदायिक संरक्षण क्षेत्र, पर्यापर्यटन कार्यक्रम जस्ता वनमा आधारित उद्यम वा समुदायमा वन पैदावारजन्य उद्योग संचालन गर्ने, उत्पादन गर्ने, उत्पादिन बस्तु वा वनपैदावार निकासी पैठारी गर्ने र सोबाट लाभ प्राप्त गर्न सक्नेछ ।

(२) वनपैदावारजन्य उद्योगबाट उत्पादित वनपैदावारको निकासी पैठारी वन उपभोक्ता समूहले तोकेको व्यक्तिले गर्न सक्नेछ । त्यसरी निकासी पैठारी गर्दा सोको जानकारी अनिवार्य रूपमा स्थानीय सरकारलाई दिनुपर्नेछ ।

(३) सामुदायिक वन समूहको दर्ता प्रमाणपत्रका आधारमा सहकारी मार्फत वन उद्यम साथै वन पैदावारमा आधारित अन्य उद्यमहरु सञ्चालन सक्नेछन् ।

(४) स्थानीय सरकारले पारिवारिक निजी वन दर्ता, संरक्षण, सम्बर्द्धन, व्यवस्थापन र निर्यातको जानकारी दिएर काम गर्न सक्नेछ ।

**३६. अधिकार प्रत्यायोजन:** स्थानीय सरकारको प्रमुख वा परिषद्को अध्यक्षले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारहरू मध्ये आवश्यकता अनुसार केही अधिकार यस ऐन बमोजिम स्थानीय सरकारले तोकेको व्यक्तिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**३७. असल नियतले गरेको कामको बचाउ:** वन उपभोक्ता समिति, क्षतिपूर्ति समिति वा स्थानीय सरकारको कुनै कर्मचारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफ्नो कर्तव्यपालन गर्दा असल नियतले गरेको काम कारवाही प्रति निज व्यक्तिगत रूपले जवाफदेही हुने छैन ।

**३८. नियम बनाउन सक्ने:** यस ऐनको उद्देश्य पूर्तिको लागि स्थानीय सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ ।

## अनुसूची – १
## (उपभोक्ता समूहको दर्ताका लागि दिईने निवेदन)

श्री अध्यक्ष ज्यू,

फेदीखोला गाउँपालिका, फेदीखोला, स्याङ्जा

स्थानीय वन ऐन २०७७ मा व्यवस्था भए बमोजिम उपभोक्ता समूहको गठन गरी उक्त उपभोक्ता समूह दर्ता गरी पाउन सोको विधान संग्लन गरी यो निवेदन पेश गरेका छौं । उपभोक्ता समूहको दर्ता गरी सोको जानकारी पाउन अनुरोध गर्दछौं ।

निवेदक

............................ उपभोक्ता समूहको तर्फबाट

| क्र.स. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |
| ९ | | | |

**अनुसूची – २**

**(उपभोक्ता समूह दर्ताको प्रमाण पत्र)**

फेदीखोला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

फेदीखोला स्याङ्जा

गण्डकी प्रदेश, नेपाल

दर्ता नं ................

श्री .............................. उपभोक्ता समूह

यस फेदीखोला गाउँपालाको मिति २०७........ /........../.......... को निर्णय अनुसार फेदीखोला गाउँपालिका वन ऐन २०७७ बाट प्राप्त अधिकार प्रयाग गरी त्यस उपभोक्ता समूहलाई यो दर्ता प्रमाण पत्र प्रदान गरिएको छ ।

उपभोक्ता समूहको विवरण

उपभोक्ता समूहको वन क्षेत्रको क्षेत्रफलः ................

उपभोक्ता समूहको सदस्य घरधुरी संख्याः .................

उपभोक्ता समूहको क्षेत्रभित्र रहेको जनसंख्याः ............

प्रमाण-पत्र प्रदान गर्ने अधिकारी

नामः

पदः

दस्तखतः

मितिः

(यो प्रमाण-पत्र हराएमा प्रतिलिपी प्रमाण-पत्र प्राप्त गर्न रु १००० तिरी निवेदन दिनु पर्नेछ )

## अनुसूची – ३
## ( सामुदायिक वन दर्ताका लागि दिइने निवेदन)

श्री अध्यक्ष ज्यू,

फेदीखोला गाउँपालिका,

फेदीखोला, स्याङ्जा

फेदीखोला गाउँपालिका वन ऐन २०७७ को अधिनमा रही सामुदायिक वनको रुपमा देहायको वन क्षेत्रको संरक्षण, सम्बर्द्धन र सदुपयोग गर्नका लागि यस उपभोक्ता समूहलाई हस्तान्तरण गरिदिनुहुन वन कार्ययोजना सहित यो निवेदन पेश गरेका छौं ।

क) प्रस्तावित सामुदायिक वनको रुपमा व्यवस्थापन गर्न चाहेको वनको नामः
ख) ठेगानाः
ग) चार किल्लाः
घ) क्षेत्रफलः
ङ) जैविक विविधताः
च) पानीको मुहान, ताल, पोखरी, खोलाः

निवेदकः

............... सामुदायिक वन उपभोक्ता समूहको तर्फबाट

| क्र.स | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

## अनुसूची -४

**सामुदायिक वनमा समुदायिक रूपमा स्थानीय समुदायले प्राप्त गर्ने वन सम्बन्धी अधिकारहरू:**

(क) स्थानीय समुदाय एक आपसमा भेला भई आफ्नो क्षेत्रको वनको दिगो व्यवस्थापन, जैविक विविधताको संरक्षण, संम्बद्धन, प्रवद्र्धन, वनपैदावरको विकास र उपयोग गर्नका लागि सामुदायिक वनव्यवस्थापन समूह गठन गर्ने,

(ख) सामुदायिक वन क्षेत्रमा रहेको प्राकृतिक श्रोत साधनको विकास, संरक्षण, व्यवस्थापन, नियन्त्रण र उपयोग गर्ने,

(ग) वन क्षेत्रमा रहेको खानेपानी तथा सिंचाईको मुहान लगायत प्राकृतिक श्रोत साधन र वनपैदावारहरू प्राप्त गर्ने, समुदायले नियम बनाई तोकेकोमा बाहेक विना अवरोध वन क्षेत्रमा आवत जावत गर्ने, वन क्षेत्रमा व्यवस्थित चरीचरण गर्ने,

(घ) सामुदायिक वनबाट दाउरा, घाँस, सोत्तर, काठ जस्ता समुदायको दैनिक आधारभूत आवश्यकता पुरा गर्ने र बढी भएका वनपैदावारको स्वतन्त्र रूपमा मूल्य निर्धारण गरी बिक्री वितरण गर्ने,

(ङ) सामुदायिक वन क्षेत्र भित्रको खोला, पानीको मुहान, कार्बन संचितिकरण तथा भण्डारण लगायत वातावरणीय सेवा बापतको लाभ प्राप्त गर्ने,

(च) वनश्रोतको उपयोगबाट स्थानीय समुदायको सामाजिक, सांस्कृतिक र आर्थिक आवश्यकताको पूर्ति गर्ने, गरिबी निवारणमा टेवा पुर्ययाउने र सामुदायिक विकास गर्ने,

(छ) वन क्षेत्र भित्र रहेको ऐतिहासिक, सांस्कृतिक र धार्मिक सम्पदाहरूको संरक्षण, व्यवस्थापन, सदुपयोग र नियन्त्रणमा राख्ने,

(ज) सामुदायिक वनलाई निरन्तर रूपमा सामुदायिक वनकै रूपमा संरक्षण, व्यवस्थापन र निरन्तरता दिन पाउने,

(झ) सामुदायिक वनको व्यवस्थापनको लागि सामुदायिक वन उपभोक्ता समूह, सामुदायिक वन उपभोक्ता समिति र आवश्यकता अनुसारको उपसमितिहरू गठन गर्ने र त्यस्तो समिति उपसमितिको काम, कर्तव्य र अधिकारहरू तोक्ने,

(ञ) सामुदायिक वन व्यवस्थापनको लागि आवश्यक कार्ययोजना बनाई लागू गर्ने, गराउने,

(ट) वन व्यवस्थापन र अन्य कार्यहरूबाट प्राप्त हुने लाभ प्राप्त गर्ने र त्यस्तो लाभ वनको विकास, गरिबी न्यूनीकरण, महिला, आदिवासी जनजाति, दलित लगायतका आर्थिक सामाजिक रूपमा पिछडिएको समुदायको क्षमता विकास, युवा तथा बालबालिकाको उत्थान, स्थानीय सामुदायिक तथा सांस्कृतिक विकास आदिमा बाँडफाड र प्रयोग गर्ने,

तर, स्थानीय समुदायको निर्णयले त्यस्तो लाभ सामुदायिक वन व्यवस्थापन समूहहरू, सामुदायिक वन उपभोक्ता महासंघको संस्थागत तथा पैरवी क्षमता विकासमा समेत खर्च गर्न सक्नेछन् ।

(ठ) वन संरक्षण, विकास र व्यवस्थापनका लागि स्थानीय सरकार र संघीय सरकारबाट आवश्यक सहयोग र बजेट प्राप्त गर्ने तथा सहकार्यमा कार्यक्रम सञ्चालन गर्ने,

(ड) उपभोक्ता समूहले आवश्यकता अनुसार स्वतन्त्र रुपले सरकारी, गैरसरकारी, निजी क्षेत्र र विज्ञहरूबाट सेवा र अनुदान लिन सक्ने,

(ढ) वनसंग सम्बन्धित परम्परागत पेशा, अभ्यास, अनुभव, ज्ञान, सीप, दक्षताहरूको पहिचान गरी संरक्षण, आधुनिकीकरण, औद्योगिकीरण र बजारीकरणका लागि चाहिने वन पैदावारजन्य कच्चा पदार्थहरू स्वतन्त्रतापूर्वक प्राप्त गर्ने र उत्पादित बस्तुलाई उपभोग गर्ने र बजारमा बिक्रि बितरण गरी लाभ प्राप्त गर्ने,

(ण) वनलाई समय सापेक्षित रूपमा स्थानीय समुदायको जीविकोपार्जनमा टेवा पुर्‍याउने पर्यावरण, कृषि वन, पशुपालन, वन्यजन्तु पालन, जडिबुटी, उद्यम, चिडियाखाना जस्ता वनउद्यमसम्बन्धी कृयाकलापहरू संचालन गरी लाभ प्राप्त गर्ने,

(त) वनको दीगो व्यवस्थापनद्वारा वन क्षेत्रको उत्पादकत्वमा वृद्धि गर्दै सामुदायिक वन क्षेत्रमा काठ र गैर काठजन्य वनपैदावारको उत्पादन गर्ने, वन पैदावारको अधिकतम उपयोगबाट साना, मझौला तथा ठुला खाले उद्यम समुदाय आफैले वा तेस्रो पक्षसंग सम्झौता गरी संचालन गर्न सक्नेछ र त्यस्तो उद्यमले वनको दिगो संरक्षण र व्यवस्थापनको साथै स्थानीय समुदायको आर्थिक उन्नतीमा टेवापुर्‍याउने,

(थ) सामुदायिक वनश्रोतको शुल्क निर्धारण गरी असुलउपर गर्ने शुल्कछुट वा मिनाहा दिने,

(द) वनको हैसियतमा नकारात्मक असर नपुग्ने गरि वनश्रोतको पूर्णरूपमा व्यवस्थापन, नियन्त्रण र उपयोग गर्ने एवं वन उद्यमविकास गर्ने र त्यस्तो निर्णय लिने,

(ध) वनको भौगोलिक बनौट, भिरालोपन र माटोको किसिम अनुसार वन कार्ययोजनामा तोकिए बमोजिम वन सम्वर्धन (गोडमेल, हाँगा काँटछाट, झाडी सफाइ, पतल्याउने र रुख कटान आदि) पद्घति अपनाई वन विकास र संरक्षण गर्ने,

(न) सामुदायिक वनको दिगो व्यवस्थापनबाट उपलब्ध हुने जलाधार एवं जैविक विविधता संरक्षण, भुदृश्य–सौन्दर्य तथा कार्वन–संचिति जस्ता वातावरणीय सेवाहरूको संभावनाको खोजी गरी वातावरणीय सेवासुविधाको उपयोग गरेर आय–आर्जनको अवधारणालाई अगाडि बढाउने,

(प) कार्बन सञ्चिती, जैविक विविधताको संरक्षण, जलचक्र प्रणाली, पर्यापर्यटन जस्ता वन क्षेत्रको पारिस्थितिकीय प्रणालीबाट प्राप्त हुने वातावरणीय सेवाबाट लाभ प्राप्त गर्ने ।

(फ) सामुदायिक वन क्षेत्रमा रहेको खानेपानीको मुहान, खानी, सिंचाईगर्ने खोला वा ताल वा पोखरी आदिको मुहान, ढुङ्गा, रोडा, बालुवा, माटो लगायतका प्राकृतिक श्रोत साधनको बिक्रिवितरण, उपयोग, उपभोग, श्रोत प्रयोग बापतको लाभ प्राप्त गर्ने ।

# फेदीखोला गाउँपालिकाको सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७७

गाउँसभाबाट पारित मिति : २०७७।११।२९

प्रकाशित मिति : २०७७।१२।०२

**प्रस्तावना :**

फेदीखोला गाउँपालिका क्षेत्रभित्र पूर्वाधार एवं संरचना निर्माण तथा सेवा क्षेत्रमा स्वदेशी वा विदेशी निजी क्षेत्र समेतको लगानीको माध्यमबाट नवीन प्रविधि, गुणस्तरीय सेवा, व्यवस्थापकीय कुशलता एवं लगानीमैत्री वातावरण निर्माण गर्दै गाउँपालिकाको आर्थिक विकास र समृद्धिमा योगदान पुऱ्याउन, सार्वजनिक निजी साझेदारीमा निर्माण हुने परियोजनाहरुलाई व्यवस्थित गर्न तथा लगानी सम्बन्धी कानूनी व्यवस्थालाई स्पष्ट गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम फेदीखोला गाउँपालिकाको मिति २०७७/११/२९ को आठौँ गाउँसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "फेदीखोला गाउँपालिकाको सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन फेदीखोला गाउँपालिकाको राजपत्रमा प्रकाशन भएपछि लागू हुनेछ ।

**२. परिभाषा :** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः-

(क) "अनुमतिपत्र" भन्नाले परियोजना कार्यान्वयन गर्न दफा ३ बमोजिम सावर्जनिक निजी साझेदारीमा र दफा २२ बमोजिम निजी लगानीमा परियोजना कार्यान्वयन गर्न प्रदान गरिएको अनुमतिपत्र वा इजाजतपत्र सम्झनु पर्छ ।

(ख) "अनुमतिपत्र प्राप्त व्यक्ति" भन्नाले परियोजना कार्यान्वयन गर्न अनुमतिपत्र वा इजाजतपत्र प्राप्त फर्म, कम्पनी वा व्यक्तिलाई सम्झनु पर्छ ।

(ग) "उपभोक्ता" भन्नाले यस ऐन बमोजिम सार्वजनिक निजी साझेदारी तथा निजी लगानीमा निर्माण भएको पूर्वाधार संरचनाबाट सेवा, सुविधा उपभोग वा उपयोग गर्ने व्यक्ति वा निकाय सम्झनु पर्छ ।

(घ) "एकाइ" भन्नाले फेदीखोला गाउँपालिकाको सार्वजनिक निजी साझेदारी एकाई वा पूर्वाधार सँग सम्बन्धित शाखा सम्झनु पर्छ ।

(ङ) "कार्यपालिका" भन्नाले फेदीखोला गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अर्न्तगत बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(छ) "गाउँ सभा" भन्नाले फेदीखोला गाउँ सभालाई सम्झनु पर्छ ।

(ज) "निजी लगानी" भन्नाले दफा २२ बमोजिम गरिने लगानी सम्झनु पर्छ ।

(झ) "निर्माण" भन्नाले यस ऐन बमोजिम पूर्वाधार संरचनाको विकास, निर्माण वा पुनर्स्थापनाको कार्य सम्झनु पर्छ ।

(ञ) "परियोजना" भन्नाले यस ऐन बमोजिम सार्वजनिक-निजी साझेदारीमा लगानी गरी कार्यान्वयन गरिने पूर्वाधार संरचना सम्बन्धी परियोजना सम्झनु पर्छ र सो शब्दले निजी लगानीमा कार्यान्वयन गरिने परियोजनालाई समेत जनाउँछ ।

(ट) "अध्यक्ष" भन्नाले फेदीखोला गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(ठ) "उपाध्यक्ष" भन्नाले फेदीखोला गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ ।

(ड) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले फेदीखोला गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(ण) "प्रस्तावक" भन्नाले यस ऐन बमोजिम प्रस्ताव पेश गर्ने व्यक्ति सम्झनु पर्छ ।

(त) "पुनर्स्थापना" भन्नाले मौजुदा पूर्वाधार संरचनाको मर्मत, विस्तार वा पुनर्निर्माण गरी पुनर्स्थापना गर्ने काम सम्झनु पर्छ ।

(थ) "पूर्वाधार संरचना" भन्नाले सडक, सववे, सुरुङ्गमार्ग, पुल, अस्पताल, केबुलकार, रेल्वे, ट्रलीबस, बस जलमार्ग, परिवहन बिसौनीस्थल, प्रदर्शनीस्थल, पार्क, सञ्चार तथा सूचना प्रविधि, वित्तीयबजार पूर्वाधार, विशेष आर्थिक तथा औधोगिक क्षेत्र, कृषि क्षेत्र, शिक्षा क्षेत्र, होटल वा पर्यटन क्षेत्र, सवारी पार्किङ्ग, जलाशय, बाँध, ढल निकास, फोहोर मैला प्रशोधन तथा व्यवस्थापन, ढुङ्गा, गिट्टी, वालुवा उत्खनन् संकलन तथा प्रशोधन (कसर), वन पैदावर संकलन र प्रशोधन, ऊर्जा उत्पादन, प्रशासरण तथा वितरण, रङ्गशाला, मनोरञ्जन पार्क, सार्वजनिक सभागृह, बहुउद्देश्यीय भवन (मेघा हल) वा सार्वजनिक गोदामघर, विविध सहरी पूर्वाधार, शीतभण्डार सम्बन्धित पूर्वाधार निर्माण सम्झनु पर्छ र सो शब्दले यस्तै प्रकृतिका अन्य पूर्वाधार संरचना समेतलाई जनाउँछ ।

(द) "मनसायपत्र" भन्नाले परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा दफा ८ बमोजिम माग गरिएको मनसायपत्र सम्झनु पर्छ ।

(ध) "महसुल" भन्नाले अनुमतिपत्र प्राप्त व्यक्तिले सेवा सुविधा उपलब्ध गराए बापत उपभोक्तासँग लिने सेवा शुल्क सम्झनु पर्छ ।

(न) "लगानी" भन्नाले यस ऐन बमोजिम ऋण वा स्वपूँजी वा पुनःलगानी वा यस्तै प्रकारका वित्तीय उपकरण मार्फत परियोजनामा गरिने पूँजीप्रवाह सम्झनु पर्छ ।

(प) "लगानीकर्ता" भन्नाले यस ऐन बमोजिम परियोजनामा लगानी गरेको वा लगानी गर्न ईच्छा व्यक्त गर्ने फर्म, कम्पनी वा व्यक्ति सम्झनु पर्छ र सो शब्दले

परियोजनाको अध्ययन, विकास निर्माण वा सञ्चालन गर्ने फर्म, कम्पनी वा व्यक्तिलाई समेत जनाउँछ ।

(फ) "बोर्ड" भन्नाले सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७५ बमोजिमको लगानी बोर्डलाई सम्झनु पर्छ ।

(ब) "सम्झौता" भन्नाले फेदीखोला गाउँपालिका र लगानीकर्ता बीच भएको परियोजना विकास सम्झौता, परियोजना लगानी सम्झौता वा सुविधा सम्झौता (कन्सेसन एग्रिमेन्ट) वा यस्तै प्रकारका सम्झौता सम्झनु पर्छ ।

(भ) "समिति" भन्नाले दफा १६ बमोजिमको सार्वजनिक निजी साझेदारी व्यवस्थापन समिति सम्झनु पर्छ ।

(म) "सर्वेक्षण" भन्नाले परियोजना कार्यान्वयन गर्नको लागि गरिने प्रारम्भिक अध्ययन, सम्भाव्यता अध्ययन, वातावरणीय अध्ययन, विस्तृत सम्भाव्यता अध्ययन तथा विस्तृत परियोजना प्रतिवेदन वा अन्य यस्तै प्रकारका अनुसन्धान वा अन्वेषण सम्बन्धी कार्य सम्झनु पर्छ ।

(य) "सार्वजनिक निजी साझेदारी" भन्नाले गाउँपालिका र लगानीकर्ता बिच श्रोत वा प्रतिफल बाँडफाँड तथा जोखिम व्यहोर्ने गरी आपसी सहकार्यमा पूवार्धार संरचना निर्माण, सञ्चालन, पुनःस्थापना वा सार्वजनिक सेवाप्रवाह गर्न दफा ३ को उपदफा (२) मा उल्लेख भएमध्ये कुनै तरिकाबाट परियोजना कार्यान्वयन गर्ने प्रबन्ध सम्झनु पर्छ ।

(र) "संघीय कानून" भन्नाले सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७५ र यस सम्बद्ध अन्य संघीय कानूनलाई समेत जनाउँछ ।

## परिच्छेद – २

## सार्वजनिक निजी साझेदारी सम्बन्धी व्यवस्था

**३. सार्वजनिक निजी साझेदारी लगानीबाट परियोजना कार्यान्वयन गर्न सकिने :** (१) गाउँपालिकाले पूर्वाधार संरचना तथा सेवा क्षेत्रका कुनै परियोजना सार्वजनिक निजी साझेदारी लगानीबाट यस ऐन तथा प्रचलित कानून बमोजिम सञ्चालन गर्न सक्नेछ । तर वित्तीय, प्राविधिक वा सञ्चालन सम्बन्धी जोखिम निजी क्षेत्रलाई हस्तान्तरण नगरी निजी क्षेत्रबाट हुने काम वा सेवा प्राप्त गर्ने उद्देश्यबाट सञ्चालन हुने परियोजना सार्वजनिक निजी साझेदारी लगानीबाट कार्यान्वयन गरिने छैन ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक निजी साझेदारीबाट परियोजना कार्यान्वयन गर्दा देहायको कुनै तरिका अपनाउन सकिनेछ-

(क) निर्माण तथा हस्तान्तरण,

(ख) निर्माण, सञ्चालन तथा हस्तान्तरण,

(ग) निर्माण, स्वामित्वकरण, सञ्चालन तथा हस्तान्तरण,

(घ) निर्माण, हस्तान्तरण तथा सञ्चालन,

(ङ) लिज, सञ्चालन तथा हस्तान्तरण,

(च) लिज, निर्माण, सञ्चालन तथा हस्तान्तरण,

(छ) विकास, सञ्चालन तथा हस्तान्तरण,

(ज) व्यवस्थापन, सञ्चालन तथा हस्तान्तरण

(झ) पुनर्स्थापना, सञ्चालन तथा हस्तान्तरण

(ञ) अन्य यस्तै तरिकाबाट ।

४. **प्राथमिकता निर्धारण :** सार्वजनिक निजी साझेदारीबाट कार्यान्वयन गरिने परियोजनाको प्राथमिकताका क्षेत्र समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

५. **परियोजना पहिचान :** (१) समितिले सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न सकिने परियोजना पहिचान गरी सूची तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूची तयार गर्दा परियोजनाको सर्भेक्षण लगायतको अध्ययन भए वा नभएको तथा तोकिए बमोजिमका अन्य विवरण समेतका आधारमा प्राथमिकता निर्धारण गर्नु पर्नेछ ।

(३) यस दफा बमोजिम परियोजना पहिचान गरी सूची निर्धारण गर्दा प्राविधिक तथा वित्तीय विषयहरुमा बोर्डसँग परामर्श लिन सकिनेछ ।

६. **परियोजना स्वीकृत गराउनु पर्ने :** (१) दफा ५ बमोजिम पहिचान गरी सूचीकृत गरिएका परियोजनाहरु कार्यान्वयन गर्ने सम्बन्धमा कार्यपालिकाबाट स्वीकृत गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परियोजना स्वीकृत गराउँदा दफा ३ को उपदफा (२) मा उल्लेखित तरिकामध्ये कुन तरिकाबाट कार्यान्वयन गर्न सकिने हो सोको व्यहोरा उल्लेख गर्नुपर्नेछ ।

(३) गाउँपालिका अन्तर्गत एकै प्रकृतिका एकभन्दा बढी परियोजना सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न यस दफा बमोजिम परियोजना स्वीकृत गराउँदा त्यस्तो परियोजनाको पुन:प्राथमिकीकरण गर्नु पर्नेछ ।

७. **परियोजनाको सूची प्रकाशन गर्ने :** दफा ६ बमोजिम परियोजना स्वीकृत भएपछि गाउँपालिकाले परियोजनाको सूची स्थानीय राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

८. **आशयपत्र आह्वान गर्ने :** (१) दफा ७ बमोजिम स्वीकृत परियोजनाको अध्ययन-अनुमति, सर्वेक्षण वा कार्यान्वयनका लागि गाउँपालिकाले सार्वजनिक रुपमा सूचना प्रकाशन गरी आशयपत्र आह्वान गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचनामा देहायका विवरण खुलाउनु पर्नेछ :

(क) आशयपत्र पेश गर्ने कार्यालय,

(ख) आशयपत्र पेश गर्ने अवधि,

(ग) आशयपत्रमा खुलाउनुपर्ने विवरण,

(घ) आशयपत्र साथ संलग्न गर्नुपर्ने कागजातहरु

(ङ) प्रस्तावकको प्राविधिक तथा आर्थिक क्षमता,

(च) तोकिए बमोजिमका अन्य विवरण ।

९. **आशयपत्र पेश गर्ने :** परियोजनाको अध्ययन-अनुमति, सर्वेक्षण वा कार्यान्वयन गर्न चाहने व्यक्तिले तोकिए बमोजिमका शर्तका अधीनमा रही दफा ८ बमोजिमको सूचनामा उल्लेखित अवधिभित्र तोकिएको कार्यालयमा आशयपत्र पेश गर्नु पर्नेछ ।

१०. **संक्षिप्त सूची तयार गर्ने :** दफा ९ बमोजिम आशयपत्र प्राप्त भए पश्चात विषय विशेषज्ञ सम्मिलित मूल्याङ्कन समितिले तोकिए बमोजिमको आधारमा मूल्याङ्कन गरी तोकिएका प्रक्रिया बमोजिम प्रस्तावकहरुको संक्षिप्त सूची तयार गर्नु पर्नेछ ।

११. **प्रस्ताव आह्वान गर्ने :** (१) दफा १० बमोजिम संक्षिप्त सूची तयार गरेपछि गाउँपालिकाले सार्वजनिक सूचना प्रकाशन गरी सो सूचीमा परेका प्रस्तावकहरुसँग तोकिए बमोजिमका विषयहरु खुलाइ प्रस्ताव आह्वान गर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्न चाहने प्रस्तावकले तोकिए बमोजिमका विवरणहरु खुलाइ सूचनामा उल्लेखित अवधिभित्र गाउँपालिकामा प्रस्ताव पेश गर्नु पर्नेछ ।

१२. **प्रस्ताव छनौट गर्ने :** (१) दफा ११ को उपदफा (२) बमोजिम प्रस्ताव प्राप्त भएपछि गाउँपालिकाले तोकिएको मूल्याङ्कन समिति गठन गरी तोकिएको अवधिभित्र देहायका आधारमा प्रस्ताव छनौट गर्नेछ :

(क) तोकिएको समयमै निर्माण सम्पन्न गर्ने आधार सहितको प्राविधिक प्रस्ताव,

(ख) गाउँपालिकालाई बुझाउनु पर्ने रोयल्टी रकम भए प्रस्तावित रोयल्टी रकम,

(ग) परियोजना कार्यान्वयन गर्दा उपभोक्तासँग लिने प्रस्तावित महसुल लगायतका विषय उल्लेखित आर्थिक प्रस्ताव ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव छनौट सम्बन्धी आधारका अतिरिक्त वातावरण व्यवस्थापन तथा अन्य विवरणहरु समेत आवश्यकता अनुसार गाउँपालिकाले सूचनामा उल्लेख गरेको हुनुपर्नेछ ।

(३) प्रस्ताव छनौट गरेपछि गाउँपालिकाले त्यसको जानकारी तोकिएको अवधिभित्र प्रस्तावकलाई दिनु पर्नेछ ।

(४) यस दफा बमोजिमको प्रस्ताव छनौट सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१३. आव्हान नगरिएको प्रस्ताव :** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि प्रस्तावक स्वयंले सार्वजनिक निजी साझेदारीको माध्यमबाट परियोजना कार्यान्वयन गर्नको लागि गाउँपालिका समक्ष तोकिए बमोजिमको आधार, दस्तुर र ढाँचामा प्रस्ताव पेश गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रस्ताव पेश गर्दा देहायका विषयहरु उल्लेख गर्नुपर्ने छ :

(क) परियोजनाको विवरण,

(ख) प्रस्तावकको प्राविधिक तथा वित्तीय क्षमता सहितको विवरण (प्रोफाइल),

(ग) परियोजनाको प्रारम्भिक संभाव्यता अध्ययन प्रतिवेदन भए त्यस्तो प्रतिवेदन,

(घ) प्रस्तावित व्यवसायिक योजना,

(ङ) परियोजनामा प्रयोग हुने प्रविधि,

(च) परियोजनाबाट प्राप्त हुने संभावित लाभको विवरण ।

(३) उपदफा (१) बमोजिम प्राप्त प्रस्ताव दफा १२ को उपदफा १) बमोजिमको मूल्याङ्कन समितिको सिफारिसको आधारमा सो परियोजनाको अध्ययन तथा सर्वेक्षण अनमुति वा परियोजना विकास वा सञ्चालनको लागि तोकिएको प्रक्रिया पूरा गरी तोकिए बमोजिमको ढाचाँमा इजाजतपत्र प्रदान गर्न सकिने छ ।

(४) उपदफा (१) बमोजिम प्राप्त भएको परियोजना प्रस्तावलाई मूल्याङ्कन गर्दा सार्वजनिक निजी साझेदारीमा निर्माण हुने परियोजना प्रतिस्पर्धाको आधारमा अगाडि बढाउँदा लाभदायी हुने देखिएमा सोही प्रस्तावलाई 'स्वीस च्यालेन्जका आधारमा गाउँपालिकाले तोकेको प्रक्रिया बमोजिम प्रतिस्पर्धा गराउन सक्नेछ ।

**स्पष्टीकरण: स्वीस च्यालेन्ज** भन्नाले गाउँपालिकाले कुनै सेवा क्षेत्र वा सडक, सार्वजनिक परियोजनाका लागि आव्हान नगरिएको प्रस्ताव प्राप्त गरेको अवस्थामा उक्त प्रस्ताव भन्दा राम्रो प्रस्ताव प्राप्त हुनसक्ने अभिप्रायले उपयूक्त प्रस्ताव चयन गर्न प्राप्त

प्रस्तावलाई कुनै पनि विधि वा प्रक्रियाबाट तेस्रो पक्षलाई समेत आव्हान गरी वा सार्वजनिक गरी मूल्याङ्कन गरिने विधि सम्झनु पर्छ ।

(५) उपदफा (१) बमोजिमको प्रस्ताव उपर वार्ता गर्दा प्रस्तावक बाहेक अन्य कुनै प्रस्तावकको प्रस्ताव स्वीकृत भएमा स्वीकृत भएको प्रस्तावकर्तावाट उपदफा (१) बमोजिमको प्रस्तावकलाई तोकिए बमोजिमको परियोजना विकासको क्रममा भएको प्रारम्भिक खर्च र अध्ययन तथा विकासको क्रममा सम्बन्धित निकायको कुनै खर्च भएको अवस्थामा सो समेत सोधभर्ना तोकिए बमोजिम उपलब्ध गराउन सकिनेछ ।

**१४. वार्ताद्वारा परियोजना कार्यान्वयन गर्न सक्ने :** (१) यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि कम्तीमा दुईपटक आशयपत्र वा प्रस्ताव आह्वान गर्दा पनि छनौट हुन नसकेको अवस्थामा त्यस्तो परियोजना गाउँपालिकाले सोझै वार्ताद्वारा कार्यान्वयन गराउन सक्नेछ ।

(२) उपदफा (१) मा जनु सुकै कुरा लेखिएको भए तापनि देहायको कुनै कारणले कुनै परियोजना वार्ताद्वारा कार्यान्वयन गर्न मनासिव हुने देखिएमा त्यस्तो परियोजना गाउँपालिकाले तोकिए बमोजिमको प्रक्रिया पूरा गरी वार्ताद्वारा कार्यान्वयन गराउन सक्नेछः

(क) परियोजनाको प्रकृति वा लागतको कारण आर्थिक तथा प्राविधिक रुपमा प्रतिस्पर्धा हुन सक्ने सम्भावना नभएको परियोजना,

(ख) नयाँ अवधारणा वा प्रविधि समावेश भएको परियोजना, (ग) विशेष प्राथमिकताका आधारमा कार्यान्वयन गर्ने गरी छनौट गरिएको परियोजना,

(घ) **'स्वीस च्यालेन्ज'लाई** आधार मानी प्रतिस्पर्धा गराउँदा समेत असफल भएको परियोजना ।

(३) उपदफा (१) बमोजिमको कुनै परियोजना वार्ताद्वारा कार्यान्वयन गर्न चाहने प्रस्तावकले तोकिएका विषयहरु खुलाइ गाउँपालिका समक्ष प्रस्ताव पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको प्रस्तावलाई तोकिए बमोजिम विस्तृत मूल्याङ्कन गरी कार्यपालिकाले वार्ताद्वारा परियोजना कार्यान्वयन गर्न स्वीकृति दिन सक्नेछ ।

**१५. वार्ताद्वारा परियोजनाको विस्ततृ सम्भाव्यता अध्ययन गर्न सक्ने :** (१) यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि विस्तृत सम्भाव्यता अध्ययन नभएको कुनै परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्न चाहने व्यक्तिले सोको अनुमतिको लागि गाउँपालिका समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन उपर जाँचबुझ गर्दा विस्तृत सम्भाव्यता अध्ययन गर्ने अनुमति दिन मनासिब देखिएमा समितिले निवेदकसँग वार्ता गरी त्यस्तो परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्न गराउन अनुमति दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गर्दा/गराउँदा लागेको खर्च त्यस्तो विस्तृत सम्भाव्यता अध्ययन गर्ने/गराउने व्यक्ति स्वयंले व्यहोर्नु पर्नेछ ।

(४) यस दफा बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गरिएको कुनै परियोजनाको कार्यान्वयन गर्नको लागि प्रतिस्पर्धा गराइएको अवस्थामा उपदफा (२) बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गर्ने/गराउने व्यक्ति छनौट हुन नसकेमा निजले सो परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्दा/गराउँदा लागेको खर्च त्यस्तो परियोजनाको कार्यान्वयनको लागि छनौट भएको प्रस्ताव स्वीकृत हुने व्यक्तिले व्यहोर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम व्यहोरिने रकमको निर्धारण तोकिए बमोजिमको मूल्याङ्कनकर्ताबाट गराइनेछ ।

(६) यस दफा बमोजिम परियोजनाका सम्बन्धमा तयार पारिएको अध्ययन प्रतिवेदनका आधारमा त्यस्तो परियोजना यस ऐन बमोजिम कार्यान्वयन गरीनेछ ।

**१६. अनुमतिपत्र दिनुपर्ने :** (१) दफा १२, १३ र १४ बमोजिम प्रस्ताव छनौट वा स्वीकृति प्रदान गरेपछि समितिले प्रस्तावकलाई तोकिए बमोजिमको शर्तहरु तथा ढाँचामा समझदारी गरी परियोजनाको अध्ययन-अनुमति दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समझदारी गर्दा समयभित्र नै कार्य सम्पन्न गर्ने प्रयोजनका लागि तोकिए बमोजिमको परफर्मेन्स बण्ड लिनुपर्नेछ ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम समितिबाट परियोजना स्वीकृत भई उपदफा (१) बमोजिम अनुमतिपत्र वा इजाजतपत्र प्राप्त गरेको अवस्थामा प्रचलित कानूनको रीत पुऱ्याई जारी भएको मानिनेछ ।

## परिच्छेद-३

## सार्वजनिक निजी साझेदारी व्यवस्थापन समिति सम्बन्धी व्यवस्था

**१७. सार्वजनिक निजी साझेदारी व्यवस्थापन समितिको गठन:** (१) सार्वजनिक निजी साझेदारी तथा निजी लगानीसँग सम्बन्धित समग्र व्यवस्थापन गर्न एक अधिकार सम्पन्न सार्वजनिक निजी साझेदारी व्यवस्थापन समिति रहनेछ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) गाउँपालिकाका अध्यक्ष -अध्यक्ष

(ख) गाउँपालिकाका उपाध्यक्ष -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) सम्बन्धित वडाका वडा अध्यक्ष -सदस्य

(ङ) अध्यक्षले तोकेको निजी क्षेत्रको विज्ञ एक जना -सदस्य

(च) कार्यपालिका सदस्यहरु मध्ये एकजना महिलासहित अध्यक्षले तोकेको दुईजना -सदस्य

(छ) अध्यक्षले तोकेको विषय विज्ञ एकजना -सदस्य

(ज) एकाइ प्रमुख -सदस्य सचिव

(३) उपदफा (२) को खण्ड (च) बमोजिम सदस्य तोक्दा अध्यक्षले आफू सम्बद्ध राजनीतिक दल बाहेकको सदस्य समेतलाई तोक्नु पर्नेछ। तर कार्यपालिकामा अन्य राजनैतिक दलको प्रतिनिधित्व नभएको अवस्थामा यो उपदफाको व्यवस्था लागु हुनेछैन ।

(४) समितिले सम्बन्धित विषयमा अनुभव भएको तथा विशेषज्ञता हासिल गरेको कुनै व्यक्तिलाई समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

**१८. समितिको बैठक र निर्णय :** (१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछन्, अध्यक्षको अनुपस्थितिमा समितिको वैठकको अध्यक्षता अध्यक्षले तोकेको सदस्यले गर्नेछन् ।

(३) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षले निर्णायक मत दिनेछन् ।

(४) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) समितिको निर्णय अध्यक्षले प्रमाणीकरण गर्नेछन् र उक्त निर्णय- पुस्तिका सदस्य-सचिवको जिम्मामा रहनेछ ।

**१९. समितिको काम, कर्तब्य र अधिकार :** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) गाउँपालिका क्षेत्रभित्रका सम्भाव्य परियोजनाहरुको विवरण संकलन गरी त्यस्ता परियोजनाहरुको अध्ययन एवम् परियोजनाको सूची तयार गर्ने, गराउने

(ख) सार्वजनिक निजी साझेदारी वा निजी क्षेत्रबाट कायान्वियन हुने परियोजनाहरु मध्ये प्रतिस्पर्धात्मक वा विशेष प्राथमिकताका परियोजनाको छनौट गर्ने, गराउने

(ग) प्रतिस्पर्धात्मक रुपमा कार्यान्वयन गर्ने गरी छनौट गरिएका परियोजनाहरुको पारदर्शिता, स्वच्छता र प्रतिस्पर्धाको सुनिश्चितता हुने गरी प्राविधिक, वित्तीय

क्षमता तथा समयमै परियोजना सम्पन्न गर्ने आधार मूल्याङ्कन गरी त्यस्ता परियोजनाहरुको पूर्व-योग्यताको सूची तयार, प्रस्ताव आह्वान, प्रस्तावको मूल्याङ्कन, परियोजना स्वीकृति, लगानी स्वीकृति तथा अध्ययन अनुमति, इजाजत वा अन्य यस्तै प्रकारका स्वीकृति प्रदान गर्ने तथा आवश्यकता अनुसार त्यस्ता परियोजनाका प्रस्तावकसँग वार्ता गरी सम्झौता गर्ने, गराउने

(घ) विशेष प्राथमिकताका परियोजनाहरुको रुपमा कार्यान्वयन गर्ने गरी छनौट गरिएका परियोजनाहरुको वार्तामार्फत परियोजना विकास, निर्माण तथा सञ्चालन गर्ने गरी सम्झौता गर्ने/गराउने,

(ङ) आव्हान नगरिएका समितिमा सोझै प्राप्त हुन आएका प्रस्तावहरुको आवश्यकतानुसार अध्ययन/छलफल गरी उपयुक्त प्रस्तावलाई सर्वेक्षण अनुमतिपत्र दिने र त्यस्ता प्रस्तावमा उल्लेखित परियोजनाको लागि प्रचलित कानून बमोजिम आवश्यक पर्ने अनुमतिपत्र, इजाजतपत्र, लगानी स्वीकृति तथा सहमति प्रदान गर्ने वा प्रस्तावकसँग वार्ता गरी सम्झौता गर्ने/गराउने,

(च) स्वीकृत परियोजनाको अध्ययन गरी सम्झौता बमोजिम निर्माण, कार्यान्वयन वा सञ्चालन भए वा नभएको अनुगमन गर्ने, गराउने

(छ) पूर्वाधार निर्माण तथा परियोजना विकास लगायत लगानीका क्षेत्रमा सम्मिश्रित वित्त सम्बन्धी कार्य गर्ने,

(ज) आर्थिक वा गैरआर्थिक सुविधा उपलब्ध गराउनुपर्ने भएमा आवश्यक निर्णय प्रक्रियाका लागि कार्यपालिकामा पेश गर्ने,

(झ) स्वीकृत परियोजनाको वातावरणीय अध्ययनका लागि वन तथा वातावरण सम्बन्धी अनुमति लिनुपर्ने भएमा तोकिए बमोजिमको प्रकृया अनुरुप अनुमति दिन सम्बन्धित निकायमा सिफारिस गर्ने,

(ञ) परियोजना विकास, लगानी प्रबर्धन तथा परियोजना कार्यान्वयनका लागि नेपाल सरकार तथा प्रदेश सरकारका सम्बन्धित मन्त्रालय, अन्य स्थानीय सरकार एवं सरकारी तथा निजी क्षेत्र बीच समन्वय गर्ने,

(ट) स्वीकृत परियोजनाहरूको कार्यान्वयनका लागि शीघ्र निर्णय र समस्याको छिटोछरितो सेवा प्रदान गर्ने,

(ठ) संम्झौता बमोजिम वित्तीय व्यवस्थापन भईसकेपछि त्यस्तो सम्झौता बमोजिम परियोजना कार्यान्वयनको अनुगमन गर्ने, गराउने

(ड) लगानीकर्तालाई अनुमति वा इजाजत प्रदान गरेवापत वा परियोजना विकास गर्न पुऱ्याएको सेवा तथा सहजीकरण वापत तोकिएको शुल्क, दस्तुर संकलन गर्न आवश्यक समन्वय गर्ने,

(ढ) सार्वजनिक निजी साझेदारी तथा निजी लगानी प्रबर्धन सम्बन्धी तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने

**२०. निर्देशन दिन सक्ने :** समितिले परियोजनाको कार्यान्वयनको सम्बन्धमा सम्बन्धित लगानीकर्तालाई समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ ।

**२१. विशेषज्ञ कार्यदल :** (१) परियोजना लगानीको कुनै खास प्राविधिक पक्षको अध्ययन तथा विश्लेषण गरी सुझाव दिन समितिले कार्यादेश सहित कार्यावधि तोकी सम्बन्धित क्षेत्रका विशेषज्ञ रहेको एक विशेषज्ञ कार्यदल गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमाजिमका सदस्य तथा पदाधिकारीहरुको सुविधा समितिले तोके बमोजिम हुनेछ ।

## परिच्छेद-४

## सार्वजनिक निजी साझेदारी एकाइ सम्बन्धी व्यवस्था

**२२. सार्वजनिक निजी साझेदारी एकाइ गठन हुने :** (१) गाउँपालिकामा सार्वजनिक निजी साझेदारी अवधारणा अन्तर्गत कार्यान्वयन हुने परियोजनाहरुको सम्भाव्यता अध्ययन तथा विकासकर्ता छनौट गर्न, परियोजनाहरुको निर्माण, सञ्चालन तथा अन्य विषयहरुमा सहजीकरण गर्न अध्यक्ष मातहत रहने गरी प्रशासनिक एकाइको रुपमा एक सार्वजनिक निजी साझेदारी एकाइ रहनेछ ।

(२) यस ऐनमा लेखिएका कुराहरुको अतिरिक्त सार्वजनिक निजी साझेदारी एकाइको काम, कर्तव्य तथा अधिकारहरु देहाय बमोजिम हुनेछः-

(क) सार्वजनिक निजी साझेदारी सम्बन्धी नीतिगत विषयमा कार्यनीति, कार्यबिधि तथा निर्देशिका मस्यौदा गरी समिति समक्ष पेश गर्ने,

(ख) सार्वजनिक निजी साझेदारीमा परियोजना कायार्न्वयन गर्ने लगानीकर्तालाई आवश्यक राय, सुझाव वा परामर्श दिने तथा मार्गदर्शन गर्ने,

(ग) सार्वजनिक निजी साझेदारी सम्बन्धी आशयपत्र आह्वान, पूर्व-योग्यता तथा प्रस्ताव आह्वानपत्र तथा परियोजना सम्झौताको मस्यौदा तयार गर्ने, जारी गर्ने तथा लागू गर्ने,

(घ) सार्वजनिक निजी साझेदारीमा सञ्चालन हुने स्वीकृत परियोजनाको परियोजना बैंक तयार गरी अध्यावधिक गर्ने,

(ङ) सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन हुने परियोजनाको सम्भाव्यता अध्ययन, परियोजना तयारी विषयका विवरणको मूल्याङ्कन गरी राय प्रतिक्रिया दिने,

(च) सार्वजनिक निजी साझेदारीमा संचालित परियोजनाहरुको कार्यान्वयनको अवस्थाको अनुगमन तथा मूल्याङ्कन गरी आवश्यक राय, प्रतिक्रिया तथा सुझाव दिने,

(छ) सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन हुने परियोजनाहरुको साझेदार छनौट गर्ने प्रक्रिया तयार गरी समितिमा पेश गर्ने,

(ज) अन्तर्राष्ट्रिय सार्वजनिक निजी साझेदारीका असल अभ्यास तथा अनुभवहरुका सम्बन्धमा नियमित अनुसन्धान गर्ने तथा गाउँपालिकामा सार्वजनिक निजी साझेदारी ढाँचाको लागि उपयुक्त हुने विषयहरु अवलम्वन गर्ने,

(झ) सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन हुने आयोजनाको तयारी तथा कार्यान्वयनमा लगानीकर्तालाई आवश्यक सहयोग गर्ने,

(ञ) सार्वजनिक निजी साझेदारी लगानी सम्बन्धी विषयहरुमा क्षमता विकासको लागि आवश्यक तालिम, गोष्ठी, सम्मेलन आदिको आयोजना गर्ने,

(ट) सार्वजनिक निजी साझेदारी परियोजनासँग सम्बन्धित सूचनाहरु संकलन गरी अभिलेखीकरण गर्ने,

(ठ) समिति प्रति जवाफदेही भई कार्य गर्ने,

(ड) समितिले दिएको निर्देशन पालना गर्ने,

(ढ) मूल्याङ्कन समिति तथा कार्यदलहरुसँग समन्वय गरी कार्य गर्ने, सहजीकरण गर्ने,

(ण) सार्वजनिक निजी साझेदारी सम्बन्धी नीति, नियम, नमूना कागजातहरु, परियोजनाहरुको विवरण, सार्वजनिक निजी साझेदारी परियोजनाको वस्तुस्थिति तथा विवरण तथा सूचनाहरुको सम्प्रेषक भई कार्य गर्ने,

(त) समितिको सचिवालयको रुपमा कार्य गर्ने,

(थ) समितिले तोके बमोजिम अन्य कार्य गर्ने ।

(३) उपदफा (१) बमोजिमको एकाइमा आवश्यक कर्मचारी रहनेछन् ।

## परिच्छेद-५

## निजी लगानी सम्बन्धी व्यवस्था

२३. **निजी लगानी :** (१) एक करोड रुपैंया भन्दा बढी लागत अनुमान भएका परियोजनाहरुमा निजी क्षेत्रको लगानीबाट निर्माण, सञ्चालन र व्यवस्थापन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमका परियोजनाहरुको सर्वेक्षण, सहजीकरण तथा लगानीको स्वीकृति समितिबाट हुनेछ ।

(३) उपदफा (१) बमोजिम निजी लगानी सम्बन्धी परियोजनाहरुको लागि तोकिए बमोजिमका आधारमा प्रस्तावको मूल्याङ्कन गरी अनुमति वा इजाजत प्रदान गरिनेछ ।

**२४. परियोजना पहिचान :** (१) निजी लगानीमा कार्यान्वयन गर्न सकिने एक करोड रुपैंया भन्दा माथिका परियोजनाहरु आवश्यकता अनुसार बोर्ड, अन्य सम्वद्ध निकाय तथा निजीक्षेत्र समेतसँग समन्वय तथा सहकार्य गरी परियोजनाको सूची एकाइले तयार गरी समितिसमक्ष पेश गर्नेछ ।

(२) उपदफा (१) मा जुनसूकै कुरा लेखिएको भए तापनि सूचीमा नपरेका परियोजनासँग सम्बन्धित प्रस्ताव स्वीकृतिका लागि समिति समक्ष पेश गर्न कुनै बाधा पुगेको मानिने छैन ।

**२५. परियोजना स्वीकृत हुनुपर्ने :** दफा २४ बमोजिम एकाइले पहिचान गरी सिफारिस गरेको परियोजना कार्यान्वयनका लागि समितिबाट स्वीकृत हुनुपर्नेछ ।

**२६. समझदारी गरी इजाजतपत्र प्रदान गर्ने :** दफा २५ बमोजिम प्रस्ताव स्वीकृत भएमा कार्यान्वयनका लागि तोकिए बमोजिमको शर्त र ढाँचामा समझदारी गरी परियोजनाको अध्ययन अनुमतिपत्र प्रदान गरिनेछ ।

## परिच्छेद-६

## सम्झौता सम्बन्धी व्यवस्था

**२७. परियोजनाको विवरण पेश गर्नु पर्ने :** (१) दफा ३ बमोजिम सार्वजनिक निजी साझेदारीमा र दफा २२ बमोजिम निजी लगानीमा परियोजना कार्यन्वयन गर्न समझदारी गरेकोमा त्यस्तो समझदारीपत्रमा उल्लेखित समयावधि भित्र प्रस्तावकले परियोजना कार्यान्वयन गर्न तोकिए बमोजिमका विवरणहरु समिति समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र प्रस्तावकले त्यस्तो विवरण पेश गर्न नसकेमा त्यसको आधार र कारण खुलाइ थप अवधि माग गरी समिति समक्ष निवेदन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको निवेदन उपर जाँचबुँझ गर्दा प्रस्तुत आधार र कारण मनासिव देखिएमा समितिले त्यस्तो विवरण पेश गर्न एक पटकको लागि थप समय दिनसक्नेछ ।

२८. **सम्झौता गर्नु पर्ने :** (१) दफा १६ र दफा २५ बमोजिम भएको समझदारीपत्र तथा दफा २६ बमोजिम प्राप्त विवरणको आधारमा प्रस्तावकसँग सम्झौताका शर्त लगायतका विषयमा वार्ता गर्न समितिले एक वार्ता समिति गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित वार्ता समितिले प्रस्तावकसँग आवश्यकता अनुसार वार्ता गरी सम्झौतामा देहायका कुराहरु खुलाइ सम्झौताको अन्तिम मस्यौदा तयार गर्नेछ :

(क) परियोजनाको विवरण,

(ख) परियोजना सुरु र सम्पन्न गर्ने मिति,

(ग) परियोजनाको निर्माण वा सञ्चालन गर्दा अनुमतिपत्र प्राप्त व्यक्तिले पाउने सुविधा तथा सहुलियत,

(घ) परियोजनामा गरिने लगानी र सोको ग्यारेन्टी सम्बन्धी व्यवस्था,

(ङ) अनुमतिपत्रको अवधि,

(च) परियोजना कार्यान्वयनको चरणवद्ध विवरण र कार्यान्वयन तालिका,

(छ) परियोजनाको प्राविधिक गुणस्तर तथा मापदण्ड,

(ज) परियोजना सञ्चालन सम्बन्धी विवरण,

(झ) परियोजनाको सञ्चालन वा हस्तान्तरणको शर्त,

(ञ) परियोजना सञ्चालन गर्दा उपभोक्तासँग लिन पाउने महसुल सम्बन्धी व्यवस्था,

(ट) परियोजनाको बीमा सम्बन्धी व्यवस्था,

(ठ) परियोजनामा जडित मेशिन तथा परियोजना हस्तान्तरणका बखत हुनु पर्ने अवस्था र गुणस्तर,

(ड) गाउँपालिकालाई बुझाउनु पर्ने शुल्क तथा रोयल्टी र भुक्तानी विधि,

(ढ) परियोजना कार्यान्वयन गर्दा कुनै पक्षले सम्झौता बमोजिमको दायित्व पूरा नगरेको कारणबाट सम्झौता रद्द हुने अवस्था,

(ण) परियोजनामा गाउँपालिकाको कुनै लगानी हुने भए त्यस्तो लगानी र सो वापत गाउँपालिकाले प्राप्त गर्ने प्रतिफल,

(त) जग्गा प्राप्ति सम्बन्धी व्यवस्था,

(थ) थप परियोजना अध्ययन तथा सञ्चालन गर्न दिने भए सो सम्बन्धी व्यवस्था,

(द) सवलिज गर्न सक्ने भए सो सम्बन्धी शर्त तथा अन्य व्यवस्था,

(ध) परियोजना हस्तान्तरण गर्ने भएमा त्यस्तो निकाय,

(न) अन्य आवश्यक विषयहरु ।

(३) उपदफा (२) बमोजिम सम्झौताको लागि सहमति भएको दस्तावेजलाई समितिले स्वीकृति गरी प्रस्तावकसँग सम्झौता गर्ने/गराउनेछ ।

(४) उपदफा (१) बमोजिमको वार्ता समितिको कार्यबधि सो समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

२९. **सम्झौता कार्यान्वयन** : (१) दफा २७ बमोजिम सम्पन्न भएको सम्झौता कार्यान्वयनको लागि सम्बद्ध निकायबाट सम्झौताको शर्त बमोजिम प्राप्त गर्नुपर्ने इजाजत, स्वीकृति लगायतका सम्पूर्ण दायित्व लगानीकर्ताले बहन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सम्झौता कार्यान्वयन गर्दा सरोकारवाला सम्बद्ध निकायहरुसँग गाउँपालिकाले आवश्यकतानुसार समन्वय तथा सहजीकरण गर्नुपर्ने छ ।

(३) यस दफा बमोजिम सम्झौता कार्यान्वयन गर्ने सिलसिलामा प्रस्तावकले सम्झौताका शर्तहरुको अधीनमा रही कार्ययोजना निर्माण गरी परियोजना कार्यान्वयन गर्नुपर्नेछ ।

३०. **सम्झौता रद्द गर्न सक्ने** : (१) दफा २७ बमोजिम गरिएको सम्झौतामा उल्लेखित शर्तहरुको पालना नगरेको अवस्थामा वा तोकिएको समयमा कार्यसम्पादन नगरेमा लगानीकर्तालाई यस ऐन बमोजिम प्रदान गरिएको अनुमतिपत्र/इजाजतपत्र सहित समितिले सम्झौता रद्द गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र/इजाजतपत्र खारेज भएमा प्रस्तावकले सम्झौतामा उल्लखे भएको अवस्थामा बाहेक गाउँपालिकासँग कुनै किसिमको हानि नोक्सानी वापतको क्षतिपूर्ति दाबी गर्न पाउने छैन ।

(३) उपदफा (१) बमोजिम लगानीकर्तासँग भएको सम्झौता खारेज गर्दा सो सम्झौतामा उल्लेख गरिएका प्रक्रिया पूरा गर्नु पर्नेछ ।

## परिच्छेद-७

## सुविधा तथा प्रोत्साहन सम्बन्धी व्यवस्था

३१. **कानून बमोजिमको सुविधा पाउने** : यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त गरी भएको लगानीले यस ऐन बमोजिमको सुविधाको अतिरिक्त प्रचलित संघीय कानून, प्रदेश कानून र गाउँपालिकाको अन्य स्थानीय कानून बमोजिम उद्योग वा कम्पनीले पाउने सम्पूर्ण संरक्षण, सुविधा, सहुलियत तथा छुट समेत प्राप्त गर्नेछ ।

३२. **गाउँपालिकाले थप सुविधा उपलब्ध गराउन सक्ने** : (१) यस ऐनमा जुनसुकै कुरा लेखिएको भएतापनि प्रचलित कानून बमोजिम प्राप्त हुने सुविधाका अतिरिक्त

गाउँपालिकाले थप आर्थिक सुविधा दिन नेपाल सरकार, प्रदेश सरकार तथा अन्य स्थानीय सरकार समक्ष सिफारिस गर्न सक्नेछ ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम उपलब्ध भएको सुविधा तोकिएको अवधिसम्मको लागि उपयोग गर्न बाधा पर्ने छैन ।

(३) यस दफा बमोजिम अनुमतिप्राप्त व्यक्तिले यस ऐन बमोजिमप्राप्त सुविधाको दुरूपयोग गरेमा त्यस्तो सुविधा समितिले रद्द गरी त्यस्ता सुविधा बरावरको रकम र सोमा शतप्रतिशत जरिवाना असुल उपर गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम सुविधा रद्द गर्नु अघि सम्बन्धित अनुमतिपत्रवालालाई सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ ।

**३३. सम्भाव्यता न्यून-परिपूरक कोष (भायविलिटी ग्याप फण्डिङ्ग) को व्यवस्था :**

(१) गाउँपालिकाले दीर्घकालीन रुपमा सकारात्मक प्रतिफल दिने तथा पूर्वाधार संरचनाको दृष्टिकोणले महत्वपूर्ण देखिएको तर वित्तीय रुपमा तत्काल मनासिव प्रतिफल दिन नसक्ने परियोजनाको निर्माण, सञ्चालन तथा विस्तारको लागि एक संभाव्यता न्यून-परिपूरक (भायविलिटी ग्याप) कोष स्थापना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषबाट तोकिए बमोजिमको मापदण्डको आधारमा तोकिए बमोजिमको परियोजनाको लागि समितिको सिफारिस र बोर्डको सहमतिमा आवश्यक रकम पूँजीगत तथा सञ्चालन अनुदान वा ऋृण उपलब्ध गराउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको कोषमा गाउँ सभाले आवश्यक रकम विनियोजन गर्न सक्नेछ ।

(४) गाउँपालिकाको कार्यक्षेत्रभित्रको कुनै परियोजनामा संघीय ऐन बमोजिम स्थापना भएको सम्भाव्यता न्यून-परिपूरक कोष भायविलिटी ग्याप फण्डिङ्ग) बाट रकम प्रयोग गर्न आवश्यक भएमा समितिले निर्णय गरी बोर्डसमक्ष अनुरोध गर्नुपर्नेछ । बोर्डको सिफारिसमा नेपाल सरकार अर्थ मन्त्रालयबाट स्वीकृति भए बमोजिम कोषको रकम प्रयोग हुनेछ ।

(५) उपदफा (१) बमोजिमको कोष सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**३४. थप प्रोत्साहन सुविधा उपलब्ध गराउन सक्ने :** कुनै लगानीकर्ताले परियोजना विकास तथा सञ्चालन गर्दा सम्झौतामा उल्लेख भएको समयसीमा अगावै निर्माण कार्य सम्पन्न गरेमा वा परियोजनाको गुणस्तर उच्च भएमा वा अत्याधुनिक प्रविधिको

प्रयोग गरी गाउँपालिकालाई थप लाभ हुने देखिएमा त्यस्तो लगानीकर्तालाई गाउँपालिकाले तोकिए बमोजिम थप आर्थिक तथा गैर आथिर्क प्रोत्साहन प्रदान गर्न सक्नेछ ।

## परिच्छेद-८

## विविध

**३५. मूल्याङ्कन समिति गठन गर्नुपर्ने :** (१) सार्वजनिक निजी साझेदारी तथा निजी लगानी सम्बन्धी परियोजनाहरुमा पेश हुन आएका प्रस्तावहरुको मूल्याङ्कन गरी सिफारिस गर्न समितिले मूल्याङ्कन समिति गठन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने मूल्याङ्कन समितिमा गाउँपालिकाका अधिकृत स्तरका कर्मचारी, सार्वजनिक निजी साझेदारी विज्ञ वा परियोजना विज्ञ समते गरी पाँच जना रहनेछन् ।

(३) उपदफा (२) बमोजिमको मूल्याङ्कन समितिको सदस्य सचिव एकाइको प्रमुख हुनेछ ।

(४) समितिले तोकेको अधिकृतस्तरको प्रतिनिधि र गाउँपालिकाको सार्वजनिक खरिद शाखा वा यस सम्बद्ध प्रशासनिक शाखाका प्रमुख उपदफा (१) बमोजिमको मूल्याङ्कन समितिमा स्थायी आमन्त्रित सदस्य हुनेछ ।

(५) उपदफा (१) बमोजिमको मूल्याङ्कन समितिमा परियोजनासँग सम्बन्धित विषयविज्ञ समेतलाई बैठकमा आमन्त्रण गरी राय परामर्श सुझाव प्राप्त गर्न सकिनेछ ।

(६) मूल्याङ्कन सम्बन्धी अन्य कुरा प्रचलित कानून र मूल्याङ्कनका लागि तोकिएको आधार बमोजिम हुनेछ ।

**३६. सेवा सुविधाका शर्त तोक्न सक्ने :** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले उपभोक्तालाई सेवा सुविधा उपलब्ध गराउँदा यस ऐन, समितिले गरेका निर्णय, संघीय कानून , प्रदेश कानून तथा सम्झौताको अधीनमा रही आवश्यक शर्त तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएका शर्त विपरीत उपभोक्ताले सेवा सुविधा उपभोग गर्न पाउने छैन ।

**३७. रोयल्टी बुझाउनु पर्ने :** अनुमतिपत्र प्राप्त व्यक्तिले सम्झौता बमोजिमको रोयल्टी सम्झौतामा उल्लेखित शर्त अनुसार गाउँपालिकालाई बुझाउनु पर्नेछ ।

**३८. परियोजना हस्तान्तरण गर्नु पर्ने :** (१) सार्वजनिक निजी साझेदारीबाट कार्यान्वयन भएका परियोजना सम्झौतामा उल्लेख भए बमोजिम गाउँपालिकालाई हस्तान्तरण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परियोजना हस्तान्तरण हुँदा त्यस्तो परियोजनामा जडित मेसिन, उपकरण, संरचना तथा अन्य यस्तै प्रकारका वस्तु तथा प्रणालीहरु सम्झौतामा लेखिए बमोजिमको क्षमता, अवस्था र चालू हालतमा हुनु पर्नेछ ।

(३) परियोजना हस्तान्तरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**३९. गाउँपालिकाको स्वामित्व हुने :** यस ऐन बमोजिम हस्तान्तरण भएको परियोजना र त्यस्तो परियोजनामा जडित मेसिन, उपकरण, सफ्टवेयर र अन्य संरचना तथा परियोजनासँग सम्बन्धित भवन, घर जग्गा तथा अन्य यस्तै प्रकारका बस्तु तथा प्रणालीहरुको स्वामित्व गाउँपालिकाको हुनेछ ।

**४०. कारवाही गर्न सक्ने :** कुनै लगानीकर्ताले यस ऐनको व्यवस्थाको पालना नगरेमा समितिले तोकिएको प्रक्रिया पूरा गरी देहायको कुनै वा सबै कारवाही गर्न सक्नेछः

(क) निर्माण रोक्का गर्ने,

(ख) अनुमतिपत्र/इजाजत पत्र रद्द गर्ने,

(ग) अन्य यस्तै प्रकारका जुनसूकै कारवाही ।

**४१. गाउँपालिकाले कार्यान्वयन गर्न सक्ने :** प्रचलित संघीय कानून बमोजिम बोर्डबाट कार्यान्वयन गरिने कुनै परियोजना गाउँपालिकाबाट कार्यान्वयन गर्न उपयुक्त देखी बोर्डको स्वीकृति प्राप्त भएमा त्यस्तो परियोजना गाउँपालिकाले कार्यान्वयन गर्नसक्नेछ ।

**४२. स्वीकृतिका लागि बोर्डमा पठाउनु पर्ने :** छ अर्ब रुपैंया वा सो भन्दा बढी लागत अनुमान भएका परियोजनाको लगानी स्वीकृतिका लागि बोर्डमा पठाउनुपर्नेछ ।

**४३. समझदारी वा सम्झौताबाट कार्यान्वयन गर्न सकिने :** समितिले पहिचान गरी सूची स्वीकृत गरेको कुनै परियोजनामा आवश्यकतानुसार बोर्डसंग आपसी समझदारी वा सम्झौता गरी कार्यान्वयन गर्न सकिनेछ ।

**४४. विदेशी लगानी सम्बन्धमा :** गाउँपालिकाको कार्यक्षेत्रमा परेका परियोजनामा हुने विदेशी लगानी सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ ।

**४५. सम्बन्धित निकायसँग समन्वय गर्नुपर्ने :** गाउँपालिकाको कार्यक्षेत्रभित्र पर्ने सार्वजनिक निजी साझेदारी लगानी वा निजी लगानीबाट हुने परियोजनाको कार्यान्वयनका लागि समितिले आवश्यकतानुसार नेपाल सरकार, प्रदेश सरकार तथा अन्य स्थानीय सरकार अन्तर्गतका सम्बन्धित निकायहरुसँग समन्वय गर्नेछ ।

**४६. अन्तर-सरकारी साझेदारी कार्यक्रम :** सार्वजनिक निजी साझेदारी तथा निजी लगानीबाट कार्यान्वयन हुने परियोजनाहरुमा नेपाल सरकार, प्रदेश सरकार तथा

अन्य स्थानीय सरकारसँग आवश्यकता अनुसार साझेदारी गरी कार्यक्रम गर्न सकिनेछ ।

४७. **राय परामर्श लिन सकिने :** गाउँपालिकाका कार्यक्षेत्रभित्र पर्ने सार्वजनिक निजी साझेदारी वा निजी लगानीबाट हुने परियोजनाको कार्यान्वयनका लागि समितिले आवश्यकतानुसार बोर्ड, विषयविज्ञसँग सल्लाह, परामर्श लिन सक्नेछ ।

४८. **वार्षिक प्रतिवेदन :** (१) समितिको काम कारवाहीको वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिनाभित्र तयार गरी समिति मार्फत कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन सभाबाट पारित गरी सार्वजनिक गरिनेछ ।

(३) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराहरुको अतिरिक्त समितिले सो आर्थिक बर्षमा कार्यान्वयन गरेका परियोजना, परियोजना सञ्चालन गर्दा भएको खर्च र त्यसको उपलब्धि, स्वीकृत भएको लगानी रकम, परियोजना संख्या र सिकाई तथा भबिष्यमा गर्नुपर्ने सुधारका विषयहरु समेत समाबेश गर्नुपर्नेछ ।

४९. **अधिकार प्रत्यायोजन :** समितिले यस ऐन बमोजिम आफूलाई प्राप्त केही अधिकार कुनै जनप्रतिनिधि वा अधिकृत स्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

५०. **क्षतिपूर्ति दिनु पर्ने :** (१) परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा कुनै पक्षले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा सम्झौता विपरीत कुनै काम गरेबाट अर्को पक्षलाई हानि नोक्सानी पर्न गएमा त्यसरी पर्न गएको हानि नोक्सानी बापतको मनासिव रकम हानी नोक्सानी गर्ने पक्षले नोक्सानी पर्ने पक्षलाई क्षतिपूर्ति वापत बुझाउनु पर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि क्षतिको मूल्याङ्कन समितिले तोकेको मूल्याङ्कनकर्ताबाट गरिनेछ ।

(३) क्षतिको मूल्याङ्कन तथा क्षतिपूर्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५१. **अनुदान तथा ऋण सहायता स्वीकार गर्ने :** (१) समितिले निर्धारण गरेका परियोजना विकास तथा कार्यान्वयनका लागि अर्थ मन्त्रालयको सहमति तथा समन्वयमा अनुदान तथा तोकिए बमोजिम ऋण सहायता स्वीकार गर्न सक्नेछ ।

५२. **स्थानीय स्रोत, साधन र जनशक्तिको उपयोग गर्नु पर्ने :** अनुमतिपत्र प्राप्त व्यक्तिले परियोजना कार्यान्वयनको सिलसिलामा स्थानीय स्रोत, साधन, जनशक्ति र मुलुकभित्र उत्पादन हुने वस्तु तथा सेवा उपयोगलाई प्राथमिकता दिनु पर्नेछ ।

**५३. कानूनी विवाद समाधान** : (१) विदेशी लगानीका सम्बन्धमा स्वदेशी र विदेशी लगानीकर्ता तथा गाउँपालिका र विदेशी लगानीकर्ताबीच कुनै विवाद उत्पन्न भएमा त्यस्ता लगानीकर्ताले आपसी छलफल वा वार्ताबाट त्यस्तो विवादको समाधान गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम विवाद उत्पन्न भएको पैतिस दिनभित्र त्यस्तो विवादको समाधान हुन नसकेमा त्यस्तो विवाद बोर्डको रोहवरमा सम्बन्धित पक्षहरुले आपसी वार्ताद्वारा समाधान गर्नुपर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिमको प्रक्रियाबाट विवादको समाधान हुन नसकेमा र त्यस्तो विवादको समाधान गर्न विवादका पक्षहरुबिच संयुक्त लगानी वा विवाद समाधान सम्बन्धी सम्झौता भएकोमा त्यस्तो सम्झौता बमोजिम विवादको समाधान गरिनेछ ।

(४) उपदफा (३) बमोजिम विवाद समाधान भएको कुराको जानकारी पक्षहरुले त्यस्तो विवाद समाधान भएको पन्ध्र दिनभित्र बोर्डलाई दिनुपर्नेछ । तर के कुन शर्तहरु त्यस्तो सहमति भएको हो भन्ने कुराको जानकारी दिन पक्षहरु बाध्य हुने छैनन् ।

(५) विवाद समाधान सम्बन्धी अन्य व्यवस्था संघीय कानून बमोजिम हुनेछ ।

**५४. बाधा अड्काउ फुकाउने :** यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ देखा परेमा कार्यपालिकाले आदेश जारी गरी त्यस्तो बाधा अड्चन फुकाउन सक्नेछ ।

**५५. यस ऐन बमोजिम हुने :** यस ऐनमा लेखिएको कुरामा यस ऐन बमोजिम र अन्य कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

**५६. नियम, कार्यविधि तथा निर्देशिका बनाउन सक्ने :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यक नियम, कार्यविधि तथा निर्देशिका बनाउन सक्नेछ ।

# वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७

गाउँसभाबाट पारित मिति : २०७७।११।२९

प्रकाशित मिति : २०७७।१२।०२

**प्रस्तावना :** स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने नागरिकको मौलिक अधिकारको संरक्षण गर्न, प्राकृतिक स्रोतको समुचित उपयोग एवं दीगो व्यवस्थापन गर्न, वातावरण र विकास बीच सन्तुलन कायम गर्न तथा प्राकृतिक स्रोत, वातावरण र जैविक विविधताको संरक्षण गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा २२१ बमोजिम अनुसूची ८ र अनुसूची ९ मा उल्लेखित वातावरण, प्राकृतिक स्रोत र जैविक विविधता सम्बन्धी स्थानीय तहको अधिकार कार्यान्वयनका लागि कानूनी व्यवस्था गर्न, आठौं गाउँसभाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) को व्यवस्था अनुसार यो ऐन बनाएको छ।

## परिच्छेद- १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम फेदीखोला गाउँपालिकाको "वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७" रहेको छ।

(२) यो ऐन फेदीखोला गाउँपालिकाको स्थानीय राजपत्रमा सूचना प्रकाशित गरेको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अनुकुलन" भन्नाले जलवायू परिवर्तनको असर र सम्भाव्य जोखिमको आँकलन गरी परिवर्तित जलवायू सुहाउँदो अनुकुल हुने गरी रुपान्तरण गर्ने तथा थप हानी नोक्सानी रोकथाम वा न्यूनीकरण गर्ने कार्य सम्झनु पर्छ।

(ख) "उत्सर्जन" भन्नाले कुनै निश्चित क्षेत्रबाट निश्चित समय अवधिमा वातावरणमा हरितगृह ग्याँस वा अन्य कुनै ग्याँस वा धुवाँ निष्कासन गर्ने कार्य सम्झनु पर्छ।

(ग) "कार्यपालिका" भन्नाले फेदीखोला गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ।

(घ) "खुल्ला क्षेत्र" भन्नाले मानिसहरु जमघट हुन सक्ने, विभिन्न कार्यक्रम र पर्व मनाउन सक्ने, सार्वजनिक हित तथा विपद् व्यवस्थापनमा समेत सहयोग पुग्ने गरी सुरक्षित गरिएको खुल्ला स्थल सम्झनु पर्छ।

(ङ) "जलवायू परिवर्तन" भन्नाले लामो समयको अन्तरालमा प्राकृतिक रुपमा हुने जलवायूको उतारचढावका अलावा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा मानवीय क्रियाकलापले वायुमण्डलको बनोटमा हुने फेरवदलका कारण पृथ्वीको जलवायूमा क्रमश: देखा पर्ने परिवर्तन सम्झनु पर्छ।

(च) "जोखिमपूर्ण फोहोर" भन्नाले प्राकृतिक वातावरणमा ह्रास ल्याउने र मानव तथा अन्य प्राणीको स्वास्थ्यमा हानि नोक्सानी पुर्‍याउने विभिन्न रुपमा निष्काशित वस्तु, पदार्थ तथा रेडियो विकिरणलाई सम्झनु पर्छ।

(छ) "जैविक विविधता" भन्नाले पारिस्थितिकीय प्रणाली (इको सिस्टम) को विविधता, प्रजातिय विविधता (स्पेसिज डाइभरसिटी) तथा वंशाणुगत विविधता (जेनेटिक डाइभरसिटी) सम्झनु पर्छ।

(ज) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(झ) "निष्काशन" भन्नाले ध्वनि, ताप वा फोहोरमैला फाल्ने, थुपार्ने, वा निष्काशन गर्ने कार्य सम्झनु पर्छ ।

(ञ) "परिषद" भन्नाले दफा ४८ बमोजिमको स्थानीय वातावरण तथा प्राकृतिक स्रोत संरक्षण परिषद सम्झनु पर्छ ।

(ट) "प्रदूषण" भन्नाले फोहोरमैला, रसायन, ध्वनि वा विद्युतीय, विद्युतीय-चुम्बकीय तरंगका कारण वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले परिवर्तन गरी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुऱ्याउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानी नोक्सानी पुऱ्याउने क्रियाकलाप सम्झनु पर्छ ।

(ठ) "प्रस्ताव" भन्नाले विद्यमान वातावरणीय अवस्थामा परिवर्तन ल्याउन सक्ने किसिमको स्थानीय सरकार वा स्थानीय कानून बमोजिम संचालन गरिने वा अनुमति प्राप्त विकास कार्य, भौतिक क्रियाकलाप वा भू-उपयोगको परिवर्तन गर्ने कुनै योजना, आयोजना वा कार्यक्रम संचालन गर्ने सम्बन्धमा तयार गरिएको प्रस्ताव सम्झनु पर्छ ।

(ड) "प्रस्तावक" भन्नाले प्रस्तावको स्वीकृतिको लागि निवेदन दिने र त्यस्तो प्रस्ताव कार्यान्वयन गर्न स्वीकृति प्राप्त व्यक्ति, सरकारी, अर्ध सरकारी वा गैर सरकारी निकाय वा संस्था सम्झनु पर्छ ।

(ढ) "फोहोरमैला" भन्नाले घरेलु फोहोरमैला, औद्योगिक फोहोरमैला, रासायनिक फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोहोरमैला वा हानिकारक फोहोरमैला सम्झनु पर्छ र सो शब्दले तत्काल प्रयोग हुन नसक्ने अवस्थामा रहेको, फालिएको वा सडेगलेको वातावरणमा ह्रास आउने गरी निष्काशन गरिएको तरल, ठोस, ग्यास, लेदो, धुवाँ, धुलो, विद्युतीय तथा सूचना प्रविधिका लागि प्रयोग भएका लगायतका पदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तुहरु वा अनाधिकृत रुपमा सार्वजनिक स्थलमा टाँसिएको पोष्टर, पम्प्लेट तथा कार्यपालिकाले समय समयमा सूचना प्रकाशन गरी फोहोरमैला भनी तोकिदिएका अन्य वस्तु समेतलाई सम्झनु पर्छ ।

(ण) "वन" भन्नाले पूर्ण वा आंशिक रुपमा रुख वा बुट्यानले ढाकिएको क्षेत्र सम्झनु पर्छ।

(त) "वन पैदावार" भन्नाले वनमा रहेका वा पाइएका वा वनबाट ल्याइएका देहायका पैदावार सम्झनु पर्छ:-

(१) काठ, दाउरा, गोल, खैरकच, खोटो, काठको तेल, बोक्रा, घाँस, लाहा, पिपला-पिपली

(२) रुख, विरुवा, पात, डाँठ, फल, बीज, फूल, भुवा, जरा, गानो, बोक्रा, गमरजीन, लोहवान, जङ्गली जडीबुटी एवं गैरकाष्ठ वन

पैदावार, जङ्गली मह, वनस्पति तथा तिनको विभिन्न भाग वा सूक्ष्म अङ्ग,

(३) चट्टान, माटो, चुन ढुङ्गा, ढुङ्गा, गिट्टी, बालुवा वा अन्य खनिजजन्य पदार्थ वा

(४) वन्यजन्तु, पशुपंक्षी वा वन्यजन्तुको ओखेटोपहार।

(थ) "वातावरण" भन्नाले प्राकृतिक, सांस्कृतिक र सामाजिक प्रणालीहरु, आर्थिक तथा मानवीय क्रियाकलापहरु र यिनको अवयवहरु तथा ती अवयवहरुको बिचको अन्तरक्रिया तथा अन्तर सम्बन्ध सम्झनु पर्छ।

(द) "वातावरणीय अध्ययन" भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा त्यसबाट वातावरणमा पर्ने प्रतिकूल प्रभाव निराकरण वा न्यूनीकरण गर्नको लागि अवलम्वन गरिने उपायका सम्बन्धमा गरिने संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण सम्झनु पर्छ।

(ध) "सम्पदा" भन्नाले गाँउपालिका क्षेत्र भित्र रहेका प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक, वैज्ञानिक, आध्यात्मिक, सौन्दर्यपरक वा सामाजिक दृष्टिबाट महत्वपूर्ण मानिने कुनै पनि वस्तु, भौतिक संरचना स्थान, वनस्पति तथा जीव जन्तु सम्झनु पर्छ।

(न) "सिमसार" भन्नाले भूमिगत जलस्रोत वा वर्षातका कारण पानीको परिणाम रहने वा प्राकृतिक वा मानव निर्मित, स्थायी वा अस्थायी जमेका वा वगेका, स्वच्छ वा नुनिलो पानी भएको धापिलो जमिन (Swamp), दलदले जमिन (Marsh), नदीबाट प्रभावित जमिन (Riverine Flood plain), ताल (Lake) पोखरी (Pond) जलभण्डार क्षेत्र (Water Storage Areas) र यहि प्रकृतिका कृषि जमिन (Agriculture Land) समेतलाई सम्झनु पर्छ।

(प) "संरक्षण" भन्नाले वातावरण, जैविक विविधता तथा सम्पदाको सुरक्षा, स्याहार, सम्भार, सम्वर्द्धन, व्यवस्थापन तथा सदुपयोग सम्झनु पर्छ।

## परिच्छेद - २

## वातावरण संरक्षण

३. **वातावरण संरक्षण गर्नुपर्ने :** (१) आफ्नो क्षेत्राधिकार क्षेत्र भित्र वातावरण संरक्षण गर्ने प्रमुख जिम्मेवारी गाउँपालिकाको हुनेछ।

(२) वातावरण संरक्षण, प्रवर्द्धन र वातावरणमैत्री समाज निर्माणमा योगदान गर्नु नागरिकको कर्तव्य हुनेछ।

४. **वातावरण संरक्षण विशेष क्षेत्र निर्धारण गर्न सक्ने :** (१) प्रचलित भू-उपयोग नीति समेतलाई मध्यनजर गरी गाउँपालिकाभित्र वातावरणका दृष्टिले संरक्षण आवश्यक रहेको क्षेत्र पहिचान गरी त्यस्तो क्षेत्रलाई कार्यपालिकाबाट निर्णय गरी वातावरण संरक्षण विशेष क्षेत्र निर्धारण गर्न सक्नेछ ।

(२) कुनै सडक, भवन, नदी व्यवस्थापन वा अन्य कुनै भौतिक पूर्वाधार निर्माण गर्दा निर्माण कार्यको प्रारम्भिक अध्ययन प्रक्रिया शुरु हुनु अगाडि नै संघ र प्रदेशका सम्बन्धित निकायसँग समन्वय गरी कार्यपालिकाले कुनै क्षेत्र विशेषलाई वातावरण संरक्षण गर्ने उद्देश्यले खुल्ला वा हरियाली क्षेत्रको रुपमा तोक्न सक्नेछ ।

(३) कुनै क्षेत्र वा स्थान विशेषमा अत्याधिक वातावरणीय प्रदूषण, भूःस्खलन, प्राकृतिक सम्पदाको अत्याधिक दोहन वा प्राकृतिक विपत्ति हुन गई जनस्वास्थ्य वा वातावरणमा नकारात्मक प्रभाव परेको वा पर्ने सम्भावना देखिएको अवस्थामा कार्यपालिकाले प्रदेश सरकार र संघीय सरकारसँग समन्वय गरी त्यस्तो क्षेत्र वा स्थानलाई वातावरणीय दृष्टिले संवेदनशील क्षेत्र तोक्न सक्नेछ ।

(४) उपदफा (१),(२) र (३) बमोजिमको वातावरण संरक्षण विशेष क्षेत्र, खुल्ला वा हरियाली क्षेत्र र संवेदनशील क्षेत्रको व्यवस्थापन तोकिए बमोजिम कार्यपालिकाबाट हुनेछ ।

(५) उपदफा (४) बमोजिम व्यवस्थापन गर्दा कार्यपालिकाले आवश्यकता अनुसार संघ र प्रदेशसँग समन्वय गर्नेछ ।

५. **सम्पदाको संरक्षण गर्नुपर्ने** : (१) गाउँपालिका/नगरपालिका क्षेत्रभित्र रहेका सम्पदाको संरक्षण गर्नु गाउँपालिका/नगरपालिका, नागरिक र सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

(२) सम्पदाको संरक्षणका लागि कार्यपालिकाले सरकारी तथा समुदायसँग समन्वय तथा साझेदारी गर्न सक्नेछ ।

६. **वातावरणीय अध्ययन गर्नुपर्ने** : (१) प्रचलित कानून तथा मापदण्ड बमोजिम प्रस्तावकले प्रस्तावको वातावरणीय अध्ययन गर्नु पर्नेछ ।

(२) प्रस्तावकले स्थानीय तहको अधिकारक्षेत्र भित्र पर्ने विषयसँग सम्बन्धित विकास निर्माण सम्बन्धी कार्य वा आयोजना सम्बन्धी प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय प्रतिवेदन स्वीकृतिको लागि कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(३) प्रस्तावकले उपदफा (२) बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन पेश गर्दा त्यस्तो प्रस्ताव कार्यान्वयन गर्ने क्रममा वातावरणमा पर्नसक्ने प्रतिकूल प्रभाव र त्यसको न्यूनीकरणको लागि अपनाउन सकिने विभिन्न विकल्पहरूको विस्तृत विष्लेषण गरी त्यस्ता विकल्प मध्ये प्रस्ताव कार्यान्वयन गर्न उपयुक्त हुने विकल्प र सो विकल्प कार्यान्वयन गर्न सकिने आधार र कारण सहित सिफारिस गर्नुपर्नेछ ।

(४) उपदफा (२) बमोजिमको संक्षिप्त वातावरणीय प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण स्वीकृति सम्बन्धी प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

(५) उपदफा (२) बमोजिम प्राप्त वातावरणीय अध्ययन प्रतिवेदन जाँचबुझ गर्दा त्यस्तो प्रस्ताव कार्यान्वयनबाट वातावरणमा प्रतिकूल प्रभाव पार्ने नदेखिएमा कार्यपालिकाले आवश्यकता अनुसार प्रस्तावकले पालना गर्नुपर्ने शर्त तोकि त्यस्तो वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्नेछ ।

(६) कार्यपालिकाले उपदफा (२) बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन जाँचबुझ गर्दा त्यस्तो प्रस्तावको थप वातावरणीय अध्ययन गर्नपर्ने देखिएमा वातावरणीय मूल्याङ्कन गर्न गराउन आदेश दिन सक्नेछ ।

(७) उपदफा (५) बमोजिम दिइएको आदेश बमोजिम प्रस्तावकले थप अध्ययन गरि सोको प्रतिवेदन प्रदेश कानूनले तोकेको निकाय समक्ष पेश गर्नु पर्नेछ ।

(८) यस ऐन वमोजिम कुनै प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नुपूर्व सम्बन्धित निकायबाट कार्यसूची स्वीकृत गर्नुपर्नेछ ।

(९) वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

(१०) यस दफामा जुनसुकै कुरा लेखिएको भएता पनि प्रस्तावक गाउँपालिका आफैं संलग्न भएको अवस्थामा त्यस्तो वातावरणीय अध्ययन प्रतिवेदन प्रदेश कानून बमोजिम स्वीकृत हुनेछ ।

७. **मापदण्ड र गुणस्तर कायम गर्नुपर्ने :** (१) प्रस्तावकले यस ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा नेपाल सरकारले निर्धारण गरेको मापदण्ड एवं गुणस्तर कायम हुनेगरी तोकिए बमोजिमको ढाँचामा तयार गर्नुपर्नेछ ।

८. **वातावरणीय व्यवस्थापन योजना तयार गर्नुपर्ने :** (१) प्रस्तावकले प्रस्ताव कार्यान्वयन गर्नु अगाडि तोकिए बमोजिम वातावरणीय व्यवस्थापन योजना तयार गर्नुपर्नेछ।

(२) प्रस्तावकले उपदफा (१) बमोजिम वातावरणीय व्यवस्थापन योजना तयार गर्दा वातावरणीय प्रतिकूल प्रभाव न्यूनीकरणका उपायहरू मध्ये कुन कुन उपायहरू आयोजना निर्माणको क्रममा र कुन कुन उपायहरू आयोजना सम्पन्न भएपछि वा आयोजना कार्यान्वयनको क्रममा अवलम्बन गर्ने हो सो को समेत उल्लेख गर्नुपर्नेछ ।

(३) प्रस्तावकले उपदफा (१) बमोजिम तयार गरेको वातावरणीय व्यवस्थापन योजना कार्यान्वयनका लागि स्पष्ट कार्ययोजना वनाई सो बमोजिम कार्यान्वयन गर्नुपर्नेछ र सो को प्रगति विवरण आयोजना कार्यान्वयन शुरू भएपछि प्रत्येक छ महिनामा कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।

९. **प्रस्ताव स्वीकृत नगराई कार्यान्वयन गर्न नहुने** : यो ऐन प्रारम्भ भएपछि कसैले पनि कार्यपालिकाले तोके बमोजिम प्रस्ताव स्वीकृत नगराई कार्यान्वयन गर्न गराउनु हुँदैन ।

१०. **प्रस्ताव सम्बन्धी अन्य व्यवस्था** : (१) वातावरणीय प्रभाव मूल्यांकन हुने प्रस्तावहरु सम्बन्धी कार्यविधि प्रचलित संघीय तथा प्रादेशिक कानून बमोजिम हुनेछ ।

(२) संघीय तथा प्रादेशिक कानून बमोजिम वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धमा सम्बन्धित संघीय तथा प्रादेशिक निकायसँग समन्वय गर्ने जिम्मेवारी गाउँपालिकाको पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा को हुनेछ ।

११. **रोक लगाउन सक्ने :** (१) कसैले पनि यस ऐन र प्रचलित कानूनले तोके बमोजिमको निकायबाट स्वीकृति नलिई वा स्वीकृति भए भन्दा विपरीत हुने गरी कार्यान्वयन गरेमा कार्यपालिकाले त्यस्तो प्रस्ताव कार्यान्वयनमा रोक लगाउन वा रोक लगाउनको लागि प्रदेश सरकार तथा संघीय मन्त्रालय वा स्वीकृत गर्ने निकायमा सिफारिस गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै प्रस्ताव कार्यान्वयन गर्न रोक लगाइएकोमा त्यसरी रोक लगाइएको कारणबाट क्षति पुग्न गएमा प्रस्तावकले सो वापत कुनै किसिमको क्षतिपुर्तिको लागि दाबी गर्न पाउने छैन।

१२. **अनुकूलन योजना बनाउन सक्ने :** (१) जलवायु परिवर्तनको प्रतिकूल असर न्यूनीकरण र सम्भावित जोखिमबाट बच्नका लागि कार्यपालिकाले अनुकूलन योजना बनाई कार्यान्वयन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको अनुकुलन योजना बनाउँदा जलवायू परिवर्तनको असरबाट वढी जोखिममा पर्ने महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठ नागरिक र आर्थिक रुपमा विपन्न समुदायलाई विशेष प्राथमिकता दिनुपर्नेछ।

(३) कार्यपालिकाले विकास आयोजना तर्जुमा गर्दा जलवायू परिवर्तनको प्रतिकूल असर तथा जोखिमको व्यवस्थापन गर्ने प्रयोजनको लागि नेपाल सरकारले निर्धारण गरेको मापदण्ड बमोजिम प्राथमिकीकरण गर्नुपर्नेछ।

१३. **हरितगृह ग्याँस उत्सर्जन न्यूनीकरण कार्यहरू गर्न सक्ने :** (१) गाउँपालिकाले हरितगृह ग्याँस उत्सर्जन न्यूनीकरण गर्न आवश्यक कार्यक्रम संचालन गर्न सक्नेछ।

(२) न्यूनीकरण सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

१४. **प्रदूषण रोकथाम तथा नियन्त्रण गर्ने :** (१) कसैले पनि प्रचलित मापदण्ड विपरीत वा जनजीवन, जन-स्वास्थ र वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने गरी प्रदूषण सृजना गर्न वा गराउन हुँदैन।

(२) तोकिएको मापदण्ड विपरीत कुनै यान्त्रिक साधन, औद्योगिक प्रतिष्ठान, होटल रेष्टुरेण्ट वा अन्य ठाउँ वा मालसामान वा वस्तुबाट ध्वनि, ताप, रेडियोधर्मी विकिरण, तरङ्ग वा फोहोरमैला वा दुषित पानी निष्काशन गर्न गराउन हुँदैन।

(३) उपदफा (१) विपरीत कसैले कुनै कार्य गरी वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पारेको देखिएमा गाउँपालिकाले तत् सम्बन्धमा आवश्यक शर्तहरु तोक्न वा त्यस्तो कार्य गर्न नपाउने गरी रोक लगाउन सक्नेछ।

(४) कुनै किसिमको पदार्थ, इन्धन, औजार वा संयन्त्रको प्रयोगबाट वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव परेको वा पर्ने देखिएमा प्रदेश र संघीय सरकारलाई सो को जानकारी गराई गाउँपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो पदार्थ, इन्धन, औजार वा संयन्त्रको प्रयोग, उत्पादन, विक्रि वितरण, भण्डारणमा बन्देज लगाउन सक्नेछ र आवश्यक कारवाहीका लागि सिफारिस गर्नेछ।

(५) प्रदूषणको रोकथाम तथा नियन्त्रण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१५. **प्रयोगशाला स्थापना गर्न सक्ने :** (१) वातावरण संरक्षण तथा प्रदूषण नियन्त्रण सम्बन्धी कार्यमा सहयोग पुऱ्याउन गाउँपालिकाले संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरी आवश्यकता अनुसार विभिन्न प्रयोगशालाहरु स्थापना गर्न वा संघ र प्रदेशले स्थापना गरेका वा नेपाल सरकारले मान्यता दिएको कुनै प्रयोगशालालाई सो कामको लागि तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापना गरिएका वा तोकिएका प्रयोगशालाको अन्य काम, कर्तब्य र अधिकार तोकिए बमोजिम हुनेछ।

१६. **नमुना संकलन गर्न दिनुपर्ने :** कुनै पनि उद्योग, कारखाना, यन्त्र, सवारी साधन आदिबाट सृजना वा निष्काशन हुने वा हुन सक्ने प्रदूषण, ध्वनि, ताप तथा फोहोरमैलाको अध्ययन, परीक्षण वा विश्लेषण गर्नका लागि सम्बन्धित व्यक्ति वा संस्थाले गाउँपालिकाबाट अधिकार प्राप्त व्यक्ति वा संस्थालाई आवश्यकता अनुसार त्यस्ता वस्तु वा पदार्थको नमूना संकलन गर्न दिनु पर्नेछ।

१७. **वातावरण निरीक्षकको नियुक्ति गर्न सक्ने** : गाउँपालिकाभित्र प्रदूषण कम गर्ने, हटाउने वा नियन्त्रण गर्ने तथा स्वीकृत वातावरणीय प्रतिवेदन अनुसार गर्नुपर्ने कामहरू प्रभावकारी रुपले गर्न गराउन, वातावरण संरक्षण सम्बन्धी प्रचलित मापदण्डको पालना भए नभएको सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्न कार्यपालिकाले नेपाल सरकारबाट मान्यताप्राप्त शैक्षिक संस्थाबाट वातावरण वा सोसँग सम्बन्धित विषयमा कम्तिमा स्नातक हासिल गरेको व्यक्तिलाई प्रचलित कानून बमोजिम निर्धारित मापदण्ड र प्रक्रिया पुरा गरी वातावरण निरीक्षक नियुक्त गर्न सक्नेछ।

१८. **वातावरण निरीक्षकको काम, कर्तव्य र अधिकार:** (१) वातावरण निरीक्षकको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम तथा प्रचलित संघीय र प्रदेश कानून तथा मापदण्ड बमोजिम प्रदूषण कम गर्ने, हटाउने वा नियन्त्रण गर्ने कार्य भए नभएको निरीक्षण गर्ने,

(ख) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम तथा प्रचलित कानून र मापदण्ड विपरीत कुनै ठाउँबाट प्रदूषण निष्काशन सम्बन्धी नकारात्मक कार्य गरे नगरेको सम्बन्धमा निरीक्षण गर्ने,

(ग) स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा तोकिएका सर्त बमोजिम काम भए नभएको सम्बन्धमा स्थलगत जाँचबुझ तथा निरीक्षण गर्ने,

(घ) खण्ड (क), (ख) र (ग) बमोजिम गरिएको जाँचबुझ तथा निरीक्षण प्रतिवेदन तोकिएको अधिकारी समक्ष पेश गर्ने,

(ङ) तोकिए बमोजिमका अन्य कार्य गर्ने,

(२) उपदफा (१) को खण्ड (क), (ख) र (ग) बमोजिम निरीक्षण गर्ने सिलसिलामा वातावरण निरीक्षकले सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकलाई पूर्व सूचना दिई कुनै घर, जग्गा, भवन, कारखाना, उद्योग, सवारी साधन, औद्योगिक संयन्त्र, औजार, मेशिनरी, जीव, वस्तु, अभिलेख, कागजात वा अन्य मालसामान वा वस्तुहरुको निरीक्षण, परीक्षण वा जाँचबुझ गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम निरीक्षणको सिलसिलामा वातावरण निरीक्षकले माग गरेको विवरण वा जानकारी उपलब्ध गराई आवश्यक सहयोग गर्नु सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकको कर्तव्य हुनेछ।

(४) वातावरण निरीक्षकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-३

## फोहोरमैला व्यवस्थापन सम्बन्धी व्यवस्था

१९. **फोहोरमैलाको प्रबन्ध गर्ने दायित्व :** (१) फोहोरमैलाको व्यवस्थापन गर्न स्थानान्तरण केन्द्र (ट्रान्सफर स्टेशन), ल्याण्डफिल साइट, प्रशोधन प्लाण्ट, बायो ग्यास प्लाण्ट लगायत फोहोरमैलाको संकलन, अन्तिम बिसर्जन तथा प्रशोधनका लागि आवश्यक पर्ने पूर्वाधार तथा संरचनाको निर्माण तथा संचालन गर्ने जिम्मेवारी कार्यपालिकाको हुनेछ।

(२) फोहोरमैला संकलन केन्द्र, स्थानान्तरण केन्द्र वा प्रशोधन स्थलमा फालिएको वा राखिएको फोहोरमैला वा सरसफाईको सिलसिलामा जम्मा भएको फोहोरमैला प्रबन्ध गर्ने वा कुनै पनि किसिमबाट प्रयोग गर्ने जिम्मेवारी कार्यपालिकाको हुनेछ।

(३) यस दफाको प्रयोजनको लागि फोहोरमैला संकलन केन्द्र, स्थानान्तरण केन्द्र वा प्रशोधन स्थलमा फालिएको वा राखिएको फोहोरमैला वा सरसफाईको सिलसिलामा जम्मा भएको कुनै पनि पदार्थ फोहोरमैला मानिनेछ।

२०. **फोहोरमैला व्यवस्थापन गर्ने दायित्व:** (१) गाउँपालिकाभित्रको फोहोरमैला व्यवस्थापन गर्ने गराउने दायित्व कार्यपालिकाको हुनेछ।

(२) उपदफा (१) जुनसुकै कुरा लेखिएको भए तापनि हानिकारक फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोहोरमैला, रासायनिक फोहोरमैला वा औद्योगिक फोहोरमैला प्रशोधन र व्यवस्थापन गर्ने दायित्व निर्धारित मापदण्डको अधिनमा रही त्यस्तो फोहोरमैला उत्पादन गर्ने व्यक्ति वा निकायको हुनेछ।

(३) कुनै उद्योग वा स्वास्थ्य संस्थाले हानिकारक फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोहोरमैला रासायनिक फोहोरमैला तथा औद्योगिक फोहोरमैला प्रशोधन गरी बाँकी रहेको फोहोरमैला तथा अन्य फोहोरमैलाको व्यवस्थापन गरिदिन कार्यपालिकालाई अनुरोध गरेमा वा कार्यपालिकाले निर्धारण गरेको फोहोरमैला व्यवस्थापन स्थल प्रयोग गर्न माग गरेमा कार्यपालिकाले निर्धारण गरे बमोजिम सेवा शुल्क लिई फोहोरमैलाको व्यवस्थापन गरिदिन वा फोहोरमैला व्यवस्थापन स्थल प्रयोग गर्न दिन सक्नेछ।

(४) कार्यपालिकाले सामुदायिक सरसफाई सम्बन्धी निर्देशिका बनाई लागू गर्नेछ।

(५) फोहोरमैला व्यवस्थापनले मानव स्वास्थ्यमा पारेको वा पार्ने प्रभावको जाँच परीक्षण र अनुसन्धान गर्ने अधिकार सम्बन्धित जनस्वास्थ्य अधिकारीसँग हुनेछ।

(६) जाँच परीक्षणमा कुनै निकायमा फोहोरमैला व्यवस्थापन प्रभावकारी हुन नसकी मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पारेको भेटिएमा कार्यपालिकाले उक्त निकायलाई समयमै सचेत गराई प्रचलित कानून बमोजिम आवश्यक कारवाही गर्नेछ।

२१. **फोहोरमैला उत्पादन कम गर्ने :** (१) गाउँपालिका/नगरपालिका भित्र कुनै व्यक्ति, संस्था वा निकायले कुनै काम कारोबार गर्दा उत्पादन हुने फोहोरमैला यथाशक्य कम गर्नु पर्नेछ।

(२) "आफ्नो क्षेत्र" भित्र विसर्जन हुन सक्ने फोहोरमैलाको विसर्जन वा पुन: प्रयोगको व्यवस्था मिलाई बाँकी फोहोरमैला मात्र निष्काशन गरी फोहोरमैलाको परिणामलाई घटाउनु प्रत्येक व्यक्ति, संस्था वा निकायको कर्तव्य हुनेछ।

**स्पष्टिकरण:** "आफ्नो क्षेत्र" भन्नाले गाउँपालिका भित्रको निजी घर कम्पाउण्ड, औद्योगिक क्षेत्रको परिसर, अस्पताल वा स्वास्थ्य संस्थाको परिसर, औद्योगिक प्रतिष्ठानको परिसर लगायत फोहोरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको परिसरलाई सम्झनु पर्छ।

२२. **फोहोरमैला पृथकीकरण :** (१)कार्यपालिकाले फोहोरमैलालाई तोकिए बमोजिम जैविक, अजैविक र अन्य प्रकारमा विभाजन गरी सो फोहोरमैलालाई स्रोतमै छुट्याउने गरी तोक्नेछ।

(२) उपदफा (१) बमोजिम तोकिदिए बमोजिम फोहोरमैला स्रोतमै छुट्याई संकलन केन्द्रसम्म पुऱ्याउने दायित्व त्यस्तो फोहोरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको हुनेछ र यसको लागि कार्यपालिकाले आवश्यक प्रविधि, मालसामान, उपकरण, कण्टेनर आदि उपलब्ध गराउन सक्नेछ।

२३. **फोहोरमैलाको निष्काशन :** (१) फोहोरमैला निष्काशनको समय, स्थान र तरिका कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

(२) हानिकारक फोहोरमैला वा रासायनिक फोहोरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायले त्यस्तो फोहोरमैला तोकिए बमोजिम व्यवस्थापन गर्नु पर्नेछ।

(३) हानिकारक फोहोरमैला वा रासायनिक फोहोरमैला संकलन केन्द्र वा स्थानान्तरण केन्द्रमा निष्काशन गर्न पाइने छैन।

२४. **फोहोरमैला व्यवस्थापन केन्द्र :** (१) कार्यपालिकाले फोहोरमैलालाई व्यवस्थित रुपमा संकलन गर्न प्रत्येक टोल वा वस्तीमा संकलन केन्द्र तोकी आवश्यक कण्टेनरको व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम संकलन केन्द्र तोक्दा यथाशक्य टोल वा वस्तीका सबैलाई पायक पर्ने गरी वातावरणीय रुपले उपयुक्त स्थान तोक्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको संकलन केन्द्रमा फोहोरमैला निष्काशन र संकलन गर्ने समय र तरिका कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

२५. **जोखिमपूर्ण फोहोरको व्यवस्थापन :** (१) कुनै जोखिमपूर्ण फोहोरको संकलन, भण्डारण, प्रशोधन, विक्री वितरण, विसर्जन वा ओसार पसार गर्दा उत्पादक वा सञ्चालकले जनस्वास्थ्य र वातावरणमा प्रतिकूल असर नपर्ने गरी उचित व्यवस्थापन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम जोखिमपूर्ण फोहोरको व्यवस्थापन गर्दा उत्पादक वा संञ्चालकले आफ्नै खर्चमा व्यवस्थापन गर्नु पर्नेछ।

(३) जोखिमपूर्ण फोहोर व्यवस्थापन सम्बन्धी अन्य प्रक्रिया तोकिए वमोजिम हुनेछ।

२६. **फोहोरमैलाको न्यूनीकरण, पुन: प्रयोग तथा पुन: चक्रीय प्रयोग :** (१) कार्यपालिकाले फोहोरमैला न्यूनीकरण, पुन: प्रयोग तथा पुन: चक्रीय प्रयोगलाई प्रोत्साहन गर्न आवश्यक कार्य गर्नेछ र यसको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ।

(२) उद्योग उत्पादन प्याकिङ्ग गर्न प्रयोग गरेको वस्तुलाई पुन: प्रयोग गरी फोहोरमैलाको परिणामलाई घटाउने काममा प्रोत्साहन गर्न सम्बन्धित उद्योगसँग कार्यपालिकाले समन्वय गर्न सक्नेछ।

२७. **अनुमति सम्बन्धी व्यवस्था :** (१) यस ऐन बमोजिम कार्यपालिकाको अनुमति नलिई कसैले पनि फोहोरमैला व्यवस्थापन सम्बन्धी काम गर्न वा गराउन सक्नेछैन।

(२) फोहोरमैला व्यवस्थापन गर्न चाहिने स्वदेशी वा विदेशी कम्पनी, संस्था वा निकायले देहायको विवरण खुलाई अनुमतिको लागि कार्यपालिकामा निवेदन दिनु पर्नेछः-

(क) फोहोरमैला व्यवस्थापन सम्बन्धी योजना,

(ख) फोहोरमैला व्यवस्थापन सम्बन्धी आवश्यक जनशक्ति तथा प्रविधिको विवरण,

(ग) तोकिए बमोजिमको अन्य विवरण।

(३) उपदफा (२) बमोजिम पर्न आएको निवेदन उपर कार्यपालिकाले आवश्यक जाँचबुझ गरी अनुमतिपत्र दिन सक्नेछ।

(४) फोहोरमैलाको व्यवस्थापन, पुनः चक्रिय प्रयोग, प्रशोधन र विसर्जनमा आवश्यक पर्ने प्रविधि स्वदेशमा उपलब्ध हुन नसक्ने देखिएमा त्यस्तो प्रविधि उपलब्ध गराउन सक्ने कुनै विदेशी कम्पनी, संस्था वा निकायलाई सम्झौतामा उल्लेखित अवधिभित्र त्यस्तो प्रविधि हस्तान्तरण गर्ने शर्तमा नेपाल सरकारको स्वीकृति लिई कार्यपालिकाले उपदफा (३) बमोजिम अनुमतिपत्र दिन सक्नेछ।

(५) अनुमतिपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२८. **फोहोरमैला व्यवस्थापनमा निजी तथा सामुदायिक क्षेत्रको संलग्नता :** (१) कार्यपालिकाले आवश्यकता अनुसार यस ऐन बमोजिम अनुमति प्राप्त निजी क्षेत्रका कम्पनी वा सामुदायिक क्षेत्रबाट तोकिए बमोजिम प्रतिस्पर्धा गराई आफ्नो क्षेत्रको फोहोरमैला व्यवस्थापन गराउन सक्नेछ।

(२) उपदफा (२) बमोजिम फोहोरमैला व्यवस्थापन गर्दा निजी क्षेत्रका कम्पनीको हकमा देहायका सबै वा कुनै र सामुदायिक एवं गैरसरकारी संघ, संस्थाको हकमा देहायको कुनै काम गराउन सकिनेछः-

(क) फोहोरमैलाको न्यूनीकरणका लागि जनचेतना अभिवृद्धि,

(ख) फोहोरमैला संकलन,

(ग) फोहोरमैला ढुवानी,

(घ) फोहोरमैलाको प्रयोग, पुनः प्रयोग, पुनः चक्रिय प्रयोग वा प्रशोधन,

(ङ) फोहोरमैला विसर्जन,

(च) बन्द पश्चात् व्यवस्थापन।

२९. **प्रतिस्पर्धा गराई फोहोरमैला व्यवस्थापनको जिम्मा दिने** : (१) कार्यपालिकाले यस ऐन बमोजिम निजी क्षेत्र वा सामुदायिक संस्थाबाट फोहोरमैला व्यवस्थापन गराउँदा बोलपत्र आह्वान गरी प्रतिस्पर्धा गराई व्यवस्थापकको छनौट गरी व्यवस्थापन गर्ने जिम्मा दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम फोहोरमैला व्यवस्थापकको छनौट गर्दा देहायका आधारमा गर्नु पर्नेछः-

(क) कार्यपालिकालाई बुझाउन कबुल गरेको रकम,

(ख) फोहोरमैलाबाट ऊर्जा शक्ति उत्पादन गर्ने वा प्राङ्गारिक मल उत्पादन गर्ने क्षमता, पूँजी, प्रविधि र जनशक्तिको क्षमता,

(ग) आर्थिक तथा प्राविधिक क्षमता,

(घ) फोहोरमैला व्यवस्थापन अपनाउन प्रस्ताव गरिएको प्रविधिको दिगोपन तथा वातावरणीय प्रभाव न्यूनीकरण,

(ङ) व्यवस्थापन करार गर्न प्रस्ताव गरिएको व्यवस्थापन शुल्क,

(च) फोहोरमैलाको प्रयोग, प्रशोधन वा पुन: प्रयोग गर्ने सम्बन्धमा भए कार्यपालिकालाई बुझाउन मञ्जुर गरिएको रोयल्टी ।

(३) बोलपत्र सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

(४) उपदफा (१) बमोजिम फोहोरमैला व्यवस्थापनको जिम्मा पाएको कम्पनी, संस्था वा निकायले कार्यपालिकासँग गरेको सम्झौताको अधिनमा रही शुल्क उठाउन सक्नेछ।

(५) फोहोरमैला व्यवस्थापनमा गैरसरकारी क्षेत्रको संलग्नता सम्बन्धी अन्य कुराहरु तोकिए बमोजिम हुनेछ ।

३०. **फोहोरमैला व्यवस्थापन स्थल निर्माण तथा संचालन गर्न स्वीकृति दिन सकिने :** (१) निजी क्षेत्रबाट फोहोरमैला व्यवस्थापनका लागि फोहोरमैला व्यवस्थापन स्थल, प्रशोधन स्थल वा अन्य संयन्त्र निर्माण गरी संचालन गर्न स्वीकृति माग गरेमा वातावरण तथा अन्य प्रचलित कानूनको अधिनमा रही त्यस्तो संयन्त्र निर्माण तथा संचालनका लागि कार्यपालिकाले स्वीकृति दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निजी क्षेत्रबाट फोहोरमैला व्यवस्थापन संयन्त्रको निर्माण तथा संचालन गर्दा तोकिएको वातावरणीय मापदण्डको पालना भए वा नभएको अनुगमन कार्यपालिकाले गर्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुगमन गर्दा स्वीकृत मापदण्डको पालना गरेको नपाइएमा त्यस्तो मापदण्ड पालनाको लागि आवश्यक व्यवस्था गर्न समयावधि तोकिदिन सक्नेछ र सो समयावधिमा पनि मापदण्डको पालनाको लागि आवश्यक व्यवस्था नगरेमा त्यस्तो व्यक्ति वा कम्पनीको स्वीकृति कार्यपालिकाले तोकिए बमोजिम रद्द गर्न सक्नेछ ।

३१. **सार्वजनिक निजी साझेदारीमा फोहोरमैला व्यवस्थापन गर्न सकिने :** (१) कार्यपालिकाले प्रचलित कानूनको अधिनमा रही निजी क्षेत्र, सामुदायिक एवं गैरसरकारी संघ, संस्थासँगको साझेदारीमा फोहोरमैला व्यवस्थापन कार्य गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक एवं गैरसरकारी संघ, संस्थासँगको साझेदारीमा फोहोरमैला न्यूनीकरणको लागि जनचेतना अभिवृद्धि, फोहोरमैला संकलन, ढुवानी, फोहोरमैला व्यवस्थापन स्थलको बन्द पश्चात् व्यवस्था, उद्यान निर्माण र सौन्दर्यकरण जस्ता कार्य मात्र गर्न वा गराउन सकिनेछ ।

३२. **सेवा शुल्क उठाउन सक्ने :** (१) कार्यपालिकाले फोहोरमैला व्यवस्थापन गरे बापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट सेवा शुल्क लगाई उठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको शुल्कको निर्धारण फोहोरमैलाको परिमाण, तौल तथा प्रकृति र तोकिए बमोजिमका अन्य कुराहरुको आधारमा कार्यपालिकाले गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको शुल्क कार्यपालिका आफैंले वा निजले तोकेको संस्था वा निकाय मार्फत् समेत उठाउन सक्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा २६ बमोजिम फोहोरमैला व्यवस्थापन गर्न जिम्मेवारी पाएको व्यक्ति, संस्था वा निकायले कार्यपालिकासँग भएको सहमतिको आधारमा फोहोरमैला व्यवस्थापन गरे वापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट सेवा शुल्क उठाउन सक्नेछ।

तर तोकिए बमोजिमका विपन्न वर्गलाई सेवा शुल्कमा तोकिए बमोजिम छुट दिइनेछ।

(५) यस दफा बमोजिम शुल्कबाट प्राप्त आम्दानी तथा फोहोरमैला व्यवस्थापन निजी क्षेत्रलाई संलग्न गराउँदा प्राप्त हुने आम्दानी कार्यपालिकाले एउटा छुट्टै शिर्षकमा राखी तोकिएको मापदण्डको अधिनमा रही फोहोरमैलाको व्यवस्थापन, वातावरणीय संरक्षण तथा फोहोरमैला व्यवस्थापन प्रभावित क्षेत्रको विकासमा खर्च गर्नु पर्नेछ।

## परिच्छेद-४

## जैविक विविधता संरक्षण

३३. **जैविक विविधताको संरक्षण गर्नुपर्ने** : (१) आफ्नो क्षेत्रभित्रको जैविक विवधताको संरक्षण गर्ने जिम्मेवारी गाउँपालिकाको हुनेछ।

(२) उपदफा (१) बमोजिम जैविक विविधताको संरक्षण सम्बन्धी कार्यक्रम गर्दा संघीय तथा प्रदेशको कानून तथा मापदण्ड प्रतिकूल नहुने गरी देहाय बमोजिम गर्नु पर्नेछ,-

(क) कृषिजन्य जैविक विविधता संरक्षण,-

(१) विकासका कार्यक्रमहरु संचालन गर्दा कृषि जैविक विविधताको संरक्षणलाई विशेष महत्व दिने,

(२) जैविक विविधता, वातावरण र मानव स्वास्थ्यमा नकारात्मक प्रभाव पार्न सक्ने जोखिम भएका जि.एम.ओ.(GMO) तथा त्यसका उत्पादनलाई आवश्यकता अनुसार नियन्त्रण वा निषेध गर्ने,

(३) कृषि पर्यावरणीय सेवाहरुको दिगो परिचालनको लागि परागसेचक तथा अन्य पर्यावरणीय सेवा प्रदान गर्ने जीवहरु सम्बन्धी अध्ययन, अनुसन्धान, अनुगमन गरी संरक्षणका कार्यक्रमहरु संचालन गर्ने,

(४) परम्परागत, ज्ञान सीप तथा अभ्यासको संरक्षण र प्रवर्द्धन गर्ने।

(ख) सिमसार संरक्षण,-

(१) स्थानीय जनसमुदायको सहभागितामा उनीहरुको हितका लागि आफ्नो क्षेत्र अन्तर्गतका सिमसारको पहिचान गर्दै सो को संरक्षण र व्यवस्थापन गर्ने;

(२) स्थानीय जनसहभागितामा आधारित सिमसार व्यवस्थापनको माध्यमद्वारा सिमसारको स्रोतहरुमाथि समन्यायिक अवसर दिलाउँदै बुद्धिमत्तापूर्ण प्रयोगको अवधारणालाई सार्थक तुल्याउने;

(३) स्थानीय व्यक्ति, समुदाय एवं निकायलाई संलग्न गराउँदै सिमसारको संरक्षण र व्यवस्थापन कार्य प्रभावकारी बनाउने;

(४) वर्तमान र भावी पुस्ताको फाइदाका लागि प्राकृतिक स्रोत संरक्षण गर्न स्थानीय बासिन्दाको हित हुने खालको सामाजिक र आर्थिक विकासका कार्यक्रम संचालन गर्ने,

(५) सिमसारमा आश्रित सङ्कटापन्न जीवजन्तु, जलचर, सापेक्षिक जङ्गली जनावर तथा अन्य जल आश्रित अनुवंशिक स्रोतको संरक्षण गर्ने,

(६) वातावरणीय असर न्यून हुने गरी सिमसार क्षेत्रमा वातावरण अनुकूल पर्यटनको विकास गर्दै प्राप्त लाभलाई यथासम्भव सिमसारको व्यवस्थापन र स्थानीय जनसमुदायको हितमा परिचालन गर्ने,

(७) सिमसार संरक्षण र व्यवस्थापनका लागि तयार गरिने कार्ययोजनाहरुमा स्थानीय जनसहभागिता सुनिश्चित गर्ने,

(८) सिमसार क्षेत्रमा आश्रित स्थानीयवासीको अनुभव, अभ्यास, सीप र ज्ञानको संरक्षण गर्दै सोही आधारमा सिमसारको संरक्षण र व्यवस्थापन गर्न प्रश्रय दिने,

(९) सिमसार व्यवस्थापना देखा पर्ने समस्याहरुको पहिचान गरी स्थानीय स्तरमै समाधानको उपायहरुको खोजी गर्न जनसहमतिका आधारमा व्यवस्थापन कार्ययोजना बनाई लागू गर्ने गराउने,

(१०) सिमसार व्यवस्थापन योजना तर्जुमा गर्ने र व्यवस्थापन समितिमा स्थानीय जनसमुदायका साथै संघ संस्थाको प्रतिनिधित्व गराउन आवश्यक कानुनी एवं प्रशासनिक व्यवस्था गर्ने,

(११) सिमसारमा आश्रित स्थानीय जनसमुदायलाई सिमसारबाट प्राप्त हुने लाभको न्यायोचित बाँडफाँडका लागि आवश्यक व्यवस्था गर्ने,

(३) जैविक विविधता संरक्षण तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून र मापदण्ड बमोजिम हुनेछ।

३४. **जैविक विविधताको अभिलेखीकरण गर्नुपर्ने :** (१) गाउँपालिकाले आफ्नो क्षेत्राधिकार भित्र अवस्थित जैविक विविधताको वस्तुस्थिति र विवरणको अभिलेखीकरण व्यवस्थित र वैज्ञानिक ढङ्गले राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अभिलेखीकरण जैविक विविधता सम्बन्धी निर्देशिका बनाई राष्ट्रिय मापदण्ड अनुरुप अद्यावधिक राख्ने जिम्मेवारी कार्यपालिकाको हुनेछ ।

(३) जैविक विविधताको अभिलेखीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३५. **स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, अभ्यास, आदिको संरक्षण गर्नुपर्ने :** (१) जैविक विविधताको सम्बन्धमा स्थानीय समुदाय भित्रका व्यक्ति वा समूहमा रहेको ज्ञान, सीप, अभ्यास आदिको पहिचान, अभिलेखीकरण, तथा संरक्षण गर्ने जिम्मेवारी कार्यपालिकाको हुनेछ।

(२) कार्यपालिकाले उपदफा (१) बमोजिमको अभिलेखीकरण वैज्ञानिक र व्यवस्थित ढङ्गले तोकिएको ढाँचा र प्रारुपमा राख्नेछ।

३६. **खनिज पदार्थ संरक्षण सम्बन्धी व्यवस्था :** (१) कार्यपालिकाले आफ्नो क्षेत्रभित्र रहेका खनिज पदार्थको अवस्था बुझ्न सर्भे तथा खोज गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सर्भे तथा खोजबाट प्राप्त सूचना तथा तथ्याङ्कको आधारमा प्रचलित नेपालको कानून प्रतिकूल नहुने गरी कार्यपालिकाले खनिज पदार्थको संरक्षण तथा प्रवर्द्धनमा कार्यक्रमहरु संचालन गर्न सक्नेछ।

३७. **जलाधार संरक्षण गर्नुपर्ने :** (१) गाउँपालिका क्षेत्रभित्र रहेका जलाधारको संरक्षण गर्नु गाउँपालिका, नागरिक र सम्बन्धित निकायको कर्तव्य हुनेछ।

(२) कार्यपालिकाले संघीय र प्रदेशको कानून र मापदण्डको अधिनमा रही कार्यविधि वनाई गाउँपालिका भित्रको जलाधार संरक्षण तथा व्यवस्थापन गर्नेछ।

(३) आफ्नो क्षेत्रमा रहेको खानेपानीको मुहानको पहिचान, अभिलेखीकरण, संरक्षण तथा व्यवस्थापन गर्ने जिम्मेवारी गाउँ कार्यपालिकाको हुनेछ।

## परिच्छेद- ५

## वन तथा हरित क्षेत्रको संरक्षण तथा व्यवस्थापन

३८. **वन, वन पैदावार, वन्यजन्तु तथा हरित क्षेत्रको संरक्षण र प्रवर्द्धन गर्नुपर्ने :** (१) आफ्नो क्षेत्राधिकार भित्रको वन, वन पैदावार, वन्यजन्तु तथा हरित क्षेत्रको संरक्षण र प्रवर्द्धन गर्ने प्रमुख जिम्मेवारी गाउँपालिकाको हुनेछ।

(२) वन, वन पैदावार, वन्यजन्तु तथा हरित क्षेत्रको संरक्षण र प्रवर्द्धनमा सहयोग गर्नु नागरिकको कर्तब्य हुनेछ।

(३) वन तथा वन पैदावार संरक्षण र प्रवर्द्धन गर्ने सम्बन्धमा गाउँपालिकाले संघीय र प्रदेश कानूनको प्रतिकूल नहुने गरी देहाय बमोजिम गर्नुपर्नेछ।

(क) संघ तथा प्रदेशसँग समन्वय गरी स्थानीय समुदायको सहभागितामा आफ्नो सिमाभित्रका समुदायमा आधारित वन, निजी वन, कृषि वन तथा वनमा आधारित उद्योगहरु संचालन तथा व्यवस्थापन गर्ने,

(ख) सामुदायिक वन उपभोक्ता समूह लगायत समुदायमा आधारित वन व्यवस्थापन गर्ने समूहको प्राविधिक, व्यवस्थापकीय, संस्थागत क्षमता विकासमा प्राथमिकता दिने,

(घ) वनसँग सम्बन्धित प्राविधिक सेवालाई प्रभावकारी बनाउनुका अतिरिक्त क्षमता विकासको लागि उत्प्रेरणात्मक अवसरहरु सिर्जना गर्ने,

(ङ) स्थानीय समुदायमा रहेको वनजन्य, जडिबुटी तथा वनस्पति उपयोग सम्बन्धी परम्परागत ज्ञान, सीप र चिकित्सा पद्धतिलाई आधुनिक विज्ञानसँग संयोजन गर्दै उन्नत प्रकारको ज्ञान, सीप र उत्पादनका लागि उपयुक्त वातावरण निर्माण गर्ने,

(च) वन्यजन्तु र वनस्पतिको संरक्षण तथा प्रवर्द्धन गर्न संघ, प्रदेशसँगको समन्वयमा स्थानीय स्तरका प्राणी उद्यान तथा वनस्पति उद्यानहरु स्थापना र संचालन गर्ने,

(छ) वन पैदावार संकलनमा दिगोपना र प्रभावकारिताका लागि आधुनिक प्रविधिहरुको प्रयोगलाई प्रोत्साहन गर्ने,

(ज) दिगो वन व्यवस्थापनको मापदण्ड अनुरुप सबै वन व्यवस्थापनमा सामाजिक, आर्थिक र वातावरणीय दृष्टिले दीगोपना सुनिश्चित गर्ने,

(झ) संघ तथा प्रदेशको समन्वयमा संरक्षित क्षेत्र, सिमसार क्षेत्र तथा वन व्यवस्थापन पद्धतिहरुबाट पर्यटन प्रवर्द्धन गर्न योगदान पुऱ्याउने,

(ञ) वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधता र जलाधार क्षेत्रको संरक्षण, पुन:स्थापना र दिगो उपयोग गर्न आवश्यक योजना र कार्यक्रम संचालन गर्ने,

(ट) गाउँपालिका क्षेत्रभित्रका जलचरको संरक्षण गर्ने,

(ठ) संघ तथा प्रदेशसँग समन्वय र सहकार्य गरी गरिबीको रेखामुनि रहेका जनताको गरिबी न्यूनीकरण गर्न वनको संरक्षण र विकास हुने गरी आय आर्जन तथा पर्यटनका कार्यक्रमहरू संचालन गर्ने,

(ड) सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग गर्न बनाएको वार्षिक कार्ययोजना गाउँपालिकाबाट स्वीकृत गरी कार्यान्वयन गराउने

(ढ) गाउँपालिका क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्ने,

(ण) सामुदायिक भू-संरक्षण र सो मा आधारित आय आर्जन कार्यक्रमहरु संचालन गर्ने,

(त) संघ तथा प्रदेशको मापदण्डको अधिनमा रही गाउँपालिका क्षेत्रभित्रको जडिबुटी तथा अन्य गैरकाष्ट वन पैदावर सम्बन्धी सर्वेक्षण, उत्पादन, संकलन प्रवर्द्धन, प्रशोधन र बजार व्यवस्थापन गर्ने,

३९. **निजी वन दर्ता तथा व्यवस्थापन :** (१) निजी वन दर्ता गराउन चाहने कुनै व्यक्ति वा संस्थाले निजी वन दर्ताको लागि डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यालयको सिफारिस सहित कार्यपालिकामा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै निवेदन परेमा आवश्यक जाँचबुझ गरी कार्यपालिकाले निजी वन दर्ता गरी प्रमाणपत्र दिनेछ।

(३) व्यवसायिक प्रयोजनका लागि निजी वन वा निजी आवादीमा रहेको वन पैदावरको संकलन तथा ओसारपसार गर्नु परेमा कार्यपालिकाबाट स्वीकृत लिनु पर्नेछ।

४०. **सार्वजनिक जग्गामा वन विकास सम्बन्धी व्यवस्था :** (१) कार्यपालिकाले प्रचलित नेपाल कानून तथा यस ऐनको अधिनमा रही सार्वजनिक जग्गामा वनको विकास, संरक्षण, व्यवस्थापन गर्न र वन पैदावरको उपयोग तथा बिक्रि वितरण गर्न सक्नेछ।

(२) कार्यपालिकाले सडक, नहर र बाटो किनारमा लगाइएको तथा बाटोमा छहारी पर्ने रुखहरु र चौतारा, कुलाको मुहान, धार्मिक स्थल वा त्यस्तै अन्य संवेदनशील ठाउँमा लगाइएका रुखहरुको संरक्षण गर्न तथा जोखिमपूर्ण अवस्थामा प्रचलित नेपाल कानूनको अधिनमा रही हटाउन सक्नेछ।

४१. **सहरी वनको विकास र व्यवस्थापन :** (१) कार्यपालिकाले आफ्नो क्षेत्र भित्रको सहरी क्षेत्र तथा वस्तीमा रहेका सार्वजनिक सडक तथा पार्क जस्ता स्थानमा आफैंले वा कुनै संघसंस्था वा निजी क्षेत्रसँगको साझेदारीमा सहरी वनको विकास तथा व्यवस्थापन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने सहरी वनको वन पैदावार कार्यपालिकाले तोकिए बमोजिम प्रयोग गर्न सक्नेछ।

४२. **वन क्षेत्रको प्रयोग :** कार्यपालिकाले कुनै विकास आयोजना संचालन गर्दा वन क्षेत्रको प्रयोग गर्नु बाहेक अन्य कुनै विकल्प नभएमा र प्रचलित कानून बमोजिमको वातावरणीय अध्ययनबाट त्यस्तो योजना संचालन गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने देखिएमा सो आयोजना संचालन गर्न त्यस्तो वन क्षेत्रको जग्गा प्राप्त गर्नको लागि संघीय सरकार समक्ष अनुरोध गर्न सक्नेछ।

४३. **नर्सरी र उद्यान स्थापना तथा व्यवस्थापन** : (१) संघीय तथा प्रादेशिक कानून प्रतिकूल नहुने गरी, प्रचलित मापदण्ड तथा तोकिएको प्रक्रिया पूरा गरेको सुनिश्चित गरी गाउँपालिका क्षेत्रभित्र जो कोहीले पनि कार्यपालिकाको अनुमति लिई नर्सरी तथा उद्यान संचालन गर्न सक्नेछन्।

(२) गाउँपालिका क्षेत्रभित्र उपदफा (१) बमोजिम संचालन हुने नर्सरी तथा उद्यानको सम्बन्धमा संघीय तथा प्रादेशिक मापदण्डसँग नबाझिने गरी संचालन तथा पूर्वाधार मापदण्ड निर्देशिका बनाई लागू गर्नेछ।

(३) गाउँपालिका क्षेत्रभित्र उपदफा (१) बमोजिम स्थापना हुने सबै नर्सरी तथा उद्यानहरुको कम्तिमा वर्षको एक पटक तोकिए बमोजिम अनिवार्य अनुगमन निरीक्षण गर्नुपर्नेछ।

४४. **खुल्ला क्षेत्र व्यवस्थापन तथा हरियाली प्रवर्द्धन :** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र रहेको खुल्ला तथा सार्वजनिक क्षेत्रको संरक्षण, प्रवर्द्धन तथा अभिलेखीकरण गर्नु पर्नेछ।

(२) कार्यपालिकाले आफ्नो क्षेत्राधिकार भित्र रहने खुल्ला तथा सार्वजनिक क्षेत्रमा प्रचलित कानूनको प्रतिकूल नहुने गरी वृक्षारोपण, सम्भार र व्यवस्थापन गर्न सक्नेछ।

(३) खुल्ला तथा सार्वजनिक क्षेत्रको व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४५. **नदी किनार, नदी उकास नहर किनार र सडक किनारमा वृक्षारोपण** : (१) गाउँपालिकाले तोकेको वा गाउँपालिकासँग सम्झौता गरेको गाउँपालिकाभित्रको व्यक्ति, समूह, संघ, संस्था, उपभोक्ता समितिले गाउँपालिका भित्रको नदी किनार, नदी उकास नहर किनार र सडक किनारमा कार्यपालिकाको अनुमति लिई वृक्षारोपण गर्न सक्नेछन्।

(२) कार्यपालिकाले वृक्षारोपण सम्बन्धी मापदण्ड बनाई लागू गर्न सक्नेछ।

**परिच्छेद-६**

**संस्थागत व्यवस्था**

४६. **वातावरण तथा प्राकृतिक स्रोत संरक्षण कोषको स्थापना र संचालन** : (१) गाउँपालिकामा वातावरण संरक्षण, प्रदूषणको रोकथाम तथा नियन्त्रणका साथै जैविक विविधताको संरक्षणका लागि वातावरण तथा प्राकृतिक स्रोत संरक्षण कोषको स्थापना हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहने छन् :

(क) संघ, प्रदेश सरकारबाट वातावरण संरक्षणका लागि प्राप्त रकम,

(ख) विभिन्न संघ संस्थाबाट प्राप्त रकम,

(ग) अन्य स्रोतबाट प्राप्त रकम।

(३) वातावरण तथा प्राकृतिक स्रोत संरक्षण कोषको संचालन तोकिए बमोजिम हुनेछ।

४७. **वातावरण तथा प्राकृतिक स्रोत संरक्षण परिषद गठन गर्न सक्ने :** (१) वातावरण, जैविक विविधता र प्राकृतिक स्रोत संरक्षण सम्बन्धी कार्यलाई व्यवस्थित रुपमा कार्यान्वयन गर्न, नीति योजना निर्माण गर्न, विभिन्न निकायहरु वीच समन्वय गर्न तथा यस ऐन अन्तर्गत अनुगमन तथा निरिक्षण गर्न गाउँपालिकामा वातावरण सम्बन्धी विशेषज्ञ सम्मिलित वातावरण तथा प्राकृतिक स्रोत संरक्षण परिषद रहनेछ।

(२) उपदफा (१) बमोजिमको परिषदमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरू रहनेछन;

(क) गाउँपालिका अध्यक्ष - अध्यक्ष

(ख) उपाध्यक्ष -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) स्वास्थ्य समिति संयोजक -सदस्य

(ङ) वन, वातावरण समिति संयोजक -सदस्य

(च) वातावरण तथा प्राकृतिक स्रोतको क्षेत्रमा काम गरेका विज्ञ १ महिला सहित ३ जना -सदस्य

(छ) स्थानीय बासिन्दाहरू मध्ये वन उपभोक्ता समितिहरूबाट १ जना सहित कार्यपालिकाले तोकेका १ महिला समेत ३ जना -सदस्य

(ज) कृषि क्षेत्र हेर्ने कार्यपालिका सदस्य -सदस्य

(झ) वातावरण शाखा संयोजक -सदस्य सचिव

(३) वातावरण तथा प्राकृतिक स्रोत संरक्षण परिषद्को अन्य काम, कर्तव्य तथा अधिकार तोकिए बमोजिम हुनेछ।

४८. **समितिहरु गठन गर्न सक्ने** : (१) गाउँ कार्यपालिकाले यो ऐनको उद्देश्य पूर्तिको लागि सम्बन्धित विषयका विशेषज्ञहरु समेत रहेको विभिन्न समितिहरु गठन गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम गठित समितिहरुको काम, कर्तव्य र अधिकार गाउँ कार्यपालिकाले तोकिदिए बमोजिम हुनेछ।

४९. **अनुगमन तथा मूल्यांकन :** (१) यस ऐन अन्तर्गत आवश्यक अनुगमन र मूल्यांकन दफा ५८ बमोजिम स्थापित वातावरण तथा जैविक विविधता संरक्षण परिषद वा परिषदले तोकेको निरीक्षण समितिहरूले गर्नेछ।

(२) अनुगमन तथा मूल्यांकन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५०. **वातावरण संरक्षण योजना तर्जुमा गर्ने** : (१) कार्यपालिकाले वातावरण तथा जैविक विविधता संरक्षण योजना तर्जुमा तथा कार्यान्वयन गर्नेछ।

(२) कार्यपालिकाले वातावरण संरक्षण योजना तर्जुमा गर्दा वातावरण संरक्षण, जैविक विविधताको संरक्षण र प्रवर्द्धन, दीगो उपयोग र वातावरणीय र जैविक विविधताका स्रोतहरूको परम्परागत र स्थानीय अभ्यासहरूलाई समेत समावेश गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको वातावरण तथा जैविक विविधता संरक्षण योजना बनाउँदा महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठ नागरिक र आर्थिक रुपमा विपन्न समुदायलाई विशेष प्राथमिकता दिनुपर्नेछ।

(४) वातावरण संरक्षण योजनामा समावेश गर्नुपर्ने विषयवस्तु तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-७

## कसूर, जरिवाना तथा क्षतिपुर्ती

५१. **कसूर:** कसैले देहायको कुनै काम गरेमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछ :-

(क) कार्यपालिकाले तोकिदिएको समय र स्थान बाहेक अन्यत्र फोहोरमैला निष्काशन गर्ने,

(ख) कण्टेनर वा फोहोरमैला संकलन केन्द्रमा राखिएको फोहोरमैला अनाधिकृत तवरले प्रयोग गर्ने,

(ग) फोहोरमैला संकलन केन्द्रमा राखिएको कण्टेनर तोडफोड गर्ने क्षति पुर्‍याउने, राखिएको स्थानबाट हटाउने वा संकलन केन्द्रमा कुनै नोक्सानी पुर्‍याउने,

(घ) यस ऐन बमोजिम अनुमति नलिई फोहोरमैला व्यवस्थापनको कार्य गर्ने,

(ङ) यस ऐन बमोजिम फोहोरमैला व्यवस्थापनको लागि प्रदान गरिएको अनुमतिपत्रमा उल्लेखित शर्तहरु उल्लङ्घन गर्ने,

(च) फोहोरमैला संकलन केन्द्र, कण्टेनर वा फोहोरमैला थुपार्ने ठाउँमा कुनै पनि किसिमको हानिकारक पदार्थ फाल्ने, राख्ने वा थुपार्ने,

(छ) घर, कम्पाउण्ड तथा परिसरको फोहोरमैला सडक वा अन्य सार्वजनिक स्थानमा राख्ने, फाल्ने वा थुपार्ने,

(ज) फोहोरबाट निस्केको दूषित पानी (लिचेट) वा ढल चुहाई अन्य व्यक्तिको घर वा जग्गा प्रदूषित गराउने,

(झ) सडक वा अन्य सार्वजनिक स्थानमा सरसफाई तथा फोहोरमैला संकलन गर्न कार्यपालिकाले तोकेको समय वा सफाई गर्दाको समयमा त्यस्तो ठाउँमा कुनै पनि

किसिमको सवारी साधन बिसाउने वा बिसाइ राखेको सवारी साधन हटाउने इन्कार गर्ने,

(ञ) कार्यपालिकाले तोकेको ठाउँमा बाहेक जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गरी सडक वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमको हानिकारक फोहोरमैला राख्ने, फाल्ने, थुपार्ने वा निष्काशन गर्ने,

(ट) रासायनिक फोहोरमैला, औद्योगिक फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोहोरमैला वा हानिकारक फोहोरमैला जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने वा गराउने,

(ठ) औद्योगिक प्रतिष्ठान वा स्वास्थ्य संस्थाले उद्योग वा स्वास्थ्य संस्थाबाट निस्कने हानिकारक फोहोरमैला जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने वा गराउने,

(ड) फोहोरमैला संकलन, ढुवानी तथा फोहोरमैला व्यवस्थापनमा बाधा अवरोध सिर्जना गर्ने,

(ढ) फोहोरमैला संकलन, ढुवानी तथा अन्तिम निष्काशन स्थलमा अवरोध, बन्द, घेराउ गर्ने वा फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्यमा हडताल गर्ने,

(ण) फोहोरमैला अत्याधिक उत्पादन हुने वस्तु भनी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी प्रतिबन्ध लगाएको कुनै वस्तु उत्पादन तथा बिक्री वितरण गर्ने,

(त) प्रचलित कानून बमोजिम तोकिएको मापदण्ड विपरित रासायनिक विषादीको आयात गर्ने वा समयावधि सकिएको रासायनिक विषादी प्रचलित कानून र मापदण्ड बमोजिम नष्ट गर्ने जिम्मेवारी पूरा नगर्ने,

(थ) स्रोत मै फोहोरमैलाको पृथकीकरण नगरी फोहोरमैला मिसाएर निष्काशन गर्ने,

(द) मरेको वा मारेको पशुपंक्षी र सोको लादी, प्वाँख, हड्डी तथा माछाको कत्ला आदि सार्वजनिक स्थल, सडक, गल्ली, चोकमा राख्ने, फाल्ने वा थुपार्ने ।

५२. **सजाय तथा जरिवाना** : (१) फोहोरमैला व्यवस्थापन सम्बन्धमा कसैले देहायको कार्य गरेमा देहाय बमोजिमको सजाय तथा जरिवाना गर्नेछः

(क) दफा ५१ को खण्ड (क) बमोजिमको कसूर गर्ने व्यक्तिलाई कार्यपालिकाले पहिलो पटक भए पाँच हजार रुपैयाँसम्म जरिवाना, दोस्रो पटक सोही कसूर गरेमा पाँच हचार रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिवाना र सोही कसूर तेस्रो वा सोभन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि पन्ध्र हजार रुपैयाँका दरले जरिवाना गरी फोहोरमैला उठाउँदा लाग्ने खर्च समेत निजबाट असूल उपर गर्न सक्नेछ ।

(ख) दफा ५१ को खण्ड (ख) र (झ) बमोजिमको कसूर गर्नेलाई कार्यपालिकाले पाँच सय रुपैयाँदेखि पाँच हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(ग) दफा ५१ को खण्ड (ग) बमोजिमको कसूर गर्नेलाई कार्यपालिकाले पन्ध्र हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना गरी कण्टेनर वा संकलन केन्द्र व्यवस्थापन गर्न लाग्ने खर्च असूल उपर गर्न सक्नेछ।

(घ) दफा ५१ को खण्ड (घ) र (ङ) बमोजिमको कसूर गर्नेलाई कार्यपालिकाले पन्ध्र हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना गरी अनुमति नलिएसम्म त्यस्तो कार्य गर्न रोक लगाउनेछ।

(ङ) दफा ५१ को खण्ड (च) बमोजिमको कसूर गर्नेलाई कार्यपालिकाले पाँच हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ र त्यस्तो वस्तु वा पदार्थबाट कुनै क्षति भइसकेको भए त्यस्तो क्षति बापतको रकम समेत कसूरदाताबाट असूल उपर गर्न सक्नेछ।

(च) दफा ५१ को खण्च (छ), (ज) र (द) बमोजिमको कसूर गर्नेलाई कार्यपालिकाले पाँच हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(छ) दफा ५१ को खण्ड (ञ) बमोजिमको कसूर गर्नेलाई कार्यपालिकाले तीस हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(ज) दफा ५१ को खण्ड (ट), (ठ) र (त) बमोजिमको कसूर गर्नेलाई कार्यपालिकाले पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ र सोही कसूर पुन: गरेमा पहिलो पटक गरेको जरिवानाको दोब्बर जरिवाना गरी प्रचलित कानून बमोजिम अनुमति रद्द गर्नको लागि सम्बन्धित निकायमा लेखि पठाउन सक्नेछ।

(झ) दफा ५१ को खण्ड (ड), (ढ) र (ण) बमोजिमको कसूरलाई प्रचलित संघीय कानून बमोजिम सजाय हुनेछ।

(ञ) दफा ५१ को खण्ड (थ) बमोजिमको कसूर गर्नेलाई सम्बन्धित कार्यपालिकाले प्रत्येक पटक पाँच सय रुपैयाँ जरिवाना गर्न सक्नेछ।

(२) वातावरण संरक्षण सम्बन्धमा कसैले देहायको कार्य गरेमा कार्यपालिकाले देहाय बमोजिमको जरिवाना गर्नेछ:

(क) संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराउनु पर्ने प्रस्तावको हकमा त्यस्तो प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदन विपरीत हुने कार्य गरेमा पाँचलाख रुपैयाँसम्म,

(ख) प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदन विपरीत हुने कुनै प्रस्ताव कार्यान्वयन गरेमा दशलाख रुपैयाँसम्म।

(३) कसैले उपदफा (२) बमोजिमको कार्य गरेमा सम्बन्धित कार्यपालिकाले तुरुन्त रोकी वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराएमा यस ऐन बमोजिम त्यस्तो प्रतिवेदन स्वीकृत गराउन र त्यस्तो प्रतिवेदन कार्य भएकोमा सो कार्यलाई सुधार गर्न आदेश दिनेछ र यसरी दिइएको आदेश बमोजिम

गर्नु सम्बन्धित व्यक्ति वा संस्थाको कर्तव्य हुनेछ ।यसरी दिइएको आदेश बमोजिम कार्य नभएमा कार्यपालिकाले उपदफा (१) बमोजिम गरिएको जरिवानाको तेब्बर जरिवाना गर्नेछ ।

(४) उपदफा (२) मा उल्लेखित विषय बाहेक कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड विपरीतका कुनै कार्य गरेमा कार्यपालिकाले त्यस्तो कार्य गर्न बन्देज लगाई तीन लाख रुपैयाँसम्म जरिवाना गरी दुई महिनाभित्र यो ऐन वा यस ऐन बमोजिम बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड बमोजिमको कार्य गर्न आदेश दिन सक्नेछ । यसरी दिएको आदेश बमोजिम कार्य नभएमा यस उपदफा बमोजिम गरिएको जरिवानाको तेब्बर जरिवाना लाग्नेछ ।

(५) उपदफा (३) वा (४) बमोजिम दिएको आदेश बमोजिमको कार्य नभएमा त्यस्तो कार्यमा बन्देज लगाइनेछ र त्यस्तो व्यक्ति वा संस्थालाई कालोसूचीमा राख्ने सम्बन्धमा आवश्यक कारबाही गर्न कार्यपालिकाले सिफारिस सहित संघ र प्रदेश सरकारमा पठाउनु पर्नेछ ।

(६) यस दफा बमोजिम जरिवाना गर्नु अघि जरिवाना गर्न लागेको व्यक्ति वा संस्था वा आयोजनालाई सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

५३. **क्षतिपूर्ति :** (१) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका वा मापदण्ड विपरीत प्रदूषण गरेको वा जोखिमपूर्ण फोहोर निष्कासन गरेको वा कुनै दुर्घटनाजन्य प्रदूषणका कारणबाट कुनै व्यक्ति वा संस्थालाई कुनै हानी नोक्सानी पुग्न गएमा त्यस्तो कार्यबाट पीडित व्यक्ति वा संस्थाले आफूलाई पुग्न गएको क्षति बापत कार्यपालिका वा तोकिएको निकायबाट क्षतिपूर्ति भराई पाउन निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन सम्बन्धमा छानबिन तथा जाँचबुझ गर्दा निवेदकलाई हानी नोक्सानी भएको ठहरेमा क्षतिको यकिन गरी त्यसरी हानि नोक्सानी पुऱ्याउने व्यक्ति, संस्था वा प्रस्तावकबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ ।

(३) गाउँपालिकाको कुनै निकाय वा गाउँपालिकाको स्वामित्व र नियन्त्रणमा रहेको संस्थाले प्रदूषण गरी क्षति पुगेको विषयमा परेको निवेदन सम्बन्धमा छानबिन गर्न कार्यपालिकाले मनोनयन गरेको तीन जना विज्ञ रहेको समिति गठन हुनेछ र सो समितिको सिफारिसको आधारमा उपदफा (२) वा (३) बमोजिम क्षतिपूर्ति भराई दिनु पर्नेछ ।

(५) यस दफा बमोजिम क्षतिपूर्ति निर्धारण गर्ने आधार र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५४. **निवेदन दिन सक्ने :** (१) कसैले यस ऐन विपरित वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदन विपरीत हुने गरी प्रस्ताव कार्यान्वयन गरेमा वा यस ऐन विपरित हुने कार्य गरेमा वा गर्न लागेमा कार्यपालिका वा कार्यपालिकाले तोकेको अधिकारी समक्ष निवेदन दिन सक्नेछ ।

५५. **पुनरावेदन :** (१) दफा ५२ बमोजिम भएको जरिवाना उपर चित्त नबुझ्ने पक्षले उक्त जरिवाना उपर सम्बन्धित जिल्ला अदालतमा पैंतिस दिनभित्र पुनरावेदन गर्न सक्नेछ ।

(२) दफा ५३ बमोजिम क्षतिपूर्ति निर्धारण सम्बन्धमा भएको निर्णय उपर चित्त नबुझ्ने पक्षले पैंतिस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

५६. **सहुलियत तथा सुविधा प्रदान गर्न सक्ने :** वातावरण तथा जैविक विविधता संरक्षणमा सकारात्मक प्रभाव पार्ने कुनै उद्योग, व्यवसाय, प्रविधि वा प्रक्रियालाई प्रोत्साहित गर्न कानून बमोजिम प्रदान गरिएको सहुलियत

तथा सुविधाको अतिरिक्त गाउँपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशित गरि सहुलियत तथा सुविधा प्रदान गर्न सक्नेछ ।

## परिच्छेद- ८

## विविध

५७. **ढुङ्गा, गिटी, वालुवा, माटोको उत्खनन, संकलन, उपयोग, बिक्री तथा वितरण सम्बन्धमा :** (१) गाउँपालिकाको क्षेत्राधिकार भित्र रहेका ढुङ्गा, गिटी, बालुवा तथा माटोको उत्खनन, संकलन, उपयोग, बिक्रि तथा वितरण सम्बन्धी व्यवस्था संघीय सरकारले जारी गरेको मापदण्ड अनुरुप हुनेछ ।

(२) उपदफा (१) बमोजिमको मापदण्डको अधिनमा रही गाउँपालिकाले आफ्नो छुट्टै मापदण्ड र कार्यविधि बनाउन सक्नेछ ।

५८. **भू-उपयोग योजना र भूमि व्यवस्थापन कार्यक्रम संचालन :** संघीय तथा प्रदेश कानूनको अधिनमा रही गाउँपालिकाले स्थानीय तहको भू-उपयोग योजना र भूमि व्यवस्थापन कार्यक्रम संचालन गर्न सक्नेछ ।

५९. **समन्वय र सहजीकरण गर्ने :** वातावरण तथा प्राकृतिक स्रोत संरक्षण सम्बन्धि राष्ट्रिय तथा प्रादेशिक अभियानमा गाउँपालिकाले आवश्यक समन्वय तथा सहयोग गर्नेछ ।

६०. **सर्वेक्षण :** कार्यपालिकाले आफ्नो क्षेत्रमा रहेको वातावरणीय तथा जैविक विविधताको वस्तुस्थिति बुझ्न तथा यकिन गर्न आवधिक रुपमा तोकिए बमोजिमको ढाँचामा वातावरणीय तथा जैविक विविधता सर्वेक्षण गर्न सक्नेछ ।

६१. **गुनासो व्यवस्थापन :** कार्यपालिकाले वातावरण, वातावरण संरक्षण तथा जैविक विविधता सम्बन्धित गुनासो र उजुरीको संकलन गर्ने र त्यसको सम्बोधनको लागि एक अधिकारी तोक्न सक्नेछ ।

६२. **परामर्श लिन सक्ने : गाउँ**सभा, कार्यपालिका वा वातावरण शाखा (इकाई) ले यस ऐनको कार्यान्वनयको लागि सम्बन्धित विषयका विज्ञसँग सल्लाह र परामर्श लिन सक्नेछ ।

६३. **अधिकार प्रत्यायोजन गर्न सक्ने :** कार्यपालिकाले यस ऐन अन्तर्गत तोकिएका जिम्मेवारी तथा अधिकार वातावरण शाखा (इकाई) मा प्रत्यायोजन गर्न सक्नेछ ।

६४. **प्रचलित कानून बमोजिम हुने :** यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।

६५. **नियम बनाउन सक्ने :** यस ऐनको कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ र त्यस्तो नियम गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन पश्चात लागू हुनेछ ।

६६. **मापदण्ड, निर्देशिका र कार्यविधि बनाउन सक्ने :** यस ऐन कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक मापदण्ड, निर्देशिका तथा कार्यविधि बनाउन सक्नेछ ।

# गाउँ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७८

गाउँसभाबाट पारित मिति : २०७८।१२।१०
प्रकाशित मिति : २०७८।१२।२१

**प्रस्तावना :** फेदीखोला गाउँपालिका क्षेत्र भित्र प्राकृतिक तथा गैरप्राकृतिक विपद्बाट सर्वसाधारणको जीउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवम् साँस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्नका लागि विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रूपमा कार्यान्वयनका लागि कानून बनाउन वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२१ को उपधारा (१) को अधिकार प्रयोग गरी दशौँ गाउँसभाले यो ऐन बनाएको छ।

## परिच्छेद – १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "गाउँ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७८" रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ।

(ख) "कोष" भन्नाले दफा १२ बमोजिमको विपद् व्यवस्थापन कोष सम्झनु पर्छ।

(ग) "गैरप्राकृतिक विपद्" भन्नाले महामारी, अनिकाल, डढेलो, कीट वा सूक्ष्म जीवाणु आतङ्क, पशु तथा चराचुरुङ्गीमा हुने फ्लू, प्यान्डामिक फ्लू, सर्पदंश, जनावर आतङ्क, खानी, हवाई, सडक, जल वा औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्याँस, रसायन वा विकिरण चुहावट, ग्याँस विष्फोटन, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदूषण, वन विनाश वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैरप्राकृतिक कारणले उत्पन्न विपद् सम्झनु पर्छ।

(घ) “जिल्ला विपद् व्यवस्थापन समिति” भन्नाले संघीय ऐन विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १६ बमोजिम स्याङ्जा जिल्लामा गठन भएको जिल्ला विपद् व्यवस्थापन समिति सम्झनु पर्छ।

(ङ) “तोकिएको" वा "तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(च) “प्रदेश विपद् व्यवस्थापन समिति” भन्नाले संघीय ऐन विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १४ बमोजिम प्रदेश नं. ४ मा गठन भएको प्रदेश विपद् व्यवस्थापन समिति सम्झनु पर्छ।

(छ) “प्रमुख” भन्नाले नगरपालिकाको प्रमुख सम्झनु पर्छ।

(ज) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(झ) “प्राकृतिक विपद्” भन्नाले हिमपात, असिना, हिमपहिरो, हिमताल विस्फोटन, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो तथा भू-स्खलन, डुबान, खडेरी, आँधी, हुरी बतास, शीतलहर, तातो हावाको लहर, चट्याङ्ग, भूकम्प, ज्वालामुखी बिस्फोट, डढेलो वा यस्तै अन्य प्राकृतिक कारणले उत्पन्न जुनसुकै विपद् सम्झनु पर्छ।

(ञ) “राष्ट्रिय कार्यकारी समिति” भन्नाले संघीय ऐनको दफा ६ बमोजिमको कार्यकारी समिति सम्झनु पर्छ।

(ट) “राष्ट्रिय परिषद्” भन्नाले संघीय ऐनको दफा ३ बमोजिमको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् सम्झनु पर्छ।

(ठ) “राष्ट्रिय प्राधिकरण” भन्नाले संघीय ऐनको दफा १० बमोजिम गठन भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सम्झनु पर्छ।

(ड) "विपद्" भन्नाले कुनै स्थानमा आपत्कालीन अवस्था सिर्जना भई जन वा धनको क्षतिको साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपद् सम्झनु पर्छ।

(ढ) "विपद् खोज तथा उद्धार समूह" भन्नाले विपद्को अवस्थामा खोजी तथा उद्धार गर्न क्रियाशील वा विपद् व्यवस्थापनको लागि परिचालन गर्न तयार गरिएको विशिष्टीकृत खोज तथा उद्धार समूह सम्झनु पर्छ र सो शब्दले तालिम प्राप्त मानवीय सहायताकर्मीलाई समेत जनाउँछ।

(ण) "विपद् जोखिम न्यूनीकरण" भन्नाले विपद्पूर्व गरिने जोखिमको विश्लेषण तथा मूल्याङ्कन, विपद् रोकथाम वा विपद्बाट हुने क्षतिको न्यूनीकरण तथा विकासका कार्यमा विपद् जोखिमलाई कम गर्ने सम्बन्धी कार्य सम्झनु पर्छ।

(त) "विपद् पुनर्लाभ" भन्नाले विपद्को घटनापछि गरिने पुनर्निर्माण एवम् पुनर्स्थापनासँग सम्बन्धित कार्य सम्झनु पर्छ।

(थ) "विपद् प्रतिकार्य" भन्नाले विपद्को घटना घट्नासाथ तत्कालै गरिने खोज, उद्धार एवम् राहतसँग सम्बन्धित कार्य सम्झनु पर्छ र सो शब्दले विपद् प्रतिकार्यको पूर्वतयारीलाई समेत जनाउँछ।

(द) "विपद् व्यवस्थापन" भन्नाले विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य र विपद् पुनर्लाभसँग सम्बन्धित सम्पूर्ण क्रियाकलाप सम्झनु पर्छ।

(ध) "व्यावसायिक प्रतिष्ठान" भन्नाले उद्योग, कलकारखाना, सिनेमा घर, सपिङ्ग मल, बहुउद्देश्यीय व्यापारिक भवन जस्ता व्यावसायिक प्रतिष्ठान सम्झनु पर्छ।

(न) "समिति" भन्नाले दफा ३ बमोजिमको गाउँपालिकाको विपद् व्यवस्थापन समिति सम्झनु पर्छ।

(ऩ) "संघीय ऐन" भन्नाले नेपाल सरकारको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ सम्झनु पर्छ।

(प) "संघीय मन्त्रालय" भन्नाले नेपाल सरकारको विपद् व्यवस्थापन हेर्ने गरी तोकिएको मन्त्रालय सम्झनु पर्छ ।

(फ) "सार्वजनिक संस्था" भन्नाले सरकारी निकाय, सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संस्था, प्रचलित कानून बमोजिम स्थापना भएका सङ्गठित संस्था वा सबै प्रकारका स्वास्थ्य तथा शैक्षिक संस्था सम्झनु पर्छ ।

## परिच्छेद – २

## गाउँ विपद् व्यवस्थापन समितिको गठन तथा काम, कर्तव्य र अधिकार

३. **गाउँ विपद् व्यवस्थापन समितिः** (१) गाउँपालिका भित्रको विपद् व्यवस्थापन सम्बन्धी कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्न एक गाउँ विपद् व्यवस्थापन समिति रहनेछ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछः-

| | | |
|---|---|---|
| (क) | गाउँपालिका अध्यक्ष | -संयोजक |
| (ख) | गाउँपालिका उपाध्यक्ष | -सदस्य |
| (ग) | प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| (घ) | विषयगत समितिका संयोजकहरु | -सदस्य |
| (ङ) | प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय | -सदस्य |
| (च) | सामाजिक शाखा प्रमुख | -सदस्य |
| (छ) | पूर्वाधार विकास शाखा प्रमुख | -सदस्य |
| (ज) | फेदीखोला गाउँपालिकाको भौगोलिक क्षेत्र भित्र रहेका संघीय सुरक्षा निकायका प्रमुख वा प्रतिनिधि | -सदस्य |
| (झ) | फेदीखोला गाउँपालिकाको भौगोलिक क्षेत्र भित्र रहेका प्रदेश प्रहरी कार्यालयको प्रमुख वा प्रतिनिधि | -सदस्य |
| (ञ) | नगर प्रहरी प्रमुख | -सदस्य |
| (ट) | राष्ट्रिय मान्यता प्राप्त दलका गाउँपालिकास्थित प्रमुख वा प्रतिनिधि | -सदस्य |

(ठ) नेपाल रेडक्रस सोसाईटीका स्थानीय प्रतिनिधि (१ जना) -सदस्य

(ड) निजी क्षेत्रको उद्योग वाणिज्य सम्बन्धी मान्यताप्राप्त संस्थाको गाउँ तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि (१ जना) -सदस्य

(ढ) गैरसरकारी सस्था महासंघकाका स्थानीय प्रतिनिधि (१ जना)-सदस्य

(ण) नेपाल पत्रकार महासंघको स्थानीय प्रतिनिधि (१ जना) -सदस्य

(त) विपद् व्यवस्थापन हेर्ने गरी तोकिएको शाखा प्रमुख -सदस्य सचिव

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि क्रम संख्या (ञ), (ट), (ठ), (ड), (ढ) र (ण) का सदस्यहरू उपलब्ध नभएको अवस्थामा पनि समिति गठन एवम् काम कारवाही गर्नमा असर पर्ने छैन।

(४) उपदफा (२) बमोजिमको समितिले संघीय ऐनको दफा १७ बमोजिमको स्थानीय विपद् व्यवस्थापन समितिको रूपमा समेत काम गर्नेछ।

४. **समितिको बैठक सम्बन्धी व्यवस्था:** (१) संयोजकले तोकेको मिति, समय र स्थानमा समितिको बैठक बस्नेछ।

(२) समितिको सदस्य-सचिवले समितिको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समयभन्दा चौबीस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ।

(३) समितिका पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि समितिको बैठक तत्काल बोलाउन आवश्यक भएमा अध्यक्षले जुनसुकै बेला पनि समितिको बैठक बोलाउन सक्नेछ र त्यस्तो अवस्थामा अध्यक्ष र घटीमा १ जना सदस्य सहित सदस्य सचिव उपस्थित भएमा समितिको बैठक बस्न सक्नेछ।

(५) समितिको बैठक संयोजकको अध्यक्षतामा बस्नेछ।

(६) समितिको निर्णय बहुमतद्वारा हुनेछ र मत बराबर भएमा संयोजकले निर्णायक मत दिनेछ।

(७) समितिले आवश्यकता अनुसार सम्बन्धित निकाय वा सङ्घ संस्थाका प्रतिनिधि र विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(९) समितिको निर्णय सदस्य सचिवले प्रमाणित गरी राख्नेछ।

५. **समितिको काम, कर्तव्य र अधिकार:** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) विपद् व्यवस्थापन सम्बन्धी राष्ट्रिय परिषद्बाट स्वीकृत राष्ट्रिय नीति तथा योजना एवम् राष्ट्रिय कार्यकारी समिति र प्रदेश विपद् व्यवस्थापन समितिबाट स्वीकृत एकीकृत तथा क्षेत्रगत नीति योजना र कार्यक्रम अनुरुप हुने गरी गाउँ विपद् व्यवस्थापन नीति तथा योजना तर्जुमा गरी कार्यपालिका समक्ष पेश गर्ने,

(ख) गाउँसभाबाट स्वीकृत नीति तथा योजनाको अधीनमा रही विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य तथा विपद् पुनर्लाभ सम्बन्धी एकीकृत तथा क्षेत्रगत नीति, योजना तथा कार्यक्रम स्वीकृत गरी लागू गर्ने, गराउने,

(ग) गाउँपालिकाबाट सञ्चालन हुने विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रम तथा बजेट प्रस्ताव तयार गर्ने, गराउने,

(घ) विपद् व्यवस्थापनका सम्बन्धमा गाउँपालिकाको संस्थागत क्षमता विकास गर्ने गराउने,

(ङ) गाउँपालिकाका पदाधिकारी, कर्मचारी, स्वयंसेवक, सामाजिक परिचालक तथा समुदायलाई विपद् व्यवस्थापन सम्बन्धमा प्रशिक्षण दिने व्यवस्था मिलाउने,

(च) विपद्का घटना हुनासाथ खोज, उद्धार र राहत लगायतका प्राथमिक कार्यहरू तत्काल गर्नको लागि संस्थागत संयन्त्र स्वत: परिचालित हुने गरी आवश्यक कार्यविधि तथा मापदण्ड तर्जुमा गरी लागू गर्ने, गराउने,

(छ) विपद् व्यवस्थापनका सम्बन्धमा संघीय तथा प्रादेशिक कानूनको अधिनमा रही सार्वजनिक, निजी, गैरसरकारी लगायत सबै निकाय तथा संस्थाले निर्वाह गर्नु पर्ने भूमिका निर्धारण गर्ने तथा त्यस्ता संस्था वा निकायलाई आफ्नो नीति, योजना र कार्यक्रममा विपद् व्यवस्थापन सम्बन्धी विषय समावेश गर्न लगाउने,

(ज) विपद्को समयमा स्थानीय आमसञ्चारका माध्यमहरुको भूमिका सम्बन्धी आवश्यक मापदण्ड तयार गरी कार्यान्वयन गर्ने, गराउने,

(झ) सरकारी, निजी एवम् गैरसरकारी संस्था, स्थानीय स्वयंसेवक, सामाजिक परिचालक लगायत सम्बन्धित सबै पक्षको समन्वय र संलग्नतामा विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्ने, गराउने,

(ञ) भौतिक संरचना निर्माण गर्दा भवनसंहिता लगायत अन्य स्वीकृत निर्देशिका वा मापदण्डको पालना गराउने,

(ट) स्थानीय सार्वजनिक पूर्वाधार सम्बन्धी संरचनाको विपद् जोखिम मूल्याङ्कन गर्ने, गराउने,

(ठ) नदी किनार, बगर, पहिरो जान सक्ने भिरालो जमिन र डुबान हुने क्षेत्र वा विपद् जोखिमको सम्भावना भएका असुरक्षित क्षेत्रमा बसोबास गर्ने व्यक्ति तथा समुदायलाई सुरक्षित स्थानमा स्थानान्तरण गराउन उपयुक्त स्थानको खोजी कार्यमा सहयोग गर्ने तथा सुरक्षित स्थानमा बसोबास सम्बन्धी सचेतना जगाउने,

(ड) विपद्बाट स्थानीय स्तरमा निजी तथा सार्वजनिक क्षेत्रबाट भइरहेको सेवा प्रवाहमा अवरोध आइपरेमा सोको पुनःसञ्चालनका लागि सेवा

निरन्तरताको योजना तर्जुमा तथा कार्यान्वयन सम्बन्धी कार्य गर्ने, गराउने ।

(ढ) स्थानीय समुदायलाई विपद्प्रति जागरुक बनाउन, विपद्सँग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमा गर्न तथा विपद्को घटना हुनासाथ प्रतिकार्यका लागि परिचालित हुन वडा तथा समुदायस्तरमा समावेशी विपद् पूर्वतयारी तथा प्रतिकार्य समिति गठन गर्ने,

(ण) विद्यालय तहको शैक्षिक पाठ्यक्रममा विपद् व्यवस्थापन सम्बन्धी विषय समावेश गर्न पहल गर्ने,

(त) विपद् प्रतिकार्यका लागि नमूना अभ्यास गर्ने, गराउने,

(थ) विपद्को समयमा प्रयोग गर्न सकिने गरी वारुणयन्त्र लगायतका अन्य उपकरणहरू तयारी हालतमा राख्न लगाउने,

(द) स्थानीय स्तरमा आपत्कालीन कार्यसञ्चालन केन्द्रको स्थापना र सञ्चालन गर्ने,

(ध) गाउँपालिकामा विपद् व्यवस्थापन सूचना प्रणाली तथा पूर्वचेतावनी प्रणालीको विकास र सञ्चालन गर्ने, गराउने,

(न) विपद् प्रभावित क्षेत्रमा तत्काल उद्धार तथा राहतको व्यवस्था मिलाउने,

(प) विपद्मा परी हराएका, बिग्रेका वा नष्ट भएका कागजातको यकिन तथ्याङ्क अद्यावधिक गरी राख्न लगाउने,

(फ) विपद्बाट प्रभावित घरपरिवारको पहिचान, स्तर निर्धारण तथा परिचयपत्र वितरण गर्ने, गराउने,

(ब) विपद्को समयमा जोखिममा रहेको समूह विशेषगरी महिला, बालबालिका, किशोरी, अपाङ्गता भएका व्यक्तिउपर हुन सक्ने घटना (लैङ्गिक हिंसा, बेचविखन तथा अन्य कुनै पनि किसिमका शोषण) रोकथामको लागि विशेष सतर्कता अपनाई सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(भ) विपद् प्रभावितहरूको प्रत्यक्ष र सक्रिय सहभागितामा विपद् प्रभावित क्षेत्रमा आर्थिक क्रियाकलापको पुनर्स्थापना, रोजगारीका अवसरको सृजना तथा जीवनयापनका लागि आय आर्जन कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(म) विपद्को जोखिममा रहेका महिला, बालबालिका, जेष्ठ नागरिक, दलित, सीमान्तकृत वर्ग तथा समुदाय, अशक्त तथा अपाङ्गता भएका व्यक्तिहरूको लागि विशेष योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्ने, गराउने,

(य) विपद् व्यवस्थापन सम्बन्धमा सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले प्रचलित ऐन बमोजिम कार्य गरे नगरेको अनुगमन गर्ने,

(र) विपद् व्यवस्थापन सम्बन्धी राष्ट्रिय कार्यकारी समिति, प्रदेश विपद् व्यवस्थापन समिति तथा जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय अनुसार विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्य गर्ने, गराउने,

(ल) विपद् व्यवस्थापनका सम्बन्धमा नेपाल सरकार तथा प्रदेश सरकारका मन्त्रालय, विभाग तथा अन्य निकायसँग सहकार्य गर्ने,

(व) विपद् व्यवस्थापन सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकार वा गाउँसभाले तोकेका अन्य कार्य गर्ने, गराउने,

(श) विपद् व्यवस्थापन सम्बन्धमा संघीय तथा प्रादेशिक कानूनको प्रतिकूल नहुने गरी गाउँ कार्यपालिकाले तोके बमोजिमका अन्य कार्य गर्ने, गराउने,

(ष) विभिन्न संघसंस्था, व्यक्तिबाट प्राप्त हुने राहत तथा पुनर्निर्माण र पुनर्लाभका विषयवस्तुलाई स्थानीय विपद् व्यवस्थापन समितिले तोकेको स्थान र मापदण्ड अनुसार गर्ने, गराउने ।

## परिच्छेद – ३

## वडा स्तरीय विपद् व्यवस्थापन समितिको गठन तथा काम, कर्तव्य र अधिकार

६. **वडा स्तरीय विपद् व्यवस्थापन समिति:** (१) गाउँपालिकाको प्रत्येक वडामा एक वडा स्तरीय विपद् व्यवस्थापन समिति रहनेछ।

(२) वडा स्तरीय विपद् व्यवस्थापन समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) वडा अध्यक्ष -संयोजक

(ख) वडा सदस्यहरू -सदस्य

(ग) वडा भित्र रहेका विषयगत शाखा/इकाई कार्यालय प्रमुखहरू -सदस्य

(घ) वडा भित्र रहेका सुरक्षा निकायका प्रमुखहरू -सदस्य

(ङ) राष्ट्रिय मान्यता प्राप्त दलका वडास्थित प्रमुख वा प्रतिनिधि -सदस्य

(च) स्थानीय रेडक्रस, -सदस्य

(छ) गैरसरकारी तथा सामुदायमा आधारित संघसंस्था तथा युवा क्लवबाट संयोजकले तोकेबमोजिम न्यूनतम २ महिला सहित ४ जना -सदस्य

(ज) वडा सचिव - सदस्य सचिव

(३) उपदफा (२) बमोजिमको समितिको बैठक सो समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(४) समितिको सदस्य-सचिवले समितिको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समयभन्दा चौबीस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ।

(५) समितिका पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(६) उपदफा (४) र (५) मा जुनसुकै कुरा लेखिएको भएता पनि सो समितिको बैठक तत्काल बोलाउन आवश्यक भएमा संयोजकले जुनसुकै बेलापनि समितिको बैठक बोलाउन सक्नेछ र त्यस्तो अवस्थामा संयोजक र घटीमा १ जना सदस्य सहित सदस्य सचिव उपस्थित भएमा समितिको बैठक बस्न सक्नेछ।

(७) समितिको बैठकको अध्यक्षता सो समितिको संयोजकले गर्नेछ ।

(८) समितिको निर्णय बहुमतद्वारा हुनेछ र मत बराबर भएमा संयोजकले निर्णायक मत दिनेछ।

(९) समितिले आवश्यकता अनुसार सम्बन्धित निकाय वा सङ्घ संस्थाका प्रतिनिधि र विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(१०) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(११) समितिको निर्णय सदस्य सचिवले प्रमाणित गरी राख्नेछ ।

७. **वडा स्तरीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) वडा भित्र विपद् प्रतिकार्य तथा विपद् पुनर्लाभ सम्बन्धी कार्यक्रम सञ्चालनका लागि गाउँ विपद् व्यवस्थापन समितिमा सिफारिस गर्ने तथा सो समितिबाट स्वीकृत नीति तथा योजना अनुरूपका विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रम कार्यान्वयन, अनुगमन र पुनरावलोकन गर्ने,

(ख) वडामा विकास निर्माणका क्रियाकलापहरू कार्यान्वयनमा विपद् जोखिम व्यावस्थापनलाई मूलप्रवाहीकरण गर्ने, सुरक्षित विद्यालय तथा अस्पतालका लागि विपद् जोखिम न्यूनीकरणका कार्यक्रमहरू सञ्चालन गर्ने,

(ग) विपद् व्यवस्थापनका सम्बन्धमा वडाको संस्थागत क्षमता विकास गर्ने,

(घ) विपद् व्यवस्थापन योजना, आपत्कालीन कार्ययोजना, पुनःस्थापना तथा पुनर्निर्माण योजना तर्जुमा तथा कार्यान्वयन गर्ने, गराउने,

(ङ) समुदायमा विपद् व्यवस्थापन सम्बन्धी काम गर्ने समूहहरूको गठन तथा त्यस्ता समूहहरूलाई परिचालन गर्ने गराउने,

(च) वडा सदस्यहरू, कर्मचारी, स्वयंसेवक, सामाजिक परिचालक तथा समुदायमा आधारित विपद् व्यवस्थापन समिति सदस्य, नागरिक समाजका प्रतिनिधिलाई विपद् व्यवस्थापन सम्बन्धी प्रशिक्षणको व्यवस्था मिलाउने,

(छ) स्थानीय समुदायलाई विपद्प्रति जागरुक बनाउने, विपद्सँग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमा गर्न तथा विपद्को घटना हुनासाथ प्रतिकार्यका लागि तयारी अवस्थामा राख्ने,

(ज) विपद्का घटना हुनासाथ खोज, उद्धार र राहत लगायतका प्राथमिक कार्यहरू तत्काल गर्नको लागि समन्वय गर्ने,

(झ) आपत्कालीन नमूना अभ्यास गर्ने, गराउने,

(ञ) विपद्बाट प्रभावित घरपरिवारको पहिचान, स्तर निर्धारण तथा परिचयपत्र वितरणमा गाउँ विपद् व्यवस्थापन समितिलाई सहयोग गर्ने,

(ट) विपद्को समयमा जोखिममा रहेका समूह विशेषगरी महिला, बालबालिका, किशोरी, अपाङ्गता भएका व्यक्तिउपर हुन सक्ने घटना (लैङ्गिक हिंसा, बेचविखन तथा अन्य कुनै पनि किसिमका शोषण) रोकथामको लागि विशेष सतर्कता अपनाई सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(ठ) गाउँ विपद् व्यवस्थापन समितिको निर्णय अनुसार विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्य गर्ने गराउने ।

## **परिच्छेद** – ४

## सुरक्षा निकाय तथा अन्य निकायको परिचालन

८. **सुरक्षा निकायको परिचालन तथा सहयोग र समन्वयः** (१) गाउँकार्यपालिकाले विपद् व्यवस्थापनको काममा नेपाल सरकार तथा प्रदेश सरकारले परिचालन गरेका संघीय तथा प्रादेशिक सुरक्षा निकायहरूलाई सहयोग र समन्वय गर्नेछ ।

(२) सुरक्षा निकायले विपद्को समयमा खोज तथा उद्धार कार्यका लागि गाउँकार्यपालिकासँग आवश्यक सामग्री माग गरेको अवस्थामा गाउँपालिकामा उपलब्ध भएसम्म त्यस्तो सामाग्री तत्काल उपलब्ध गराइनेछ।

(३) विपद् प्रतिकार्यका लागि गाउँपालिकाले आँफूसँग रहेको नगर प्रहरीलाई परिचालन गर्नेछ।

९. **वारुणयन्त्र तथा अन्य सेवा प्रदायक निकायको काम, कर्तव्य र अधिकार:**

(१) वारूणयन्त्र, एम्बुलेन्स तथा त्यस्तै अन्य सेवा प्रदायकले आपत्कालीन खोज, उद्धार तथा राहत उपलब्ध गराउन समितिले दिएको निर्देशनको पालना गर्नु पर्नेछ।

(२) आपत्कालीन कार्य सम्पादन गर्दा समितिको आदेश बमोजिम कुनै पनि स्थानमा प्रवेश गर्ने तथा जुनसुकै व्यक्ति वा संस्थाको साधन र स्रोत उपयोग गर्ने अधिकार वारुणयन्त्र सेवा प्रदायकलाई हुनेछ।

१०. **सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानको दायित्व:** (१) विपद् व्यवस्थापन सम्बन्धमा गाउँपालिका भित्रका सबै सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानको दायित्व देहाय बमोजिम हुनेछ:-

(क) आफ्नो भवन, उद्योग, कार्यालय वा व्यावसायिक केन्द्रमा विपद्का घटना हुन नदिन विपद् सुरक्षा औजार, उपकरण, सामग्री, आपत्कालीन निकास लगायत तोकिए बमोजिमका अन्य व्यवस्था गर्ने,

(ख) तथ्याङ्क सङ्कलन, क्षतिको मूल्याङ्कन, राहत, पुनर्स्थापना तथा पुनर्निर्माण समेतका सम्पूर्ण कार्यमा आवश्यक सहयोग गर्ने,

(ग) आफ्ना कर्मचारी तथा कामदारलाई विपद् व्यवस्थापन सम्बन्धमा आधारभूत अभिमुखीकरण गर्ने गराउने,

(घ) विपद् व्यवस्थापन कार्यमा उपयोग हुने स्रोत साधनलाई तयारी हालतमा राख्ने,

(ङ) आफ्ना भवन लगायत अन्य संरचना आपत्कालीन प्रयोजनका लागि आवश्यक परेमा आदेशानुसार उपलब्ध गराउने,

(च) सम्बन्धित अधिकारीको सुपरिवेक्षणमा उद्धार तथा राहत वितरण कार्यमा सहयोग पुऱ्याउने,

(छ) विपद् जोखिम न्यूनीकरण संयन्त्रको व्यवस्था गरी तयारी अवस्थामा राख्ने,

(ज) फोहोरमैला तथा प्रदुषणको यथोचित व्यवस्थापन गरी यसबाट वातावरण र जनजीवनमा पर्न सक्ने नकारात्मक प्रभावलाई न्यूनीकरण गर्ने उपायहरू अपनाउने,

(झ) विपद्को घटना घटेमा तत्काल नजिकको सुरक्षा निकाय र स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई खबर गर्ने ।

(२) गाउँपालिका भित्रका सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले गाउँपालिकाको विपद् व्यवस्थापन सम्बन्धी योजनाको अधीनमा रही विपद् व्यवस्थापन योजनाको तर्जुमा गरी अनिवार्य रूपमा लागू गर्नु पर्नेछ ।

११. **विपद् व्यवस्थापनमा सहयोग गर्नु पर्ने :** गाउँपालिका भित्रका सरकारी कार्यालय, गैरसरकारी संस्था, स्थानीय सङ्घ संस्था, समुदाय, स्वयंसेवक, नागरिक समाज, निजी क्षेत्र तथा व्यक्तिले विपद् व्यवस्थापन कार्यमा गाउँपालिकालाई देहाय बमोजिम सहयोग गर्नु पर्नेछ:-

(क) तथ्याङ्क सङ्कलन, क्षतिको मूल्याङ्कन, राहत, पुनर्स्थापना तथा पुनःनिर्माण लगायतका विपद् व्यवस्थापन सम्बन्धी कार्यमा सहयोग गर्ने,

(ख) विपद् व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने,

(ग) क्षमता विकास, आपत्कालीन नमूना अभ्यास तथा विपद् व्यवस्थापन सम्बन्धी प्रशिक्षण कार्यक्रममा सहयोग गर्ने तथा भाग लिने,

(घ) खोज, उद्धार तथा राहत वितरण सम्बन्धी कार्यमा सहयोग गर्ने।

## परिच्छेद – ५

## विपद् व्यवस्थापन कोष सम्बन्धी व्यवस्था

१२. **विपद् व्यवस्थापन कोष :** (१) विपद् व्यवस्थापनका लागि गाउँपालिकामा छुट्टै एक आकस्मिक कोष रहनेछ।

(२) कोषमा देहाय बमोजिमका रकमहरू रहने छन्:-

(क) गाउँपालिकाको वार्षिक बजेटबाट विपद् व्यवस्थापन कोषमा जम्मा गर्ने गरी स्वीकृत रकम,

(ख) प्रदेश सरकारबाट विपद् व्यवस्थापनका लागि प्राप्त रकम,

(ग) नेपाल सरकारबाट विपद् व्यवस्थापनका लागि प्राप्त रकम,

(घ) स्वदेशी कुनै सङ्घ संस्था वा व्यक्तिबाट दान, दातव्य वा उपहार स्वरुप प्राप्त रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(३) विपद् व्यवस्थापनका लागि गाउँपालिकाले कानून बमोजिम विशेष शुल्क वा दस्तुर संकलन गर्न सक्ने छ |

(४) कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ।

(५) कोषको रकम विपद् व्यवस्थापन सम्बन्धी कामका लागि प्रयोग गरिनेछ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि कोषको रकम नियमित प्रशासनिक कार्यको लागि खर्च गरिने छैन।

(७) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

(८) समितिले कोषको वार्षिक आय व्ययको प्रतिवदेन तयार गरी कार्यपालिका मार्फत गाउँसभा समक्ष पेश गर्नेछ।

## परिच्छेद – ६

## कसूर तथा सजाय

१३. **कसूर र सजाय :** कसैले विपद्को घटना घट्न सक्ने गरी लापरवाही गरेमा वा त्यस्तो घटना घटाउन प्रत्यक्ष संलग्न भएमा वा घटना घटेको अवस्थामा नाजायज फाइदा लिने गरी वा आफुलाई मात्र फाईदा पुग्ने किसिमको कुनै काम गरेमा वा यस सम्बन्धमा संघीय कानून बमोजिम कसुरजन्य मानिने कुनै काम गरेमा तत् सम्बन्धी कारबाही प्रचलित संघीय कानून बमोजिम हुनेछ।

## परिच्छेद – ७

## विविध

१४. **विपद् सङ्कटग्रस्त क्षेत्र घोषणाको पालना र समन्वय :** (१) नेपाल सरकारले गाउँपालिका भित्रको कुनै ठाउँमा गम्भीर प्रकृतिको विपद् उत्पन्न भएबाट विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरी प्रचलित कानून बमोजिम कुनै काम गर्न गराउन आदेश दिएमा सोको पालना गर्नु गराउनु गाउँपालिकाको कर्तव्य हुनेछ।

(२) उपदफा (१) बमोजिम घोषणा गरिएको क्षेत्रमा नेपाल सरकारले प्रचलित कानून बमोजिम कुनै काम गर्न गराउन गाउँपालिका भित्रको कुनै व्यक्ति, संस्था वा अधिकारीलाई आदेश दिएमा सोको पालना गर्न गराउनमा गाउँपालिकाले आवश्यक समन्वय गर्नेछ।

(३) उपदफा (१) बमोजिम घोषणा गरिएको क्षेत्र सम्बन्धी सूचनाको प्रसारणमा गाउँपालिकाले सहयोग र समन्वय गर्नेछ।

१५. **नेपाल सरकारको स्वीकृतीमा मात्र प्रवेश गर्नुपर्ने :** (१) विपद्बाट असर परेको कुनै क्षेत्रमा विदेशी नागरिक वा संस्थाले प्रवेश गर्नु परेमा नेपाल सरकारको स्वीकृति लिएको छ छैन भनी गाउँ कार्यपालिकाले सोधखोज गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सोधखोज गर्दा त्यस्तो नागरिक वा संस्थाले नेपाल सरकारको स्वीकृति लिएको नादेखिएकोमा निजको प्रवेशलाई रोक लगाई तत् सम्बन्धी सूचना नेपाल सरकारलाई उपलब्ध गराइनेछ।

१६. **मानवीय तथा अन्य सहायता र समन्वय :** (१) गाउँपालिका भित्र उत्पन्न विपद्को अवस्थालाई तत्काल सामना गर्न आन्तरिक स्रोत र साधनबाट नभ्याउने भएमा मानवीय तथा अन्य सहायता र समन्वयका लागि जिल्ला समन्वय समिति, प्रदेश सरकार तथा नेपाल सरकारलाई अनुरोध गरिनेछ।

(२) विपद्बाट उत्पन्न स्थिति नियन्त्रण गर्ने क्रममा नेपाल सरकारले अन्तर्राष्ट्रिय मानवीय तथा अन्य सहयोग लिई परिचालन गरेको अवस्थामा नेपाल सरकारको निर्देशनमा रही तत् सम्बन्धी कार्यमा सहयोग र समन्वय गरिनेछ।

(३) छिमेकी स्थानीय तहमा कुनै विपद् उत्पन्न भई सो व्यवस्थापनका लागि छिमेकी स्थानीय तहले सोझै, जिल्ला समन्वय समिति वा प्रदेश सरकार मार्फत अनुरोध गरेमा उपलब्ध भएसम्मको सहयोग पुऱ्याउनु गाउँ कार्यपालिकाको दायित्व हुनेछ।

१७. **तत्काल खरिद तथा निर्माण र प्रयोग गर्न सकिने :** (१) विशेष परिस्थिति परी विपद्बाट प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत उपलब्ध गराउन तथा भइरहेको विपद्बाट थप क्षति हुन नदिनका लागि तत्कालै राहत सामग्री खरिद वा निर्माण कार्य गर्न आवश्यक भएमा सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनमा रहेको विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था बमोजिम गाउँ कार्यपालिकाले खरिद वा निर्माण कार्य गर्न सकिनेछ।

(२) विपद्बाट प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत उपलब्ध गराउन तथा भइरहेको विपद्बाट थप क्षति हुन नदिनका लागि गाउँपालिका क्षेत्र भित्रको कुनै गैरसरकारी कार्यालय वा अन्य संघ संस्था र व्यक्तिको चल, अचल सम्पत्ति तथा सवारी साधन उपयोग गर्न आवश्यक भएमा सोको अभिलेख राखी तोकिएको अवधिभरको लागि अस्थायी तवरले प्राप्त गर्न सकिनेछ।

(३) विपद्बाट प्रभावित क्षेत्रमा तत्काल राहत उपलब्ध गराउन गाउँपालिका क्षेत्र भित्रको कुनै गैरसरकारी कार्यालय वा अन्य संघ संस्था र व्यक्तिको खाद्यान्न, लत्ताकपडा, औषधी वा अन्य वस्तु आवश्यक भएमा सोको अभिलेख राखी नियन्त्रणमा लिन र सम्बन्धित प्रभावित पक्षलाई वितरण गर्न सकिनेछ।

(४) गाउँपालिकाले उपदफा (२) बमोजिम कुनै सम्पत्ति अस्थायी रूपमा प्राप्त गरेमा वा उपदफा (३) बमोजिम कुनै वस्तु नियन्त्रण र वितरण गरेमा त्यस्तो सम्पत्ति प्रयोग वा वस्तु उपयोग बापत प्रचलित दर अनुसारको रकम सम्बन्धित कार्यालय, संस्था वा व्यक्तिलाई दिनेछ।

१८. **राहतको न्यूनतम मापदण्ड सम्बन्धी व्यवस्था :** (१) विपद् प्रभावित व्यक्तिलाई नेपाल सरकार तथा प्रदेश सरकारले उपलव्ध गराउने राहतको अतिरिक्त गाउँपालिकाले आन्तरिक स्रोतबाट थप राहत उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम गाउँपालिकाले विपद् प्रभावित व्यक्तिलाई राहत उपलब्ध गराउँदा मापदण्ड बनाई सोको आधारमा राहात उपलब्ध गराउनेछ।

(३) उपदफा (२) बमोजिमको राहतको मापदण्डमा अन्य विषयको अतिरिक्त देहायका विषय समावेश भएको हुनु पर्नेछः-

(क) विपद्बाट प्रभावित व्यक्तिलाई अस्थायी आश्रयस्थलमा राख्दा उपलब्ध गराउनु पर्ने आवास, खाद्यान्न, खानेपानी, स्वास्थ्य तथा सरसफाइ सम्बन्धी,

(ख) विपद्बाट मृत्यु हुनेको परिवार तथा सम्पत्तिको क्षति हुने व्यक्तिलाई उपलब्ध गराउनु पर्ने न्यूनतम राहत सम्बन्धी,

(ग) महिला, बालबालिका, जेष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका व्यक्तिको आवश्यकता संवोधनका लागि विशेष राहत प्याकेजहरु (जस्तै डिग्निटी किट र चिल्ड्रेन किट) महिलाहरूको लागि सुरक्षित महिलामैत्री स्थल,

(घ) व्यक्तिगत गोपनियता तथा सुरक्षा सम्बन्धी,

(ङ) न्यूनतम राहत बाहेक स्वरोजगार तथा रोजगारी व्यवस्थापनका माध्यमबाट पीडितको जीविकोपार्जन सम्बन्धी,

(च) गैरसरकारी वा व्यक्तिगत रूपमा दिइने राहतको वितरण सम्बन्धी,

(छ) एकद्वार प्रणाली अनुरुप राहत वितरण गर्ने सम्बन्धी,

(ज) राहतसँग सम्बन्धित अन्य उपयुक्त विषय।

१९. **विपद्‌मा परी हराएका वा नष्ट भएका कागजात सम्बन्धमा :** विपद्‌मा परी हराई फेला पर्न नसकेका तथा आंशिक वा पूर्ण रूपमा क्षति भएका गाउँपालिकाका महत्वपूर्ण कागजातहरुको प्रमाणीकरण तथा प्रतिलिपि उपलब्ध गराउने सम्बन्धी व्यवस्था प्रचलित कानूनले तोके बमोजिम हुनेछ।

२०. **निर्देशन दिन सक्ने :** समितिले यस ऐनको अधीनमा रही विपद् व्यवस्थापनका लागि कुनै व्यक्ति वा निकायलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित व्यक्ति वा निकायको कर्तव्य हुनेछ।

२१. **उपसमिति गठन गर्न सक्ने :** (१) समितिले आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमितिको काम, कर्तव्य, अधिकार र कार्याविधि उपसमिति गठन गर्दाका बखत तोकिए बमोजिम हुनेछ।

२२. **अभिलेख राख्नु पर्ने:** (१) विपद्‌को समयमा राहत उपलब्ध गराउने व्यक्ति, निकाय वा संस्थाको नाम, र उपलब्ध गराईको राहत तथा सोको परिमाण सहितको विवरणको अभिलेख राख्ने व्यवस्था समितिले मिलाउनुपर्ने छ।

(२) उपदफा (१) बमोजिमको विवरण राख्दा विपद्‌मा परेका महिला, बालबालिका तथा जेष्ठ नागरिक, विपद्‌का कारणले स्थानान्तरण भएका घरपरिवार लगायतको संख्या एकिन हुने विवरण र उनीहरूलाई उपलब्ध गराइएको राहात स्पष्ट रूपमा राख्नुपर्ने छ।

२३. **पुरस्कार दिन सक्ने :** स्थानीय विपद् व्यवस्थापन सम्बन्धमा विशेष योगदान पुऱ्याउने उत्कृष्ट व्यक्ति वा संस्थालाई प्रोत्साहन स्वरूप समितिको सिफारिसमा गाउँ कार्यपालिकाले सम्मान तथा पुरस्कार दिन सक्नेछ।

२४. **वार्षिक प्रतिवेदन** : (१) समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी कार्यपालिका मार्फत गाउँसभा, जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन समिति समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको वार्षिक प्रतिवेदन सार्वजनिक रूपमा प्रकाशन गर्नु पर्नेछ।

२५. **प्रशासनिक खर्च व्यवस्थापन**: समितिको बैठक तथा प्रतिवेदन तयारी लगायतका कार्यसँग सम्बन्धित न्यूनतम प्रशासनिक खर्च गाउँ कार्यपालिकाले व्यवस्था गर्नेछ।

२६. **अधिकार प्रत्यायोजन** : यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम समितिलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार समितिको संयोजक तथा तोकिएको पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

२७. **नियम बनाउने अधिकार** : गाउँ कार्यपालिकाले यो ऐन कार्यान्वयनका लागि आवश्यक नियम तथा कार्यविधि बनाउन सक्नेछ।

# फेदीखोला गाउँपालिकाको खानेपानी तथा सरसफाई र स्वच्छता ऐन, २०७८

गाउँसभाबाट पारित मिति : २०७८।१२।१०
प्रकाशित मिति : २०७८।१२।२१

**प्रस्तावना:**

स्वच्छ, सुरक्षित र गुणस्तरीय खानेपानी तथा सरसफाई सेवामा पहुँच प्राप्त गर्ने नागरिकको मौलिक अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्था लगायतका संगठित संस्थाहरुका माध्यमबाट सहज र दिगो रुपमा स्वच्छ तथा गुणस्तरीय खानेपानी, सरसफाई र स्वच्छता सम्बन्धी सेवा उपलब्ध गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ बमोजिम यस फेदीखोला गाउँपालिकाको दशौँ गाउँसभाले यो ऐनको तर्जुमा गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

१ **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस ऐनको नाम "फेदीखोला गाउँपालिकाको खानेपानी तथा सरसफाई र स्वच्छता ऐन, २०७८" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२ **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "अनुमतिपत्र" भन्नाले दफा १४ बमोजिमको अनुमतिपत्र सम्झनु पर्दछ।

(ख) "अनुमतिपत्र प्राप्त संस्था" भन्नाले खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धी सेवा प्रदान गर्ने संगठित संस्था सम्झनु पर्दछ।

(ग) "आयोजना" भन्नाले खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धी सेवा प्रदान गर्ने भौतिक संरचनाको निर्माण, विस्तार वा सुधार र तत्सम्बन्धी अन्य कार्य गर्ने उद्देश्यले सञ्चालित आयोजना सम्झनु पर्दछ।

(घ) "उपभोक्ता" भन्नाले खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धी सेवा उपयोग गर्ने व्यक्ति, संस्था वा निकाय सम्झनु पर्दछ।

(ङ) "उपभोक्ता संस्था" भन्नाले सामुदायिक रुपमा सामुहिक हितका लागि खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धी सेवा संचालन गर्ने सामुदायिक संस्था सम्झनु पर्दछ।

(च) “खानेपानी तथा सरसफाई उपभोक्ता समिति” भन्नाले खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धी सेवा उपयोग गर्ने उपभोक्ता घरधुरी सदस्यहरुले उपभोक्ता संस्थाको रुपमा रहेको सामुदायिक संस्थाको विधान बमोजिम साधारण सभा वा अधिवेशनबाट गठन हुने समितिलाई जनाउँदछ ।

(छ) “खानेपानी सेवा” भन्नाले खानेपानीको सञ्चय, स्थानान्तर तथा वितरण गरी घरेलु, सार्वजनिक, संस्थागत वा औद्योगिक उपयोगको लागि खानेपानी आपूर्ति गर्ने कार्य सम्झनु पर्दछ र सो शब्दले थोक, ट्याङ्कर वा बोतलबन्दी रुपमा खानेपानी उपलब्ध गराउने कार्यलाई समेत जनाउँछ ।

(ज) “खानेपानीको सार्वजनिक उपयोग” भन्नाले सार्वजनिक रुपमा जडान भएका धाराबाट उपभोक्ताको लागि वितरण हुने खानेपानीको उपयोग सम्झनु पर्दछ र सो शब्दले अग्नी नियन्त्रण लगायत अत्यावश्यक अवस्थामा सार्वजनिक स्थानहरूमा प्रयोग गर्ने खानेपानीको उपयोगलाई समेत जनाउँछ ।

(झ) “खानेपानीको संस्थागत उपयोग” भन्नाले सरकारी, सार्वजनिक, व्यवसायिक वा व्यापारिक संस्थाहरुले प्रयोग गर्ने खानेपानीको उपयोग सम्झनु पर्दछ र सो शब्दले औद्योगिक संस्थाहरुले औद्योगिक प्रयोजन बाहेकका लागि उपयोग गर्ने खानेपानी समेतलाई जनाउँछ ।

(ञ) “गुणस्तरीय खानेपानी” भन्नाले मानव तथा पशु स्वास्थ्यका लागि हानिकारक तत्व नभएको गुणस्तरयुक्त स्वच्छ खानेपानी सम्झनु पर्दछ र सो शब्दले मानव स्वास्थ्यलाई हानी गर्ने भौतिक, जैविक र रसायनिक पदार्थहरु नरहेको पानी समेतलाई जनाउँदछ ।

(ट) “घरेलु उपयोग” भन्नाले पिउन, हातमुख तथा लुगा धुन, नुहाउन, खाना पकाउन, जीवजन्तु तथा पशुपन्छीलाई खुवाउन, करेसाबारी, शौचालय वा यस्तै अन्य व्यक्तिगत तथा घरायसी प्रयोजनका लागि प्रयोग गरिने खानेपानीको उपयोग सम्झनु पर्दछ ।

(ठ) "शौचालय" भन्नाले मानव मलमूत्र सुरक्षित रुपमा मानव सम्पर्कबाट अलग गर्ने सुविधा सहितको संरचनालाई जनाउँदछ।

(ड) "ढल निकास " भन्नाले मानव मलमूत्र सहित वा रहित फोहोरपानीलाई सतही वा भूमिगत ढल प्रणाली वा अन्य कुनै तरिकाबाट संकलन र स्थानान्तरण गर्ने कार्य सम्झनु पर्दछ।

(ढ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ।

(ण) "पानीको स्रोत" भन्नाले प्राकृतिक रुपमा पानी निसृत हुने नदी, खोला, ताल, पोखरी, इनार, कुवा तथा मूल जस्ता सतही वा भूमिगत जलस्रोत सम्झनु पर्छ र सो शब्दले आकाशे पानी तथा पानीको आपूर्ति गर्ने मानव निर्मित संरचनालाई समेत जनाउँछ।

(त) "फोहोरपानी" भन्नाले खानेपानीको घरेलु, सार्वजनिक तथा संस्थागत उपयोग पश्चात निष्काशन हुने मानव मलमूत्र सहित वा रहितको फोहोरपानी सम्झनु पर्दछ र सो शब्दले फोहोरपानीसँग मिसिएर आउने वर्षातको पानीलाई समेत जनाउँछ।

(थ) "सरसफाई सेवा" भन्नाले फोहोर पानी व्यवस्थापन तथा ढल निकास गरी वातावरणीय स्वच्छता कायम राख्ने कार्य सम्झनु पर्दछ र सो शब्दले पानीको स्रोतको संरक्षण गर्न ढल निकास प्रणाली, फोहोर पानी प्रशोधन प्रणाली तथा सार्वजनिक शौचालयको निर्माण, संचालन तथा प्रवर्द्धन गर्ने कार्यलाई समेत जनाउँदछ।

(द) "स्वच्छता" भन्नाले नियमित रुपमा शौचालयको प्रयोग गर्ने, नियमित रुपमा साबुन पानीले हात धुने, घरायसी तहमा पिउने पानीको सुरक्षित व्यवस्थापन र शुद्धिकरण गर्ने, व्यक्तिगत सरसफाई कायम गर्ने र घर भित्र र बाहिरका तरल र ठोस फोहोर मैलाको उचित व्यवस्थापन गरी पूर्ण स्वच्छता कायम गर्ने कार्यलाई समेत जनाउँदछ।

(ध) “संगठित संस्था” भन्नाले खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धी सेवा संचालन गर्नको लागि यस ऐन तथा अन्य प्रचलित कानून बमोजिम दर्ता भई स्थापना भएका खानेपानी तथा सरसफाई उपभोक्ता संस्थालाई जनाउँदछ र सो शब्दले प्रचलित कानून बमोजिम खानेपानी तथा सरसफाई सेवा प्रदान गर्ने उद्देश्यले स्थापना भएका अन्य संस्था समेतलाई जनाउँछ ।

(न) “सेवा प्रणाली” भन्नाले खानेपानीको मुहान, पाइप, प्रशोधन संयन्त्र, जल भण्डारण संरचना, जलाशय वा सरसफाई सेवासँग सम्बन्धित संरचना वा त्यस्तै किसिमका अन्य उपकरण वा संरचना सम्झनु पर्दछ र सो शब्दले खानेपानी तथा सरसफाई सेवासँग आवद्ध भएको घर, जग्गा र त्यसमा निर्मित संरचनालाई समेत जनाउँछ ।

(प) “सेवा प्रदायक” भन्नाले खानेपानी सेवा, सरसफाई सेवा र स्वच्छता सम्बन्धी सेवा प्रणालीको निर्माण, संचालन तथा व्यवस्थापनको माध्यमबाट खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धी सेवा उपलब्ध गराउने उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्था सम्झनु पर्दछ।

(फ) “सेवा क्षेत्र” भन्नाले उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले खानेपानी तथा सरसफाई र स्वच्छता सेवा संचालन तथा व्यवस्थापन गर्नका लागि निर्धारण गरिएको वा अनुमतिपत्रमा उल्लेख गरिएको क्षेत्र सम्झनु पर्दछ ।

## परिच्छेद २

## खानेपानी तथा सरसफाईमा पहुँचको अधिकार र खानेपानी प्रणालीसम्बन्धी व्यवस्था

३ **खानेपानी तथा सरसफाईमा पहुँचको अधिकार** : (१) यस फेदीखोला गाउँपालिकामा रहेका प्रत्येक नागरिकलाई बिना भेदभाव स्वच्छ खानेपानी तथा सरसफाईमा सहज र सुलभ पहुँचको अधिकार हुनेछ र यस ऐन तथा प्रचलित कानून बमोजिम त्यस्तो अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र परिपूर्ति हुनेछ ।

(२) उपदफा (१) बमोजिमको खानेपानी तथा सरसफाईमा पहुँचको अधिकार अन्तर्गत यस फेदीखोला गाउँपालिकामा प्रत्येक नागरिकलाई देहायको अधिकार हुनेछ :

(क) उपभोक्ता संस्था स्थापना गर्ने अधिकार र स्वच्छ खानेपानी तथा सरसफाईमा सहज र सुलभ पहुँचको अधिकार,

(ख) नियमित रुपमा पर्याप्त, स्वच्छ र गुणस्तरीय खानेपानी प्राप्त गर्ने अधिकार,

(ग) गुणस्तरीय सरसफाईमा सहज र सुलभ रुपमा पहुँचको अधिकार।

(३) उपदफा (१) बमोजिमको अधिकारको सम्मान, संरक्षण, सम्बद्धन, परिपूर्ति र कार्यान्वयन गर्ने जिम्मेवारी यस फेदीखोला गाउँपालिका र सम्बन्धित उपभोक्ता संस्थाको हुनेछ र यसका लागि यस फेदीखोला गाउँपालिका र सम्बन्धित उपभोक्ता संस्थाले नेपाल सरकार तथा प्रदेश सरकारसँग समन्वय गरी आवश्यक सहयोग प्राप्त गर्न सक्नेछन्।

(४) यस फेदीखोला गाउँपालिकाले आफनो क्षेत्रमा रहेका उपभोक्ता संस्थाहरुले आपूर्ति गर्ने खानेपानीको सुविधास्तर निर्धारण गर्न सक्नेछ र यस प्रयोजनका लागि खानेपानीको सुविधास्तरको लागि उपभोक्ता संस्थाहरुसँग छलफल गरी आवश्यक सूचकहरु निर्धारण गर्न सक्नेछ।

४ **खानेपानीका स्रोतमाथिको अधिकार**: (१) यस फेदीखोला गाउँपालिकामा जलस्रोतको उपयोग गर्दा खानेपानीलाई पहिलो प्राथमिकता प्रदान गरिने छ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएपनि घरेलु उपयोगका लागि पानीको उपयुक्त परिमाणको व्यवस्था गरेर मात्र जलस्रोतको उपयोगसँग सम्बन्धित सिंचाई, जलविद्युत जस्ता आयोजना र अन्य प्रयोजनको लागि प्रयोग गर्नु पर्नेछ।

(३) यस ऐन तथा प्रचलित कानून बमोजिम कुनै उपभोक्ता संस्था वा समुदायले सामुदायिक हित हुनेगरी परम्परागत रुपमा वा उपभोक्ता संस्थाका माध्यमबाट घरेलु, सार्वजनिक र संस्थागत प्रयोजनका लागि उपयोग गर्दै आएको खानेपानीको परिमाण बराबरको जलस्रोतमा सोही प्रयोजनको लागि त्यस्तो उपभोक्ता संस्था वा समुदायको अधिकार सुरक्षित रहनेछ।

(४) कुनैपनि खानेपानी प्रणालीबाट उपलब्ध भएको खानेपानी सेवा कुनै कारणले प्रभावित हुने भएमा अर्को वैकल्पिक व्यवस्था नभएसम्म प्रभावित व्यक्ति, बस्ती, समुदाय र सामाजिक संस्थालाई सो खानेपानी प्रणालीबाट खानेपानी सेवा प्राप्त गर्ने अधिकार सुरक्षित रहनेछ ।

(५) खानेपानी तथा सरसफाई सेवासँग सम्बन्धित प्रणाली तथा संरचनालाई प्रतिकूल असर पर्ने गरी अन्य कुनै निकाय वा विकास परियोजनाले कुनै संरचना बनाउनु परेमा प्रभावित उपभोक्ता संस्थाको सहमति लिनु पर्नेछ ।

(६) कुनै विकास परियोजना वा आयोजनाका कारण उपभोक्ता संस्थाद्वारा सञ्चालित वा परम्परागत रुपमा सञ्चालित खानेपानी आपूर्ति प्रणाली वा संरचनामा क्षति भएमा उक्त परियोजना वा आयोजनाले प्रभावित उपभोक्ता संस्थालाई न्यायोचित क्षतिपूर्ति उपलब्ध गराउनुका साथै प्रभावित खानेपानी प्रणाली र संरचनाको मर्मत सम्भार गर्नु पर्नेछ ।

(७) नेपाल सरकार वा प्रदेश सरकारले यस गाउँपालिकामा रहेको खानेपानीका स्रोतबाट खानेपानी संकलन तथा प्रशोधन गरी निर्यात वा अन्य कुनै व्यापार गर्न कुनै संस्थालाई अनुमतिपत्र दिनुपूर्व यस गाउँपालिका र प्रभावित उपभोक्ता संस्था वा समुदायको सहमति लिनु पर्नेछ ।

५ **पानीको स्रोत तथा मुहानको संरक्षण** : (१) खानेपानी तथा सरसफाईमा योगदानका लागि खानेपानीका मुहान तथा स्रोत संरक्षण गर्नु सबै नागरिक, स्थानीय समुदाय, संघ संस्था र निकायको कर्तव्य हुनेछ ।

(२) यस फेदीखोला गाउँपालिकामा रहेका खानेपानीको स्रोत तथा मुहानको संरक्षणका लागि गाउँपालिका र सम्बन्धित उपभोक्ता संस्थाको समन्वयमा देहाय बमोजिमका कार्यहरु गर्नु पर्नेछ :

(क) खानेपानीको स्रोत संरक्षणको लागि जलाधार, पानी निश्रृत भएर आउने मुलाधार, सिमसार र वन क्षेत्र संरक्षण गरी बाढी, पहिरो

नियन्त्रण गर्ने र खानेपानीको मूल वा मुहानलाई दिगो बनाई राख्न नियमित रुपमा मर्मत सम्भार र सरसफाई गर्ने।

(ख) खानेपानीको स्रोतलाई प्रदुषण हुन नदिने र पानीको स्रोत नष्ट वा लोप हुनबाट बचाउने,

(ग) खानेपानीको संरक्षण र समुचित उपयोगका बारेमा खानेपानी उपभोक्ता वा सम्बन्धित पक्षहरुलाई सचेतना अभिवृद्धि गर्ने।

(घ) खानेपानीको स्रोत प्रदूषण हुन नदिन तथा पानीको मूल वा वहाव क्षेत्रको संरक्षणका लागि जैविक खेती गर्न र चरीचरण तथा आगलागी नियन्त्रण गर्न कृषकहरुलाई प्रोत्साहन गर्ने।

(ङ) खानेपानीको मूहान वा वहाव क्षेत्र वा सो क्षेत्रका प्रणालीमा प्रतिकूल असर पर्नेगरी विषादी वा विष्फोटक पदार्थ प्रयोग गर्न बन्देज गर्ने।

(च) खानेपानीको स्रोत र वहाव प्रणालीमा हुने प्रदुषण नियन्त्रणका लागि आवश्यक पर्ने अन्य कार्यहरु गर्ने।

(३) यस फेदीखोला गाउँपालिकामा रहेका उपभोक्ता संस्थाले अन्य छिमेकी फेदीखोला गाउँपालिकाको क्षेत्रमा रहेको मुहान वा स्रोतबाट खानेपानी ल्याएको भएमा त्यस्तो क्षेत्रको खानेपानीको मूहान तथा स्रोत संरक्षणका लागि सम्बन्धित स्थानीय तहसँग समन्वय गर्नुपर्नेछ।

(४) व्यापारिक तथा नाफामूलक प्रयोजनका लागि खानेपानी आपूर्ति गर्न अनुमतिपत्र प्राप्त संस्थाले आफ्नो स्रोत साधन प्रयोग गरी उपदफा (२) बमोजिमका कार्यहरु गर्नु पर्नेछ।

(५) खानेपानीको प्रयोजनका लागि निर्माण गरिएका कुनै पनि प्रकारका धाराहरुबाट पानी प्रयोग गर्ने समयमा बाहेक अन्य समयमा पानी खेर फाल्न पाइने छैन।

६ **भूमिगत पानीको उपयोग** : (१) भूमिगत पानीको उपयोगका लागि नेपाल सरकारले बनाएको मापदण्डलाई मध्यनजर गर्दै गाउँपालिकाले आवश्यक मापदण्ड बनाई लागू गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको मापदण्डको अधीनमा रही व्यक्ति, उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले भूमिगत पानीको उपयोग गर्न सक्नेछन्।

७ **खानेपानी तथा सरसफाई प्रणाली** : (१) यस गाउँपालिका भित्र खानेपानी तथा सरसफाई उपभोक्ता समितिको रुपमा रहने उपभोक्ता संस्थाका माध्यमबाट सामुहिक रुपमा स्वच्छ, सुरक्षित तथा गुणस्तरीय खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धी सेवाको संचालन तथा व्यवस्थापन गर्नु पर्नेछ।

(२) भौगोलिक जटिलता, बढी लागत तथा विशिष्टकृत प्राविधिक सीपको आवश्यकता र दक्ष जनशक्तिको आवश्यकता पर्ने भई गाउँपालिका र उपभोक्ता संस्थाले मात्र सम्पन्न गर्न नसक्ने प्रकृतिका खानेपानी तथा सरसफाई आयोजनाको सहलगानीमा निर्माण, संचालन तथा व्यवस्थापनका लागि फेदीखोला गाउँपालिका र उपभोक्ता संस्थाले नेपाल सरकार वा प्रदेश सरकारसँग सहयोग माग गर्न सक्नेछन्।

(३) खानेपानी तथा सरसफाई आयोजनाको निर्माण गर्दा र भौतिक संरचना बनाउँदा उपभोक्ता संस्थाले आफै निर्माण गर्नुपर्नेछ र उपभोक्ता संस्थाले निर्माण गर्न नसक्ने प्रकृतिका र सहलगानीका बहुवर्षिय आयोजनाको भौतिक संरचनाको निर्माणका लागि मात्र प्रतिष्पर्धाका आधारमा निर्माण व्यवसायी छनौट गर्न सकिनेछ।

(४) फेदीखोला गाउँपालिकाले सतह तथा भूमिगत पानीको स्रोत पर्याप्त नभएको क्षेत्रमा नागरिकलाई खानेपानी उपलब्ध गराउनको लागि आकाशे पानी संकलन गर्ने तथा अन्य उपयुक्त प्रविधि वा प्रणाली निर्माणका लागि नेपाल सरकार र प्रदेश सरकारसँग समेत समन्वय गरी आर्थिक तथा प्रविधिक सहयोग उपलब्ध गराउन सक्नेछ।

(५) कुनै उपभोक्ता संस्थाले यस फेदीखोला गाउँपालिका सहित अन्य स्थानीय तहको क्षेत्रमा समेत खानेपानी तथा सरसफाई सेवा आपूर्ति गरेको रहेछ भने उक्त उपभोक्ता संस्थालाई दुबै तथा सम्बन्धित सबै स्थानीय तहबाट सहयोग गर्न सकिने छ।

(६) कुनै व्यक्तिको निजी जग्गामा रहेको पानीको स्रोतलाई आफ्नो घरेलु प्रयोजनका लागि उपयोग गर्न पाइने छ र निजी जग्गाको पानीको स्रोतलाई सामुहिक

हितका लागि सामुदायिक रुपमा खानेपानी आपूर्ति गर्ने उपभोक्ता संस्थाले पनि उपयोग गर्न सक्नेछ ।

(७) व्यापारिक वा व्यवसायिक रुपमा खानेपानी आपूर्ति गर्न अनुमतिपत्र प्राप्त संस्थाले कुनै कारणले नियमित रुपमा खानेपानी सेवा आपूर्ति गर्न नसकेमा सो अवधिका लागि उपभोक्तालाई ट्र्याङ्कर वा अन्य वैकल्पिक व्यवस्थाद्वारा उपयुक्त गुणस्तर र परिमाणको खानेपानी उपलब्ध गराउनु पर्नेछ ।

(८) खानेपानी तथा सरसफाई उपभोक्ता समिति/उपभोक्ता संस्था र अनुमतिपत्र प्राप्त संस्थाले आफूले संचालन गरेको खानेपानी आपूर्ति प्रणालीको आधारभूत जानकारीहरु (पानीको स्रोत र परिमाण, उपभोक्ता घरधुरी संख्या र जनसंख्या, पदाधिकारी, लैङ्गिक तथा सामाजिक समावेशीकरणको अवस्था, लगानी रकम, शुल्क तथा महशुल दर, सम्पर्क र गुनासा सुनुवाई संयन्त्र आदि) बारे सूचना पाटी तयार गरी सार्वजनिक स्थलमा राख्नुपर्नेछ ।

८ **खानेपानी आयोजना र संरचनाको हस्तान्तण** : (१) गाउँपालिकामा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले विकास र निर्माण गरेका खानेपानी तथा सरसफाई आयोजना र सोसम्बन्धी संरचनाहरु खानेपानी तथा सरसफाई उपभोक्ता समितिको रुपमा रहेका उपभोक्ता संस्थालाई हस्तान्तरण गर्न सकिने छ ।

(२) व्यवसायिक तथा व्यापारिक प्रयोजनका लागि संगठित संस्थाले संचालन गरेका खानेपानी तथा सरसफाई आयोजना र सोको संरचनाहरु उक्त संगठित संस्थाले पाएको अनुमतिपत्रको अवधि सकिएपछि वा अनुमतिपत्र खारेज भएको अवस्थामा उक्त आयोजना र सोको संरचनाहरु पनि खानेपानी तथा सरसफाई उपभोक्ता समितिको रुपमा रहेका उपभोक्ता संस्थालाई हस्तान्तरण गर्न सकिने छ ।

## परिच्छेद ३
## उपभोक्ता संस्था सम्बन्धी व्यवस्था

९ **खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको गठन** : (१) गाउँपालिकाको कुनै क्षेत्र वा बस्तीमा सामुदायिक हित र सामुहिक लाभका लागि संस्थागत रूपमा जलस्रोतको

उपयोग गरी खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धी सेवा संचालन र उपयोग गर्न चाहने उपभोक्ताहरूले खानेपानी तथा सरसफाई उपभोक्ता संस्था गठन गर्न सक्नेछन्।

(२) खानेपानी तथा सरसफाई उपभोक्ता संस्था गठन नभएका क्षेत्रमा गाउँपालिकाले उपभोक्ता संस्था गठनका लागि आवश्यक सहयोग र सहजीकरण गर्न सक्नेछ।

(३) प्रचलित कानून बमोजिम गाउँपालिकाको क्षेत्राधिकार, दायित्व र जिम्मेवारी अन्तर्गत पर्ने किसिमका खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाहरु गठन भएमा उपभोक्ता संस्थाको विधान सहित उपभोक्ता संस्था दर्ताका लागि गाउँपालिका समक्ष निवेदन दिनुपर्नेछ।

(४) उपदफा (३) बमोजिम पेश भएको विधान अनुसारको उपभोक्ता संस्था दर्ता गर्न सामाजिक, आर्थिक र प्राविधिक दृष्टिकोणले उपयुक्त देखिएमा गाउँपालिका प्रमुख/अध्यक्षले विधान स्वीकृत गरी उपभोक्ता संस्था दर्ताको प्रमाणपत्र प्रदान गर्नु पर्नेछ।

(५) कुनै एउटा खानेपानीको स्रोत उपयोगका लागि उपभोक्ता संस्था स्थापना भइसकेकोमा सोही खानेपानीको स्रोत प्रयोग गर्नेगरी अर्को उपभोक्ता संस्था दर्ता गर्न पाइने छैन।

(६) यो ऐन लागू हुनुपूर्व प्रचलित कानून बमोजिम जिल्ला जलस्रोत समिति वा विभिन्न निकायमा दर्ता भई संचालन हुँदै आएका खानेपानी तथा सरसफाई उपभोक्ता संस्था/समूह/समितिहरु मध्ये प्रचलित संघीय र प्रदेश कानून बमोजिम यस गाउँपालिकाको क्षेत्राधिकार, दायित्व र जिम्मेवारी अन्तर्गत पर्ने किसिमका खानेपानी तथा सरसफाई उपभोक्ता संस्था/समूह/समितिहरु यो ऐन लागू भएपश्चात् यस गाउँपालिकामा आफ्नो साविक विधान र दर्ता प्रमाणपत्र पेश गरी उपभोक्ता संस्था अद्यावधिक हुनु पर्नेछ।

तर यस प्रयोजनका लागि नयाँ उपभोक्ता संस्था दर्ता गर्नुपर्ने छैन।

(७) उपदफा (६) को प्रयोजनका लागि जिल्ला जलस्रोत समितिले आफ्नो कार्यालयमा दर्ता रहेका तर यस गाउँपालिकाको क्षेत्राधिकार, दायित्व र जिम्मेवारी भित्र

पर्ने खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाहरुको दर्ता अभिलेख, फाइल र सम्बन्धित कागजातहरु यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्रमा यस फेदीखोला गाउँपालिकामा हस्तान्तरण गर्नुपर्नेछ।

(८) प्रचलित कानून बमोजिम नेपाल सरकार वा प्रदेश सरकारको क्षेत्राधिकार अन्तर्गत पर्ने खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाहरुले यस फेदीखोला गाउँपालिकाको क्षेत्रमा खानेपानी तथा सरसफाई सेवा संचालन गर्दै आएको भएमा उक्त संस्थाको दर्ता प्रमाणपत्र, विधान र खानेपानीको स्रोत सहितको विवरण यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्रमा यस गाउँपालिकामा अभिलेखको रुपमा राख्नका लागि उपलब्ध गर्नुपर्नेछ।

(९) गाउँपालिकामा दर्ता वा अद्यावधिक भएका खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्रमा आफ्नो लेखा परीक्षण प्रतिवेदन र वार्षिक प्रगति प्रतिवेदन गाउँपालिका समक्ष पेश गर्नुपर्नेछ।

(१०) खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाले आफूले उपयोग गर्दै आएको खानेपानीको स्रोत उपयोग अनुमतिपत्रलाई प्रत्येक पाँच वर्षमा गाउँपालिकाले तोकेको दस्तुर तिरी नवीकरण गराउनु पर्नेछ, तर उपभोक्ता संस्था नवीकरण गर्नुपर्ने छैन।

(११) कुनै क्षेत्रमा रहेका खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाहरु एक आपसमा गाभिन वा आवश्यकताका आधारमा अलग अलग हुन सक्ने छन्।

(१२) उपभोक्ता संस्था सम्बन्धी अन्य व्यवस्थाहरु तोकिए बमोजिम हुनेछ।

१० **खानेपानी तथा सरसफाई उपभोक्ता संस्था सङ्गठित संस्था हुने** : (१) यस ऐन तथा प्रचलित कानून बमोजिम दर्ता भएका खानेपानी तथा सरसफाई उपभोक्ता संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र सङ्गठित संस्था हुनेछ।

(२) खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको सबै काम कारवाहीको निमित्त आफ्नो छुट्टै छाप हुनेछ।

(३) खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ।

(४) खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाले व्यक्ति सरह नालिस उजूर गर्न र उपभोक्ता संस्था उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ।

११ **उपभोक्ता संस्थाको कार्यसमिति** : (१) खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको कार्यसमिति कम्तिमा सात र बढीमा पन्ध्र सदस्यीय हुनुपर्नेछ र कार्यसमिति गठन गर्दा उपभोक्ता संस्थाको क्षेत्रभित्रका विभिन्न जातजातिको प्रतिनिधित्व र सामाजिक समावेशीकरणलाई ध्यान दिनु पर्नेछ।

(२) उपभोक्ता संस्थाको कार्यसमितिमा कम्तिमा ५० प्रतिशत महिला प्रतिनिधि हुनु पर्नेछ र अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तिमा दुई पदमा महिला पदाधिकारी हुनु पर्नेछ।

(३) खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको कार्यसमितिको कार्यकाल चार वर्षको हुनेछ।

(४) कुनै पनि व्यक्तिले अध्यक्षको रुपमा बढीमा दुई कार्यकाल मात्र काम गर्न पाउने छ र कुनै पनि व्यक्ति कुनै एउटै पदमा दुई पटक भन्दा बढी दोहोरिएर पदाधिकारी बन्न पाउने छैन।

(५) उपभोक्ता संस्थाको कार्यसमितिको गठन वा विघटन उपभोक्ता संस्थाको साधारण सभाको रुपमा आयोजना गरिने अधिवेशनले मात्र गर्न सक्नेछ।

(६) उपभोक्ता संस्थाको प्रत्येक वर्ष साधारण सभा आयोजना गरी वार्षिक कार्यक्रम र लेखा परीक्षण प्रतिवेदन पारित गर्नुपर्नेछ र आवश्यकता अनुसार विशेष साधारण सभा पनि आयोजना गर्न सकिनेछ।

(७) उपभोक्ता संस्थाको साधारण सभा वा अधिवेशन आयोजना गर्नका लागि यस फेदीखोला गाउँपालिका र सम्बन्धित निकायले आवश्यकता अनुसार सहयोग तथा सहजीकरण गर्न सक्नेछन्।

१२ **उपभोक्ता संस्थाको विधान**: उपभोक्ता संस्थाको विधानमा देहाय बमोजिमका व्यवस्थाहरु समावेश गर्नुपर्नेछ :

(क) उपभोक्ता संस्थाको नाम, ठेगाना, कार्यक्षेत्र र स्रोत

(ख) उपभोक्ता संस्थाको उद्देश्य र कार्यहरु

(ग) सदस्यता (सदस्य, सदस्य शुल्क, सदस्यता शुल्क छुट, सदस्यता नहरने आदि)

(घ) अधिवेशन, वार्षिक साधारण सभा, विशेष साधारण सभा र अधिवेशन तथा साधारण सभाका कार्यहरु

(ङ) कार्यसमितिको गठन र कार्यसमितिका काम, कर्तव्य र अधिकारहरु

(च) कार्यसमितिको बैठक र कार्यविधि

(छ) पदाधिकारीहरुको काम, कर्तव्य र अधिकारहरु

(ज) अविश्वासको प्रस्ताव

(झ) उपभोक्ता संस्थाको कोष, सेवा शुल्क र आर्थिक स्रोत संकलन तथा चल अचल सम्पत्ति व्यवस्थापन, लेखा परीक्षण

(ञ) निर्वाचन सम्बन्धी व्यवस्था

(ट) विविध (विधान संशोधन, संस्था विघटन, विनियम बनाउन सक्ने व्यवस्था आदि)

(२) खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको विधानमा स्थानीय आश्यकता र उपभोक्ता संस्थाले संचालन गर्ने खानेपानी आयोजनाको प्रकृतिका आधारमा थप व्यवस्थाहरु समावेश गर्न सकिनेछ।

१३ **उपभोक्ता संस्थाको कोष** : (१) उपभोक्ता संस्थाको एक कोष रहने छ र उक्त कोषमा उपभोक्ता सदस्यता शुल्क, खानेपानी तथा सरसफाई सेवा शुल्क,गाउँपालिका र विभिन्न निकाय तथा संघ संस्थाबाट प्राप्त रकम र कानून बमोजिम प्राप्त रकम जम्मा गर्नुपर्नेछ।

(२) उपभोक्ता संस्थाले खानेपानी तथा सरसफाई सम्बन्धी आयोजना निर्माण, संचालन तथा व्यवस्थापनका लागि गाउँपालिका र विभिन्न सरकारी निकाय तथा गैरसरकारी संघ संस्थासँग सहयोग प्राप्त गर्न सक्नेछन्।

(३) उपभोक्ता संस्थाले आफ्नो कोषमा भएको रकमलाई खानेपानी तथा सरसफाई आयोजनाको दिगोपना तथा मर्मत सम्भार गर्न र अन्य कुनै निकायहरुसँगको

सहलगानीमा खानेपानी तथा सरसफाई आयोजना संचालनका लागि समेत सदुपयोग गर्न सक्नेछ ।

(४) उपभोक्ता संस्थाले आफनो विधानमा भएको व्यवस्था बमोजिम लेखा परीक्षक नियुक्त गरी संस्थाको वार्षिक आय व्ययको लेखा परीक्षण गराई वार्षिक साधारण सभाबाट पारित गर्नुपर्नेछ ।

## परिच्छेद ४

## अनुमतिपत्र सम्बन्धी व्यवस्था

१४ **अनुमतिपत्र लिनुपर्ने**: (१) यस गाउँपालिकाको कुनै क्षेत्रमा कुनै कम्पनी वा उद्योग जस्ता व्यवसायिक संस्थाले नाफामूलक वा व्यापारिक प्रयोजनका लागि खानेपानी तथा सरसफाई सेवा प्रदान गर्ने आयोजना वा सेवा प्रणालीको सर्भेक्षण, निर्माण, संचालन तथा व्यवस्थापन गर्न र खानेपानीको स्रोतको व्यवसायिक उपयोग गर्न  चाहेमा यस ऐन बमोजिम गाउँपालिकाको गाउँ कार्यपालिकाबाट अनुमतिपत्र लिनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक रुपमा सामुहिक प्रयोजनका लागि उपभोक्ता संस्थाले खानेपानी तथा सरसफाई आयोजनाको सर्भेक्षण, निर्माण, संचालन तथा व्यवस्थापन गर्न र खानेपानी तथा सरसफाई उपभोक्ता समितिको रुपमा रहेका उपभोक्ता संस्थाद्वारा खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धी सेवा प्रदान गर्न अनुमतिपत्र लिनुपर्ने छैन।

(३) यस गाउँपालिकाको क्षेत्रभित्र वा क्षेत्रबाट उपदफा (१) बमोजिम व्यापारिक, व्यवसायिक तथा औद्योगिक प्रयोजनका लागि खानेपानी आयोजना वा सेवा प्रणाली संचालन गर्न चाहने व्यवसायिक किसिमका संगठित संस्थाले सम्बन्धित विषयको आर्थिक, प्राविधिक तथा प्रचलित कानून बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन तथा फेदीखोला गाउँपालिकाले तोकेको अन्य आवश्यक विवरण र अनुमतिपत्र दस्तुर समेत संलग्न गरी यस फेदीखोला गाउँपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त निवेदनमा छानबिन गर्दा थप कागजात आवश्यक पर्ने वा कुनै विषयमा थप स्पष्ट गर्नुपर्ने देखिएमा यस फेदीखोला गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले सो बमोजिमका कागजातहरु पेश गर्न वा स्पष्ट गर्न बढीमा पन्ध्र दिनको समय दिनु पर्नेछ।

१५ **अनुमतिपत्र दिनुपर्ने** : (१) दफा १४ बमोजिम परेको निवेदनमा गाउँपालिकाले आवश्यक जाँचबुझ गर्दा आफ्नो अधिकार क्षेत्रभित्र पर्ने विषय भई अनुमतिपत्र दिन उपयुक्त देखिएमा त्यस्तो निवेदन परेको मितिले तीस दिनभित्र यस ऐन र अन्य प्रचलित कानून बमोजिमका शर्तहरु समेत उल्लेख गरी निवेदक संस्थालाई व्यापारिक, व्यवसायिक तथा औद्योगिक प्रयोजनका लागि खानेपानी आपूर्ति गर्न अनुमतिपत्र दिनु पर्नेछ।

(२) उपदफा (२) बमोजिमको अनुमतिपत्र प्रदान गर्दा बढीमा पाँच वर्षका लागि मात्र प्रदान गर्न सकिने छ र सो अवधि पश्चात् फेदीखोला गाउँपालिकाले तोकेको दस्तुर बुझाई बढीमा एक पटक मात्र अर्को पाँच वर्षका लागि अनुमतिपत्र नवीकरण गर्न सकिने छ।

(३) अनुमतिपत्र प्राप्त संस्थाको अनुमतिपत्रको अवधि समाप्त हुने वर्ष उक्त खानेपानी तथा सरसफाई आयोजना संचालनका लागि सम्बन्धित क्षेत्रमा उपभोक्ता संस्था स्थापना गरी सोही उपभोक्ता संस्थालाई आयोजना हस्तान्तरण गर्नुपर्नेछ।

(४) यो ऐन प्रारम्भ हुनु अगावै व्यवसायिक तथा औद्योगिक रुपमा खानेपानी उपयोग गरिरहेका संगठित संस्थाले यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्रमा यस ऐन तथा प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी अनुमतिपत्र लिनु पर्नेछ।

(५) उपदफा (१) र (४) बमोजिम अनुमतिपत्र नलिएका संगठित संस्थाले व्यापारिक तथा नाफामूलक प्रयोजनका लागि खानेपानी तथा सरसफाई सेवा, आयोजना वा सेवा प्रणाली निर्माण, संचालन तथा व्यवस्थापन गर्न वा खानेपानीको स्रोतको व्यवसायिक तथा औद्योगिक उपयोग गर्न पाउने छैन।

१६ **अनुमतिपत्र प्रदान नगरिने** : (१) यस ऐन वा प्रचलित कानून बमोजिम उपभोक्ता संस्थाद्धारा सामुदायिक रुपमा खानेपानी तथा सरसफाई सेवा प्रदान भईरहेको क्षेत्रमा र व्यवसायिक तथा व्यापारिक वा औद्योगिक प्रयोजनका लागि खानेपानी सेवा संचालन गर्न कुनै संगठित संस्थालाई अनुमति प्रदान गरिएको बसोवास क्षेत्र वा औद्योगिक क्षेत्रमा अर्को कुनैपनि संगठित संस्थालाई सोही प्रयोजनका लागि अनुमतिपत्र प्रदान गरिने छैन।

(२) उपदफा (१) मा जुनसुकै व्यवस्था गरिएको भए तापनि अनुमतिपत्र प्राप्त संस्थाले सेवा क्षेत्रमा गुणस्तरीय सेवा प्रदान नगरेमा वा नियमित रुपमा खानेपानी सेवा आपूर्ति गर्न नगरेमा वा माग अनुसारको खानेपानी सेवा आपूर्ति गर्न नसकेमा वा कुनै कारणले त्यस्तो संस्था विघटन भएमा वा अनुमतिपत्र प्राप्त संस्थाको अनुमतिपत्र खारेज भएमा उक्त क्षेत्रमा खानेपानी तथा सरसफाई सेवा प्रदान गर्नका लागि यस ऐनमा गरिएको व्यवस्था अनुसार अर्को संस्थालाई नयाँ अनुमतिपत्र प्रदान गर्न सकिने छ।

(३) उपभोक्ता संस्थाद्धारा सामुदायिक रुपमा खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धी सेवा प्रदान गर्नका लागि प्रयोग भईरहेको खानेपानीको स्रोतमा प्रतिकूल असर पर्ने गरी व्यवसायिक तथा व्यापारिक वा औद्योगिक प्रयोजनका लागि खानेपानी सेवा संचालन गर्न अनुमतिपत्र प्रदान गरिने छैन।

१७ **अनुमतिपत्र खारेज** : (१) यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त संस्थाले ऐन नियम विपरितको कुनै काम गरेमा वा नियमित रुपमा खानेपानी तथा सरसफाई सेवा उपलब्ध नगराएमा वा खानेपानी तथा सरसफाई सेवा प्रदान गरे वापत अनुमतिपत्रमा उल्लेख गरिए भन्दा बढी शुल्क लिएमा वा अनुमत्रिपत्रमा उल्लिखित समयभित्र खानेपानी आयोजना वा सेवा प्रणालीको निर्माण तथा संचालन र व्यवस्थापन नगरेमा गाउँपालिकाको गाउँ कार्यपालिकाले अनुमतिपत्रमा उल्लेखित काममा आवश्यक सुधार गरी सेवा संचालन गर्नका लागि अनुमतिपत्र प्राप्त संस्थालाई निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको अवस्थाको विद्यमानता भए नभएको कुरा पहिचान गर्नका लागि फेदीखोला गाउँपालिकाले अनुगमन समिति गठन गरी प्रतिवेदन तयार गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम दिइएको निर्देशन तथा आदेशको पालना नगरेमा गाउँपालिकाको गाउँ कार्यपालिकाले यस ऐन बमाजिम प्रदान गरेको अनुमतिपत्र खारेज गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम अनुमतिपत्र खारेज गर्नु अघि गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थालाई सात दिनको समय दिई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

## परिच्छेद ५

## खानेपानी तथा सरसफाई सेवा संचालन सम्बन्धी व्यवस्था

१८ **खानेपानी तथा सरसफाई सेवा उपलब्ध गराउनु पर्ने** : (१) यस ऐन तथा प्रचलित कानून बमोजिम अनुमति लिनु नपर्ने उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संगठित संस्थाले आफ्नो सेवा क्षेत्रभित्रका खानेपानी तथा सरसफाई उपभोक्ताहरुले नियमित र न्यायोचित रुपमा खानेपानी तथा सरसफाई सेवा उपयोग गर्न पाउने गरी आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

(२) आफ्नो सेवा क्षेत्रभित्र खानेपानी तथा सरसफाई सेवा उपलब्ध गराउँदा कुनै पनि आधारमा कुनै पनि भेदभाव गर्न पाइने छैन ।

(३) यस ऐन बमोजिम खानेपानी सेवा उपलब्ध गराउँदा घरेलु उपयोग र सार्वजनिक प्रयोगको लागि आवश्यक व्यवस्था गरेर मात्र संस्थागत, व्यवसायिक तथा औद्योगिक प्रयोजनको लागि पानीको स्रोतको प्रयोग गर्नु पर्नेछ ।

(४) घरायसी तथा सार्वजनिक प्रयोजनका लागि खानेपानी तथा सरसफाई सेवा उपलब्ध गराउनका लागि यस फेदीखोला गाउँपालिकाले उपभोक्ता संस्थालाई आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(५) यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त संस्थाले आपसी सम्झौता गरी घरेलु, सार्वजनिक, संस्थागत, व्यवसायिक तथा औद्योगिक प्रयोजनको लागि प्रशोधित, अर्धप्रशोधित वा अप्रशोधित पानी थोक मुल्यमा खरिद बिक्री गर्न सक्नेछ ।

(६) कुनै पनि कारणले खानेपानी आपूर्ति प्रणाली अवरुद्ध भएमा गाउँपालिका र अन्य सम्बन्धित निकायको सहयोगमा तत्काल मर्मत सम्भार गरी खानेपानी आपूर्ति गर्नुपर्नेछ र मर्मत सम्भार अवधिमा खानेपानी आपूर्तिका लागि अस्थायी वा बैकल्पिक व्यवस्था गर्नुपर्नेछ।

(७) अनुमतिपत्र प्राप्त संस्थाले व्यवसायिक उपभोक्तालाई खानेपानी सेवा उपलब्ध गराउँदा पानी उपयोग गरे पश्चात निष्कने फोहोरपानीको व्यवस्थापनका लागि त्यस्ता व्यवसायिक उपभोक्तासँग आपसी सम्झौता गरी सेवा प्रदान गर्नु पर्नेछ।

१९ **धारा तथा मिटर जडान** : (१) यस ऐन बमोजिम खानेपानी सेवा प्राप्त गर्न चाहने उपभोक्तले धारा तथा मिटर जडानको लागि सम्बन्धित सेवा क्षेत्रको उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्था समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले निर्धारित शुल्क लिई समयमा नै धारा तथा मिटर जडान गरिदिनु पर्नेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै प्राविधिक कारणले कुनै सेवा क्षेत्र भित्रका धाराहरुमा मिटर जडान गर्न उपयुक्त नहुने भएमा अन्य उपयुक्त व्यवस्था गरी खानेपानी सेवा उपलब्ध गराउनु पर्नेछ।

२० **ढल निकास सेवा संचालन :** (१) यस ऐन बमोजिम खानेपानी सेवा सेवा प्रदान गर्दा निस्किएको फोहर पानीको व्यवस्थापनका लागि उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले ढल निकास सेवा संचालन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम ढल निकास सेवा संचालन गर्दा ढल निकास सेवा उपयोग गर्ने उपभोक्ताबाट संस्थाले निर्धारित दरमा ढल निकास सेवा शुल्क लिन सक्नेछ।

२१ **सेवा बन्द गर्न सक्ने :** (१) काबुबाहिरको परिस्थिति उत्पन्न भई खानेपानी सेवा प्रणालीबाट उपलब्ध गराइरहेको खानेपानीको गुणस्तर कायम रहन नसक्ने भएमा वा सेवाको स्तरमा असर पर्ने भएमा वा सेवा बन्द गर्नु पर्ने भएमा त्यस्तो सेवा सुचारु हुन लाग्ने अनुमानित समय समेत उल्लेख गरी उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले

उपभोक्तालाई उपयुक्त माध्यमबाट सो कुराको पूर्वसूचना दिई खानेपानी सेवा बन्द गर्न सक्नेछ।

(२) उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले उपदफा (१) बमोजिम आफ्नो सेवा क्षेत्रभित्र खानेपानी सेवा बन्द गरेमा त्यस्ता संस्थाले बैकल्पिक व्यवस्था गरी उपभोक्तालाई स्वच्छ खानेपानी उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम आफ्नो सेवा क्षेत्रभित्र उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्था आफैले निर्धारण गरेको समय तालिका बमोजिम नियमित रुपमा खानेपानी वितरण गर्न नसकेमा त्यसरी खानेपानी वितरण गर्न नसकेको अवधिको शुल्क वा महसुल लिन पाउने छैन।

(४) निर्धारित समयमा शुल्क वा महसुल नबुझाउने वा सेवाको दुरुपयोग गर्ने वा सेवा उपयोग गर्दा पालना गर्नुपर्ने शर्तको उल्लघंन गर्ने उपभोक्ताको सेवा सम्बन्धित संस्थाले पूर्वसूचना दिई बन्द गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम सेवा बन्द गराएकोमा सम्बन्धित उपभोक्ताले शुल्क वा महसुल बुझाई सेवा सुचारु गरीदिन निवेदन दिएमा सम्बन्धित संस्थाले निर्धारण गरेको शुल्क लिई बन्द भएको सेवा पूनः सुचारु गरिदिनु पर्नेछ र उपभोक्ताको कारणले कुनै हानी नोक्सानी भएको पाइएमा सम्बन्धित उपभोक्ताबाट त्यस्तो हानी नोक्सानी भएको रकम भराई लिन सक्नेछ।

२२ **निजी वा सार्वजनिक जग्गामा पाइप विच्छयाउन वा अन्य संरचना बनाउन सक्ने** : (१) उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले उपभोक्तालाई खानेपानी सेवा उपलब्ध गराउने प्रयोजनको लागि प्रचलित कानून बमोजिमको प्रकृया पूरा गरी निजी वा सार्वजनिक जग्गामा खानेपानी तथा ढल निकासको पाइप बिच्छयाउन वा अन्य संरचना बनाउन सक्नेछ।

(२) उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले कुनै व्यक्तिको निजी जग्गामा पाईप बिच्छयाउन वा कुनै संरचना बनाउनु परेमा सम्बन्धित जग्गाधनीसँग उक्त

जग्गा खरिद गर्न वा लिखित सम्झौता गरी लिजमा लिन वा आपसी सहमतिका आधारमा निःशुल्क लिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम निजी जग्गा प्राप्त गर्न नसकेमा वा जग्गा प्राप्त गर्न सम्भव नभएमा उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले प्रचलित कानून बमोजिम त्यस्तो जग्गा प्राप्त गर्नको लागि फेदीखोला गाउँपालिका समक्ष अनुरोध गर्न सक्नेछ।

(४) उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धी सेवा, आयोजना वा सेवा प्रणाली निर्माण तथा संचालनका लागि विच्छयाएको पाईप वा निर्माण गरेको संरचनाका कारण कसैको निजी सम्पत्ति हानी नोक्सानी हुन गएमा त्यस्तो संस्थाले सोको उचित मुआब्जा र क्षतिपूर्ति दिनु पर्नेछ।

२३ **घर जग्गामा प्रवेश गर्न सक्ने** : (१) उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्था वा यस ऐन बमोजिमको कामको सिलसिलामा खटिएको संस्थाको पदाधिकारी वा गाउँपालिकाको पदाधिकारी वा कुनै सरकारी कर्मचारी कुनै व्यक्तिको घर जग्गामा प्रवेश गर्नुपर्ने भएमा सम्बन्धित व्यक्तिलाई पूर्वसूचना दिई त्यस्तो घरजग्गामा प्रवेश गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भएतापनि कुनै व्यक्तिले खानेपानी सेवाको दुरुपयोग वा सेवाको अनधिकृत उपयोग गरिरहेको छ भन्ने शङ्का गर्नुपर्ने पर्याप्त आधार र कारण भएमा सोको लागि सूर्योदय देखि सूर्यास्त नभएसम्मको समयमा पूर्वसूचना नदिई पनि त्यस्तो व्यक्तिको घरजग्गामा प्रवेश गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको कार्यमा संलग्न व्यक्तिले सम्बन्धित घरजग्गाधनीको कुनै पनि सम्पत्तिमा हानी नोक्सानी पुग्ने कार्य गर्नु हुँदैन।

तर त्यस्तो कार्यमा संलग्न व्यक्तिले कुनै हानी नोक्सानी गरेको पाइएमा संस्थाले सम्बन्धित व्यक्तिलाई न्यायोचित क्षतिपूर्ति दिनु पर्नेछ।

२४ **सेवा प्रणालीसँग सम्बन्धित संरचनाको सुरक्षा**: (१) खानेपानी तथा सरसफाई आयोजना वा सेवा प्रणालीको सुरक्षाको लागि उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाको लिखित अनुरोधमा वा त्यस्तो प्रणालीको सुरक्षा गर्न आवश्यक भएमा नेपाल सरकार, प्रदेश सरकार तथा यस गाउँपालिकाले आवश्यक सुरक्षा व्यवस्था गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र प्राप्त संस्थाको अनुरोधमा सुरक्षा व्यवस्था गरिएकोमा त्यसको लागि लाग्ने सम्पूर्ण खर्च सोही अनुमतिपत्र प्राप्त संस्थाले व्यहोर्नु पर्नेछ।

## परिच्छेद ६

## महसुल तथा सेवा शुल्क सम्बन्धी व्यवस्था

२५ **खानेपानी तथा सरसफाई महसुल निर्धारण :** (१) खानेपानी तथा सरसफाई उपभोक्ता समितिको रुपमा रहेका उपभोक्ता संस्थाले उपलब्ध गराउने खानेपानी तथा सरसफाई सेवाको महसुल सम्बन्धित उपभोक्ता संस्थाको साधारण सभाले निर्धारण गरे बमोजिम हुनेछ र यसरी निर्धारण गरेको महसुल दरको जानकारी फेदीखोला गाउँपालिकालाई उपलब्ध गराउनु पर्नेछ।

(२) उपभोक्ता संस्थाले खानेपानी तथा सरसफाई सेवाको महसुल निर्धारण गर्दा आयोजनाको लागत, खानेपानीको गुणस्तर, सेवाको स्तर, उपभोक्ताहरुको योगदान, उपभोक्ताको बृहत् हित, उपभोक्ताको क्रयशक्ति, नेपाल सरकार र प्रदेश सरकारको नीति, गाउँपालिकाको नीति र खानेपानी तथा सरसफाईमा पहुँचको हकसम्बन्धी मौलिक हकलाई समेत आधार मान्नु पर्नेछ।

(३) यस फेदीखोला गाउँपालिकाले आफनो क्षेत्रभित्र रहेका खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाले उपदफा (२) बमोजिमका सूचकहरुका आधारमा निर्धारण गर्ने खानेपानी महशुलमा सम्भव भएसम्म एकरुपता कायम राख्न वा व्यापक अन्तर हुन नदिनका लागि आवश्यक निर्देशन दिन सक्नेछ।

(४) अनुमतिपत्र प्राप्त संस्थाले व्यवसायिक तथा व्यापारिक र औद्योगिक प्रयोजनका लागि उपलब्ध गराउने खानेपानी तथा सरसफाई सेवाको महसुल यस फेदीखोला गाउँपालिकाको परामर्शमा खानेपानी तथा सरसफाई सेवा महसुल निर्धारण आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

२६ **महसुल तथा शुल्क लिन सक्ने :** (१) उपभोक्ताले खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धी सेवा उपयोग गरे वापत उपभोक्ता संस्थाले साधारण सभाको निर्धारण बमोजिम र अनुमतिपत्र प्राप्त संस्थाले आयोगले निर्धारण गरे बमोजिमका आधार र मापदण्डको अधीनमा रही उपभोक्तासँग महसुल तथा सेवा शुल्क लिन सक्नेछ।

(२) उपभोक्ताले खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धी सेवा उपयोग गरे बापतको महसुल तथा सेवा शुल्क सम्बन्धित उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थालाई बुझाउनु पर्नेछ।

(३) व्यापारिक वा व्यवसायिक रुपमा खानेपानी आपूर्ति गर्न अनुमतिपत्र प्राप्त संस्थाले आफ्नो सेवा क्षेत्रभित्र निर्धारित समय तालिका बमोजिम नियमित रुपमा खानेपानी वितरण गर्न नसकेमा त्यसरी खानेपानी वितरण गर्न नसकेको अवधिको शुल्क वा महससु लिन पाउने छैन।

(४) उपदफा (१) र (२) मा जुनसुकै व्यवस्था गरिएको भएतापनि उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले सम्बन्धित वडा कार्यालयले गरिव तथा विपन्न भनी पहिचान र सिफारिस गरेका व्यक्ति तथा परिवारलाई धारा र मिटर जडान, शौचालय निर्माण र ढल जडान वापतको शुल्क तथा खानेपानीको महसुल लगायतका सेवामा छुट तथा सहुलियत दिनु पर्नेछ।

२७ **मिनाहा वा छुट दिन सक्ने :** प्रकोप वा अन्य कुनै विषम परिस्थितिका कारण कुनै खास क्षेत्रका उपभोक्ता, गरिव तथा विपन्न परिवार वा सिमान्तकृत परिवारले उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले संचालन तथा व्यवस्थापन गरेको खानेपानी सेवाको महसुल तिर्न असमर्थ भएमा त्यस्ता उपभोक्ताले तिर्नुपर्ने महसुल घटाउन वा मिनाहा दिन सक्नेछ।

२८ **असुल उपर गर्न सक्ने :** यस ऐन बमोजिम खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धी सेवा उपयोग गरे बापतको महसुल तथा जरिवानाको रकम नबुझाउने उपभोक्ताबाट सम्बन्धित उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले त्यस्तो रकम प्रचलित कानून बमोजिम असुल उपर गर्न सक्ने।

## परिच्छेद ७

## खानेपानी तथा सरसफाईको गुणस्तर मापदण्ड सम्बन्धी व्यवस्था

२९ **स्वच्छ र गुणस्तरीय खानेपानी आपूर्ति गर्नु पर्ने** : (१) यस ऐन बमोजिम अनुमति लिनु नपर्ने उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले खानेपानी आपूर्ति गर्दा स्वच्छ र गुणस्तरीय खानेपानी आपूर्ति गर्नु पर्नेछ ।

(२) खानेपानी आपूर्ति गर्दा पानीको गुणस्तर र स्वच्छता कायम गर्नका लागि पानी प्रशोधन गर्नुपर्ने भएमा प्रशोधन गरेर मात्र खानेपानी आपूर्ति गर्नुपर्नेछ ।

३० **गुणस्तर मापदण्ड तोक्न सक्ने** : (१) खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धी सेवाको संचालन तथा व्यवस्थापनमा अवलम्बन गर्नुपर्ने गुणस्तर मापदण्डहरु नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछन् ।

(२) नेपाल सरकारले निर्धारण गरेको न्यूनतम मापदण्ड अन्तर्गत रही सो मापदण्डमा तोकेको गुणस्तरभन्दा न्यून नहुने गरी यस फेदीखोला गाउँपालिकाले आफ्नो क्षेत्रका लागि खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धमा आवश्यक मापदण्ड तोक्न सक्नेछ ।

(३) उपभोक्ता संस्था र अनुमतिपत्र प्राप्त संस्थाले उपदफा (१) र (२) बमोजिम तोकेको गुणस्तर र मापदण्डको पालना गर्नु पर्नेछ ।

(४) गाउँपालिकाले नेपाल सरकारले तोकेको मापदण्ड अनुरुप हुनेगरी खानेपानी तथा फोहोर पानीको गुणस्तर मापन तथा परीक्षणका लागि प्रयोगशालाको स्थापना तथा संचालन गर्न सक्नेछ ।

(५) उपदफा (५) बमोजिम यस फेदीखोला गाउँपालिकाले आफैँ प्रयोगशाला स्थापना गर्न नसकेको अवस्थामा उपभोक्ता सस्था वा कुनै सेवा प्रदायक संस्थाले स्थापना गरेको प्रयोगशालाबाट खानेपानीको गुणस्तर मापन तथा परीक्षण गराउन सक्नेछ ।

३१ **वातावरणीय अध्ययन गर्ने**: खानेपानी तथा सरसफाई सम्बन्धी नयाँ आयोजना निर्माण गर्दा कुनै आयोजनाको वातावरण संरक्षण सम्बन्धी प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी स्वीकृत गराउनु पर्ने भएमा सम्बन्धित

उपभोक्ता संस्था तथा अनुमतिपत्र प्राप्त संस्थाले उक्त कानूनी व्यवस्थाको पालना गर्नु पर्नेछ।

३२ **नदी तथा ताल तलैयाको जल गुणस्तर मापदण्ड**: सांस्कृतिक, धार्मिक, पर्यटकीय महत्वका क्षेत्र र बस्तीसँग जोडिएका वा विभिन्न स्थानमा रहेका नदी, ताल तलैया, पोखरी, जलाशय तथा कुण्ड वा कुवा र धाराहरुको वातावरणीय स्वास्थ्य र जलको गुणस्तरमा मानव सृजित वा मानवीय क्रियाकलापको कारण परिरहेको वा पर्न सक्ने प्रभाव न्यूनीकरण गरी स्वच्छता र सुन्दरता कायम राख्न नेपाल सरकार तथा प्रदेश सरकारले निर्धारण गरेका मापदण्ड समेतलाई आधार मान्दै गाउँपालिकाले आवश्यक मापदण्ड बनाई लागू गर्न सक्नेछ।

३३ **फोहोर पानी प्रशोधन गर्नुपर्ने** : (१) कसैले पनि नेपाल सरकार, प्रदेश सरकार र यस गाउँपालिकाले निर्धारण गरेको मापदण्ड विपरित मानव मलमुत्र सहित वा रहितको फोहोर पानी वा अन्य कुनै पनि प्रकारको ठोस वस्तु ढल निकास प्रणालीमा विसर्जन गर्न वा मानव मलमुत्रलाई सिधै नदी, खोला, ताल, तलैया, जलाशय वा सार्वजनिक जग्गामा मिसाउन वा पठाउन पाइने छैन।

(२) कसैले आफूबाट उत्सर्जित फोहोर पानी वा वस्तु ढल निकास प्रणालीमा मिसाउनु पर्ने भएमा प्रशोधन गरी प्रचलित कानून बमोजिम तोकिएको मापदण्डको सीमा भित्र रही मिसाउनु पर्नेछ।

(३) यस गाउँपालिकाले आफै वा उपभोक्ता संस्थाले यस गाउँपालिका र अन्य सम्बन्धित निकायको सहयोगमा फोहर पानी प्रशोधन गर्ने संरचना स्थापना र संचालन गर्न सक्नेछ।

३४ **सरसफाई तथा स्वच्छता कार्यक्रम** संचालन **गर्ने** : (१) गाउँपालिकाले उपभोक्ता संस्था र विभिन्न स्थानीय समुदायसँग सहकार्य तथा समन्वय गरी ग्रामीण तथा शहरी वस्तीलाई स्वच्छ, सफा र सुन्दर बनाई राख्न स्वास्थ्य तथा सरसफाई र स्वच्छता सम्बन्धी विभिन्न कार्यक्रम तथा अभियान संचालन गर्न वा गराउन सक्नेछ।

(२) शौचालय निर्माण तथा प्रयोग नगर्ने परिवार वा व्यक्तिका लागि गाउँपालिकाले सामाजिक सुरक्षा सेवा र अन्य अनुदानमा अस्थायी रुपमा रोक लगाउन सक्नेछ।

३५ **अनुगमन तथा नियमन :** (१) गाउँपालिकाले नेपाल सरकार वा प्रदेश सरकारसँगको समन्वयमा उपभोक्ता संस्था तथा अनुमतिपत्र प्राप्त संस्थाबाट आपूर्ति भएको खानेपानीको गुणस्तर तथा सरसफाई र स्वच्छता सम्बन्धी सेवाको स्तरका बारेमा नियमित रुपमा अनुगमन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा गाउँपालिकाको वातावरण र खानेपानी तथा सरसफाई विषय हेर्ने पदाधिकारी वा सदस्य तथा अधिकृत वा तोकिएका कर्मचारीले उपभोक्ता संस्था तथा अनुमतिपत्र प्राप्त संस्थाद्वारा आपूर्ति गरिरहेको खानेपानी वा विसर्जन गरेको फोहोर पानीको नमूना संकलन तथा परीक्षण गर्न वा अन्य आवश्यक विवरण लिन वा माग गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम अनुगमनका क्रममा गाउँपालिकाले खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धी सेवाको स्तरमा सुधार गर्न आवश्यक देखेमा वा खानेपानी तथा फोहोरपानीको नमूना परीक्षण गर्दा गुणस्तर तथा मापदण्ड बमोजिम भएको नपाइएमा सम्बन्धित उपभोक्ता संस्था तथा अनुमतिपत्र प्राप्त संस्थालाई गुणस्तर तथा मापदण्ड कायम गर्न निर्देशन दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम दिइएको निर्देशन पलना गर्नु सम्बन्धित उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाको कर्तव्य हुनेछ।

३६ **क्षतिपूर्ति भराई दिन सक्ने** : (१) उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले तोकिएको मापदण्ड बमोजिमको खानेपानी उपलब्ध नगराएको प्रमाणित भएमा वा त्यस्तो खानेपानी उपयोग गर्दा उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पर्न गएमा त्यस्तो उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले प्रभावित उपभोक्तालाई प्रचलित कानूनमा निर्धारण गरिए बमोजिमको क्षतिपूर्ति भराई दिनु पर्नेछ।

(२) कसैले खानेपानी वा सरसफाई र स्वच्छता सम्बन्धी आयोजना वा सेवा प्रणाली र त्यसको संरचनामा कुनै पनि किसिमको हानी नोक्सानी वा क्षति पुऱ्याएमा सो सम्बन्धी मुद्दा हेर्ने अधिकारीले क्षतिपूर्ति बापत उचित रकम भराई दिन सक्नेछ।

३७ **कसुर र सजाय**: खानेपानी तथा सरसफाई सम्बन्धी कसुरको निर्धारण र दण्ड सजाय सम्बन्धी व्यवस्था खानेपानी तथा सरसफाई सम्बन्धी संघीय कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।

## परिच्छेद ८
## विविध

३८ **खानेपानी तथा सरसफाई समन्वय समिति:** (१) गाउँपालिकाको खानेपानी तथा सरसफाई सम्बन्धी नीति तथा योजना एवं कार्यक्रम तर्जुमा र कार्यान्वयनका विषयमा गाउँपालिकालाई सुझाव दिन र प्रभावकारिता ल्याउन, खानेपानी तथा सरसफाई सम्बन्धी उपभोक्ता संस्था एवं संघ संस्था र निकायहरुसँग समन्वय कायम गर्न र खानेपानी तथा सरसफाईका विषयमा सृजना हुने स्थानीय विवाद समाधान सहजीकरण गर्न गाउँपालिकामा देहाय बमोजिमको एक खानेपानी तथा सरसफाई समन्वय समिति रहनेछ:

(क) फेदीखोला गाउँपालिका अध्यक्ष — अध्यक्ष

(ख) खानेपानी तथा सरसफाई क्षेत्र हेर्ने कार्यपालिकाका सम्बन्धित विषयगत समितिको संयोजक र एक जना महिला सदस्य सहित २ जना — सदस्य

(ग) खानेपानी तथा सरसफाई उपभोक्ता महासंघ नेपालको एक जना स्थानीय प्रतिनिधि, — सदस्य

(घ) खानेपानी तथा सरसफाई र स्वच्छताको क्षेत्रमा कार्यरत एक जना महिला प्रतिनिधि, — सदस्य

(ङ) गाउँपालिकाको खानेपानी तथा सरसफाई हेर्ने शाखा प्रमुख — सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (घ) र (ङ) बमोजिमका प्रतिनिधिहरुको छनौट गाउँपालिका प्रमुखले गर्नेछन र निजहरुको कार्य अवधि तीन वर्षको हुनेछ।

(३) उपदफा (१) बमोजिम गठन हुने समितिको काम, कर्तव्य र अधिकार गाउँपालिकाे गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

(४) खानेपानी तथा सरसफाई समन्वय समितिको बैठकको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(५) समितिको बैठकमा खानेपानी तथा सरसफाई र स्वच्छता विषयका विज्ञ र सरोकारवालाहरुलाई आमन्त्रण गर्न सकिनेछ।

३९ **खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन:** फेदीखोला गाउँपालिकाले उपभोक्ता संस्था र सरोकारवाला निकाय तथा संघ संस्थाहरुसँग समन्वय, सहकार्य तथा परामर्श गरी नेपाल सरकारले निर्धारण गरेको नीति तथा मापदण्ड अनुसार आफ्नो क्षेत्रका लागि उपयुक्त हुने किसिमको खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धी योजना तर्जुमा गरी कार्यान्वयन गर्न सक्नेछ।

(२) गाउँपालिकाले तर्जुमा गरेको खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धी योजना कार्यान्वयनका लागि उपभोक्ता संस्था र सम्बन्धित सबै निकाय र सरोकारवालाहरुले सहयोग गर्नुपर्नेछ।

(३) खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धी योजनामा आवश्यकता अनुसार समय समयमा परिमार्जन गर्न सकिनेछ।

(४) प्रकोप तथा आपतकालिन समयमा खानेपानीको नियमित आपूर्ति गर्न र सरसफाई तथा स्वच्छता कायम गर्नका लागि यस दफा बमोजिम तर्जुमा गरिने योजनामा विशेष व्यवस्था गर्नुपर्नेछ।

४० **विवरण उपलब्ध गराउने**: (१) फेदीखोला गाउँपालिकाले प्रदेशको सम्बन्धित मन्त्रालय मार्फत वा सिधै देहायको विवरणहरु सम्बन्धित संघीय मन्त्रालय समक्ष वार्षिक रुपमा र आवश्यकता अनुसार उपलब्ध गराउने छ :

(क) खानेपानी तथा सरसफाई उपभोक्ता समितिको रुपमा रहेका उपभोक्ता संस्थाहरुको संख्या र सोबाट लाभान्वीत जनसंख्या।

(ख) अनुमतिपत्र प्रदान गरिएका संगठित संस्थाको संख्या र सोबाट लाभान्वित जनसंख्या।

(ग) नेपाल सरकार वा प्रदेश सरकारले माग गरेका अन्य विवरणहरु।

(२) उपदफा (१) को प्रयोजनका लागि गाउँपालिकामा खानेपानीको स्रोत र परिमाण, गुणस्तर, लाभान्वित क्षेत्र र खानेपानी तथा सरसफाई प्रणालीका महत्वपूर्ण तथा मुख्य विषयहरु प्रष्ट रुपमा देखिने गरी राखिने छ र यस्ता विवरणहरु आवश्यकता अनुसार समय समयमा खानेपानी तथा सरसफाई सम्बन्धी विद्युतीय एकिकृत नक्शामा समावेश गर्नका लागि नेपाल सरकारलाई उपलब्ध गराउन सकिनेछ।

(३) यस फेदीखोला गाउँपालिकाले उपदफा (२) बमोजिम राखेको विवरणलाई अनुगमन र विश्लेषणका लागि उपयोग गर्न सकिने छ।

४१ **पुरस्कार सम्बन्धी व्यवस्था** : खानेपानी तथा सरसफाई व्यवस्थापनमा उल्लेखनीय योगदान गर्ने व्यक्ति, संघ संस्था वा समुदायलाई यस गाउँपालिकाले आवश्यक पुरस्कारको व्यवस्था गर्न सक्नेछ।

४२ **निर्देशन दिन सक्ने** : गाउँपालिकाले उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्था वा सेवा प्रदायक अन्य संघ संस्थालाई खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धी आयोजनाको निर्माण, संचालन तथा व्यवस्थापन र उपभोक्ता सेवाका विषयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

४३ **अधिकार प्रत्यायोजन** : (१) गाउँपालिकाको प्रमुख/अध्यक्षले यस ऐन बमोजिम प्राप्त गरेको अधिकार उपाध्यक्ष वा कुनै सदस्य वा प्रशासकीय अधिकृत वा सम्बन्धित कर्मचारीलाई प्रत्यायोजन गर्न सक्ने छन्।

(२) यस गाउँपालिकामा खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धी शाखा स्थापना नभएसम्म यस ऐन र सो अन्तर्गत तर्जुमा हुने नियम, निर्देशिका, कार्यविधि र मार्गदर्शन बमोजिम गर्नुपर्ने कार्यहरु वातावरण सम्बन्धी शाखाबाट सम्पन्न गर्न सकिनेछ।

४४ **नियम, निर्देशिका, कार्यविधि र मार्गदर्शन बनाउन सक्ने** : यस ऐनमा गरिएका व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनको लागि फेदीखोला गाउँपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधि र मार्गदर्शन बनाउन सक्नेछ।

४५ **बचाउ तथा खारेजी र बाझिएमा गर्ने** : (१) यस गाउँपालिकाले खानेपानी तथा सरसफाईका विषयमा यस अघि कार्यविधि वा अन्य आधारमा गरेका कार्यहरु यसै ऐन बमोजिम भए गरेको मानिने छ।

(२) यो ऐन वा यस ऐनमा गरिएका व्यवस्थाहरु संघीय तथा प्रदेश कानूनमा गरिएका व्यवस्थाहरुसँग बाझिन गएमा बाझिएको हदसम्म यो ऐनका सम्बन्धित दफाहरु निष्कृय रहने छन्।

# फेदीखोला गाउँपालिकाको स्थानीय भूमि ऐन, २०७८

गाउँसभाबाट पारित मिति : २०७८।१२।१०
प्रकाशित मिति : २०७८।१२।२१

**प्रस्तावना:**

फेदीखोला गाउँपालिकाको भूमि श्रोतबाट प्राप्त लाभको न्यायिक वितरण र दीगो उपयोगको माध्यमबाट नागरिकको सुरक्षित आवास, खाद्य अधिकार सुनिश्चित गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२६ को उपधारा (१) बमोजिम फेदीखोला गाउँपालिकाको दशौँ गाउँ सभाले यो ऐन बनाएको छ।

**परिच्छेद-१**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "फेदीखोला गाउँपालिकाको स्थानीय भूमि ऐन, २०७८" रहेको छ।

(२) यो ऐन गाउँपालिकाले स्थानीय राजपत्रमा प्रकाशन गरेको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "अव्यवस्थित बसोबासी" भन्नाले सरकारी, ऐलानी, पर्ती वा सरकारी अभिलेखमा वन जनिएको भएता पनि कम्तिमा दश वर्षदेखि आवाद कमोत गरी घर टहरा बनाई बसोबास गरेका व्यक्तिलाई सम्झनु पर्दछ र सो शब्दले निज प्रति आश्रित परिवारका सदस्यलाई समेत जनाउनेछ।

(ख) "अर्धोपचारिक जग्गा" भन्नाले नापजाँच भै फिल्डबुक कायम भएको तर विभिन्न कारणले दर्ता हुन बाँकी रहेको जग्गा सम्झनु पर्छ।

(ग) "अनौपचारिक जग्गा" भन्नाले सरकारी सार्वजनिक प्रकृतिको जग्गामा विभिन्न व्यक्तिले कुनै प्रमाणविना भोगचलन गरिआएको जग्गा सम्झनु पर्छ।

(घ) "औपचारिक जग्गा" भन्नाले सरकारी, सार्वजनिक, गुठी र रैकर जग्गा अर्थात स्वामित्व स्पष्ट भएको जग्गा सम्झनु पर्छ।

(ङ) "कार्यान्वयन समिति" भन्नाले दफा ११ बमोजिम गठन भएको भूउपयोग कार्यान्वयन समिति सम्झनु पर्छ।

(च) “जग्गा” भन्नाले निश्चित क्षेत्रफल, कित्ता नम्वर, स्वामित्व र भूसम्वन्धको अभिलेख भएको भूमिको एक भाग सम्झनु पर्छ ।

(छ) “तोकिएको वा तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम व्यवस्था सम्झनु पर्छ ।

(ज) “परिवार” भन्नाले कुनै व्यक्तिका सम्बन्धमा “परिवार” भन्नाले सो व्यक्ति र निजको देहायको अवस्थाका नातेदार सम्मलाई सम्झनुपर्छः- (१) अंश छुट्टिएको वा नछुट्टिएको जे भए तापनि पति वा पत्नी, (२) बाबु वा आमा जीवित छउन्जेल अंश छुट्टिएको वा नछुट्टिएको जे भए तापनि १६ वर्ष उमेर नपुगेका छोरा, छोरी,

(झ) “परिषद्” भन्नाले दफा ९ बमोजिम गठन भएको स्थानीय भूउपयोग परिषद् सम्झनु पर्छ ।

(ञ) “भूउपयोग योजना” भन्नाले भूउपयोगलाई व्यवस्थित गर्न विभिन्न तहमा तयार गरिएका योजना सम्झनु पर्छ ।

(ट) “भूउपयोग क्षेत्र” भन्नाले उपयोगका आधारमा वर्गीकरण गरिएको क्षेत्र सम्झनु पर्छ ।

(ठ) “भूउपयोग क्षेत्र नक्शा” भन्नाले भूउपयोग सम्बन्धी कार्यक्रम संचालन गर्न भूउपयोगको क्षेत्र निर्धारण हुने गरी तयार गरिएको नक्शा सम्झनु पर्छ ।

(ड) “भूमि” भन्नाले फेदीखोला गाउँपालिकाको क्षेत्रमा पर्ने सम्पूर्ण भूमिसम्झनु पर्छ।

(ढ) “भूमिहीन” भन्नाले मुलुकभर आफ्नो वा आफ्नो परिवारको स्वामित्वमा जग्गा जमिन नभएको र आफ्नो वा परिवारको आयस्रोत वा प्रयासबाट जग्गा प्रबन्ध गर्न असमर्थ व्यक्ति र निजप्रति आश्रित परिवार सम्झनुपर्छ र यस शब्दले भूमिहीन दलित र जग्गा भए पनि पहिचान गर्दाको बखत १३० वर्ग मिटर भन्दा कम जग्गा भएका र गरिबीको रेखा मुनि रहेका परिवारलाई समेत जनाउँछ ।

(ण) “स्थानीय तह” भन्नाले फेदीखोला गाउँपालिका सम्झनु पर्छ ।

## परिच्छेद –२

## भूमि लगत अद्यावधिक सम्बन्धी व्यवस्था

३. **भूमिको लगत अद्यावधिक गर्नुपर्नेः** (१) गाउँपालिकाले आफ्नो कार्यक्षेत्र भित्रको सम्पूर्ण औपचारिक, अर्धोपचारिक र अनौपचारिक उपयोगमा रहेको भूमिको लगत **अद्यावधिक** राख्नु पर्नेछ।

(२) औपचारिक (सरकारी, सार्वजनिक, गुठी र रैकर) जग्गाको अभिलेख सम्बन्धित मालपोत कार्यालयबाट लिई अद्यावधिक गर्नुपर्नेछ।

(३) अर्धोपचारिक (नापजाँच भै फिल्डबुक कायम भएको तर विभिन्न कारणले दर्ता हुन बाँकी) जग्गा कुन कुन वडामा के कति मात्रामा कति समय देखि कति परिवारको भोगचलनमा छ, वडा कार्यालय मार्फत **अद्यावधिक** गर्न लगाइ एकीकृत अभिलेख राख्नु पर्नेछ।

(४) अनौपचारिक (सरकारी सार्वजनिक प्रकृतिको जग्गामा विभिन्न व्यक्तिले कुनै प्रमाणविना भोगचलन गरी आएको) जग्गामा बसोबास एवं खेती गरी आएका परिवार, अवधि र वडा खुल्ने गरी एकीकृत अभिलेख अद्यावधिक गर्नु पर्नेछ।

४. **लगत अद्यावधिकको जिम्मेवारी र प्रकृया** (१) भूमिको लगत अद्यावधिक गर्न गाउँपालिकामा एक भूमि शाखा रहनेछ।

(२) भूमि लगत अद्यावधिक गर्ने कार्य सुरु गर्नु अगावै गाउँपालिकाले कम्तिमा ३५ दिनको सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ।

(३) भूमि लगत सङ्कलन र अद्यावधिकको कार्य तोकिएको बमोजिमको ढाँचामा डिजिटल प्रणालीमा गर्नुपर्नेछ।

(४) यस दफा बमोजिम सङ्कलन र अद्यावधिक गरेको भूमि लगत कार्यपालिकाबाट प्रमाणीकरण गराई राख्नु पर्नेछ।

## परिच्छेद ३
## भूमिहीनलाई जग्गा व्यवस्थापन

५. **भूमिहीनलाई जग्गा उपलब्ध गराउनेः** (१) गाउँपालिकाले आफ्नो जमिन नभएका र प्राकृतिक विपद्का कारण विस्थापित भै भूमिहीनको रुपमा रहेका परिवारलाई बसोबास प्रयोजनको लागि जग्गा उपलब्ध गराउन भूमिहीन परिवारको वडागत लगत तयार गर्नुपर्नेछ।

(२) भूमिहीन परिवारको लागि यथासम्भव बसोबास गरिआएकै ठाउँमा, सो ठाउँ प्रचलित कानून बमोजिम उपयुक्त नभए सोही वडाको अन्य ठाउँमा र वडाभित्र बसोबास योग्य स्थान नभए अर्को वडामा बसोबासको लागि जमिन पहिचान गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम पहिचान गरिएको स्थानलाई योजनावद्ध र व्यवस्थित बस्तीको रुपमा विकास गरी भूमिहीनलाई बसोबासको लागि संघीय तथा सम्बन्धित प्रदेश कानूनको प्रतिकूल नहुने गरी जग्गा उपलब्ध गराउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम पहिचान गरिएको स्थानमा भूमिहीनलाई बसोबासको लागि जग्गा उपलब्ध गराउँदा प्रचलित कानूनले भौगोलिक क्षेत्र अनुसार तोके बमोजिमको क्षेत्रफल जग्गा उपलब्ध गराउनुपर्नेछ।

(५) उपदफा (३) र (४) बमोजिम जग्गा उपलब्ध गराउँदा उक्त जग्गाको प्लटहरु नापजाँच र कित्ता कायम गर्ने, जग्गाको विवरण नापी तथा मालपोतको प्रणालीमा प्रविष्ट गर्ने, जग्गा प्राप्तगर्ने परिवारका नाममा संयुक्त (श्रीमान् र श्रीमती दुवैको नाममा) पुर्जा तयार गर्ने र सम्बन्धित परिवारलाई उपलब्ध गराउने छ। तर श्रीमान् या श्रीमतीको मृत्यु भएको वा सम्बन्ध विच्छेद भै अलग अलग बसेको खण्डमा एकल पुर्जा उपलब्ध गराइनेछ।

(६) यस दफाका विभिन्न उपदफा बमोजिम जग्गा उपलब्ध गराउँदा प्राकृतिक विपद्का कारण विस्थापित भूमिहीन, भूमिहीन दलित र अन्य भूमिहीनलाई प्राथमिकता क्रमअनुसार वितरण गर्नुपर्नेछ।

(७) कृषि प्रयोजनको लागि जग्गा लिन चाहने भूमिहीनलाई प्रचलित संघीय कानूनको व्यवस्था बमोजिम जग्गा उपलब्ध गराउनु पर्नेछ।

(८) भूमिहिन सुकुम्बासी, भूमिहीन दलितलाई एक पटक जमिन दिएपछि पुन भूमिहीन हुने गरी जग्गा विक्री वितरण गर्न दिइने छैन।

(९) अव्यवस्थित बसोबासीको व्यवस्थापन संघीय र प्रदेश कानून बमोजिम स्थानीय तहको अधिकार क्षेत्रभित्र रही गरिनेछ।

## परिच्छेद –४

## भूउपयोग सम्बन्धी व्यवस्था

६. **भूमिको वर्गीकरणः** (१) स्थानीय भूउपयोग परिषदले संघीय सरकारबाट प्राप्त भूउपयोग क्षेत्र नक्शालाई स्थानीय आवश्यकताको आधारमा अद्यावधिक गरी देहाय बमोजिम सबै वा केही क्षेत्रमा वर्गीकरण गर्नु पर्नेछः

(क) कृषि क्षेत्र,

(ख) आवासीय क्षेत्र,

(ग) व्यावसायिक क्षेत्र,

(घ) औद्योगिक क्षेत्र,

(ङ) खानी तथा खनिज क्षेत्र,

(च) वन क्षेत्र,

(छ) नदी, खोला ताल, सीमसार क्षेत्र,

(ज) सार्वजनिक उपयोगको क्षेत्र,

(झ) सांस्कृतिक र पुरातात्विक महत्वको क्षेत्र,

(ञ) गाउँपालिकाबाट आवश्यकता अनुसार तोकिएका अन्य क्षेत्र।

(२) उपदफा (१) बमोजिम वर्गीकरण गर्दा कुनै संघीय वा प्रदेश स्तरको योजना सञ्चालनमा रहेका वा हुने भनी तोकिएका क्षेत्रलाई सोही बमोजिम वर्गीकरण गर्नुपर्नेछ।

(३) उपदफा (१) को खण्ड (ञ) बमोजिम थप वर्गीकरण गर्न आवश्यक देखेमा वर्गीकरणमा समावेश गर्न संघीय भूउपयोग परिषद्मा पठाई निकासा आए बमोजिम गर्नुपर्नेछ।

(४) उपदफा (१) को खण्ड (क) बाहेक अन्य क्षेत्रमा वर्गीकरण भएको जग्गा त्यस्तो क्षेत्रमा वर्गीकरणमा नआउँदासम्म स्थानीय भूउपयोग परिषद्लाई जानकारी गराई कृषि क्षेत्रको रुपमा उपयोगमा ल्याउन सकिनेछ।

७. **वर्गीकरणको कार्यान्वयनः** (१) गाउँपालिकाले संघीय सरकारबाट प्राप्त भूउपयोग क्षेत्र नक्शालाई स्थानीय आवश्यकताको आधारमा अद्यावधिक गरी अद्यावधिक-वर्गीकरण बमोजिम उपयोगमा ल्याउन स्थानीय राजपत्रमा सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) भूउपयोग क्षेत्र वर्गीकरणको सूचना प्रकाशन भएपछि जग्गाधनीले श्रेस्ता र प्रमाणपुर्जामा तत्-तत् क्षेत्र देखिने गरी अद्यावधिक गर्नुपर्नेछ।

(३) वर्गीकरणको सूचना पश्चात श्रेस्ताको अभिलेख परिवर्तन हुने कुनैपनि कारोबार (स्वामित्व हस्तान्तरण, धितो बन्धक, नामसारी, अंशबण्डा, घर कायम, बाटो कायम, लगत कट्टा, दर्ताफारी आदि) गर्न जग्गाधनी सम्बन्धित मालपोत कार्यालयमा आएका बखत अद्यावधिक गराउन सक्नेछन्।

(४) वर्गीकरणको सूचना पश्चात जग्गाधनी पूर्जा अद्यावधिक नभएको जग्गाको मालपोत वा सम्पत्ति कर बुझिलिन र जग्गाको कुनै कारवार गर्न सिफारिस दिईने छैन्।

(५) उपदफा (२) बमोजिमको अद्यावधिक गरिएको कार्य चित्त नबुझ्ने जग्गाधनीले त्यस्तो कार्य भएको मितिले पैतीस दिन भित्र जिल्ला अदालत समक्ष उजुरी दिन सक्नेछ।

(६) उपदफा (५) बमोजिमको उजुरी उपर जिल्ला अदालतले गरेको निर्णय अन्तिम हुनेछ।

८. **जोखिम क्षेत्र पहिचान र अद्यावधिक (१)** स्थानीय भूउपयोग परिषदले संघीय सरकारबाट प्राप्त भूउपयोग क्षेत्र नक्शालाई स्थानीय आवश्यकता, प्राविधिक दृष्टिले सम्भाव्य र विभिन्न क्षेत्रमा रहेको जोखिम विश्लेषण सहित अद्यावधिक गर्नुपर्नेछ।

(२) भूउपयोग क्षेत्र नक्शामा जोखिम पहिचान र अद्यावधिक गर्दा स्थानीय ज्ञान र अनुभव समेतका आधारमा अद्यावधिक गर्नु पर्नेछ।

(३) स्थानीय भूउपयोग परिषद्ले जोखिम सम्बेदनशील भूउपयोग योजना तर्जुमा गरी कार्यान्वयन गराउन सक्नेछ।

९. **भूउपयोग योजना तर्जुमा र स्वीकृतिः** (1) भूउपयोग कार्यान्वयनको लागि गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको भूमिको वस्तु स्थिति, जनसंख्या वृद्धिदर, खाद्य तथा आवासको आवश्यकता, आर्थिक विकास तथा पूर्वाधार निर्माणका लागि भूमिको मागमा हुने वृद्धि र जोखिम न्यूनीकरण एवं वातावरण संरक्षण लगायतका विषयमा अध्ययन गरी भुउपयोग योजना तर्जुमा गर्नुपर्नेछ।

(२) उपदफा (1) बमोजिमको भुउपयोग योजना तर्जुमा गर्दा भूमिको विद्यमान स्थिति, दीर्घकालिन सोच समेतलाई सोही योजनामा समावेश गर्नु पर्नेछ।

(३) भूउपयोगको दीर्घकालिन सोचलाई भूउपयोग क्षेत्र नक्शामा अङ्कित र अद्यावधिक गर्नुपर्नेछ।

(४) भूउपयोग योजना तर्जुमाको क्रममा स्थानीय नागरिक, सरोकारवाला र विषय विज्ञ समेतको सहभागितामा छलफल र सुनुवाई गरी अन्तिम रुप दिनुपर्नेछ।

(५) स्थानीय तहले भूउपयोग योजना तर्जुमा गर्दा प्रादेशिक र संघीय तहको भूउपयोग योजनासँग नबाझिने गरी तर्जुमा गर्नु पर्नेछ। प्रादेशिक र संघिय भूउपयोग योजना निर्माण हुनु अगावै स्थानीय सरकारको योजना निर्माण भै कार्यन्वयनमा आएको अबस्थामा कुनै प्रावधान बाझिएमा बाझिएको दफालाई गाउँसभाले आवश्यकता अनुसार संसोधन गर्न सक्नेछ।

(६) यस दफा बमोजिम तर्जुमा भएको भूउपयोग योजनालाई गाउँ कार्यपालिकाले अनुमोदन गरी स्थानीय भूउपयोग परिषद्बाट स्वीकृत भएपछि कार्यान्वयन गर्नुपर्नेछ।

१०. **स्थानीय भूउपयोग परिषद् :** (१) भूउपयोग क्षेत्र वर्गीकरण तथा भूउपयोग योजना तर्जुमा र कार्यान्वयनका लागि पालिकामा स्थानीय भूउपयोग परिषद् रहनेछ।

(२) स्थानीय तहको कार्यपालिकाले स्थानीय भूउपयोग परिषदको रुपमा कार्य गर्नेछ ।

(३) स्थानीय भूउपयोग परिषदको बैठक कम्तिमा वर्षको २ पटक र थप आवश्यकता अनुसार बस्नेछ।

(४) स्थानीय भूउपयोग परिषदको बैठकमा विषय विज्ञलाई आवस्यकता अनुसार आमन्त्रण गर्न सक्नेछ ।

(५) बैठक सम्बन्धी कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

११. **स्थानीय भूउपयोग परिषद्को काम कर्तव्य र अधिकारः** स्थानीय भूउपयोग परिषद्को काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) भूमि सम्बन्धी लगत सङ्कलन, विश्लेषण र उपयोग गर्ने,

(ख) आफ्नो तहको भूउपयोग सम्बन्धी आवश्यक नीतिहरु संशोधन गरी पारित गर्ने,

(ग) आफ्नो तहको भूउपयोग क्षेत्र नक्शा अद्यावधिक गराउने,

(घ) आवश्यकता अनुसार आफ्नो तहको भूउपयोग क्षेत्र वर्गीकरण गर्ने,

(ङ) भूउपयोग वर्गीकरण सम्बन्धी सूचना सरोकारवालाको पहुँचमा पुऱ्याउन स्थानीय भूउपयोग कार्यान्वयन समितिलाई निर्देशन दिने,

(च) आफ्नो तहको भूउपयोग योजना तर्जुमा गर्न लगाउने र स्वीकृत गर्ने,

(छ) स्थानीय तहको भूउपयोग योजना कार्यान्वयनका प्रक्रिया र मापदण्ड तयार गरी लागु गर्ने,

(ज) भूउपयोग योजना कार्यान्वयनको अनुगमन गर्ने,

(झ) भूउपयोग परिवर्तनको लागि स्पष्ट आधार र कारण सहित सिफारिस गर्ने,

(ञ) तोकिएको उपयोग भन्दा फरक उपयोग गरेकोमा कारवाही गर्ने,

(ट) भूउपयोगमा उल्लेखनीय योगदान गर्ने व्यक्ति परिवार वा संस्थालाई पुरस्कृत गर्ने,

(ठ) धार्मिक ऐतिहासिक साँस्कृतिक पुरातात्विक सार्वजनिक सामुदायिक स्थलहरुको संरक्षण गर्ने,

१२. **कार्यान्वयन समिति**ः (१) स्थानीय भूउपयोग परिषद्को कार्यमा सहयोग गर्न स्थानीय तहमा देहाय बमोजिमको एक भूउपयोग कार्यान्वयन समिति रहनेछः

(क) गाउँपालिकाको प्रमुख वा अध्यक्ष — अध्यक्ष

(ख) गाउँपालिकाको उपप्रमुख वा उपाध्यक्ष — उपाध्यक्ष

(ग) सबै वडा अध्यक्ष — सदस्य

(घ) गाउँपालिकाको कृषि, वन, भूमि, सहरी विकास र भौतिक पूर्वाधारसँग सम्बन्धित शाखाका प्रमुखहरू — सदस्य

(ङ) भूमि सम्बन्धी क्षेत्रमा कम्तिमा १० वर्षदेखि निरन्तर कार्यरत संघ संस्थाहरु मध्येबाट स्थानीय भूउपयोग परिषद्ले तोकेका कम्तिमा २ जना महिला सहित ४ जना जना — सदस्य

(च) प्रमुख प्रशासकीय अधिकृत — सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (घ) बमोजिम तोकिएका सदस्यहरूको अवधी तीन वर्षको हुनेछ।

(३) उपदफा (१) को खण्ड (घ) बमोजिम तोकिएका सदस्यहरूले पदीय जिम्मेवारी पूरा नगरेमा, खराब आचरण प्रदर्शन गरेमा वा स्थानीय भूउपयोग परिषद्को निर्देशन विपरित कार्य गरेमा कार्यान्वयन समतिको अध्यक्षले जुनसुकै बखत हटाउन सक्नेछ। तर, हटाउनु अघि सफाइ पेश गर्न मनासिव माफिकको मौका दिनु पर्नेछ।

(४) कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्थानीय भूउपयोग परिषदबाट स्वीकृत भूउपयोग योजना कार्यान्वयन गर्ने,

(ख) वर्गीकृत क्षेत्रको सूचना तोकिए बमोजिम सरोकारवालाको जानकारीका लागि सार्वजनिक गर्ने,

(ग) प्रत्येक वडाको वडास्तरीय भूउपयोग योजना तयार गर्ने,

(घ) वडास्तरीय भूउपयोग योजना वडा समितिबाट अनुमोदन गराई सोका आधारमा स्थानीय तहको समष्टिगत भूउपयोग योजना तयार पारी स्थानीय भूउपयोग परिषद्मा पेश गर्ने,

(ङ) कार्यान्वयनका क्रममा देखिएका समस्या समाधानका लागि विकल्प सहित स्थानीय भूउपयोग परिषद्मा पेश गर्ने,

(च) भूमिको संरक्षण र दिगो उपयोगका लागि सचेतना अभिवृद्धि गर्ने,

(छ) तोकिएको उपयोग भन्दा फरक उपयोग गरेकामा वा तोकिए बमोजिम नगरेमा कारबाहीका लागि स्थानीय भूउपयोग परिषदमा सिफारिस गर्ने,

(ज) कृषियोग्य जमिन बाँझो रहे, नरहेको अनुगमन गर्ने,

(झ) सामुदायिक भूमिको पहिचान गरी सामूहिक हितमा उपयोगको व्यवस्था मिलाउने,

(ञ) भूउपयोगमा उल्लेखनीय योगदान गर्ने व्यक्ति, परिवार वा संस्थालाई पुरस्कृत गर्न सिफारिस गर्ने,

(५) कार्यान्वयन समितिको बैठक आवश्यकतानुसार बस्नेछ र बैठक सम्बन्धी कार्यविधि सो समिति आफैँले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद –५

## भूमि, भूमि स्रोत, पूर्वाधार र वातावरण संरक्षण

**१३. भूमि, भूमि स्रोत र सम्पदाहरुको लगत अद्यावधिक** (१) पालिकाले आफ्नो क्षेत्रमा रहेका देहायका भूमि, भूमिश्रोत र सम्पदाहरुको लगत अद्यावधिक गर्नुपर्नेछ।

(क) सार्वजनिक, ऐलानी, पर्ती, खुला क्षेत्र, नदीउकास जग्गा, सिमसार, जलाधार, पानीको मुहान, सार्वजनिक पोखरी, सामुदायिक जग्गा।

(ख) भूमिसतह र सतह मुनीका ठोस, तरल र ग्यास प्रकृतिका खानी तथा खनिज उत्खनन् क्षेत्रहरु,

(ग) सार्वजनिक भवन, कुवा, चौतारो, पार्क, रंगशाला, कबड हल सामुदायीक विद्यालयका भवन, धार्मिक, साँस्कृतिक तथा पुरा तात्विक महत्वका सम्पदा तथा भवनहरु ।

(२) उपदफा (१) बमोजिमका भूमि, भूमिस्रोत र सम्पदाहरुको पहिचान, रेखाङ्कन, सिमाङ्ककन र दस्तावेजिकरण गरी संरक्षणको योजना तर्जुमा गर्नुपर्नेछ ।

१४. **सरकारी, सार्वजनिक संरचना एवं पूर्वाधारको संरक्षण** (१) गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका सरकारी सार्वजनिक संरचना (बाटो, कुलो, पँधेरो,पानीको मुहान, सामुदायिक भवन, चोक, सार्वजनिक पोखरी, नदी, खोला, पाटी पौवा, शवदाह स्थल आदि) एवं पूर्वाधार (सडक, नहर, विद्युत तथा सञ्चार टावर, विभिन्न दर्जाका नापी नियन्त्रण विन्दू) को अभिलेख अद्यावधिक गरी संरक्षण गर्नुपर्नेछ ।

(२) गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका सरकारी सार्वजनिक संरचना एवं पूर्वाधारले ओगटेको क्षेत्र र सडक नहर, खोला र नदीको हकमा दायाँ बायाँ किनारमा अधिकार क्षेत्र तोकी रेखाङ्कन समेत गरी उल्लिखित क्षेत्र प्रकृति अनुसार सरकारी वा सार्वजनिक कायम गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम सरकारी वा सार्वजनिक कायम गर्नुपर्ने जमिन रैकर जग्गामा पर्ने भए सो को लगत कट्टा गरी श्रेस्तापुर्जा मिलान गर्नुपर्नेछ ।

(४) यस दफा बमोजिम लगतकट्टा गरी सरकारी वा सार्वजनिक कायम गर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

१५. **सामुदायिक, सार्वजनिक उपयोग, विकास निर्माण र पूर्वाधार विकासको लागि जमिनको पहिचान र सूरक्षाः** (१) गाउँपालिकाले आफ्नो विद्यमान र भविष्यको आवश्यकता एवं चाहनालाई सम्बोधन गर्न विभिन्न वडाहरुमा देहायको प्रयोजनको लागि जमिन पहिचान गर्नुपर्नेछः-

(क) शैक्षिक संस्था, स्वास्थ्य संस्था, प्रहरी चौकी, सामुदायिक भवन, सार्वजनिक धारा, काञ्जी हाउस, सार्वजनिक शौचालय, ल्याण्ड फिल्ड साइट, शवदाह स्थल, रङ्गशाला, खेलमैदान, किरियापुत्री

घर, दमकल स्टेशन, ज्येष्ठ नागरिक मनोरञ्जन स्थल, खुला क्षेत्र, औद्योगिक क्षेत्र, आदि।

(ख) सभाहल, पार्क, कभर्ड हल, कोल्डस्टोर, संग्राहलय, बजार क्षेत्र, पशुवधशाला, बाल उद्यान, नर्सरी, प्राणी उद्यान, योग ध्यान केन्द्र, वाटरपार्क, भ्यूटावर, बसपार्क, यात्रु विश्राम स्थल, पेट्रोलपम्प, विद्यूतीय गाडी चार्जिङ्ग स्टेशन, प्याराग्लाईड स्टेशन, हेलिप्याड, रोपवे सञ्चालन स्थल, यान्त्रिक उपकरण मर्मत स्थल, आदि।

(ग) हरेक गाउँमा कम्तिमा एक स्थानमा सामुदायिक उपयोगका लागि सामुदायिक जग्गाको व्यवस्थापन गर्नुपर्ने।

(२) उपदफा (१) बमोजिम सार्वजनिक उपयोग, विकास निर्माण र पूर्वाधार विकासको लागि पहिचान गरिएको जग्गा अतिक्रमण हुन नपाउने गरी सुरक्षित राख्न गाउँपालिकाले आवश्यक प्रवन्ध गर्नुपर्नेछ।

१६. **वातावरण संरक्षण र विपद व्यवस्थापनः** (१) गाउँपालिकाले आफ्नो क्षेत्रको वातावरण संरक्षणको लागि देहायका कार्य गर्नुपर्नेछः-

(क) साविकका पानीका स्रोत र पोखरीहरुको संरक्षण गर्ने र पोखरी नभएका वडामा पूनर्भरण पोखरी निर्माण गर्ने।

(ख) उपयोग विहिन पर्ति जग्गा, हैसियत विग्रेको वन र नदी किनारमा वृक्षारोपण गरी स्वच्छ वातावरण निर्माण गर्ने।

(ग) विद्युतको पहुँच भएका तर ईन्धनको लागि जंगलमा निर्भर समुदायलाई विद्यूतीय चुलो खरिद र विद्युत उपयोगमा अनुदान दिने।

(घ) रासायनिक मल एवं विषादीलाई प्रतिस्थापन गर्न प्रांगारिक मल एवं विषादी उत्पादन उद्योगलाई अनुदान दिने।

(२) आफ्नो क्षेत्रमा प्राकृतिक विपद् व्यवस्थापनको सन्दर्भमा देहायका कार्य गर्नुपर्नेछः-

(क) आफ्नो क्षेत्र भित्र विपद् जोखिम क्षेत्रको नक्शांकन र जोखिममा रहेका बस्ती एवं सम्पदाहरुको पहिचान गर्ने

(ख) आफ्नो क्षेत्रको विपद प्रतिकार्य योजना तथा पूर्वसूचना प्रणाली तयार गर्ने

(ग) जोखिम स्थानमा रहेका बस्तीहरु सुरक्षित ठाउँमा स्थानान्तरण गर्ने

(घ) आफ्नो क्षेत्रभित्र विपद्बाट विस्थापनमा परेका परिवारका लागि सुरक्षित स्थानमा बसोबासको व्यवस्था मिलाउने,

(३) उपदफा (२) बमोजिमको कार्यगर्दा भूमिहीन दलित, सुकुमवासी र आर्थिक रुपले विपन्न परिवारलाई प्राथमिकता दिने ।

**परिच्छेद –६**

**भूमि विकास, उपयोग र मापदण्ड निर्धारण**

**१७. <u>भूमि विकास र उपयोग कार्यक्रमः</u>** (१) गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको उपयोग विहिन जग्गा देहाय बमोजिम उपयोगमा ल्याउन सक्नेछः-

(क) ऐलानी, पर्ति र नदीउकास जग्गा, भूमिहीन किसानलाई नगदेबाली, तरकारी, बगर खेती, माछापालन आदि कार्यको लागि सशर्त उपलब्ध गराउने ।

(ख) आफु खेती नगर्ने जग्गावालको जग्गा गाउँपालिकाको रोहवरमा निश्चित रकम तिर्ने गरी खेती गर्न ईच्छुक किसानलाई उपलब्ध गराउने व्यवस्था मिलाउने ।

(ग) उपयोग विहीन रहेको खेतीयोग्य सरकारी जग्गा कृषि प्रयोजनको लागि भाडामा लगाउने,

(घ) नदीकटान वा भूक्षय जस्ता प्राकृतिक विपदको संभावना रहेको क्षेत्रलाई भूउपयोग क्षेत्र नक्शामा जोखिम क्षेत्रको रुपमा जनाइ तटवन्ध र वृक्षारोपण लगायत उपयुक्त उपायहरु अवलम्वन गर्ने,

(ङ) जग्गा एकीकरण गरी भूउपयोग क्षेत्र नक्शामा देखाइएको सम्भाव्यता अनुसार प्रयोगमा ल्याउन सहजीकरण गर्ने।

(च) जमिनको बनावटका कारण उपयोगमा नरहेको जग्गा सुधार गरी उपयोगमा ल्याउन चाहने लगानी कर्तालाई शर्तसहित जमिनको विकास र उपयोग गर्न दिने,

(२) उपदफा (१) को खण्ड (ख) र (ग) बमोजिमको कार्यगर्दा भूमिहीन, सुकुमबासी र आर्थिक रुपले विपन्न परिवारलाई प्राथमिकता दिनुपर्नेछ।

(३) यस दफा बमोजिम जग्गा उपलब्ध गराउने र प्रयोगमा ल्याउने विधि र प्रक्रिया तोकिए बमोजिम हुनेछ।

१८. **एकीकृत बस्ती विकास** (१) गाउँपालिकाले वर्गीकृत आवासीय क्षेत्रमा एकीकृत र व्यवस्थित बस्ती विकासका कार्यक्रमहरु तर्जुमा र कार्यान्वयन गर्नुपर्नेछ। एकिकृत बस्ती विकास गर्दा सामाजिक तथा सांस्कृतिक पक्षलाई समेत ध्यानमा राखी जीवनयापनका विविध आयामहरुको प्रबर्द्धन हुने कुराको सुनिश्चतता गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम गाउँपालिकाले एकीकृत र व्यवस्थित बस्ती विकासको लागि जग्गाको एकीकरण, विकास र व्यवस्थापन गर्न सक्नेछ।

(३) गाउँपालिकाले आफ्नो क्षेत्र भित्र विकास गरिने बस्तीमा रहने परिवार संख्या, एकीकृत बस्तीको क्षेत्रफल, भित्री सडक, खुला क्षेत्र, घडेरीको न्यूनतम क्षेत्रफल र निर्माण गर्दा छोडनुपर्ने क्षेत्र, प्रत्येक घरमा हुनुपर्ने विरुवा संख्या, घरको बनावट र फोहर व्यवस्थापन सम्बन्धी मापदण्ड र कार्यान्वयन-कार्यविधि बनाई लागू गर्न सक्नेछ।

(४) गाउँपालिकाले खानेपानी, ढल, विजुली, टेलिफोन, ईन्टरनेट जस्ता आधारभूत सुविधाहरु पुऱ्याउन र भैरहेको सेवाको गुणस्तर सुधारमा आवासीय क्षेत्रलाई प्राथमिकता दिई छरिएर रहेका बस्तीहरुलाई एकीकृत हुन प्रोत्साहन गर्नुपर्नेछ।

(५) गाउँपालिकाले आफ्नो क्षेत्र भित्र भवन निर्माण स्वीकृति दिँदा राष्ट्रिय भवन संहिताको पालना गर्नु पर्नेछ।

(६) यस दफा बमोजिम मापदण्ड निर्धारण गर्दा संघ र प्रदेशको मापदण्ड प्रतिकूल नहुने गरी निर्धारण गर्नुपर्नेछ।

**१९. सडक मापदण्ड निर्धारण र कार्यान्वयनः** (१) गाउँपालिकाले राष्ट्रिय तथा प्रदेश स्तरीय मापदण्डको अधिनमा रही आफ्नो क्षेत्रभित्र स्थानीय, ग्रामिण तथा कृषि सडकको दायाँ बायाँको अधिकार क्षेत्र (राइट अफ वे) को सीमा तोक्न सक्नेछ।

(२) गाउँपालिकाले उपदफा (१) बमोजिमको सडकको अधिकार क्षेत्र भित्र बनेका संरचना हटाउँदा विस्थापित भएका भूमिहीनलाई यसै ऐनको दफा ५ बमोजिम जमिन उपलब्ध गराउन सक्नेछ।

(३) यस दफामा अन्यत्र जेसुकै लेखिएको भएतापनि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ प्रारम्भ भएपछि एकपटक तोकिएको सडकको दायाँ बायाँ अधिकार क्षेत्र परिवर्तन गर्दा कसैको जग्गा वा सो जग्गामा बनेको संरचना त्यसरी परिवर्तन गरिएको अधिकार क्षेत्र भित्र पर्न गएमा त्यस्तो जग्गा प्राप्त गर्दा वा सो जग्गा भित्रको संरचना हटाउँदा वा भत्काउँदा क्षतिपूर्ति दिनु पर्नेछ।

**२०. जग्गाको खण्डीकरण नियन्त्रण तथा चक्लाबन्दी** : (१) गाउँपालिकाले आफनो क्षेत्रको कृषि र आवास क्षेत्रको खण्डीकरण नियन्त्रण र चक्लाबन्दीका लागि देहायका कदम चाल्न सक्नेछः-

(क) कृषि क्षेत्रमा वर्गीकृत जग्गालाई तोकिएको क्षेत्रफल भन्दा कम हुने गरी कित्ताकाट गर्न सिफारिस नगर्ने,

(ख) कृषि क्षेत्रका कित्ताहरु एकीकरण गर्न प्रोत्साहन गर्ने,

(ग) आवासीय क्षेत्रमा निश्चित क्षेत्रफल भन्दा कम हुने गरी घडेरी खरिद वा बिक्री गर्न नदिने।

(२) खण्डीकरण नियन्त्रण र चक्लाबन्दी सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

## परिच्छेद –७

## जग्गा प्रशासन र मालपोत एवं कर सङ्कलन

२१. **जग्गा प्रशासन सञ्चालन सम्बन्धी कार्य**: (१) गाउँपालिकामा आफ्नो क्षेत्रको जग्गा प्रशासन सम्बन्धी कार्य गर्न एक भूमि शाखा रहनेछ । उक्त शाखाले जग्गाको लगत व्यवस्थापन आदि कार्य समेत गर्नेछ ।

(२) जग्गा प्रशासन शाखाले साविकमा संघीय सरकार मातहतको मालपोत कार्यालयबाट सम्पादन भैरहेका मध्ये स्थानीय तहमा हस्तान्तरण भै आएका कार्यहरुको काम गर्नेछ ।

(३) शाखामा संगठन तथा व्यवस्थापन लगायतका प्रतिवेदनको सिफारिस समेतको आधारमा कर्मचारी दरबन्दी स्वीकृत गर्नुपर्नेछ ।

(४) गाउँपालिकाको जग्गा प्रशासन सम्बन्धी अन्य कुरा तोकिए बमोजिम हुनेछ ।

२२. **भूमिमा सुशासनः** (१) गाउँपालिकाले आफनो क्षेत्रको भूमि प्रशासन पारदर्शी र प्रभावकारी बनाउन देहायको कार्य गर्नुपर्नेछः

(क) ऐनको दफा ३ बमोजिम आफ्नो क्षेत्रको भूमिको अभिलेख डिजिटल स्वरुपमा अद्यावधिक गरिराख्ने,

(ख) आफ्नो वेबसाइटमा भूमिको वर्गीकरण, भूउपयोग योजना सम्बन्धी सूचना, कार्यालयबाट प्रवाह हुने भूमि सम्बन्धी सेवा र सो बापत लाग्ने शुल्कहरु अद्यावधिक गर्ने,

(ग) घर-जग्गावालाले आफ्नो अचल सम्पत्तिको मालपोत तथा सम्पत्ति कर अनलाइन भुक्तानी गर्न मिल्ने प्रणाली विकास गरी उपलब्ध गराउने,

(घ) सुशासन कार्यका लागि भूमि सम्बन्धी गुनासो व्यावस्थापन समिति गठन गर्ने ।

२३. **द्वैध स्वामित्व अन्त्यः** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र विद्यमान द्वैध स्वामित्व अन्त्यको लागि देहाय बमोजिमका कार्यहरु गर्नुपर्नेछः-

(क) आफ्नो क्षेत्रभित्रका द्वैध स्वामित्वमा रहेका जग्गा, जग्गावाल र मोहीको वडागत विवरण अद्यावधिक गर्ने।

(ख) मोही लगत कट्टाको सूचना खुलेका बखत मोही र जग्गा धनीको संयुक्त वा कुनै एकपक्षको निवेदन र प्रमाणहरु सङ्कलन गरी मालपोत तथा भूमि सुधार कार्यालयमा पठाउने।

(ग) मोही र जग्गाधनी बीच छिटो छरितो रुपमा जग्गा बाँडफाड सम्पन्न गर्न टोली खटाइदिन मालपोत तथा भूमिसुधार कार्यालयमा लेखी पठाउने।

(घ) मोही लगत कट्टाको सूचना प्राप्त गरेर पनि म्याद भित्र बाँडफाँडको लागि जग्गावाला वा मोहीले निवेदन नदिई आनाकानी गरेमा निजहरुको द्वैध स्वामित्वमा रहेको जग्गा उपलब्ध प्रमाणका आधारमा बाँडफाँड गरिदिन मालपोत तथा भूमिसुधार कार्यालयमा लेखी पठाउने।

(२) द्वैध स्वामित्व अन्त्य सम्बन्धी उल्लिखित कार्यको लागि गाउँपालिकाले कार्यक्रम र कार्यविधि निर्धारण गर्न सक्नेछ।

२४. **मालपोत र सम्पत्ति कर सङ्कलन सम्बन्धी व्यवस्थाः** (१) पालिकाले जग्गावालाबाट प्रत्येक वर्ष तोकिए बमोजिमको मालपोत र सम्पत्ति कर असुल गरी तोकिएको कोषमा दाखिल गर्नुपर्नेछ।

(२) स्थानीय तहले तोकेको समय अगावै मालपोत बुझाउने जग्गावालालाई केही रकम छुट दिई मालपोत बुझ्न र मालपोत बुझाउने म्याद नाघेपछि केही समय थप गरी थप शुल्क सहित मालपोत बुझ्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम थप म्याद भित्र पनि मालपोत नबुझाउने जग्गावालाको जग्गा रोक्का गर्न मालपोत कार्यालयमा लेखी पठाउन सक्नेछ।

(४) स्थानीय तहले मालपोत बुझिलिएको रसिद जग्गावालालाई दिनुपर्नेछ ।

२५. **भूउपयोगका आधारमा कर प्रणाली निर्धारणः** (१) आवासीय क्षेत्रभित्र बसोबासको लागि तोकिएको संख्या वा क्षेत्रफल भन्दा बढी घर र जग्गामा थप कर लगाउन सक्नेछ ।

(२) कृषि र औद्योगिक प्रयोजनमा रहेको भूमिमा कर छुट दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम उपयोग हुने भूमि बाहेक अन्य क्षेत्रको भूमिमा उपयोग र लाभ समेतका आधारमा कर लगाउन सक्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिमको भूमि मनासिव माफिकको कारण बिना उपयोग नगरी खाली वा बाँझो राख्ने जग्गाधनीलाई थप कर लगाउन सक्नेछ ।

(५) यस दफा बमोजिम लगाइने कर वा दिईने छुट स्थानीय तहले पारित गरेको कानून बमोजिम हुनेछ ।

## परिच्छेद –८

## विविध

२६. **कसूर र जरिवानाः** (१) देहाय बमोजिम कार्य गरेमा यस ऐनबमोजिम कसूर गरेको मानिनेछः

(क) जमिनको वर्गीकरण बमोजिम उपयोग नगरेमा,

(ख) कृषि क्षेत्रको जग्गा मनासिव माफिकको कारण बिना तीन बर्षसम्म बाँझो राखेमा,

(ग) ऐनले परिवर्तन गर्न दिएको प्रावधान वाहेक भूउपयोग परिवर्तन गरेमा,

(घ) सरकारी वा सार्वजनिक जग्गा मिचेमा

(२) उपदफा (१) बमोजिम कसूर गर्ने व्यक्ति वा संस्थालाई न्यायिक समितिको निर्णयबाट स्थानीय तहले देहायबमोजिम जरिवाना गर्न सक्नेछः

(क) जमिनको वर्गीकरण बमोजिम उपयोग नगरेमा रु. दशहजार सम्म,

(ख) उपदफा (१) को खण्ड (ख) बमोजिमको कसूर गरेमा उत्पादन अनुमानको आधारमा पचास हजारसम्म

(ग) उपदफा (१) को खण्ड (ग) बमोजिमको कसूर गरेमा भूउपयोगलाई साबिक बमोजिम नै हुनेगरी एक लाख रुपैया सम्म,

(२) यस दफा बमोजिम कसुर गरेको विषयमा उजुर गर्ने, सुनुवाईको मौका दिने र उजुरी उपर कारबाही चलाउने कार्यविधि तोकिए बमोजिम हुनेछ।

२७. **नियम निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्ने:** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न पालिकाले आवश्यक नियम, निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्नेछ।

(२) यस ऐन अन्तर्गत बनेको नियम स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागू हुनेछ।

२८. **अध्ययन गरी पेश गर्ने:** आफ्नो गाउँपालिकामा भूमिको विशिष्ठ खालको समस्या देखिएमा त्यसको अध्ययन गरी समाधानको लागि सम्बन्धित निकायमा पेश गर्न सकिनेछ।

२९. **अध्ययन गरी पेश गर्ने:** आफ्नो गाउँपालिकामा भूमिको विशिष्ठ खालको समस्या देखिएमा त्यसको अध्ययन गरी समाधानको लागि सम्बन्धित निकायमा पेश गर्न सकिनेछ।

२९. **संघीय तथा प्रदेश कानूनसँग बाझिएमा :** यस ऐनमा उल्लिखित कुनै प्रावधान प्रदेश वा संघीय कानूनमा भएको व्यवस्था सँग बाझिएमा प्रदेश वा संघीय कानून बमोजिम हुनेछ।

# फेदीखोला गाउँपालिकाको नगर प्रहरी सेवा गठन, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी ऐन, २०७९

गाउँसभाबाट पारित मिति : २०७९।१२।२४
प्रकाशित मिति : २०७९।१२।२८

**प्रस्तावना:**

फेदीखोला गाउँपालिका क्षेत्रभित्र प्रचलित कानून तथा गाउँपालिकाद्वारा समय समयमा हुने निर्णय, नियम, मापदण्ड तथा प्रशासनिक आदेशहरुको कार्यान्वयनमा सहयोग र सहजिकरण गर्न, सार्वजनिक तथा नीजि सम्पत्तिको संरक्षण गरी गाउँपालिकामा कानूनको शासन स्थापित गर्दै नागरिकलाई न्याय, सुरक्षा तथा व्यवस्थाको प्रत्याभूति दिन, बजार क्षेत्रको प्रभावकारी व्यवस्थापन गर्न, गाउँपालिका क्षेत्र भित्रका प्राकृतिकधार्मिक , तथा सांस्कृतिक साधन स्रोत र सम्पदाको संरक्षण र सम्बर्द्धन गर्न तथा जनसुकै बेला आउन सक्ने विपद् र अन्य आकस्मिक घटनाहरुको तत्काल संबोधन र समन्वय गरी नागरिकको जीउधनको सुरक्षा गर्दै सम्पूर्ण गाउँपालिका बासीलाई स्थानीय सरकारको अनुभूति प्रदान गर्नको लागि नगर प्रहरीको गठन, सञ्चालन तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा ५७ (४) र २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (१) बमोजिम फेदीखोला गाउँपालिकाको मिति २०७९को २४/१२/ दोस्रो गाउँसभाको दोस्रो अधिवेसनले यो विधेयक पेश गरिएको छ।

## परिच्छेद- १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:**

क) यस ऐनको नाम "फेदीखोला गाउँपालिकाको नगर प्रहरी सेवा गठन, सञ्चालन तथा व्यवस्थापन ऐन, २०७९" रहेको छ।

ख) यो ऐन गाउँसभाद्वारा पारित भएपछि स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ।

**२. परिभाषा**: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा:

क) "ऐन" भन्नाले "फेदीखोला गाउँपालिकाको नगर प्रहरी सेवा गठन, सञ्चालन तथा व्यवस्थापन ऐन, २०७९ लाई सम्झनु पर्दछ।

ख) "गाउँपालिका" भन्नाले फेदीखोला गाउँपालिकालाई सम्झनु पर्दछ।

ग) "सभा" भन्नाले फेदीखोला गाउँपालिकाको गाउँसभा सम्झनु पर्दछ।

घ) "अध्यक्ष" भन्नाले फेदीखोला गाउँपालिकाकाको अध्यक्षलाई सम्झनु पर्दछ।

ङ) "उपाध्यक्ष" भन्नाले फेदीखोला गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ।

च) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले फेदीखोला गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

छ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन वा ऐन अन्तर्गत बनेका नियम/कार्यविधीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

ज) “प्रहरी प्रमुख” भन्नाले नगर प्रहरी नायब निरिक्षकलाई सम्झनु पर्छ ।

झ) “नगर प्रहरी” भन्नाले गाउँ कार्यपालिकाको कार्यालयद्वारा नियुक्त प्रहरी कर्मचारीलाई सम्झनु पर्छ ।

ञ) “स्थानीय तह” भन्नाले फेदीखोला गाउँपालिकालाई सम्झनु पर्छ ।

## परिच्छेद २

## नगर प्रहरी सेवा गठन, रेखदेख र नियन्त्रण

**३. नगर प्रहरी सेवाको गठन :** (१) गाउँपालिकामा एक नगर प्रहरी सेवा रहनेछ ।

(२) नगर प्रहरी नायब निरिक्षक र अन्य प्रहरी कर्मचारीको तलबसुविधा , र सेवा सम्बन्धी शर्तहरु गाउँ सभाले निर्धारण गरे बमोजिम हुनेछ। गाउँ कार्यपालिकाले तलबसुविधा , र सेवा सम्वन्धि शर्तहरुमा समयानुकुल हुने गरी व्यस्थापन गर्न  र निर्नय गर्न सक्नेछ ।

(३) नगर प्रहरीको रेखदेख, नियन्त्रण र निर्देशन गर्ने अधिकार प्रमुख प्रशासकिय अधिकृतको हुनेछ ।

**४. गाउँपालिकामा रहने नगर प्रहरीको पद र तह :**

१) गाउँपालिकामा रहने नगर प्रहरीको पद, तह र संख्या देहाय बमोजिमको हुनेछ।

क) नगर प्रहरी नायव निरीक्षक - १

ख) नगर प्रहरी सहायक निरीक्षक- २

ग) नगर प्रहरी हवल्दार- ३

घ) नगर प्रहरी जवान - ४

नगर प्रहरीको उल्लेखित पदहरु खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गरिनेछ। साथै नगर प्रहरी सेवाको कुनै पनि पदमा स्थायी पदपूर्ति गरिने छैन।

२) गाउँ कार्यपालिकाले नगर प्रहरीको सेवाको प्रत्येक पदको कार्य विवरण तयार गर्नेछ र त्यस्तो कार्य विवरणमा सम्बन्धित पदको काम, कर्तव्य, अधिकार र उत्तरदायित्व समेत उल्लेख गरिनेछ।

## परिच्छेद- ३
## नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार

**५. नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार :** नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) गाउँपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन,

ख) गाउँपालिकाको सम्पतिको सुरक्षा र संरक्षण,

ग) गाउँपालिकामा हुने सभा समारोह, परम्परा तथा जात्रा, चाडपर्वको सुरक्षा र व्यवस्थापन,

घ) गाउँपालिकाको बजार तथा पार्किङ्ग स्थलको रेखदेख र व्यवथापन,

ङ) गाउँपालिकाको सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन,

च) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयनमा सहयोग र समन्वय,

छ) सार्वजनिक, ऐलानी र पर्तिजग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारहरुको संरक्षण र सुरक्षा,

ज) विपद् व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुनर्स्थापना,

झ) अनाधिकृत विज्ञापन तथा होर्डिङ्ग बोर्ड नियन्त्रण,

ञ) छाडा पशु चौपायाको नियन्त्रण,

ट) अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पति अतिक्रमण रोकथाम तथा नियन्त्रण,

ठ) कार्यपालिकाले तोकेको अन्य कार्य ।

साथै गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृतले दिएको आदेश र निर्देशन पालना गर्नु नगर प्रहरी कर्मचारीको कर्तव्य हुनेछ ।

## परिच्छेद- ४
## नगर प्रहरी कर्मचारीको नियुक्ति र पदपुर्ती

**६. नियुक्ति गर्ने अधिकारी :** पदपूर्ति समितिले सिफारिस गरेका उमेदवारहरुलाई नगर प्रहरी सेवाको पदमा प्रमुख प्रशासकीय अधिकृतले नियुक्ति गर्नेछ।

**७. नगर प्रहरी सेवाको सबै पदको लागि हुने खुला प्रतियोगिता परिक्षाका लागि आवश्यक योग्यता:**

प्रचलित कानून बमोजिम सरकारी सेवाको लागि अयोग्य नठहरीएको अवस्थाका अतिरिक्त नगर प्रहरी सेवाको सम्बन्धित पदहरुको आवश्यक न्यूनतम योग्यता निम्नानुसार हनेछ।

(क) नगर प्रहरी नायब निरीक्षक पदको लागि हुने खुल्ला प्रतियोगिताको योग्यता अनुसूची - १ बमोजिम हुनेछ।

(ख) नगर प्रहरी सहायक निरीक्षकको पदको लागि हुने खुल्ला प्रतियोगिताको योग्यता अनुसूची २- बमोजिम हुनेछ।

(ग) नगर प्रहरी हवल्दार लागि हुने खुल्ला प्रतियोगिताको योग्यता अनुसूची ३- बमोजिम हुनेछ।

(घ) नगर प्रहरी जवान पदको लागि हुने खुल्ला प्रतियोगिताको योग्यता अनुसूची ४- बमोजिम हुनेछ।

**८. पदपूर्ति समिति:** प्रमुख प्रशासकिय अधिकृत संयोजकत्वमा ३ सदस्यीय पदपूर्ति समिति गठन गरिनेछ। नगर प्रहरीहरुको नयाँ पदपूर्तिका लागि छनौट प्रकृयामा विषय विज्ञहरुलाई आमन्त्रण गर्न सकिनेछ।

**९. पदपूर्ति समितिको काम, कर्तव्य र अधिकारः** पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) दफा ४ बमोजिमका पदहरुमा पदपूर्तिको गर्ने।

(ख) खुला प्रतियोगिताको लागि पाठ्यक्रम निर्धारण गर्ने।

(ग) पदपूर्ति कार्यतालिका बनाउने।

(घ) परीक्षाको किसिम तोक्ने।

(ङ) पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने।

(च) परीक्षा संचालन तथा नतिजा प्रकाशन गर्ने।

(छ) नियुक्तीका लागि सिफारिश गर्ने।

(ज) लोक सेवा आयोगबाट स्वीकृत प्रहरी सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तमा पदपूर्ति समितिले गर्ने भनी तोकिएका पदपूर्तिसँग सम्बन्धीत अन्य कार्य गर्ने।

(झ) पदपूर्ति समितिले नगर प्रहरी सेवा समूहको लागि खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गर्ने सम्बन्धमा आवश्यकतानुसार कार्यविधि बनाउने निर्णय गरी कार्यान्वयन गर्न सक्नेछ।

**१०. योग्यताक्रम सूची तयार गर्ने:** उम्मेदवारहरुको योग्यताक्रम, बैकल्पिक उम्मेदवारको सूची प्रकाशन, नियुक्ति देहाय बमोजिम हुनेछ ।

क) उम्मेदवारहरुले प्राप्त गरेको अंकको आधारमा योग्यताक्रम सूची तयार गरी पदपूर्ति समितिले नियुक्तिका लागि सिफारिस पेश गर्नेछ । कुल रिक्त पदको बढीमा १५ प्रतिशत सम्म योग्यताक्रमानुसार वैकल्पिक उम्मेदवार राखिनेछ ।

ख) सिफारिस गरिएका व्यक्तिहरुलाई पदपूर्ति समितिले नियुक्ति गर्ने अधिकारी समक्ष नियुक्तिका लागि पेश गर्नेछ ।

ग) नियुक्तिको लागि सिफारिश भएको मितिले सात(७) दिनभित्र कार्यपालिकाको कार्यालयले नियुक्ति दिने निर्णय गरी सक्नुपर्नेछ ।

घ) निर्णय भएको मितिले सात(७) दिन भित्र प्रमुख प्रशासकीय अधिकृतले नियुक्ति पत्र दिनु पर्नेछ ।

ङ) वैकल्पिक उम्मेदवारहरुले छ महिनासम्म पनि नियुक्ति प्राप्त गर्न नसकेमा उक्त सूची स्वतः खारेज हुनेछ ।

**११. ज्येष्ठताक्रम कायम गर्ने:** जेष्ठताक्रम निर्धारण गर्दा देहाय बमोजिम हुनेछ ।

क) नगर प्रहरी निरीक्षक र नगर प्रहरी सहायक निरीक्षकको ज्येष्ठता क्रम कायम गर्दा निजहरुले आधारभूत तालिममा प्राप्त गरेको अंकको आधारमा कायम गरिनेछ ।

ख) वहालवाला नगर प्रहरीको हकमा पदपूर्ति समितिले सिफारिस गरेको योग्यताक्रमलाई नै ज्येष्ठताक्रम मानिनेछ ।

**१२. परीक्षणकालमा राखिने :** नयाँ नियुक्ति गरिएका नगर प्रहरी कर्मचारीलाई तिन (३) महिनाको परीक्षणकालमा राखिनेछ । सो अवधिमा नगर प्रहरी कर्मचारीले सन्तोषजक काम नगरेमा गाउँ कार्यपालिकाको निर्णय बमजिम प्रमुख प्रशासकीय अधिकृतले करार भंग गर्न सक्नेछन ।

**१३. नियुक्ति सदर:** परीक्षणकालमा रहेको नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक भएमा र आधारभूत तालिममा उत्तीर्ण भएमा नेपालको राष्ट्रिय झण्डा सामु शपथ ग्रहण गराई प्रमुख प्रशासकीय अधिकृतबाट नियुक्ति सदर गरिनेछ ।

## परिच्छेद ५
## आचरण

**१४. दान उपहार लिन नहुने :** नगर प्रहरीले गाउँपालिकाको पूर्वस्वीकृत विना स्वदेशी तथा विदेशी संघ संस्था, निकाय वा व्यक्ति कसैबाट कुनै प्रकारको दान, बक्स, पुरस्कार, कोसेली र उपहार स्वीकार गर्नु हुँदैन।

**१५. चन्दा लिन नहुने :** कुनै नगर प्रहरी कर्मचारीले गाउँपालिकाको पूर्वस्वीकृति विना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नुहुँदैन र अरु कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्ने काममा समेत भाग लिन हुँदैन।

**१६. सम्पत्ति विवरण पेश गर्नुपर्ने :** नगर प्रहरी कर्मचारीले नियुक्ति भएको मितिले ६० दिन भित्र र आदिन भित्र सालबसाली ६० समाप्त भएको.व. तोकिएको ढाँचामा सम्पत्ति विवरण कार्यालयमा पेश गर्नुपर्नेछ।

**१७. व्यापार व्यवसाय गर्न नहुने :** नगर प्रहरी कर्मचारीले कार्यालयको पूर्वस्वीकृती वेगर कुनै पनि व्यापार व्यवसाय गर्नु हुँदैन।

**१८. कर्तव्य पालनाको शिलशिलामा जानकारीमा आएका कुराहरु प्रकाशन गर्न नहुने :** नगर प्रहरी कर्मचारीले गाउँपालिकाद्वारा अथवा विशेष रुपमा अख्तियार नपाई आफ्नो कर्तव्यको पालना गर्दा स्थानीय तह वा गैह्रसरकारी संघ संस्थाबाट प्राप्त गरेका वा आफैले लेखेको अथवा संकलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट यस ऐन बमोजिमको अधिकार प्राप्त व्यक्ति बाहेक अन्य व्यक्ति वा संस्थालाई जानकारी गराउनु हुँदैन।

**१९. रेडियो वा पत्रिकासँग सम्पर्क राख्न नहुने :** (१) नगर प्रहरी कर्मचारीले गाउँपालिकाको अनुमति प्राप्त नगरी कुनै पत्रपत्रिकामा आफ्नै वास्तविक अथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशित गर्न अथवा रेडियो द्वारा प्रसारण गर्न हुँदैन। तर यस्तो प्रकाशन वा प्रसारण साहित्यिक, कलात्मक, ऐतिहासिक अथवा वैज्ञानिक र व्यवसायिक विषयको भएमा यस्तो स्वीकृती लिई रहनु पर्दैन।

(२) उपदफा (१) बमोजिमको प्रकाशन वा प्रशारण पश्चात आफ्नो संगठनलाई सोको पूर्ण विवरण बारे जानकारी गराउनु पर्छ ।

**२०. गाउँपालिकाको आलोचना:** नगर प्रहरी कर्मचारीले गाउँपालिकाको नीतिको विपरित अथवा गाउँपालिका र गाउँपालिकामा आंच आउने गरी विचार व्यक्त गर्ने, सम्वाद, लेख रचना प्रकाशन गर्ने गर्नु हुँदैन ।

**२१. निर्वाचनमा भाग लिन नहुने:** नगर प्रहरी कर्मचारीले कुनै पनि राजनीतिक दलको निर्वाचनमा भाग लिन वा मत माग्न वा कुनै प्रकारले प्रभाव पार्न हुँदैन । तर कसैलाई मत दिएको वा दिनेविचार गरेको कुरा प्रकट नगरी प्रचलित कानून बमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधा पर्ने छैन ।

**२२. राजनीतिमा भाग लिन नहुने:** नगर प्रहरी कर्मचारीले कुनै राजनैतिक दल र सो सँग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनैतिक संस्थालाई चन्दा दिन अथवा कुनै राजनैतिक संस्था वा आन्दोलनलाई सहयोग गर्न हुँदैन ।

**२३. समय पालन नियमितता:** नगर प्रहरी कर्मचारीले ठिक समयमा तथा नियमित रुपमा आफ्नो पालोमा हाजिर हुनुपर्दछ र स्वीकृत गराएर मात्र विदामा बस्नु पर्नेछ ।

**२४. अनुशासन र आज्ञापालन:** नगर प्रहरीको अनुशासन र आज्ञापालन देहाय बमोजिम हुनेछ ।

- क) नगर प्रहरी कर्मचारीले अनुशासित भई तत्परताका साथ आफ्नो कर्तव्य पालना गर्नु पर्नेछ ।
- ख) नगर प्रहरी कर्मचारीले आफ्नो कार्यालयको काम सम्बन्धी कुरामा आफू भन्दा माथिका अधिकृतले दिएको आदेशलाई पालना गर्नु पर्नेछ ।
- ग) नगर प्रहरी कर्मचारीले Chain of Command मा रही कार्य सम्पादन गर्नुपर्नेछ ।

**२५. बाहिरी प्रभाव पार्न नहुने:** नगर प्रहरी कर्मचारीले कार्यसम्पादनको सिलसिलामा कुनै अनुचित प्रभाब पार्नवा पार्ने प्रयत्न गर्नहुँदैन ।

**२६. लैंगिक संवेदनशिल हुनुपर्ने :** कुनै पनि नगर प्रहरी कर्मचारी लैंगिक संवेदनशिल रहनु पर्नेछ।

**२७. हातपात वा जोरजुलम गर्न नहुने :** कुनै पनि नगर प्रहरी कर्मचारीले आफू भन्दा माथिल्लो वा मातहत नगर प्रहरी कर्मचारी उपर हातपात वा कुनै प्रकारको आक्रमण वा जुरजुलुम गर्न वा गराउन हुँदैन ।

## परिच्छेद- ६
## सजाय र पुनरावेदन

**२८. सजाय:** मनाशिव माफिकको आधार प्रमाण भएमा नगर प्रहरी कर्मचारीलाई देहायको सजाय हुन सक्नेछ ।

क) शारीरिक थकाई हुने (फटिक) सजाय गर्ने ।

ख) नसिहत दिने।

ग) तलव वृद्धि वा पदोन्नति रोक्का गर्ने ।

घ) लापरवाहीको कारण गाउँपालिकालाई हानी नोक्सानी भएको ठहर भएमा विगो बमोजिमको रकम असुल उपर गरिनेछ ।

ङ) एक तह तलको पदमा घटुवा गर्ने ।

च) भविष्यमा स्थानीय तहमा अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

छ) भविष्यमा स्थानीय तहको सेवामा अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

**२९. नसिहत दिने वा प्रतिकूल राय लेख्ने:** नगर प्रहरी कर्मचारीले काममा साधारण लापरवाही गरेमा नसिहत दिन सकिनेछ। दुई पटक सम्मान सहित दिंदा पनि निजले काममा लापरवाही गरेमा निजको चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेखिनेछ ।

**३०. तलब वृद्धि वा पदोन्नति रोक्ने:** नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा सजाय गर्ने अधिकारीले निजको तलब वा पदोन्नति रोक्का गर्न सक्नेछ ।

**३१. दर्जा र तलब घटाउने:** कुनै नगर प्रहरी कर्मचारीलाई सजाय गर्ने अधिकारीले देहायको अवस्थामा सजाय गर्ने अधिकारीले तल्लो पद वा तल्लो तहको सोही समययको तलव स्केलको सुविधा खाने गरी तल्लो पद वा तल्लो तहमा घटुवा गर्न सक्नेछ।फेदीखोला गाउँपालिकालाई हानी नोक्सानी पुऱ्याएको विषयमा छानविन गरी विगो र क्षतिपुर्ती समेत निजबाट भराउन सक्नेछ।

क) सन्तोषजनक काम नगरेमा,

ख) अनुशासनहीन व्यवहार प्रदर्शन गरेमा,

ग) आचरण उल्लंघन गरेमा,

घ) मनाशिव कारण नभई नियुक्ति भएको एक वर्ष भित्रै नोकरीबाट अलग हुन कारण झुठ्ठा देखाएमा,

ङ) आदेश निर्देशन पालना नगरेमा वा कार्यान्वयन नगरेमा,

च) मनासिव कारण नभई वा विदा नलिई विदा बसेकोमा वा गैर हाजिर भएमा,

छ) लापरवाही गरेमा वा नियम आदेशको पालना नगरेमा ।

**३२. सजाय सम्बन्धी कार्यविधि:** नगर प्रहरी कर्मचारीको सजाय सम्बन्धि कार्यविधि देहाय बमोजिम हुनेछ ।

क) नगर प्रहरी कर्मचारीलाई सजाय गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ।

ख) सजाय गर्ने अधिकारीले आवश्यक ठानेमा स्वयम वा अन्य कुनै अधिकृतद्वारा जाँचबुझ गराउन सक्नेछ । जाँचवुझ गर्ने अधिकारीले आवश्यकतानुसार सम्बन्धित नगर प्रहरी कर्मचारी समेत बुझी कारण सहित आफ्नो ठहरको प्रतिवेदन तथा भएको सबुद प्रमाण दाखिला गर्नुपर्नेछ ।

ग) कुनै फौजदारी अभियोगमा पुर्पक्षको लागि थुनामा रहेको नगर प्रहरी कर्मचारी पुर्पक्षको अवधिभर स्वतः निलम्वित हुनेछ ।

घ) दफा ३५ बमोजिम सजायको प्रकृया अवलम्बन गर्नुपूर्व नगर प्रहरी कर्मचारीलाई सफाइको मौका दिनुपर्नेछ ।

ङ) फौजदारी अभियोग लागेको नगर प्रहरी कर्मचारीले अभियोगबाट सफाई पाएमा निज पूर्ववत: सेवा सुविधा पाउनेछ ।

**३३. सजायको आदेश जाँचवुझको लागि दिने:** काम समाप्त भएपछि सम्बन्धित नगर प्रहरी कर्मचारीलाई निजसँग स्पष्टीकरण मागिएको भए निजले तोकिएको समय भित्र स्पष्टीकरण नदिएमा वा निजले दिएको स्पष्टिकरण चित्त बुझ्दो नभएमा सजाय गर्ने अधिकारीले सजाय दिन सक्नेछ र सजाय आदेशको एक प्रति निजलाई उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद ७
## पोशाक

**३४. नगर प्रहरी  पोशाक:** नगर प्रहरीको पोशाकको रंग, किसिम र अन्य विवरण गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

**३५. प्रारम्भिक पोशाक र सामान :** नगर प्रहरी कर्मचारीलाई कार्यपालिकाले तोकिए बमोजिमको पोशाक र सामान उपलब्ध गराइनेछ ।

**३६. जाडो मौसमका लागि दिइने पोशाक :** प्रत्येक नगर प्रहरी कर्मचारीलाई जाडो मौसमको लागि पोशाक कार्यालयले उपलब्ध गराइनेछ ।

**३७. सेरेमोनियल पोशाक :** अधिकृत कर्मचारीहरुलाई सेरेमोनियल पोशाकको लागि तोकिएको रकम उपलब्ध गराइनेछ ।

**३८. तयारी पोशाकको सुविधा :** नगर प्रहरी कर्मचारीलाई तोकिए बमोजिमको तयारी पोशाक उपलब्ध गराइनेछ ।

## परिच्छेद १५
## विविध

**३९. पुरस्कार तथा प्रोत्साहन:** गाउँपालिकाका पदाधिकारीहरुले आफू र मातहतका कर्मचारीहरूले कर्तव्यपालनको सिलसिलामा उल्लेखनीय प्रसंशनीय कार्य गरेमा त्यस्तो नगर प्रहरी कर्मचारीहरुलाई पुरस्कार तथा प्रोत्साहन स्वरुप रकम वा अन्य सुविधा उपलब्ध गराउन सकिनेछ ।

**४०. दशैं खर्च पाउने :** नगर प्रहरी कर्मचारीले खाईपाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष दशैं खर्चको रुपमा पाउनेछ ।

**४१. बाधा अड्उ फुकाऊ:** नगर प्रहरी कर्मचारीहरुको सेवा, शर्त, सुविधा र संचालन यस ऐनमा व्यवस्था भएकोमा यसै ऐन बमोजिम हुनेछ । यस ऐनमा व्यवस्था नभएका विषयहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**४२. नियम, निर्देशिका, कार्यविधि मापदण्ड बनाउने अधिकार :** यस ऐनको कार्यान्वयन गर्नको लागि कार्यपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधि र आचार संहिता बनाई लागू गर्न सक्नेछ।

**४३. ऐन संशोधन :** यस ऐनमा आवश्यक संशोधन फेदीखोला गाउँपालिकाको गाउँसभाले गर्न सक्नेछ।

# अनुसूची १
## (दफा ४ (क) बमोजिम)

**नगर प्रहरी  नायब निरीक्षक** पदको लागि आवश्यक न्यूनतम योग्यता:

क) दरखास्त फाराम दर्ता गर्ने अन्तिम मिति सम्म १८ वर्ष उमेर पुगेको र २५ वर्ष ननाघेको ।

ख) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तिमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको ।

ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

घ) कुनै राजनीतिक दल र सो दलको भातृ संगठनको सदस्य नरहेको ।

ङ) मानव अधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको ।

च) पुरुषको हकमा घटीमा उचाई ५ फिट २ इन्च, छाति ३१-३३ , तौल ५० के.जी. भएको ।

छ) महिलाको हकमा घटीमा उचाई ५ फिट र तौल ४२ के.जी. भएको ।

ज) आँखा माइनस २ वा प्लस २ भन्दाबढी कमजोर नभएको ।

झ) नेपाल सरकारको सरकारी अस्पतालबाट निरोगिताको प्रमाणपत्र प्राप्त गरेको ।

ञ) नेपाली नागरिकता प्रमाणपत्र भएको ।

ट) विध्वंशात्मक कार्यमा संलग्न नरहेको

ड) भविष्यमा सामान्यतया सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरि नोकरी बाट वर्खास्त नभएको ।

अनुसूची १ (क) मा जुनसुकै कुरा लेखिएको भएता पनि नेपाल सरकारको सुरक्षा निकायबाट सेवा निवृत भइसकेकाको हकमा ४१ वर्ष उमेर ननाघेको हुनुपर्नेछ।

## अनुसूची २
### (दफा ४ (ख) बमोजिम)

**नगर प्रहरी सहायक निरीक्षक**को पदको लागि आवश्यक न्यूनतम योग्यता:

क) दरखास्त फाराम दर्ता गर्ने अन्तिम मिति सम्म १८ वर्ष उमेर पुगेको र २४ वर्ष ननाघेको । वहालवाला नगर प्रहरीको हकमा पुरुषको हकमा ३५ वर्ष, महिलाको हकमा ४० वर्ष ननाघेको ।

ख) मान्यता प्राप्त शिक्षाण संस्थाबाट प्रमाणपत्र वा सो सरह उत्तीर्ण गरेको ।

ग) नैतिक पतन देखिनेकुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

घ) कुनै राजनीतिक दलको सदस्य नरहेको ।

ङ) मानवअधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको ।

च) पुरुषको हकमा घटीमा उचाई ५ फिट २ इन्च, छाति ३१-३३ , तौल ५० के. जि भएको ।

छ) महिलाको हकमा घटीमा उचाई ५ फिट र तौल४२ के.जी. भएको ।

ज) आँखा माइनस २ वा प्लस २ भन्दाबढी कमजोर नभएको ।

झ) नेपाल सरकारको सरकारी अस्पतालबाट निरोगिताको प्रमाणपत्र प्राप्त गरेको ।

ञ) नेपाली नागरिकता प्रमाणपत्र भएको ।

ट) विध्वंशात्मक कार्यमा संलग्ननरहेको ।

ठ) भविष्यमा सामान्यतया सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरि नोकरी बाट वर्खास्त नभएको ।

अनुसूची २ (क) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारको सुरक्षा निकायबाट सेवा निवृत भइसकेकाको हकमा ४० वर्ष उमेर ननाघेको हुनुपर्नेछ ।

## अनुसूची ३
## (दफा ४ (ग) बमोजिम)

**नगर प्रहरी हवल्दार** पदको लागि आवश्यक न्यूनतम योग्यता:

क) दरखास्त फाराम दर्ता गर्ने अन्तिम मिति सम्म १८ वर्ष उमेर पुगेको र २३ वर्ष ननाघेको।

ख) कम्तिमा दश कक्षा वा सो सरह उत्तीर्ण गरेको,

ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजा नपाएको।

घ) कुनै राजनीतिक दलको सदस्य नरहेको।

ङ) आतङ्ककारी सङ्गठनको सदस्य नरहेको,

च) भविष्यमा सामान्यतया सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट वर्खास्त नभएको।

छ) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको।

ज) पुरुषको हकमा घटीमा उचाई ५ फिट २ इन्च, छाति ३१-३३ , तौल ५० के.जी. भएको र महिलाको हकमा घटीमा उचाई ५ फिट र तौल ४२ के.जी. भएको।

झ) नेपाल सरकारको सरकारी अस्पतालबाट निरोगिताको प्रमाणपत्र प्राप्त गरेको।

ञ) नेपाली नागरिकता प्रमाणपत्र भएको।

यस अनुसूचीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारको सुरक्षा निकायबाट सेवा निवृत भइसकेकाको हकमा ३७ वर्ष उमेर ननाघेको हुनुपर्नेछ।

## अनुसूची ४
## (दफा ४ (घ) बमोजिम)

**नगर प्रहरी जवान** पदको लागिआवश्यक न्यूनतम योग्यता:

क) दरखास्त फाराम दर्ता गर्ने अन्तिम मिति सम्म १८ वर्ष उमेर पुगेको र २३ वर्षननाघेको।

ख) कम्तिमा १० कक्षा वा सो सरह उत्तीर्ण गरेको।

ग) नैतिक पतन देखिनेकुनै फौजदारी अभियोगमा सजा नपाएको।

घ) कुनै राजनीतिक दलको सदस्य नरहेको।

ङ) मानव अधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको।

च) पुरुषको हकमा घटीमा उचाई ५ फिट २ इन्च, छाति ३१-३३ , तौल ५० के.जी. भएको।

छ) महिलाको हकमा घटीमा उचाई ५ फिट र तौल ४२ के.जी. भएको।

ज) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको।

झ) नेपाल सरकारको सरकारी अस्पतालबाट निरोगिताको प्रमाणपत्र प्राप्त गरेको।

ञ) नेपाली नागरिकता प्रमाणपत्र भएको।

ट) विध्वंशात्मक कार्यमा संलग्न नरहेको।

ड) भविष्यमा सामान्यतया सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट वर्खास्त नभएको।

यस अनुसूचीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारको सुरक्षा निकायबाट सेवा निवृत भइसकेकाको हकमा ३७ वर्ष उमेर ननाघेको हुनुपर्नेछ।